CC-0. In Public Domain. Digitization by eGangotri

ज्ञानबिन्दु

दण्डपाणि अर्ज्याल स्मृतिकेन्द्र

काठमाडौं

५

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ज्ञानबिन्दु

Gyanbindu

वर्ष ५ | पूर्णाङ्क ५ | २०६८ फागुन

सम्पादक

प्रा. विष्णु प्रभात

कपिलचन्द्र खनाल

प्रकाशक

दण्डपाणि अर्ज्याल स्मृतिकेन्द्र

नयाँबजार, काठमाडौं

फोनः ४४३०३२६, ४३५९६१५, ४२८५५२९

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विषयसूची

शीर्षक	लेखक	पेज नं.
सनातन धर्म: केही चर्चा	पं. दण्डपाणि अर्ज्याल	५
सङ्गठनात्मक कार्यदिशा र तात्कालिक कार्ययोजना	डा. बाबुराम भट्टराई	११
जिसस क्राइस्ट भारत र नेपालमा आएका थिए !	प्राज्ञ मदनमणि दीक्षित	१७
ऋग्वेद युगमा स्थापित मिथिला:सङ्क्षिप्त चर्चा	डा. मोदनाथ प्रश्रित	२४
शिक्षा: कति र केका लागि ?	डा. सुरेशराज शर्मा	३३
गणित दर्शनमा परिवर्तन: एक विवेचना	प्रा.डा. मीनबहादुर श्रेष्ठ	३७
समालोचना सिद्धान्तमा प्रयुक्त केही थप अवधारणा	प्रा.डा. गोविन्द भट्टराई	६०
पानी पोखरेलको वंशावलीका आधारमा...	प्रा.डा. माधवप्रसाद पोखरेल	६९
मार्क्सवादी साँस्कृतिक प्रणाली	प्राज्ञ विष्णु प्रभात	७३
प्रश्रितको साँस्कृतिक योगदान	उदयलाल	८४
गान्धी र आजको सन्दर्भ	जयराज आचार्य	९३
सगुनका स्वरूप: नवरस सञ्चार गर्छ जसले	तेजेश्वरबाबु ग्वंग	९८
सन्देश	प्रा. शिवहरि मरहट्टा	१०४
नेपालको तान्त्रिक परम्परा	प्रा. विद्यानाथ उपाध्याय भट्ट	१०५
कार्यपत्रमाथिको टिप्पणी	प्रा.डा. मुकुन्दराज अर्याल	१२२
इतिहासको एउटा पाटो	एस.पी. "आसा"	१२६
नेपाललाई भुटानीकरण गर्ने प्रयत्नमा तराईको...	साध्यबहादुर भण्डारी	१३२
दुर्गा सप्तशती, चण्डी	राजेश्वर देवकोटा	१३९
राष्ट्र निर्माणमा एकीकरणको सन्दर्भ र राज्य...	डा. रमेशकुमार ढुङ्गेल	१४०
काँक्रेबिहारको उत्कृष्ट कलाकृतिहरूको संरक्षण बारे	प्रकाश दर्नाल	१४६
चिनी राखौं देश धुत्ने र लुट्नेहरूलाई	प्रा.डा. सुरेन्द्र केसी	१५१
जागृत गोरखाका नारायण अर्ज्यालदेखि...	प्रा.डा. श्रीरामप्रसाद उपाध्याय	१५६
संस्कृत भाषा साहित्य: ज्ञानको विशाल भण्डार	हरिहर अर्याल	१६३
हाम्रो देश	रमेशचन्द्र देवकोटा	१६८
गोरखामा धार्मिक पर्यटनको विकास एवं यसका सम्भावनाहरू	दीपक जोशी	१६९
नेपालको जलस्रोतको स्थिति	डा. लक्ष्मी देवकोटा	१७२
किन गरिँदैन सीमा नियमन ?	बुद्धिनारायण श्रेष्ठ	१७९
महिलालाई हेर्ने प्राचीन दृष्टि र आजको सन्दर्भ	दीपक अर्याल	१८२
दसहजार तालको साम्राज्य	राजेन्द्रप्रसाद अर्याल	१८८
उदयपुरको बेलका र काभ्रेको बेला	हरि मञ्जुश्री	१९४
अर्ज्याल: थरथोक	डा. दुर्गाप्रसाद अर्याल	१९८
शिरमा राष्ट्र	दयाराम अर्याल	२०४
द्वैध चरित्र	सीता अर्याल	२०५
सेक्सपियरलाई भेट्दा	गीता रेग्मी	२०९
प्रतिज्ञा	दिनार रनादी	२१३
आत्मा र शान्तिको विनिमय	रूपा घिमिरे	२१५
स्मृति केन्द्रका गतिविधिहरू	कपिलचन्द्र खनाल	२१६

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ज्ञानको श्रोत

ज्ञानबिन्दुको अघिल्लो अङ्कसम्म आइपुग्दा हामीले अनुसन्धानमूलक रचनाका साथै दृष्टिवोधको निखारका लागि केही विचार विमर्श, केही सिद्धान्त, केही संस्कृतिसम्बन्धी रचना र केही इतिहासवोधका साथै केही सिर्जनालाई ठाउँ दिँदै आएका थियौं । यसपटक पनि हामीले ज्ञानको क्षेत्रमा प्रयोग भएका विविधतालाई समेट्दै दर्शनशास्त्र, गणित, इतिहास, शिक्षा, संस्कृति, पुरातत्त्व र साहित्यलगायतका विषयहरूलाई यथासम्भव संयोजित गरी पाठकहरूसामु प्रस्तुत गरेका छौं । कुनै पनि विषयवस्तु वा घटनाका वारेमा अँगालिने दृष्टिकोणलाई ज्ञान वा वोधको अर्थमा लिँदा हामीले नेपाल राष्ट्रको निर्माणसम्बन्धी सोच, शिक्षा र संस्कृतिसम्बन्धी सोच र कूटनीति एवं दर्शनका वान्कीलाई खान्की बनाएर अघिल्ला अङ्कमा अघि सारेका थियौं । यसपटक हामीले नेपालमा तन्त्र-परम्परावारे केही चर्चासँगै गणित-दर्शन, मार्क्सवादी सांस्कृतिक प्रणाली, आधुनिक साहित्यमा प्रयोग भएका केही पदावलीको परिभाषा, प्राचीन मिथिलासम्बन्धी लेख, जिसस क्राइस्टको भारत र नेपाल आगमन, सनातन वैदिक धर्म, पुरातत्त्व, संस्कृति, राज्य संरचनाको प्रश्न, गोरखाको धार्मिक पर्यटन, नेपालमा जलस्रोत जस्ता केही खोजमूलक रचनाका अतिरिक्त नियात्रा, कथा र कविता आदि सिर्जनालाई पनि ठाउँ दिएका छौं । वैचारिक समावेशीकरणका साथ हामीले ज्ञानविन्दुलाई अघि वढाएका छौं र आगामी दिनमा पनि यो क्रमलाई अघि वढाउने नै छौं ।

ज्ञान वस्तुगत जगत्‌वाटै प्राप्त हुन्छ । ज्ञानको स्रोत मन-मस्तिष्क नभएर जीवन र जीवनका वास्तविकता हुन् । प्रत्यक्ष-वोधको सञ्चयनले ज्ञानलाई विन्दुवाट सिन्धुतर्फको यात्रामा डोऱ्याउँछ । इन्द्रियानुभवलाई मात्र सर्वोपरि नराखी पूर्ववर्ती वोधको सोधखोजवाट पनि ज्ञान अघि बढ्दछ भन्ने धारणाले गर्दा नै मानिसहरूले अतीतको आर्जनलाई वर्तमान समयमा संश्लेषण गर्दछन् । ज्ञानको विकास यात्रामा सामान्यवाट विशिष्टतातिरं र छिपछिपेपनवाट गहिराइतर्फ जानुलाई सवैले सहजै स्वीकार गरी आएका छन् । व्यवहार नै ज्ञानको कसी हो भन्दा पूर्ववर्ती ज्ञानको कुरा होस् वा समकालीन ज्ञान दुवै व्यवहारमा जाँचिन्छन् भन्ने कुरालाई नै सङ्केत गर्दछ । त्यसैले ज्ञान प्राप्तिको प्रक्रिया थोरैवाट धेरैतर्फ, सरलवाट जटिलतर्फ अस्पष्टतावाट सुस्पष्टतातर्फ र अशुद्धतावाट शुद्धतातर्फ अघि बढ्छ । मूर्तवाट

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अमूर्ततिरको यात्रामा नै मानिसले ज्ञानका अनेकौं बिन्दुहरूको विकास गरेका छन् । जेजस्तो यथार्थ छ, त्यसलाई त्यस्तै रूपमा बुझ्नु ज्ञानको पहिलो संबोध हो भने त्यस वस्तु वा घटनालाई विश्लेषण गर्ने, पक्ष-विपक्षमा तार्किक अवलोकन गर्ने र निष्कर्ष झिक्ने तह दोस्रो हो । मानव ज्ञानमा दोस्रो चरणको रूपमा संबोध प्राप्त गर्ने खुबी वा धैर्य धेरैमा कम हुने हुँदा नै वास्तविक ज्ञानका लागि वास्तविक जीवनबोध थोरैले मात्र गर्दछन् । मानसिक प्रक्रियाको यही स्वभावले गर्दा ज्ञानको क्षेत्रमा विन्दुदेखि सिन्धुसम्मको यात्रा कठिन हुन्छ र धेरैले सहज सिर्जनामा आफूलाई लगाएर गम्भीर चिन्तन, अध्ययन र विवेचनाको कठिन बाटोबाट पन्छिन्छन् । ज्ञानबिन्दुका अघिल्ला अङ्कहरूबारे पाठकहरूबाट प्राप्त मौखिक तथा केही लिखित प्रतिक्रिया र समीक्षाले हामीलाई हौसला दिएकै छ त्यति भएर पनि अपेक्षित लिखित समीक्षा हामीले प्राप्त गर्न सकिरहेका छैनौं । हामी सम्पूर्ण पाठकहरूलाई आफ्ना सुझाव टिप्पणी पठाउनुहुन हार्दिक अनुरोध गर्दछौं किनभने ज्ञानको अभिवृद्धि परस्परको संवाद र विचार-विमर्शबाट नै हुन्छ ।

आजको विश्वमा ज्ञानको भण्डार अपार बन्दै गएको भए पनि तिनीहरूको विशिष्टताले पार पाउन सकिने अवस्था पनि सिर्जना गर्दै गएको छ । समुद्री सतहको ज्ञानका सन्दर्भमा होस् वा खगोलीय पिण्डहरूको अध्ययन-अनुसन्धानबाट प्राप्त ज्ञानको सन्दर्भमा होस् तिनीहरूले ज्ञानबिन्दुको व्यापकतालाई प्रकट गरिरहेका छन् । ज्ञानशास्त्र स्वयं नै विषयगत र विश्वासगत बनेर प्रकट भएको वैकल्पिकता-पूर्ण यथार्थ पनि त हामीसँगै छ । त्यसैले कुनै एक पक्षको मात्रै प्रभुत्व स्वीकार्नुको सट्टा पारस्परिक प्रतिद्वन्द्वितामा हुर्किरहेका विविध ज्ञानको सह-अस्तित्वलाई स्वीकार्नु ज्ञानकर्मीहरूका लागि सही बाटो हुन जान्छ । यस्तै मान्यताले गर्दा हामीले प्रत्येक वर्ष गर्ने गरेको गोष्ठीमा पनि भिन्न-भिन्न विषयमा विचार विमर्श चलाउँदै आएका छौं । ज्ञानबिन्दुले भाषा-साहित्यको क्षेत्रमा मात्र आफूलाई सङ्कुचन नगरी समग्र वाङ्मयलाई समेट्ने प्रयत्न गरेको छ । यसका निमित्त आफ्ना अमूल्य रचना, अनुसन्धानमूलक लेख एवं चिन्तनप्रधान सामग्री उपलब्ध गराउनुहुने विद्वान्हरू नै श्रेयका हिस्सेदार हुनुहुन्छ । यस अवसरमा हामी ती सम्पूर्ण विद्वान् समुदायमा पुन हार्दिक कृतज्ञता प्रकट गर्दछौं र प्रस्तुत अङ्कका रचनाहरूबारे आफ्ना प्रतिकृया प्राप्तहुने अपेक्षा जाहेर गर्दछौं ।

- सम्पादक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

धर्मशास्त्र

सनातन धर्म : केही चर्चा

✍ पं. दण्डपाणि अर्ज्याल*

अथो वागवेदं सर्वम् । वाचीमा विश्वा भुवनान्यर्पिता ।

वाक् तत्ववाट प्रादुर्भाव हुने शव्द सर्वव्यापी छ। यही शव्दराशि हो वेद (ज्ञान)। सृष्टिको आदिकारण हो शव्दव्रम्ह वेद (वेदशव्देभ्य एवादौ पृथक् संस्थाश्च निर्ममे)। यो शव्दव्रम्ह वेद (ज्ञान) अपौरूषेय हो। अक्षर पनि क्षर होइनन् अपौरूषेय हुन्। यसको आकार निर्माण मात्र पौरूषेय हो। अक्षरको आकार योगी महर्षिहरूले शव्दको सूक्ष्म गति वुझेर तदनुकूल निर्माण गरेका छन्।

शव्दको उद्‌मस्थान मूलाधारचक्रमा पराख्या विन्दु शक्ति छ। यही शक्तिद्वारा अव्यक्त शव्दाक्षरको उद्‌गम हुन्छ, यही शक्तिको नाम हो, वाग्वादिनी सरस्वती। नाभिस्थानमा पश्यन्ती रव, हृदयमा मध्यमा रव, यो तीन ठाउँसम्ममा शव्दाक्षर अव्यक्त रहन्छ। वैखरी मुखमा आएपछि त्यो अव्यक्त शव्दाक्षर ताल्वादिस्थानले युक्त भई वक्ताको मुखवाट अरूले सुनिने गरी व्यक्त हुन्छ। शव्दाक्षरको गति मध्यमा विन्दुमा वुद्धिसँग सम्वन्ध हुन्छ। वुद्धि हुने प्राणीले सूक्ष्म विचार गर्न सकेमा शव्दाक्षरको केही प्रकाश पाउन सक्दछ। नाभिस्थानमा पश्यन्ती विन्दुमा मनसँग सम्वन्ध हुन्छ। यसलाई पश्यन्ती रव भनिन्छ। मनलाई समेत जित्ने योगीहरूले यसको प्रकाश पाउन सक्दछन्। परावाक्‌को त मन वुद्धि जित्ने योगीले पनि प्रकाश पाउन सक्दैनन्, केवल ईश्वरमय भएका योगीले मात्र यसको प्रकाश पाउँछन्।

वक्ताको इच्छाको अनुरूप तत्कालै अक्षररूप सूक्ष्म शव्द वक्ताको मुखवाट जति छिटो प्रकट गरे पनि तत्‌तत् स्थानवाट धाराप्रवाह भएर आइरहेको हुन्छ। शव्दाक्षरको यस्तो सूक्ष्म गति छ। यही गति अनुकूल अक्षराकार निर्माण हुन्छन्। जस्तै भनुं, एक छेउवाट पसेको हावा अक्षरको सवै भाग छुने गरी अर्के छेउवाट निस्कने नली भएको अक्षर वनाएर एक छेउवाट मुखले फुकेर पठाउँदा अर्को छेउवाट निस्केको हावामा अक्षरको सूक्ष्म ध्वनि आउन सक्ला वा कुनै वैज्ञानिक तरिकावाट पत्ता लाग्न सक्ला तर यो तात्विक कुरा हुनाले योगाभ्यास नै गर्नुपर्ला। आजभोलि यस्तो तात्विक रहस्यले वनेका अक्षरहरूको आकार वदलेर अवैज्ञानिक अक्षर वनाउन लागेका छन्। यो ठीक छैन। यस शव्दराशिलाई महर्षिहरूले निगम र आगम भनी दुई विभाग गरेका छन् तापनि आगम निगमकै अन्तर्गत हो। निगमबाट निकालेको हुनाले आगम भनेको हो। वेद सनातन भएकाले तज्जन्य धर्म पनि सनातन हो।

ईश्वरका सन्तति हामी सवै हौं। सृष्टिको सुरूदेखि नै वैदिक धर्म र देववाणी भाषा-अक्षर हामी सवैको साझा थियो। संस्कृत भाषाका शव्द सवै भाषामा प्रशस्त

* *स्मृतिकेन्द्रका नामित प्रतिभा। -सम्पा.*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri
पाइन्छन् । जति सृष्टि फैलिँदै गयो, आउ-जाउ कम हुँदै गयो, अन्यत्र जानेहरूले आफ्नो प्राचीन धर्म-भाषा विर्सँदै गए । नेपाल भारतमा तपस्वी, परिश्रमी, विद्वान्, महाज्ञानी, त्रिकालज्ञ महर्षिहरू भएकाले यिनीहरूले वेदको व्याख्यान अनेक पुराण, धर्मशास्त्र, षट्शास्त्र, उपनिषद्, संहिता, साहित्य आदि अनेकौं ग्रन्थ रचना गरी यिनै ग्रन्थ-साहित्यहरूको प्रचारले आफ्नो प्राचीन वैदिक धर्म, भाषा, संस्कृतिलाई जिउँदै राखे । यसैले यस ठाउँमा रही वैदिक धर्म-संस्कृति मान्नेहरूलाई यो धर्म मान्न छोड्ने अन्यत्र वसेकाहरूले हिन्दू भन्ने नाम राखे । पछि वैदिक धर्मलाई पनि हिन्दू धर्म भन्न थालेका मात्र हुन् । यो धर्म हिन्दूहरूको मात्र पेवा नभई मानवमात्रको सनातन धर्म हो । वुद्ध, जैन आदि धर्महरू पनि वैदिक धर्मकै शाखा हुन् । वुद्धावतारलाई भगवान्को दशावतारमध्येको एक मानिएको छ । यो शाखामा अहिंसा-शान्ति कायम गर्न र जाति-पाति आदिको कट्टरता त्यागी समानता कायम गर्न वढ्ता जोड दिइएको छ । यी वैदिक धर्मकै कुरा हुन् ।

वेदमा वर्णधर्म वताइएका छन् । यी वर्ण जन्मले मात्र हुने होइनन् । कर्मले योनि, जात, वर्ण हुन्छ भनेको छ । मदिरादि पान गर्ने, अनाचारी व्राम्हण चण्डाल हुन्छ । नराम्रो कर्मले व्राम्हण गिर्दछ भने असल कर्मले शूद्र, वैश्यादि किन उच्च वर्गका नहुन् ? मण्डूक, पराशर, व्यास, ऋृष्यशृंग, आदिका आमा को थिए ? कसरी महर्षि भए ? केवल नीच कर्ममा प्रवृत्त शूद्रादिलाई मात्र वेद पढ्न निषेध देखिन्छ । वेद पढेर ज्ञान हासिल गरेर मस्तिष्क र शरीर शुद्ध गरी ज्ञान प्राप्त गर्न सक्दछन् अति नीच आचरण वुद्धि कुण्ठित हुन्छ । यस्तो वुद्धिवाट गाम्भीर्यपूर्ण अर्थ र रहस्य जान्नै सकिँदैन । जुन कुरा जसले जान्न सक्दैन त्यसमा त्यसको अधिकार भएको मानिँदैन । क-ख-ग पढ्ने वच्चालाई उच्च शिक्षाको पाठ पढाएजस्तो हुन्छ । त्यसैले त्यस्ताले वेद नपढ्नू भनेको हो । पशुजातलाई त तालिम लिएर ज्ञान हासिल गराइन्छ भने मानवजातिलाई ज्ञानवाट वञ्चित गराउने कुनै कसैको धर्म हुँदैन । वैदिक धर्मले पनि यस्तो कदापि मान्दैन तर वैदिक धर्मको तत्व नवुझ्नेहरूले वैदिक धर्मलाई व्राम्हणको वोलवाला भएको धर्म भनी लेखेका छन् भने कुनै सञ्चार माध्यमवाट कहिलेकाहीं हिन्दू धर्म भद्रगोल धर्म हो भनेको पनि सुनिन्छ । पक्षपात, अनाचार आदिले मगज र वुद्धि कुण्ठित भएकाहरूले मात्र यस्तो कुरा गरेका छन् । ज्ञानी महर्षिहरूले व्याख्यान गरेको वैदिक धर्मको रहस्य-मर्म नवुझ्नाले मात्र तिनीहरूले त्यसो भनेका हुन् ।

ईश्वरका सृष्टिमा विश्व व्रम्हाण्डदेखि लिएर सूक्ष्मातिसूक्ष्म अनेक पदार्थ छन् । ती पदार्थहरूका विभिन्न गुण र प्रभाव छन् । पारस्परिक अन्योन्याश्रित व्रम्हौदन र प्रवर्ग्यरूपी यज्ञवाट यी पदार्थहरू सुरक्षित रहन्छन् । जस्तै: सूर्यको ताप सूर्यसँग सम्वन्धित छ । यो सूर्यको व्रम्हौदन हो, सूर्यवाट अलग भएर मनुष्य, वनस्पति आदिले ग्रहण गरेको ताप मनुष्य, वनस्पति आदिको व्रम्हौदन हुन्छ । मनुष्य, वनस्पति आदिवाट सूर्यले ग्रहण गरेको प्रवर्ग्य सूर्यको तापमा सञ्चित हुन गई सूर्यको व्रह्मौदन वन्न जान्छ । यसरी सूर्य र मनुष्यादि पदार्थहरूमा व्रह्मौदन र प्रवर्ग्यको आउ-जाउ रहन्छ । आम्दानी-खर्च वरावर रहुञ्जेल सूर्य तातिरहन्छ । खर्च वढ्दै गयो भने सूर्य निस्तेज हुँदै जान्छ । सूर्यमा व्रम्हौदन खिच्ने शक्ति कमजोर हुँदै गई जुन दिन सूर्य निस्तेज हुन्छ त्यसवेला प्रलय हुन्छ । यसरी नै सारा पदार्थहरूमा व्रह्मौदन र प्रवर्ग्यको आदान-प्रदान भइरहेको हुन्छ र सृष्टिको क्रम चलिरहेको हुन्छ । विश्व-व्रह्माण्डमा यसरी परस्परमा अन्न दान-विसर्गात्मक यज्ञ चलिरहेको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri
हुन्छ । सारा पदार्थमा अग्नि व्यापक हुन्छ । अन्न दान रहुन्जेल त्यो अग्नि शिवरूप हुन्छ । अग्निमा अन्नाहुति हुन छोडेपछि त्यस अग्निले रूद्ररूप धारण गर्छ र सारा विश्व भष्म भई प्रलय हुन्छ ।

निर्गुण ईश्वरवाट सगुण दृश्य जगत् खडा भएकाले ईश्वरको सगुण मूर्ति हुँदैन भन्न सकिँदैन । सगुण मूर्ति ब्रम्हा, विष्णु, महेश्वर र तिनका अवतारमा हुन्छ । ईश्वरका विभूति अनेक देव-देवीहरू पनि हुन् । थी अवतार देव-देवीहरूमा अनेक रहस्यमय गुण र प्रभाव वेदवाट पत्ता लगाई यिनीहरूको अवतार, मूर्ति, यन्त्र, मन्त्र, तन्त्र र यज्ञको रहस्य तथा महिमावारे अनेक शास्त्र, इतिहास, संहिता, पुराण, महाभारत, रामायण आदि साहित्यमा अनेकन् उदाहरण दिई यस वैदिक धर्मको प्रचार गरे ।

वैदिक सनातन धर्ममा सत्य, शौच, दया, दान, यी चार कुराभित्र इन्द्रियनिग्रह, अहिंसा, परोपकार, विश्वभ्रातृत्व, आदि सवै गुणहरू समाविष्ट छन् । वैदिक धर्मअनुसार यो संसार सत्वादि तीन गुणहरूवाट सृष्टि भएको छ । मानिसहरूले जस्तै सौजन्य देखाए पनि तामसी शक्तिलाई पूर्णतः दवाउन सक्दैन, सकेको पनि देखिँदैन । उग्रवादिताप्रति त्यसभन्दा ठूलो उग्रवादिता देखाउन सकेमा त्यसलाई दवाएर शान्ति कायम गर्न सकिन्छ र गरिराखेको पनि छ । यसले राज्यधर्म शान्ति आदिको सुरक्षाका निमित्त हिन्दू वैदिक धर्ममा एकातिर समय, स्थान र परिस्थिति हेरी उचित हिंसालाई निषेध गरेको छैन भने अर्कातिर विनाकारणको हिंसालाई निन्दा गर्दै "सत्यं न सत्यं खलु यत्र हिंसा" भनेको छ ।

वैदिक हिन्दू राज्यमा धर्म, सुव्यवस्था, शान्ति, अगाडि लागेको हुन्छ, हिंसाका साधन सैन्य र हात-हतियार पछि लागेका हुन्छन् । राज्यधर्म, शान्ति, सुव्यवस्था आदिप्रति खलल आउन लाग्यो भने आवश्यकता अनुसार यसलाई साम्य गरी पुनः राजधर्म, शान्ति, सुव्यवस्थालाई कायम गरिन्छ ।

देवता, अग्नि, ब्राम्हण, पितृ, मन्त्रीवर्ग, जनताका प्रतिनिधि सवैलाई साक्षी राखी देश र जनताको जिम्मेवारी वहन गर्न धर्मवन्धनमा रही प्रजावत्सल भई राज्य गर्न राजालाई वेदले वाध्य गराएको हुन्छ । यसरी वेदले धार्मिक बन्धनमा राखिएका धार्मिक राजाप्रति वैदिक मर्यादामा विश्वास गर्ने प्रजाहरूको पूर्ण विश्वास हुन्छ र त्यस्ता राजालाई देवता मान्दछन् । 'नराणां च नराधिपम् ।' ब्रम्ह, देव, पितृ, मनुष्य, पशु आदि वैदिक धर्ममा यज्ञीय अङ्गहरू हुन् । थी यज्ञहरू वैदिक, तान्त्रिक, मिश्रित तीन किसिमवाट गरिन्छन् । प्रत्येक देवतालाई आह्वान गरिने तत् तत् वैदिक-तान्त्रिक मन्त्रहरू छन् । जगत्मा दैवी आसुरी दुवै शक्ति हुन्छन् । आसुरी शक्तिको वोलवाला भएर पाप मात्रै वढी भएमा वर्ष, मास, दिन, क्षण-क्षणमा प्रकृतिअनुसार आसुरी शक्तिको दवाव वढ्दै जान्छ । अनेकन् दुःखदायी घटना पर्न आउँछन्, जीवजन्तुहरूको मन समेत विकल भई उन्माद, आत्महत्या, अकालमृत्यु आदिका घटना वढ्न थाल्दछन् । अन्न, वायु, वर्षमा समेत असर पर्छ । यिनमा रूद्रवाणको प्रकोप वढ्न थाल्दछ । यसलाई अन्न-ईषवः, वात-ईषवः, वर्षा-ईषवः भनिन्छ । आसुरी शक्तिको दवाव बढेको वेलामा माथि भने जस्तो किसिमले हुने विश्व-ब्रम्हाण्डका यावत् पदार्थको परस्पर आदान-प्रदानमा वाधा पर्न गई आ-आफ्नो ब्रह्मौदन प्राप्त हुँदैन र पदार्थ नाशोन्मुख हुन जान्छ । यस्तो वैज्ञानिकता पत्ता लगाई ब्रह्मौदन प्राप्तिका लागि वैदिक महर्षिहरूले यज्ञ यागादिको क्रम शास्त्रीय विधिले विधान गरेका हुन् ।

टाढा रहेका अग्निवाट प्रशस्त ताप नपाइने हुँदा नगिचका अग्निवाट ताप लिएजस्तै टाढा रहेका देवताका सगुण मूर्तिको मात्र भर नपरेर तिनीहरूको प्रतिनिधित्व मूर्ति बनाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पाइन्छन् । जति सृष्टि फैलिँदै गयो, आउ-जाउ कम हुँदै गयो, अन्यत्र जानेहरूले आफ्नो प्राचीन धर्म-भाषा बिर्संदै गए । नेपाल भारतमा तपस्वी, परिश्रमी, विद्वान्, महाज्ञानी, त्रिकालज्ञ महर्षिहरू भएकाले यिनीहरूले वेदको व्याख्यान अनेक पुराण, धर्मशास्त्र, षट्शास्त्र, उपनिषद्, संहिता, साहित्य आदि अनेकौं ग्रन्थ रचना गरी यिनै ग्रन्थ-साहित्यहरूको प्रचारले आफ्नो प्राचीन वैदिक धर्म, भाषा, संस्कृतिलाई जिउँदै राखे । यसैले यस ठाउँमा रही वैदिक धर्म-संस्कृति मान्नेहरूलाई यो धर्म मान्न छोड्ने अन्यत्र वसेकाहरूले हिन्दू भन्ने नाम राखे । पछि वैदिक धर्मलाई पनि हिन्दू धर्म भन्न थालेका मात्र हुन् । यो धर्म हिन्दूहरूको मात्र पेवा नभई मानवमात्रको सनातन धर्म हो । वुद्ध, जैन आदि धर्महरू पनि वैदिक धर्मकै शाखा हुन् । वुद्धावतारलाई भगवान्को दशावतारमध्येको एक मानिएको छ । यो शाखामा अहिंसा-शान्ति कायम गर्न र जाति-पाति आदिको कट्टरता त्यागी समानता कायम गर्न वढ्ता जोड दिइएको छ । यी वैदिक धर्मकै कुरा हुन् ।

वेदमा वर्णधर्म बताइएका छन् । यी वर्ण जन्मले मात्र हुने होइनन् । कर्मले योनि, जात, वर्ण हुन्छ भनेको छ । मदिरादि पान गर्ने, अनाचारी व्राम्हण चण्डाल हुन्छ । नराम्रो कर्मले व्राम्हण गिर्दछ भने असल कर्मले शूद्र, वैश्यादि किन उच्च वर्गका नहुन् ? मण्डूक, पराशर, व्यास, ऋष्यशृंग, आदिका आमा को थिए ? कसरी महर्षि भए ? केवल नीच कर्ममा प्रवृत्त शूद्रादिलाई मात्र वेद पढ्न निषेध देखिन्छ । वेद पढेर ज्ञान हासिल गरेर मस्तिष्क र शरीर शुद्ध गरी ज्ञान प्राप्त गर्न सक्दछन् अति नीच आचरण वुद्धि कुण्ठित हुन्छ । यस्तो वुद्धिवाट गाम्भीर्यपूर्ण अर्थ र रहस्य जान्नै सकिँदैन । जुन कुरा जसले जान्न सक्दैन त्यसमा त्यसको अधिकार भएको मानिँदैन । क-ख-ग पढ्ने वच्चालाई उच्च शिक्षाको पाठ पढाएजस्तो हुन्छ । त्यसैले त्यस्ताले वेद नपढ्नू भनेको हो । पशुजातलाई त तालिम लिएर ज्ञान हासिल गराइन्छ भने मानवजातिलाई ज्ञानवाट वञ्चित गराउने कुनै कसैको धर्म हुँदैन । वैदिक धर्मले पनि यस्तो कदापि मान्दैन तर वैदिक धर्मको तत्व नवुभ्नेहरूले वैदिक धर्मलाई व्राम्हणको बोलवाला भएको धर्म भनी लेखेका छन् भने कुनै सञ्चार माध्यमवाट कहिलेकाहीं हिन्दू धर्म भद्रगोल धर्म हो भनेको पनि सुनिन्छ । पक्षपात, अनाचार आदिले मगज र वुद्धि कुण्ठित भएकाहरूले मात्र यस्तो कुरा गरेका छन् । ज्ञानी महर्षिहरूले व्याख्यान गरेको वैदिक धर्मको रहस्य-मर्म नवुभ्नाले मात्र तिनीहरूले त्यसो भनेका हुन् ।

ईश्वरका सृष्टिमा विश्व व्रम्हाण्डदेखि लिएर सूक्ष्मातिसूक्ष्म अनेक पदार्थ छन् । ती पदार्थहरूका विभिन्न गुण र प्रभाव छन् । पारस्परिक अन्योन्याश्रित व्रम्हौदन र प्रवर्ग्यरूपी यज्ञवाट यी पदार्थहरू सुरक्षित रहन्छन् । जस्तैः सूर्यको ताप सूर्यसँग सम्वन्धित छ । यो सूर्यको व्रम्हौदन हो, सूर्यवाट अलग भएर मनुष्य, वनस्पति आदिले ग्रहण गरेको ताप मनुष्य, वनस्पति आदिको व्रम्हौदन हुन्छ । मनुष्य, वनस्पति आदिवाट सूर्यले ग्रहण गरेको प्रवर्ग्य सूर्यको तापमा सञ्चित हुन गई सूर्यको व्रह्मौदन वन्न जान्छ । यसरी सूर्य र मनुष्यादि पदार्थहरूमा व्रह्मौदन र प्रवर्ग्यको आउ-जाउ रहन्छ । आम्दानी-खर्च बरावर रहुञ्जेल सूर्य तातिरहन्छ । खर्च वढ्दै गयो भने सूर्य निस्तेज हुँदै जान्छ । सूर्यमा व्रम्हौदन खिच्ने शक्ति कमजोर हुँदै गई जुन दिन सूर्य निस्तेज हुन्छ त्यसवेला प्रलय हुन्छ । यसरी नै सारा पदार्थहरूमा व्रह्मौदन र प्रवर्ग्यको आदान-प्रदान भइरहेको हुन्छ र सृष्टिको क्रम चलिरहेको हुन्छ । विश्व-व्रह्माण्डमा यसरी परस्परमा अन्न दान-विसर्गात्मक यज्ञ चलिरहेको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri
हुन्छ । सारा पदार्थमा अग्नि व्यापक हुन्छ । अन्न दान रहुन्जेल त्यो अग्नि शिवरूप हुन्छ । अग्निमा अन्नाहुति हुन छोडेपछि त्यस अग्निले रूद्ररूप धारण गर्छ र सारा विश्व भष्म भई प्रलय हुन्छ ।

निर्गुण ईश्वरवाट सगुण दृश्य जगत् खडा भएकाले ईश्वरको सगुण मूर्ति हुँदैन भन्न सकिँदैन । सगुण मूर्ति ब्रम्हा, विष्णु, महेश्वर र तिनका अवतारमा हुन्छ । ईश्वरका विभूति अनेक देव-देवीहरू पनि हुन् । थी अवतार देव-देवीहरूमा अनेक रहस्यमय गुण र प्रभाव वेदबाट पत्ता लगाई यिनीहरूको अवतार, मूर्ति, यन्त्र, मन्त्र, तन्त्र र यज्ञको रहस्य तथा महिमावारे अनेक शास्त्र, इतिहास, संहिता, पुराण, महाभारत, रामायण आदि साहित्यमा अनेकन् उदाहरण दिई यस वैदिक धर्मको प्रचार गरे ।

वैदिक सनातन धर्ममा सत्य, शौच, दया, दान, यी चार कुराभित्र इन्द्रियनिग्रह, अहिंसा, परोपकार, विश्वभ्रातृत्व, आदि सवै गुणहरू समाविष्ट छन् । वैदिक धर्मअनुसार यो संसार सत्वादि तीन गुणहरूवाट सृष्टि भएको छ । मानिसहरूले जस्तै सौजन्य देखाए पनि तामसी शक्तिलाई पूर्णतः दवाउन सक्दैन, सकेको पनि देखिँदैन । उग्रवादिताप्रति त्यसभन्दा ठूलो उग्रवादिता देखाउन सकेमा त्यसलाई दवाएर शान्ति कायम गर्न सकिन्छ र गरिराखेको पनि छ । यसले राज्यधर्म शान्ति आदिको सुरक्षाका निमित्त हिन्दू वैदिक धर्ममा एकातिर समय, स्थान र परिस्थिति हेरी उचित हिंसालाई निषेध गरेको छैन भने अर्कातिर विनाकारणको हिंसालाई निन्दा गर्दै "सत्यं न सत्यं खलु यत्र हिंसा" भनेको छ ।

वैदिक हिन्दू राज्यमा धर्म, सुव्यवस्था, शान्ति, अगाडि लागेको हुन्छ, हिंसाका साधन सैन्य र हात-हतियार पछि लागेका हुन्छन् । राज्यधर्म, शान्ति, सुव्यवस्था आदिप्रति खलल आउन लाग्यो भने आवश्यकता अनुसार यसलाई साम्य गरी पुनः राजधर्म, शान्ति, सुव्यवस्थालाई कायम गरिन्छ ।

देवता, अग्नि, ब्राम्हण, पितृ, मन्त्रीवर्ग, जनताका प्रतिनिधि सवैलाई साक्षी राखी देश र जनताको जिम्मेवारी वहन गर्न धर्मवन्धनमा रही प्रजावत्सल भई राज्य गर्न राजालाई वेदले वाध्य गराएको हुन्छ । यसरी वेदले धार्मिक बन्धनमा राखिएका धार्मिक राजाप्रति वैदिक मर्यादामा विश्वास गर्ने प्रजाहरूको पूर्ण विश्वास हुन्छ र त्यस्ता राजालाई देवता मान्दछन् । 'नराणां च नराधिपम् ।' ब्रम्ह, देव, पितृ, मनुष्य, पशु आदि वैदिक धर्ममा यज्ञीय अङ्गहरू हुन् । थी यज्ञहरू वैदिक, तान्त्रिक, मिश्रित तीन किसिमवाट गरिन्छन् । प्रत्येक देवतालाई आह्वान गरिने तत् तत् वैदिक-तान्त्रिक मन्त्रहरू छन् । जगत्मा दैवी आसुरी दुवै शक्ति हुन्छन् । आसुरी शक्तिको वोलवाला भएर पाप मात्रै वढी भएमा वर्ष, मास, दिन, क्षण-क्षणमा प्रकृतिअनुसार आसुरी शक्तिको दवाव वढ्दै जान्छ । अनेकन् दुःखदायी घटना पर्न आउँछन्, जीवजन्तुहरूको मन समेत विकल भई उन्माद, आत्महत्या, अकालमृत्यु आदिका घटना वढ्न थाल्दछन् । अन्न, वायु, वर्षमा समेत असर पर्छ । यिनमा रूद्रवाणको प्रकोप वढ्न थाल्दछ । यसलाई अन्न-ईषवः, वात-ईषवः, वर्षा-ईषवः भनिन्छ । आसुरी शक्तिको दवाव बढेको वेलामा माथि भने जस्तो किसिमले हुने विश्व-ब्रम्हाण्डका यावत् पदार्थको परस्पर आदान-प्रदानमा वाधा पर्न गई आ-आफ्नो ब्रह्मौदन प्राप्त हुँदैन र पदार्थ नाशोन्मुख हुन जान्छ। यस्तो वैज्ञानिकता पत्ता लगाई ब्रह्मौदन प्राप्तिका लागि वैदिक महर्षिहरूले यज्ञ यागादिको क्रम शास्त्रीय विधिले विधान गरेका हुन् ।

टाढा रहेका अग्निवाट प्रशस्त ताप नपाइने हुँदा नगिचका अग्निवाट ताप लिएजस्तै टाढा रहेका देवताका सगुण मूर्तिको मात्र भर नपरेर तिनीहरूको प्रतिनिधित्व मूर्ति बनाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नजिक राखी विधिले पूजा गरिन्छ । देवताको मात्र होइन, मानव, पशु, वृक्ष आदिको पनि गुण र स्थितिअनुसार आव्हान गरी पूजा गर्ने गरिन्छ । जस्तै: मोक्ष प्रयोजनका निमित्त विष्णु, सिद्धिका निमित्त गणेश, विद्याका निमित्त सरस्वती, धनका निमित्त लक्ष्मी, शत्रु संहारका निमित्त काली इत्यादिको पूजा गरिन्छ । यिनीहरूवाट ब्रह्मौदन प्राप्तिका निमित्त पूजा, यज्ञ, होम, श्राद्ध गरिएको हो । यी देवी-देवताका अतिरिक्त गाई, कुकुर, वृक्ष, पृथ्वी आदिवाट हामीलाई आवश्यक पदार्थ प्राप्त भइरहने हुँदा यिनको पनि पूजन यज्ञ गरिन्छ । वैदिक महर्षिहरूले आसुरी शक्तिलाई दवाई विश्व-ब्रम्हाण्डकै वह्मौदन प्राप्तिका लागि अनेकौं वर्षसम्म अनेकौं ठूल-ठूला यज्ञ गर्दथे र आसुरी शक्तिको दवाव कम थियो । विश्व ब्रम्हाण्ड शान्तिमय थियो । अव यी हराउँदै गएकोले विश्वमा आसुरी शक्तिको प्रकोप वढ्दैछ, अशान्ति वढ्दैछ ।

यसैगरी हाम्रो वर्ष दिन भरिका ऋतु अनुसारका चाडपर्व, पितृश्राद्ध, नित्य-नैमित्तिक यज्ञादि अनेकन् छन् । यी सवै लेखेर सकिँदैन, शास्त्र हेरे थाहा हुन्छ । हाम्रा धार्मिक पर्वका केही उदाहरण हेरौं । आप्य प्राणलाई आसुरी प्राण र आग्नेय प्राणलाई दैवी प्राण भनिन्छ । आषाढदेखि सुरू भई चार महिना कार्तिकसम्म वर्षाको प्रावल्य हुन्छ, यसमा आसुरी प्राणको प्रावल्यले दैवी प्राण दविएको हुन्छ र अवरोहिणी शक्तिको प्रभाव हुन्छ । चातुर्मासमा भगवान् पातालमा बलीको घरमा सुत्दछन् भन्नुको तात्पर्य यस वेला शक्ति सुषुप्त हुन्छ र आसुरी अवरोहिणी शक्ति जाग्रत हुन्छ भन्ने हो । यही आसुरी अवरोहिणी शक्तिवाट जोगिन चतुर्मासलाई ठूलो धार्मिक पर्व मानिएको छ र यस समयमा अनेक दैवी शक्तिको उपासना, अनेक व्रत, पूजा तथा अभक्ष्य त्याग गरिन्छ । नवरात्रमा दैवीशक्तिमा विशेष प्रवल दुर्गाको महापूजा गरिन्छ । आसुरी शक्तिको संहार गरी दैवी शक्ति दिनुहोस् भन्ने भावना लिई महिषासुरको प्रतिनिधि महिषादिको बलि भगवतीलाई चढाइन्छ । जब चार महिनाको अन्त्य हुँदै जान्छ, आसुरी ज्येष्ठा अलक्ष्मी शक्तिको अन्त्य भएर दैवी शक्ति लक्ष्मीको प्रादुर्भाव हुनछ । त्यस बखत लक्ष्मीपूजा पर्व मनाइन्छ । आसुरी शक्ति दानवले छोडेकाले उत्सव मनाई वलीको समेत पूजा हामी गर्दछौं । हाम्रा हरेक चाड-पर्व र धार्मिक विधि-विधानमा ऋतुअनुसारका खाना, पित्त बढ्ने ऋतुमा निम्वपत्रप्राशन, जाडोमा घिउ-चाकु, गर्मीमा सर्वत, छाता, जुत्ता दान इत्यादि धार्मिक विधिभित्र पर्दछन् । यी सारा धार्मिक विधान र चाड वैज्ञानिक हुन् । कुनै कसैलाई ठग्नलाई बनाएको होइन । सारा कुरा समाज कल्याणका निमित्त छन् ।

वैदिक हिन्दू धर्ममा दिनचर्या, नियम, वर्ण-धर्म र भक्ष्याभक्ष्यको पूर्ण विचार छ । सात्विक, राजसिक, तामसिक तीन किसिमका खाना छन् । सात्विक खानामा ज्यादा जोड दिइएको छ । हरेक कुरामा ईश्वरकै सत्ता मानिएको छ । पुनर्जन्म स्वीकृत छ, पाप-धर्मका भोगहरूको वर्णन छ । ईश्वरीय प्रकाशवाट सारा विश्व सञ्चालित छ भन्ने विश्वास छ ।

मनुष्यजन्ममा धर्म, अर्थ, काम, मोक्ष यी चार पुरूषार्थहरूको प्राप्ति गर्न सक्नुपर्दछ भन्ने लक्ष्य राखिएको छ । लक्ष्यप्राप्तिको निमित्त वर्णाश्रम आदि व्यवस्था वाँधिएका हुन्छन् । यिनीहरूमा पनि मुख्य ब्रम्हचार्य र गृहस्थ आश्रमवाटै मुक्त हुन सकिन्छ । वशिष्ठ, जनक आदि मनीषिहरू गृहस्थाश्रममा नै रहेर आत्मज्ञानी थिए । २५ वर्षसम्म ब्रम्हचर्यमा रहेर विद्याभ्यास गरी ज्ञान हासिल गरेर विधाद्वारा धनोपार्जन गरेपछि मात्र विवाह गर्नुपर्ने विधि छ किनभने विना धन गृहस्थाश्रम हुन सक्दैन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यसरी गृहस्थाश्रममा प्रवेश गरेपछि अर्काका अधिकारका हस्तक्षेप नगरी इन्द्रियनिग्रहका साथ ईश्वरमा आस्था राखी शास्त्रोक्ति नियमवमोजिम धनोपार्जन गर्नु, आफ्नो आर्थिक अवस्थाअनुसार चाड-पर्व मनाउनु, यज्ञ-यागादि गर्नु, साधु-सज्जनको सेवा गर्नु, ज्ञान हासिल गर्न कोसिस गर्नु, भित्री मनले संसार अनित्य माया हो भन्ने वुझी यसप्रति अनुरक्त नहुनु गृहस्थका कर्तव्य हुन आउँछन् । इन्द्रियले गर्ने काम उद्योग-उन्नति गरी धर्म, अर्थ, काम, मोक्ष चारै पदार्थको उपभोग गृहस्थले गर्न सक्नुपर्दछ । हाम्रा पूर्वज वशिष्ठ, जनक, राम, कृष्ण आदि गृहस्थ नै थिए, गृहस्थ नै रहेर व्रम्हनिष्ठ र ज्ञानी थिए । कुनै कसैलाई ठग्ने आडम्वरी थिएनन्, स्वच्छ अनि निर्मल थिए ।

वैदिक हिन्दू धर्मको गुरू नै वेद हो । यो सनातन छ । यसैले हाम्रो धर्मलाई सनातन धर्म भनेको हो । यो धर्म साह्रै गहिरो र अनन्त छ । ज्ञान उपार्जन साह्रै गाह्रो हुन्छ । पेट पाल्ने धन्दामा चिन्ताग्रस्त रहेर ज्ञान हासिल गर्न नसकिने हुनाले प्राचीन समयमा यी महर्षिहरूको पालन-पोषणको जिम्मा राजाहरूले लिएका हुन्थे । महर्षिहरू निश्चिन्त भई एकान्त जङ्गलमा वसेर वेदको ज्ञानोपार्जन गरी शिष्यहरूलाई शिक्षा दिन्थे । ज्ञानको जिम्मा महर्षिहरूमा थियो । उनीहरू आफूले प्राप्त गरेका ज्ञानको उपदेश राजा-प्रजालाई दिन्थे । राजाहरू उपदेश लिन महर्षि भएको ठाउँमा जान्थे । त्यस वेलाको पढाइ श्रुतिमा आधारित थियो र ज्ञान हृदयमा नै भरिभराउ रहन्थ्यो । जव ज्ञानका कुरा लिपिवद्ध गर्ने चलन भयो, ज्ञान कितावमा रहन लाग्यो । त्यसपछि मानिसमा ज्ञान कम हुँदै जान लाग्यो । मानिस वेदको रहस्यमय ज्ञानवाट वञ्चित हुँदै जान लाग्यो । वैदिक समयको कैयौं पछि राजाहरू तामसी वृत्तिका घमण्डी हुन लागे, महर्षिहरूको उपदेशप्रति चाख दिन छोडे, महर्षिहरूको भरणपोषणप्रति वेवास्ता गर्न लागे, दिव्य ज्ञान सिकाउने-सिक्ने प्रचलन हराउन लाग्यो र समाज ज्ञान, विज्ञान र धर्मवाट वञ्चित हुँदै जान लाग्यो । वैदिक धर्म, ज्ञानको अधोगति हुँदै गयो । अन्याय-अत्याचारले प्रश्रय पाउँदै गयो । राज्यहरू फुटे, ठूला प्रतापी राजा हुन छाडे । त्यसपछि विभिन्न धर्मगुरूहरू निस्कन लागे, आ-आफ्ना सिद्धान्त प्रचारका निमित्त एकएक राजालाई च्याप्न थाले । तिनीहरूले धर्ममा विभिन्नता ल्याए अनि राजाहरू अनेक धर्मावलम्वीहरू वन्न लागे । वैदिक धर्मरूपी एक सूत्रमा वाँधिएको समाज विभिन्नतामा विभाजित भयो । तेरोभन्दा मेरो असल भनी धर्म-धर्ममा नै झगडा हुन लाग्यो र वैदिक धर्म नाममात्र अवशेषजस्तो भयो । त्यो हावा नेपालमा समेत आएको छ ।

विश्वमा विभिन्न धर्म छन् । यी धर्महरूमा पनि प्रत्येकमा आन्तरिक विभिन्नता देखिन्छ । आफूले जुन धर्म माने पनि अर्काको धर्मप्रति द्वेषभाव लिनुहुँदैन । मार्ग र नाममात्र फरक हो । ईश्वर एउटै हो । कुनै पनि धर्म कसैभन्दा ठूलो वा सानो छैन ।

राज्य वलवान्, धनी, उद्योगी भयो भने धर्म पनि विकसित हुन्छ । यसका निमित्त गृहस्थ धर्म सुदृढ र विकसित हुनुपर्छ । कर्ममार्गद्वारा नै अघि वढ्नुपर्दछ । यो विश्व नै कर्म क्षेत्र हो । जहाँसम्म मन, वुद्धि विलाउँदैनन्, त्यहाँसम्म कर्म नाश हुन सक्दैन ।

हाम्रो सारा धर्म-कर्म संस्कृत भाषामा छ । हाम्रा शास्त्रको ज्ञानको प्राप्ति गर्न संस्कृतको ज्ञान आवश्यक छ । हाम्रा महान् ग्रन्थ महाभारत, पुराण, स्मृति, तन्त्र आदिको वर्तमान लोकभाषाहरूमा अनुवाद हुनुपर्दछ । यसबाट हाम्रो धर्म, संस्कृति, इतिहासको प्रचार, प्रसार र ज्ञानमा धेरै सहायता पुग्छ । धर्मप्रचारका निमित्त धर्मप्रति पूर्ण निष्ठा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भएका त्यागी, निर्लोभी, शान्त, धर्मले नै विश्व धारणा भइरहेको छ भन्ने कुरा वुझाउन सक्ने चरित्रवान् धर्मगुरूहरूको आवश्यकता छ । भक्तहरूले दिएको पत्रं-पुष्पंमा निर्भर रहने महात्माहरू हाम्रो धर्मका स्तम्भ हुन् । त्यागी, चरित्रवान्, विद्वान्लाई मात्र समाजले विश्वास गर्छ ।

सरकारले पनि ठाउँठाउँमा धार्मिक प्रवचन गर्ने साधु-महात्मा वस्ने संस्था, पाटी वनाउनुपर्छ । गुरू महात्मा कुनै सरकारले गुठीले भर्ना गरेको, तलव खुवाएको हुनुहुन्न, धन कमाउन आएको भन्दछन् । गुरू स्वतन्त्र र त्यागी महात्मा हुनुपर्दछ । कुनै धार्मिक संस्थावाट आएका प्रचारक आदिको पनि व्यवस्था गरिनुपर्दछ । यस्ता धार्मिक संस्थाहरूमा जीवननिर्वाहका केही सामान पनि व्यवस्थित हुनुपर्दछ । मुख्य धर्ममा द्वैधता हुनुहुन्न, समस्त वैदिक धर्महरूलाई एक सूत्रमा वाँध्नुपर्दछ ।

म कुनै विद्वान्, सिद्ध, महात्मा, धर्मज्ञ होइन साथै कुनै अहंकारले लेखेको पनि होइन । वैदिक धर्म, विश्वको वर्तमान गतिविधि देख्दा र सुन्दा उठेका तरङ्गले मनमा आएका भाव प्रकट गरेको मात्र हुँ । विश्व हिन्दू सम्मेलन रूपी महायज्ञले विश्वमा शान्ति सुरक्षा कायम राखेर वैदिक विश्व धर्मको समेत उत्थान गर्नेछ भन्ने विश्वले आशा राखेको छ । यस सम्मेलनलाई सफल पारिवक्सनेछ भनी भगवान् पशुपतिनाथसँग प्रार्थना गर्दछु ।

ॐ शान्ति :

नोटः वीरगञ्जमा वि.सं. २०३९ मा आयोजित विश्व हिन्दू महासम्मेलनमा पठाइएको यो सन्देश त्यसको स्मारिकामा पनि प्रकाशित भएको छ । - सम्पा.



(ज्ञानबिन्दु-४ विमोचन कार्यक्रममा विशिष्ठ अतिथिहरू)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सङ्गठनात्मक कार्यदिशा र तात्कालिक कार्ययोजना

✍डा. बाबुराम भट्टराई*

नेपाली क्रान्ति यतिबेला गम्भीर ऐतिहासिक मोडमा उभिएको छ। हाम्रो पार्टी एकीकृत नेकपा (माओवादी) को नेतृत्वमा महान् जनयुद्ध, ऐतिहासिक जनआन्दोलन, संविधानसभा निर्वाचन हुँदै सफलताको दिशामा अघि बढिरहेको जनताको जनवादी आन्दोलनमा केही समय यता आन्तरिक र बाह्य दुवै क्षेत्रमा गम्भीर चुनौति खडा भएका छन्। ती चुनौतीहरूको सामना गर्दै क्रान्तिलाई मौलिक ढङ्गले विजयको दिशामा उन्मुख गराउन पार्टीभित्र केही महत्त्वपूर्ण वैचारिक, राजनीतिक, सङ्गठन र सङ्घर्षका मुद्दामा खुला र स्पष्ट ढङ्गले वहस चलाएर वस्तुनिष्ट निष्कर्षमा पुग्न जरुरी भएको छ।

(क) वैचारिक-राजनीतिक प्रश्न

१. विचारधारात्मक र राजनीतिक कार्यदिशा सही वा गलत हुने कुराले नै अन्ततः सवै कुराको फैसला गर्छ भन्ने माओवादी मान्यतालाई दह्रोसँग आत्मसात् गर्दै अहिले पार्टी र क्रान्तिमा देखिएका समस्यालाई मूलतः वैचारिक र राजनीतिक कार्यदिशासँग सम्वन्धित समस्याकै रूपमा वुझ्न र समाधान खोज्न आवश्यक छ। यस क्रममा मालेमाका आधारभूत प्रस्थापनाहरूको रक्षा गर्दै तिनलाई वर्तमान विश्व र नेपाली सन्दर्भमा सिर्जनशील ढङ्गले लागू गर्ने र समयानुकूल विकसित गर्दै जाने प्रश्न नै सर्वाधिक महत्त्वको विषय हो। हाम्रो क्रान्तिको अहिलेसम्मको विकासको मूल आधार नै त्यही हो। तत्कालीन नेकपा (माओवादी) भित्रको भीषण वैचारिक सङ्घर्ष र जनयुद्धको विकासको क्रममा संश्लेषित ऐतिहासिक दोस्रो राष्ट्रिय सम्मेलनका निर्णयहरू, एक्काइसौँ शताब्दीमा जनवादको विकाससम्वन्धी प्रस्ताव, चर्चित चुनवाङ वैठकका निर्णयहरू र केन्द्रीय समितिको वैठकका निर्माणहरू नै यस सन्दर्भका सवभन्दा महत्त्वपूर्ण वैचारिक-राजनीतिक कोसेढुङ्गा हुन्। यिनै कोसेढुङ्गाहरूमा टेकेर अघि वढेर मात्रै एक्काइसौँ शताव्दीमा मौलिक ढङ्गले सर्वहारावादी क्रान्ति सम्पन्न गर्न, टिकाउन र निरन्तरता दिन सम्भव छ भन्ने कुरालाई सच्चा क्रान्तिकारीहरूले दृढतापूर्वक आत्मसात् गर्नु जरुरी छ। मालेमाको रक्षाको नाउँमा जडसूत्रवादी वन्ने वा त्यसको विकासको नाउँमा अनुभववादी वन्ने वा कहिले जडसूत्र र कहिले अनुभववादी वन्ने प्रवृत्तिवाट आन्दोलनलाई वचाउन विशेष ध्यान दिनैपर्छ। मूल नेतृत्वमा देखापर्ने वैचारिक अस्थिरताले वेलावखत पार्टी र क्रान्तिलाई नोक्सान पुग्ने गरेको कुरालाई गम्भीरतापूर्वक लिनुपर्छ। साथै, प्रतिक्रान्तिको वोलवाला रहेको वर्तमान

*लेखक नेकपा माओवादीका नेता, अर्थशास्त्री एवं हालका प्रधानमन्त्री हुनुहुन्छ। -सम्पा.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri
विश्वमा दुश्मनको शक्तिलाई न्यूनीकरण गर्ने र न्यून-पुँजीवादी अधैर्य प्रदर्शन गर्ने 'वाम' विसर्जनवादी प्रवृत्ति तथा सही र गलत वीचमा ढुलमुल गर्ने मध्यपन्थी आकर्मण्यतावादी प्रवृत्तिविरुद्ध पनि सिद्धान्तनिष्ठ सङ्घर्ष चलाउनुपर्छ । २. वर्तमान युग लेनिनले परिभाषित गरेझैँ मूल रूपमा साम्राज्यवाद र सर्वहारा क्रान्तिकै युग हो । साम्राज्यवाद अर्थात् एकाधिकार पुँजीवादको असमान र विषम् विकासको चारित्रिक विशेषताका कारण एउटा वा केही देशमा मात्र क्रान्ति सम्पन्न हुने सम्भावना अहिले पनि कायम छ । परन्तु पुँजीवादको उच्चतम चरणका रूपमा रहेको साम्राज्यवाद स्वयं एउटा गतिशील वस्तु वा प्रक्रिया हुनाले त्यसको स्वरूपमा मुख्यत: दोस्रो विश्वयुद्धपछि महत्त्वपूर्ण परिवर्तन आएको छ । त्यसो त लेनिनले उतिवेला पनि 'एउटै देशमा मात्र समाजवादको अन्तिम विजय साँच्चै नै असम्भव छ' (सन् १९१८ मा सम्पन्न सोभियतहरूको अखिल रुसी महाधिवेशनमा गर्नुभएको सम्वोधन) भन्नुभएको कुरालाई हामीले विर्सनु हुँदैन । झन् चीन र भारतजस्ता केही दशकदेखि निरन्तर पुँजीवादी उच्च आर्थिक विकासको वाटोमा लागेका र आगामी केही दशकमा विश्व महाशक्ति वन्ने सम्भावना भएका दुई ठूला छिमेकीहरूले घेरिएको नेपालमा तत्काल पुरानै ढङ्गले सर्वहारावादी क्रान्ति सम्पन्न गर्ने कुरालाई इमान्दार क्रान्तिकारीहरूले हल्का पाराले लिनै हुँदैन । किनकि, लेनिनले भन्नुभएझैं 'आफैंलाई रक्षा गर्न नसक्ने क्रान्तिको कुनै महत्त्व हुँदैन' । त्यसैले, आन्तरिक र वाह्य वर्गीय राजनीतिक शक्ति सन्तुलनको ठीक हिसाव गरेर क्रान्तिको रणनीति र कार्यनीति तय गर्न हामीले गम्भीर ध्यान दिनैपर्छ । ३. हाम्रो जस्तो मूलत: अर्ध-औपनिवेशिक देशमा राष्ट्रियता र जनतन्त्रको प्रश्न अभिन्न ढङ्गले गाँसिएको कुरा निर्विवाद छ । क्रान्तिकारी आन्दोलनको विकास र देशमा तत्काल विद्यमान वर्गीय तथा राजनीतिक शक्ति सन्तुलनमा आएको हेरफेरसँगै कहिले राष्ट्रियता र कहिले जनतन्त्रको प्रश्नमा जोड दिँदै र मूलत: ती दुवै पक्षको उचित सन्तुलनमा ध्यान दिँदै जनयुद्ध र त्यसपछिको क्रान्तिको शान्तिपूर्ण विकासको चरणमा हामीले ऐतिहासिक सफलता हासिल गर्दै आएका छौँ । सामन्तवाद र एकात्मक राज्यसत्ताको मूलीका रूपमा रहेको राजतन्त्रको अन्त्य र संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापनापछि देशभित्रको वर्गीय राजनीतिक शक्ति सन्तुलनमा उल्लेखनीय हेरफेर भएको छ । साथै, सुगौली सन्धी यता निरन्तर हस्तक्षेपकारी भूमिका निर्वाह गर्दै आइरहेको भारतीय विस्तारवादी शासक वर्गको नेपालभित्रको हस्तक्षेपमा उल्लेखनीय वृद्धि भएको छ । तैपनि देशमा राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक क्षेत्रमा सामन्तवादको अवशेष ठूलो मात्रामा विद्यमान छ । वढ्दो शक्तिको रूपमा रहेको भए पनि दलाल तथा नोकरशाही पुँजीपति वर्गको सामन्तवादसँगको सम्वन्ध विभिन्न रूपमा अझै कायम छ । वर्गीय, जातीय, क्षेत्रीय, लैङ्गिक, दलित उत्पीडनको मुख्य रूप अझै सामन्तवादी नै छ । गणतन्त्र, संघीयता, धर्मनिरपेक्षता आदिको औपचारिक घोषणा गरिए पनि ती अझै संस्थागत भइसकेका छैनन् । उल्टै गणतन्त्र, संघीयता, धर्मनिरपेक्षता विरोधी पुनरुत्थानवादी राजतन्त्रवादी शक्तिहरू विभिन्न वहानामा क्रियाशील हुँदैछैन् । यो स्थितिमा जनवाद र आन्तरिक राष्ट्रियताको प्रश्न अहिले पनि क्रान्तिको मुख्य कार्यभार रहेको कुरामा शङ्का छैन । निश्चित रूपमा भारतीय विस्तारवादी शासक वर्गको हस्तक्षेप देशभित्र विभिन्न मात्रामा वढ्दै गएको छ र सुगौली-सन्धीदेखिका औपनिवेशिक सम्वन्धका साङ्लाहरू यथावतै छन् । त्यसैले वाह्य राष्ट्रियताको प्रश्नलाई कम आँक्न सकिने स्थिति छैन । फेरि पनि एकातिर, भारतीय विस्तारवाद प्रत्यक्ष सैनिक हस्तक्षेपको तरिकाले नभएर अप्रत्यक्ष

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

राजनीतिक, आर्थिक, सांस्कृतिक तरिकाले आइरहेको छ र अर्कोतिर ऊसँगको नेपाली जनता र राष्ट्रको सङ्घर्ष रणनीतिक वा दीर्घकालीन प्रकृतिको छ । यो अवस्थामा अहिले नै भारतीय विस्तारवाद र नेपाली प्रतिक्रियावादी शासक वर्ग दुवैसँग एकैसाथ नेपाली जनताको प्रधान अन्तविरोध वनिसकेको निष्कर्ष निकाल्नु वस्तुसङ्गत र सङ्घर्षको दृष्टिकोणले उपयोगी पनि हुँदैन । प्रधान अन्तविरोधको प्रश्न तत्काल सङ्घर्षको निशाना वनाउने प्रश्न हो । जव वाह्य प्रतिक्रियावादी शक्ति आन्तरिक प्रतिक्रियावादी शक्तिमार्फत् नै आइरहेको छ भने व्यवहारतः सङ्घर्षको निशाना उसको दलाल आन्तरिक प्रतिक्रियावादलाई नै वनाउनुपर्ने हुन्छ । यसको विपरीत मनोगत ढङ्गले दुवैलाई निशाना वनाइयो भने निशाना कतैपट्टि पनि नलाग्ने र सङ्घर्ष भुत्ते मात्रै हुनेहुन्छ । भारतीय विस्तारवादी हस्तक्षेप र उत्पीडन अन्य साम्राज्यवादी उत्पीडनभन्दा विशिष्ठ प्रकृतिको हुनाले त्यसलाई अहिले नै **'अन्तर्घुलित प्रधानअन्तरविरोध'** नभनी विगतमा तत्कालीन 'एकता केन्द्र' को एकता महाधिवेशनमा भनैं **'भारतीय विस्तारवाद संरक्षित देशीय प्रतिक्रियावादसँगको अन्तरविरोध'** लाई प्रधान अन्तरविरोध किटान गर्नु नै वैज्ञानिक र सङ्घर्षको दृष्टिकोणले उपयुक्त हुन्छ । तत्काल राष्ट्रियताको प्रश्नलाई प्रधान वनाएर गणतन्त्र, संघीयता र धर्मनिरपेक्षताविरोधी सामन्ती राजावादी शक्तिहरूसँग मोर्चा गर्ने नीति अवलम्वन गरियो भने त्यसले सर्वहारावादी पार्टी र आन्दोलनलाई अपूरणीय क्षति पुऱ्याउनेछ । वैचारिक रूपमा त्यो पुँजीपति वर्गलाई भन्दा सामन्तवर्गलाई नजिक ठान्ने लासालवादी विचलन हुनेछ । यसको अर्थ भारतीय विस्तारवादी हस्तक्षेपविरुद्ध सङ्घर्ष नगर्ने वा त्यससँग आत्मसमर्पण गर्ने भन्ने कदापि होइन । वरु पहिले देशभित्रको जनवाद र आन्तरिक राष्ट्रियतालाई सुदृढ गरेर वाहिरी दुश्मनसँग लड्नु प्रभावकारी र राष्ट्रिय हितमा हुन्छ भन्ने हो । कम्युनिष्ट क्रान्तिकारीहरूले सामन्ती राष्ट्रवाद होइन प्रगतिशील वा क्रान्तिकारी राष्ट्रवादको नै पक्षपोषण गर्नुपर्छ । ४. सर्वहारावादी क्रान्तिको केन्द्रीय प्रश्न वर्गीय राज्यसत्ताकै प्रश्न हो । वर्तमान विश्व परिस्थिति र नेपालको विशिष्ट ऐतिहासिक सन्दर्भमा सर्वहारावर्गीय राज्यसत्ता स्थापना गर्ने मूल राजनीतिक कार्यदिशालाई हाम्रो पार्टीले दीर्घकालीन जनयुद्धको रणनीतिमा सशस्त्र आमविद्रोहको कार्यनीतिलाई समेत समायोजन गर्ने नयाँ र विकसित कार्यदिशाको रूपमा परिभाषित गर्दै आएको छ । पछि त्यसलाई सशस्त्र जनयुद्ध, सशस्त्र जनआन्दोलन, शान्तिवार्ता र कूटनीतिको समायोजनका रूपमा पनि परिभाषित गरियो । त्यसका साथै अन्तरिम संविधान, अन्तरिम सरकार, संविधानसभा र लोकतान्त्रिक गणतन्त्रको कार्यनीतिक श्रृङ्खला तय गरियो र सफलतापूर्वक कार्यान्वयन पनि गरियो । त्यसपछि पछिल्लो पटक तीन 'स' (अर्थात सडक, सदन र सरकार) को मोर्चावाट सङ्घर्ष, चार तयारी र चार आधार निर्माण गर्दै विद्रोहात्मक ढङ्गले क्रान्ति सम्पन्न गर्ने कार्ययोजना निर्माण गरियो र जनताको सङ्घीय गणतन्त्रको राजनीतिक आधार तय गरियो । यो मूल कार्यदिशामा आमसहमति रहँदारहँदै पनि त्यसलाई वुझ्ने र लागू गर्ने विषयमा शीर्षस्थ नेतृत्व पङ्क्तिमा नै रहेका कतिपय अस्पष्टता, भ्रम र मतभिन्नताहरूले केही समयता गम्भीर समस्या पैदा गरेका छन् । खासगरी तीन 'स' को मोर्चामा गरिने सङ्घर्षको अन्तरसम्वन्ध, तिनको सापेक्ष महत्त्व र वैकल्पिक सम्भावनाहरू वारे रहेका भिन्न वुझाई र अस्पष्टताहरूको गत एक वर्षमा उल्लेखनीय सडक सङ्घर्षका वावजुद पार्टीले अपेक्षित सफलता हासिल गर्न सकिरहेको छैन । तीन 'स' मध्ये वर्तमान विश्व र नेपाली सन्दर्भमा तीनवटै मोर्चा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri
आवश्यक, महत्त्वपूर्ण र अन्तरसम्वन्धित छन् । तीमध्ये 'सडक' को प्राथमिक, 'सदन' वा संविधानसभाको द्वितीयक र 'सरकार' को तृतीयक महत्त्व रहन्छ र रहनुपर्छ । परन्तु गत एक वर्षको व्यवहारमा नेतृत्वको जोड ठीक उल्टो देखा पर्नुले तीन 'स' को कार्यदिशाप्रति नै आमकार्यकर्ता र जनपङ्क्तिमा समेत अविश्वास र आशङ्का पैदा हुनु ठूलो विडम्वना भएको छ । परन्तु तीन 'स' को मोर्चाको संयोजनबाट नेपालमा मौलिक ढङ्गले क्रान्ति सम्पन्न हुने र त्यो दिगो हुने सम्भावना अझै टरेको छैन र त्यो सम्भावना पक्रने गम्भीर प्रयत्न अझै पनि गरिनुपर्छ । 'सडक' को मुख्य मोर्चावाट क्रान्तिकारी संयुक्त मोर्चाको विशाल देशव्यापी सञ्जालमार्फत् व्यापक जनशक्ति, लडाकु शक्तिको परिचालनमा अधिकतम जोड लगाउनुपर्छ र साथमा चार तयारी र चार आधार निर्माणको कुरालाई जोडेर लैजानुपर्छ । 'सदन' को मुख्य मोर्चावाट जनताको संघीय गणतन्त्रको अन्तरवस्तु सहितको अधिकतम प्रगतिशील संविधान निर्माण गर्ने इमानदार र सक्रिय प्रयत्न गरिनुपर्छ । पार्टीको नेतृत्वमा वन्ने 'सरकार' को मोर्चावाट मूलतः राज्यका संयन्त्रहरूमा प्रभावकारी हस्तक्षेप र अन्तर्राष्ट्रिय कुटनीतिक पहलको कार्य सम्पादन गरिनुपर्छ । त्यसपूर्व सरकारको नेतृत्व हासिल गर्न राष्ट्रिय र अन्तर्राष्ट्रिय संयुक्त मोर्चा निर्माण गर्न आवश्यक दृढता र लचकताको प्रदर्शन गर्नुपर्दछ । वर्तमान वर्गीय राजनीतिक शक्ति सन्तुलनको विशिष्ट सन्दर्भमा (जहाँ संविधानसभामा सर्वहारा वर्गदेखि राष्ट्रिय पुँजीपति वर्गसम्मको प्रतिनिधित्व वहुसङ्ख्यामा छ र सामन्त र दलाल तथा नोकरशाही पुँजीपति वर्गको प्रतिनिधित्व अल्पसङ्ख्यामा छ) पार्टीको नेतृत्वमा सहमतीय वा वहुमतीय आधारमा वन्ने राष्ट्रिय संयुक्त सरकारले वर्ग समन्वय, सम्झौतावाद र सुधारवादलाई होइन वर्गसङ्घर्ष र क्रान्तिकारी अग्रगमनकै पक्षपोषण गर्न सक्छ र त्यसवारे पार्टीले सुरुदेखि नै योजनावद्ध पहल गर्नुपर्छ । यी तीनवटै मोर्चाको कुशल संयोजन हुन सके र शक्ति सन्तुलन अग्रगामी शक्तिको पक्षमा वन्न सके संविधानसभावाट अधिकतम प्रगतिशील संविधान वन्ने र क्रान्ति केही भिन्न ढङ्गले अघि वढ्ने एउटा सम्भावना रहन्छ । दोस्रो सम्भावना, यदि प्रतिक्रियावादी र यथास्थितिवादी शक्तिहरूले संविधानसभाको म्याद सकिने समयमा वा त्यसअगावै संविधान वन्न नदिएर प्रतिक्रान्तिकारी हरकत गर्न उद्यत भए भने तिनका विरुद्ध तल 'सडक' बाट व्यापक जनप्रतिरोध सङ्गठित गरेर माथिवाट वैधानिक सरकारले जनशक्ति र राज्यशक्तिको प्रयोग गरेर उनीहरूमाथि क्रान्तिकारी अधिनायकत्व लागू गर्न र मौलिक ढङ्गले क्रान्तिकारी सत्ता स्थापना गर्न सकिन्छ । त्यस्तो क्रान्तिकारी सत्ता वाह्य हस्तक्षेप वा आन्तरिक अन्तरध्वंसवाट वच्दै दीगो ढङ्गले अघि वढ्न प्रवल सम्भावना रहन्छ । त्यस अर्थमा वर्तमान विशिष्ठ विश्व तथा नेपाली सन्दर्भमा तीन 'स' को मोर्चावाट सम्पन्न हुने जनवादी क्रान्तिको नयाँ मोडेल नै मौलिक रूपले क्रान्तिकारी, दिगो र सम्भावनायुक्त हुन्छ । तेस्रो सम्भावना, कथंकदाचित् **'सरकार' को मोर्चा** प्राप्त हुन नसके 'सडक' र 'सदन' को मोर्चावाट आमविद्रोह सङ्गठित गर्ने प्रयत्न गरिनुपर्छ, जुन आन्तरिक रूपमा सफल हुन पर्नेछ । त्यो स्थितिमा सर्वहारावादी क्रान्तिकारीहरूले पुनः दीर्घकालीन जनयुद्ध वा राष्ट्रिय युद्धको प्रक्रियामा फर्केर पार्टी, जनसेना र क्रान्तिकारी संयुक्त मोर्चाका तीन जादुगरी हतियार प्रयोग गर्दै र अन्तर्राष्ट्रिय साम्राज्यवाद-विस्तारवाद विरोधी मोर्चाको निर्माणगर्दै क्रान्तिलाई निरन्तरता दिने साहस गर्नैपर्छ । ५. सेनाको प्रश्न क्रान्तिकारी राज्यसत्ताको केन्द्रीय र अहम महत्त्वको प्रश्न हो । त्यसैले जनमुक्ति सेनाको वैज्ञानिक समायोजन र पुरानो नेपाली सेनाको समयानुकूल लोकतान्त्रीकरण

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri
मार्फत् नयाँ राष्ट्रिय सेनाको निर्माण गर्ने कुरामा दृढतापूर्वक उभिनुपर्छ। कुनै पनि वहानामा नेपाली जनक्रान्तिको मेरुदण्ड रहँदै आएको जनमुक्ति सेनालाई विघटन गर्ने, अपाङ्ग वनाउने वा अपमान गर्ने प्रयत्नलाई कडाइपूर्वक निषेध गरिनुपर्छ। क्रान्ति सम्पन्न गर्नेमात्र नभै, प्रतिक्रान्ति रोक्ने एक्काइसौँ शताव्दीको नयाँ सेना निर्माण गर्न आमजनतालाई सैनिक तालिम दिने र देशव्यापी रूपमा जनमिलिसियाको विशाल पंक्ति निर्माण गर्ने कुरामा विशेष ध्यान दिनुपर्छ। ६. क्रान्तिको शान्तिपूर्ण विकासको प्रक्रियामा प्रवेश गरेपश्चात् हाम्रो पार्टीले गरेको सम्भवत: सवभन्दा ठूलो कमजोरी र गल्ती क्रान्तिकारी संयुक्त मोर्चालाई प्रभावकारी ढङ्गले निरन्तरता दिन र विकास गर्न नसक्नु हो। त्यसैको परिणामस्वरूप सत्ता र सङ्घर्षको साधनका रूपमा देशव्यापी रूपमा क्रियाशील क्रान्तिकारी संयुक्त मोर्चा कमिटीको सञ्जाल वस्तुत: नष्ट हुन पुग्यो र स्थानीय स्तरमा सत्तारिक्तता वा पुरानै सत्ताको आंशिक पुनर्स्थापना हुन पुग्यो। यसवाट समुचित पाठ सिक्दै यथाशिघ्र देशका सवै भागमा क्रान्तिकारी संयुक्त मोर्चा कमिटीहरू निर्माण र क्रियाशील गरिनुपर्छ र आमजनतालाई सुरक्षा, न्याय, विकास निर्माण, सहकारी अभियान र सामाजिक-सांस्कृतिक रूपान्तरणको प्रत्याभूति गराउनुका साथै सङ्घर्षको साधनका रूपमा परिचालित गरिनुपर्छ। त्यसका साथै देशभक्त, गणतान्त्रिक र वामपन्थी शक्तिहरूवीच विभिन्न स्तरको मोर्चा निर्माण गर्ने कार्यमा विशेष ध्यान दिनुपर्छ। ७. सर्वहारावादी आन्दोलन स्वभावैले अन्तर्राष्ट्रियवादी हुन्छ। परन्तु पछिल्लो चरणमा सर्वहारा अन्तर्राष्ट्रियतावादको क्षेत्रमा गर्नुपर्ने काममा आएको शिथिलतालाई चिर्दै अन्तर्राष्ट्रिय सर्वहारावादी आन्दोलन र साम्राज्यवादविरोधी मुक्ति आन्दोलनहरूसँग ऐक्यवद्धता कायम गर्ने कुरामा विशेष जोड दिनुपर्छ। सरकारको मोर्चामा समेत क्रियाशील पार्टी हुनुको नाताले वैचारिक-राजनीतिक सम्वन्ध र कूटनीतिक सम्वन्धको सन्तुलन कायम गर्न पनि ध्यान दिनुपर्छ।

(ख) सङ्गठनात्मक प्रश्न र अन्तरसङ्घर्ष सञ्चालनबारे

१. पार्टी सङ्गठनमा माथिदेखि तलसम्म व्याप्त अस्तव्यस्तता, गुटवन्दी र सुन्निएर मोटाएजस्तो स्थितिको अन्त्य गर्दै पार्टी सङ्गठनलाई एकतावद्ध, व्यवस्थित, अनुशासित, चुस्त र क्रान्तिकारी वनाउन यथाशीघ्र राष्ट्रिय महाधिवेशन आयोजना गरिनुपर्छ। महाधिवेशन तयारीको सिलसिलामा तलैदेखि विभिन्न तहका भेला तथा सम्मेलनहरू आयोजना गरेर पार्टीलाई पिरामिडको ढाँचामा व्यवस्थित गरिनुपर्छ। सवै प्रमुख जनवर्गीय सङ्गठन र मोर्चाहरूका राष्ट्रिय भेला र सम्मेलनहरू निश्चित अवधिभित्र सम्पन्न गरिनुपर्छ। विभिन्न विभाग र मञ्चहरूको आवश्यकताअनुसार पुनर्गठन गर्दै तिनलाई कामकाजी, साधनस्रोत सम्पन्न र क्रियाशील वनाइनुपर्छ। २. पार्टीभित्र दुई लाइन सङ्घर्ष वा अन्तरसङ्घर्ष सञ्चालनको सन्दर्भमा भइरहेको व्यापक गुटवन्दी, अराजकता, व्याकवाइटिङ, असहिष्णुता, निषेधात्मक प्रवृत्ति आदिको अन्त्य गर्दै विचार र राजनीतिलाई केन्द्रीत गरी खुला र स्पष्ट दुई लाइन सञ्चालनको विधि स्थापित गरिनुपर्छ। एकता-सङ्घर्ष-रूपान्तरण वा नयाँ आधारमा नयाँ एकतामा जोड दिँदै भिन्न मतको कदर र सम्मान गर्ने संस्कार विकास गरिनुपर्छ। फरक मतलाई विधिसम्मत् ढङ्गले तलसम्म प्रवाहित गर्ने व्यवस्था गरिनुपर्छ र विशुद्ध प्राविधिक, साङ्गठनिक तथा तत्कालीन कार्यनीतिक विषयवाहेकका वैचारिक-राजनीतिक विषयमा खुला र सार्वजनिक वहस गर्ने परिपाटी वसालिनुपर्छ। ३. हाम्रो आन्दोलनको वैचारिक, राजनीतिक र साङ्गठनिक सिद्धान्तसम्वन्धी ऐतिहासिक कोसेढुङ्गा रहेको एक्काइसौं शताव्दीमा जनवादको विकाससम्वन्धी प्रस्तावलाई थप परिमार्जित र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri
विकसित गरेर प्रभावकारी कार्यान्वयनमा ल्याइनुपर्छ । ४. नेतृत्वको केन्द्रीयकरण र स्थापना सम्वन्धी जनयुद्धकालीन मान्यतालाई नयाँ सन्दर्भमा विकसित र परिमार्जित गर्दै कोही पनि व्यक्ति कमिटी प्रणालीभन्दा बाहिर नरहने र सवै तहको नेतृत्व सामूहिकताको केन्द्रीकृत अभिव्यक्तिका रूपमा प्रस्तुत हुने परिपाटीलाई गम्भीरतापूर्वक कार्यान्वयन गरिनुपर्छ । ५. सवै तहका कमिटीहरूमा प्रौढ, वयस्क र युवाहरूको एक-मा-तीन प्रणाली लागू गर्न जोड दिनुपर्छ र सम्भव भएसम्म समावेशितामा उचित ध्यान दिनुपर्छ । विशेषतः महिला, मधेसी र दलित समुदायवाट नेतृत्व विकासमा ध्यान दिनुपर्छ । ६. पार्टीमा माथिदेखि तलसम्म व्याप्त आर्थिक अराजकता, भ्रष्टाचार, वर्ग-उत्थानीकरण र विभेदीकरणको अन्त्य गर्न सवै रकम कमिटी मातहतमा राख्ने, सामुहिक निर्णयले खर्च गर्ने र हिसावकिताव पारदर्शी ढङ्गले राख्ने व्यवस्था कडाइपुर्वक लागू गरिनुपर्छ । ७. क्षमता र आवश्यकताअनुरूप सवैलाई उचित जिम्मेवारी दिनेगरी कार्यविभाजन गरिनुपर्छ । कोही वेरोजगार र कोही वेफुर्सद् रहने स्थितिको अन्त्य गरिनुपर्छ । ८. पूर्णकालीन कार्यकर्ताहरूको व्यवस्थापन र वैचारिक-राजनीतिक तथा आर्थिक-भौतिक सुरक्षाको विशेष योजना निर्माण गरेर कार्यान्वयन गरिनुपर्छ । ९. भिन्न-भिन्न आन्दोलनको अनुभव र समूहहरूको फरक पृष्ठभूमिसहित ध्रुवीकृत र एकतावद्ध भएको विशाल पार्टी पङ्क्तिको माथिदेखि तलसम्म वैचारिक-राजनीतिक, साङ्गठनिक र भावनात्मक एकता सुदृढ गर्न नियमित स्कुलिङको व्यवस्था गर्नुपर्छ र पार्टीमा सुदृढीकरण अभियान सञ्चालन गर्नुपर्छ ।

(ग) तत्कालीन कार्ययोजना र सङ्गठनबारे

१. सामान्य स्थिति रहिरहे आगामी माघसम्ममा राष्ट्रिय महाधिवेशन सम्पन्न गर्नेगरी संगठनात्मक कार्यतालिका वनाउनुपर्छ । २. सोहीअनुरूप पुससम्म स्थानीय भेला र जिल्ला तथा राज्य सम्मेलन सम्पन्न गर्नुपर्छ । ३. जनवर्गीय सङ्गठन, मोर्चाहरूको राष्ट्रिय भेला वा सम्मेलन मंसीरसम्म गरिनुपर्छ । ४. स्थानीय, जिल्ला र राज्य स्तरमा क्रान्तिकारी संयुक्त मोर्चा कमिटीहरू निर्माण गरेर जनसेवा र सङ्घर्षको कार्यक्रम तय गरिनुपर्छ । ५. वाइसिएलका विशेष टिमहरूको देशव्यापी सञ्जाल निर्माण गरी आवश्यक प्रशिक्षण निरन्तर दिनुपर्छ ।

सङ्घर्षबारे

१. तत्काल जनवर्गीय सङ्गठन र मोर्चाहरूमार्फत् राष्ट्रियता, जनतन्त्र र जनजीविकाका विषयहरू लिएर विविध प्रकृतिका सङ्घर्षका कार्यक्रम सञ्चालन गर्ने । २. प्रस्तावित जनताको संघीय गणतन्त्रको संविधानलाई जनभाषामा संक्षेपीकरण गरेर हाते पुस्तिकाको देशव्यापी रूपमा वितरण गर्ने र जनसमुदायको वीचमा अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्ने । सदनवाट जनसंविधानको पक्षमा प्रभावकारी सङ्घर्ष सञ्चालन गर्ने । ३. वर्तमान सरकार निर्माणको प्रक्रिया असफल भएको वहानामा संविधानसभा भङ्ग गरेर राष्ट्रपति शासन वा अन्य कुनै प्रतिक्रान्तिकारी कदम चालिए तत्काल त्यसविरुद्ध देशव्यापी आन्दोलन सङ्गठित गर्ने । ४. सामान्य अवस्था रहे राष्ट्रिय महाधिवेशनपश्चात् व्यवस्थित ढङ्गले देशव्यापी कार्यक्रम सञ्चालन गर्ने र संविधानसभावाट संविधान जारी गर्न समयमै त्यसलाई उत्कर्षमा पुऱ्याउने ।

प्राविधिक योजनाबारे

चार तयारी र चार आधार निर्माण सम्वन्धी विगतको प्राविधिक योजनालाई आवश्यक परिमार्जनसहित कार्यान्वयन गर्ने ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जिसस क्राइस्ट भारत र नेपालमा आएका थिए !

✍प्राज्ञ मदनमणि दीक्षित*

मैले धर्मबारे थप व्याख्या गर्नु आवश्यक छ जस्तो मलाई लाग्दैन । "अमृतत्त्व र कारुणिकता" नामक आफ्नो पुस्तकमा (सम्वत् २०५३) मैले निकै राम्रोसित यसबारे व्याख्या गरिसकेको छु । संक्षेपमा भन्ने हो भने जे गर्नाले मानव समाजको उन्नति र जनताको कल्याण हुन्छ र जे गर्नाले यो संसारमा जीवनधारी प्राणी र मानिसको कल्याण हुन्छ धर्म भनेको त्यही हो । धर्मको सोझो सम्बन्ध ईश्वरको अस्तित्त्वसित रहँदैन तथापि कसैले अथवा कुनै समुदायले ईश्वरको अस्तित्त्वलाई स्वीकार गर्दछन् भने त्यस्ता धर्म माथिको निन्दा गर्नुलाई धर्म पालन गरिएको भन्न मिल्दैन । यहाँ म भागवत गीताको बाह्रौं अध्यायको तेह्रौं श्लोकलाई उद्धृत गर्छु ।

अद्वेष्य सर्वभुतानां मैत्र: करुण एव च ।

निर्ममो निरहंकार: समदु:खसुख: क्षमि ॥ (भगवत् गीता १२।१३)

(अर्थात् प्राणीहरूप्रति पूर्ण द्वेष रहित, सवैसित मित्रता र करुणायुक्त, ममत्वरहित अहङ्कार रहित तथा दु:खऽसुख दुवैप्रति समताभाव युक्त क्षमावान हुनु, मैले यो विषयमा जति अध्ययन मनन् गरें, आफ्नो अतिशुद्ध हृदयले मैले के देखें भने धर्मको सम्वन्धमा यो भन्दा उत्तम परिभाषा विश्वमा कहीं कतै भएको छैन । महाभारतमा नै भीष्म पितामहले कौरव र पाण्डव पाशा खेल्दा युधिष्ठिरले द्रौपदीलाई हारेपछि दु:शासनले "पर सरेर" एउटा धोती मात्र लगाएर बसेकी द्रौपदीलाई जगल्टा समातेर घिच्याउँदै द्यूतसभामा लगेर दुर्योधनलाई बुझाएपछि द्रौपदीले भीष्मलाई आफूले भोग्नुपरेको पीडादायी र अपमानजनक स्थितिलाई नै धर्म भन्ने ? महाराज भीष्मपितामह, के धर्म यसैलाई मान्ने ? भनी रुँदै प्रश्न गरिन् । भीष्मले जवाफमा भने-

वलवाँस्तु तथा धर्म लोके पश्यति पूरुष: ।

स धर्मो धर्मवेलायाँ भवत्यामिदित: परै: ॥ सभापर्व ६९।१५॥

(अर्थात् लोकमा वलवान् पुरुषले जेलाई धर्म भन्छन् त्यसवेलाको धर्म त्यही हो । त्यो धर्म मर्यादाभन्दा वाहिरको ठहरे पनि उत्तम मानिसहरू त्यसैलाई धर्म मान्छन्)

धर्म सङ्कटको बेला भीष्म पितामहले द्रौपदीलाई त्यसरी जवाफ दिएता पनि गीताको १२ औं अध्यायको १३औं श्लोकमा कृष्णले अर्जुनलाई भनेको कुराभन्दा साह्रै नै

---

* *वरिष्ठ साहित्यकार, वैदिक साहित्यका ज्ञाता एवं प्रज्ञा प्रतिष्ठानका पूर्व उपकुलपति । -सम्पा.*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पृथक सत्य भीष्मको मुखबाट द्रौपदिको सामु निस्कियो । यी दुई उद्धरणहरू भन्दा वाहिर पनि धर्मका रूपहरू छन् । नेपालको पशुपतिनाथको दर्शन गर्नु, भारतका "चार धाम" दर्शन गर्नु, घरघरमा पञ्चायन देवता र शालिग्रामका पूजा गर्नु, अथवा जन्मिने बालकका सोह्र ओटा संस्कारलाई विधिपूर्वक सम्पन्न गर्नु अथवा पुराणहरूले भनेका नारायण दशावतारको आराधना गर्नुलाई पनि धर्म मान्ने गरेको देखिन्छ । यो हिमाली उपमहादेशभन्दा वाहिरका एसिया, अफ्रिका, अस्ट्रेलिया, दक्षिण अमेरिका र उत्तर अमेरिका जस्ता ५ वटा महादेशमा विभाजित रहेका साना देशहरूमा कुनै न कुनै रूपको ईश्वरलाई स्वीकार गर्नु तथा ती ईश्वर प्रति सम्पूर्ण आस्था राख्नु र आफ्नो दैनिक जीवन चलाउनुलाई पनि धर्म भन्ने चलन छ ।

यसरी हेर्दा धर्मका ईश्वरवादी रूप विश्वका महादेशहरूमा पाइन्छन् भने हिमाली उपमहादेशमा धर्मका दुई रूप फेला पर्छन् । एउटा रूप हो, गीताले भनेको र अर्को रूप हो, विष्णुका दश अवतार तथा ईश्वरमाथि आस्था जनित धर्म । यो व्याख्यालाई पनि थप किसिमले व्याख्या गर्न सकिन्छ, तर अहिले त्यतापट्टि नजाऊँ । हिमाली उपमहादेश भन्दा वाहिर भू-मण्डलका राज्यहरूमा पाइने धर्मको रूप जापानमा सिन्तो (सूर्य पूजा) धर्म, महाचीनमा पाइने कन्फ्युसियस र लाउत्जे, रुसमा क्रिस्चियन र यहूदी धर्म, युरोपका देशहरूमा तथा दुवै अमेरिका र अस्ट्रेलिया तथा कोरियामा पाइने क्रिस्चियन तथा यहूदी धर्मका साथै साना देशहरूमा पाइने पृथक् नाम भएका ईश्वरवादी धर्महरू अस्तित्वमा छन् । भारतमा पनि मुस्लिम, इसाई, शिख आदि धर्मका साथै अनिश्वरवादी धर्म पनि उत्तिकै प्रवल रूपमा रहेको देखिन्छ ।

ईश्वरवादी धर्मका पनि २ पृथक् रूप छन् । एउटा रूप हो दृष्य र अर्को रूप हो अदृष्य । इस्लाम धर्म र क्रिस्चियन धर्मले अदृष्य देवतामाथि आफ्ना विश्वास र आस्था अड्याएका हुन्छन् । ती धर्मका ईश्वर जहिले पनि अदृश्य रूपका हुन्छन् तर अदृष्य रूपका रहँदा पनि मानिसका भाग्य निर्धारण तथा सुकर्म वा कुकर्म बीच भेद हुन गई दुवैका अन्तिम फल भने तिनै ईश्वरको हातमा रहने गर्छ ।

यो विश्वको हिमाली उपमहादेशमा पाइने ईश्वरवादी धर्मले अनिश्वरवादी धर्मलाई आद्योपान्त इन्कार गरेको छैन । यो हिमाली उपमहादेशको **मनुस्मृतिले** लेखेको छ- "धारणा धर्म मित्या हु । धर्म धारयते प्रजा" अर्थात् धारण गर्ने हुनाले धर्म भनिन्छ । धर्मले प्रजाहरूको धारण गर्छ अर्थात् समाजलाई व्यवस्थित राख्दछ । यो निकै नै महत्त्वपूर्ण मनुको भनाइबाट धर्मले समाजलाई व्यवस्थित गर्ने मात्र हो भन्ने वुझिन्छ । यो भनाइमा ईश्वरवारे मनुको कुनै मन्तव्य त्यसमा दिइएको छैन । त्यसै गरी ईश्वरको अस्तित्त्वलाई इन्कार पनि गरेको छैन । मनुस्मृति कहिले लेखियो भन्नेवारे निश्चित तवरमा केही पनि भन्न सकिँदैन । मनुलाई प्रथम मानव भनी वैदिक साहित्यले भन्ने गरेको छ परन्तु वेदका १०२८ सूक्तहरू हेर्दा कतिपय सूक्तहरूले देवतावारे भनेका छन्- एउटा नासदीय सूक्तले ईश्वरबारे भन्दा पनि वेदान्तको व्रम्हवारे कल्पना मात्र गर्न खोजेको छ । ऋग्वेदका वहुसङ्ख्यक सूक्तहरूले मानव समाज र समाज कल्याणका कुराहरू मात्र गरेका छन् वैदिक ब्राह्मण, आरण्य तथा उपनिषद्हरूले पनि ऋग्वेदजस्तै नै वैचारिक अवस्थामा आफूलाई राखेका छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यो हिमाली उपमहादेशमा इ.पू. ५०० तिर महावीर जैन र सिद्धार्थ गौतम वुद्धको उदय भयो । ती दुवैले ईश्वरवादवारे मौन वसेर मानवीय मूल्य र आर्दशहरूवारे मात्र उपदेश गरेका थिए । तिनका शिष्यहरूले ३०० वर्षपछि वुद्ध र महावीरका उपदेशहरूवारे गाथाहरू लेख्दा अन्ततः ईश्वरलाई मान्यता दिन थालेको देखिन्छ, नत्रभने दुवै महापुरुषहरूले ईश्वरवारे मौन धारण नै गरेको पाइन्छ । "शिन्तो" जापानको धर्म हो सूर्य पूजावादी । पाचौं शताव्दीपछि शिन्तो धर्मबारे लेखिएका पुस्तक पाइन्छन् । त्यो भन्दा पहिले ईश्वरवारे तिनको के धारणा थियो थाहा छैन, तर पछिवाट गएर शिन्तोमा "माथिका ईश्वर अनुसार" भन्ने भाव थपिन थालियो । त्यस्तै चीनको प्रथम शताव्दी इ.पू.का विचारक लाओत्जेलाई पनि धर्मसित जोडिएको छ तर तिनको विचार मैले माथि भनेकोभैं "मानव धर्म र सामाजिक सदाचार" मा सीमित थियो । तिनमा ईश्वरवादको कुनै सङ्केतसम्म पाइँदैन । त्यस्तै चीनका प्रथम विचारक कन्फ्युसियसले ईशा पूर्व ३०० पछि मानवको नैतिक आदर्श र सामाजिक धर्मवारे मात्र उपदेश दिने र चिनियाँ समाजलाई त्यो नयाँ गोरेटोमा हिँडाउने चेष्टा गरेका थिए । तर चीनमा धनवान् सामन्तहरू र युद्व सरदारहरूका विगविगी जन्मिएर सन् ७०० पछि कन्फ्युसियस चिन्तनमा ईश्वरवादले प्रवेश गर्न थालेको थियो । त्यो ईश्वरवाद पनि नेपालवाट तिव्वतमा नेपाली चेली भृकुटीदेवीले तिव्वतको दलाई लामालाई वौद्व धर्ममा प्रभाव पारे पछि वढी तीव्र भएको थियो । त्यसपछि चीनमा महायान वुद्व धर्मको प्रभाव फैलन थाल्यो । भारतमा मानववादी भक्ति सम्प्रदायका रूपमा पञ्जावको शिखधर्म र भारतकै कविरपन्थिहरू देखापरे शिखहरू ईश्वरमाथि आस्था राख्छन् तर कविरपन्थ मूलतः मानव धर्म हो । त्यस्तै, रामकृष्ण परमहंस तथा शङ्कराचार्यको वेदान्तलाई आधार मान्दै र रामानुजाचार्य वल्लभाचार्य आदिले सनातन धर्मलाई एक मात्र ईश्वरवादमा लैजान खोजे, जसको परिणामस्वरूप पाशुपत धर्म तथा वैष्णव धर्म र दसावतार माथि मात्र अड्ने नारायण धर्मको उदय भएको थियो ।

भारतमा धार्मिक वाहुल्यको स्थितिले थरिथरिका धर्मसित प्रतिस्पर्धा गर्न नसकेको देखिएको हो । त्यसैकारण दोस्रो या तेस्रो शताव्दीदेखि हिन्दु धर्ममा समन्वयवादी व्यवस्था सुरू भएर ईश्वरवादी हिन्दु धर्मलाई निकै नै साना समूहहरूमा विघटन गर्न थालिएको थियो । त्यो प्रवृत्ति अहिलेसम्म पनि कायम छ । अहिलेको भारतमा मुख्यतया इस्लाम, क्रिस्चियन र ईश्वरवादी समाजहरू ईश्वरवादी मानववादी समाजको रूपमा चलिरहेका छन् । एसियामा यी सवै चलिरहेको वेला एसियाकै सुदूर पश्चिममा रहेको जेरूसलेममा इशुको जन्म भयो ।

जेरूसलेममा क्रिश्चियन धर्मको प्रभाव पर्नु भन्दा पहिले यहुदी धर्मको प्रभाव थियो । यहुदी धर्मको उत्पत्ति इजरायलवाट पश्चिम दक्षिण इजिप्टमा भएको थियो । मसेजको यहुदी धर्मलाई अरवहरूले इजिप्टवाट लालसागर पारी पूर्वतिर लखेटेपछि व्यापारीहरूको त्यसबेलाको यहुदी धर्म आद्योपान्त मसेजमाथि विश्वास गर्ने गर्थ्यो । इशुको जन्म त्यही यहुदी धर्मावलम्बीमा भएको थियो तर आफु त्यो धर्मको अनुयायी भने थिएनन् ।

उमेर २० वर्ष भन्दा निकै वढेपछि इशु यहुदी व्यापारीहरूको दलसँगै भारतमा आए । इशुको भारत आगमनवारे भारतीयहरूले फरक मतहरू राख्ने गरेका छन् ।

सन् १९४७ को जेष्ठमा मैले वीरगञ्जमा त्रिजुद्व हाइस्कुलमा प्रधानाध्यापकको पद ग्रहण गरें । त्योभन्दा निकै वर्ष पहिले हामीहरू वारा जिल्लाको वहुअरी गाउँमा वस्दा मेरा

 Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पिता कलकत्ताको दैनिक स्टेटस्मेनको ग्राहक बन्नुभएको थियो । वीरगञ्जको मुख्य सडक उत्तरवाट दक्षिणतिर बढेपछि आदर्शनगर टोलतिर सडक जाँदा निकै अग्लो पिपलको बोटमुनि टिनको छानामुन्तिर "दारी वावु" नामक बङ्गाली महाशयको निकै ठूलो एलोपेथिक औषधी र घरेलु उपयोगका सामानहरू विक्री गर्ने पसल थियो । त्यो पसलका मालिक तिनै "दारी वावु" थिए । तिनलाई भनेर मेरा पिता स्टेट्समेनको ग्राहक बन्नु भएको थियो । साताको २ दिनमा त्यो पसलको कर्मचारी डेढ माइल उत्तरतिरको हाम्रो गाउँ वहुअरीमा अखवार ल्याउने गर्दथ्यो । त्यो समयमा वीरगञ्जमा शिक्षित मानिसहरूको अभाव रहने गरेको हुँदा र मेरा पिताले कलकत्ताको प्रेसिडेन्सी कलेजवाट वी.एस्सी. उत्तीर्ण गर्नुभएको हुँदा दारी वावु र मेरा पितावीच निकै मैत्री रहने गऱ्यो । यो घटना थियो सन् १९३५ देखि १९३८ सम्मको, तथापि वीरगञ्ज छोडेर हामी वनारसको आफ्नो घरमा वस्न थाल्यौं । मैले एम.ए. पास गरें र पि.एच.डी.मा भर्ना भएँ । आफ्नो जिम्मेवारी वीरगञ्ज नजिकै रहेको हुँदा मेरा पिता वर्षमा २/३ पटक वनारसवाट वीरगञ्ज आउनु हुन्थ्यो र उहाँ २ जनाको मित्रता वलियो थियो । त्रिजुद्ध हाइस्कुलमा म प्रधानाध्यापक भएपछि त्यहाँवाट पहिलोपटक दारी वावुलाई भनेर स्कुले स्टेट्स्मेन ग्रहण गर्न थाल्यो ।

त्यस्तैमा, सन् १९४७ को नोभेम्वर महिनातिर कलकत्ताको स्टेट्स्मेन पत्रिकाको सम्पादकीय पृष्ठको छैठौं र सातौं स्तम्भमा "क्राइस्ट भारतमा आएका थिए" भन्ने लामै लेख प्रकाशित भएको थियो । कलकत्ताको कुनै वङ्गालीले लेखेका थिए । उक्त लेख अनुसार युवावस्थामा इशु व्यापारी जहाजमा वसेर पहिले "लालसागर" अनि अदन वन्दरगाहवाट अरव सागरमा पसेर त्यो सागरको पूर्वीया तट हुँदै दक्षिण भारतको कालिकट घाटमा जहाजवाट ओर्लिएर पूर्वतिरको नीलगिरि पहाडमा रहेको वौद्ध धर्मको आश्रमतिर गए । व्यापारीहरू आफ्ना काम सिध्याएर लालसागरतिर फर्केर गए तर इशु भने नीलगिरिकै वौद्ध आश्रम र औपनिषदिक वेदान्तका ब्राह्मण पीठहरूतिर लागे । ती पीठहरूमा इशुलाई यहुदी धर्मभन्दा पृथक् ज्ञान प्राप्त हुन थाल्यो । तथापि यहुदी विचार पनि उनी छलफलको क्रममा प्रकट गर्ने गर्दथे त्यसकारण नीलगिरि पहाडका वौद्ध आश्रम र वैदिक आश्रमले तिनलाई आफ्ना आश्रममा वस्न नदिई निकाल्यो ।

स्टेट्स्मेनमा इसुले कुन कुन वौद्ध पीठसित छलफल गरे र कुन ठाँउवाट भारतदेखि उत्तरतिर निकालिए भन्ने इशुको यात्रा विवरण रिपोर्ट निकालेको छ । केही वर्षपछि इशु वाराणसी पुगे । वाराणसीमा पुग्दासम्म वौद्ध र हिन्दु धर्मवारे इशुमा आफ्नै प्रकारको ज्ञान वढिसकेको थियो । वाराणासीको धार्मिक शास्त्रार्थमा इशुलाई आफ्ना प्रतिद्वन्द्वीहरूले मुख वन्द गर्ने स्थितिमा पारे । त्यो देखेपछि गङ्गा नदीलाई पार गरेर इशु नेपालभित्र पसे । नेपालमा तिनी २ वर्षजति धर्मवादीहरूसित शास्त्रार्थ गर्दै रहे । यी सबै हुँदा इजरायलका व्यापारीहरूको एउटा दल स्थलमार्गवाट अफगानिस्तान हुँदै नेपाल आए । तिनले यहाँ इशुलाई भेटे र तिनकी माता मरियम जेरूसलेममा अत्यन्तै विरामी छन्, तिमीलाई खोजी रहन्छिन्, तिमी फर्केर जेरूसलेम जाऊ भनी सल्लाह दिए । इशुले ती व्यापारीहरू पूर्वको भियतनामवाट फर्केर नेपाल आएपछि तिनीहरूसँगै आफू पनि जेरूसलममा आमालाई भेट्न जाने कुरा गरे । भयो पनि त्यस्तै भियतनामवाट ती व्यापारी फर्केपछि तिनीहरूसँगै इशु पनि जेरूसलेमतिर गए । तिनकी आमा रोगमुक्त भइसकेकी थिइन् ।

आज भन्दा ६४ वर्ष पहिले मैले स्टेट्स्मेनमा इशु नेपालमा आएका थिए भन्ने लेख पढेको कुरालाई यो वर्ष काठमाडौं वुढानीलकण्ठमा आश्रम वनाई वस्नुभएका स्वामी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

चन्द्रेशद्वारा प्रकाशित "शङ्खघोष" नामक पुस्तिकामा पढ्ने अवसर पाएँ। त्यो सानो पुस्तिका पढ्दा पृष्ठ ४२ को क्रिश्चियन धर्मप्रतिमा हिन्दू भूमिका भन्ने अंश पढे। यो अंश पढ्दा कलकत्ताको कुनै वङ्गालीले लेखेको र सन १९४७ को नोभेम्वरमा आफूले पढेको सम्झे अहिलेसम्म सम्झनामा रहेको यस घटनावारे मोटामोटी तवरमा मैले उल्लेख गरेको हुँ। स्वामी चन्द्रेशले "शङ्खघोष" नामक आफ्नो सानो पुस्तिकाको ४२ औं पृष्ठदेखि पृष्ठ ५३ सम्ममा प्रस्तुत गर्नुभएको आफ्नो विचारलाई यहाँ प्रस्तुत गरिन्छ :

क्रिश्चियन धर्मोत्पत्तिमा हिन्दू भूमिका

सबैलाई विदितै छ आजभन्दा २ हजार १० वर्ष अगाडी येसु खिष्ट नामक महापुरूषको जन्म भयो र उहाँवाट नै क्रिस्चियन धर्मको उत्पत्ति हुन गयो। उहाँको उपदेशहरूलाई नै होली वाइवल (New Testaments) भन्ने गरिएको छ जो कि क्रिस्चियनहरूको पुण्य धर्मग्रन्थ मानिएको छ। येसु खिष्ट जुडियाको वेथलेहेम भन्ने ठाउँमा जन्मिनुभएको हो। उहाँको पिताको नाम थियो जोसेफ जो कि सिकर्मीको काम गर्नुहुन्थ्यो र माताको नाम मेरी (मरियम)॥

१४ वर्षको उमेरमा येसु घरवाट भागेर केही व्यापारीहरूका साथमा भारत आउनुभयो। उहाँले दीर्घकाल भारतवर्ष तथा उत्तराखण्ड भ्रमण गरी हिन्दू तथा वौद्ध दुवै धर्मको राम्ररी अध्ययन गरी आफ्नो जन्मभूमि इजरायलमा फर्किएर धर्मप्रचार गर्न आरम्भ गर्नुभयो। यहुदी धर्मनेताहरूलाई हिन्दुधर्मवाट सिकेर आएको येसुको उदार मतवाद मन नपरेकाहरूले इजरायली रोमियो सरकारसमक्ष सुम्पिदिए र उहाँलाई क्रुसमा काँटी गाडेर हत्या गर्नुपर्छ भनी रोमियो सरकार समक्ष दावी गरे। त्यस समयमा इजरायल रोमको उपनिवेशमा थियो। रोमको गर्भनर प्लुटिनस पाइलेट थिए। यहुदीहरूको सवैभन्दा ठूलो मन्दिर जसलाई 'साइनाज' भनिन्छ। त्यसको मुख्य पुरोहित जो निकै शक्तिशाली मानिन्थे उनले येसुको प्रचारप्रसार र उहाँको उदारवादी कुराहरू सुनेर आफूमाथि खतरा आउन सक्ने महसुस गरी आफूले पालेका सेनाहरू लगाएर येसुलाई समाते र गभर्नर प्लुटिनस पाइलेट कहाँ उपस्थित गराए। मुख्य पुरोहित र उनका साथमा भएको विपुल यहुदी जनसमुदायको माग थियो कि प्लुटिनस पाइलेट्ले उनलाई क्रुसको काठमा काँटी गाडेर मार्नुपर्छ। पाइलेटले उनलाई "मैले यस व्यक्तिमा कुनै त्यस्तो जघन्य गल्ती भेट्टाएको छैन जसका लागि मृत्युदण्डको सजाय दिन परोस्।" उत्तरमा सवैले कराएर भने- "हैन यसलाई मार्नु नै पर्छ किनभने यसले आफूलाई यहुदीको राजा भन्ने गर्छ।" जनताको मागका विरोधमा गए आफ्नो शासन टिक्न नसक्ने देखेर पाइलेटले येसुलाई क्रुसमा टाँगेर मार्ने आदेश दिन करै लाग्यो। अतः अरू दुईजना अपराधीहरूका साथमा गलगथ्था भन्ने ठाउँमा येसुलाई क्रुसमा झुण्ड्याइयो। उहाँलाई क्रुसमा झुण्ड्याइएको एकैछिनमा नै ठूलो आँधीहुरी आयो। त्यसवेलासम्म सिपाही-प्रहरीहरू त्यहाँवाट गइसकेका थिए। येसुका चेलाहरूले अगाडि नै उहाँको शरीरलाई सिपाहीका हाकिमसँग माग गरेका थिए र त्यो शरीरलाई एउटा चिहानभित्र आरामसित सुताएर चिहानको मुखलाई ढुङ्गाले छोपिदिए। धेरै ठूला र प्रसिद्ध चित्रकारहरूले यस क्षणको चित्र पनि वनाएका छन्। ३ दिन पछि ढुङ्गा पन्छाउँदा चिहानमा येसु देखा पर्नुभएन। यसबाट प्रत्यक्ष रूपले वुझिन्छ, क्रुसमा झुण्ड्याइएको अवस्थामा येसुको मृत्यु भएन। उहाँ मुर्छा या समाधि अवस्थामा हुनुहुन्थ्यो। भारतमा सिकेको योग बलले उहाँ समाधि लगाउन सक्नुहुन्थ्यो भन्ने प्रसङ्गलाई पछि चर्चा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri
गरिने छ । भनाइ के पनि छ भने त्यहाँवाट ती प्रिय शिष्यहरूको मद्दतले उहाँ पलायन हुनभएको थियो । तथाकथित मृत्युपश्चात् पनि चेलाहरूको उहाँसित भेटघाट भएको र सँगै वसेर खाना खाएको प्रसङ्ग पनि वाइवलमा पाइन्छ । वस्तुतः वाइवलमा उहाँको करिव १४-१५ वर्षको जीवन कथा भेटिँदैन । त्यही समयमा नै उहाँले भारतको कास्मिर, जगन्नाथपुरी, वाराणसी, राजगिर, नेपाल, तिव्वत आदि ठाउँहरू शिक्षा र साधनाको उद्देश्यले भ्रमण गर्नु भएको थियो । यसरी राजनीतिक षड्यन्त्रमा परेर दुःख पाएका कारणले अव उहाँ इजरायलमा वस्ने त कुरा नै भएन । केही यहुदी चेलाहरूलाई साथमा लिएर उहाँ कास्मिर फर्केर आउनुभयो र हिमालयको फेदीमा एउटा आश्रम वनाएर दीर्घ जीवन त्यही व्यतीत गर्नुभयो र उहाँको समाधि अहिलेसम्म कास्मिरमै रहेको छ ।

येसु खिष्टले भारतमा रहेर वेदको अध्ययन र वौद्ध धर्मका वारेमा शिक्षा हासिल गर्नुभएको तथा नाथ सम्प्रदायवाट राम्ररी योग शिक्षा प्राप्त गर्नुभएका कुराको वलियो ऐतिहासिक प्रमाण फेला परेको छ । भगवान् वुद्ध येसुभन्दा ५०० वर्ष अगाडि जन्मिनुभएको थियो । यो कुरा सर्वविदितै छ । वुद्धको महापरिनिर्वाणको करिव ३६३ वर्ष पछि भारतका महान सम्राट अशोकले वुद्ध धर्मलाई भारतका विविध प्रान्तमा तथा श्रीलङ्का, वर्मा आदि मध्यपूर्व एसियाका धेरै ठाउँमा प्रचार गरिसक्नु भएको थियो । ५०० वर्ष भनेको निकै लामो समय हो र यसकाल भित्र वुद्ध धर्म राम्ररी प्रतिष्ठित भइसकेको थियो । अतः धर्मानुरागी येसुले प्रचारित वुद्ध धर्मवाट शिक्षा लाभ गर्नुभएका कुरामा अचम्म मान्नुपर्ने केही पनि छैन । 'होलगर क्रिस्टन' भन्ने पाश्चात्य लेखकको **"जिसस लिभ्ड इन इन्डिया"** नामक प्रसिद्ध किताववाट केही प्रमाणहरू यहाँ दिइएको छ- यो ग्रन्थको पहिलो अध्याय "द अन्नोन लाइफ अफ जिसस"मा निकोलाई नोटोभिच नाम गरेका रूसी विद्वान्का भ्रमणवाट पाएको प्रमाण दस्तावेज प्रस्तुत गरिएको छ । सन् १८८७ को अन्तमा थी पण्डित रूसी इतिहासका विद्वान् भारतको कास्मिर नाम गरेको देशमा पुगे । अन्त्यमा उनी ली भन्ने ठाउँमा पुगे जो लद्दाखको राजधानी थियो । त्यहाँवाट तिव्वतको हेमिस भन्ने गुम्वामा पुगे । सो तिव्वतको एउटा महत्त्वपूर्ण गुम्वा मानिन्छ । त्यहाँ उनले येसु खिष्टका वारेमा तिव्वती भाषामा हस्तलिखित एक अचम्म र महत्त्वपूर्ण पुस्तक भेटे । त्यसमा यसरी वर्णन गरिएको छ "......एवम् प्रकारले एउटा दिव्य शिशुको जन्म इजरायलमा भएको थियो जसको नाम यिसा दिइएको थियो । करिव १४ वर्षको उमेरमा त्यो किशोर व्यापारीहरूको भुण्डको पछि लागेर "सिन्ध भारत"मा आइपुग्यो र ऊ यो भगवान्को प्रिय देशमा आर्यहरूको साथमा निवास गर्न थाल्यो । उसको उद्देश्य थियो महान् वुद्धको शिक्षावाट आफूलाई पूर्ण वनाउने । युवक यिसाले ५ वटा नदीको भूमि पञ्जाव हुँदै केही समय जैन शिक्षार्थीहरूसित विताउँदै अन्ततोगत्वा जगन्नाथपुरी आइपुगे । त्यहाँका व्राम्हणहरूले खुसीसाथ उनलाई स्वागत गरे । जगन्नाथमा यिसाले वेदको अध्ययन र मनन गर्न थाले । तर उनले उदार भावले तल्लो जातिका मानिसहरूलाई आफूले अध्ययन गरेको वेद पढाउन थाले । यो कुरा तत्कालीन त्यहाँका व्राम्हणहरूलाई सैह्य भएन । अतः उनलाई जगन्नाथपुरी छोडेर हिँड्नुपर्‍यो । जगन्नाथपुरीमा ६ वर्ष विताएर येसुले राजगृह, वनारस र अन्य तीर्थस्थलहरूको भ्रमण गर्दै गरे ।

नोटोविचको ग्रन्थमा यतिसम्म वर्णन गरिएको छ कि येसु हिमालयको शृङ्खलाभित्र भएको 'नेपाल' नामक देशमा पुगेर ६ वर्ष वुद्धशास्त्रहरूको अध्ययन गरे । (होलार क्रेस्तेन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जिसस लिभ्ड इन ईन्डिया पेज ८,९,१०) स्वामी चन्द्रेशको 'शङ्खघोप' नामक सानो पुस्तिकामा येसु र वुद्ध तथा कृष्णका उपदेशवीच समानता देखाएर थप १२ वुंदावारे चर्चा गरिएको छ । यी १२ वुँदाहरूलाई यहाँ मैले उल्लेख गर्नु आवश्यक देखिन, किनभने ती वुँदाहरूको पृष्ठभूमिमा इतिहासगत प्रमाणहरू मैले यहाँ भेट्टाइन । स्वामी चन्द्रेशले येसु र कृष्णको वीचमा निकट वैचारिक सामिप्य थियो भन्नुवाहेक थप प्रमाणिक कुराहरू दिनुभएको छैन । ती दुईका जीवनमा त्यस्ता समानता हुन पनि सक्दैनथे किनभने भूमध्यसागरको पूर्वतिर रहेको जेरूसलम तथा भारतमा तिनले कैयौं शहरहरूमा भ्रमण गर्दा यहाँका वासिन्दाहरू वीच समानता खोज्नु न आवश्यक थियो न त उचित नै ।

हिन्दू धर्म र वाँकी संसारका विभिन्न धर्महरूवीच एउटा प्रकाण्ड भेद छ । त्यो भेद हो- धार्मिक व्याख्याको क्षेत्रमा । संसारका अन्य धर्महरूले ईश्वरको अस्तित्त्वमाथि अनिवार्यत विश्वाश रहनुपर्ने देखाएका छन् । ईश्वर छैन भन्नेहरूका निम्ति ती धर्महरूमा किञ्चित पनि ठाउँ छैन । परन्तु हिन्दू धर्मले ईश्वरको अस्तित्त्व स्वीकार गर्नुलाई अनिवार्य मूल्यहरू र सकारात्मक मानवीय व्यवहारलाई धर्म भनेर स्वीकार गरेको छ। मानव धर्म र ईश्वरवादी धर्मवारे महाभारतको वन पर्वमा एकदिन युधिष्ठिर, भीम र द्रौपदीवीच कुराकानी हुँदा युधिष्ठिरले द्रौपदीमाथि नास्तिकताको आरोप लगाउँदा द्रौपदीले वास्तविकता वताउँदै खण्डन गरेको जवाफ दिएकोवारे यस विषयका गम्भीर जिज्ञासुहरूले समिचिन ध्यान दिएर अध्ययन गर्नु योग्य ठहरिने छ ।

धर्म र ईश्वरवादवारे यो लेखमा मैले मुख्यतया आफ्नो विचारलाई सङ्क्षेपमा प्रस्तुत गरेको छु । तथापि डा. सर्वपल्ली राधाकृष्णले आफ्नो विख्यात पुस्तक **'इर्स्टन रिलिजियन्स एन्ड वेर्स्टन थओट'** मा जेरूसलेममा येसुको जन्म भन्दा १०० वर्ष पहिलेदेखि हिन्दु दर्शन र धर्मसम्वन्धी विचारले इटालीको रोममा निकै नै वढ्ता प्रभाव पारेको थियो र रोमन व्यापारीहरू भारतसित व्यापार गर्दथे भन्नेमा जोड दिएर रोमन साम्राज्यको अङ्ग जस्तो भएर वसेको जेरूसलेम र त्यहाँका येसुमाथि हिन्दु राज्य र दर्शनले प्रभाव पारेको थियो भनी लेख्नुभएको थियो । यो पुस्तक मैले स्नातकोत्तर कक्षामा डा. सर्वपल्लीले हाम्रो सामु प्रवचन गर्नुहुँदा नै पढिसकेको थिएँ । डा. राधाकृष्णन धर्म र ईश्वरमाथि विश्वास गर्नुहुन्थ्यो तर उहाँको विश्वासले क्रिस्चियन वा मुस्लिम धर्मले झैं ईश्वरको अस्तित्त्वमाथि जोड दिएको थिएन ।

विचारगोष्ठीमा उपस्थित विद्वान्हरू ▶

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ऋग्वेद युगमा स्थापित मिथिला : सङ्क्षिप्त चर्चा

✍डा. मोदनाथ प्रश्रित*

विश्वको सबभन्दा प्राचीन ग्रन्थ ऋग्वेद हो । यस कुरालाई विश्वका सवै अनुसन्धाताहरूले स्वीकारेका छन् । यो वेद कुनै एक जनाको चिन्तन या सिर्जना नभई अनेक चिन्तक, द्रष्टा, स्रष्टा ऋषि-मुनि र कविहरूका सिर्जनाको सङ्कलन हो । यो एकै समयको सिर्जना नभई शताब्दियौँका चुनिएका सूक्तिहरूको समन्वय हो । वेदका ऋचाहरूको सङ्केत अनुसार पश्चिमको सिन्धु प्रदेशदेखि पूर्वको मिथिला भूमिसम्म र हिमालदेखि गङ्गा नदी बीचको भूभागमा ऋग्वेदका अधिकांश ऋचाहरूको सिर्जना भएको देखिन्छ । यस लेखमा मिथिला भूमिभित्र सिर्जिएका या त्यस्तो सङ्केत पाइएका ऋग्वेदका ऋचाहरूको चर्चा गरिने छ र तिनकै आधारमा ऋग्वेदकालीन मिथिला सभ्यता एवं संस्कृतिका सङ्केतहरू खोज्ने प्रयास गरिने छ ।

ऋग्वेद युगमा मिथिला सभ्यता स्थापना भएको वारे केही सङ्केत ऋग्वेदमै छन् । केही सङ्केत वैदिक ग्रन्थ **'शतपथ ब्राम्हण'** मा पाइन्छन्[1] भने श्रीमद्भागवत आदि विभिन्न पुराणले पनि त्यसको पुष्टि गरेका छन् । 'शतपथ व्राम्हण' यजुर्वेदको व्राम्हण विभाग हो । यसका रचयिता (सङ्कलन र सम्पादनकर्ता) महर्षि याज्ञवल्क्य हुन् । उनी कृष्ण यजुर्वेदको यज्ञमार्ग परित्याग गरी शुक्लयजुर्वेदको सम्पादन र प्रणयन गर्ने वैदिक महर्षि हुन् । त्यसैले मिथिला गणतन्त्रको स्थापनावारे 'शतपथ व्राम्हण' को वर्णन सबभन्दा भरपर्दो प्रमाण मानिएको छ ।

मिथिला गणतन्त्र स्थापनाको पृष्ठभूमि

विभिन्न पुराणहरूका वर्णन अनुसार प्राचीन सरस्वती नदी, पन्जाव प्रान्तवाट निस्केर प्रयाग (इलाहावाद) मा गङ्गा र यमुनाको सङ्गममा आई मिल्दथ्यो, त्यसैको तटमा वैदिक गणराज इक्ष्वाकुको गणराज्य थियो । सरस्वती र दृशद्वती नदीका बीचको भूभागलाई व्रम्हावर्त भनिन्थ्यो । इक्ष्वाकुका कुल गुरु वशिष्ठ ऋषि थिए । इक्ष्वाकुका छोरा निमि गणराज भएको केही समय पछि उनले एउटा दीर्घकालीन यज्ञ गर्ने विचार गरे र गुरु वशिष्ठसँग यज्ञ सम्पन्न गराइदिन अनुरोध गरे । त्यसबेला वशिष्ठले स्वर्गका राजा इन्द्रको

** वरिष्ठ साहित्यकार तथा पूर्व शिक्षामन्त्री । -सम्पा.*

[1] शतपथ व्राम्हण, काण्ड १, अध्याय ४ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri
लामो यज्ञको निमन्त्रणा स्वीकारेका थिए । त्यसैले उनी इन्द्रको यज्ञपूरा गरेर फर्के पछि मात्र निमिको यज्ञ गराउने कुरा गरेर इन्द्रको राजधानी अमरावतीतिर गए ।

गणराज निमि अलि वृद्ध भइसकेका थिए । 'जीवन र आयुको के भरोसा छ र !' भन्ने सोची उनले युवा विद्वान् ऋषि गौतम रहुगणलाई आचार्य अर्थात् पुरोहित वनाएर ठूलो यज्ञ पूरा गरे । त्यसको केही समयपछि इन्द्रको यज्ञ पूरा गरेर वशिष्ठ पनि आइपुगे । उनले यताको विशेष हाल खवर के छ ? भनी सोध्दा निमिले-लामो समयसम्म पर्खन नसकी गौतम ऋषिलाई पुरोहित वनाएर यज्ञ सम्पन्न गरेको कुरा वताए ।

त्यसवेला गणतन्त्रात्मक क्षत्रिय राज्यसत्ता भन्दा पुरोहितहरूको व्राम्हणसत्ता धेरै शक्तिशाली थियो । आफुलाई नपर्खी निमिले अर्को पुरोहित वनाएर यज्ञ गरेको सुन्दा वशिष्ठ ऋषिको क्रोध उम्लेर पराकाष्ठामा पुग्यो । उनले निमिलाई 'विदेह' हुने अर्थात् शरीर रहित हुने श्राप दिए । त्यसको स्पष्ट अर्थ थियो कुलगुरुद्वारा निमिलाई दिएको मृत्युदण्ड । पुराणहरूमा ऋषिहरूले रिसाएर श्राप दिएका जुन कुरा सुनिन्छ प्रायः त्यो क्षत्रियहरूको नेतृत्वमा राज्यसत्ताको वलियो पकड नहुँदैको कुरा हो ।

निमिका छोरा युवराज मिथिद्वारा नयाँ गणतन्त्र स्थापना

आफ्ना वावु गणराज निमिको त्यस श्रापदण्डद्वारा हत्या भएपछि युवा युवराज मिथिले त्यस कुरालाई सहज रुपले स्वीकारेनन् । त्यस काण्डबाट निमिको यज्ञ गराउने गुरु गौतम रहुगण पनि अत्यन्त चिन्तित हुनु स्वाभाविक थियो । ती दुई र स्वर्गीय निमिका विश्वासप्राप्त अमात्यहरूले गम्भीर छलफल गरी आफ्ना वावुको हत्या भएको ठाउँमा नवस्ने र अर्के भूभाग खोजी नयाँ गणतन्त्र स्थापना गर्ने निर्णय गरे ।

त्यस जमानामा नयाँ गणतन्त्र स्थापनाको निम्ति या त अरु कसैका गणराज्य जितेर लिनु पर्थ्यो अथवा नयाँ भूभाग खोजेर आवाद गरी गणतन्त्र जमाउनुपर्थ्यो । व्रम्हावर्तको दक्षिण पूर्वी भूभागतिर प्रायः द्रविड, कोल, ऋक्ष, वानर आदि गणजातिहरूको वर्चस्व थियो । त्यताको हावापानी पनि वढी तातो थियो र आर्यमूलका मानिसप्रति दक्षिण शङ्कालु थियो । समतल भूभाग छोडेर उनीहरू उत्तरी पर्वतीय क्षेत्रतिर पनि जान चाहँदैनथे । त्यसैले उनीहरूले ज्योतिष, तन्त्रमन्त्र आदिको हिसाव गरी पूर्वतिर गएर नयाँ गणराज्य स्थापना गर्ने निर्णय गरे ।

ऋग्वेदिक युगमा पशुपालन व्यवसाय प्रमुख थियो । पाखेवालीको रूपमा जौ, गहुँ र वनैयाँ धान लगाउने चलन थियो । वैदिक आर्यहरू गाईका वथान र घोडाहरू पाल्थे । जङ्गली शिकार प्रशस्त पाइने हुनाले बाखा भेडा पाल्ने चलन कम थियो । यज्ञमा पशुवलिको निम्ति अजा (वोका) हरू पालिन्थे ।

गणतन्त्रका प्रमुख व्यक्ति र कुल पुरोहितको नेतृत्वमा नयाँ गणतन्त्र स्थापनाको यात्रामा निस्कँदा गणराज र राजगुरुका निकटतम कुटुम्व र गणवन्धुहरूको ठूलो जमात युद्धको तयारी साथ निस्कन्थ्यो । उनीहरूले आ-आफ्ना वोरा-विस्तरा, भाँडा-कुँडा र औजारका साथै गाई, कुकुर आदिका बथान पनिसँगै लिएर हिँड्दथे । त्यस्ता यात्रामा नयाँ हतियारको र युवा योद्धाको विशेष तयारी हुन्थ्यो ।

त्यस युगमा मान्छेको सवभन्दा ठूलो ऊर्जाको स्रोत आगो नै थियो । शमी, गिनेरी जस्ता दुई तेर्सा काठको बीचमा ठाडो, मदानी जस्तो काठ जोडी नेतीले वेसरी रगडेर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आगो उत्पादन गरिन्थ्यो । आगो निकाल्ने वा आविष्कार गर्ने अग्नि र आग्नेयीका छोरा अङ्गिरसले गरेकाले ठूला वैज्ञानिकको रूपमा उनको नाम चलेको थियो । त्यो आगो निभ्ला भनेर घर घरमा काठका मुढा वाली त्यसको रक्षा गरिन्थ्यो । गणनायक र पुरोहितहरूका ठूल्ठूला यज्ञकुण्डहरूमा अनवरत आगाको धुनी बालिन्थ्यो । आगो (अग्नि) लाई ठूलो शक्तिको रूपमा पूजा गरिन्थ्यो । सवै मिलेर अग्निको प्रार्थना (प्रशंसा) गर्दथे । अहिलेसम्म पनि यज्ञ र केही कर्मकाण्डहरूमा 'अग्नि- स्थापना' को जुन विधि छ, यो त्यही प्राचीन परम्पराको अवशेष हो ।

मिथि गणको पूर्वी यात्रामा शस्त्रास्त्र सज्जित घोडचढी युवा सैनिकहरू तयार भए । मिथि र गौतम रहुगणको नजिकका सगोत्रीहरूको ठूलो समूहले मिथिलाई गणराज र गौतम रहुगणलाई मन्त्रणा दिने राजगुरु घोषित गरे । पूर्व दिशातिरको वारेमा जानकारहरूले जाने वाटाको स्थिति जानेसम्म वताए । आगोको विउ सुरक्षासाथ लैजाने व्यवस्था भयो । हातमा चिराक र हतियार वोकेको अग्रिम जमात हिँड्यो । घोडा, गाई, कुकुर सहितको विशाल मिथि गण पूर्वतिर लाग्यो । पूर्वतिरका विशाल भूभागहरूमा ठूलठूला अरण्य (जङ्गल) थिए । बीचवीचमा वनवासी जातिहरूका राउटी (ससाना कच्ची वस्ती) भेटिन्थे । तर पूर्वी यात्रामा कुनै विघ्न वाधा परेन ।

त्यसताक नयाँ वस्ती खोज्नेहरू वारेमा एउटा पुर्ख्यौली धारणा प्रचलित थियो । त्यस अनुसार गणनायकले वोकेको चिराक जहाँसम्म चम्किलो रहन्छ त्यहाँसम्म वढ्दैजाने । जहाँ पुग्दा चिराक अलि मधुरो हुन्छ त्यहाँ पुगे पछि कहाँ वस्ती वनाउने भनी मन्त्रविधिद्वारा अग्निसँग सोध्ने । मिथिगण व्रम्हावर्तवाट सोझै पूर्वतिर लाग्यो । पूर्वतिर सरासर जाने वाटो थिएन । घना जङ्गल, खोला, नदी तर्दै जाँदा जहाँ ठूला झाडी देखिन्थे, तिनमा डढेलो लगाएर वाटो खोल्दै मिथिगण अगाडि वढ्यो । नारायणी नदीको किनारमा पुगे पछि मिथिले वोकेको चिराक मधुरो भयो । पुराणको मिथकीय भनाइ अनुसार-मिथिले 'अव हाम्रो गणको जनपद (वस्ती) कहाँ वसाऊँ' भनी सोद्धा अग्निले- 'सदानीरा (नारायणी) नदी तरेपछि पारि विशाल भूभाग खाली छ । त्यही जङ्गल सफा गरी जनपद बसाऊ' भने पछि मिथि गणले नारायणी नदी तऱ्यो र आगोको सहयोगले जङ्गल सफागरी वस्ती वसायो ।

प्राचीन ग्रन्थहरू अनुसार नारायणी नदीभन्दा पश्चिमसम्म वैदिक व्राम्हणहरू पुगेका थिए । उनीहरू नारायणी नदी तरेर पारितिर फैलिएका थिएनन् । नारायणी तरेर वस्ती वसाउने कामको सुरुवात गणराज मिथि र मिथिका गुरु गौतम रहुगणको नेतृत्वमा सुरु भएको थियो ।[२]

मिथिला जनपद स्थापनाको समय

मिथि र गौतम रहुगणको नेतृत्वमा मिथिलाको स्थापना कहिले भयो होला ? यसवारे केही पौराणिक सन्दर्भतिर ध्यान दिनु आवश्यक छ । पुरोहित ऋषि वशिष्ठको श्रापद्वारा निमिको मृत्यु भएको कारणले गणराज मिथि र नयाँ पुरोहित ऋषि गौतम रहुगणको नेतृत्वमा व्रम्हावर्तदेखि आएको 'जन' (गणहरूको समूह) ले मिथिला स्थापना गरेको कुरा उल्लेख भइसकेको छ । मिथिको समूहले नयाँ जनपद स्थापना गर्नु परेको

---

[२] डा. रामप्रसाद शर्मा, मिथिलाका इतिहास प्रागैतिहास युग (१९७९) पृ. ७-१४ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri
कारण पुरोहित वशिष्ठको क्रोध थियो । ऋग्वेददेखि पुराणहरूसम्म, ब्रम्हावर्तदेखि अयोध्यासम्म विभिन्न राजकुलका गुरु वशिष्ठ देखिन्छन् । वास्तवमा निमिलाई श्राप दिएर मार्ने वशिष्ठ कुन चाहिँ थिए ? त्यसको टुङ्गोले मात्र मिथिला स्थापनाको समयको टुङ्गो लगाउने आधार मिल्छ ।

वशिष्ठद्वारा श्रापित निमि र मिथिला संस्थापक मिथि ऋग्वेदकालीन भएको कुरा ऋग्वेदको प्रथम मण्डलमा उल्लिखित मन्त्र द्रष्टा ऋषिहरूका नामवाट नै स्पष्ट हुन्छ । ऋग्वेदमा ६५ देखि ७३ सम्मका सूत्र वशिष्ठका नाति पराशरका नाममा रहेका छन् । त्यसरी नै ७४ देखि ८६ सम्मका सूक्त गौतम रहुगणका नाममा छन् भने ८७ देखि ९३ सम्मका सूक्त रहुगणपुत्र गौतमका नाममा छन् ।

वाल्मीकि रामायणको आदिकाण्ड ७१ औं सर्ग अनुसार मिथिका बावु निमिदेखि रामायणकालीन सीताका पिता शीरध्वज जनकसम्म २२ पुस्ताको उल्लेख छ । अधिकांश आधुनिक इतिहासविदहरूले रामायणकाल ई.पू. ३१६ औं शताव्दी रहेको ठम्याएका छन् । त्यस अनुसार प्रति पुस्ता सरदर ३३ वर्ष मान्ने हो भने मिथि जनकदेखि शीरध्वज पुत्री सीतासम्मको २० पुस्ताको अवधि ६६० वर्ष हुन्छ । गणराज निमिको मृत्यु ५० को उमेरमा भएको र त्यसको एक दुई वर्ष भित्रै मिथिले नयाँ जनपदको स्थापना गरेको मान्ने हो भने मिथिलाको स्थापना ई.पू. ४२०० वर्षतिर भएको मान्नुपर्छ । यसको स्पष्ट अर्थ हो नारायणी नदीदेखि कोशीनदीसम्म र हिमालको तलहट्टी (तराइ) देखि वैशाली सम्मको मिथिला गणराज्यको स्थापना ऋग्वेद युगको मध्य अवस्थातिर भएको देखिन्छ ।

वैदिक र पौराणिक युगको शुरुमा पितृसत्ताको प्रारम्भ त भएको थियो तर त्यो प्रवल भएको थिएन । वैदिक कालदेखि रामायणकालसम्म ब्रम्हावर्तदेखि अयोध्यासम्मका राजपुरोहितहरूलाई वशिष्ठ नै भनिएको छ । त्यो एक प्रकारको गोत्रवाचक शव्द हो । वशिष्ठवंशको स्थापना हुँदाका प्रथम वशिष्ठलाई मित्र र वरुणका छोरा भनिएको छ । उनलाई 'कुंभोद्भव' (घडावाट जन्मेका) पनि भनिएको छ । आदिम युगको मातृतन्त्रको समाप्ति र पितृसत्ताको थालनी हुनेवेलाको सङ्क्रमणकालसम्म पनि आमा चिनिने तर बावु नचिनिने अवस्था धेरे ठाउँमा देखापर्थ्यो ।

ऋषि अगस्त्य र वशिष्ठकी आमा उर्वशी, स्वर्गकी विख्यात अप्सरा थिइन् । भागवत र मत्स्य पुराण अनुसार उर्पशीको यौन संवन्ध मित्र र वरुणसँग हुँदैरह्यो । उनले अगस्त्य र वशिष्ठलाई जन्माउँदा तिनीहरूको वास्तविक वावु कोहो भनी वताउन सक्ने स्थिति भएन । त्यस्तो स्थितिवाट जन्मेर समाजमा ख्याति पाएका व्यक्तित्वहरूलाई वावु किटान गर्न नसकेपनि अप्सरा या गणिका पुत्र नभनी- 'पुत्रेष्टि यज्ञद्वारा कुंभवाट जन्मेका' भनी उनीहरूको पितृसत्तात्मक प्रतिष्ठा वढाउन थालेको देखिन्छ । त्यसै अर्थमा अगस्त्य र वशिष्टलाई 'कुम्भज' 'घटोद्भव' आदि नाम दिइएको हो । निमिलाई श्राप दिने वशिष्ठलाई पनि 'कुंभज' भनिएकोले त्यो समय मातृतन्त्र कमजोर हुँदै गएको र पितृसत्ता उदीयमान अवस्थामा रहेको स्पष्ट छ । यसबाट मिथिलाको स्थापना ऋग्वेद युगको मध्यतिर भएको देखिन्छ । ब्रम्हावर्तमा यज्ञको संवन्धमा वशिष्ठ र निमिको द्वन्द चलेर निमिको मृत्यु भएपछि वशिष्ठ त्यहाँबाट कोसल (अयोध्या) राज्यमा आई राजाका कुलगुरु वनेका थिए ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ऋग्वेद कालमा ऋषि गौतमका ऋचाहरूबाट थाहा हुने तत्कालीन समाजका विविध पक्ष

ऋग्वेद युगमा मानिसको सवभन्दा प्रमुख ऊर्जा शक्ति अग्नि (आगो) नै थियो। त्यसवेलाका गायक कविहरू अग्निको प्रशंसाका गीत खूव गाउँदै नाच्दै गर्थे। ऋग्वेद युगको थालनीभन्दा अघि नै अङ्गिरस गणका अगुवाहरूले आगाको आविष्कार गरिसकेका थिए। त्यसवारे[३] ऋषि सुतम्भर आत्रेय भन्दछन्-

"हे अग्नि ! गुप्त रूपले रहेका, प्रत्येक वनमा आश्रित तिमीलाई अङ्गिराहरूले खोजेर निकाले। ठूलो वल लगाएर मन्थन गरेपछि तिमी उत्पन्न हुन्छौ। हे अङ्गिरा (अग्नि), अङ्गिरसहरूले तिमीलाई बलका पुत्र भन्दछन्।"

ती प्राचीन अङ्गिराहरूलाई संझँदै आगाको आविस्कारले मान्छेलाई धेरै लाभ भएको कुरावारे गौतम भन्दछन्-

"जुन अङ्गिराहरूले उत्तम यज्ञ कर्मद्वारा आगो वाले (आगाको आविष्कार गरे) र हवि रूप अन्न इन्द्रलाई अर्पण गरे त्यसवाट उनीहरूले गाई आदि सहितका धनहरू प्राप्त गरे।" (ऋग्वेद १।८४।८)

अहिलेका मानिसले विजुली र पेट्रोलियम शक्तिको प्रशंसा र माग गरे झैं वैदिक कालका गौतम वंशी लगायतले अग्निको स्तुति (प्रशंसा) गर्दै भन्छन् -

"हे अग्नि, धनको कामना गर्ने गौतम वंशीहरू तिम्रो स्तुति गर्छन्। हामी पनि उत्कृष्ट मन्त्रहरूद्वारा नम्रता पूर्वक वारम्वार तिम्रो जयगान गर्दछौं।" (ऋग्वेद १।७८।२)

'यज्ञ मुक्त अग्निलाई गौतम वंशीहरूले स्तुति गरे। सवै कुरा जान्ने अग्निले गौतमहरूलाई यश र धनको वृद्धिद्वारा पोषित गरे। अग्नि देवता साधकहरूको भक्तिभाव बुझेर कृपा गर्छन्।' (ऋग्वेद १।७७।५)

"हे अग्नि ! नजीक या टाढाको जोकसैले पनि हाम्रो हानि गर्दछ भने त्यसको नाश होस्। तिमी हाम्रै समृद्धि गर्नेवाला वनिरहू।" (ऋग्वेद १।७९।११)

ऋग्वेदमा इन्द्रको प्रशंसा अत्यधिक छ। इन्द्रलाई पुराणहरूले स्वर्गका देवताहरूको राजा भनेका छन्। त्यसवेलाको स्वर्ग पृथ्वीभित्रै थियो। वैदिक आर्यहरूको मूलभूमि पामीरदेखि सिरियासम्म र सिन्धुनदी पारिका पहाडी भूभागहरू (अफगानिस्तान आदि) त्यसवेला स्वर्ग भूमि मानिन्थे। देवताहरूको राजधानी सुमेरु पर्वत मानिएको छ। हिमालय, काराकोरम, क्युनलुन, तिएनस्यान, हिन्दुकुश र सुलेमान पर्वतहरू एकै ठाउँमा जोडिने केन्द्र पामीर हो। त्यही नै पुराणहरूले भन्ने गरेको सुमेरु र देवताहरूको राजधानी मानिएको छ। त्यो ठाउँ कास्मीरभन्दा केही माथि पर्छ। पामीर र तिएनस्यान क्षेत्रमा प्रशस्त सुनखानी भएकाले पनि त्यो समृद्ध स्वर्ग भनिएको हो। इन्द्रको स्तुतिमा गौतम रहुगण भन्दछन्-

"ठूला पुरुषार्थहरूमा इन्द्रभन्दा माथि कोही छैन। देवताहरूले इन्द्रमा ज्ञान, वल, पौरुष व्यवस्थित रूपले वढाइ दिएका छन्। इन्द्रले आफ्नो राज्यलाई उज्यालो पार्दछन्।" (ऋग्वेद १।८०।१५)

"हे वीर इन्द्र, तिमी सर्वश्रेष्ठ योद्धा हौ र धेरै धन दिनेवाला हौ। गरीवलाई धनी वनाइदिने तिमी हौ। तिमी सोमरस तयार गरेर अर्पण गर्ने यजमानलाई धेरै धन दिन्छौ।" (ऋग्वेद १।८१।२)

---

[३] (ऋग्वेदमा ५।११।६)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

"उत्तम वुद्धि भएका इन्द्रले हामीलाई गाईका वथान नै दिन्छन् । हे इन्द्र ! दुवै हातले धन आर्जन गर्नका निम्ति हाम्रो वुद्धि तीक्ष्ण वनाइदेऊ ।" (ऋग्वेद १।८१।७)

बैदिक युगमा देवता र मानिसहरूको उत्तम पेय सोमरस मानिन्थ्यो । सोमरस उच्चकोटिका शक्तिवर्धक र स्फूर्तिदायक लता, वृक्ष र विभिन्न जातका वनस्पतिहरूवाट तयार गरिन्थ्यो । गुडुची (गुर्जो) र घोड ताप्रेलाई पनि सोमरस दिने वनस्पतिमा गनिएको छ । सोमरस तयार गरेर पिउनका लागि समारोह आयोजना गरिन्थ्यो र त्यो पिएर मस्तभई खूव नाचगान गर्ने चलन थियो ।

इन्द्रलाई सोमरस पिउन आव्हान गर्दै गौतम ऋषि भन्दछन्-

"ए, सवभन्दा वलवान् इन्द्र, तिम्रानिम्ति सोमरस छानेर तयार गरिएको छ, यहाँ आऊ ! सूर्यले किरणहरूद्वारा अन्तरिक्षलाई पूर्ण गरे झैं सोमले तिमीलाई पूर्ण वलशाली वनाओस् ।" (ऋग्वेद- १।८४।१)

ऋग्वेद युगमा इन्द्र एसियाको उत्तरी गोलार्धका आर्यमूलका मानव गणहरूका नायक थिए । त्यस बेला 'इन्द्र' कुनै विशिष्ट नाम नभई आर्य गणहरूको प्रमुखका पद थियो । इन्द्र दुई घोडा नारिएको रथमा चढ्थे । त्यसवेला यातायातको त्यही प्रमुख माध्यम थियो । ऋग्वेद भन्दछ-

"हे इन्द्र ! जव तिमी रथमा दुई घोडा नार्छौ, रथीहरूमा सर्वश्रेष्ठ देखा पर्छौ । कुनै पनि अश्वारोही (घोडचडी), तिमी समान वलवान् छैन ।" (ऋग्वेद १।८४।६)

त्यस युगमा मानिसहरूको सवभन्दा ठूलो धन गाई मानिन्थ्यो । गाई पालनको विकास गरेर नै मध्य एसिया र दक्षिण एसियाको प्राचीन सभ्यता विकसित भएको थियो । ऋग्वेदमा गौधनको ठूलो प्रशंसा सहित गौतमहरूले इन्द्रसँग गाई र अरु खाले धनको माग गरेका छन्-

"उत्तम बुद्धि भएका इन्द्रले हामीलाई गाईका वथान नै दिउन् र हामीलाई दुवै हातले धन आर्जन गर्न सक्ने सद्वुद्धि प्रदान गरुन् ।" (ऋग्वेद १।८१।७)

"हे इन्द्र, तिमीद्वारा सुरक्षित मानिस घोडा र गाईरूपी धनमा सवभन्दा अग्रगण्य हुन्छ । जसरी सवै नदी नाला समुद्रमा मिल्न जान्छन्, त्यसरी नै उसतिर सवै खाले धनको ओइरो लाग्छ ।" (ऋग्वेद १।८३।१)

वैदिक युगका इन्द्रहरूको पनि प्रमुख धनमा गाई नै अग्रिम स्थानमा थियो । गाईको दूध मिलाएर बनेको सोमरस पिएपछि इन्द्रले आफ्नो बज्रलाई झन् शक्तिशाली ढङ्गले प्रहार गर्न सक्थे । (ऋग्वेद १।८४।११) ऋग्वेदी युगमा फलामको आविष्कार भएको थिएन । तामाको प्रचलन बढी थियो । काठ, ढुङ्गा र हाडका हतियारको प्रचलन छँदैथियो । वाणको चुच्चो तामाको वन्दथ्यो । जनावरका सिङ् घोटेर तिखरी भाला वनाउने चलन थियो । पशु र मान्छेका करङ्सहितका मेरुदण्ड वलिया मान्छे र पहलमानहरूका हतियार हुन्थे । इन्द्रले दधीचि ऋषिका हाडवाट वनेका बज्रले वृत्रासुर आदि आठसय दस दैत्यहरू मारेको उल्लेख छ । अनेक गाँठा या धारैधार भएका मुङ्ग्रा या गदा अनि त्यस्तै खाले गाँठा र धार भएका डमरु आकारका हतियारलाई वज्र भनिन्थ्यो । त्यस्ता वज्र वनाउनमा प्रसिद्ध थिए त्वष्टा । त्वष्टाले दिएका बज्रद्वारा इन्द्रले वृत्रासुरलाई मारेर उसले पहाडमा ताल पारेर थुनेको पानी बगाएका थिए । (ऋग्वेद १।८४।१३) (ऋग्वेद १।८५।९)

यस वर्णनवाट त्यस युगको धातु, हतियार र युद्धका केही तरिकावारे थाहा लाग्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विरोधी र आक्रामकहरूसँगका युद्धमा आगोलाई पनि विभिन्नरूपले शस्त्र (हातले समाएर प्रयोग गर्ने हतियार-अगुल्टो, राँको आदि) र अस्त्र (शत्रुतिर मिल्काएर हान्ने हतियार- (वाणको टुप्पामा राँको वाँधेर धनुले मिल्काउने हतियार आदि)को प्रयोग हुन्थ्यो । त्यसरी शत्रुलाई मार्न सहयोग गरे वापत अग्निको प्रशंसा (स्तुति) गरिन्थ्यो । (ऋग्वेद १।७४।३, १।७९।११)

वैदिक, युगमा शरीरमा फूर्तिल्याउन, विभिन्न उत्सव मनाउन, यज्ञमा पाहुनाको स्वागत गर्न या युद्धमा जाँदा जोस बढाउन सोमरस (केही मात्रामा रम्रम् नशादिने, फुर्ति र वल वढाउने जडीवुटीवाट निर्मित सर्वत) को वर्णन धेरै ठाउँमा भेटिन्छ र त्यसको खूव प्रशंसा गरिएको छ । इन्द्र आदि देवता सोमरस अत्यधिक प्रयोग गर्थे । इन्द्रलाई निम्त्याउन चाहनेहरू सोमरस तयार भएको सूचना पहिले नै दिन्थे । कुशको चाल्नो वनाएर कुटेका जडीवुटीवाट सोमरस छानिन्थ्यो । ऋग्वेदमा एक ठाउँ भनिएको छ-सोमलता कुट्दा जव ढुङ्गाको लयवद्ध आवाज आउँछ, त्यो सुन्दा इन्द्र प्रसन्न हुन्छन् । (ऋग्वेद १।८३।६, १।८४।१)

सोमरसको अत्यन्त प्रशंसा गर्दै भनिएको छ- "हे सोम ! तिमी हाम्रो धन वढाउने, रोग नाश गर्ने, पोषण वढाउने असल मित्र हौ । हे सोम ! तिमी शत्रुहरूलाई वशमा पार्नेवाला हौ । हामीलाई अन्न, वल र वीरता प्राप्त होस् ।" (ऋग्वेद १।९१।१२:१८)

वेदर्षि गौतम रहुगणबारे केही विमर्श

ऋग्वेदको प्रथम मण्डलको सूक्त ७४ देखि ८६ सम्मका ऋचा गौतम रहुगणको नाममा अङ्कित छन् । उनको विद्वत्ता र तपस्यावारे पुराणहरूमा यत्र तत्र चर्चा छ । उनी विख्यात ऋषि वशिष्ठको अनुपस्थितिमा गणराज निमिको महत्त्वपूर्ण लामो यज्ञमा मूल पुरोहितको भूमिकामा रहेका थिए । पछि तिनले मिथिलाको स्थापना गर्न मिथिलाई पूर्ण रूपमा सघाए । मिथिलाको स्थापना पछि त्यहीँ आफ्नो आश्रम वनाएर यज्ञकर्म, विद्याप्रचार र ग्रन्थ लेखनद्वारा आफ्नो ख्यातिं वढाए ।

अनुसन्धाताहरूको जिज्ञासाको विषय हो गौतमले ऋग्वेदका उपर्युक्त सूक्तहरू अन्तर्गतका ऋचाहरूको रचना कहिले र कुन ठाउँमा गरे होलान् ? व्रम्हावर्तमा छँदै या मिथिलामा आएपछि ? व्रम्हावर्तमा वशिष्ठको अनुपस्थितिमा अधवैसे उमेरका निमिको महत्त्वपूर्ण यज्ञ उनले सम्पन्न गराएका थिए । निमिले यज्ञ गर्ने प्रस्ताव राख्दा वशिष्ठसँग भनेका थिए- "उमेर ढल्कन लाग्यो, यसबेला यज्ञ नगरे जीवनको के भरोसा छ र ?" वुढा वशिष्ठ ऋषिको अनुपस्थितिमा गणराज निमिको महत्त्वपूर्ण यज्ञ सम्पन्न गराएकाले उनी विद्वान् थिए भन्ने त स्पष्ट हुन्छ । तर त्यसवेला उनको उमेर कति भएको थियो होला ?

राजा निमिले एउटा दीर्घकालीन यज्ञ (पुराणको भाषामा सहस्र वार्षिक-हजार वर्षव्यापी) गर्न चाहेका थिए । तर वशिष्ठले समय दिन्न नसकेकाले उनले जीवनको क्षण भङ्गुरता सोची गौतम आदि ऋषिलाई वोलाएर यज्ञ सम्पन्न गरेका थिए । वशिष्ठ इन्द्रको यज्ञपूरा गरी फर्के पछि आफ्नो उपेक्षा गरी अरुवाट यज्ञ गराएको भन्ने रीसले निमिलाई विदेह वनाए, अर्थात् मृत्युदण्ड दिएका थिए । यस प्रसङ्गवाट निमिको उमेर साठीदेखि सत्तरीको बीच रहेको अनुमान गर्न सकिन्छ ।

गौतम रहुगण राजा निमिको राजधानी जयन्तपुर नजिकै आश्रम वनाएर बसेका थिए । निमिको यज्ञ गराउन वशिष्ठको विकल्पमा गौतम वरण गरिएका थिए । यसवाट उनी युवा उमेरका भएको अनुमान हुन्छ । निमिको अवसानपछि मिथिको पूर्वी अभियानमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गौतमले अगुवाई गरेका थिए । नारायणी पूर्वको विशाल जङ्गल सफा गरेर मिथिला नगर स्थापना गर्न कम्तीमा दसपन्ध्र वर्ष लाग्नु स्वाभाविकै हो । गौतम रहुगण मिथिला जनपदको स्थापना पछि जनकपुरको नजीकमा आश्रम बनाएर बसेका थिए । उनी अलि वृद्ध भएको उमेरमा उनकी युवा पत्नी अहिल्यासँग इन्द्रको अवैध संबन्ध भएकोले गौतमले श्राप दिएर आश्रमबाट निकालिदिएका थिए ।

यी सबै सन्दर्भबाट विचार गर्दा मिथिलाको स्थापना हुने बेला गौतमको उमेर चालिस वर्षको आसपास हुनुपर्छ । उनी युवा उमेरमै विद्वान् र राजाको दीर्घकालीन यज्ञ गराउन सक्षम देखिन्छन् । तर शास्त्र पढेर यज्ञ गराउने पुरोहित बन्नु र वेदका मन्त्रहरूको द्रष्टा र स्रष्टा ऋषि बन्नुको बीच उमेरको ठूलै अन्तर हुनु सहजै अनुमान गर्न सकिने कुरा हो । यी सबै कुराको विवेचनबाट भन्न सकिन्छ ऋषि गौतम रहुगणले ऋग्वेदको प्रथम मण्डलको सूक्त ७४ देखि ८६ सम्मका ऋचा (मन्त्र)हरूको रचना मिथिला भूमिमा आए पछि नै गरेका हुन् भन्ने कुरामा सन्देह गर्ने ठाउँ रहेको देखिन्न ।

मिथिला जनपदको स्थापना गर्न मिथि गणले निकै ठूलो प्रयत्न गर्नु परेको थियो । मिथि गणमा ठूलो संख्यामा मानिस आएका भए पनि जङ्गल साफ गरेर जनपद निर्माण योग्य बनाउन अग्निको ठूलो भूमिका रहेको थियो । त्यसैले जनपदका सबै मानिस अग्निको रक्षा निम्ति ठूलठूला अग्निकुण्ड बनाउँथे र प्रशस्त मात्रामा समिधा (दाउरा)को चाङ् लगाएर राख्दथे । जीवनका हरेक काममा अग्निको ठूलो सहयोग मिल्ने हुनाले अग्निकै सुरक्षा निम्ति 'अग्नि-स्थापना' लाई विधिकै रूपमा विकास गरिएको थियो ।

मिथिला जनपदमा मानिसको ठूलो संख्या आएको कुरा गौतम रहुगणले इन्द्रको स्वागत-सम्मानमा प्रस्तुत गरेको यस आदेश मूलक मन्त्रले स्पष्ट पार्छ- "ए जनपदवासीहरू ! यी इन्द्रलाई हजारौँको सङ्ख्यामा एकत्रित भएर स्वागत र जयगान गर ! बीसवटा स्तुतिमन्त्र गाओ ! इन्द्र सबैका आदरणीय र स्तुत्य छन् । इन्द्रको प्रशंसामा स्तोत्रहरू तयार गरिएका छन् । सय जनाले सबैतिरबाट उद्घोष गर !" (ऋग्वेद १।८०।९)

मिथिला गणराज्यमा सभा या राज्यको अध्यक्ष र सभासदहरूको गुण र योग्यताबारे भनिएको छ- "हे मनुष्य हो ! तिमीहरू शत्रुरहित विद्वान्लाई सभाध्यक्ष (या राज्यको अध्यक्ष) बनाऊ, जसले दुष्ट शत्रुहरूलाई परास्त गर्न सक्दछ, त्यसलाई सबले प्रशंसाबाट प्रोत्साहित गर ।[४] (दयानन्द सरस्वतीको भाष्य- १।७८।४

वशिष्ठको श्रापद्वारा मारिएका निमिबाट जनकवंशको शुरुवात भएको कुरा विभिन्न पुराणले उल्लेख गरेका छन् । निमिको मृत शरीर मथन गरेर सन्तान पैदा गरिएको छोराको नाम मिथि भयो भन्ने कथन पनि छ । जेहोस्, ब्रम्हावर्तमा छँदा निमिका पूर्वजहरूदेखि चल्दै आएको समाज व्यवस्था र राज्यव्यवस्थाबाट गौतम रहुगण अवगत थिए । त्यसैले उनीहरूले मिथिलामा गणराज्यको स्थापना, त्यसको व्यवस्थापन र विस्तार व्यवस्थित रूपले गर्दै गएको देखिन्छ ।

मिथिला आएपछि गौतम रहुगणको वंशविस्तार ठूलै रूपमा भएको देखिन्छ । ऋग्वेद भन्दछ- "हामी रहुगणका वंशजहरू अग्निलाई मिठामिठा र जोसिला स्तोत्रहरूद्वारा बारम्बार स्तुति गर्दछौं ।" (१।७८।५) त्यसरी नै जनकवंशको पनि विस्तार हुँदै गएको कुरा निमिदेखि २२ पुस्ता पछिका शीरध्वज जनकसम्मको वंशविस्तारबाटै प्रमाणित हुन्छ । वाल्मीकि

---

[४] डा. रामप्रसाद शर्मा, मिथिलाका इतिहास प्रथम संस्करण सन् १९७९)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

रामायण आदिकाण्डको ७१ सर्गको ३ देखि १३ सम्मका श्लोकमा निमिदेखि शीरध्वज (सीताका धर्मपिता) सम्म २२ पुस्ता भएको उल्लेख छ ।

मिथिला क्षेत्रका भूभाग कहाँदेखि कहाँसम्म विस्तारित थियो ? यसको सीमाना समय समयमा फेरिएको हुन सक्छ । तर मिथिला राज्य नारायणीदेखि कोशीनदीसम्म फैलिएको र त्यसको बीचमा-वाग्मती, लक्ष्मण, इच्छामती, मण्डना, विरजा, व्याध्रमती, गैरिका, भूपसी, विल्ववती, कमला आदि रहेको उल्लेख वृहद विष्णुपुराण-मिथिला खण्ड मा रहेको छ । त्यसै ग्रन्थमा मिथिला जनपद या राज्यको नाम तीरभुक्ति, नेमिकानन, ज्ञानशील, विकल्मषा आदि रहेको उल्लेख छ ।

निष्कर्ष

उपर्युक्त समग्र सन्दर्भहरूवाट ई.पू. दुई हजार वर्षभन्दा अघि नै, ऋग्वेद युगमा नारायणी नदीदेखि कोशीनदीको बीचमा मिथिला गणतन्त्र स्थापना भएको स्पष्ट छ । ऋग्वेदका विभिन्न सूक्तका ऋचाहरूद्वारा उक्त गणतन्त्र ब्रम्हावर्तबाट आएका गणनायक मिथि र राजगुरु गौतम रहुगणको नेतृत्वमा स्थापित भएको स्पष्ट पनि हुन्छ । मिथिला जनपदको दक्षिणी सीमा वैशाली गणराज्यसँग जोडिएको थियो । मिथिजनक आएर वसेको ठाउँ उसैबेलादेखि जनकपुर नामले अहिलेसम्म प्रसिद्ध छ । मिथि र गौतमको नेतृत्वमा स्थापना भएको मिथिला ऋग्वेद कालदेखि नै वैदिक संस्कृतिको एक प्रमुख क्षेत्र वन्यो ।

ब्रम्हावर्तमा निमि हत्या प्रकरणबाट परिस्थिति बिग्रेका वशिष्ठ पछि अयोध्यामा आएर बसे । उनीवाट रघुकुलको वंशगत गुरु परम्परा चल्यो ।

ऋग्वेदलाई वर्गीकरण गरेर ऋक्, यजु, साममा विभाजित गरिएको थियो । तीमध्ये शुक्ल यजुर्वेदको मन्त्र वर्गीकरण र सम्पादन मिथिलाका शीरध्वज जनकका राजगुरु महर्षि याज्ञवल्क्यले गरेका थिए । याज्ञवल्क्य वैशम्पायन ऋषिका शिष्य थिए । गुरु रिसाएर 'मेरो विद्या फिर्ता गर' भनेपछि याज्ञवल्क्यले तैत्तिरीय शाखाको कृष्ण यजुर्वेदको यज्ञ पद्धतिलाई गुरुको नाममा छोडिदिए र उनले शुक्ल यजुर्वेद वाजसनेयी संहिताको प्रणयन गरे । अहिले नेपाल र उत्तरी भारतमा यही पद्धति प्रचलित छ ।

रामायण युग (अनुमानित ई.पू. १६०० तिर) मा आएपछि सीता र रामको विवाहबाट मिथिला र अयोध्याको सम्वन्ध घनिष्ट भयो । रामले वनवासबाट फर्केर गर्भवती सीतालाई त्याग गरे पछि, सीता नारायणी तट ऋषि वाल्मीकिको आश्रममा आएर वसिन् र त्यहीं लव र कुश जम्ल्याहा छोरा जन्मे । वाल्मीकिले लवकुशलाई सुनाएर इतिहास बुझाउन रामकथामा आधारित विश्वको आदि महाकाव्य **'वाल्मीकि रामायण'** लवकुशलाई गाउन सिकाए । यस रूपमा नेपालको मिथिलाभूमि ऋग्वेद युगदेखि रामायण काल सम्मकै चर्चित ज्ञानभूमिको रूपमा विश्वमा प्रसिद्ध रहेको छ ।

२०६८।८।१३

सन्दर्भ ग्रन्थ

१. शतपथ- व्राम्हण ग्रन्थ ।
२. श्रीमद्भागवत् ।
३. रामप्रसाद शर्मा, मिथिलाका इतिहास (१९७९)
४. ऋग्वेद
५. वृहदारण्योपनिषद ।
६. दयानन्द सरस्वति, ऋग्वेद भाष्य ।
७. वाल्मीकि, रामायण ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

शैक्षिक चिन्तन

शिक्षा : कति र केका लागि ?

डा. सुरेशराज शर्मा*



शिक्षा प्रत्येक मानिसको चेतना र क्षमता अभिवृद्धिका लागि दिने गरिन्छ । शिक्षा दिने क्रममा सवैले अवसर पाऊन् भन्ने चाहना पनि उत्तिकै वलियो किसिमले व्यक्त गर्ने गरिन्छ । पहिले-पहिलेको जस्तो सवैजसोले कृषि क्षेत्रको काम गर्ने र त्यो काम गर्न पढ्नु नपर्ने अवस्था अहिले छैन । अर्थात् अचेल आफू पालिन र परिवारलाई पनि पाल्न रोजगारमूलक शिक्षा पाएकै हुनुपर्ने अवस्था आएको छ । त्यस्तो शिक्षाको अवसर कतिले पाउने र विधाअनुसारको खर्च भिन्नाभिन्नै हुने भएकाले त्यो कसरी वेहोर्ने भन्ने कुराहरू पनि छन् । अहिले आएर रोजगारमुखी मात्र होइन, अन्य किसिमको शिक्षा पाउनेले पनि केही न केही काम गरेर पेट पाल्नुपर्ने स्थिति छ ।

कुनै पनि विधा वा कुनै पनि विषय कम महत्त्वको छैन । कुनै विधा राष्ट्रिय महत्त्वसित गाँसिएका हुन्छन् भने कुनैचाहिँ सामाजिक उत्थानतिर उन्मुख हुन्छन् । कुनै विधा कला र सिर्जनशील पक्षतिर ढल्केका हुन्छन् । विषयगत रूपले कुनै विषय वढी आकर्षक देखिन्छन् भने कुनैचाहिँ कम आकर्षक । तर जुन विषय पढेको छ, त्यो पूर्ण छ र स्तरीय छ भने त्यसको महत्त्व अरूभन्दा कम रहेको हुँदैन । यो यथार्थ कुरा हो ।

आज विश्वपरिवेशमा शिक्षाको ढाँचा र संरचना हेर्दा के देखिन्छ भने सवै नागरिकले जान्नुपर्ने शिक्षालाई अनिवार्य मानिएको छ र त्यसको जिम्मा सरकारले नै लिएको छ । त्यो शिक्षा प्रायः १५ वर्षमुनिका बालवालिकालाई दिइन्छ र प्रायः ९ वा १० कक्षाभित्र समेटिएको हुन्छ । अहिले विकासोन्मुख राष्ट्रहरू पनि त्यही गर्न लागिपरेका छन् । त्यो शिक्षा कति सार्थक भयो त भन्ने प्रश्नको उत्तर दिन गाह्रो छ, तर प्रयोग भने भइरहेकै छ । यस तहभित्र साक्षरता मात्र होइन, एउटा सजग नागरिकले जान्नुपर्ने कुराहरू, स्वास्थ्य र वातावरण संरक्षण वारेका न्यूनतम ज्ञानहरू र चारित्रिक निर्माणसम्वन्धी ज्ञानहरू पनि समेटिएका हुन्छन् ।

त्यसपछि १६ वर्षभन्दा माथिका युवाहरूले प्राप्त गर्ने शिक्षाको कुरा आउँछ । त्यस वेला ती युवाहरूले कमाउन थाल्नुपर्ने, आफैँलाई मात्र नभई आफूभन्दा साना, अशक्त सदस्य र वृद्ध हुँदै गएका अरू सदस्यहरूलाई पनि हेर्नुपर्ने हुन्छ । प्रत्येक समाजका त्यस्ता झन्डै एक तिहाई वा अझ आधा नै जनसङ्ख्या आज संसारभरि नै देखिन्छ । अझै पढ्न पाए हुन्थ्यो भन्ने आकाङ्क्षा राख्ने युवाहरू पनि धेरै हुन्छन् । कमाउनुपर्ने भए पनि अझ

** काठमाडौं विश्व विद्यालयका उपकुलपति एवं शिक्षाविद् । -सम्पा.*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अगाडि पढ्न इच्छा नगर्ने तर गरिखाने सीप भने नसिकेका युवावर्ग पनि थुप्रै छन् । आकाङ्क्षा छ, सामर्थ्य छैन । त्यस उमेरका युवाहरूमा चरित्र भरिएको छ भने तिनीहरू ठीक वाटोमा हिँड्ने सम्भावना हुन्छ, तर वावुआमाले हाम्रा लागि अझै हेरिदिनुपर्छ भन्ने आकाङ्क्षा र आक्रोश मात्र भएका युवाहरूको सङ्ख्या पनि ठूलै हुन्छ । समयमा नै चरित्र भर्न नसकेकाले तिनीहरूमा त्यस्तो समस्या आएको हुन सक्छ । तर यसरी वहकिएका धेरैजसो युवाहरूलाई सही वाटो दिनेभन्दा आफ्नै स्वार्थका लागि प्रयोग गर्ने गरिएको पनि पाइन्छ । सानोतिनो मिहिनेतमा तिनीहरूलाई अल्झाई तिनीहरूको श्रमको शोषण गर्ने, हाम्रो राजनीतिक आन्दोलनमा साथ देऊ भनेर कहिलेकाहीँ पछि लगाउने, कसैलाई धार्मिक आस्थातिर लोभ्याउने र लागूऔषधि तथा वेश्यावृत्तिसम्ममा पुऱ्याउने कार्य पनि यही उमेरका युवा समूहमा गरिन्छ । त्यस्ता कार्यहरूलाई कसरी रोक्ने भन्ने विषयमा लेखन र भाषण धेरै गरिन्छन्, अझ धेरै ठाउँमा त जसले त्यस्तो गर्नु हुँदैन भनेर वकालत गर्छन्, तिनीहरू नै त्यस्ता क्रियाकलापको संरक्षण गर्नमा संलग्न भइरहेका हुन्छन् । यस्तो समस्या कृषिजन्य अर्थतन्त्रबाट रोजगारीजन्य अर्थतन्त्रतिर लम्किन लागेका विकासोन्मुख देशहरूमा गम्भीर रूपमा रहेका देखिन्छन् । नेपाल पनि यस्तै खालको देशका रूपमा रहेको सर्वविदितै छ ।

चरित्र-निर्माण (Character building or formation) र सीप-विकास (Skill Development) भएको ऊर्जा सिक्न पनि लगाउनुपर्ने र माथितिर लम्कन पनि लगाउनुपर्ने ज्ञान १६ देखि १८-१९ वर्षको उमेरका युवाहरूका लागि दिनुपर्ने हुन्छ । तर अहिले सरकारले वा मुलुकलाई बाटो देखाउँछु भन्ने नेताहरूले पटक्कै नसोचिदिएको वर्ग पनि यही नै पर्दछ । यस उमेरका युवालाई अहिलेजस्तै आफैँ सोच र आफैँ गर मात्रै भन्ने हो भने समाज चाँडै नै विस्फोटक अवस्थामा पुग्नेछ । त्यसलाई कसैले रोक्न सक्तैन । यो पक्का हो । नेपालको आजको शैक्षिक क्रियाकलाप सवैभन्दा वढी ध्यान दिनुपर्ने वर्ग र तहसम्म नपुगेको हुनाले नै नेपालमा शिक्षण संस्थाहरू विस्तारित भइरहेर पनि यी समस्याको समाधानतिर उन्मुख भने विरलै मात्र छन् । त्यसकारण अव सरकार र जनता सवैको ध्यान १६ देखि १८-१९ वर्षसम्मका युवाहरूलाई गरिखाने बाटोमा लगाउने शिक्षा दिनेतर्फ जानुपरेको छ । नत्र यही वर्ग लुटी खाने, चोरी खाने, ठगी खाने वर्ग नहोला भन्ने छैन ।

यस वर्गका युवाहरूका लागि विकसित मुलुकहरूले कस्तो व्यवस्था गरेका छन्, त्यतातिर दृष्टिगत गरौँ ।

अमेरिकामा कम्युनिटी कलेजमा लगेर १६ देखि १८-१९ वर्षसम्मका युवाहरूलाई २ वर्ष सीप सिकाउने, त्यसपछि 'त्यही सीपको जगमा अव आफैँ कमाएर खाऊ, पछि अरू २ वर्षे सीप र ज्ञान पनि थप, अनि डिग्री लेऊ' भन्ने कार्यक्रम वनाइएको देखिन्छ । युरोपमा भने प्रायः काम पनि गर्ने र शिक्षालाई पनि सँगै अघि वढाउने अप्रेन्टिसिप तालिम दिने वलियो संरचना वनाइएको पाइन्छ । त्यहाँ त्यस्तो कार्यक्रम चलाउने र रोजगारी दिने कुरा औद्योगिक क्षेत्रले गर्ने, अनि तालिम अभिवृद्धि गर्ने र समन्वयात्मक भूमिका निर्वाह गर्ने कामचाहिँ श्रम विभाग अर्थात् सरकारले गर्ने व्यवस्था मिलाइएको हुन्छ । तालिमहरूको स्तरलाई मान्यता (Accreditation) प्रदान गर्ने प्रणालीको जिम्मा पनि सरकारले नै लिएको हुन्छ । भारतमा चाहिँ यस्तो तहलाई पोलिटेक्निक तहको शिक्षा भनी एउटा वेग्लै कार्यक्रम नै वनाइएको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नेपालमा भने छैन पनि भन्न नमिल्ने र छ पनि भन्न नमिल्ने व्यवस्था छ । त्यस तहलाई प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (Council for Technical Education and Vocational Training - CTEVT) ले गर्ने भनिएको छ । तालिमको शुल्क कसले वेहोर्ने र काम गर्दागर्दै पढ्ने प्रणाली कुन हो भनेर देखाइएको छैन । अन्यत्रचाहिँ त्यस्ता युवाहरूलाई पढाइ पनि र काम पनि एकैचोटि गर्नुपर्ने भएको हुँदा तिनीहरू अति नै व्यस्त हुन्छन्, अर्थात् टाउको उठाउनै नपाउने गरी तिनीहरूलाई काम र पढाइमा लगाइएको हुन्छ । हामीकहाँ त सीटीईभीटीलाई नै शिक्षावजेटको १ देखि १.५ प्रतिशत दिई भ्रारा टार्ने प्रयास मात्र भएको देखिन्छ । विद्यमान शिक्षाप्रणालीमा रहेको ठूलो कमजोरीका रूपमा यस कुरालाई लिन सकिन्छ ।

विश्वविद्यालयस्तरीय शिक्षाको अब एकै छिन कुरा गरौँ ।

विश्वविद्यालयस्तरीय शिक्षालाई मोटामोटी रूपमा तीन समूहमा राखेर हेर्न सकिन्छ – (१) प्राविधिक शिक्षा, (२) व्यावसायिक वा रोजगारीमूलक शिक्षा, र (३) दूरशिक्षालगायतका साधारण विषयका क्याम्पसमा दिइने शिक्षा ।

प्राविधिक शिक्षा समूहमा प्रायः ४ वर्षदेखि ६ वर्षसम्म लाग्ने र पूरा समय नै शिक्षामा विताउनुपर्ने सघन किसिमको शिक्षा दिइन्छ । यस वर्गभित्र चिकित्साशास्त्र, नर्सिङ, इन्जिनियरिङ, फार्मेसी, अन्य टेक्नोलोजी, कृषिविज्ञान, सूचना-प्रविधि आदि विधाहरू पर्दछन् । यी विधाको शिक्षामा आधाभन्दा बढी पाठ्यभार प्रयोगात्मक शिक्षामा हुन्छ । त्यसैले यी विधाको शिक्षा प्रायः वढी महँगो हुन्छ । इन्जिनियरिङ र टेक्नोलोजी नै अरू शिक्षाभन्दा २-३ गुणा वढी महँगो हुन्छ भने चिकित्साशास्त्र त भन् ६-७ गुणा नै वढी महँगो हुन्छ । अहिले यी विधाको शिक्षालाई विस्तार गर्न सरकार पनि लागिपरेको छ, अभ्र वढी त निजी क्षेत्र नै अगाडि वढेको छ । पूर्वाधारको निर्माण गर्नुपर्ने र बढी महँगा शिक्षक राख्नुपर्ने हुँदा निजी क्षेत्रलाई वढी भार परेको छ । तर माग यिनै विधामा वढी छ र वढी शुल्क लिइयो भन्ने गुनासो पनि यहीँ नै छ । करिव २० वर्षपहिले चिकित्साशास्त्र, इन्जिनियरिङ, कृषि र वनसम्वन्धी एक-एकवटा मात्र कलेज भएको अवस्थावाट अहिले चिकित्साशास्त्रमा २०, इन्जिनियरिङमा ३० र अन्य प्राविधिक विषयहरूमा ३०-४० वटा शिक्षण संस्थाहरू स्थापना भइसकेका छन् । ती संस्थाहरूको स्तर पनि सन्तोषजनक नै भएको पाइएको छ । यो सुविधा यहाँ विस्तार नभएको भए अहिले थुप्रै विद्यार्थी ती विषयहरू पढ्न वाहिर जान्थे र वीसौँ अर्वसम्मको रकम विदेशतिर जान्थ्यो । ती विषयहरूमा पढ्ने सुविधाको विस्तार हुँदै आत्मनिर्भर हुन थालिएको र शिक्षाका लागि विदेश जाने क्रमलाई धेरै हदसम्म रोक्न पनि सकिएको हुँदा यसलाई राम्रो प्रगति मान्न सकिन्छ । तर अधिक व्यापारीकरण, अधिक विस्तार र कम गुणस्तरयुक्त हुन गयो भने हाम्रो उपलब्धि चाँडै ओह्रालो लाग्न थाल्नेछ । मागअनुरूप आउँदो दशकमा कति सङ्ख्यामा यस्तो जनशक्ति चाहिन्छ भन्ने कुराको सही अनुमान गर्ने र गुणस्तर-नियन्त्रणमा विशेष सजग रहने परिपाटीको विकास अब आवश्यक छ र त्यस पक्षमा अविलम्व ध्यान दिनु जरुरी छ । यस समूहको शिक्षामा निरन्तर अनुसन्धान भइरहेको हुनुपर्छ, नत्र वाहिरी जगत्को उत्पादन र प्रविधिलाई व्यापक प्रयोग गर्नमा हाम्रो शिक्षा पछि पर्न सक्छ । सकिन्छ भने विश्वले नै पत्यार गर्ने खालको स्तरयुक्त शिक्षा दिने २-४ वटा उत्कृष्ट शिक्षण संस्था स्थापना गर्न सरकारले गम्भीर रूपमा सोच्नुपर्ने बेला पनि भएको छ । अहिले सरकारले यस दिशातिर चाहिनेजति ध्यान दिन नसकेको स्पष्ट देखिन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

व्यावसायिक वा रोजगारीमूलक शिक्षामा जोड दिएको समूहमा व्यवस्थापन, लेखा, कानुन, शिक्षाशास्त्र, ग्रामीण अर्थशास्त्र, सामाजिक शास्त्र आदिजस्ता विधाहरू पर्दछन् । ती विधाहरूमा काम गर्ने युवा जनशक्तिको माग दसौं हजारमा रहेको पाइन्छ, तसर्थ शिक्षा प्रस्ट रूपमा त्यतातिर ढल्केको हुनैपर्ने भएको छ । ती विषयहरूले शिक्षक आफैँमा सम्वन्धित विषयको प्रत्यक्ष अनुभव खोजिरहेका हुन्छन् भने पुस्तकालय र इन्टरनेट सुविधा पनि त्यत्तिकै खोजिरहेका हुन्छन् । ती विषयमा प्राय: पहिलो डिग्रीका लागि ३ वर्ष र कुनै-कुनै विधामा ४ वर्ष लाग्ने गर्छ । ती विषय पढ्ने विद्यार्थीहरूले प्राय: कलेजमा ३-४ घन्टा र घरमा ३-४ घन्टा विताएर पनि २-३ घन्टाको कुनै आंशिक कामसमेत गर्न भ्याउन सक्छन् । कमाउनु पनि पर्ने र पढ्नु पनि पर्ने अवस्थाका विद्यार्थीहरूले उच्चमाध्यमिक तहमा लेखा, कम्प्युटर, भाषा र सञ्चारसम्वन्धी विषय पढेका छन् भने आंशिक काम पाउने सम्भावना वढी हुन्छ । काम गर्दै पढ्ने अथवा दैनिक १०-११ घन्टासम्म काम गर्न सक्ने वा चाहनेका लागि यी विषयको अध्ययन अत्यन्त राम्रो हुन सक्छ ।

दूरशिक्षालगायतका साधारण विषयका क्याम्पसमा दिइने शिक्षाले पनि निकै महत्त्व राखेको छ । काम गरेर खानुपर्ने तर शिक्षालाई अगाडि वढ्न दिन खोज्ने समूह निकै ठूलो छ । अहिले सवैजसो पाठ्यक्रमहरू पूरा समय शिक्षा दिने ढाँचामा निर्माण गरिएका छन् । तर आंशिक रूपमा कोर्स लिने र दूरशिक्षा कार्यक्रमवाट शिक्षालाई निरन्तरता दिने प्रणालीलाई राम्ररी समेटिएको ढाँचा डाँडाकाँडामा र दूरदराजमा वस्ने युवाहरूका लागि अत्यन्त महत्त्वपूर्ण हुन पुग्छ । अहिले विश्वभरि नै यस्तो शिक्षाले व्यापकता पाउँदै गरेको छ । सरकारले दिएको शिक्षकले पढ्न खोज्ने सवैलाई समेट्न नसकेको र निजी क्षेत्रको शिक्षा वढी शुल्क पर्ने भएको हुँदा दूरशिक्षा (Distancewide Education) र आंशिक कोर्स (Part-time Course) दिने संस्थाहरूको विस्तार मात्र कमाउनु पनि पर्ने र पढ्न पनि पाउनेतर्फको वाटो हिँड्न खोज्नेहरूका लागि उत्तम ढाँचा हुन पुग्छ ।

जुनसुकै शिक्षा लिए पनि शिक्षा गुणात्मक हुनुपर्दछ, सार्थक हुनुपर्दछ र विद्यार्थीको सामर्थ्यअनुकूल पनि हुनुपर्दछ । वर्षभरि हल्लिने, जाँचको वेलामा मात्र मिहिनेत गर्ने, जाँच पास गरेर प्रमाणपत्र वोक्न मात्र खोज्ने किसिमको शिक्षा अव धेरै दिन चल्दैन । किनभने युवाहरूले उत्पादनशील र कर्मशील हुनैपर्छ । रोजगारीको अवसर अव सरकारसित धेरै छैन, निजी क्षेत्रसित छ । सीप नसिकेको, राम्रो चरित्र नभएको र आफ्नो हकहित मात्रै खोजेर हिँड्ने युवाहरूलाई निजी क्षेत्रका रोजगारदाताले राख्न खोज्दैनन्, तर रोजगारी भने उनीहरूसँगै छ भनेर राम्ररी वुझ्नु जरुरी छ । तसर्थ अवको शिक्षा रोजगारमुखी हुनैपर्छ र रोजगारीका लागि चाहिने ज्ञान र सीप पनि खँदिलो हुनैपर्छ । राम्रो चरित्र र असल संस्कार नवोकेका युवाहरूलाई नेपालको होस् या विदेशको, कुनै पनि रोजगारी क्षेत्रले रुचाउँदैनन् ।

विशिष्टीकरण तह र स्नातकोत्तर र त्यसभन्दा माथिको तहको शिक्षाको अर्थ र महत्त्व छुट्टै हुने हुँदा त्यस विषयमा यहाँ उल्लेख भएको छैन । तर स्नातकोत्तर तहमा पढ्न जाँदा रोजगारीको २-३ वर्षको अनुभव लिनु राम्रो हुन्छ । अनुभव नलिई जाने हो भने किन त्यो विषय पढ्न खोजेको हो भन्ने कुराचाहिँ थाहा पाउनैपर्छ । त्यो कुरा थाहा नभएकालाई पढाएर खास अर्थ छैन र पढ्नेलाई पनि अर्थ छैन । पढ्ने कामजति सिध्याएर रोजगारीमा प्रवेश गर्छु भन्ने सोचाइ भएका वर्गलाई मात्र यस्तो शिक्षा काम लाग्ने हुन सक्छ ।

१० असोज २०६८ धुलिखेल, काभ्रे

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

दर्शन

गणित दर्शनमा परिवर्तन : एक विवेचना

✍ प्रा. डा. मीनबहादुर श्रेष्ठ*

१) पृष्ठभूमि

गणितीय धारणा र अभ्यासको प्रारम्भिक विकास तथा उत्पत्ति सम्वन्धमा किटानका साथ भन्न नसकिने भए तापनि पुरातात्विक अवशेषका आधारमा सङ्ख्या सम्वन्धी कुनै न कुनै प्रकारको धारणा आठ हजार वर्षभन्दा पुरानो भएको मानिन्छ । यस क्रममा गणना, नाप र वस्तुहरूलाई आकारका आधारमा वर्गीकरण गर्ने क्रियाकलापहरू नै गणितको मुख्यआधार भएको देखिन्छ । गणना र आकारको वर्गीकरणवाट अङ्कगणित ज्यामिति विकास भएको देखिन्छ भने वस्तुको नाप (लम्वा , क्षेत्रफल, आयतन र तौल) को सन्दर्भमा गणना र आकार दुवैको संयुक्त प्रयोग हुन गई गणितको परिष्कृत अध्ययन र अनुसन्धानको विकास हुन गयो (रोजर कुक, १९९७:५१२) ।

'सङ्ख्या' र 'आकार' गणितका दुईमुख्य धारणाहरूको संयुक्त प्रयोगवाट वस्तुहरूको नाप, तुलना र क्रमको अध्ययन २५०० वर्षअधि सुरु भएको मानिन्छ । जसले गणितलाई नयाँ उचाइमा पुऱ्यायो र औपचारिक गणितको प्रारम्भिक आधारशिला खडा हुन गयो । (रोजर कुक, १९९७:५-७) वीसौं शताव्दीमा आइपुगदा गणित दर्जनौं क्षेत्रहरूको व्यापक औपचारिक संरचनाको रूपमा विकसित भएको छ । वर्तमान समयमा गणित, विज्ञान र प्रविधिको क्षेत्रमा मात्र सीमित नभएर अर्थशास्त्र, वाणिज्य शास्त्र, भूगोल आदि क्षेत्रहरूमा पनि प्रयोग भइरहेको छ । गणितीय समस्या र अन्य विषयमा प्रयोग हुने गणना सम्वन्धी समस्या समाधान गर्ने एउटा मुख्य विषय हो, यसले मानवीय ज्ञानको विकास गर्न ठूलो योगदान दिएको छ ।

प्राचिन समयदेखि नै गणितलाई महत्व दिई मुख्य विषयको रूपमा लिइएको देखिन्छ । गणितको महत्व मूलत यसको उपयोगमा आधारित रहेको छ । गणितज्ञहरू गणितको विकास, गणितको ज्ञान र उपयोग दुवैका लागि गर्दछन्, गणितमा प्राप्त हुने नतिजाको स्थायित्वको कारणले होला गणितीय ज्ञानलाई विलकुल सत्य-तथ्यको ज्ञान र कुनै द्विविधा नभएको ज्ञानका रूपमा लिइन्छ । गणितीय ज्ञानको यो दृष्टिकोण लगभग दुई हजार वर्षदेखि चल्दै आएको छ । इतिहासका प्रमुख गणितज्ञ र दार्शनिकहरूमध्ये अधिकांश यसै दृष्टिकोणका प्रवक्ता र अनुयायी देखिन्छन् । यस दृष्टिकोणलाई **निरपेक्षवादी दृष्टिकोण** भनिन्छ । किनभने यसले गणितीय ज्ञानलाई मानवीय क्रियाकलाप, मानवीय मूल्य, काल

**लेखक शिक्षा शास्त्र केन्द्रीय विभाग, त्रि.वि., कीर्तिपुरमा कार्यरत हुनुहुन्छ । -सम्पा.*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri
परिवेश आदिबाट स्वतन्त्र र निरपेक्ष मान्दछ । यसको मुख्य आधार भनेको स्वयम्सिद्ध तथ्यका आधारमा गणितीय ज्ञानको संरचना हो, जसमा आगमन तर्कको आधारमा गणितीय ज्ञानको विकास गरिन्छ ।

निरपेक्ष गणितको दार्शनिक मान्यतामा हाल आएर ठूलो प्रश्न उत्पन्न भएको छ । गणितीय ज्ञान पनि मानवीय तथा सामाजिक निर्माण भएकाले अन्य मानवीय तथा सामाजिक निर्माण जस्तै निरपेक्ष रूपमा सत्य र कालजयी हुन सक्दैन । गणितीय ज्ञान पनि परिवर्तन परिमार्जन र रूपान्तरणको घेरा वाहिर हुन सक्दैन भन्ने गणित तथा दर्शनशास्त्रीको सङ्ख्या बढ्दो छ । (अर्नेस्ट १९९१ XI) यस्तो विचारधारालाई **सापेक्षवादी दृष्टिकोण** भनिन्छ । यिनीहरूका अनुसार गणितीय ज्ञान मानव निर्मित ज्ञान भएकाले यसका समर्थकहरूलाई मानववादी भनिन्छ । यो चिन्तन नवीनतम धारको रूपमा विकसित हुँदैछ (हर्स १९९९:९१–९२) ।

यस लेखमा गणित दर्शनको मूल प्रवाहका रूपमा विकास भएको निरपेक्षवादी दृष्टिकोण (absolutist views) नयाँ स्थापित हुन गइरहेको सापेक्षवादी-मानववादी दृष्टिकोण (fallibilist humanist views) को विवेचनात्मक रूपमा चर्चा गरिनेछ । यो गणित दर्शन सम्वन्धी लेख भएकाले यसमा गणितका विषयवस्तु (गणितीय धारणा, सीप र सिद्धान्त) को व्याख्या र विवेचना भन्दा पनि गणितीय ज्ञानलाई हेर्ने दृष्टिकोणको विवेचना गरिने छ । यहाँ गणित विषयभित्र कस्ता विषयवस्तुहरू छन् भन्दापनि गणित विषय नै के हो भन्ने वारेमा र गणितका विषयवस्तुहरू (objects) के हुन् ? तिनीहरू गणितज्ञद्वारा पत्ता लगाइएका हुन् कि निर्मित हुन् ? गणितीय सिद्धान्तहरू, तथ्यहरू किन सत्य मानिन्छन् ? किन गणितीय ज्ञानको सम्वन्धमा यति धेरै विश्वव्यापी एकरूपता कायम भयो होला? किन गणित भौतिक विज्ञानमा उपयोगी हुन्छ ? आदि सम्वन्धमा विवेचना गरिनेछ ।

माथि उल्लेख गरिएका प्रश्नको उत्तर सम्वन्धमा अध्ययन गर्ने काम मूलतः गणित दार्शनिकको हो । यस सन्दर्भमा प्रसिद्ध दार्शनिक सुकरात र उनका मित्र हिपोक्र्याटस् बीच गणितको सम्वन्धमा भएको संवाद (रेनी २००९:१–१६) को सानो अंश यहाँ प्रस्तुत गरिएको छ ।

सुकरातः तिमीलाई थाहा छ, म गणितज्ञ होइन । किन तिमीले यो प्रश्न प्रख्यात गणितज्ञ थियोडोरसलाई गर्दैनौ ?

हिपोक्र्याटस्: पछिल्लो पटक जव म तिमीकहाँ आएँ । म प्रोटोगोरसको शिष्य हुने उद्देश्यले आएको थिएँ । हामीसँगै उनलाई भेट्न गयौं र तिमीले त्यहाँ छलफललाई यसरी अगाडि वढायौ कि यसवाट मलाई स्पष्ट भयो कि उनलाई आफैले पढाउने विषयको वारेमा थाहा रहेनछ ।

प्रोटागोरस त्यस समयको एथेन्सका प्रख्यात गणितज्ञ थिए । तर हिपोक्र्याटस् गणितीय ज्ञानको सत्यता सम्वन्धमा छलफल गर्न सुकरातको पछि लागे । यसको तात्पर्य यो हो कि गणितको अध्ययन गर्नु एउटा विषय हो भने गणित-दर्शनको वारेमा अध्ययन गर्नु अर्को विषय हो । यस लेखमा दोस्रो पक्षलाई अर्थात् गणित-दर्शनलाई नै विवेचनाको मूल विषय वनाइएको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

२) गणितको निर्विकल्प सत्यता र निरपेक्ष दर्शन

गणित-दर्शन दर्शनशास्त्रको एक शाखाका रूपमा विकास भएको छ। यसको मुख्य कार्य भनेको गणितको प्रकृति, स्वरूप स्वभावका सम्वन्धमा व्याख्या गर्नु र निर्देशित गर्नु हो (अर्नेस्ट, १९९१:३) यस सन्दर्भमा गणित दर्शनले माथि उल्लेखित विभिन्न प्रश्नको उत्तर खोज्दछ। के र किन विषयवस्तु र उपयोगितासँग सम्बन्धितं हुन्छन्, कसरी भन्ने प्रश्नहरू प्रायः विधि र प्रक्रियासँग सम्वन्धित हुन्छन्। पहिलो खाले प्रश्नहरू गणित विषयको प्रकृति, स्वरूप, स्वभाव तथा अस्तित्वसँगै सम्वन्धित भएकाले यस्ता प्रश्नको विवेचना तथा निर्क्यौल गर्नु गणित-दर्शनको मुख्य कार्यहरू मध्ये पर्दछन्। यी प्रश्नहरूको व्याख्या विवेचनाले दर्शनमा यति धेरै महत्व राख्छ कि यसको विवेचनामा पशिचमी दर्शन-साहित्यमा ईसापूर्वका दार्शानिक पाइथागोरस, सुकरात, प्लेटो, अरस्तुदेखि लिएर अठारौं शताब्दीका ईम्मानुएल कान्ट, वीसौं शताब्दीका फ्रज, रसेल ब्राओर हिलवर्ट र हाल आएर अल्फ्रेड रेनी, माइकल पोलानी, फिल डेविज, पाउल अर्नेस्ट, थोम टिमोचे, रेउवेन हर्स आदिको योगदान देखिन्छ, (हर्स, १९९९:९१–११८) यी प्रश्नहरू मूलतः ज्ञानको सिद्धान्त (epistemology) र ज्ञानको उत्पत्ति, प्रकृति, स्वरूप र अस्तित्व आदिसँग सम्वन्धित अध्ययन अन्टोलोजी (ontalogy) को विषयका रूपमा विकास भइरहेका छन्। यस विषयका सवालहरू ऐतिहासिक सवालहरू हुन्। वितेका दुई सय वर्ष यता यसको व्यापक अध्ययन भएको छ। यी अध्ययनले गणित दर्शनका सम्वन्धमा व्यापक प्रकाश पारेका छन्।

माथि उल्लेख गरिएका प्रश्नहरूको समाधान खोज्ने क्रममा भएका अध्ययन, अनुसन्धान तथा दृष्टिकोणलाई धेरै भागमा बाँड्न सकिए तापनि मुख्यतः दुई मूल धारको रूपमा देख्न सकिन्छ। पहिलो धार जसले गणितीय ज्ञानलाई निरपेक्ष तथा सर्वव्यापी सत्य ज्ञानको रूपमा लिन्छ। जस अनुसार गणितीय ज्ञान विलकुल सत्य तथा सर्वव्यापी ज्ञान हो। यो विशुद्ध सत्य ज्ञान भएकोले यसमा सुधार तथा परिवर्तनको आवश्यकता छैन। यो मानवीय क्रियाकलापवाट स्वतन्त्र भएकाले समयमुक्त र कालजयी छ। यो चिन्तनधारालाई **निरपेक्षवादी दृष्टिकोण** भनिन्छ। इतिहासको दुई हजार वर्षदेखि मूल प्रवाहको रूपमा विकासभएको गणितको दर्शनका रूपमा यही धार भएकाले परम्परावादी तथा आधुनिक धेरै गणित दार्शनिक तथा गणितज्ञहरू यसै धाराका प्रवर्तक तथा अनुयायी छन् (अर्नेस्ट, १९९१:३–७) प्रस्तुत लेखको यस खण्डमा यसै चिन्तनको सम्वन्धमा विवेचना गरिनेछ।

निरपेक्षवादी चिन्तनको मुख्य आधार तथा दावी भन्नु नै गणितीय ज्ञानको संरचना निश्चित ज्ञान तथा आवश्यक प्रमाणमा आधारित हुनु हो। अझ विस्तृत रूपमा र सरल भाषामा भन्नु पर्दा गणितको संरचना हेर्दा यसको जगमा स्वयम् सिद्ध तथ्यहरू हुन्छन् जुन सहजै सत्य देखिन्छन्। जस्तै बरावरमा वरावर जोड्दा वरावर नै हुन्छ, सवै समकोणहरू वरावर हुन्छन् एउटा सरल रेखा र त्यसमा नपर्ने एउटा विन्दु एउटै समतल क्षेत्रमा छन् भने त्यो विन्दुवाट जाने र त्यो रेखासँग समानान्तर हुने एउटै मात्र सरल रेखा हुन्छ आदि। यी स्वयम् सिद्ध तथ्यहरूको आधारमा निगमन तर्कको प्रयोग गरेर गणितीय कथनहरू प्रमाणित गरिन्छन्, जस्तै त्रिभुजको तीन वटा भित्री कोणहरूको योगफल १८०° हुन्छ। यसरी नै गणितको संरचना अगाडि वढ्दै जान्छ। यस क्रममा गणितीय पदहरूको परिभाषा दिने (केही पदलाई अपरिभाषित राख्ने) र ती पदहरूको उपयुक्त प्रयोग गर्दै जाने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

क्रमलाई यसरी व्यवस्थित गरिन्छ कि त्यो स्वयम् सिद्ध तथ्यमा आधारित तार्किक संरचना वन्न जान्छ । त्यस्तो तार्किक संरचनाले पूरा गर्नुपर्ने मुख्य शर्त भनेको विरोधाभासवाट मुक्त हुनु र मान्य निष्कर्षहरूको निरन्तरता कायम गर्नु हो । यसको ऐतिहासिक नमूना भनेको युक्लिडको ज्यामितिको विकास हो जसको अधिकांश भाग हाम्रा विद्यालयको ज्यमितिको पाठ्यक्रम वनेको छ । यसको महत्वका सम्वन्धमा अठारौँ शताब्दीका प्रमुख दार्शनिक इमानुएल कान्टले युक्लिडीय ज्यामितिलाई मानवीय दृष्टिको व्याख्याका रूपमा लिएका छन् । उनले यतिसम्म भने की मानवीय दृष्टिको व्याख्या तथा प्रदर्शन यसले मात्र गर्ने भएकाले युक्लिडको ज्यामितिभन्दा अर्को ज्यामितिको अस्तित्व हुन सक्दैन । ज्यामितिको यो नमूना गणितको औपचारिक नमूना पनि हो र यसलाई पूर्ण औपचारिक नमूना वनाउन पनि धेरै वौद्धिक अभ्यास भयो । वीसौँ शताब्दीका एक प्रमुख गणितज्ञ डेविड हिलवर्टको प्रयासवाट यो पूर्ण औपचारिक नमूनाको रूपमा स्थापित भयो ।

कान्ट निरपेक्षवादी ठूला दार्शनिक हुन् । उनको युक्लिडीय ज्यामितिप्रतिको दृष्टिकोणलाई विश्लेषण गरेर हेर्दा के देखिन्छ भने युक्लिडको ज्यामितिको ज्ञान मानवीय दृष्टिलाई उजागर गर्ने सत्य ज्ञान हो । यस्तो ज्ञान, सर्वव्यापी, निरपेक्ष र कालजयी हुने हुँदा यसको विकल्प छैन । यसका साथै यसमा परिमार्जन र परिवर्तनको सम्भावना नरहने भएकाले यस्तो सत्य अन्तिम सत्य हुने भयो । कान्टको यो चिन्तन प्लेटोको कालजयी सत्य ज्ञानको खोजी गर्ने चिन्तनमा आधारित देखिन्छ (हर्स, १९९९:१२९–१३७) । कान्टले शास्त्रीय दर्शनलाई शिखरमा पुऱ्याउने काम अठारौँ शताव्दीको अन्त्यतिर पूरा गरे । उनले भनेका छन्- "ज्यामिति र अङ्कगणितका तथ्यहरूलाई हाम्रो मस्तिकद्वारा कार्यान्वयन गरिन्छ र यो हाम्रो अनुभववाट स्वतन्त्र छ ।" उनका अनसार हाम्रो क्षेत्र (space) सम्वन्धी अन्तरदृष्टिको व्यवस्थापन ज्यामितिले गर्छ । अन्य पूर्ववर्ती चिन्तकहरू जस्तै कान्टले पनि ज्यामिति एउटै मात्र हुन्छ र त्यो हो युक्लिडको ज्यमिति भनेका छन् । ज्यामिति र अङ्कगणितका तथ्यहरू प्रत्येक मानिसका लागि सत्य छन् किनभने यी ज्ञानहरू हाम्रो क्षेत्र र समयको अन्तर्दृष्टि (intuition) मा आधारित छन्, हाम्रो भौतिक अनुभूतिवाट यी स्वतन्त्र छन् । यस्ता ज्ञानहरू वस्तुगत हुन्छन् किनभने तिनीहरू प्रत्येक मानव मष्तिष्कका लागि वैध छन् (हर्स १९९७:१२९-१३१) दार्शनिक रूपमा निरपेक्षवादी गणित दर्शनको उच्चतम व्याख्या र यसको पृष्ठभूमि कान्टको दार्शनिक विवेचनाले दियो ।

कान्टको दार्शनिक विवेचनावाट गणित (गणितीय ज्ञान) को स्वभाव, स्वरूप, प्रकृति र अस्तित्वको सम्वन्धमा (पहिले उल्लेख गरिएका प्रश्नहरूका सम्वन्धमा) केही हदसम्म उत्तर मिल्दछ । यसको आधारमा आधारभूत गणितीय ज्ञान (गणितीय तथ्य) र विषयवस्तु मानवीय चेतनावाट निर्मित भन्दा पनि पूर्व निर्धारित अन्तर्निहीत संश्लेषणात्मक ज्ञानको खोजी हो किनभने यसको मूल मानव मस्तिष्कमा रहेको अन्तर्निहीत ज्ञान हो यसका अर्थ गणितीय वस्तु मूल रूपमा आविष्कार (created) अर्थात् सिर्जित नभएर पत्ता लगाइएका तथ्य हुन् । यसका आधारमा गणितीय ज्ञानको सत्यता तर्कमा होइन स्पेस र समयमा अन्तर्निहीत ज्ञान (Intution of space and time) मा आधारित छन्, यसै कारणले गणितीय ज्ञान सर्वव्यापी सत्य छन् र त्यस्तो ज्ञान कालजयी हुन्छन् ।

कान्टको स्पेस सम्वन्धी धारणामा ठूलो चुनौती नन्युक्लिडियन ज्यामितिको विकासले पुऱ्यायो । युक्लिडको ज्यामिति नै स्पेसको वास्तविक व्याख्या र प्रदर्शन हो भन्ने मूल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri
मान्यता वोकेको कान्टको निरपेक्षवादी दर्शनमा ठूलो प्रश्न त्यति वेला उत्पन्न भयो जव युक्लिडको ज्यामिति भन्दा विलकुल अलग तर बैध ज्यामितीय प्रणालीहरूको अस्तित्व छ- जसमा त्रिभुजको भित्री कोणहरूको योगफल १८०° भन्दा कम या वढी हुन सक्छ भन्ने प्रमाणित भयो (उल्फ, १९४५) उन्नाइसौं शताव्दीको ननयुक्लिडियन ज्यामितिको विकासले कान्टको स्पेस र समय सम्वन्धी धारणमा ठूलो प्रश्न उत्पन्न भयो र निरपेक्षवादी गणित दर्शनको जग नै हल्लियो । त्यसपछि निरपेक्षवादी दार्शनिक र गणितज्ञले कान्टको स्पेस र समयको धारणा विना नै गणित दर्शनको वलियो जग वनाउनतिर लागे, जसले गर्दा गणित विलकुल सत्य ज्ञानको रूपमा स्थापित हुन सकोस् । त्यस समयमा कान्टको दर्शनको प्रभाव यति धेरै थियो कि न्युक्लिडियन ज्यामिति जस्तो ठूलो युगीन परिवर्तनलाई पनि दार्शनिक महत्व दिइएन । कुनै पनि गणितीय प्रणालीको सवभन्दा ठूलो विशेषता भनेको प्रणालीको स्थायित्व हो । अर्थात प्रणाली विरोधभासवाट मुक्त हुनुपर्छ, गणितका आधारभूत मान्यता र त्यसका आधारमा स्थापित गणितीय सिद्धान्त र साध्यहरूमा विरोधाभास नहुने गरी कायम भएको गणितीय प्रणालीलाई स्थायित्व भएको प्रणाली भनिन्छ । वीसौं शताव्दीको सुरुदखि नै गणितको निरपेक्ष दृष्टिकोणमा ठूला चुनौतीहरू देखिन थाले । ती चुनौतीहरू मुख्यत: गणितमा देखिएका विरोधाभासका कारणले हुन गएका हुन् ।

निरपेक्ष गणितको वलियो तथा सुरक्षित आधार तयार गर्ने क्रममा गोटलव फ्रेजको कार्य ज्यादै नवीनतम तथा उच्चकोटिको देखिन्छ । गोटलव फ्रेज वीसौं शताव्दीका एक प्रमुख गणित दार्शनिक थिए । उनले त्यति वेलासम्म विकसित भएको गणितीय तर्कको प्रयोग गरेर गणितको वलियो आधार निर्माण गर्ने प्रयास गरे । यसका लागि उनले तर्कको प्रयोगवाट प्राकृतिक सङ्ख्या (गन्ती सङ्ख्या) को रचना गरे । उनको विश्व प्रसिद्ध गणित दर्शन सम्वन्धी कृति **ग्रुन्डलागेन** (grundlagen) मा उनले अङ्कगणितलाई तर्कको आधारमा विकास गर्न सङ्ख्याको पहिलेका परिभाषाहरू (जस्तै- सङ्ख्या कसैको दिमागमा रहेका आइडिया हुन्- मनोविज्ञानवाद, सङ्ख्या विकास हुँदै जान्छ- इतिहासवाद, सङ्ख्या भौतिक संसारका वस्तु हुन्- व्यवहारवाद आदि) लाई खारेज गरी समूहको धारणाका आधारमा सङ्ख्याको परिभाषा दिए । उनले सङ्ख्यालाई भौतिक र मनोवैज्ञानिक दुवै रूपमा अस्वीकार गरे । उनले सङ्ख्यालाई अमूर्त वस्तुको रूपमा लिए, जुन वस्तु वास्तविक त छन् तर भौतिक पनि होइनन् र मनोवैज्ञानिक पनि होइनन् (हर्स, १९९९:१४२-१४२) । फ्रेजले अङ्क गणितको निर्माण गर्नका लागि सङ्ख्यालाई वर्गहरूको रूपमा (numbers are classes) लिए । जस्तै दुई भन्नु जोडाहरूको क्लास हो भने तीन भन्नु ट्रिप्लेट (तीन वटा सदस्य भएका सवै समूह) को क्लास हो । यस्ता समूह (जोडाहरूको वर्ग) फरक फरक भए पनि यिनीहरूको वीचमा समानता छ, त्यसलाई नै फ्रेजले सङ्ख्या भने । त्यो समानता ती जोडाहरूको वीचमा एकएक जोडा मिलाउने कार्यको आधारमा स्थापना गर्न सकिन्छ । त्यसैले फ्रेजका अनुसार जोडाहरूको वीचमा एक-एक मिलाउने कार्य गर्न सकिने गुणले जे जनाउँछ, त्यो दुई सङ्ख्या हो । यस्तो जोडा वस्तुगत छन् स्वतन्त्र र कालजयी छन् । गणित पनि वस्तुगत र स्वतन्त्र छ भन्ने कान्टको विचारलाई यिनले पुष्टि गर्न चाहन्छन् । फ्रेजको क्लासमा आधारित सङ्ख्याको विश्लेपण गणितको विकासका लागि धेरै महत्वपूर्ण छ । फ्रेजको उद्देश्य मूल रूपमा प्लेटो, कान्ट, आदिका सङ्ख्याको धारणाका आधार पूर्वस्थापित अन्तरनिहीत ज्ञानको अस्तित्व देखाउनु थियो । फ्रेजको कार्य दार्शनिक रूपमा मौलिक भए पनि गणितलाई निरपेक्ष विषयको रूपमा विकास गर्न

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आवश्यक पर्ने आधार प्रदान गर्ने प्रयास सफल भएन । फ्रेजले आफ्नो ऐतिहासिक कार्यको प्राप्ति छाप्ने तयारीमा हुँदा वीसौं शताव्दीका एक प्रमुख दार्शनिक वर्ट्यान्ड रसेलले फ्रेजको गणितीय प्रणलीमा विरोधाभास भएको देखाए । यद्यपि रसेल फ्रेजका अनुयायी थिए । यो दृष्टि सेटको धारणाको विकास र यसको प्रयोग गर्ने क्रममा भएको थियो (अर्नेस्ट, १९९१:८) ।

गणितीय ज्ञान र गणित दर्शनको विकासको क्रममा दुई वटा अवधारणाहरूले अत्यधिक महत्व राख्दछन्, ती हुन्: तर्क र समूह सिद्धान्त । कान्ट र फ्रेजको कार्यले तर्कको वारेमा उल्लेखनीय कार्य गरे तापनि यसलाई व्यापक अध्ययन गरेर गणितलाई तर्कको आधार प्रदान गर्ने काम वीसौं शताव्दीको सुरुतिर दार्शनिक अल्फ्रेड नर्थ ह्वाइटहेड र वर्ट्यान्ड रसेलले गरे । समूह सिद्धान्तको विकास गणितज्ञ जर्ज कन्टरले गरेका हुन् (कुक, १९९७:४४०-४४१) जर्ज कन्टरको समूह (सेट) को धारणा र त्यस सिद्धान्तको विकासले गणितलाई नयाँ धारणा र विधि दियो । त्यसले गणितमा यति धेरै प्रभाव पार्‍यो की सेट पनि सङ्ख्या जस्तै गणितको अर्को धारणा वन्न गयो । यसले गणितमा नयाँ-नयाँ व्याख्या गर्‍यो । ग्यालिलियोको ठूलो र सानो वृत्तका विन्दुहरूलाई एक-एक जोडा मिलाउने कार्य गरेर समतुल्य देखाउन सकिन्छ भन्ने कुरालाई कन्टरले असङ्ख्य सङ्ख्या (infinite cardinality) को परिभाषा दिनका लागि प्रयोग गरे । यसको नतिजा यो भयो कि असङ्ख्य सङ्ख्या सिद्धान्तको धारणाको प्रयोगले प्राकृतिक सङ्ख्याको समूह (१,२,३,४,५ ......) यसैको उप-समूह: विजोर प्राकृतिक सङ्ख्याको समूह (१,३,५,७.........) सँग समतुल्य (equivalent) हुन गयो । दुवै समूहका वा वरावर सदस्यहरूका वीच एक-एक जोडा मिलाउने क्रम पूर्ण रूपमा स्थापित गर्न सकिने भएकाले गणनाको सिद्धान्त अनुसार दुवै समूह सदस्य सङ्ख्याको आधारमा समान मानिन्छन् । यो नियम निश्चित सदस्य सङ्ख्या भएका समूहमा स्वाभाविक देखिन्छ । यही प्रक्रियावाट दुई वटा समूहमा सदस्य सङ्ख्या वरावर छन् कि छैनन् भनेर हेरिन्छ तर यो तरिका असङ्ख्य सदस्य भएका समूहमा लागू गर्दा हाम्रो समझले सहजै स्वीकार गर्न नसकिने नतिजाहरू दिन्छ ।

३. निरपेक्षबादी गणित दर्शनमा समस्या र समाधानको प्रयास

समूह सिद्धान्तको विकासले गणितमा ठूला ठूला प्रश्न खडा गरिदिएको छ । कन्टरले एउटा समूहभन्दा अर्को समूह ठूलो (सदस्य सङ्ख्यामा) वनाउने क्रममा सवभन्दा ठूलो समूह हुन सक्दैन भन्ने निष्कर्ष निकाले । त्यस्तै कुनै समूह त्यसको उप-समूह हुन सक्दैन भन्ने कथनको सृष्टि रसेलले गरे, जसलाई ठीकऽवेठीक भनेर निर्क्यौल गर्न सकिएको छैन र यो कथनलाई रसेलको विरोधाभास (Paradox) भनिन्छ । गणितमा यस्ता थुप्रै विरोधाभासपूर्ण नतिजा वा अपूर्णता देखिनाले गणित विलकुलै सत्य ज्ञान (निरपेक्ष र अकाट्य ज्ञान) कसरी हुन सक्दछ भन्ने प्रश्न बीसौं शताव्दीको सुरुदेखि नै वलियोसँग उठ्यो । यसले गर्दा गणितको व्यवस्थित तथा सुरक्षित जगको विकास गरी गणितको दर्शनलाई पूर्णता दिने निरपेक्षवादी दर्शनको मर्ममा ठूलो चोट पुग्यो । गणित दर्शनमा आएका यी समस्याहरूवाट गणितलाई मुक्त गर्ने प्रयासको नतिजाका रूपमा गणित दर्शनमा धेरै चिन्तनको विकास भयो यस क्रममा विकास भएका तीन वटा मुख्य चिन्तनहरूमा तर्कवाद वा प्लेटोवाद, औपचारिकवाद र निमार्णवाद हुन् । गणित दर्शनमा यिनीहरूको भूमिकालाई यहाँ सङ्क्षेपमा विवेचना गरौं ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

माथि उल्लेख गरिए जस्तै गणितको सुरक्षित आधार तयार गर्ने उद्देश्यले तर्कवाद, औपचरिकवाद र निर्माणवादको विकास हुन गएको हो । तर्कवादका अनुसार शुद्ध गणित तर्कको एक विस्तारित क्षेत्र हो । यसको मुख्य उद्देश्य खास गरी फ्रेज र रसेलको चिन्तन भनेको समूह सिद्धान्तको विकास तथा पुनर्व्याख्या यस्तो प्रकारले गर्ने की जसले गर्दा यसमा भएका समस्या (जस्तै रसेलको प्याराडक्स) लाई हटाउन सकियोस् र गणितलाई तार्किक आधारमा टुङ्ग्याउन सकियोस् (हर्स, १९९१:१४८) । यो उद्देश्य पूरा गर्नका लागि तर्कको अध्ययन व्यापक रूपमा भयो । खास गरेर रसेलको कार्यले गर्दा तर्कवादको स्पष्ट तथा व्यवस्थित विकास भयो । यसो गर्ने क्रममा यसले मुख्य दुई वटा दावा प्रस्तुत गऱ्यो (अर्नेस्ट, १९९१:८-९): पहिलो, सबै गणितीय धारणालाई अन्तत तार्किक धारणामा व्यक्त गर्न सकिन्छ । यसो गर्दा समूह सिद्धान्तको वा अरु त्यस्तै धारणा प्रयोग गर्नुपर्ने आवश्यकता पर्दछ । दोस्रो, सबै गणितीय सत्यतालाई स्वयम् सिद्ध तथ्य र तर्कको नियमका आधारमा मात्र प्रमाणित गर्न सकिन्छ ।

थी दावीहरूको तात्पर्य स्पष्ट छ- यदि सबै गणितीय धारणाहरूलाई शुद्ध तर्कको भाषामा व्यक्त गर्न सकियो र सबै गणितीय सत्यतालाई तर्कको सिद्धान्तवाट प्रमाणित गर्न सकियो भने गणितीय ज्ञानलाई तर्कमा आधारित गर्न सकिन्छ भन्ने हो । यसो गर्न सकियो भने गणितले तर्कको आधार प्राप्त गर्ने छ, जसले गर्दा गणितको सत्यतालाई सुरक्षित प्रकारले अवतरण गराउन सकिने छ भन्ने हो । वास्तवमा यसरी नै गर्न सकिएको भए तर्कवादीहरूको कार्यक्रम (योजना) सफल हुने थियो, गणितले तर्कको आधार प्राप्त गर्ने थियो र गणितको निरपेक्ष सत्यता कायम हुने थियो । यो प्राप्ति अति ठूलो प्राप्ति हुने थियो, तर त्यसो हुन सकेन । रसेल र ह्वायटहेड (१९१०-१३) लाई उद्धृत गर्दै अर्नेस्ट (१९९१:८) लेख्दछन्- "उनीहरूको दुईवटा दावी मध्ये पहिलोलाई पुष्टि गर्न सफल भए तर तर्कवाद दोस्रो दावीमा असफल रह्यो ।" यसो किन हुन गयो भने गणितीय संरचनाको विकासका लागि तर्कवादको स्वयम् सिद्ध कथन मात्र पर्याप्त हुन सकेन । यसका लागि असङ्ख्य सदस्य भएको समूह सम्बन्धी स्वयम् सिद्ध तथ्य (जस्तै प्राकृतिक सङ्ख्याको समूहमा असङ्ख्य सदस्य हुन्छन्) को साथै आवश्यकता अनुसार छानेर प्रयोग गरिने स्वयम् सिद्ध तथ्य (जस्तै खाली समूह बाहेकका समूहहरूको कार्टेसियन गुणनफल खाली समूह बाहेकको समूह नै हुन्छ) को आवश्यकता पर्छ, जुन तर्कवादको स्वयम् सिद्ध तथ्यहरूवाट मात्र प्रमाणित गर्न सकिदैन । त्यसैले गणितका स्वयम् सिद्ध तथ्य राखेर गणितको सुरक्षित संरचना वनाउन सकिदैन भन्ने निष्कर्षमा तर्कवादका शिखर पुरुष रसेल आइपुगे ।

यसको असफलतापछि गणितलाई सुरक्षित अवतरण गराउन रसेल तर्कवादको अर्को क्रम सुरु गरे, जसका अनुसार शुद्ध गणित स्वयम्सिद्ध तथ्यको जगमा आधारित निगमन तर्कको प्रवाह हो । यस्तो प्रवाहलाई "स्वयम् सिद्ध तथ्यदेखि साध्यतिर" जाने क्रमको रूपमा व्याख्या गरिन्छ ।

यसलाई सङ्केतमा "A→T" लेखिन्छ । यसमा "A" को अर्थ स्वयम् सिद्ध तथ्य (Axiom) र "T" को अर्थ साध्य (Theorem) हो । यसको अर्थ हो गणितका स्वयम् सिद्ध तथ्य गणितका आधारभूत सत्यहरू हुन् । यिनीहरू विना व्याख्या सत्य मानिन्छन् । निगमन तर्कका आधारमा गणितका केही परिभाषाहरूलाई प्रयोग गरी अन्य कथन प्रमाणित गरिन्छ र यसलाई साध्यको रूपमा लिइन्छ । यही क्रम भऱ्याङको खुड्किला चढ्दै गए

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri
जस्तो अगाडि बढ्छ र आगाडि बढ्ने क्रममा विरोधाभास उत्पन्न भएन भने त्यस्तो प्रणालीलाई वैध तार्किक प्रणालीको रूपमा लिइन्छ । यस्तो प्रणालीको मूल आधार स्वयम् सिद्ध तथ्यको सत्यतालाई निगमन तर्कको आधारमा स्थानान्तरण गर्दै वैध निष्कर्षहरू निकाल्दै जानु हो । यस्तो संरचनामा वैधता, पूर्णता, एकरूपताजस्ता गुणहरू कायम हुनुपर्दछ ।

गणितको वैधता र एकरूपता (स्थायित्व) को सम्बन्धमा अध्ययन गर्ने अर्को धारको नेतृत्व डेविड हिलबर्टले बीसौं शताब्दीको पूर्वार्द्धमा गरे, जसको आधारमा गणितको वैधता र स्थायित्व (consistency) न त रसेलले भने जस्तो तर्कमा आधारित छ न ब्राउरले भने जस्तै अन्तर्दृष्टिमा आधारित छ । उनका अनुसार गणित यसको अर्थपूर्ण धारणा र उपयोगमा आधारित न भएर एउटा कागजमा खेलिने खेल जस्तै हो, जुन अर्थ नभएका चिन्ह प्रयोग गरेर निश्चित नियमका आधारमा खेलिन्छ । यसको एउटा राम्रो उदाहरण केल्ली र लाडको **'फन्डामेन्टल म्याथम्याटिकल स्ट्रक्चर'** नामक कृति (१९८६:१२-१५) मा दिइएको छ । हिलबर्टको यो चिन्तनलाई औपचारिकवाद भनिन्छ । यसका लागि उनले बिलकुल नयाँ तथा मौलिक धारणा बनाएका थिए । उनले यसका लागि सूत्रको आवश्यकता देख्दछन्, विषयवस्तुको होइन । उनले गणितीय संरचना निर्माणका लागि स्वयम् सिद्ध तथ्य र साध्यहरूलाई अर्थविहीन सङ्केतको रूपमा लिए र स्वयम् सिद्ध तथ्यदेखि साध्यतिरको स्थानान्तरणलाई प्रमाणको रूपमा लिए । स्वयम् सिद्ध तथ्यदेखि साध्यतिर स्थानान्तरण गर्नु भनेको उनका अनुसार अर्थविहीन सङ्केतहरूको क्रम मिलाउनु नै प्रमाण कायम गर्नु हो (हर्स, १९९४:१२) ।

औपचारिकवादका अन्य मुख्य हस्तीहरूमा जे.भि.नेउमा (१९३१) र एच करी (१९५१) पर्दछन् । उनीहरूले गणितलाई निरपेक्ष ज्ञानशास्त्रको रूपमा स्थापित गर्नका लागि दुई वटा मान्यता प्रस्तुत गरे (अर्नेस्ट, १९९१:१०) ।

पहिलो, शुद्ध गणितलाई व्याख्या विहीन (अर्थ विहीन) औपचारिक प्रणालीको रूपमा व्यक्त गर्न सकिन्छ, जसमा गणितका सत्यतालाई साध्यको रूपमा राख्न सकिन्छ । दोस्रो, त्यस्तो औपचारिक प्रणालीलाई विरोधाभासपूर्ण अवस्थाबाट जोगाएर सुरक्षित राख्न सकिन्छ । हिलबर्टले गणितको जग असुरक्षित देखे र सुरक्षित अवतरणका लागि बिलकुल नयाँ बाटो लिए । तर्कवादीहरूले गणितीय ज्ञानलाई यथासम्भव ठीक ज्ञानको रूपमा विकास गरेर सुरक्षित गर्न चाहन्थे । उनीहरूका लागि अन्तर्दृष्टिमा आधारित स्पेशको ज्ञान नै गणितका आधारभूत वस्तु थिए, तर औपचारिकवादका प्रणेता हिलबर्टका लागि गणितीय वस्तु-गणितका विषयवस्तु (content) र यसको अर्थसँग मतलब थिएन । उनको योजना एक प्रकारको यान्त्रिक संरचना खडा गर्नु थियो जसबाट गणितका सुरक्षित आधार तयार गर्न सकियोस् । सायद उनले त्यस्तो विधि अपनाउनुको कारण विशुद्ध सैद्धान्तिक संरचना खडा गर्नु थियो । यसो गर्न सकियो भने गणितलाई निरपेक्ष ज्ञानको रूपमा स्थापित गर्न सकिन्थ्यो । त्यसैले औपचारिकवादका अनुसार गणितलाई अर्थविहीन खेलको रूपमा व्यक्त गर्ने चलन प्रख्यात हुन गयो ।

हिलबर्टको औपचारिकवाद बिलकुल मौलिक प्रकारको **गणित-दर्शन** हो । उनी बीसौं शताब्दीको मध्यतिरका प्रमुख गणितज्ञ हुन् । उनको गणित-दर्शन मानव ज्ञानको संसारमा नयाँ दृष्टि हो जहाँसम्म गणितलाई निरपेक्ष ज्ञानको रूपमा स्थापित गर्ने प्रयास

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

छ, त्यो पूरा हुन सकेन । खास गरेर कुर्ट गेडेलको अपूर्णताको साध्य (Incompleteness theorem) (१९३१) को प्रमाणीकरणले गणितमा ठूलो तहल्का मच्चायो । सन् १९३० मा गणित सम्बन्धी नयाँ धारणा विकास गर्ने क्रममा गेडेलले के देखाए भने प्राकृतिक सङ्ख्याहरूलाई पनि औपचारिक प्रणालीले पूर्ण रूपमा व्यक्त गर्न सक्दैन (वाङ, १९९४:१८९) यसले प्रमाणीत गऱ्यो कि हिलवर्टले अपनाएको विधिवाट गणितको संरचनागत स्थायित्व प्राप्त गर्न सकिँदैन, गणितलाई निरपेक्ष सत्यको रूपमा प्रमाणित गर्न सकिँदैन । हिलवर्टको **प्रमाण सिद्धान्त** र रसेलको **तर्क सिद्धान्त** गणितका धेरै ठूला प्राप्ति मानिन्छन् । यी सिद्धान्तले गणित दर्शनका लागि सुरक्षित जग वसाल्न नसके पनि यिनीहरूले गणित शास्त्रमा नयाँ ढोका खोलिदिएका छन् (हर्स, १९९९:१६१) ।

गणितलाई निरपेक्ष ज्ञानको भण्डारका रूपमा स्थापित गर्ने प्रयासको क्रममा तर्कवाद र औपचारिकवादको साथै अर्को धाराको विकास भयो, जसलाई निमार्णवाद भनिन्छ । यसको मुख्य उद्देश्य गणितीय ज्ञानलाई पुनर्निर्माण गर्ने र गणितीय अभ्यासलाई यसरी सुधार्ने कि जसले गर्दा गणितलाई अर्थहिनतावाट वचाउन सकियोस् (अर्नेस्ट, १९९१: ११) यसले कन्टरको रियल नम्बरहरू गणना गर्न नसकिने गरी असङ्ख्य छन् भन्ने साध्यको विरोधाभासमा आधारित प्रमाणित गर्ने विधिलाई अस्वीकार गर्दछ । निर्माणवादीहरूका अनुसार यस्ता प्रमाणले गणितको अर्थपूर्ण व्याख्या र रचना गर्दैन भन्ने हो । यसका प्रमुख प्रणेता इरेट विसप हुन् । सुपरिचित निर्माणवादीहरू (जस्तै ब्राउट र हेइटिङ) अर्न्तदृष्टिवादी हुन् । अन्तर्दृष्टिवाद (Intuitionism) अन्तरदृष्टिमा आधारित छ । यसको पृष्ठभूमि कान्टको दर्शनमा पाइन्छ । उनीहरूका अनुसार रचनात्मक वा निर्माणात्मक विधिलाई प्रयोग गरेर गन्ती सङ्ख्या (१,२,३,४,५,.........) को आधारमा जे निर्माण गर्न सकिन्छ, त्यसलाई मात्र गणितमा राख्नु पर्दछ । प्राकृतिक सङ्ख्याहरू वीच अङ्क गणितका विभिन्न क्रियाहरू (जस्तै- जोड, घटाउ, गुणन, भाग, वर्गमूल आदि) प्रयोग गरेर निर्माणात्मक विधिवाट विभिन्न सङ्ख्या र समाधान निस्कन्छन्, तर गणितका सवै धारणाहरू यसवाट निकाल्न सकिँदैन र त्यसलाई प्रमाणित गर्न सकिँदैन ।

निर्माणवाद र अन्तर्दृष्टिवादले गणितमा प्रयोग हुने परोक्ष प्रमाण विधि (Indirect proof) र विरोधाभासपूर्ण नतिजाको आधारमा प्रमाणित गर्ने विधि (Method of contradiction) लाई स्वीकार गर्दैन । यसले गर्दा गणितको दायरा र गणितमा अपनाउने विधिमा सीमितता हुन जान्छ । हिलवर्टले यस्तो नियन्त्रणलाई अस्वीकार गर्दै भनेका छन्, यसो गर्नु भनेको गणितको विकासको क्षेत्रमा वक्सरको दुई ह्रातलाई पछाडि बाँधेर वक्सिङ खेल्न लगाउनु जस्तै हो (हर्स, १९९४:१२) निर्माणवादीहरू वीच ठूलो अन्तर भए तापनि उनीहरूको साझा धारणाअनुसार शास्त्रीय गणितको सुरक्षित भविष्य हुन नसक्ने भएकाले रचनात्मक विधि र तर्कवाट यसको पुनर्निर्माण गर्नु आवश्यक छ (अर्नेस्ट, १९९१:११) ।

माथि उल्लेख गरिएका गणितीय दर्शनका तीनवटा धाराहरू गणितको निरपेक्षवादी दर्शनका सन्दर्भमा उत्पन्न भएका समस्याहरूलाई समाधान गर्ने क्रममा विकास भएका थिए । तिनीहरू एक आपसमा धेरै नै भिन्न देखिन्छन् तापनि तिनीहरूको साझा भूमि भनेको गणितीय ज्ञानको स्वरूपलाई यकिन गर्ने र गणितको सत्यतालाई पुनर्स्थापित गर्नु हो । यसो गर्ने क्रममा तर्कवादले तर्क र समूहको धारणाका साथै अन्तर्दृष्टिलाई आधार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मानेको छ। औपचारिकवादले गणितलाई तर्क र अर्थ नभएर तर्क, अर्थ र वस्तुगत सत्यताबाट स्वतन्त्र, अर्थविहीन संरचनाको रूपमा विकास गर्न खोजेको देखिन्छ भने निर्माणवादले निर्माणात्मक विधि र तर्कबाट गणितको पुननिर्माण गरेर (गणितलाई अर्थपूर्ण) बनाएर नै गणितलाई सुरक्षित आधार दिन सकिन्छ भन्ने हो।

हिलबर्ट जस्तै ब्राउरको विश्वास र मान्यता गणितलाई बलियो तथा राम्रो जगमा स्थपित गर्नु हो। यसो गर्नका लागि उनले अर्को बाटो समाते, जसमा गणितको सुरुआतका लागि निश्चित (finite) गणितीय वस्तुहरू लिई रचनात्मक विधिबाट अगाडि बढिन्छ। निर्माणवादमा पनि अन्तर्दृष्टिको ठूलो भूमिका छ र यस्तो धारणा गणितको धारणाबाट सुरु भएर रचनात्मक विधिबाट अगाडि बढ्दा जे जे नतिजा प्राप्त हुन्छ, त्यसलाई नै रचनात्मक गणितीय ज्ञानको रूपमा लिइन्छ। निर्माणवादी ब्राउरले जस्तै औपचारिकवादका प्रणेता हिलबर्टले पनि गणितको संरचनामा निश्चित सङ्ख्यामा आधारित प्रणाली (finite systems) र असङ्ख्य प्रणाली (infinite systems) दुवै छन् (जस्तै, अङ्क गणित र बीज गणित शास्त्रीय रूपमा मूलतः खण्डित तथा निश्चित प्रक्रियामा आधारित देखिन्छन् भने क्यालकुलसको अध्ययन निरन्तर तथा असङ्ख्य प्रक्रिया (continious and infinite processes) मा आधारित देखिन्छ। हिलबर्टको औपचारिकवादको विकासको कार्यक्रम अनुसार निश्चित सूत्रहरूको प्रयोग गरेर विश्लेषण गर्ने सैद्धान्तिक अध्ययन) र समूह सिद्धान्त (जुन अखण्डित वा असङ्ख्य प्रणालीमा आधारित छन्) लाई निश्चित सङ्ख्या प्रणालीका आधारमा व्याख्या गर्नु हो।

बीसौँ शताब्दीको मध्यतिर औपचारिकवादी चिन्तन गणितीय दार्शनिक जगत्मा सबभन्दा बढी हावी थियो। गणितका पाठ्यपुस्तक र अधिकृत लेखहरूमा यस प्रवृतिको निर्णायक भूमिका देखिन्थ्यो। औपचारिकवादको धारणालाई कार्यान्वियन गर्नेहरूमा निकोलास बुर्बाकीको समूह सबभन्दा प्रभावकारी हुन गयो। बुर्बाकी उपनाममा बनेको यो समूह युवा गणितज्ञहरूको समूह थियो। यसले औपाचारिकवादका धारणालाई समातेर स्नातक तहका लागि पाठ्य-सामग्री तयार गऱ्यो जसले १९५० र १९६० ई.को दशकमा विश्वव्यापी प्रभाव पाऱ्यो। यो प्रभाव विद्यालयको तहसम्म पुग्यो। निर्माणवादले त्यति ठूलो प्रभाव पार्न सकेन। गणितज्ञहरूको बीचमा प्लेटोवाद र तर्कवाद नै बढी हावी देखिन्थ्यो (हर्स १९९४:१६२) प्लेटोवादी कान्ट र फ्रेजको दार्शनिक व्याख्याले तर्कवादलाई उच्चतम बिन्दुमा पुऱ्यायो किनभने यी दुवै अठारौँ र बीसौँ शताब्दीका दार्शनिक हस्तीहरू थिए। फ्रेजको कार्यको सम्बन्धमा यतिसम्म उच्च मूल्याङ्कन भयो की त्यसपछिको गणित दर्शन सम्बन्धी कार्यलाई फ्रेजको फुटनोटको रूपमा लिइयो।

४. गणित दर्शनमा रूपान्तरण र परिवर्तन

दुई हजार वर्षभन्दा पहिलेदेखि कायम भएको गणितको निरपेक्षवादी चिन्तनले बीसौँ शताब्दीको उत्तरार्ध (खास गरी अन्तिम चतुर्थांश) मा केही दार्शनिक तथा गणितज्ञहरू (जस्तै लकटोस, डेबिज एन्ड हर्स, टिमोचे आदि)ले गणितीय ज्ञान सधै सत्य तथा वस्तुगत तथ्य (मानवीय कार्य तथा मूल्यबाट अलग तथा स्वतन्त्र) नभएर ती ज्ञान अन्य मानवीय ज्ञानहरू जस्तै मानवीय रचना हुन् र परिवर्तनशील छन् भन्ने कुरा उजागर गरेपछि ठूलो धक्का महशुस गर्न पुग्यो (अर्नेस्ट, १९९१ Mxi)। यसरी गणितीय ज्ञान सधै सत्य रहने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ज्ञान (infallible truth) नभई सुधारमुखी र परिवर्तनशील छ भन्ने चिन्तनको विकास हुन गयो । यो चिन्तन धाराको नामबाट अनुमान गर्न सकिन्छ कि यसको विकास गणितीय ज्ञान निरपेक्ष ज्ञान नभई सापेक्ष ज्ञान हो भन्ने तर्कको आधारमा यो धारणा निर्माण भएको देखिन्छ । यद्यपि यस चिन्तन अन्तर्गत पनि नरम र कडा धार गरी दुई धार देखिन्छन् । यसलाई सकारात्मक रूप र नकारात्मक रूपको रूपमा दृष्टिमा लिइन्छ । नकारात्मक रूपको दृष्टिले गणितीय ज्ञान निरपेक्ष सत्य छैनन् र यसको विशुद्ध वैधता छैन भन्ने हो भने सकारात्मक रूपको दृष्टिले गणितीय ज्ञान सुधार तथा परिवर्तनमुखी छ भन्ने हो । 'Fallible' शब्द 'Infallible' शब्दको अर्थसँग विपरित देखिन्छ । यसले के देखाउँछ भने निरपेक्षवादको विकल्पका रूपमा यो चिन्तनको विकास भएको थियो । यसभित्र धेरै चिन्तनहरू पर्दछन् । गणित दर्शनमा देखापरेको यो नयाँ चिन्तनलाई विभिन्न पदावलीबाट व्यक्त गरिन्छ । Fallibilist पदावलीको व्याख्या सर्वप्रथम इम्रे लकटोस (१९८५) र पाउल अर्नेस्ट (१९९१) ले गरे । अन्तानुभूतिबाट लकटोस (१९७६) किचर (१९८४) र पुटनम (१९८५) ले उल्लेख गरे भने humanist पदावलीको प्रयोग रिउवेन हर्स (१९९४) ले गरेको पाइन्छ । Fallibilest को अर्थ अनुसार गणित ध्रुव सत्य विषय होइन र यसमा परिवर्तन, परिमार्जन हुन सक्दछ, अन्तानुभूतिबाट गणितज्ञहरूले जे गर्दछन् र जे गरेका छन्, त्यो नै गणित भएकाले गणित अपरिवर्तनीय सत्य हुन सक्दैन भन्ने हो भने मानववादी (Humanist) को आधारमा गणितीय ज्ञान मानव निर्मित हो । त्यसैले यो समय, आवश्यकता र परिवेश अनुसार परिवर्तन र परिमार्जन हुन्छ भन्ने हो । यी सबै चिन्तनका बीचको समानता भनेको गणितीय ज्ञान सापेक्ष छ भन्ने नै हो ।

रेउवेन हर्स (१९९९:१८२) ले गणित-दर्शनमा आएको नयाँ व्याख्यालाई मानवतावादी गणित दर्शन (Humanist philosophy of math) भनेका छन् । यसको अर्थ गणित मानवीय रचना हो र यसको आधार तथा विकास समाजिक, साँस्कृतिक, ऐतिहासिक पृष्ठभूमिमा भर पर्दछ । हर्सका अनुसार अझ पनि गणित-दर्शन (Mathematic philosophy) को मूलधारको रूपमा निरपेक्षवादलाई लिइएको छ भने यसकै वैकल्पिक दर्शनको रूपमा मानववादी दर्शन (Humanist philosophy) लाई लिइएको छ । धेरै चिन्तन धाराहरू मिलेर मानववादी दर्शनको रूप लिएको देखिन्छ । यो चिन्तनको विकासमा धेरै क्षेत्रका विद्वान्हरूको भूमिका रहेको छ, जसमध्ये मूल रूपमा दर्शनको अध्ययनकर्ता नभएका गणितज्ञहरू (जस्तै अल्फ्रड रेनी, जर्ज पोलिया, रेमन्ड विल्डर आदि) पर्दछन् भने मनोवैज्ञानिक जिन पियाजे, एन्थ्रोपोलोजिस्ट लेस्ली हाइट, शिक्षाशास्त्री पाउल अर्नेस्ट, रसायनशास्त्री माइकल पोल्यानी र दर्शनशास्त्रीहरू चार्ल्स एस पायर्स, वोसवाल्ड स्प्लेन्डर, रोय सेलर, इम्रे लकटोस, कार्ल पपर, फिलिप किचर, थोमस टिमोचे आदि पर्दछन् (हर्स, १९९९:१८२) मानववादी गणित दर्शनको क्षेत्र धेरै नै फराकिलो भएकाले र यो दर्शन विकासको अवस्थाबाट गुज्रिएकाले पनि यसो भएको हुन सक्दछ ।

गणितको यो नयाँ चिन्तनको प्रादुर्भावले गर्दा मानवीय ज्ञानको अद्वितीय प्राप्तिका रूपमा विकास भएको निरपेक्ष गणितीय ज्ञानलाई जोगाउन कठिन भइसकेको छ, तापनि यसका हिमायतीहरू यसलाई जोगाउन लागिरहेका छन् । बीसौं शताब्दीका गणितज्ञ एमक्लिना (१९८०)का अनुसार उन्नाइसौं शताब्दीको निरपेक्ष गणित जसलाई मानव इतिहासको गौरव मानिएको थियो, त्यो अब ठूलो भ्रम मात्र रह्यो (अर्नेस्ट १९९१:१८) ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यसै गरी गणितको नयाँ चिन्तनका प्रमुख चिन्तक इम्रे लकटोसका अनुसार गणित त्यो हो, जो गणितज्ञले निर्धारण गरेका छन् वा गर्दछन् जसमा सम्पूर्ण मानवीय क्रियाकलाप र सिर्जनामा भए जस्तै अपूर्णता रहन्छ । उनी निरपेक्ष गणितको ऐतिहासिक नमुना मानिएको युक्लिडको ज्यामितीय ज्ञानलाई पनि यस्तै प्रकारको ज्ञान मान्दछन् । गणितलाई निरपेक्ष ज्ञानको रूपमा स्वीकार गर्ने दार्शनिक र गणितज्ञ हर्सका अनुसार गणितको निरपेक्षताको कुरा गर्नुभन्दा गणित-दशर्नका लागि नयाँ प्रकारले सोच्नु राम्रो हुन्छ (अर्नेस्ट, १९९१:१९) । गणित-दर्शनको पुनर्व्याख्याको आवश्यकताका सम्बन्धमा पाउल अर्नेस्ट (१९९४:२०४) ले आफ्नो लेख गणितको दर्शन, मूल्य र केयरली गणितमा उल्लेख गरेका छन् । उनी भन्दछन्- "मानववादी गणित-दर्शनको मुख्य दावी गणितीय ज्ञान हो र निरपेक्ष गणितको साँगुरो ज्ञानआर्जनको सिद्धान्त वा प्लेटोको ज्ञानको अस्तित्वको सिद्धान्त (जसको कारणले गणितको इतिहास र अभ्यासलाई गणितको क्षेत्रभित्र राखिँदैन) ले गर्दा गणित गलत दिशातिर निर्देशित हुन पुग्यो ।"

मानववादी गणित दर्शन वा सापेक्षतावादी दर्शनको विकास क्रममा अस्तित्वमा आउन खोजेको दर्शन मध्ये सामाजिक निर्माणवाद एक हो । यसले गणितलाई सामाजिक निर्माणको रूपमा लिन्छ । यसले मूलत: गणितीय ज्ञानको उत्पत्ति र विकासलाई महत्व दिन्छ । यसले विषयगत र वस्तुगत ज्ञानको सम्बन्ध, कसरी ज्ञान वैयक्तिक वा समष्टिगत ज्ञानमा रूपान्तरित हुन्छ र फेरि वस्तुगत ज्ञान विषयगत ज्ञानका लागि आधार बन्दछ भन्ने सम्बन्धमा विश्लेषण गर्दछ । यसका प्रस्तावक पाउल अर्नेस्ट (१९९१) का अनुसार यो दर्शन लकटोसको क्वाजी-इम्पेरिसिज्म र भाषिक-परम्परावाद (conventionalism) को संश्लेषण र विस्तारित रूप हो ।

क्वाजी-इम्पेरिसिज्मको आधारमा गणितीय ज्ञान भनेको गणितज्ञहरूले जे गर्दछन् र जे गरेका छन्, त्यही ज्ञान हो । यो एक प्रकारको अनुभवजन्य ज्ञान हो । यो गणितज्ञहरूको अभ्यास र अनुभवमा भर पर्दछ, लकटोसको प्रमाण र प्रतिवादमा आधारित गणितीय खोज तर्कआश्रित गणितीय ज्ञानको विकास सम्वन्धी धारणा हो (वलचेफ, १९९०:२८५-२९५ र अर्नेस्ट, १९९४:४१-४५) । यो व्यवहारवादी वा अनुभववादी (Imperisist) हरूको वास्तविक अनुभवका आधारमा मात्र भर पर्ने ज्ञान होइन । यसको विकास गणितको अध्ययन गर्ने व्यक्तिहरू वीचको वार्ता, छलफल र सहमतिका आधारमा निर्धारित हुन्छ । गणितीय साध्यहरूको वैधता, गणितज्ञहरूको वीचको तार्किक सम्झौताको प्रतिफल हो । त्यसैले क्वाजी-इम्पेरिसिजमलाई आधुनिक गणित-दर्शनमा अनुभवजन्य पुनर्जागृतिको अवस्थाका रूपमा लिएको पाइन्छ ।

सामाजिक निर्माणवादमा प्रयोग भएको अर्को पक्ष भाषिक परंम्परा (Linguistics conventions) मा आधारित छ र यस अनुसार गणितीय ज्ञान र त्यसको सत्यता निर्धारणमा भाषा, नियमहरू र एक आपसको विचार विनिमय र सहमतिको महत्वपूर्ण भूमिका रहन्छ । यस चिन्तनका अनुसार तर्कको सत्यता र गणितको सत्यता (जुन गणितको सत्यता कायम गर्न प्रयोग भएको छ) को मुख्य आधार भाषामा प्रयोग हुने पदको अर्थको आधारमा निर्धारण हुन्छ । कुइन (१९९१:३६) र हेम्पेल (१९४५) लाई उद्धृत गर्दै अर्नेष्टले (१९९१:३०) भनेका छन्- "भाषिक परम्परा नै गणितीय सत्यताको स्रोत हो । यसले गणित र तर्कको सत्यतालाई आधार प्रदान गर्दछ र यसै आधारमा निगमन तर्कको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रयोगले गणितको सत्यतालाई स्थानान्तरण गरी गणितको संरचनालाई निश्चित ज्ञानको रूपमा स्थापित गर्दछ ।" भाषिक परम्परावादी चिन्तन निरपेक्षवादी धारसँग नजिक भएको कुरा वुझ्न गाह्रो पर्दैन । सवै भाषिक परम्परावादीहरू निरपेक्षवादी होइनन् । यस विचारका एक प्रसिद्ध प्रवर्तक विटजेन्स्टेन हुन् । उनले पहिले (१९२२) गणितलाई सधै सत्य रहने भाषिक संरचना (Structure) को रूपमा व्याख्या गरे । उनका पछिल्ला लेखमा गणितको निरपेक्षवादी चिन्तनको आलोचना गरिएको छ र गणितलाई प्रक्रियामुखी वनाउनुपर्नेमा जोड दिइएको छ । जे होस् उनका अनुसार गणितको सत्यता र असत्यताको प्रमाण, भाषिक परम्पराको नियमलाई स्वीकार गर्नुमै भर पर्दछ (अर्नेस्ट, १९९१:३१) ।

सामाजिक निर्माणवाद लकटोसको इन्द्रियानुभववाद र भाषिक परम्परावादको एक प्रकारको संश्लेषण हो । यसका प्रस्तावक पाउल अर्नेस्ट (१९९१)ले उल्लेख गरे अनुसार सामाजिक निर्माणवादले एकातर्फ गणितीय ज्ञान र धारणामा विकास तथा परिवर्तन भइरहन्छ भन्ने सापेक्षतावादी ज्ञानआर्जन तथा पुष्टिको सिद्धान्तलाई अँगालेको छ भने अर्कोतिर गणितीय ज्ञान तथा सत्यताहरूको स्थापना र यसको पुष्टिका लागि भाषा, नियम, विचारको विनिमय र सहमतिले निर्णायक भूमिका खेल्दछ भन्ने भाषिक परम्परावादीको धारणलाई अँगालेको छ । समाजिक निर्माणवादका अनुसार गणितीय ज्ञानलाई सामाजिक निर्माणको रूपमा लिनुको अर्थलाई तीन तहमा हेर्न सकिन्छ । (अर्नेस्ट, १९९२:४२) पहिलो- गणितीय ज्ञानको आधार भाषिक ज्ञान, परम्परा र नियमहरू हुन् र भाषा सामाजिक निर्माण हो । दोस्रो- व्यक्तिगत वा विषयगत गणितको ज्ञानलाई वस्तुगत गणितको ज्ञानमा रूपान्तरण गर्न अन्तरवैयक्तिक सामाजिक प्रक्रियाको आवश्यकता पर्दछ । व्यक्तिको विषयगत गणितीय ज्ञानलाई प्रकाशन मार्फत जन साधारणको बीचमा पुऱ्याएपछि त्यसको अध्ययन पछि परीक्षण, संपरीक्षण, विवेचना र आलोचनाको बाटो पार गर्दै वस्तुगत ज्ञानको रूपमा विकसित हुन्छ । यस क्रममा लकटोसको स्वतशोध (heuristics) को प्रणालीबाट गणितीय ज्ञानको विशेष संपरीक्षण गरिन्छ यसरी संपरीक्षण गर्ने काम वैध सन्दर्भहरूको आधारमा विचारको विनिमय र आधारभूत विधिको उपयोगमा भर पर्दछ । मूल्याङ्कनको यस्तो आधार पनि धेरै हदसम्म गणितीय ज्ञानको विनिमयमा भर पर्दछ र अन्ततोगत्वा भाषा र भाषिक परम्परामा टेक्न पुग्दछ (अर्नेस्ट, १९९१:४४) । तेस्रो- वस्तुगत रूपमा यो आफैं सामाजिक निमार्ण हो । पारस्परिक अन्तरवैयक्तिक विचारको विनिमय नै गणितको वस्तुगत ज्ञानको निर्माणको आधार हो । गणितीय ज्ञानको परीक्षण पनि एक प्रकारको अन्तरवैयक्तिक सामाजिक क्रियाकलापवाट निर्धारण हुने हुँदा गणितीय ज्ञानको वस्तुगतता सामाजिक निर्माण हुन पुग्यो ।

सामाजिक निर्माणवादका माथि उल्लेखित धारणाहरूले गणितीय ज्ञानलाई कसरी सामाजिक निर्माणको रूपमा व्याख्या गर्दछन् भन्ने कुरा उल्लेख गर्दछ । यस क्रममा कसरी व्यक्तिगत विषयगत ज्ञान वस्तुगत ज्ञानको रूपमा विकसित हुन्छ भन्ने सम्वन्धमा दोस्रो बुँदाले उल्लेख गरेको छ । सामाजिक निर्माणवादको एउटा मुख्य विषय भनेको विषयगत र वस्तुगत ज्ञानको भिन्नता हो । यस सन्दर्भमा पाउल अर्नेस्टले पपरको (१९७९) ज्ञानको वर्गीकरणको परिभाषा (जसमा भौतिक संसारलाई ज्ञानको प्रथम संसार, चेतनाको संसारलाई दोस्रो र सैद्धान्तिक ज्ञान, विचार र तर्कको संसारलाई तेस्रो संसारको रूपमा व्यक्त गरिएको छ) लाई उल्लेख गर्दै विषयगत ज्ञानलाई ज्ञानको दोस्रो संसार र मानव

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri
मस्तिष्कका उपजहरू (जस्तै प्रकाशित सिद्धान्त, विवेचना र प्रमाणहरू) लाई ज्ञानको तेस्रो संसारका रूपमा लिइएको छ। पपरको ज्ञानको वर्गीकरणलाई आधार लिइए तापनि पाउल अर्नेस्टको वस्तुगत ज्ञानको परिभाषा पपरको भन्दा भिन्न छ। उनका अनुसार वस्तुगत ज्ञान भन्नाले सबै त्यस्ता खाले ज्ञानलाई जनाउँछ, जुन अन्तरवैयक्तिक तथा सामाजिक ज्ञान हुन् (अर्नेस्ट, १९९१:४६)।

प्लोरको वस्तुगतताको सामाजिक सिद्धान्तलाई उल्लेख गर्दै पाउल अर्नेस्टले वस्तुगतता सामाजिक गुण हो भनेका छन्। यसको तात्पर्य हाम्रा केही विश्वासहरू यस्ता हुन्छन् कि ती व्यक्तिगत हुँदैनन्, बरू स्थायी स्वभावका हुन्छन् (व्यक्तिगत ग्राह्यताका आधारमा परिवर्तन भइरहने हुँदैन) र तिनीहरूको सन्दर्भमा जुन वास्तविकताको महशुस हुन्छ, तिनीहरू नै सामाजिक ज्ञानको रूपमा विकसित हुन्छन्। आजको बढ्दो बौद्धिक विकासको परिवर्तनले सबै मानवीय ज्ञानलाई सामाजिक निर्माणको रूपमा हेर्ने दृष्टिकोण विकास हुँदै छ। दिन-प्रतिदिन यस धारमा संलग्न लेखकहरूको सङ्ख्या बढ्दो छ। यसका वावजुद माथि उल्लेख गरिएको सामाजिक निर्माणवादी दर्शन यस क्षेत्रमा एउटा मुख्य दार्शनिक दृष्टिकोण बनेको छ। यो विकासोन्मुख दर्शनको रूपमा देखिन्छ। यस दर्शनको सन्दर्भमा मूलतः दुईवटा समस्या देखापरेका छन् -

पहिलो समस्याः गणितीय वस्तु र सत्यता, जस्तो अहम विषयको वैधता कायम गर्न सामाजिक रूपमा स्वीकार्य हुने विधिलाई कसरी अपनाउन सकिन्छ ? र यसरी प्राप्त भएको ज्ञानलाई कसरी सत्य तथा निश्चित ज्ञानको तहमा पुऱ्याउन सकिएला ? सामाजिक निर्माणवादका अनुसार यसको समाधान सामाजिक निर्माणवादको गणितीय ज्ञान एवं दृष्टिकोणका आधारमा दिन सकिन्छ।

दोस्रो समस्याः परम्परागत गणित दर्शनका शर्तहरूलाई हटाएर गणितलाई सामाजिक निर्माणको रूपमा लिइएपछि गणित-दर्शन, गणितको इतिहास र समाजशास्त्रीय आधारसँग नजिक हुन पुग्दछ। यसबाट गणित-दर्शन खतरामा पर्न सक्ने र गणितको सामाजिक निर्माणवादी दर्शन, इतिहास, समाजशास्त्र वा मनोविज्ञानको कित्तामा पर्न जाने खतरा हुन सक्दछ।

सामाजिक निर्माणवादी दर्शन एक प्रस्तावित नवीनतम दर्शन हो। गणितीय-दर्शनका मुख्य दुई प्रवाह छन्। पहिलो मूल प्रवाह जसलाई निरपेक्षवाद भनिन्छ, दोस्रो मानववादी दर्शनको रूपमा चिनिन्छ (हर्स, १९९९:९२-१८२) अर्थात् गणितको दर्शनमा मुख्य दुई धार छन्- निरपेक्षवाद र निर्माणवाद। सामाजिक निर्माणवाद मानववादी धार अन्तर्गत पर्दछ। यसले गणितलाई मानव क्रियाकलाप र मानव सिर्जनाको रूपमा हेर्दछ। यस दिशामा सामाजिक निर्माणवादको दर्शन जति अन्य दर्शन विकसित हुन सकेको छैन। तर यस प्रवाहतिर उन्मुख दृष्टि र अध्ययनहरू विभिन्न क्षेत्रभित्र देख्न सकिन्छ।

५. गणित-दर्शनमा आउने केही आधारभूत सवालहरू

गणित दर्शनको विकासका क्रममा यसमा उत्पन्न हुने आधारभूत सवालहरूको महत्वपूर्ण भूमिका रहेको हुन्छ। यसका साथै यी सवालहरूको परिचर्चाले गणित-दर्शनका अर्न्तवस्तु बुझ्न मद्दत गर्दछ। यसैले अब हामी गणित दर्शनमा आउने केही आधारभूत सवालहरूको विवेचना तर्फ लागौं। यी सवालहरूको परिचर्चा गणित-दर्शनका मुख्य दुई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

धार 'निरपेक्षवादी धार र सापेक्षतावादी धार'को आधारमा गर्नु पर्ने भएकाले यस लेखको पहिलो र दोस्रो खण्डमा गणित दर्शनको मूल धारको चर्चा गरिएको हो । गणित दर्शनले मूलतः गणितीय ज्ञानको स्वभाव, अस्तित्व, विकास, गणितीय ज्ञानको प्रामाणिकता, सत्यता आदिका वारेमा अध्ययन गर्दछ र दृष्टिकोण वनाउँदछ ।

गणित-दर्शनमा धेरै पहिलेदेखि निरन्तर उत्पन्न भइरहेका र गणित-दर्शनको मूल मर्म वोकेका केही प्रश्नहरूको वारेमा यहुदा राव (२००६:७५-७९) ले आफ्नो निवन्ध **'गणितको दार्शनिक समस्या र विकासमुखी ज्ञानको सिद्धान्त'** मा निम्नलिखित चार सवालहरू उल्लेख गरेका छन् :

पहिलो सवाल मुख्यतः गणितीय वस्तुको अस्तित्व-सम्वन्धमा छ र त्यस्तो अध्ययनलाई 'अन्टोलोजी' भनिन्छ। यसमा यदि गणितीय वस्तुको अस्तित्त्व छ भने के यी पत्ता लगाइएका हुन् ? हैनन् भने सिर्जना गरिएका हुन् ? भने जस्तो प्रश्नको उत्तर खोजिन्छ । दोस्रो, गणितीय ज्ञान आर्जनसँग सम्वन्धित छ । यसलाई गणितको ज्ञानशास्त्र'epistemology of maths' भनिन्छ । यसमा आउने प्रश्नहरूमा कसरी हामीलाई गणितीय ज्ञानको सत्यता थाहा हुन्छ ? किन ज्यामितीय ज्ञानलाई ठीक तथा निश्चित ज्ञान मानिएको होला ?के यी निरपेक्ष रूपमा सधैका लागि ठीक छन् ? आदि प्रश्नको वारेमा चर्चा गरिन्छ । तेस्रो, सवाल गणितीय ज्ञानको उपयोगिता सम्वन्धमा रहेको छ । यसमा किन गणितीय ज्ञानको उपयोगिता यति धेरै भयो होला ? भन्ने सम्वन्धमा चर्चा गरिन्छ । चौथो सवाल मनो-समाजशास्त्र (psycho–sociology) सँग सम्वन्धित छ । यसको चर्चा आध्यात्मिक रूपमा भइरहेको छ । यदि गणितीय ज्ञान आविष्कार हुन् भने कसरी अलग-अलग गणितज्ञहरूले एउटै तथ्य पत्ता लगाएका होलान् ? जस्ता प्रश्नको चर्चा गरिन्छ ।

यहाँ यिनै प्रश्नहरूमा केन्द्रीत रहेर गणित-दर्शनका सम्वन्धमा उत्पन्न हुने प्रश्नहरूको चर्चा गरिनेछ ।

पहिलो सवालको सम्वन्धमा तर्कवादी (प्लेटोवादी)हरूले गणितीय वस्तुहरूको अस्तित्व छ, तिनीहरू भौतिक संसारमा छैनन्, तिनीहरू मानवीय वस्तुहरू हुन् भन्ने मान्दछन् । प्लेटोवादी कान्टका अनुसार गणितका वास्तविक विषयवस्तुहरू हाम्रो चेतनावाट स्वतन्त्र छन् । ती हाम्रा अनुभवका उपज होइनन्, तिनीहरू मानवीय मस्तिष्कका जन्मसिद्ध गुणहरू (Inherit Properties of Human Mind) हुन् । त्यसैले तिनीहरू सर्वव्यापी मानवीय चिन्तन वनेका हुन् । अङ्कगणित र ज्यामितिका विषयवस्तुको मुख्य स्रोत समय (Time Intuition र क्षेत्र Space Intuition हुन् । गणितीय वस्तुको रूपमा 'सङ्ख्या' एक मौलिक धारणा हो । यसलाई चिनाउने कार्य पनि गणित-दर्शनको एक मुख्य कार्य हो । पहिले उल्लेख गरेजस्तै गणितको मूल प्रवाहका पितामह मानिने फ्रेजले सङ्ख्या आइडिया हो, सङ्ख्या भौतिक संसारका वस्तुहरू हुन् र यो विकास हुँदै जान्छ भन्ने परिभाषालाई इन्कार गर्दै सङ्ख्या अमूर्त वस्तु (Abstract Object) हो । यस्तो वस्तु वास्तविक छ तर भौतिक पनि होइन, मनोवैज्ञानिक पनि होइन भनेका छन् । औपचारिकवादीहरूका लागि तर्कवादीहरूका लागि जस्तै गणितीय ज्ञान ठीक वा वेठीक छैनन् र गणितीय वस्तुको अस्तित्वले भौतिक संसारका ठीक वा वेठीकको प्रतिनिधित्व गर्नुपर्ने छैन । उनीहरूका लागि गणितका वस्तु भनेको अर्थविहीन सङ्केत हुन् जसको भौतिक विषयवस्तुसँग सम्वन्ध छैन । गणित भनेको नियमको खेलजस्तै हो जसमा नियमको एकरूपता कायम हुन्छ । यसको आधारमा गणित जव भौतिक संसारका समस्याका लागि प्रयोग हुन्छ, त्यतिवेला

CC-0. In Public Domain. Digitization by eGangotri

ठीक/वेठीकको प्रश्न उत्पन्न हुन्छ । समष्टिगत रूपमा भन्नुपर्दा निरपेक्षवादीका लागि गणितीय वस्तु निर्माण गर्ने नभएर पत्ता लगाउने हो । प्लेटोवादी तर्कवादी फ्रेजले गणितलाई भौतिक पनि होइन, मानसिक पनि होइन भन्दै यो अमूर्त वस्तु हो भनेका छन् । के यस्तो पनि हुन सक्दछ ? भन्ने सवालमा सापेक्षतावादी हर्स (१९९९:१४) का अनुसार गणित वा गणितीय वस्तु दुवै सामाजिक वस्तु (social entite) हुन् जसलाई भौतिक र मानसिक रूपमा मात्र व्याख्या गर्न सकिँदैन ।

दोस्रो सवालको सम्वन्धमा निरपेक्षवादीहरूका अनुसार गणितीय ज्ञान निरपेक्ष सत्य छन् । यिनीहरूको सत्यता तर्क र निगमन विधिको आधारमा कायम हुन्छ, किनभने तर्क निगमन विधिले गणितका आधारभूत तथ्यहरूको सत्यतालाई स्थानान्तरण गरी गणितीय संरचनाको विकास गर्दछ । गणितीय सत्यताको बोधका सम्वन्धमा तर्कवादले पूर्ववर्ती संश्लेषण (Priory synthetic) लाई नै ज्ञान आर्जनको मुख्य आधार मान्दछ । पूर्वनिर्धारित अन्तर्दृष्टिको आधारमा विश्लेषणात्मक तर्कको प्रयोग नै ज्ञान आर्जनको मुख्य आधार हो । निरपेक्षवादी (तर्कवादी र औपचारिकतावादी)हरूका बीचमा भिन्नता भए पनि गणितीय सत्यताको स्थापनामा दुवैको वीचमा एकत्व देखिन्छ । यी दुवैले स्वयम् सिद्ध तथ्यमा आधारित निगमन तर्कको प्रयोगवाट गणितको संरचना विकास गर्न चाहन्छन् । यो विधि युक्लिडियन ज्यामितिको विधि हो । युक्लिडको ज्यामितिमा आधारित विद्यालयको गणित पाठ्यक्रम अधिकांश विद्यार्थीहरूका लागि अर्थपूर्ण हुन नसकेको कुरा धेरै अध्ययनहरूले पुष्टि गरिसकेको छ (युसिस्किन, १९८२: फुइज एट अल, १९८८: सेक, १९८९) ।

युक्लिडको ज्यमितिको निगमनात्मक-संश्लेषणात्मक एवम् स्वयम्सिद्ध तथ्यमा आधारित संरचना विद्यालय तहका विद्यार्थीहरूका लागि वुझाइका हिसावले लगभग पूर्णरूपमा असफल नै भइसकेको छ । गणितको औपचारिक-तार्किक संरचनाको ऐतिहासिक नमुना वुझाइ तथा शैक्षणिक दृष्टिले त्यति उपयुक्त हुन नसक्नुका कारण यसका तर्कको प्रवाह गणितीय हिसावले ठीकै भए तापनि शिक्षण सिकाइ तथा वुझाइको दृष्टिले वेठीक भएको अध्ययन-अनुसन्धानले देखाएको छ । यस सम्वन्धमा प्रसिद्ध गणितज्ञ रिचार्ड कुरान्ट र हर्वट इ रोविन्सले आफ्नो पुस्तक **'गणित के हो ?'** (What is Mathematics? १९४७:२१६) मा भनेका छन् की गणितका विभिन्न तथ्यहरूको वीचमा अर्न्तसम्वन्ध कायम गरी एउटा तार्किक संरचना कायम गर्नका लागि स्वयम्सिद्ध तथ्यमा आधारित गणितीय विधि स्वाभाविक देखिए तापनि यस विधिले मात्र गणितमा वास्तविक खोज वा अर्थपूर्ण समझको विकास कमै होला । उनका अनुसार यसका लागि अर्थपूर्ण समझमा आधारित निर्माणात्मक चिन्तन गणितीय गतिशीलताको वास्तविक स्रोत हो गणितको औपचारिक प्रमाण एउटा आदर्श हो तर त्यसैलाई गणितको सारतत्व ठान्नु ठूलो गल्ती हुनेछ ।

माथिका विवेचनाको आधारमा हामीले गणितीय सत्यता कसरी थाहा पाउँछौं र किन गणितीय ज्ञानलाई अपरिवर्तनशील सत्यज्ञानको रूपमा लिइन्छ भन्ने सम्वन्धमा केही विवेचना गरियो । समष्टिमा भन्नु पर्दा गणितलाई व्यवस्थित गर्ने पत्ता लगाइसकेका गणितीय नियमलाई निश्चित र क्रमवद्ध सङ्गठनमा राख्ने उद्देश्यका लागि उपयोगी भए पनि गणितीय तथ्यलाई वुझ्ने, व्याख्या गर्ने र गणितीय ज्ञान मानव ज्ञानको संसारमा किन यति धेरै भरपर्दो भयो होला भन्ने सम्वन्धमा सकारात्मक धारणा वनाउने उत्साहजनक अवस्था वन्न सकेको देखिँदैन । दार्शनिक रूपमा गणितलाई सामाजिक निमार्णको रूपमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri
नलिएको कारणबाट यस्तो स्थिति उत्पन्न भएको कुरा सापेक्षवादीहरूले देखाएका छन् । गणितको अर्थलाई भन्दा पनि संरचनालाई प्रधान रूपमा लिने चिन्तनले गर्दा गणित साँघुरिँदै गएको भन्ने सापेक्षवादीको दावी रहेको छ ।

गणितलाई हामीले कसरी बुझ्दैछौं र गणितीय ज्ञानलाई किन तथ्यपूर्ण ज्ञानको रूपमा लिइएको हो ? भन्ने सम्वन्धमा आधुनिक व्याख्याका लागि इम्रे लकटोसको अन्तानुभूतिवाद (quasi empiricism) र भाषिक परम्परावाद (convintionalism) को आधारमा पाउल अर्नेस्टवाट प्रस्तावित सामाजिक निर्माणवाद नै सायद सबैभन्दा व्यवस्थित व्याख्या हुन सक्ला । व्यक्तिको विषयगत गणितीय ज्ञान कसरी गणितीय तथ्य अर्थात् सर्वमान्य गणितीय ज्ञानको रूपमा विकास हुन्छ भन्ने सम्वन्धमा सामाजिक निर्माणवादले धेरै कुराहरू देखाएको छ । सामाजिक ज्ञानहरू समाजको अन्तर्क्रिया (परीक्षण, संपरीक्षण-पूर्वस्थापित सन्दर्भ र विधिका आधारमा) हुँदै वैधता प्राप्त गरे जस्तै नयाँ गणितीय ज्ञान गणितज्ञको समाजका माध्यमवाट वैधता प्राप्त गर्दछ, यसका लागि ननयुक्लिडियन ज्यामितिको विकास भइसकेपछि पनि त्यसले वैधता प्राप्त गर्न लागेको समय, गणितज्ञहरू वीच भएका मतभेद र त्यस समयको सञ्चारको समस्याले गणितीय ज्ञान कसरी विकास हुँदो रहेछ र कसरी वैधता प्राप्त गर्न सक्दो रहेछ भन्ने सम्वन्धमा ठूलो उदाहरण प्रस्तुत गरेको छ ।

तेस्रो प्रश्न गणितको प्रयोगका सम्वन्धमा रहेको छ । यसले गणितीय ज्ञानको किन यति धेरै उपयोगिता छ भन्ने वारे उल्लेख गर्दछ । प्लेटोवादीहरूका अनुसार गणितीय ज्ञान मानसिक पनि होइन, भौतिक पनि होइन, यो त अमूर्त वस्तु हो । औपचारिकवादका प्रणेता हिलवर्टका अनुसार यो एक प्रकारको खेल हो, जुन कागजमा खेलिन्छ र यसरी खेल्दा केही नियमको प्रयोग गरी अर्थविहीन सङ्केतहरूको प्रयोग गरिन्छ । शुद्ध गणितमा ठीक वेठीकको सवाल हुँदैन र गणितीय सङ्केतले कुनै अर्थ दिन वाध्य छैन । गणित एउटा एकरूपता कायम भएको वैध प्रणाली हो । युक्लिडको ज्यमिति र ननयुक्लिडियन ज्यमिति दुवै वैध छन् । यी भनाइलाई हेर्दा र गणितको वास्तविक समस्या समाधानमा यसको उपयोगितालाई हेर्दा धेरै हदसम्म असामञ्जस्यता देखिन सक्दछ तर गणितको सिद्धान्तको व्यापक प्रयोग, यसको प्रयोगले विज्ञान, प्रविधि र अन्य क्षेत्रमा दिएको तथ्यपरक तथा उपयोगी नतिजा, ती नतिजाहरू वीचको स्थायित्व तथा वैधताले नै होला गणित उपयोग गर्नेले गणितलाई सबभन्दा तथ्यपरक अकाट्य ज्ञानको रूपमा लिन्छन् । यो नै सायद गणितज्ञ तथा गणितलाई उपयोग गर्ने धेरै गणितकर्मीका लागि गणितको तथ्यता, वैधता र एकरूपताको प्रमाण हो ।

गणितकर्मीहरूले गणितको प्रयोग गर्ने क्रममा एउटा व्यवहारवादी प्राविधिक जस्तो पुरानो तरिकाले पुगेन भने त्यसलाई वढी विकसित तथा व्यापक वनाउने, त्यतिले पुगेन भने नयाँ विधिको विकास गर्ने गरेको देखिन्छ । सायद, त्यसैले होला मानव समाजको विकास सँगै विकास हुँदै आएको गणित समाजको जटिलताका साथै यस विषयको जटिल संरचनाको रूपमा विकास भयो । अर्को शब्दमा भन्नु पर्दा गणितको उपयोगिता निश्चित हदसम्म उपयोगिताको आधारमा विकास भएको गणितका विविध क्षेत्रहरू र यसको संरचनाको कारणले हो । यसैले सापेक्षतावादीहरू गणितीय ज्ञानलाई सामाजिक निर्माण भन्दछन् । सामाजिक निर्माणहरू मध्ये गणितीय ज्ञान नै यति धेरै वस्तुपरक किन भयो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri
होला ? कान्टले युक्लिडको ज्यामितिलाई मात्र वास्तविक ज्यामितिको रूपमा लिए । यस ज्यामितिको उपयोगिताको आधारमा नै यसलाई मानव दृष्टिको एक मात्र ज्यामितिको जामा पहिराउनका लागि गरिएको प्रयासका रूपमा पनि हेर्न सकिएला ?

चौथो प्रश्न मनो-समाजशास्त्र (psycho-sociology) सँग सम्वन्धित छ । यसका आधारमा गणितीय ज्ञान आविष्कार गरिएका (invented) हुन् की पत्ता लगाइएका (discovered) हुन् ? यदि आविष्कार गरिएका हुन् भने भिन्दाभिन्दै गणितज्ञले अलग अलग अध्ययन गर्दा पनि एउटै प्रकारको नतिजामा कसरी पुग्न सके होलान् ? (लोवाचेव्स्की, वोलार र गसले स्वतन्त्रपूर्वक वेग्लावेग्लै अध्ययन गरेर एउटै नतिजामा कसरी पुगे होलान् ? के यो व्यावहारिक आवश्यकताले भयो होला ? के यसलाई सामाजिक ज्ञान उत्पादनको रूपमा लिन सकिन्छ ?)

गणितीय वस्तुको अस्तित्वका सम्वन्धमा पहिलो प्रश्नमा नै चर्चा गरिएको छ। तापनि यो आविष्कारको वस्तु हो या पत्तालगाइने वस्तु हो भन्ने सवालमा अल्फ्रेड रेनी (२००६) को लेख A socratic dialogue on mathematics को आधारमा केही थप चर्चा गरिनेछ । यो लेख प्रसिद्ध दार्शनिक सुकरात र उनका मित्र हिप्पोक्र्याट्स वीच भएको संवादमा आधारित छ । यस लेखमा सुकरातले आफ्नो मित्रलाई संवादको क्रममा समस्या राख्दै उत्तरलाई यसरी अगाडि वढाएका छन् की यसवाट विषयको गहिराई वढ्दै जान्छ र मूल विषयतिर वार्ता केन्द्रित हुन्छ । उदाहरणका लागि संवादका केही अंश यहाँ प्रस्तुत गरिन्छ ।

सुकरातः ए, मित्र मलाई भन त ! गणितको अध्ययनको वस्तु के हो ? गणितज्ञहरूले कस्ता वस्तुको वारेमा अध्ययन गर्दछन् ?

हिप्पोक्र्याटसः एथेन्सका प्रसिद्ध गणितज्ञलाई देखाउँदै, गणितले सङ्ख्याहरू र ज्यामितीय आकारको अध्ययन गर्दछ ।

सुकरातः ठीक छ । तिमी भन्न सक्छौ ? ती चीज अस्तित्वमा छन् त ?

हिप्पोक्र्याटसः किन नहुने ! नत्र तिनीहरूको वारेमा कसरी भन्न सक्छौ ?

सुकरातः त्यसो भए गणितज्ञहरू नभएको भए दृढ सङ्ख्या हुने थिए होला त ? ती सङ्ख्या कहाँ हुने थिए होलान् ?

हिप्पोक्र्याटसः हामीले पुष्टि गर्‍यौं कि गणितका विषयवस्तु गणितज्ञले सिर्जना गरेका हुन् ।

सुकरातः त्यसो भए जति धेरै गणितज्ञहरू छन् त्यति नै गणितीय सत्यता पनि फरक फरक हुनुपर्थ्यो । तर टाढा टाढा वस्ने एक आपसमा सम्पर्क नहुने गणितज्ञहरूले एउटै सत्य कसरी पत्ता लगाए होलान् ? दुई वटा कविले एउटै कविता लेखेको त मैले कहिले पनि सुनेको छैन । आदि

यस्तै संवादको आधारमा गणितीय वस्तुको अस्तित्वका वारेमा यी वस्तु सिर्जना हुन् वा भएकालाई पत्ता लगाउने हो ? गणितज्ञहरूको स्वतन्त्र अध्ययनवाट कसरी एउटै निष्कर्ष निस्कन सक्दछ ? आदि सम्वन्धमा विवेचना गर्न सकिन्छ । गणितको अध्ययनको विषय के हो ? गणितज्ञहरूले कस्ता चीजको वारेमा अध्ययन गर्दछन् ? भन्ने प्रश्न गणित दर्शनमा आउने महत्वपूर्ण प्रश्न हो । यसको चर्चा माथि नै भइसकेको भए तापनि पुन : आवश्यकता अनुसार थप उल्लेख गरिन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गणित र गणितज्ञले अध्ययन गर्ने चीजमध्ये सङ्ख्या र ज्यामितीय स्वरूपहरू पर्दछन् । फेरि प्रश्न उत्पन्न हुन्छ के यी चीज अस्तित्वमा छन् त ? भौतिक चीज (वस्तु) जस्तै मानिस, रुख, जनावर आदि त अस्तित्वमा छन् भने तिनीहरूको सङ्ख्या पनि अस्तित्वमा हुनुपर्ने होइन ? भन्ने प्रश्न उठ्छ । सङ्ख्या गणितज्ञको दिमागको उपज हो की वस्तुहरूको प्रतिनिधित्व हो भन्ने सवाल मुख्य सवालसँग जोडिएको अर्को सवाल हो । अल्फ्रेड रेनीले सुकरातको संवादमा उल्लेख गरे झैं के गणितज्ञहरू नभएको भए दृढ सङ्ख्या हुने थिएनन् अथवा तिनीहरू कहाँ हुने थिए होलान् ? सत्रौं शताव्दी पहिले ऋणात्मक सङ्ख्यालाई वास्तविक सङ्ख्याको रूपमा सर्वमान्य हिसावले स्वीकार गरिएको थिएन (ग्राहम, १९७५:१४३) अस्तित्वमा रहेको सवभन्दा ठूलो गणनाको सङ्ख्याको सम्वन्धमा अहिले पनि विवाद छ । गणितज्ञहरूले यति ठूला सङ्ख्या पत्ता लगाएका छन्, जसको भौतिक रूपमा व्याख्या गर्न सकिन्छ नै भन्ने छैन । पदार्थको गणना, नाप, आकार र तुलनाको कार्यवाट विकास भएको गणित आज दर्जनौं प्रशाखाको रूपमा विकसित भएको छ (कुक, १९९७:५-६) । तापनि गणितको आधारभूत धारणा सङ्ख्या के हो ? भन्ने अझै छलफलको विषय वनेको छ ।

गणितको आधारभूत वस्तु (जस्तै सङ्ख्या, आकार) भौतिक वस्तुको प्रतिविम्वका रूपमा छन्, ती वस्तु भौतिक सत्य होइनन् र तिनीहरू गणितज्ञको दिमागको चिन्तन हो (रेनी, २००६:६) । अव अर्को प्रश्न उत्पन्न हुन्छ, गणितज्ञपिच्छे गणितका सत्यताहरू फरक पर्ने त होइनन् ? कि अलग अलग र स्वतन्त्र रूपमा काम गर्ने गणितज्ञहरूले एउटै निष्कर्ष निकाल्न सक्दछन् होला ? जब कि दुई जना कविले एउटै कविता लेखेको घटना पाउन सकिन्न भन्ने प्लेटोवादीको विश्वास जस्तै गणितीय सत्यताको खोजी भनेको पहिले नै विद्यमान रहेका सत्यतालाई पत्ता लगाउने भएकाले फरक फरक गणितज्ञको खोजीवाट एउटै सत्य-तथ्यको पत्ता लागेको हुन सक्दैन भन्ने सवाल उत्पन्न हुन्छ । सापेक्षवादीको अध्ययनले यसलाई मान्दैन । सवै गणितज्ञहरू समान निष्कर्षमा आउनाले निश्चय नै वस्तुगत आधारलाई इङ्गित गर्दछ । त्यस्तो वस्तुगत आधार (प्रत्यक्ष वा परोक्ष रूपमा) निश्चय नै वस्तुको गणना, नाप, वर्गीकरण र तुलनाले प्रदान गरेको हुनु पर्दछ । त्यसैले गणितज्ञहरूले गणित रचना गर्ने क्रममा चिन्तनको संसारमा काम गर्दछन्, चिन्तन गर्न उनीहरू स्वतन्त्र हुन्छन् तर उनीहरूको चिन्तनको आधार भौतिक जगत नै हुन्छ र त्यसकै विशेष प्रकारको प्रतिविम्वका रूपमा चिन्तन निर्माण भएको हुन्छ । यस अर्थमा गणितज्ञहरूको कार्य गणितीय सत्य पत्ता लगाउनु मात्र नभएर निश्चित (केही मात्रामा) हदसम्म विचार निर्माण गर्नु पनि हो (रेनी, २००६:१०) ।

उपसंहार

ऐतिहासिक रूपमा मूलतः दुई थरी मानवीय क्रियाकलापहरू: पहिलो-गणना र नाप सम्वन्धी गणित, दोस्रो, आकारहरूको आधारमा वस्तुहरूको वर्गीकरण सम्वन्धी गतिविधिहरूको आधारमा विकास भएको गणित यी दुवैको संयुक्त प्रयोगवाट वस्तुहरूको लम्वाई, क्षेत्रफल, आयतन र तौल निकाल्ने र तुलना गर्ने गतिविधिका कारणले गणित दर्शन उच्चस्तरमा विकासित हुँदै आजका दर्जनौं क्षेत्रहरूको जटिल संरचना भएको विषयका रूपमा समृद्ध भईसकेको छ, जतिजति गणितीय ज्ञान, क्षेत्र तथा गहिराई वढ्दै गयो, स्वाभाविक रूपमा यसको व्यवस्थापन गर्ने कार्य पनि अगाडि वढ्दै जाने कुरा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गणितको इतिहासको अध्ययनले देखाएको छ। गणितका तथ्य, सीप, धारणा, सिद्धान्त वा नियमहरू प्रक्रियालाई अन्तर्सम्वन्धित गर्ने र संङ्गठनात्मक रूप दिने प्रयासका कारणले गणितको विशाल संरचना खडा भयो। गणितको अध्ययन मूल शास्त्रहरूको अध्ययन अन्तर्गत पर्न गयो। दर्शनशास्त्रका पितामह मानिने प्लेटोले, ज्यामितिका अनभिज्ञहरूलाई उनको प्रतिष्ठानमा प्रवेश निषेध छ भन्ने वाक्य प्रतिष्ठानको ढोकामाथि लेखाएका थिए भन्ने कुराले गणितको दार्शनिक महत्व उल्लेख गर्दछ। इतिहासका प्रख्यात दार्शनिकहरूले गणितका सम्वन्धमा आफ्ना जुन विचार व्यक्त गरे त्यसले गणित सम्वन्धी दृष्टिकोण विकास हुन गएको देखिन्छ। यो नै गणित दर्शनको विकासको ऐतिहासिकता वन्नपुग्यो।

भौतिक वस्तुको परिमाणात्मक पक्ष नापसँग बढी सम्वन्धित भएर होला यस विषयले युगौंदेखि बढी वस्तुगत मान्यता प्राप्त गरेको। गणित बिलकुल सत्य-तथ्य ज्ञानको विषयका रूपमा स्वीकार गरिएको हुनाले गणितीय ज्ञानहरू निरपेक्ष रूपमा सत्य छन्, यी कालजयी सत्य हुन् र यी मानवीय क्रियाकलापबाट निर्धारित नभएर यसवाट मानवीय क्रियाकलाप सञ्चालित हुन्छ भन्ने चिन्तन (निरपेक्षवादी चिन्तन)को विकास भएको देखिन्छ।

गणित-दर्शनको विकासक्रमलाई हेर्दा वीसौं शताव्दीको मध्यकाल यसको विकासको चरम उत्कर्ष हुन गयो। यद्यपि वीसौं शताब्दीको पूर्वाद्धमा नै गणितीय ज्ञानको संसारमा विरोधाभास देखिइसकेको थियो। गणितलाई सुरक्षित तथा बलियो आधार प्रदान गरी मानवीय ज्ञानको संसारमा सवैभन्दा सुनिश्चित तथा सधैका लागि सत्य ज्ञानको रूपमा स्थापना गर्ने प्रयासका रूपमा गोटलव फ्रेज, वट्र्यान्ड रसेल, लूइटजेन्स ब्राउर र डेविट हिलवर्टको कार्य उल्लेखनीय रहेको छ। यिनीहरू वीच मतान्तर भए तापनि गणितको आधार बलियो हुनु पर्दछ भन्ने साझा दृष्टिकोण रहेको कुरा वीसौं शताव्दीका प्रख्यात गणितज्ञ इम्रे लकटोसले भनेका छन्। यस्तो चिन्तनलाई गणित-दर्शनको सुरक्षित जग बसाउने कार्य foundationism भन्ने नाम लकटोसले दिए (हर्स, १९९९:९१) त्यसैले निरपेक्ष गणित-दर्शनको कार्य भनेको गणितको व्यवस्थित, वलियो र सुरक्षित जग बसाल्नु नै हुन गयो (अर्नेस्ट, १९९१:४; हर्स, १९९९:१२)।

गणितको यस्तो चिन्तनले गणितीय ज्ञानलाई मानवीय तथा नैतिक मान्यतावाट बिलकुल अलग राखेर हेर्ने, यसलाई नैतिक, सामाजिक मूल्य-मान्यतावाट अगल एवं मूल्य निरपेक्ष विषयको रूपमा लिने र गणितीय वस्तु (सङ्ख्या र आकारको स्वरूप) लाई भौतिक चेतनाबाट स्वतन्त्र अस्तित्व भएको प्रत्ययका रूपमा प्रयोग गरे। यसमा आधारित संरचना, प्रक्रिया र अन्तर्सम्वन्ध अध्ययनको विषयका रूपमा विकासित भयो (अर्नेस्ट २००९:२०८-२१०) गणितीय दर्शनको ऐतिहासिक पृष्ठभूमि खोज्दै जाने हो भने क्रमशः कान्ट, लाईवनिज, स्पिनोजा, डेकार्ट्स, थोमस अकुइनस, हिप्पो र प्लेटो (ई.पू चौथो शताव्दी) हुँदै गणित तथा दर्शनका पितामह पाइथागोरस (इ.पू. छैटौं शताव्दी) सम्म पुगिन्छ।

विगत दुई हजार वर्षभन्दा पहिलेदेखि हावी भएको निरपेक्ष गणितको दार्शनिक आधारलाई पहिलो धक्का उन्नाइसौं शताव्दीको ननयुक्लिडियन ज्यामितिको उदयले दियो। निरपेक्ष गणितीय दर्शनको स्वरूप मूलतः युक्लिडियन ज्यामितिको स्वरूपमा आधारित थियो। ननयुक्लिडियन ज्यामितिको उदयले युक्लिडको ज्यामिति मात्रै वास्तविक ज्यामिति हो र युक्लिडको ज्यामिति भन्दा अर्को वास्तविक ज्यामिति हुन सक्दैन, भन्ने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कान्टको व्याख्यामा ठूलो प्रश्न उत्पन्न भयो । कान्टको दर्शनका प्रभावले गर्दा ननयुक्लिडियन ज्यामिति जस्तो ठूलो प्राप्तिले पनि दार्शनिक महत्व पाउन सकेन ।

वीसौं शताव्दीको सुरुदेखि नै गणितमा देखापरेका विभिन्न समस्याले गर्दा निरपेक्ष गणितको दर्शनले ठूला ठूला चुनौती भोग्नु पर्‍यो । ती चुनौतीहरू कान्टको समूह-सिद्धान्तमा भएका विरोधाभासपूर्ण नतिजाका साथै अन्य समस्याका कारणले गणितीय ज्ञान निरपेक्ष सत्य हो भन्ने सम्वन्धमा ठूला ठूला प्रश्नहरू उत्पन्न भए । यसरी खलवलिएको गणितको जगलाई मर्मत गर्न तीन वटा चिन्तन धारा (रसेल र ह्वाइटहेडको तर्कवाद, हिलवर्टको औपचारिकवाद र वाउर, हेटिङ र विसपको निर्माणवाद) को विकास भयो । यिनीहरूको विकासले गणितीय चिन्तनको क्षेत्रमा ठूलो योगदान पुऱ्याए पनि गणितलाई सुरक्षित अवतरण गराउने प्रयास पूरा हुन सकेन (अर्नेस्ट, १९९१:९-१२; हर्स, १९९४:१२; हर्स, १९९९:१३८-१४१) । यसो हुनाको कारण तर्कमा आधारित स्वयम् सिद्ध तथ्यवाट मात्र गणितका सवै सत्यतालाई प्रमाणित गर्न सकिएन भन्ने निष्कर्षमा तर्कवादी नै पुगे भने निर्माणवादीहरूले शास्त्रीय गणितको ठूलो क्षेत्रलाई समेट्न सकेनन् । हिलवर्टको औपचारिक प्रणालीको कार्यक्रमलाई कुर्ट गेडेलको अपूर्णताको साध्य (Incompleteness Theorem, 1931) ले पूरा हुन नसक्ने कार्यक्रमको रूपमा पुष्टि गरेपछि निरपेक्षवादी गणित दर्शनले आफ्नो लक्ष्य पूरा गर्न सकेन ।

निरपेक्षवादी गणितीय ज्ञानको व्याख्याले गणितको सुरक्षित आधार तयार गर्न स्वयम् सिद्ध तथ्यमा आधारित संरचना खडा गरेर तर्क (निगमन पद्धति)को प्रयोगवाट स्वयम्सिद्ध तथ्यको सत्यतालाई निगमन तर्कको उपयोगवाट स्थानान्तरण गरी गणितीय संरचनाको निर्माण गर्दछ । यसो गर्दा गणितीय ज्ञानको सत्यता निगमन तर्कको वाटो फर्कंदै अन्त्यमा स्वयम् सिद्ध तथ्यमा आइपुग्छ । यी स्वयम् सिद्ध तथ्यहरू प्रमाण वा प्रदर्शन विना नै सत्य मानिएकाले यसलाई कसरी पूर्ण सत्य मान्न सकिन्छ भन्ने प्रश्न मूल प्रश्नका रूपमा उत्पन्न भयो । निगमन तर्कले सत्यतालाई स्थानान्तरण गर्दछ, निर्माण गर्दैन । त्यसैले गणितीय ज्ञानवाट निश्चिततताको स्थापना गर्न सकिँदैन किनकी त्यस्तो आधार स्वयम् सिद्ध तथ्यले दिन सक्दैन भन्ने निष्कर्ष नै समाधानविहीन निष्कर्ष हुन गएको छ ।

माथि उल्लेख गरिएजस्तो विवेचनाले वीसौं शताव्दीको उत्तरार्द्धमा आएर नयाँ मोड लियो । जब केही दार्शनिक तथा गणितज्ञ (लकटोस, हर्स डेविज र टिमोड) ले **गणितीय ज्ञान पनि मानवीय रचना भएकाले अन्य मानवीय रचना जस्तै परिवर्तनशील छ** भन्ने कुरा विभिन्न लेखहरू मार्फत प्रकाशित गराए । यस चिन्तन धाराको विकासमा दर्शनशास्त्री, समाजशास्त्री, मनोवैज्ञानिक लगायत अन्य विभिन्न क्षेत्रका अध्ययनकर्ताहरूको ठूलो भूमिका रह्यो र यिनीहरूमध्ये इम्रे लकटोस (१९७६, १९७८) को अन्तानुभूतिवाद (quasi–empiricism) मा आधारित प्रमाण र प्रतिवादको ज्ञान सिद्धान्तले ज्यादै नै महत्व राख्दछ (अर्नेस्ट, १९९१:३५-३६)

लकटोसको अन्तानुभूतिवादलाई इन्द्रियानुभववादको आधुनिक संस्करण पनि भनिन्छ । किनभने यसको आधारमा गणितीय ज्ञान गणितज्ञहरूको गणितीय अभ्यास हो र यस्तो अभ्यास स्वयम् सिद्ध तथ्यदेखि साध्यतिर स्वाभाविक रूपमा अगाडि वढ्दैन । यो त प्रमाण र प्रतिवादको प्रक्रियामा आधारित गणितीय खोजको तार्किक वाटोवाट अगाडि वढ्छ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(वलचेफ, १९९०:२८४-२९८; अर्नेस्ट, १९९१:३४-४०, १९९४:३३-४५; हर्स, १९९९:२०९-२१५) । यस चिन्तनअनुसार गणितीय अनौपचारिक धारणा कसरी प्रमाण र प्रतिवादको वाटोवाट परिमार्जित हुँदै औपचारिक धारणाको रूपमा विकास हुन्छ भन्ने सम्वन्धमा चर्चा गरिएको छ । यसका आधारमा गणित भनेको गणितीय समस्या समाधानमा संलग्न व्यक्तिहरू बीचको वार्ता हो । गणितीय ज्ञान कहिले पनि अन्तिम र पूर्ण सत्य हुन सक्दैन र गणितीय ज्ञानको वैधता (सत्यता) नयाँ समस्या (चुनौती) वा नयाँ व्याख्याको कारणले वा गणितीय प्रमाणको प्रामाणिकतामा भएको परिवर्तनका कारणले पुनविचार वा पुनर्व्याख्यामा भर पर्न सक्दछ ।

लकटोसको अन्तानुभूतिवाद र भाषिक परम्परावादले निर्माणवादको नयाँ संस्करण सामाजिक निर्माणवादको प्रस्तावित दर्शन अगाडि सारे । यो नै गणितको नयाँ चिन्तनको व्यवस्थित रूप हो यसले गणितलाई सामाजिक निर्माणको रूपमा लिन्छ र गणितीय ज्ञान आर्जनको प्रक्रिया तथा यसको वैधताको व्याख्या गर्छ । सामाजिक निर्माणवादका आधारमा गणितको आधार संवादपरक तथा द्वन्द्वात्मक तर्कमा आधारित छ (अर्नेस्ट, १९९४:३७) गणितीय प्रमाणहरू विषयस्तुको विशेष प्रकारको स्वरूप हो र यिनीहरू प्राचीन ग्रीसदेखि नै एकात्मक तर्कका रूपमा (monological form) प्रस्तुत गरिएका छन् । यसो गर्नाको कारण गणितलाई विलकुल ठीक, यकीन तथा पूर्णतः सत्य ज्ञानको रूपमा स्थापित गर्ने निरपेक्षवादीको चिन्तनका कारणले हो । यद्यपि प्रमाण भन्नासाथ तर्कका आधारमा ठीक छ भनेर कसैलाई सम्झाउने काम गर्ने भएकाले यसले श्रोता (कक्षा कोठामा विद्यार्थी भए जस्तै) को कल्पना गरेको छ तापनि शास्त्रीय गणितले तर्क-वितर्कको दोहोरो प्रणालीको सट्टा निरपेक्ष गणितको आदर्श पूरा गर्न एकोहोरो तर्कको वाटो लिएको छ जसले गर्दा वक्ता वा श्रोताको कुनै उपस्थिति देखिँदैन । गणितीय पाठ्य सामाग्री, प्रमाणहरू र गणितीय प्रक्रियाको विस्तृत विश्लेषणका आधारमा के देखिन्छ भने यसमा प्रयोग भएका क्रियाहरूले निर्देशनात्मक र आदेशात्मक रूपको प्रतिनिधित्व गर्दछ (अर्नेस्ट, १९९४:३८) । यसले पनि एकोहोरो तर्कको प्रतिनिधित्व गर्दछ । यस्तो गणितीय तर्कवाट के सत्य हुन सक्ला भन्ने सम्वन्धमा हामी कुनै निष्कर्षमा पुग्न सकौंला तर गणितीय खोज यस्तो विधिवाट कमै सम्भव हुन्छ । त्यसका लागि गणितीय सुझ बुझमा आधारित निर्माणात्मक विधि नै गणितीय खोजको गतिशीलता हुन सक्दछ (कुरान्ट एन्ड रविन्स, १९४७:२१६) ।

निरपेक्ष गणितको दर्शनमा यति धेरै सङ्कट उत्पन्न भयो कि यसमा परिमार्जन एवम् परिवर्तनको विकल्प खोज्नु नै उचित देखिन गयो । यसका वावजुद निरपेक्षवादीहरू यो वा त्यो रूपमा गणितको निरपेक्ष सत्यतालाई जोगाउन प्रयासरत देखिन्छन् । उनीहरूको हेराईमा ग।गतको यस्तो ज्ञान मानवीय ज्ञानको संसारमा विशुद्ध ज्ञान नै हो, जुन मानवीय क्रियाकलाप र समाज सापेक्ष छैन । गणितीय ज्ञानको विकासमा भौतिक वस्तुको परिमाणात्मक पक्षको प्रतिनिधित्व भएकाले यो निश्चित हदसम्म वस्तुगत (वास्तविक) देखिन्छ । तर वस्तुगत वैधताको निक्र्योल, सामाजिक तथा अन्तरवैयक्तिक छलफल, परीक्षण, संपरीक्षणको वाटोवाट निर्धारित हुने हुँदा गणितीय ज्ञान वस्तुगत हुनाको साथसाथै सामाजिक निर्माण पनि हो र यो परिवर्तित तथा परिमार्जित हुँदै जान्छ । गणितीय ज्ञानलाई विलकुलै अपरिवर्तनीय सत्यज्ञानको रूपमा लिने निरपेक्षवादी चिन्तन र गणितलाई काल्पनिक तथा विषयगत निर्माणको रूपमा लिने चिन्तन (Fictionalism)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बाट जोगाई सामाजिक वस्तुगत निर्माणको रूपमा विकास गर्नु नै गणित शास्त्रको विकासको नवीनतम दिशा हुन सक्दछ ।

सन्दर्भ ग्रन्थ सूची

- Balacheff, N. (1990). A study of students' proving processes at the junior high school level. In wirszup, I and stre, R. (Eds.), Development in school mathematics Education around the world (p. 284-298). Reston, VA: National Council of Teachers of Mathematics.
- Courant, R. and Robbins, H. (1948) **What is Mathematics ?** New York: Oxford University Press.
- Ernest, P. (1991): **The Philosophy of Mathematics Education,** London: The Falmer Press.
- Ernest, P. (1994). **Post modernist and Post structurist approach.** In Ernest, P. (Ed.), **Mathematics, Education and Philosophy** (p. 33-45), London: The Falmer Press.
- Ernest, P., Green, B. and Sriraman, B. (Eds.) (2009). **Critical Essues in Mathematics Education,** Information Age Publishing, Inc.
- Fuys, D., Geddles, D. & Tischler, R. (1988), **Fundamental Mathematical structures,** New Delhi: Eurasia Publishing House.
- Graham, M. (1975). **Modern Elementary Mathematics,** New York: Harcourt Brace Jovanovich.
- Hersh, R. (1999). **What is Mathematics Really ?** New York Oxford University Press.
- Kelly, P.J. and Ladd, N.E. (1986). **Fundamental Mathematical structures,** New Delhi: Eurasia Publishing House.
- Cooke, R. (1997). **The History of Mathematics,** New York: Oxford University Press.
- Rav, Y. (2006). **'Philosophical Problems of mathematics in the light of evolutionary epistemology'** in Hersh, R. (Ed.), 18 Unconventional Essays on the Nature of Mathematics (p. 71-96), Springer.
- Renyi, A. (2006). **'A socratic Dialogue on Mathematics'** in Hersh, R. (Ed.). **18 Unconventional Essays on the Nature of Mathematics** (p. 1-16). Springer.
- Senk, S.L. (1989). Van Hiele Level and Achievement in writing geometry proof. **Journal for Research in Mathematics Education,** 20 (3), 309-321.
- Tymoczko, T. (1994). **'Structuralism and Post-modernism in the philogophy of Mathematics'** in Ernest. P. (Ed.), Mathematics, Education and Philosophy (p. 49-53). London: The Falmer Press.
- Usiskin, Z. (1982). Van Hicle Level and Achievement in Secondary school geometry (Final report of the Cognitive Development and Achievement in Secondary School Geometry Project). Chicago, IL: University of Chicago. Department of Education.
- wolfe. H.E. (1945), **Introduction to Non-Euclideanm Geometry,** New York: Holt, Rinehavt and Winston.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

लेख

समालोचना सिद्धान्तमा प्रयुक्त केही थप अवधारणा

✍ प्रा.डा. गोविन्द भट्टराई*

(साहित्यको व्याख्या र विश्लेषण सवैतिर उस्तै प्रकारले उनै शब्दावली, पद र अवधारणाको सहायताले गरिन्छ । नेपाली साहित्य नयाँ भएकाले यसको समालोचना सिद्धान्त पनि नयाँ र निर्माणाधीन अवस्थामा छ । विश्वसाहित्यमा प्रयुक्त अवधारणा, सिद्धान्त, पद हाम्रोमा ल्याएर अनुवादद्वारा अथवा अनुकूलन गरेर नेपाली साहित्यलाई समृद्ध पार्नु परेको छ । ज्ञानविन्दुले तेस्रो पूर्णाङ्कदेखि यस अभियानको थालनी गरेको छ । त्यो स्तम्भ हो– साहित्य/समालोचना क्षेत्रमा प्रयुक्त पारिभाषिक शब्दावलीको । यी पारिभाषिक शब्दावली खासगरी पाश्चात्य साहित्यबाट आएका साहित्य सिद्धान्त/ समालोचना आदिमा वारम्वार प्रयोग हुने शब्द हुन् । यी धारणाको विश्वव्यापी महत्त्व छ । अघिल्लो अङ्कमा प्रा.डा. भट्टराईबाट पाँचवटा पद ४. एपोरिया **(APORIA)** द्वन्द्व/अभेद्यपथ ५. कन्स्ट्रक्टिभिजम **(CONSTRUCTIVISIM)** निर्माणवाद ६. ब्ल्याक इस्थेटिक **(BLACK AESTHETIC)** श्याम-सौन्दर्य ७. ब्लुज **(BLUES)** विरही-सङ्गीत/दुःखको गीत ८. बाइसेक्सुअल **(BISEXUAL)** उभयलिङ्गीयता *को सङ्क्षिप्त परिचय र केही उदाहरण प्रस्तुत गरिएको थियो भने यस अङ्कमा अरू सात शब्दका परिचय, अर्थ र अवधारणा थपिएका छन् । यी शब्दलाई अन्त्यमा एक पारिभाषिक शब्दकोशको रूपमा पुस्तिका तयार पारिने अपेक्षा हाम्रो छ । -सम्पा.)*

९. बाइनरी अपोजिसन (BINARY OPPOSITION) युग्म प्रतिबोध/द्विचरता

यो भाषाविज्ञानको अध्ययनमा अनिवार्य रूपले आउने पद वा अवधारणा हो । यो सर्दै आएर आज अध्ययन-विमर्श हुने अन्य विधामा पनि अपरिहार्य भएको छ ।

युग्म प्रतिवोध वा द्विचरताले कुनै दुई तत्ववाट निर्मित भन्ने जनाउँछ । भाषामा असङ्ख्य विचार-विपक्ष छन् । जस्तो कि 'माथि' भन्ने शव्दले 'तल' ल्याउँछ, 'टाढा' ले 'नजिक' ल्याउँछ; 'सत्य' ले 'भ्रम' वा 'झुट' ल्याउँछ, 'कालो' भन्नासाथ मनमा 'सेतो' सँगै आउँछ । यसरी युग्म प्रतिवोधको सूचक शव्दलाई द्विचरता भनिन्छ ।

शव्दका विपरीतार्थी छुटयाउन, कुन भाषामा कस्तो द्विचरताको अवधारणा रहेछ भनी भाषिक गुण वुझ्न पनि 'द्विचर/प्रतिवोध' अध्ययन गरिने हुन्छ । सवैभन्दा महत्वपूर्ण स्थान ओगटेर ध्वनिविज्ञानमा नै 'वाइनरी' अपोजिसन' आउँछ । आधुनिक भाषाविज्ञानका गुरु फर्डिनान्ड डि सस्युरले देखाएका छन्, द्विचर (प्रतिवोध)को उपस्थितिले नै एउटा भाषामा ध्वनिको सङ्ख्या निर्धारित गर्दछ । जस्तैः 'प' ध्वनिमा भएका सवै गुण 'फ' मा

---

* वरिष्ठ साहित्यकार, समालोचक एवं अङ्ग्रेजी विषयका प्राध्यापक तथा नेपाल प्रज्ञा प्रतिष्ठानका प्राज्ञ सभाका सदस्य । -सम्पा.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पनि छन् । तर उच्चारण गरेर हेर्दा एउटा अभिलक्षण फरक हुन्छ । त्यसले नै वक्ताले 'पर्सि' भन्दा श्रोताले 'फर्सि' सम्झिँदैन ।

संरचनावादीहरूको लागि प्रतिपक्षताको यो अवधारणामा सम्पूर्ण विश्लेषणको केन्द्रीय आधार निहित छ । 'संरचनावादी' अभ्यासहरू- ध्वनि विज्ञानमा, रूप विज्ञानमा, भाषाशास्त्रका अन्य हाँगामा, साहित्यशास्त्रमा, समालोचनामा, मानवशास्त्रमा, सर्वत्र नै यो सूत्र लागू गरियो । संरचनावादमा आउनुभन्दा पहिले मिथकशास्त्रको अध्ययनमा पनि लेभिस्ट्रसले यही द्विचरताको प्रयोग गरेका थिए । यो ता त्यसरी ध्वनि-शब्दको तहदेखि उठेर कुनै अवधारणा सोचाइ र व्यवहारसम्म पुग्यो । जस्तो कि एउटा पात्र+पुरुष भयो भने–स्त्री भयो, यस्तै एउटा ध्वनि+गोलित रहेछ भने –अगोलित भयो, यस्तै यस्तै । तर १९६० को दशक पश्चात विश्वबाट संरचनावाद लोप हुन थाल्यो । यो अति अवैज्ञानिक र हचुवा देखियो । किनभने भाषा र साहित्य अनेक अपवादले, अनेक सूक्ष्म भेदहरूले बनेको हुँदा यी कुरालाई गणितीय जोड घटाउले बुझाउन नसकिने देखियो । त्यसकारणले संरचनावादको विरोधमा उत्तरसंरचनावाद आयो । त्यो सँगै विनिर्माणवाद आयो र वहुलतामुखी विविधतायुक्त सिद्धान्तहरूले त्यसलाई सहजै प्रतिस्थापित गरे ।

एउटा उदाहरण हेरौँ- हामी 'स्वेदश' को विपरित 'विदेश' भन्दै आएका छौं । आजको एउटा कुनै विश्वस्तरको फारम भर्नोस् त्यहाँ ती शब्द छैनन्– जन्मेको ठाउँ (कन्ट्री अफ् ओरिजिन) र वसेको ठाउँ (कन्ट्री अफ् रेजिडेन्स) भन्दछन् । 'स्वदेश', 'विदेश' दुवै शब्द नयाँ अर्थ बोकेर- परिवर्तित मूल्य बोकेर, उभिएका छन् । त्यति मात्र होइन 'लोग्ने' र 'स्वास्नी' शब्द वाहेक स्त्री-पुरुषका सम्वन्धवोधक भई आएका छन्– 'नर' र 'नारी' । नरनारी जस्तो विभाजन अकाटच होला भन्ने ठान्दथ्यौं तर 'नर' ऽ 'नारी' वाहेक अरू प्रकारका संरचना वा चरित्रले युक्त व्यक्तिहरू आउन थालेपछि अघिका सवै मूल्याङ्कन पद्धति पनि फरक परेको छ । यसरी संरचनावादी द्विचर विभाजन अनुपयुक्त र अर्थहीन हुन पुगेको छ । संरचनावादीको लागि यस्तो अवधारणा सदा स्थिर छ, त्यसैले जगत् चल्दछ । परन्तु विनिर्माणवादमा प्रवेश गर्नासाथ पुराना सोच, धारणा; मान्यता र सिद्धान्तहरू आसामयिक र त्रुटिपूर्ण हुने भएकाले त्यहाँ अस्थिरता छ । यसरी एकपल्टको आविष्कार अर्को युगमा पुग्दा अर्थ भत्केको वा खिया लागेको वस्तु हुँदो रहेछ, केवल इतिहासको कुरा वाँकी हुने रहेछ ।

संरचनावादीको लागि 'द्विचरता' एउटा केन्द्र थियो, उत्तरसंरचनावादीको लागि त्यो केन्द्रभञ्जनको नमुना भयो । विनिर्माणिक दृष्टिले बुझ्दा अर्थहरू त्यति सरल छैनन्, त्यसरी परस्पर विपरित तत्वहरूको तुलना गरेर अर्थहरूलाई अति सरल रूपले प्रस्तुत गर्नु हुँदैन किनभने शब्दलाई एपोरियो (हेर्नोस् ज्ञानविन्दु अङ्क ४, पृष्ठ ६४) को सिद्धान्तले वा अनिर्णितताको सिद्धान्तले हेर्नु पर्दछ । हरेक वस्तु, विचार, त्यसको अर्थ त्यसरी हेर्नु पर्दछ । त्यसैले आज द्विचरताको सिद्धान्त आफैं मकाएको छ ।

अहिलेको समाज–राजनीतिक परिवर्तनको तीव्रताले पनि कति द्विचर विभाजनलाई मेटेर लँदैछ । अब 'रैकर' कि 'किपट' जस्ता शब्दको अर्थ नयाँ पुस्ताले वुझ्ने छैन; 'राजा' कि 'प्रजा' जस्ता मान्यता अहिले उच्छेदित भए; 'छूत' कि 'अछूत' जस्ता विभाजनप्रति कत्रो विद्रोह र आक्रोश थियो; आजका स्रष्टाहरूले 'अपाङ्ग'ऽ'सवलाङ्ग', 'माथ्लो-जात'ऽ 'तल्लो-जात', 'विधुवा'ऽ'सधुवा' जस्ता युग्म प्रतिवोधको प्रयोगमा धेरै होसियार हुनुपर्छ । समाज समानतातिरको यात्रामा छ; मानवतावादी यात्रातिर छ, पुराना अर्थ र अर्थ लगाउने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सिद्धान्तको पुनर्निर्माणतिर छ त्यसैले गर्दा सम्पूण संरचनावादी सोचलाई भत्काएर उखेलेर फ्याँक्नु परेको छ। नत्र नयाँ समयले यहाँ प्रवेश पाउने छैन। शब्दमा मात्र होइन, व्यवहारमा पनि त्यो चाहिएको छ। व्यवहारमा परिवर्तन आउनासाथ युग्म प्रतिवोधहरू वदलिन्छन्, थपिन्छन्, हराउँछन् र घट्छन्।

१०. क्याथार्सिस् (CATHARSIS) विरेचन

यो ग्रीसेली 'पर्गेसन' वाट वनेको शब्द हो। यसलाई विरेचन भनिएको छ। साहित्यका विद्यार्थीलाई विरेचनवारे थाहा छ - यो शब्दको सर्वप्रथम प्रयोग अरस्तुले गरेका थिए। उनले ट्र्याजेडी 'दुःखान्त नाटक' को परिभाषा गर्दा यसको प्रयोग काव्यशास्त्र (पोएटिक्स) को छैटौं अध्यायमा गरेका थिए। उनले लेखेको मुख्य वाक्यमा भनिएको छः ट्र्याजेडी थ्रु पिटि एन्ड फियर इफेक्टस् अर्थात् दुःखान्त (नाटक) ले करूणा र त्रास उत्पन्न गरेर त्यस्ता प्रकारका संवेगहरूलाई विरेचित गर्दछ। यसरी हेर्दा, दुःखान्त नाटकले दर्शकहरूमा शक्तिशाली संवेगहरू उत्पन्न गर्दछ। त्यसले एउटा उपचारात्मक कर्म पनि गर्दछ किनभने त्यसले मनमा उत्पन्न भएका आँधी-चोटको पीडा ओर्लेपछि-विरेचित भएपछि, मन अलिक शान्त हुन्छ। त्यहाँका दृश्यमा ठूलाठूला व्यक्तिलाई पनि दुर्भाग्यले छोपेको देख्दा दर्शकले एक प्रकारले आफूलाई शान्त पार्छ, चित्त बुझाउँछ, आखिर सवै कठोर लेखान्तकै वशमा रहेछौं भन्ने कुरा स्वीकार्छ। नेपालीमा वालकृष्ण समका प्रेमपिण्ड, भीमसेनको अन्त्य, जिउँदो लास र तानसेनको झरीजस्ता नाटकमा यो अनुभव गर्न सकिन्छ। अरू पनि छन्- मनवहादुर मुखियाका दुःखान्त चेतना भएका नाटक। तर आज हृदयमा संवेग उत्पन्न गराउने अरू पनि साधन आएका छन्; जस्तो कि सङ्गीत, सिनेमा आदि।

११. कोलाज (COLLAGE)

फ्रान्सेली भाषाको शब्द हो- कोलाज। यसलाई नेपालीमा पनि भित्र्याइएको छ। यसको शाब्दिक अर्थ एक आपसमा टाँसिने, जोडिने र मिसिने हुन्छ; अथवा विभिन्न वस्तुलाई एउटा ठाउँमा टाँसेर जोड्ने भन्ने हुन्छ।

यो पद सुरुमा पेन्टर (कलाकार) ले प्रयोग गर्दथे अनेक रङ वा माध्यम जोडेर गरिने कलाकर्मलाई 'कोलाज-पेन्टिङ' भनियो। त्यही कला जगत्को प्रयोग साहित्यले पनि ग्रहण गऱ्यो। अनेक प्रकारका इल्युजन, सन्दर्भ, उदाहरण, उक्ति, विदेशी अभिव्यक्ति आदि जोडिएको मिश्रित कर्मलाई बुझाउन 'कोलाज' प्रयोग हुन थाल्यो र क्रमशः 'कोलाज पेन्टिङ' जस्तै 'कोलाज-राइटिङ' हुन थाल्यो। अङ्ग्रेजी साहित्यमा यो सिद्धान्तमा मात्र होइन व्यवहारमै अनेक 'कोलाज' लेखनका प्रमाण उपलव्ध छन्। जस्तो कि जेम्स ज्वाइसको उपन्यास **युलिसेज**मा छ, टी एस इलिअटका कवितामा (हेर्नुः उनको लामो कविता द वेस्ट ल्यान्डमा) पूर्वीय धर्म दर्शन, वेदान्तदेखि युद्ध र अन्य अनेक ग्रीसेली सन्दर्भ मिसाइएको छ। यो प्रविधि पछि गएर अतियथार्थवादमा, दादावादमा र एन्टि-नोभलमा पनि प्रयुक्त हुन थाल्यो। नेपाली साहित्यमा कोलाज शैलीको लेखन न्यून छ।

१२. डिस्कोर्स (DISCOURSE) सङ्कथन वा प्रबन्धन

डिस्कोर्स ग्रीसेली शब्द 'डिस्कोर्स' वाट ल्याटिन, फ्रान्सेली हुँदै अङ्ग्रेजीमा पसेको शब्द हो। यसको कोशीय अर्थ ता *वोली* वा *संभाषण* हुन्छ। यसका लिखित र मौखिक स्वरूप हुन्छन्। नेपाली पाठयक्रममा यसलाई सङ्कथन भनिएको पाइन्छ र कतिपय समीक्षकहरुले **प्रबन्धन** शब्द प्रयोग गरेका छन्। कसैकसैले विमर्श शब्द पनि प्रयोग गरेका छन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रवन्धन अनेकौं प्राज्ञिक एवम् बौद्धिक विमर्शहरूमा अत्यधिक प्रयोगमा आइरहेको शब्द हो, तर यसको प्रयोग एकार्थी नभएर प्रत्येक विषय र विधामा फरकफरक ढङ्गले हुने गरेको छ। त्यसैले यो अनेकार्थी छ। एकातिर हयावर्मास्ले यसलाई तर्कवादमा प्रयोग गरे भने अर्कातिर मिसेल फुकोले पुरातत्वशास्त्रमा प्रयोग गरे। नोमचम्स्कीले भाषा विज्ञानमा प्रयोग गरे। नोमचम्स्कीका अनुसार व्याकरण व्यवस्था अनुरूप वाक्य संरचना हुनुपर्दछ र त्यो संप्रेष्य हुनका लागि ठीक ठाउँमा ठीक कुरा राखेर सही भाव सञ्चार भए मात्र प्रवन्धन भएको मानिन्छ।

यतिखेर डिस्कोर्स अर्थात् सङ्कथन वा प्रवन्धनको अर्थ विस्तारित छ। यसलाई अध्ययनको यस्तो तह भनिन्छ जसमा हाम्रा जिज्ञासाहरू आधारित हुन्छन्। यस तहमा राख्न खोजिएका तर्कहरू, तिनलाई प्रकट गर्ने अलङ्कार, दावी, पूर्वाग्रह, धारणा– सबै कुरा हुन्छन्। सङ्कथन या प्रवन्धनले कुनै दिशातिरको यात्रामा लागेको मनोजगत् भन्ने बुझाउँछ।

मूलतः प्रवन्धनको पठनपाठन हुने क्षेत्र भाषाविज्ञान हो। स्वतन्त्ररूपले पनि यो 'डिस्कोर्स एनालिसिस्' (सङ्कथन-विश्लेषण) को रूपमा पढिन्छ। यसको अध्ययन-अध्यापनले व्यवहारिक प्रयोगलाई पनि सहयोग पुऱ्याएको छ।

डिस्कोर्सलाई कोषहरूले *ल्याङ्गुएज इन युज* अर्थात– प्रयोगमा भएको भाषा; कहीं प्रयुक्त भाषा भनेका छन्। एउटा पाठ (लिखित/मौखिक) लाई संरचनात्मक दृष्टिले र कार्यपरक दृष्टिले– दुईप्रकारले विश्लेषण गरिन्छ। यो ता भाषावैज्ञानिक एवम् पाठकेन्द्री दृष्टिकोण हो। तर डिस्कोर्सलाई अरू दृष्टिले ज्यादा प्रयोग गरिन्छ जसअनुसार सामाजिक एवम् साँस्कृतिक सन्दर्भतिर हेर्ने गरिन्छ। यसरी प्रवन्धनलाई भाषाविज्ञानले हेर्ने पद्धति समाजशास्त्रीय भन्दा फरक छ। भाषाविज्ञानले एक संरचनालाई लिखित वा मौखिक स्वरूपमा प्रस्तुत तथ्यहरूलाई, दृश्य श्रव्य तत्वलाई डिस्कोर्स भन्दछ। पाठचक्रममा हुने प्रवन्धन सङ्कथन विश्लेषण हो। प्रवन्धनलाई विषयगत क्रमवद्धताको अर्थमा मेकियावेलीले सर्वप्रथम प्रयोग गरेका थिए।

यता आएर मिसेल फुको जस्ता विद्वान्ले प्रवन्धनको अर्थ विस्तार गरेका छन्। त्यो अर्थ भाषाविज्ञान एवम् समाजशास्त्र, राजनीति, अर्थशास्त्र, साहित्य सिद्धान्त सर्वत्र पुगेको छ। यस अनुसार डिस्कोर्स भनेको कुनै एक निश्चित पाठको भाषा संरचना आदिको आधारले गरिएको विश्लेषण मात्र नभएर कुनै विषयमा लेखिएका बोलिएका अनेक विचारहरू, भनाइ, उक्ति, व्याख्या मतमतान्तरहरूको लामो समयदेखि अध्ययन गरेर त्यसमाथि गरिएको विचार विमर्शको क्रमवद्ध प्रस्तुति हो- प्रवन्धन हो। फुकोका अनुसार यो *लार्ज ग्रुप्स अफ स्टेटमेन्ट्स* अनेकौं अभिव्यक्ति, विचार वा लेखनको ठूलो सङ्ग्रहको विश्लेषण हो। यसरी सङ्कथन वा प्रवन्धनमा कुनै एक विषयको विशेष सन्दर्भमा प्रकट भएका धेरै कुरा वा धारणाहरू भेला गरेर विश्लेषण गरिन्छ। यस्ता प्रकारका डिस्कोर्सहरू साहित्य वा भाषामा सीमित छैनन्। यी ज्ञानका प्रत्येक हाँगामा या विधामा लागू हुन्छ जस्तै नेपाली अर्थशास्त्रमा डिस्कोर्स, नेपाली लोकसाहित्यमा डिस्कोर्स, नेपाली नारी लेखनमा डिस्कोर्स, नेपाली लोकसाहित्यमा डिस्कोर्स आदि। त्यसको लागि परम्परा र मान्यताहरूको पद्धति र प्रयत्नहरूको, मानिसका अवधारणा र लिखित मौखिक सिद्धान्तहरूको– सबै कुराको सङ्कलन, संयोग वा सङ्ग्रह आवश्यक पर्दछ। त्यसमाथि विचारहरू, विमर्शहरू चलाउने हो भने तिनीहरूलाई अर्थपूर्णता दिने हो भने कसले त्यो विषय हेर्छ, त्यसको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

चर्चा कहाँ हुन्छ, त्यसलाई कसरी लिइन्छ, अबको गन्तव्य कता हो– सबै कुरा र सङ्कलित ज्ञानमाथिको संवाद, विमर्श र निचोड नै आलोचनात्मक विश्लेषण वा प्रवन्धन हो ।

नेपाली साहित्यमा डा. ज्ञानु पाण्डेले त्यस्तो काम गरेकी छिन् । उनको कृतिमा पचास वर्षभित्र लेखिएका नेपाली उपन्यासमा नारी पात्रको मुक्ति चेतना र त्यसलाई खटाउने समाजको वदलिँदो दृष्टिकोण छ ।

सङ्कथन या प्रवन्धनको सीमा हुन्छ । ती सीमा थपघट भइरहन्छन् । अघि सम्पत्तिका हकदार छोरा हुन्छन् भन्ने थियो, अब छोरी पनि भए । यसरी एउटा सिद्धि प्राप्त भएपछि त्यस विषयमा सङ्कथन चलाउनुको आवश्यकता रहँदैन । यसले आफ्नो सीमा बढाउँदै घटाउँदै लान्छ । लामो छलफल वा चर्चाले प्रवन्धनलाई दिशा गति र जीवन दिन्छ । हिन्दूहरूको अन्तेष्टी काजकृया पाँच वा सात दिनमा पूरा गरौँ भन्ने प्रस्ताव सङ्कथनमा आउन थालेका छन् । यतिखेर बन्ने राज्यका सीमा कसरी तोकौँ भन्ने विमर्श चलेका छन् । यो एक प्रकारले कुनै पनि विषयमाथि व्यापक विश्लेषण, परिचर्चा, आलोचना, समर्थन आदिद्वारा एक सहमतितिर पुग्ने विमर्श-यात्रा हो । त्यसको विषयमा अभ्यासले, अभ्यास गरिने विषयले, त्यसका रणनीतिले प्रवन्धन वा सङ्कथनको निर्माण गर्दछन्; त्यसको परिवर्तन, निरन्तरता र अन्त्यको टुङ्गो लाउँछन् ।

डिस्कोर्स विषयका नयाँ कुराहरू मिसेल फुकोले **'आर्कियालोजि अव् नलेज'** शीर्षक कृतिमा विशद चर्चा गरेका छन् । उनले प्रवन्धनलाई ऐतिहासिक र अवधारणागत परिप्रेक्ष्यमा हेरेका छन् । वास्तवमा प्रत्येक डिस्कोर्सले सम्वन्धित विषयलाई अघि बढाउँदै लानुका साथै त्यो आफैँ पनि अघिअघि वढ्दै गएको हुन्छ । पौरस्त्यवादी एडवार्ड सइद र मिखाइल वाख्तिनले पनि डिस्कोर्समाथि धेरै काम गरेका छन् । ज्ञानका र अर्थविज्ञानका विविध हाँगासित जोडिएको डिस्कोर्सको अध्ययन, विश्लेषण र सैद्धान्तीकरणको विषयमा नेपाली साहित्यमा भने अझै ठोस काम भएको छैन ।

१३. इपिस्टेमोलोजी (EPISTEMOLOGY) ज्ञानमीमांशा

यसको व्युत्पत्ति ग्रीसेली 'इपिस्टेमी' सँग जोडिएको छ । त्यहाँ इपिस्टेमी ज्ञान र लोगस शास्त्र शब्द हुने भएकाले ज्ञानसित सम्वद्ध शव्द (episteme logus) भयो। त्यसवाट 'इपिस्टेमोलोजी' ज्ञानशास्त्र वा ज्ञानमीमांशा भएको हो । ग्रीसेली अर्थमा ज्ञानको प्रकृति वा स्वरूपको अध्ययनसित जोडिएको दर्शनको एक शाखालाई ज्ञानशास्त्र भनिएको हो । यसले ज्ञानको स्वरूपका साथै यसको उत्पत्ति, यसका आधारशिला यसका सीमा र वैधतावारे पनि विस्तृत चर्चा गर्दछ ।

यसलाई नेपालीमा *ज्ञानशास्त्र, ज्ञानमिमांशा, ज्ञानमिमांशाशास्त्र* आदि भनिएको पाइन्छ । यस विषयमा नेपालमा दर्शन तथा शिक्षाशास्त्रमा पठनपाठन हुन्छ । दर्शनमा नै यो पद विशेष प्रयुक्त छ । त्यहाँ नेपाली शव्द ज्ञानशास्त्र राम्ररी स्थापना भएको छैन गुरुचेला सबै ज्ञानमीमांसा या इपिस्टेमोलोजी प्रयोग गर्दैछन् । ज्ञानमिमांशाले ज्ञानको प्रकृति मात्र नभै त्यो कसरी प्राप्त गर्ने, त्यसको विधि, यसलाई प्राप्त गर्ने तरिका, यसको निमार्णका आधार आदि विषयमा चर्चा गर्दछ ।

हरेक सभ्यताको आआफ्नै ज्ञानशास्त्र हुन्छ । हिन्दूशास्त्र वौद्धसँग मिल्दैन, इसाईको अरबीको, जैनको, ताओको प्रत्येकको ज्ञानशास्त्र फरक छ । संसारलाई हेर्ने, जीवनलाई कर्मलाई, जन्मऽमृत्युलाई र ईश्वरलाई हेर्ने दृष्टिहरू, सो अनुसार गरिने संस्कार र कर्महरू

 Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri
सबै सबै ज्ञानशास्त्रले ठहर गरिए अनुसार छन् । ती प्रत्येक समाजका, धर्मका, सभ्यताका ज्ञानार्जनको सिद्धान्त फरक-फरक छन् ।

पुराना ज्ञानशास्त्रले हजारौं वर्ष जगत् चलाएपश्चात नयाँ ज्ञानशास्त्र आउन थाले । पहिलेका धार्मिक शिक्षा पद्धतिहरू सीमित व्यक्तिका वा उद्देश्यका थिए भने अहिलेको शिक्षापद्धति सबैको लागि उपलब्ध छ । यो चाहिँ ज्ञानशास्त्रमा आएको परिवर्तन हो । यसरी एक परम्परामा चलिरहेको सभ्यतामा त्यो भाँचिएर अर्को आउनुलाई इपिस्टेमोलोजिकल ब्रेक अर्थात् ज्ञानशास्त्रीय परिस्कार वा विलोपन भनिन्छ । नेपालमा अनेक प्रकारका संस्कृत पाठशालावाट नेपाली माध्यमका स्कुलतिर फड्किनु, त्यसवाट फेरि अङ्ग्रेजी स्कुलतिर जानु ज्ञानशास्त्रको परिवर्तित स्थिति हो । जयतु संस्कृतम् आन्दोलनले ज्ञानको नवीन वाटो मागेको हाम्रो सन्दर्भ पनि स्मरणीय छ ।

यो ज्ञानशास्त्रीय विचलनको अवधारणा आएको भर्खरै हो । यो धारणा लुई आल्थुजरले ल्याएका हुन् । मार्क्सका सुरुका कृति र पछि आएको क्यापिटल बीच ठूलो अन्तर देखेर उनले यसो भने– यसरी मार्क्सेली सिद्धान्तले कतिपय पुराना कुरालाई विस्थापित गरेको उदाहरण ज्ञानशास्त्रीय विलोपन नै हो; मार्क्सेली ज्ञानलाई आज अरूले प्रतिस्थापित गर्ने प्रयत्न गरिरहेका छन्, त्यो पनि त्यही परिस्कार प्रक्रियाको प्रतिफल हो ।

ज्ञानशास्त्रीय सिद्धान्त अनेक विचार र मान्यताको स्थापनामा र तिनको उच्छेदनमा देख्न पाइन्छ । शिक्षामा, संस्कृतिमा, धर्ममा, कलामा, राजनीतिमा सर्वत्र यो सक्रिय हुन्छ । प्रभाववादी चित्रकलालाई नाघेर पिकासो कसरी घनत्ववादमा फड्किए । त्यसपछि एक दर्जन नयाँ कला सिद्धान्त आए । नेपाली कलासाहित्य संस्कृति सर्वत्र अझ जीवन पद्धतिमा ज्ञानशास्त्रको तीव्र परिवर्तन देखिन्छ । यहाँ अनेक राजनीतिक दलहरू हुनु, आआफ्ना मत हुनु यो ज्ञानशास्त्रकै विविधता हुने र हुनसक्ने सत्यको वैकल्पिक परिणाम हो । टेरि इगल्टनले आफ्ना समालोचनामा पनि यस अवधारणाको चर्चा गरेका छन् । आल्थुजरले भनेका छन् यो सिद्धान्त दर्शन र विचारधारामा मात्र होइन, सवैभन्दा वढी ता विज्ञान र प्रविधिमा हुन्छ । हाम्रो सानो उदाहरण छ– फलामे हलो फ्याँकेर ट्र्याक्टरले जोत्न थाले झैं, मसिनले गाई दुहुने, शव दाह गर्ने प्रथा स्थापित भएझैं प्रतिपल हामी विज्ञानको कर्ममा यस्तै विचलन वा परिस्कार देख्छौं ।

यसमा अझै गहिरो गरी प्रवेश गर्न ता मिसेल फुकोले वनाएको **'इपिस्टेमी'** को पनि अध्ययन गर्नु आवश्यक छ । यसपछि ज्याक डेरिडा लगायतका अनेक उत्तरआधुनिक चिन्तकले यसको वारम्वार प्रयोग र व्याख्या गरेका छन्- त्यो हेर्नुपर्छ । नेपाली प्राज्ञिक वा सैद्धान्तिक जगत्मा यस अवधारणाको चर्चा आवश्यक मात्रामा भएको छैन र उदारवादी ज्ञान शास्त्रको विकासमा ध्यान गएको पाइँदैन ।

१४. फेमिनिस्ट इस्थेटिक्स् (FEMINIST AESTHETICS) नारीवादी सौन्दर्यशास्त्र

सौन्दर्यशास्त्र भन्नाले कलाको अथवा कुनै विशेष सुन्दरताको दर्शन भन्ने वुझिन्छ । नारीवादीहरूको ऐतिहासिक अतीतमा लामो अनुपस्थिति देखेर त्यसमा नयाँ सिद्धान्तकारले हस्तक्षेप गर्न थालेपछि त्यसैका परिणामस्वरूप नारीवादी सौन्दर्यशास्त्रको विकास भएको छ । यसभित्र नै सिर्जनात्मक कार्यमा हुने मान्यताहरूको पुनरव्याख्या हुन्छ र नारीवादी लेखन अनि विशेषगरी समालोचनाको प्रादुर्भाव हुन्छ । यो शास्त्रले नारी स्रष्टाहरूको कार्यलाई समेट्ने र पुनर्मूल्याङ्कन गर्ने गर्दछ । यसले नारीहरूको सिर्जनाको अवमूल्यन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri
गर्ने अथवा नारीहरूलाई वहिष्कार गर्ने कार्यहरूको विरोध गर्दछ । यस सिद्धान्तले एउटा वैकल्पिक सौन्दर्यशास्त्रको प्रस्ताव गर्दछ । जसलाई नारी विषयपरकता माथि केन्द्रित गर्न चाहन्छ, अथवा कलामा लैङ्गिकताको भूमिकालाई प्रकाशमा ल्याउन चाहन्छ ।

यस्तो सौन्दर्यशास्त्रको आरम्भ अठारौँ शताब्दीमा भएको हो । सौन्दर्यशास्त्रले ऐतिहासिक रूपमा हेर्दा इन्द्रियगत संवेदनालाई तिनीहरूको अनुभूति र व्याख्यालाई प्रधानता दिएको छ जस्तै कुनै कुराको आस्वादन मूल्य एवम् सौन्दर्यप्रति आफ्नो अवधारणा व्यक्तगर्छ। सौन्दर्यशास्त्रले कलाकारलाई एक महत्त्वपूर्ण योग्य प्रतिभा ठान्दछ र कलाकृतिलाई अपरिहार्य स्वतन्त्र उत्पादन ठान्दछ । कलाकार एउटा उपभोक्ता हो । जसले पदार्थलाई एउटा आकार दिन्छ, ध्यानद्वारा उसले आफ्ना इच्छालाई लोकोत्तर स्थितिमा पुऱ्याउँछ ।

नारीवादी सौन्दर्यशास्त्रमा नारीदेहलाई नै दृष्यमान कलाको केन्द्रीय वस्तु ठानिएको छ । त्यसले त्यो देहको सौन्दर्यलाई उदात्तीकरण गर्ने क्षमताको पारख गर्दछ । नारीवादीहरूले पुरुषहरूद्वारा गरिएको नारीदेहको अलङ्करण वा प्रस्तुतिलाई इतरलिङ्गी प्रतिनिधित्व भनेका छन् । त्यस्तो प्रकारले गरिने प्रतिनिधित्वलाई पुरुष यौनिकतासँग तुलना गरिएको छ । पछि अभिव्यञ्जनात्मक सौन्दर्यशास्त्रको उन्नति भएपछि पुरुष कलाकर्म उत्पादन प्रकृयालाई नारीको प्रसव-कर्मसँग तुलना गरिएको छ । अठारौँ शताब्दीका दार्शनिकहरूले नारी सौन्दर्यलाई वस्तुको रूपमा सूक्ष्म वर्णनद्वारा सहानुभूतिशील संवेगहरू उत्पन्न गरेर आनन्द र साहचर्यको हिसावले प्रस्तुत गरे । वास्तवमा १९७० को दशकदेखिमात्र नारी सौन्दर्यशास्त्रको सङ्कथन आरम्भ भयो । त्यसको आरम्भ नारीवादी आन्दोलनबाट भयो। सर्वप्रथम ता उनीहरूले भने– नारीद्वारा उत्पादित कला वा सिर्जनाहरू कला इतिहासको कुनै पनि कोटीमा मिल्दैनन् किनभने परम्परित रूपले ती कोटीहरू पुरुष अनुभूति अनुकूल स्थापित छन् । ती कोटीकरणमा नारीहरू पर्दैनन् । यस कारणले गर्दा अवको सौन्दर्यशास्त्रले लैङ्गिकताको सामाजिक इतिहासमा स्थापित हुने काम गर्नु पर्दछ ।

नारीवादीहरूले आफ्नो घरेलु कृयाकलापसँग सम्वद्ध कलाकृतिवाट निस्किएर प्रयोग गरे र मुक्तिकामी सामाजिक सन्देश दिनेखालका कलाकृतिहरू रच्न थाले । त्यस यता उनीहरूले अनेक लोकप्रिय माध्यम पक्रिन थालेका छन्– कोही विज्ञान कथामा, कोही ललितकलामा र कोही दृश्यात्मक कलामा लागेका छन् । नारीवादीहरूले खासगरी पाश्चात्य कलाजगत्लाई १९७० देखि रूपान्तरित गरिदिए । कसैले स्थापित कलासंस्थाहरूमा काम गरेका छन्, कसैले वैकल्पिक क्षेत्रहरूमा कलाकृति स्थापना गरेका छन् । धेरैले ठूलाठूला सहकार्यका परिणामहरू पनि देखाएका छन् र यसरी उनीहरूले सामाजिक रूपले सचेत नयाँ कलाकृतिहरू उत्पन्न गरेर सामुहिक एवम् राजनीतिक अभिव्यञ्जनाको लागि नयाँ सार्वजनिक स्थानहरूको सिर्जना गरे । नारीवादीहरूले कलाजगत्मा सिमान्तिकृत गरिएकाहरूको कला प्रदर्शनी गरे, मञ्चीय प्रस्तुति गरे, मिडियामा गए, लेखनमा गए र विभिन्न प्रकारका विभेदको विरोधगरे । त्यसो गर्नाले परम्परागत कला र शिल्पबाट उनीहरू लैङ्गिक विभेदको सीमा भत्काएर समताको मैदनमा ओर्लिए । नेपाली कलामा, साहित्य र समालोचनामा पनि अहिले यस्ता प्रयत्नहरू टड्कारो गरी देखिँदैछन् । विशेषगरी सुधा त्रिपाठी जस्ता प्रखर समालोचकले यसको नेतृत्व गरिरहेकी छन् ।

नारीवादी सौन्दर्यशास्त्र भित्र नारी लेखन, सिर्जना र समालोचना पर्दछन् । अझै पनि नारीवादी सौन्दर्यशास्त्रको सिङ्गो परिभाषा स्थापित भैसकेको छैन । तथापि हेलेन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सिक्सु जस्ता अग्रणीहरूले एक प्रकारको नारीदेहको स्वरूप र सम्वेदनामा आधारित प्रयोगात्मक लेखनको पनि प्रस्ताव गरेका छन्। अर्कातिर कतिले त यसलाई लैङ्गिक असमानता विरुद्ध गरिएका सङ्घर्षहरूले युक्त सिर्जनात्मक शक्ति भनेका छन्। धेरै जना यस्तो प्रस्तावनाबाट उत्प्रेरित छन् तर यस्तालाई फेरि अलिकति सङ्कीर्ण, सीमित भनेर आलोचना पनि गरेका छन्। नारीवादी सौन्दर्य वाञ्छनीय छ छैन, यो सम्भव छ छैन भन्ने सन्देह पनि उठेका छन्। यसका पक्षधरहरू भन्दछन्– नारीवादको अलग्गै 'नारीवादी सौन्दर्यशास्त्र' हुनु आवश्यक छ किनभने समाजमा नारी-पुरुषबीचमा विभिन्न प्रकृतिका रिक्तता र अन्तरविरोध पनि विद्यमान छन्। त्यस कारणले नारीको कला साहित्य उत्पादनमा ती कुरा पनि अभिव्यञ्जित हुनेछन् र तिनबाट राजनीतिक परिवर्तनको सम्भावना तीव्र हुनेछ।

हालै आएर नारी र पुरुषका अलगअलग नारीवादी सौन्दर्यशास्त्र हुनु दुर्भाग्यपूर्ण कुरा हो भन्ने एकथरी विचार उठेको छ। किनभने कुनैपनि सिर्जनालाई, शैलीलाई स्त्रीयोचित वा स्त्रैण (फेमिनिन) भन्ने अधिकार कसैलाई छैन। वास्तवमा सौन्दर्यशास्त्रको एउटा साझा अनुभूतिस्थल हुनु पर्दछ। एक प्रकारले हेर्दा हो पनि। अघि २० औं शताब्दीको सुरुसम्म 'फेमिनिन' शब्दको प्रचुर प्रयोग हुन्थ्यो तर अव आएर उत्तरआधुनिक परिवेशमा यो विभेदक एवम् विभाजक विशेषणलाई कला साहित्यको क्षेत्रमा आउन दिनु हुँदैन भन्नेहरू वढेका छन्। नरऽनारीले एउटै क्षेत्रमा, एउटै उद्देश्यको लागि काम गरून्, परन्तु कुनै विभेदक पद अथवा शब्दावलीहरूको प्रयोग नहोस् भन्नेहरू निरन्तर वढिरहेका छन्।

१५. लेस्बिअन क्रिटिसिज्म (LESBIAN CRITICISM) स्त्री-समलैङ्गिक समालोचना

स्त्रीसमलैङ्गिक समालोचनामाथि चर्चा गर्नुभन्दा पहिले यस पदले बोकेको अवधारणाको परिभाषा गर्नु आवश्यक देखिन्छ।

नारीहरूका वीचको समलैङ्गिक आकर्षणलाई विसमलैङ्गिकहरूसँग छुट्याएर हेर्दा यी दुई अवधारणा उत्पन्न हुन्छन्। मानव सभ्यतामा नारीसमलैङ्गिक इच्छा अत्यन्तै जटिलरूपले ऐतिहासिक एवम् राजनीतिक परिवेशमा समस्याका रूपमा उपस्थित भएको छ। स्त्रीसमलैङ्गिकताजस्तै पुरुषसमलैङ्गिकता पनि एउटा तुलनीय धारणा हो। सर्वप्रथम यी दुवै विषयमा ऐतिहासिक, जीववैज्ञानिक, मनोवैज्ञानिक व्याख्या र विश्लेषण भएका छन्। विस्तारै यस्ता चरित्रका कृति लेखिएका छन्, त्यस्ता साहित्यिक कृतिका व्याख्या, विश्लेषण र समालोचना गर्नको निमित्त समालोचनाको एउटा नवीन हाँगो छुट्टिएको छ। त्यो हो लिङ्गीय समालोचना (जेन्डर क्रिटिसिजम्)। जस अन्तर्गत स्त्रीसमलिङ्गी र पुरुषसमलैङ्गिक दुवैका कृति, जीवन, चरित्र पर्दछन् भने यी दुवै प्रकृतिलाई जोडेर सन्दिग्ध समालोचना (queer criticism) बनेको छ। यस अन्तर्गत परम्पराले छुट्याएका विसमलिङ्गीय सम्वन्धका स्त्री र पुरुष बाहेकका विविध प्रकृतिका लैङ्गिकताहरू आउँछन्।

अघिका ऐतिहासिक कृतिहरूमा नारी-नारीवीचमा हुनजाने गम्भीर प्रकृतिको मित्रता एवम् रुमानी सम्वन्धको घोषणा खुलारूपले पनि गरिन्थ्यो। त्यसलाई अस्वाभाविक लिने चलन थिएन। कति पत्राचार हुने, कति काव्य कविता लेखिने, कति अन्य कर्मले त्यो भाव प्रकट गर्ने चलन थियो। भर्खरै आएर १९७० को दशकदेखि मात्रै यस्तो प्रकारको सम्वन्धलाई नारीवादीहरूले पनि व्याख्या गरे र स्त्रीसमलिङ्गीयतालाई एक प्रकारले नारीवादको विस्तारका रूपमा स्वीकारे।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वर्तमान समयमा विभिन्न प्रकृतिका यौनिक इच्छा र तज्जन्य क्रियाकलापहरू खुलेर अभिव्यञ्जित हुन थालेका छन् । तर समकालीन नारीवादीहरूको समूहले यस्तो नारी-समलैङ्गीकताको तीव्र विरोध गरेका छन् । उनीहरूको प्रश्न छ– वास्तवमा कसलाई समलिङ्गीय भनी छुटयाउन मिल्छ ? इतिहासभरि नारीहरूलाई गौण स्थानमा राखिएको र समलिङ्गीयतालाई नै अवैध ठानिएकोले गर्दा स्त्रीसमलिङ्गियतालाई मानसमा भएपनि व्यवहारमा भएपनि सिद्धान्तमा स्थापित गर्न सकिएन । त्यसैकारणले मध्ययुगदेखिमात्र यस विषयका केही तथ्याङ्कहरूको उपयोग भएको छ ।

नारीवादी समालोचना टड्कारो गरी उदाएको भर्खरै मात्र हो । त्यसैका अनेक रूपमध्ये लेस्विअन लिटरेरी क्रिटिसिजम **'स्त्रीलैङ्गिक साहित्य समालोचना'** जस्तो शाखाको विकास भयो । त्यसैगरी स्त्रीसमलिङ्गीय नारीवादी समालोचनाको पनि विकास भयो । वोनी जिमरम्यान जस्ता अग्रणी वक्ताहरूले १९८० को दशकदेखि स्त्रीसमलिङ्गीय नारीवादी समालोचनालाई अघि बढाएका छन् । उनीहरूको आग्रह छ– हामीले विसमलिङ्गीयताको बारेमा प्रकाश पार्नुपर्दछ, किनभने उनीहरूको निमित्त लेस्विअन क्रिटिसिजम एउटा अर्थपूर्ण विवाद हो । सिग्मन फ्रायडले स्त्रीसमलैङ्गिक इच्छाहरूको गहिरो अध्ययन गरेका थिए । अहिले आएर चन्द्रा मोहन्ती, गायत्री स्पिभाक जस्ता स्रष्टाहरूले यसको स्थापनामा सैद्धान्तिक योगदान पुऱ्याएका छन् ।

स्त्री समलिङ्गीयता अहिले आएर अध्ययन-अध्यापनको वेग्लै हाँगो, वेग्लै शाखा भएको छ । यसलाई यसका चरित्र, स्वभाव, विशेषता आदिको अध्ययन गर्नका लागि **'लेस्बिअन स्टडिज'** नामक एउटा सिङ्गो शाखा विकसित छ । यस अन्तर्गत स्त्रीसमलिङ्गीयताको इच्छा उत्पन्न हुने कारण, परिवेश, परिणामको अध्ययन हुन्छ। नारी इच्छा, चरित्र र विशेषता वारे अध्ययन अनुसन्धान गर्न स्थापित भएका विभिन्न स्टडिज, जेन्डर स्टडिजकै लहरमा लेस्विअन स्टडिजको स्थापना भएको छ । कतिपय विश्वविद्यालयमा यसको पठनपाठन हुन्छ ।

स्त्री समलैङ्गिकतालाई एक प्रकारको विद्रोह, एक प्रकारको भिन्नतावोध भनिएको छ । विश्वसाहित्यमा यस विषयमा लेखिएका कृति, यस चरित्रलाई अभिनय गर्ने पात्रहरू तथा एक दमित इच्छाको अभ्यास गर्ने लेखकका कृतिहरू पठनपाठनका सामग्री भएका छन् । यसले गर्दा कुन कुरा प्रष्ट भएको छ भने अनादि कालदेखि स्त्री र पुरुषमा मात्र भेद गरिन्थ्यो, त्यो मात्र सत्य रहेनछ भन्ने कुरा आज प्रष्ट भएको छ ।

नेपाली साहित्यमा स्त्रीलैङ्गिकताका विषयमा अथवा त्यस दृष्टिकोणले समालोचना गरिनुपर्ने कृति नगण्य छन् । लोकलज्जा, सामाजिक भय र अन्य कारणले अपरिचित रहेका समलिङ्गीहरू नेपालमा छोपिएर वसेका थिए । भर्खरै उनीहरू खुला भएका छन् । त्यसैगरी नेपाली लेखकले यस विषयमा कलम चलाउन कहिल्यै साहस गरेका थिएनन् । अमेरिकी पृष्ठभूमिमा लेखिएको शोभा भट्टराईको **'अन्तहीन अन्त्य'** लेखिएपछि नेपालकै पृष्ठभूमिमा यहींका पात्र र परिवेश समेटेर मोहनराज शर्माको **'सलिजो'** उपन्यास प्रकाशित भएको छ । यतिवेला अरू पनि कृति आउन थालेका छन् तर **'सलिजो'** अतुलनीय छ । नेपाली साहित्यमा समलिङ्गीय चेतना र त्यसको समालोचनाको सैद्धान्तिक आधारलाई प्रष्टयाउदै लेखिएको पहिलो भूमिका 'सलिजो' सँगै प्रकाशित छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पानी पोखरेलको वंशावलीका आधारमा अत्रि र आत्रेय गोत्र हुनेहरूको वंशावलीका केही समस्या

प्रा.डा. माधवप्रसाद पोखरेल*

पानी पोखरेलको वंशावलीका केही समस्याहरू यसरी गन्न सकिन्छ:

१. इटालीका पुरातत्त्वविद् टुची (१९५९ ई.) ले प्रकाशित गरेको वंशावलीअनुसार पानी पोखरेलको वंशावलीसित सबै अत्रि र आत्रेय गोत्र हुने नेपालीहरूको वंशावली जोडिन्छ। यसमा खस नेपालीहरूमा पाइने तीनै ओटा वर्णका मानिसका थरहरू पर्छन्, जस्तै :

- आत्रेय गोत्री: पानी पोखरेल, पौडेल, अर्ज्याल, दुवाडी, दुलाल, गेलाल, ठाडाराई अधिकारी, सिग्देल, वगाले थापा,
- अत्रि गोत्री: गोतामे, खतिओडा, चापागाईं, शाही
- चन्द्रवंशी राजाहरू: ३४ ओटा वाइसी चौविसी राज्यका राजाहरू (मलय वमका सन्तान)

यस समस्याले गर्दा अब थरको वंशावली वनाउने काम भन्दा माथि उक्लेर गोत्रको इतिहासको खोजी गर्नु पर्ने आवश्यकता अगाडि आएको छ।

२. टुची (१९५९ ई.) ले पोखरेल वाहुनहरू जुम्लाका खस राजाहरूका लामा थिए भनेर लेखेका छन्। यस भनाइवाट पोखरेलहरू पहिले बौद्ध पछि हिन्दु भएका हुन् भन्ने अर्थ निकाल्ने कि टुचीले 'लामा' शब्दलाई 'पुरेत' भन्ने अर्थमा प्रयोग गरेका हुन्, त्यो बुझ्नु गाह्रो छ। यस भनाइवाट अर्को समस्या पनि देखा पर्छ। झन्डै ३४-३५ ओटा वाइसी चौविसी राज्यका राजाहरू मलय वमका सन्तान थिए। मलय बम चाहिँ काशीदासका सन्तान थिए। काशीदास अत्रि र आत्रेय गोत्र हुने सबै जातका पुर्खा हुन्। अत्रि वा आत्रेय गोत्र हुनेले सगोत्रीलाई पुरेत लगाउने चलन नभएकाले ती पुरेत (वा 'लामा' चाहिँ) दूध पोखरेल थिए कि 'लामा' चाहिँ जुनसुकै गोत्रको मान्न मिल्ने हो, त्यो पनि वुझिँदैन। दाङका छिल्लिकोटे राजाहरू काशीदासका सन्तान थिए, तर तिनीहरूका पुरेत चाहिँ भारद्वाज गोत्री दूध पोखरेल (वा मझगैयाँ) हुन्थे। कुराको टुङ्गो लगाउन यस पक्षमा पनि विचार पुऱ्याउनु आवश्यक देखिन्छ।

** लेखक वरिष्ठ भाषाविद् एवं साहित्यकार हुनुहुन्छ। -सम्पा.*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

३. वाग्लुङ क्याम्पसमा प्राध्यापन गर्ने मुकुन्द पोखरेल आफूलाई भारद्वाज गोत्री पानी पोखरेल भनेर चिनाउँछन्। पूर्णप्रकाश नेपाल 'यात्री' ले दैलेखमा हो कि कता हो, यस्तै आत्रेय गोत्री दूध पोखरेल भेटे अरे र तिनीहरूलाई अबदेखि भारद्वाज गोत्री लेख्ने सल्लाह दिए भन्ने कुरो मलाई वालकृष्ण पोखरेल कि वीरेन्द्रकेशरी पोखरेलले सुनाएका थिए। यी दुइटा उदाहरणवाट नेपालमा आफूलाई आत्रेय गोत्री दूध पोखरेल र भारद्वाज गोत्री पानी पोखरेल भनेर चिनाउने पोखरेल पनि पाइने सम्भावना रहेछ भन्ने देखिन्छ। सामान्यतया पानी पोखरेलको आत्रेय गोत्र हुन्छ र दूध पोखरेलको भारद्वाज गोत्र हुन्छ, तर यस नियमको विपरीत आफूलाई चिनाउने पोखरेलहरूको त्यो सूचनालाई अज्ञान भनी हाल्न म आँट गर्दिन। खालि त्यसको केही ऐतिहासिक कारण हुनुपर्छ भन्ने मलाई लाग्छ। यो ऐतिहासिक गाँठो फुकाउने काम पनि पोखरेलको वंशावलीमा अनुसन्धान गर्दा सामु पर्छ। बालकृष्ण पोखरेलले पनि मलाई आफूले आत्रेय गोत्री दूध पोखरेल र भारद्वाज गोत्रीय पानी पोखरेलसँग भेट भएको कुरो सुनाएका छन्।

४. नेपालका सवै चन्द्रवंशी राजाहरू आत्रेय गोत्री भएको कुरो माथिको पहिलो कुरावाट पनि थाहा हुन्छ, तर पृथ्वीनारायण शाहले काशी गएर आफ्नो गोत्र परिवर्तन गरेको कुरो इतिहासमा आउँछ। अहिले यताका शाहहरू आफूलाई काश्यप गोत्री भनेर चिनाउँछन्। पृथ्वीनारायण शाहले गोत्र परिवर्तन गर्नु अघि उनको गोत्र आत्रेय थियो भन्ने रेवामणि पोखरेलको अड्कल छ। सके मन परेकी कुनै केटी विहे गर्न पृथ्वीनारायण शाहले गोत्र परिवर्तन गरेका होलान्। शास्त्र अनुसार जुनसुकै मान्छेले पनि आफूलाई काश्यप गोत्री भनेर चिनाउन पाउँछ। जजमानले आफ्नो थर गोत्र भन्न जानेन भने, पुरेतले उसलाई काश्यप गोत्री भनेर सङ्कल्प गर्न लगाउने चलन छ। यसवाट पृथ्वीनारायण शाह बारे मात्रै रेवामणि पोखरेलको अड्कल ठिक नभएर काश्यप गोत्रीहरू भित्र पनि धेरै आत्रेय गोत्री र पानी पोखरेल समेटिएको हुने सम्भावना छ।

५. नेपालमा पानी पोखरेलहरू दैलेखदेखि पूर्व भारतको ब्रह्मपुत्र नदीको व्यासीसम्म नै पाइन्छन्, तर अहिलेसम्म सम्पादन गरिएका कुनै पनि पानी पोखरेलका वंशावलीहरूमा सवै तिरका पानी पोखरेलहरू समेटिएका छैनन्। धरान धनकुटाका मार्गाली पोखरेलको वंशावली र मेरो वंशावली पनि एकै ठाउँमा जोड्न सकिएको छैन। सवै तिरका पानी पोखरेल समेट्ने वृहत वंशावलीको सम्पादन गर्ने तिर सोच्ने वेला पनि आएको छ, किनभने अहिले एकातिर टेलिफोन डाइरेक्टरीले सम्पर्क सञ्जालको सहयोग लिन र इन्टर्नेटवाट पोखरेलहरूको सञ्जाल वनाउनु सजिलो छ। जिल्ला-जिल्लाको टेलिफोन डाइरेक्ट्री हेर्दा पनि पोखरेलहरूका वीचमा सम्पर्क स्थापित गर्न सघाउ पुग्ला। पानी पोखरेलहरूको साझा केन्द्रीय संस्था गठन गर्नसके राम्रै हुन्थ्यो।

६. भारत उत्तराञ्चलका मुख्य मन्त्री रमेश पोखरेल भए। ती आत्रेय गोत्री पोखरेल कि भारद्वाज गोत्री पोखरेल हुन्, त्यसको खोजी हुनु बाँकी छ। मैले रमेश पोखरेलका कुटुम्वेलीलाई एउटा अन्तर्राष्ट्रिय गोष्ठीमा भेटेर उनको गोत्र के होला भनेर सोधेको थिएँ। उनले भारद्वाज गोत्री जस्तो लाग्छ भनेका थिए। जे भए पनि नेपाली पोखरेलको इतिहास खोज्न उत्तराञ्चलका मुख्य मन्त्रीसित सम्पर्कराख्नु अथवा उत्तराञ्चलका पोखरेलहरूसित सम्पर्कराख्नु आवश्यक भएको छ। भारतकी प्रसिद्ध गायिका अनुराधा पौडेल पनि आत्रेय गोत्री पौडेल हुन् कि! पोखरेलको वंशावलीमा अनुसन्धान गर्नेले यस कुरामा पनि ध्यान पुऱ्याउनु आवश्यक छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

७. वंशावली वनाउनेहरूको छन्दमा सिलोक लेख्ने रहर अथवा आफू खुसी गर्ने चलन पनि एउटा गम्भीर समस्या भएको छ। छन्द मिलाउन मान्छेको नाउँ समेत विगारेको पनि पाइन्छ। श्लोक वनाउने खुवी वंशावली वनाउनेसित जुन अनुपातमा छ, त्यसै अनुपातमा तथ्य लेखिन सक्छ। अर्कातिर वंशावली वनाउनेहरूले आफू खुसी सूचना हालेर पनि वंशावली ऐतिहासिक अध्ययनका लागि निकम्मा वनाउँछन्। पानी पोखरेलका वंशावली पनि यस रोगले सिकिस्त नहुने कुरै भएन। वंशावलीलाई भावुक नभएर भरसक इतिहास वनाउन लेखकले वस्तुगत हुन सके राम्रो हुन्थ्यो।

८. वंशावलीमा छोरी सामेल नगर्ने सामन्तवादी संस्कारवाट पनि वंशावली वारे अनुसन्धान गर्नेहरूले मुक्त हुनु आवश्यक छ। अधिकांश वंशावलीले छोराहरूका नाम र विवरण मात्र दिने चलनमा सुधार गर्नु आवश्यक छ। छोरीहरू थर परिवर्तन गरेर अर्के वंशमा जाने हुनाले तिनीहरूको पूरै नालीवेली दिनु व्यवहारिक नहोला, तर कम्तीमा छोरीको नाम र कुन थरमा कससित विहे भयो भन्ने सम्मको सूचना त दिन सकिएला।

९. सवै अत्रि गोत्र र आत्रेय गोत्र हुनेहरूका वंशावलीमा झैं पानी पोखरेलको वंशावली पनि कन्नौज, राजस्थान र गुजरातसित जोडिन्छ। गुजरातका इतिहासमा हरिश्चन्द्र नाउँ गरेका वाहुन राजाका सन्तानहरू गुज्र प्रतिहारवंशी राजा हुन्। 'गुर्जर' शव्दको साइनो गुजरातसित जोडिन्छ। नवौं शताव्दीदेखि कन्नौज तिनै गुर्जर प्रतिहारवंशी राजाहरूका खटनमा थियो। मुसलमानहरूको आक्रमणले कन्नौजका अन्तिम राजा मथिमल रायठुर (राठौर) युद्धमा मारिएकाले उनका सन्तानहरू 'शर्मा पाध्य' थर जोडेर पश्चिम नेपाल आएको कुरो टुचीले लेखेका छन्। मथिमल रायठुरका तिनै सन्तान हुन् काशीदास जोसी। काशीदास जोसी षड्शास्त्र जान्ने थिए भनेर वाणीविलास पाण्डेले लेखेका छन्। उनी ज्योतिषी पनि भएकाले 'ज्योतिषी' शव्दवाटै 'जोसी' शव्द वनेको हो। यो कुरो मोहनवहादुर मल्लले **'सिंजा इतिहासको गोरेटो'** भन्ने किताबमा पनि लेखेका छन्।

१०. ग्रियर्सनले गुर्जरहरू पाँचौं शताव्दीमा मध्य एसियावाट दक्षिण एसिया पसेको उल्लेख गरेका छन्। यसरी पानी पोखरेलको इतिहास खोज्दै जाँदा मध्य एसिया पुग्नु पर्ने देखिन्छ।

११. पानी पोखरेलको वंशावलीमा मभी (भीम?) का चार जना छोरा मध्ये एक भाइ तिव्वतमा राजा भए भन्ने उल्लेख छ। त्यो वंश वाँचेको भए पानी पोखरेलको त्यो पुस्ता अहिलेसम्म भोटे (तिव्वती) भई सक्यो होला।

१२. अत्रि गोत्र र आत्रेय गोत्र हुनेहरूका वंशावली अनुसार काशीदासलाई जुम्लाका सिजापति राजाले आफ्नी हरमता भन्ने छोरी विहे गरेर दिए र तिनका छोरा देवचन्द्र समाललाई अछाम सामाचौरका राजा वनाएर राखे। वाहुन र ठकुरीका छोराको जात हमाल हुन्छ। जुम्ली भाषामा 'समाल' को उचारण 'हमाल' हुन्छ। काशीदासदेखि दश पुस्ता सम्मको नाम पानी पोखरेल लगायत सवै अत्रि गोत्र र आत्रेय गोत्र हुने नेपालीसित मिल्छ। कसरी वाहुन र ठकुरीका पुर्खा दश पुस्ता सम्म एउटै भए, त्यो गुत्थी सुल्झाउने समस्या पनि वंशावलीको अनुसन्धान गर्दा आई लाग्छ।

१३. मातृसत्ता र पितृसत्ता हाम्रो वंशावलीको अर्को एउटा समस्या हो। डा. जगदीशचन्द्र रेग्मी के भन्दछन् भने, जुन जातिले मस्टाको पूजा गर्छ त्यो खस हो। पानी पोखरेलहरू पनि काला मस्टको पूजा गर्छन्। डा. रेग्मी अनुसार पानी पोखरेलहरू पनि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

खस जातिमा गाभिए । माथिको ऐतिहासिक चर्चाबाट के बुझिन्छ भने पानी पोखरेलक पुर्खाहरू गुजरात, राजस्थान, हरियाणा वा कन्नौजबाट नेपाल छिरे । यस आधारमा पानी पोखरेलहरू गुर्जर पनि भए । 'सिञ्जा इतिहासको गोरेटो' भन्ने किताबमा मोहनबहादु मल्लले काशीदासले सिजापति राजाकी छोरी हरमातालाई बिहे गरेको उल्लेख गरेक छन् । यसरी खस र गुर्जरहरूको रगत हाम्रा पुर्खाहरूमा मिसिएको देखिन्छ । खसहरूम मातृसत्तात्मक समाज थियो; पछिका गुर्जरहरूमा पितृसत्तात्मक समाज थियो । मातृसत्तात्मक समाजमा छोराले आमाको थर पाउँछ; पितृसत्तात्मक समाजमा छोराले बाबुको थ पाउँछ । यस गोलमालले पनि हामी मस्टको पूजा गर्ने कन्नौजिया भयौं कि जस्तो पनि देखिन्छ ।

पानी पोखरेल लगायत सबै अत्रि र आत्रेय गोत्र हुने नेपाली र सम्भवतः उत्तराखण्डक भारतीयहरूको पनि वंशावलीको अनुसन्धान गर्नेले माथिका गुत्थी सुल्झाउनु पर्ने देखिन्छ यही हालत नेपालका अरु खसहरूको वंशावलीको अनुसन्धानमा पनि हुन सक्छ ।

सौराहामा राइनो लज एन्ड होटेल, पोखरामा क्राउन हिमाल होटेल र काठमाडौंको ठमेलमा तराई टुर एन्ड ट्राभल एजेन्सी तपाईहरुको सेवामा सदा तत्पर छ ।



Sauraha-2, Chitwan National Park, Nepal
Phone- 00977 (0) 56580065

Proprietor- Bishnu Prashad Aryal

Reservation Office: Bhagwati Marg, Thamel29, Kathmandu,
Phone No- 00977-1-4700881

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मार्क्सवादी साँस्कृतिक प्रणाली

प्राज्ञ विष्णु प्रभात*

मार्क्सवादका चार आधारभूत प्रणालीहरू छन्- दार्शनिक, आर्थिक, सामाजिक र साँस्कृतिक। दार्शनिक प्रणालीभित्र प्रकृतिलाई प्राथमिता दिँदै पदार्थको आधारमा समस्त जीव र चेतनाको उत्पति नियाल्ने भौतिकवादी द्वन्द्ववाद मूल कमानी वनेर रहेको छ। द्वन्द्ववादको प्रत्ययवादी पद्धतिका सवै रूपहरूका विरुद्धमा द्वन्दात्मक ऐतिहासिक भौतिकवाद एवम् यसको गतिशीलता, विकास र अन्तरसम्वन्धको सिद्धान्त रहेका छन्। गति अन्तरविरोधपूर्ण एकतामा व्यक्ति वा समष्टी बीच मात्र होइन, प्रतिपक्षको एकता र द्वन्द्वमा पनि रहेको हुन्छ। त्यही द्वन्दात्मकताद्वारा विकासको यात्रा अघि वढ्छ। विकास आवश्यकता र संयोगको शृङ्खला मात्र होइन, यो त आकाङ्क्षा र आविष्कारको अनन्ततामा क्रियाशील हुने योजना एवम् कार्यकलाप पनि हो, जो मात्रात्मक वृद्धिवाट गुणात्मक समृद्धिसम्मका सतत् प्रवाहमा वहन्छ। गुणात्मकता परिवर्तनको पछिल्लो प्राप्ति हो। गति र विकासको अन्तरसम्वन्ध सार र आभासमा, अन्तरवस्तु र रूपमा परस्पर सम्वन्धित भएर देखा पर्दछ। निषेध नियमित, सकारात्मक र गुणात्मक प्राप्तिमा व्यक्त हुन्छ। नकारात्मक निषेधले वस्तुताको विनास गर्छ, विकास गर्दैन। मार्क्सवादी दर्शनले सकारात्मक निषेधको माग गर्छ। ध्वंस नकारात्मक निषेध हो। ध्वंसलाई निर्माणसँगको अविच्छिन्न सम्वन्धमा हेर्न चाहन्छ। त्यसैले मार्क्सवादी दर्शन समाजको समुन्नतिमा समर्पित रहेको छ। आर्थिक प्रणालीमा श्रम सिद्धान्त एवम् कर्तव्यशील श्रमको सिद्धान्त रहेको छ। आर्थिक विषमताको अन्त्य, सम्पूर्ण मानवजातिको समानता र समृद्धि यसको चुरो वनेको छ। सामाजिक प्रणालीमा आवश्यकताको राज्यदेखि प्रत्येक युगको सापेक्षता नियाल्दै श्रमजीवी सर्वहारा राज्यको माध्यमबाट राज्यसत्ताकै समाप्तितर्फ अग्रसर छ। यसै क्रममा वर्ग सङ्घर्ष र वर्ग सत्ताको अन्त्य गरेर नयाँ मानव-मूल्यको स्थापना गर्ने साधन बनाएर वैज्ञानिक समाजवादलाई समाज प्रणाली स्वीकार गर्छ। योग्यताअनुसार काम र कामअनुसारको दामवाट अघि बढ्दै क्षमताअनुसार काम र आवश्यकताअनुसार दामको चरणतर्फ अघि वढ्छ। यी कुराहरूको विस्तृत विवेचना नगरेर यहाँ खासगरी साँस्कृतिक प्रणालीका बारेमा सङ्क्षिप्त विचार-विमर्श गर्न गइरहेका छौं।

मार्क्सवादी साँस्कृतिक प्रणाली कला, साहित्य, सङ्गीत र सदाचारको क्षेत्रमा केन्द्रित छ। खासगरी सामाजिक चेतनाको विविधतामा दर्शन, राजनीति र अर्थशास्त्र परे

**लेखक: संस्कृतिकर्मी, साहित्यकार, नेपाल प्रज्ञा-प्रतिष्ठान दर्शनशास्त्र विभागका प्रमुख प्राज्ञ तथा स्मृतिकेन्द्रका सदस्य एवं ज्ञानबिन्दुका मुख्य सम्पादक हुनुहुन्छ। -सम्पा.*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पनि तीभन्दा अलग विशेषतामा रहने संस्कृतिका अङ्गहरू- नैतिकता, सौन्दर्यचेत, धार्मिकआस्था, प्रविधि, कला, साहित्य, सङ्गीत र विचारधाराहरूको क्षेत्रमा नै मार्क्सवादी साँस्कृतिक प्रणाली हुर्किएको छ। न्यायसम्वन्धी सोचलाई धार्मिक अस्थासँग गाँस्ने र सामाजिक जीवनसँग गाँस्ने पृथक् प्रवृतिमा यो पछिल्लो धारामा पर्दछ। मानिसहरू स्ववोध प्राप्त चेतनशील प्राणी मात्र नभएर श्रमशील स्रष्टा र भोक्ता पनि हो। भोक पूर्ति र भोग पूर्तिको लालसामा जैविकता, इच्छासङ्कल्पसँगै सामाजिक ज्ञानको जुन दीप्ति मानिसहरूमा पाइन्छ, त्यसले परस्परको सहजीवन, अस्तित्ववोधको अनुरागसँगै परस्परमा मिलेर श्रम गर्ने, उत्पादन गर्ने र उपभोग गर्ने उमङ्गकारी परम्परा पनि हुर्काएर ल्याएको छ। सङ्गीतको क्षेत्रमा देखिने श्रमशील संवेग सामूहिकतामा वयेली खेल्दै आएको तथ्य हाम्रा सामुन्नेमा छँदैछ। त्यसकारण यसले संस्कृतिको गुदी बनेर गीत, नाटक, कला, अभिनय, धार्मिक आस्था, साहित्य, शिक्षा र सदाचारका क्षेत्रमा युगको छवि अङ्कन गर्दै जातीय सीमा पार गर्दछ। परस्पर प्रभावित हुँदै अन्तरजातीय आकार ग्रहण गर्दछ। यो यात्रामा विकासको मात्रात्मक तह पार नहुन्जेल प्रगतिशीलतामा सीमित देखा परे पनि जव गुणात्मकताको अवस्थामा पुग्छ यो स्वभावैले प्रगतिवादतर्फ अग्रसर हुन्छ। त्यसकारण सकारात्मक विकासका दृष्टिले हेर्दा प्रगतिशीलता प्रगतिवादको पूर्वार्द्ध अथवा पृष्ठभूमि वन्न सक्छ र सामन्ती, पूँजीवादी चरण पार गरेर समाजवादी प्रगतिशीलतातर्फ विकसित हुन्छ। प्राकृतिक भौतिकवादवाट अघि वढ्दै- सामान्य उपकारवादी चिन्तनवाट कल्याणकारी सोच हुँदै हुर्केको प्रगतिशीलताले आलोचनात्मक यथार्थवादको सीमा नाघेर मार्क्सवादी दर्शनलाई स्वीकारेपछि नै भौतिकवादी द्वन्दवादको नवीनतम प्राप्ति-ऐतिहासिक भौतिकवादी दर्शनको साँस्कृतिक सोच प्रगतिवादसम्म आइपुगेको हुन्छ। प्रगतिवादमा प्रगतिशीलता अनिवार्य तत्त्व वन्दछ तर प्रगतिशीलतामा प्रगतिवाद नहुन पनि सक्छ। सामाजिक रूपान्तरणको औजार वनेर हाम्रो साँस्कृतिक फाँटले आफ्ना समग्र उत्पादन, सिर्जना र समीक्षालाई समृद्ध पार्नका निमित्त यही प्रगतिवादलाई अँगालेको छ।

प्रगतिवाद-मार्क्सवादी साँस्कृतिक प्रणालीको सिद्धान्त र पद्दति दुवैको समुच्चय हो। रचनाधर्मितामा यो सिर्जनाविधि वनेको हुन्छ भने प्रतिवद्धताको सामाजिक धरातलमा यो वर्ग विचारधाराको सम्वाहक हुन्छ, श्रमजीवि जनताको पक्षपोषक हुन्छ। यसका केही मूलभूत मान्यताहरूलाई यसप्रकार उल्लेख गर्न सकिन्छ।

१. सामाजिक प्रतिविम्वनको सिद्धान्त
२. वर्ग विचारधाराको सिद्धान्त
३. सकारात्मक सातत्यको सिद्धान्त
४. धर्मनिरपेक्ष नास्तिकताको सिद्धान्त
५. प्रयोजनपरकताको सिद्धान्त
६. नयाँ मानव-मूल्यको सिद्धान्त
७. नित्य नवीनताको सिद्धान्त

यी सात आधारभूत साँस्कृतिक सिद्धान्तहरूमा नै मार्क्सवादी साँस्कृतिक प्रणाली हुर्किएको छ। यद्यपि समाजवादी यथार्थवादका नाममा पनि प्रगतिवाद परिचित छ र यी सिद्धान्तहरूका सन्दर्भमा समय-समयमा मार्क्सवादी कलाविद्‌माझ विभिन्न वाद, प्रतिवाद र संवादहरू पनि हुँदै आएका छन्। खासगरी कला, साहित्य र सङ्गीतका क्षेत्रमा चलेका ती विवादहरू धार्मिक एवम् भाषिक प्रश्नमा समेत समय-समयमा प्रवेश गरेका छन् र जातीय प्रश्नलाई साँस्कृतिक प्रश्न वनाएर पनि विवादहरू भएका छन्। विवादले नयाँ विशिष्ठता दर्शाउँदै आएका पनि छन् र मार्क्सवादी साँस्कृतिक प्रणालीमा थप योगदान दिएका छन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

१. सामाजिक प्रतिबिम्बनको सिद्धान्त

मानिसको चेतना उसको सामाजिक जीवनले नै निर्माण गर्दछ । समाज, समय र ठाँउअनुसार सभ्यता, संस्कार र सोचहरूको युगीन सीमा हुन्छ । कला-साहित्य र सङ्गीतलाई समाजको दर्पण मान्ने विचारले पनि त्यसमा रहने सामाजिक छाप र प्रतिविम्वतर्फ हाम्रो ध्यान तान्दछ । संस्कृति समाजको ऐना हो भन्नु र साहित्यलाई समाजको दर्पण मान्नु अथवा कलालाई यथार्थको पुनसिर्जना मान्नुभित्र यही कुरा लुकेको छ । सामाजिक प्रतिविम्वनको यो सिद्धान्तलाई प्रगतिवादी साँस्कृतिक प्रणालीको दर्जा दिने काम मार्क्सवादको विकासपछि भएको हो । सामाजिक चेतनाका अनेक रूपमध्ये कला, साहित्य र सङ्गीत पनि एक-एक रूप वनेका छन् । नैतिक सदाचारका निम्ति व्यवस्था गरिएका सामाजिक आचारसंहिताहरू, नियम कानुन-विधिविधानहरू पनि सामाजिक चेतनाकै फरक रूपहरू हुन् । यिनै विचारधाराहरूको समुच्चयमा सामाजिक रीति र संस्कारहरू पनि निर्माण हुन्छन् । सामाजिक संस्कारका रूपहरू मूलतः लौकिक हुन्छन् । यद्यपि कतिपयले त्यसलाई अलौकिकतासँग जोडेर, धार्मिक आस्थासँग जोडेर पनि व्यवहारमा सञ्चालन गर्ने गरेको पाइन्छ । तर ती यसै धरतीका उपज हुन् र तिनमा समाजको उन्नति सँगसँगै परिवर्तन हुँदै आइरहेको छ । यथार्थ वस्तुगत हुन्छ र कल्पना मनोगत, तर दुवैको आधार वास्तवमा यही धरती अर्थात् वस्तुगत जगत् नै हुन्छ । पहिलो कलात्मकतामा प्रकट भएको यथार्थ हो भने दोस्रो कल्पनाको कलामा आभासित यथार्थ । प्रकृति र समाजको यथार्थले जव चेतनामा छाप पार्छ, तव त्यो अनुभूत यथार्थको अभिव्यक्ति वन्न पुग्दछ । मार्क्सभन्दा पहिले कला, साहित्य र सङ्गीतका क्षेत्रमा मात्रै होइन, विचारधाराको मूल क्षेत्र मानिने दर्शनमा समेत द्वन्द्वको उपस्थितिलाई नकार्ने र मानिसलाई असामाजिक अस्तित्वमा हेर्ने गलत परम्परा थियो । असामाजिक प्रतिविम्वलाई आर्दश वनाएर मनोगत विश्वासमा डुवेको वुर्जुवा प्रतिविम्वन सिद्धान्तलाई सामाजिक आधारशीलामा ठड्याउने काम गर्दै मार्क्सले नै सर्वप्रथम सामाजिक प्रतिविम्वनको यथार्थवादी आधार अघि सारेका हुन् । यान्त्रिक-भौतिकवादको भ्रमजाललाई पन्छाउँदै ज्ञानका समस्त हाँगाहरूलाई एउटै वृक्षको आकारमा अन्तरसम्वन्धित गर्ने प्रगतिवादी सोच हुर्काएका हुन् ।

प्रतिविम्वनको सिद्धान्त प्रत्ययवादी द्वन्द्ववादको उल्टा छ । प्रारम्भमा यो वाह्य जगतलाई मानव-चेतनामा अङ्कित गर्ने एउटा सामान्य रचना-विधि थियो । ऐतिहासिक विकास क्रममा यसले व्यक्तिमनको लहडी वगैंचावाट आफूलाई मुक्त गर्दै सामाजिक यर्थाथमा उभ्यायो र असामाजिक प्रतिविम्वनको साथै सामाजिक प्रतिविम्वनलाई अङ्गिकार गर्‍यो । यही विन्दुवाट नै कला-साहित्यमा सौन्दर्यशास्त्रको नयाँ धारा- मार्क्सवादी सौन्दर्यशास्त्रको धारा, पैदा भयो । यथार्थको कलात्मक पुनर्उत्पादनलाई आफ्नो लक्ष्य वताउँदा वताउँदै पनि सामाजिकताको सन्दर्भमा प्रतिनिधि परिवेश र पात्र छनौटको अभाव रहँदासम्म यथार्थको सही प्रतिविम्वन हुन सक्दैन । यही मान्यताले नै पुरानो 'दर्पण-सिद्धान्त' वा प्रतिविम्वन-सिद्धान्तलाई निषेध गरेर 'नयाँ सामाजिक प्रतिविम्वन सिद्धान्त' अगाडि आएको छ । सामाजिकता यथार्थको मानवीय पाटो हो । विषम समाजको यथार्थलाई यही सामाजिक परिवेशको उपज एवम् प्रतिविम्व मान्नु पर्दछ । वस्तुको यथार्थ पनि सामाजिक वोधमै अडिएको हुन्छ । कुनै एउटा व्यक्तिले मनमौजी ढङ्गमा वस्तुवोध गर्न सक्दैन । यही मान्यताले नै पुरानो 'दर्पण-सिद्धान्त' वा प्रतिविम्वन सिद्धान्त अगाडि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आएको छ। सामाजिकता यथार्थको मानवीय पाटो हो। विषम समाजको यथार्थ पनि सामाजिक बोधमा नै अडिएको हुन्छ। वस्तु बोधले सामाजिक सम्प्रेषण प्राप्त गर्न सकेमा मात्र शब्द-शक्तिले सन्दर्भ ग्रहण गर्दछ। वास्तवमा प्रतिविम्व भनेको वस्तुगत संसारको भावगत चित्र हो। तर यसो भन्दा काल्पनिकतालाई प्रतिविम्व ठान्ने भूल गर्नु हुँदैन। कल्पना मानवीय अनुभूतिका आधारमा अनुमान गरिने चाख हो, अभिप्राय हो। कल्पना व्यक्तिका माध्यमवाट प्रकट भए पनि सामाजिक जीवनको व्यावहारिकतावीच खडा भएको हुन्छ र यो सम्भावनाहरूको मीठो विकल्प मात्रै वन्दछ। काल्पनिक आधारमा पनि वस्तुगत विम्वहरू वनाउने खुवी मानिसहरूसँग छ र यही विशेषताले गर्दा मानव सभ्यतामा रहस्यवाद, अलौकिकता र ईश्वरीय मिथकले ठाउँ पाएको हो। जतिसुकै परको कल्पना गरे पनि मान्छेले आफ्नै परिवेशको वृत्तमा मनको अनुभूतिद्वारा यसलाई सिँगार्छ। पढेको देखेको, सुनेको र भोगेका कुराहरूले अप्राप्ति र अभावलाई आकाङ्क्षाको आकाशमा उडाउँदा कल्पना वत्तिन्छ। कल्पनाकै कार्चोपी भरेर भक्ति-सङ्गीत गुञ्जन्छ, दैवीकला कुँदिन्छ र प्रतिविम्वनको पुरानो परम्परालाई दोहोर्‍याइन्छ। मिथकीय कलाको जादूगरी संस्कारमा यस तथ्यलाई प्रष्टै देख्न सकिन्छ। त्यसकारण यथार्थको सही प्रतिविम्वन प्रगतिवादको माग वन्न पुग्दछ। यथार्थलाई वङ्ग्याउने मनोगतवादी कलाको विरोध गरिन्छ। सामाजिक प्रतिविम्वनको सिद्धान्तले गति-सङ्गति, अन्तर्विरोधको वास्तविकता र समाधानका सम्भावना खोतलेर जनजागरण, पहलकदमी र प्रयोजनपरकतासँगै विश्वव्यापी सोच अघि सार्दछ। मानिसका सम्पूर्ण विचारहरू वस्तुगत संसारको उपज मान्दछ। यथार्थको पुन:सिर्जना सामाजिक प्रयोजनसँग जोडिएका हुन्छन् र तिनीहरू आफ्नो समाज र युगको सापेक्षतामा नै औचित्यपूर्ण ठहरिने हुन्छन्। सामाजिक धरातल जातीय सङ्कीर्णताको रहेमा अथवा धार्मिक कट्टरतायुक्त रहेमा त्यस आधारभूमिको कला, साहित्य र सङ्गीतमा पनि तदनुकूलकै प्रतिविम्व अभिव्यक्त हुन्छ। विचारधाराको क्षेत्रमा, ज्ञानको क्षेत्रमा, संस्कार र सदाचारका क्षेत्रमा पनि सोही प्रतिविम्वत हुने हुँदा संस्कृतिको सिङ्गो फाँटमै सामाजिक प्रतिविम्वनको सिद्धान्तले काम गरिरहेको हुन्छ। वर्गदृष्टि र वर्गस्वार्थको पक्ष पनि सामाजिक क्षेत्रकै उपज वन्न पुग्छ। त्यसैले सामाजिक प्रतिविम्व विनाको संस्कृति कल्पनाको गफ मात्र वन्दछ।

२. वर्ग विचारधाराको सिद्धान्त

मार्क्सवादी साँस्कृतिक प्रणालीको विकास हुनुअघि सामन्ती पूँजीवादीहरूले कला साहित्य र सङ्गीतलाई सवै जाति र वर्गको, सवै धर्म र सम्प्रदायको साझा निधि वताउँदै आएका थिए। यो क्रम सामन्ती शासनको अन्त्य भएपछि पूँजीवादी शासनका सत्ताधारी वर्गबाट पनि हुँदै आइरहेको छ। उनीहरूले साँस्कृतिक कर्मीहरूलाई समेत वर्ग निरपेक्ष हुन्छन् भन्दै आएका छन्। 'कला कलाको लागि' भन्ने मात्र हैन, साहित्यलाई सर्वजन हितायको साधन वताउने र कला, साहित्य र सङ्गीत भनेको 'आफ्नै मन वहलाउनका लागि' दैवी गुणसम्पन्न व्यक्तिद्वारा रचिने सिर्जना हो, यसमा राजनीतिक वाद वा विचार हुनुहुँदैन भन्ने प्रचारवाजी गर्दै आएका छन्। वास्तवमा यो उनीहरूको वर्गीय स्वार्थ पूरा गर्न रचिएको प्रपञ्च मात्र हो। यसप्रकार विचारविहीनताको अवस्थामा जनतालाई रल्याएर राख्नु उनीहरूको वर्गीय विचारकै लक्ष्य हो। साँस्कृतिक सोच र पद्धतिको एकतामा नै साँस्कृतिक प्रणाली हुर्किएको हुन्छ र यस्ता दृष्टिकोणहरू वर्गीय धरातलमा खडा भएका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हुन्छन् । वर्गयुक्त समाजको यही विशिष्टताले गर्दा सवै विचारधाराहरू विना कुनै अपवाद वर्ग विचारधाराका रूपमा नै रहिरहन्छन् । मार्क्सवादी साँस्कृतिक प्रणालीले विचारधाराहरूलाई वर्गीय चरित्रका आधारमा हेर्ने, वुझ्ने र विश्लेषण गर्ने गर्दछ। विचारधाराको वर्गवद्धता ठम्याएर हेर्ने यस दृष्टिकोणलाई मार्क्सवादी साँस्कृतिक प्रणालीको एउटा सिद्धान्तका रूपमा लिंदा वर्ग विचारधाराको सिद्धान्तका नामले जानिन्छ । समाजमा वर्गहरूको उदयसँगै वर्गीय विचारहरूको पनि उदय भयो र मार्क्सवादी साँस्कृतिक प्रणाली पनि श्रमजीवी जनताको पक्षपोषण गर्ने विचार, दृष्टिकोण र पद्दतिको समुच्चय वनेर विकसित भयो ।

सामाजिक विकासमा वर्ग-सङ्घर्षको स्थान महत्त्वपूर्ण रहेको तथ्य सर्वप्रथम अठारौं शताब्दीको मध्यकालतिर पूँजीवादी विद्वान् **हेल्वेतियसले** उल्लेख गरेका थिए। परन्तु मार्क्सले वर्ग सङ्घर्षको सिद्धान्तलाई सर्वहारा राज्यसँग जोडेर अघि वढाएको हुँदा नै त्यसको श्रेय पाएका हुन् । समाजवादी राज्यसिद्धान्तमा वर्ग सङ्घर्षको स्थानजस्तै मार्क्सवादी साँस्कृतिक प्रणालीमा वर्ग विचारधाराको महत्त्व रहेको छ। गरिव, निमुखा, शोषित-पीडित, श्रमिक मजदुरहरू– जसलाई सर्वहारावर्गको नामवाट जानिन्छ, प्रति सम्वद्ध रहनु प्रगतिवादको परम कर्तव्य हो । सैद्धान्तिक एवम् व्यावहारिक क्षेत्रमा प्रतिवद्धताको माग यही कर्तव्यपालनका सन्दर्भमा गरिएको हुन्छ। हाम्रा सवै कला, साहित्य, सङ्गीत र रङ्गमञ्चहरूको प्रतिवद्धता कुनै न कुनै रूपले, धेरै वा थोरै मात्रामा एउटा निश्चित वर्गसँग जोरिएका हुन्छन् । यही वर्गीयताको कारण प्रत्येक मत-अभिमत, विचार, सिद्धान्त र शास्त्रहरूले सत्ता चेतनाको अथवा लोकचेतनाको सम्वाहक वनेर प्रतिद्वन्दिता निर्माण गर्दछन् । मार्क्सवादी दर्शन, राजनीति र समाजशास्त्र सबैले श्रमिक वर्गको पक्षपोषण गर्दछन् । त्यसकारण मार्क्सवादी साँस्कृतिक प्रणालीमा विचारको वर्ग चरित्र निरूपण गर्नु प्राथमिक कार्यभार वनेको हुन्छ ।

प्रगतिवाद मार्क्सवादी संस्कृतिको साहित्यशास्त्रका नाममा परिचित छ । यद्यपि यो कला र सङ्गीत, सामाजिक सदाचार, संस्कार, नैतिकता र शिक्षाको क्षेत्रमा पनि पुग्दछ । ज्ञानशास्त्रको यो व्याप्तिमा नै मार्क्सवादी साँस्कृतिक प्रणालीको सिङ्गो आकृति निर्माण हुन्छ। पुरानो **चार क को सिद्धान्तले** पनि कलाको उपयोगिता मात्र हैन, वर्गीयताको पक्ष पनि खोतल्छ । जसको चर्चा पछि प्रयोजनपरकताको सिद्धान्तअन्तर्गत गरिएको छ। यहाँ सिर्जना कुन वर्गका लागि भन्ने प्रश्नले एउटा क लाई समेट्ने तथ्यतर्फ सङ्केत मात्र गरिन्छ । वर्गवद्ध विचार वर्गीय समाजको उपज हो भन्ने कुरामा अव धेरैलाई शङ्का छैन र वर्ग विचारधाराको सिद्धान्त क्रमशः सर्वस्वीकृत वन्दै गइरहेको छ । मार्क्सवादी साँस्कृतिक प्रणालीमा रहेका महत्त्वपूर्ण सोचहरूमध्ये वर्ग विचारधाराको सिद्धान्त पनि एउटा हो ।

३. सकारात्मक सातत्यको सिद्धान्त

सामाजिक विकासको ऐतिहासिक निरन्तरतामा मानव ज्ञानको जुन परम्परा निर्माण भएको छ, त्यसका सकारात्मक कुराहरूलाई मार्क्सवादले स्वीकार गर्छ, विकसित र समृद्ध वनाउँदै अघि बढाउँछ । मानव संस्कृतिका विविधताहरू जो जे छन् ती अखण्डित र आपसी प्रभाववाट परिस्कृत छन् । तिनीहरूलाई टुक्रामा हेर्ने, खण्डीकरण गर्ने र असम्वद्धताको पक्षपोषण गर्ने तरिकाले मानव सभ्यतामा हुर्किएका पुराना कुरालाई नयाँ परिवेश र युगसँग जोड्न सकिँदैन । पुर्खाले आर्जन गरेका ज्ञानहरू, प्रविधिहरू, सीप एवम् सामर्थ्यलाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सुधार गर्ने, विकास र विस्तार गर्ने विचारका रूपमा नै सकारात्मक सातत्यको सिद्धान्त रहेको छ। यसलाई ऐतिहासिक निरन्तरताको सिद्धान्त पनि भन्ने गरिएको पाइन्छ। सकारात्मक सातत्यको सिद्धान्त- पूर्ववर्ती ज्ञानका असल परम्परालाई अँगाल्ने सोच हो। कतिपय विरोधीहरूले मार्क्सवादी साँस्कृतिक प्रणालीमा इतिहास तथा परम्परालाई नकारात्मक दृष्टिले हेर्ने गरेको झुठा आरोप पनि लगाउने गरेका छन्। पुरानो पुस्ताको उत्पादन-अनुभव संस्कृतिका क्षेत्रमा मात्र हैन, समग्र सामाजिक जीवनको प्रगतिका लागि प्रयोग गर्ने र त्यसलाई समृद्ध पार्दै श्रमको कुशलता हासिल गर्ने सोच प्रगतिवादीहरूसँग रहेको छ। भौतिक संस्कृतिका उपकरणहरू, विनिर्माण प्रविधि, शिक्षा, सञ्चार र स्वास्थोपचार जस्ता क्षेत्रहरूसँगै कला, साहित्य, सङ्गीत र अभिनयका साधनहरू साँस्कृतिक रचनात्मकताका साधन बनेका छन्। हजारौं वर्षअघि आविष्कार गरिएका डम्फु-डमरु, सारङ्गी र बाँसुरीहरू हुन् अथवा मादल मुर्चुङ्गा र नरसिंहा हुन् तिनीहरूलाई नेपाली लोकजीवनले आज पनि उत्तिकै चाख र सम्मानसाथ आधुनिक सङ्गीतमा संयोजन गरेर रेडियो, टेलिभिजन र चलचित्रमा प्रयोग गर्दछन्। ऐतिहासिक निरन्तरताको यो क्रम हाम्रो सामाजिक विकास र साँस्कृतिक उन्नतिका लागि संस्कृतिका अन्य विधामा समेत उपयोगी रहिआएको छ। ज्ञानको क्षेत्रमा यो झन् प्रष्ट देखिन्छ। प्राचीन शिक्षाविद्हरूवाट प्रवर्तित भाषा, व्याकरण, सङ्गीत कलाका अनुभवहरू परिस्कृत वनेर आज हाम्रा सामु प्रचलित छन्। धारणा र विश्वासका परम्पराहरू युगसँगै विसर्जित नभएर दीर्घजीवि पनि वनेका छन्। तिनीहरूमध्ये केही अन्धविश्वासमा आधारित छन् र समाज, समय र सभ्यताको सापेक्षतामा पछौटे पनि छन्, त्यसैले सुधार र परिस्कारको आवश्यकता छ। त्यति भए पनि साँस्कृतिक सातत्यको एउटा निश्चित सीमा र सामयिक चरित्र निर्माण हुने गर्छ जसले गर्दा पुरानो र नयाँको द्वन्द्व, ठीक र वेठीकको द्वन्द्व, उपयुक्त र अनुपयुक्तको द्वन्द्वजस्ता अन्तर्विरोधवाट गुज्रँदै अघि वढ्छ, सुध्रँदै अघि वढ्छ र नयाँ परिस्थितिमा नयाँपनका साथ प्रकट हुन्छ। खानपिन पहिरन र कइरनमा आउने परिवर्तनले यिनै कुराहरूलाई दर्शाउँछन्।

सकारात्मक सातत्यको सिद्धान्तले परम्पराको व्यापकता र समग्रतालाई समेट्छ। सामान्य रीतिथितिको चलनचल्तीभन्दा पर पुगेर नै ऐतिहासिक गौरवको विषय निर्माण हुन्छ। जातीय सीमा नाघेर राष्ट्रिय परिवेशमा झुमेर गरिने देशभक्तिको महिमालाई अँगाल्दा इतिहासको त्यस सकारात्मक भावधारालाई पक्रिएको हुन्छ, जसका निम्ति पुर्खाले आफूलाई वलिदान गरेका थिए। यो कुनै एउटा रीतिथितिमा वाँधिएको सङ्कीर्ण सोच नभई सिङ्गो देश, समाज र सभ्यताको रक्षाका लागि गरिएको मानसिक सङ्कल्प हो। वर्ग समाजमा साँस्कृतिक सातत्यका दुई समानान्तर धाराहरू हुन्छन्। कला साहित्य र सङ्गीतमा अभिव्यक्त वर्गस्वार्थ, स्वभाव र चरित्रका माध्यमवाट समानान्तर वैचारिक ध्रुवको द्वन्द्व प्रकट हुन्छ, जो तिनीहरूको अन्तर्वस्तु वनेर वसेको हुन्छ। त्यसकारण श्रमजीवी वर्गले आफ्नो उज्वल भविष्य निर्माणका लागि त्यसवाट सकारात्मक कुराहरूलाई मात्र स्वीकार्छ, निरन्तरता प्रदान गर्दै अघि वढाउँछ। मार्क्सवादी साँस्कृतिक प्रणालीमा ऐतिहासिक सातत्यको सिद्धान्त सकारात्मक एवम् अग्रगामी रहेको छ।

४. धर्मनिरपेक्ष नास्तिकताको सिद्धान्त

श्रमजीवी वर्गको पहिलो राज्यसत्ता-पेरिस कम्युनले धर्मलाई राज्यवाट अलग्याएर व्यक्तिगत मामिला वनाएको थियो। त्यसले नै शिक्षालाई पनि धर्मवाट अलग्याएर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पुरेतवादवाट मुक्त गरेर वौद्धिक स्वतन्त्रता प्रदान गरेको थियो । सर्वसाधारण जनतालाई निःशुल्क शिक्षाको प्रवन्ध गरेको थियो । गिर्जाघरलाई राज्यवाट अलग्याएर, धार्मिक बजेट अस्वीकृत गरेर र चर्चका सवै सम्पत्ति राष्ट्रियकरण गरेर मानव जातिको इतिहासमा अभूतपूर्व कामको थालनी गरेको थियो । त्यसपछि नै धार्मिक राज्यधारणा अन्त्य हुँदै गयो र आज विश्वव्यापी ढङ्गले धर्मनिरपेक्ष राज्य सिद्धान्तलाई स्वीकार गरिएको हो । परन्तु आज पनि धार्मिक सत्ताले हाम्रो समाज र संस्कृतिलाई चरप्प वाँधेको छ । जवसम्म कुलीन सामन्तहरू र महाजनी सभ्यताका पूँजीजीवीहरूवाट धर्मलाई आर्थिक, भौतिक, सामाजिक र राजनीतिक संरक्षण प्राप्त हुन्छ तवसम्म भ्रम र स्वार्थको धार्मिक व्यवसाय अन्त्य हुँदैन । राज्य स्वयम् उनीहरूको प्रत्यक्ष वा परोक्ष नियन्त्रणमा रहने हुँदा जनताले वास्तविकता वोध गर्ने अवसर पनि कम पाउँछन् र धार्मिक कर्मकाण्डवादलाई लोकाचार ठानेर स्वाँग पार्दै भएपनि आफूलाई कुनै न कुनै धर्मका अनुयायी वनाउन वाध्य हुन्छन् । हामीकहाँ पनि यस्तै वाध्यात्मक परिवेश छ र धर्मलाई राज्यसँग गाँस्ने पुरानो प्रचलन अझै समाप्त भएको छैन । जनताको ठुलो हिस्सा वौद्ध भए पनि लामो समयसम्म मुलुकलाई हिन्दु अधिराज्यको दर्जा दिइएको थियो । हाल धर्मनिरपेक्ष घोषणा त गरिएको छ तर सङ्गठित धर्म प्रचार र धर्मान्तरण प्रक्रिया रोकिएको छैन, चलिरहेको छ । जातिपिच्छे धर्म र धर्मपिच्छेका कर्महरूको विविधता भए पनि धर्मको मूल जरो काल्पनिक ईश्वरमा गएर टुङ्गिन्छ । त्यसैले मार्क्सले धर्मलाई 'भ्रमको सुख' भनी 'उल्टो विश्व चेतना'का नामले विवेचना गरे र मानिसको मूलभूत सारको काल्पनिक रूप भने । मानव पीडाको छटपटी र असहायपनले पैदा गरेको नशा भने । त्यसले दिने झुठो भ्रमसुखका ठाउँमा वास्तविक सुख प्रदान गर्नका निम्ति धर्मलाई उन्मूलन गर्नु आवश्यक छ भन्ने कुरा पनि उल्लेख गरे । यी कुरासँगै उनले मानिसका लागि मानिस नै सर्वोच्च तत्त्व हो भन्ने विचार अघि सारे । मार्क्सका यस्ता विचारले धर्मका नाममा चलाइएको आस्तिकता र धर्मसापेक्ष संस्कार ध्वस्त हुँदै गयो र धर्मनिरपेक्षताको नास्तिक विचारधारा वढ्दै गयो । आज मार्क्सवादीहरूले उचालेको यो झण्डा प्रारम्भमा पूँजीवादले नै उठाएको थियो । तर जव श्रमजीवी जनता पूँजीवादकै विरुद्धमा सङ्घर्षशील वनेर युद्धमैदानमा लामवन्दी हुन थाले तव पूँजीजीवी शासकवर्गहरूले सामन्ती संस्कृतिमा रहेको ईश्वरवादलाई, धर्मतन्त्रलाई नयाँ पोशाक पहिराएर आफ्नो अनुकूल बनाउन थाले । यान्त्रिक-भौतिकवादको दार्शनिकतामा औँला ठड्याउदै तर्क गर्न थाले र धर्म व्यक्तिको निजी आस्था त हो, तर त्यसको उन्मूलन गर्ने कुरा भने राज्यका लागि अशुभ हुने निष्कर्ष झिके । व्यक्तिवादलाई बढावा दिने गरी अघि सारिएको मानव अधिकारको नाराभित्र धर्मलाई हुलेर थप षड्यन्त्र रच्न थाले । मुस्लिमको ईश्वरभन्दा इशा ठूलो, हिन्दुका देवताभन्दा प्रभु वलवान, बुद्धको शान्ति स्वस्तीले समाज चल्दैन भन्दै इसाई विचारधाराको सङ्गठित प्रचारप्रसारमा धनदौलत र जागिरको प्रलोभनसमेत दिँदै धर्मान्तरण अभियान सञ्चालन गर्न थाले । राष्ट्रिय देवताहरू कमजोर वने, जातीय धर्महरू लुला ठहरिए र एउटा अन्तर्राष्टिय ईश्वर एवम् धर्म निर्माणको प्रयत्नमा साम्राज्यवादी शक्ति लागिपरेको छ । राजनीतिक, आर्थिक हैकमसँगै सामाजिक-साँस्कृतिक हैकमका निम्ति पनि उनीहरूले सङ्गठित धर्मप्रचार र धर्मान्तरणलाई टेवा पुऱ्याइरहेका छन् । उनीहरूले वोलीमा मात्र धर्मनिरपेक्षताको नीति अँगालेका छन् व्यवहारमा धर्मसापेक्ष नीति आँगालेका छन् । मार्क्सवादीहरूले पूँजीजीवी वर्गको यस्तो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

छट्टु नीति र व्यवहारको विरोध गर्दछन् सच्चा अर्थमा धर्मनिरपेक्षताको नीति र व्यवहारलाई समर्थन गर्दछन् । कुनै पनि धर्मलाई राज्यले टेवा दिँदैन र धार्मिक विश्वासलाई व्यक्तिको निजी धारणा मानेर सबै प्रकारको धर्मप्रचार तथा धार्मिक अहङ्कारमा रोक लगाउने र त्यसलाई शोषणको औजार बन्न नदिने, सङ्गठित किसिमले सम्प्रदाय विस्तार गर्न नदिने र सत्ता, सम्पत्ति र सोखको लालचमा गर्ने गराइने धर्मान्तरणको स्थानमा शिक्षा, विज्ञान र सत्यको सहारामा नयाँ मानव मूल्यलाई पदस्थापना गर्ने छन् । नास्तिकतालाई वैज्ञानिक तथ्यद्वारा परिपुष्ट गर्दै सर्वसाधारण जनताको संस्कारमा रहेका अन्धविश्वास र जडता उन्मूलन गर्ने छन् । यस दृष्टिले समाजको समता, सद्भाव तथा समृद्धिका लागि काम गर्ने सोचका साथ साँस्कृतिक सम्मिलनलाई प्रवर्द्धन प्रोत्साहन गर्ने विचारधाराको रूपमा प्रगतिवादीहरूले यस सिद्धान्तलाई लिएका छन् ।

५. प्रयोजन-परकताको सिद्धान्त

कला साहित्यको निर्माण उद्देश्यपूर्ण हुन्छ । निरुद्देश्यमा कुनै सिर्जना रचिँदैन । मन वहलाउन, आफ्नै आनन्दका लागि जस्ता कुराहरूले सत्यको ढाकछोप मात्र गर्दछ। वस्नका निमित्त नै घर वनाइन्छ । हिँड्नका लागि वाटो, खोला तर्नका लागि पुल रचना गरिएजस्तै कला, साहित्य र सङ्गीतको सिर्जना पनि निश्चित उद्देश्य, योजना र प्रविधिका आधारमा नै गरिन्छ । शिक्षा, मनोरञ्जन, समाजसुधारका निमित रचिने त्यस्ता सिर्जनाहरूको लक्ष्य खुला वा प्रकट र गुप्त वा अप्रकट हुन सक्छन् तर पनि विल्कुल कुनै लक्ष्य, उद्देश्य व हेतु विना अर्थात् प्रयोजन विना कला सिर्जना सम्भव छैन । प्रयोजन लौकिक-अलौकिक भावधाराका हुन सक्छन् । वर्ग र जातिका सीमा र स्वार्थअनुरूप हुन सक्छन् । त्यसर्थ के लेख्ने ? किन लेख्ने ? कसका लागि लेख्ने र कसरी लेख्ने ? जस्ता प्रश्नहरू प्रयोजनपरक अर्थमा नै परिभाषित हुँदै आएका छन् । चार 'क' को यस सिद्धान्तले वास्तविकतामा पूर्वीय काव्यशास्त्रलाई मात्र हैन, पाश्चात्य मतलाई पनि सिर्जनाको प्रयोजन या अभिप्राय परिभाषित गर्दै आउन वाध्य पारेको पाइन्छ । प्रयोजन पौराणिक शास्त्रहरूले पनि उल्लेख गर्दै आएका छन् र आधुनिक साहित्यशास्त्रीले पनि वताउँदै आएका छन् । पुस्तक पढेर मात्र हैन, घरमा राखे पनि धर्म हुने सन्देश दिँदै मोक्षका लागि मिथक रचेका सामन्ती चरण हुन् वा शिक्षा र मनोरञ्जनका लागि कला, साहित्य र सङ्गीतलाई उपयोग गरेको पूँजीजीवी शासनकाल होस् दुवैमा संस्कृतिको प्रयोजन प्रस्ट देखिन्छ । चलचित्र, रेडियो प्रसारण र दूरदर्शन कार्यक्रमहरू मार्फत् जे प्रयोजन सत्ताधारी वर्गले राखेको देखिन्छ त्यसलाई नदेख्नु अथवा देखेर पनि नदेखे झैँ गर्नु साँस्कृतिक ठगी हो । आजका सं साँस्कृतिक उत्पादनहरूका निर्धारित प्रयोजनहरू छन् । कुनैको व्यावसायिकताका नाममा नाफा कमाउने र प्रतिपक्षी चेतनालाई सामाजिक परिवर्तनको मूल प्रवाहवाट अन्य वहकाउने हुनसक्छ भने कुनैको परम्परागत रुढीवादी चिन्तन र व्यवहारलाई टेवा दि पनि हुनसक्छ । मार्क्सवादी साँस्कृतिक प्रणालीमा समग्र साँस्कृतिक उत्पादनहरूको प्रयोजन सामाजिक परिवर्तनका लागि मानिसलाई जागरुक, सङ्गठित र लडाकू बनाउनु, विश्वव समग्रतालाई बुझ्न, बताउन र बदल्नका निम्ति श्रमजीवी जनतालाई सघाउनु र सिङ्ग मानव जीवनलाई समता, शान्ति, समृद्धि र सुखपूर्ण वनाउनु रहेको छ ।

रचनात्मक विधाहरूको प्रयोजन खण्डितऽअखण्डित, समग्रऽआंशिक तात्कालिकऽदीर्घकालिक, सामान्यऽविशिष्ठ, कालक्रमिकऽसर्वकालिक, राष्ट्रियऽअन्तर्राष्ट्रि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri
समेत हुन सक्छ । कविता र कथाको अथवा नाटक र उपन्यासको प्रयोजन विषयगत, क्षेत्रगत, भावगत र वर्गगत हुनसक्छ । सम्प्रेषणका माध्यमबाट शिक्षा दिने, अभिनयका माध्यमबाट दीर्घप्रभाव दिने, चित्रणको माध्यमबाट समग्रतालाई अभिव्यञ्जित गर्ने जस्ता कुराहरू पनि यस सन्दर्भमा मननीय छन् । श्रमप्रति श्रद्धा जगाउने, वर्ग विषमता मेट्न हौस्याउने, जातीय विभेदका विरुद्धमा नयाँ मानव मूल्य जगाउने र मानवीय समाजको स्थापना र विकासका लागि अन्तर-साँस्कृतिक सहजीवन हुर्काउने, पुरातन पाखण्डका अन्धविश्वास समाप्त पार्न वैज्ञानिक संस्कृति निर्माणमा जोड दिने जस्ता प्रयोजनहरू नै मार्क्सवादी साँस्कृतिक प्रणालीका मान्यताहरू हुन् । प्रयोजनपरकताको सिद्धान्तले सिर्जनालाई डोऱ्याउने मात्र नभई मूल्याङ्कनलाई पनि पथ-प्रदर्शन गर्दछ । एउटा कृतिको प्रयोजन केलाएर नै त्यसका अन्य पक्षहरू नियालिन्छ । प्रस्तुति राम्रो छ, प्रभाव नराम्रो भयो भने प्रयोजनले त्यसलाई परिणाम नियाल्नेतर्फ लैजान्छ । नराम्रो प्रभावको नराम्रै परिणाम प्राप्त हुन्छ । त्यसैले प्रयोजनपरकताको यस सिद्धान्तले कृतिको वृत्ति तोक्नमा समेत मद्दत गर्दछ । प्रयोजनलाई अभिप्रायका नामबाट पनि जानिन्छ ।

अभिप्राय या प्रयोजनका आधारमा नै रचनाको सिङ्गो स्वरूप र सार निर्धारण हुन्छ । विषयवस्तुको प्रस्तुतिकरणमा भाषा, शैली, वाक्यविन्यास, यथार्थचित्रण, कल्पनाको संयोजन, द्वन्द्वपूर्ण परिवेश, वर्ग चेतना र स्वार्थको टक्कर जस्ता कुराहरू सिर्जनाको ठोस अभिप्रायमा नै अडिएका हुन्छन् । यही अभिप्रायका सहारामा वस्तुतत्त्व र रूपतत्त्वको संयोजन गरिन्छ । अभिप्राय प्रत्येक सिर्जनामा रचना-प्रक्रियाको अनिवार्य तत्त्व बनेको हुन्छ । सरलीकरण र स्तरीयताको सवालमा होस् वा मूर्तिकरण र अमूर्तिकरणको सवालमा होस् अभिप्रायले कृतिलाई एउटा निर्दिष्ट बाटोमा हिँडाउँछ । त्यसकारण प्रयोजनपरकताको सिद्धान्त मार्क्सवादी साँस्कृतिक प्रणालीको महत्त्वपूर्ण मान्यताको स्थानमा रहेको छ ।

६. नयाँ मानव मूल्यको सिद्धान्त

संस्कृति बिनाको समाज हुँदैन । जनताका बीच जनजीवनका चाहना, उमङ्ग, हर्ष र पीडाका भावनासँगै गुञ्जिने गीत, वाद्यवादन र नाच मात्र हैन, लोकसाहित्यका विविधाहरू पनि संस्कृतिका अङ्ग बनेका हुन्छन् । तिनीहरूको एकमुष्ट नाम हो-लोकसंस्कृति । लोक जीवन नै स्रष्टा, द्रष्टा र भोक्ता रहने हुँदा मानव सभ्यताको आरम्भदेखि अहिलेसम्म पनि जीवन-मूल्यको सोचमा लोकसंस्कृतिको प्रभाव प्रबल भेटिन्छ । आधुनिकताको पहिरनमा आएका अनेक नवीनताले त्यसलाई कुच्याउने, भाँच्ने र बिगार्ने गरेको भए पनि सामाजिक धरातल अनुरूप वर्गीय प्रतिद्वन्द्व व्यक्त भएको पाइन्छ । मानवलाई पूर्णमानवको समग्रतामा हेर्न चाहने, फेर्न चाहने विद्रोहीभाव पनि लोक जीवनका ती उत्पादनहरूमा समेत पाइन्छ । त्यति भएर पनि संस्कृतिको वर्गचरित्र अनुरूप मानवमूल्य कायम हुँदै आएको छ । वर्गीय समाजमा मानवताको वर्गीय बाना हुने हुँदा अखण्डित मानव मूल्यको कुरा फगत काल्पनिक आदर्श बनेको हुन्छ । वर्ग विभेदको अन्त्यसँगै नयाँ मानव मूल्यको खोजी मार्क्सवादी साँस्कृतिक प्रणालीको एउटा लक्ष्य बनेको छ । सामन्ती उत्पीडनको अन्त्यका लागि भएका अनेकौं सुधारवादी सोच, काल्पनिक आदर्श र सुखशान्तिको खोजले जीवन यथार्थबीच नयाँ सोच र नयाँ मानव-मूल्यको अन्वेषणलाई गतिशील बनायो । यसै क्रममा परोपकारवाद, कल्याणकारी जनसेवा तथा सम्बद्ध सामूहिक जीवन शैलीको प्रयोग पनि हुँदै आए । सुखी समाजको कल्पनाले स्वर्गका कथा रचिए, परन्तु मानव जाति

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri
अखण्डित मानवको अनुहारमा हाँस्न अझै सकेको छैन। अनेकौं थरिका जाति, धर्म, सम्प्रदाय र संस्कारद्वारा टुक्रिएको, भूगोल भाषा र भावनावाट टाढिएको, सम्पन्नता र विपन्नताले चिरिएको, शिक्षित।अशिक्षित समूहमा वाँडिएको, सहरिया र ग्रामीण जीवनमा खाँदिएको, अनेकौं अन्धविश्वासले वाँधिएको, चरम एकलकाँटे अवस्थामा डुवेको स्थितिले आजको मानिसलाई पुरातन मूल्यमा जकड्दै अधपतनतिर लगिरहेको प्रस्टै छ। नूतन मूल्यका रूपमा आएको विश्ववन्धुत्व, भाइचारा र समताको नारा पनि पूँजीजीवी पिञ्जरामा वन्दी वनेको छ। यस स्थितिवाट पार पाउनका लागि श्रमजीवी वर्गले नयाँ मानव मूल्यको सोच अगाडि सारेको छ। मार्क्सपूर्वका सवै सामन्ती-पूँजीवादी उदारमना बुद्धिजीवी चिन्तक र दार्शनिकले नयाँ मानवको त्यस परिकल्पनालाई यथार्थमा उभ्याउन सकेनन् फलस्वरूप व्यक्तिको समग्रतालाई समाजको अधिनस्थ होइन, दूरस्थ लगेर एकाकीपन निराशा, कुण्ठा, विसङ्गति र विद्रोहको अराजक मार्गमा व्यक्तिको सर्वोच्चता र पूँजीको प्रतिस्पर्धामा लगेर डार्विनको विकासवादी सिद्धान्तलाई बङ्ग्याएर 'वलियाको नै वाँच्ने हक हुन्छ' भन्ने अपव्याख्या गरे। फलस्वरूप प्राचीन दासयुगीन पीडाको पुनरावृत्ति नयाँ ढङ्गले हुन थाल्यो। गरिवी, अभाव र अन्यायको कोलमा पिसिँदै मानिसको एउटा ठूलो हिस्सा पृथ्वीको सुख भोग गर्नवाट वञ्चित हुन पुग्यो। श्रमजीवी सर्वहारा वर्गको त्यो दुर्दशा, पीडा र विद्रोहले धरतीको यथार्थमा नयाँ मानव मूल्यको खोजी कार्यलाई तीव्रतासाथ अघि वढायो। फलस्वरूप श्रमजीवी वहुसङ्ख्यक जनताको विद्रोहले गति लियो। सुसङ्गठित क्रान्तिहरूले विश्वव्यापी उथलपुथल मच्चाए। वर्ग सङ्घर्षलाई श्रमिकवर्गको राज्यसत्तासँग जोड्दै, युगौंका जड्ता, अन्धविश्वास, विपमता र अन्यायको ध्वङ्श गरेर नयाँ मानव समाजको स्थापना गर्दै मार्क्सवादी जीवनदर्शन अघि वढ्यो र मानव समताको दुन्दुभि वज्यो। सवै क्षेत्रमा समानता, सवै समाजमा वर्गहीनता, सवै विभेदको समाप्ति एवं सवै मानिसको समान मर्यादा, गरिमा र ओजस्वीता रहने कुराको प्रत्याभूतिले मानिसको अन्तर्राष्ट्रिय जाति हुने दिशामा नयाँ समाज अग्रसर हुन थाल्यो। ठीक यही अन्तरजातीय सम्मिलनको भावमा नयाँ मानव मूल्यको महत्त्व स्थापित हुन पुग्यो र मार्क्सवादी साँस्कृतिक प्रणालीले भविष्यको मानवका रूपमा राष्ट्रियतामा विभक्त होइन अन्तर्राष्ट्रियतामा आवद्ध एउटा नयाँ मानव मूल्य स्थापना गर्ने सङ्कल्प साथ आफ्ना सिर्जनालाई, संस्कारलाई सदाचार र सामाजिक व्यवहारलाई यसै दिशामा अग्रगति प्रदान गर्दैछ। अन्तरजातीय सम्मिलनलाई वढाउँदो छ र विश्व मानवको निर्माण गर्दो छ। यो सही सोच र सम्भावनालाई वल पुऱ्याउने नयाँ मानव मूल्यको संस्कृति निर्माण गर्ने सिद्धान्त हो र मार्क्सवादी साँस्कृतिक प्रणालीको यो एउटा अर्को महत्त्वपूर्ण सिद्धान्त हो।

७. नित्य नवीनताको सिद्धान्त

मानिस नै एउटा त्यस्तो प्राणी हो, जो आफ्ना विवेकद्वारा प्रकृतिलाई परास्त गर्दै सामाजिक यथार्थको नवसिर्जना सिङ्गार्छ। यथार्थवोधको वैयक्तिक तह पार गरेर समष्टिको अनुभूति समावेश गरेर नै स्रष्टाले नित्य नवीनताको सिर्जना गर्दछ। जे छ त्यो उही होइन उस्तै तर पृथक् रचना वनेर नै मानवीय कला सिर्जना अघि वढेको हुन्छ। यस क्रममा पूर्ववर्ति वस्तुको रूपाभाष मात्र हैन गुणकै पुनरावृत्तिसमेत गर्न सकिने तथ्यलाई विज्ञानले पुष्टि गरिसकेको छ। यसरी प्रस्तुत गरिने नवोन्मेषले कला, साहित्य, सङगीत र अभिनयको क्षेत्रमा मात्र हैन रीतिथिति, संस्कार, विधि एवम् सदाचारलाई समेत परिमार्जन गर्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गर्दछ । नैतिकता गतिशील समाजको विकास सँगसँगै अग्रचालित हुन्छ । विधि व्यवस्थाका पुराना रूपहरू बदलिन्छन् र समाजको समकालीन सोचमा परिवर्तन आउँछ । परन्तु मार्क्सवादी साँस्कृतिक प्रणालीमा दर्शनशास्त्र र धर्मलाई एउटै ढिको होइन अलगअलग निष्ठा एवम् आस्थाको अर्थमा लिइन्छ । आफ्नो स्वार्थपूर्तिका निम्ति सामन्ती पूँजीजीवी वर्गले ईश्वरलाई साक्षी राखेर नैतिकताको दुहाई दिने गर्दछन् र हरदम शुभ लाभको माला जप्छन् । आफ्नो हितमा अरु सबैको अहित सोच्नु उनीहरूको विशेषता हो । सर्वजन हितायको नारामा वर्गजन हितायको सत्ता सञ्चालन गर्नु र जड्वत स्थिरताको पक्षपोषण गर्नु शोषक वर्गीय विशेषता हो । यसको उल्टो गतिशीलता र नित्य नवीनताको पक्षपोषण गर्नु श्रमिक वर्गीय विशेषता हो । पुरानो विलाउनु, नयाँ अङ्कुराउनु, हुर्कनु र समृद्ध बन्नुमा मात्र यो क्रम टुङ्गिदैन । एउटा निषेधपछि पुनः अर्को निषेधको चक्र सुरु हुन्छ । दर्शनमा निषेधको निषेध प्रक्रिया जो पाइन्छ, त्यो संस्कृतिका क्षेत्रमा पनि लागू हुन्छ । खानपिन, पहिरन र शिक्षादीक्षाका पुराना विषयवस्तु र रूपहरू आज प्रायः सबै देश, समाज र जातिहरूबाट विलाउँदो छ । मानिसले चाहेर होस् वा नचाहेर प्रगतिको यो क्रम नित्य नवीनताको निम्ति सतत् अघि बढिरहेको हुन्छ । त्यसैकारण मार्क्सवादीहरूले सिर्जनात्मकतालाई जोड दिन्छन्, ठोस परिस्थितिको ठोस् विश्लेषण गर्दछन् र नित्य नवीनताको सिद्धान्तलाई स्वीकार्छन् । निषेधको नियमलाई सकारात्मक विकासको अर्थमा ग्रहण गर्दछन् ।

विकासको अग्रगतिलाई अँगाल्ने जुन कुनै व्यक्ति, संस्था, समुदाय वा सिद्धान्तले नित्य नवीनताको पक्षपोषण गर्नै पर्दछ । मार्क्सवादी साँस्कृतिक प्रणालीमा यसको आफ्नै विशिष्ट स्थान छ । मन्त्रवादी शैलीको विरोध गरिनु र जडसूत्रवादको आलोचना गरिनुभित्र रहेको गतिशीलता कला, साहित्य, सङ्गीत र अभिनयका क्षेत्रमा पनि पाइन्छ । पौराणिक मिथकलाई उपजिव्य बनाएर रचिएका आधुनिक कथा, उपन्यास, चलचित्र र ललितकला विषयवस्तुका दृष्टिले पुरातनपन्थी भएर पनि शिल्पविधाको दृष्टिले नवीन पनि हुन् । नित्य नवीनताको खोजले प्रत्येक विषयमा विकल्प खोतल्छ । विकल्पहरू सकारात्मक र नकारात्मक हुन्छन् । वास्तवमा प्रगतिवादले कुनै प्रयोगधर्मी सोच र शैलीलाई अस्वीकार गर्ने नभई त्यसमा अभिव्यक्त अन्तरवस्तुका आधारमा जाँचबुझ गरेर मात्र निर्णय गर्दछ । नवीनताको अर्थ परिवर्तित अवस्था पनि हो । संस्कृतिका अनेक विधाहरूमा यो प्रस्टै देखिन्छ । सकारात्मक विकल्पको बाटोबाट अघि बढेमा मात्र नूतन प्राप्तिमा पुगिन्छ ।

यसरी मार्क्सवादी साँस्कृतिक प्रणालीका केही आधारभूत मान्यतामा कलाको आधार र अभिव्यक्ति, सामाजिक धरातलको प्रतिबिम्वका रूपमा कलासाहित्य, जीवनबाट जीवनका लागि सजीव संस्कृति, वर्गीय समाजमा त्यसको स्पष्ट वर्ग चरित्र हुने कुरा, प्रयोजनपरक सिर्जना, जनउपयोगिता एवम् ऐतिहासिक निरन्तरतामा ज्ञानको परिस्कार, समाजवादी सभ्यताको पक्षपोषण, भाव र शिल्पको संयोजनजस्ता अनेक विषयलाई हामीले अङ्गिकार गरेका छौं । नयाँ मानव मूल्यको प्रसङ्गमा जातीय सहजीवन, सम्मिलन र अन्तर्राष्ट्रिय मानवको प्राप्ति मुख्य कुरा हो भने चिन्तन एवम् व्यवहारका सन्दर्भमा नित्य नवीनताको खोजलाई तथ्यका आधारमा सत्य पत्ता लगाउने पद्धति अन्तर्गत स्वीकारिएको छ । सारांशमा उल्लेखित सात आधारभूत सिद्धान्तमा अन्य थुप्रै बुँदा-उपबुँदाहरूको विवेचना गर्न सकिन्छ यद्यपि यहाँ मार्क्सवादी साँस्कृतिक प्रणालीको सामान्य अवधारणामा सीमित रहेर सङ्क्षिप्त चर्चा मात्र गरियो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जीवनीपरक समीक्षा

प्रश्रितको सांस्कृतिक योगदान❖

✍ उदयलाल*

१. प्रश्रितको जीवनी

मोदनाथ प्रश्रितको जन्म वि.सं. १९९९ असार ६ गते नेपालको अर्घाखाँची जिल्लाको खिदिम, हर्राबोटमा भएको हो । पिता पं. घनश्याम पौडेल र आमा वालिकादेवीको जेठो छोरा प्रश्रितले त्यहींको हरिहर संस्कृत पाठशालामा प्रमुख शिक्षक रहेका आफ्ना वावुवाट अक्षर चिने र त्यही पाठशालामा ४ वर्षको उमेरदेखि वावुसँगै बसेर पढे । घरमा रामायण महाभारतका नेपाली पुस्तक पढ्दा-पढ्दै र पाठशालाका प्रधानाध्यापक महाकवि दधिराम मरासिनीका कविता सुन्दासुन्दै कविता कोर्न थालेका उनलाई वि.सं. २०१० को माघमा सुन्दर ढङ्गले कविता भने वापत अवीर यात्रा सहित पगडी (फेटा) वाँधिदिएर पाँच रुपियां पुरस्कार दिई गाउँ घुमाइएको थियो । त्यसवाट साहित्य सृजनमा 'प्रश्रित' उत्साहित भई अघि वढ्दै गए । मोदनाथले खिदिममा संस्कृतको प्रथम परीक्षा उत्तीर्ण गरी हरिहर गौतमकै छात्रवृत्तिमा वनारस गई संस्कृत साहित्यमा शास्त्री उत्तीर्ण भए । उनले निखिल भारतवर्षीय आयुर्वेद विद्यालय, दिल्लीवाट आयुर्वेदमा आचार्य गरे । वि.सं २०१९ को संस्कृत माध्यममा विश्वविद्यालयमै सर्वप्रथम भई भारत सरकारको केन्द्रीय छात्रवृत्ति पाएर अघि वढे । वनारसमा पढ्दा साहित्यका गतिविधिमा भाग लिन थाले र त्यहाँका पत्रपत्रिकामा रचना छपाउन थाले । काठमाडौँमा उनको पहिलो रचना वि.सं. २०१८ मा रूपरेखा मासिकमा छापिएको थियो ।

विद्यार्थी जीवनमा राजनीतिक गतिविधिमा भाग लिएको हुंदा सरकारी जागिर पाएनन् । प्रश्रितमा सुरूदेखि नै चित्रकला र मूर्तिकलापट्टि रूचि थियो । विद्यार्थीहरूले ती कला परस्पर सिक्ने-सिकाउने गर्थे । उनले त्यस कलालाई प्रयोग गरी वि.सं. २०२० सालमा गुल्मी तम्घासमा साइनवोर्ड लेख्ने पेसा गरे । त्यसपछि वि.सं. २०२० कै उत्तरार्द्धमा वल्कोट (अर्घाखाँची) को मा.वि. मा केही समय पढाए । वि.सं. २०२१ मा तानसेन, पाल्पामा भएको लुम्विनी अञ्चल स्तरीय साहित्य सेमिनारमा मोदनाथले 'अध्यात्म जगत्मा विहङ्गम दृष्टि' निवन्धमा प्रथम र 'म ससुराल जान्न' कवितामा द्वितीय भई दुई स्वर्ण पदक पाए । त्यसबाट उनलाई 'लुम्विनी सन्देश साप्ताहिक' (वुटवल-भैरहवा) को प्रधान सम्पादक वन्ने अवसर प्राप्त भयो । उनले पत्रकारितावाट पञ्चायती व्यवस्थाका खराव कुराको आलोचना गरेपछि प्रशासनले वाधा हाल्न थाल्यो । त्यसपछि पत्रकारिता छोडेर लुम्विनी कलेज (हाल-वुटवल बहुमुखी क्याम्पस)मा संस्थापक प्राध्यापकको रूपमा पढाउन थाले र वुटवलकै गणेश जनता मा.वि. मा प्रथम प्रधानाध्यापक भई काम गर्न थाले ।

प्रश्रितले वि.सं. २०२३ मा 'मानव' महाकाव्यमा मदन पुरस्कार पाए । २०२४ मा उनले नेपालीमा एम.ए. गरे । उनका कविताले निरङ्कुश निर्दलीय व्यवस्थाको विरोध गर्न

❖ *दण्डपाणि अर्ज्याल स्मृति पुरस्कार-२०६८ द्वारा सम्मानित व्यक्तित्वको सङ्क्षिप्त चिनारी।*

* *साहित्यकार तथा समालोचक । -सम्पा.*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

थाले । त्यसै वीचमा उनले पुष्पलालसँग सम्पर्क गरी नेकपामा काम गर्न थाले र वि.सं. २०२६ साल फाल्गुण महिनामा लुम्विनी प्रशासनले विद्यार्थी आन्दोलन भड्काएको आरोपमा गिरफ्तार गरी राजकाज मुद्दा लगायो । तीन वर्ष कैद र रू. २०००/- जरिवाना गरी जेल हालियो । भैरहवा जेल र काठमाडौँको त्रिपुरेश्वर जेलमा एक वर्ष विताएपछि सर्वोच्च अदालतको आदेशमा रिहा उनी भए, तर प्रशासनले फेरि पनि वारन्ट गरेकोले प्रश्रित वनारस गई पुष्पलालसँगसँगै वसी पार्टीको सांस्कृतिक फाँटमा काम गर्न थाले । २०२८ मा नेकपा पुष्पलाल समूहको तर्फवाट आयोजित सांस्कृतिक सम्मेलनवाट नेपाली जनवादी क्रान्तिकारी सांस्कृतिक संघका महासचिव निर्वाचित भए । उनले भारतका अनेक प्रान्तहरूमा घुमेर पार्टी सङ्गठन र सांस्कृतिक मोर्चा विस्तारको काम गरे र त्यसवेला उनले आफ्ना पुस्तकहरू प्रकाशित गरी नेपाल र भारतभरि फैलाए । उनको **देवासुरसंग्राम, नारी: बन्धन र मुक्ति, जीवाणुदेखि मानवसम्म** आदि पुस्तकमा पञ्चायती सरकारले प्रतिवन्ध लगायो । प्रतिवन्धपछि उनका पुस्तक मानिसहरूले झन् खोजी-खोजी पढ्न थाले । उनको कथामा 'वलिदान' चलचित्र बनेको छ । उनी वि.सं. २०२९ मा नेकपा पुष्पलाल समूहका केन्द्रीय समिति सदस्य भएका थिए । वि.सं. २०३४ मा पुष्पलाल समूहसित मतभेद भएपछि मदन भण्डारी र जीवराज आश्रितसहित पार्टीवाट अलग भई नेकपा (को-अर्डिनेसन केन्द्र सँग मिलेर नेकपा (माले) स्थापना गर्न पुगे । त्यसपछि प्रश्रितले भारत छोडेर नेपाल भित्रै आई भूमिगत रूपमा काम गर्न थाले । त्यस क्रममा वि.सं. २०३७ मा उनी गिरफ्तार भए । वीचमा जेल तोडेर निस्के । पुन: गिरफ्तार भई वि.सं. २०४४ सम्म लगातार जेल वसेर छुटे । त्यसपछि पनि पार्टीमा सक्रिय रूपले काम गर्दै गए । वि.सं. २०५१ को चुनावमा रूपन्देहीवाट सांसद भई एमाले सरकारमा शिक्षा, संस्कृति तथा समाज कल्याण मन्त्री भए । नेकपा (एमाले) को स्थापना (२०३५) देखि उनी केन्द्रीय समितिका सदस्य रहँदै आए । वि.सं. २०५५ देखि स्थायी समिति सदस्य भए वि.सं. २०६६ देखि एमाले केन्द्रीय सल्लाहकार छन् । पार्टीमा उनले प्रचार विभाग, संस्कृति विभाग र पार्टी स्कुल विभाग प्रमुख भई काम गर्दै आए । उनले **मुक्तिमोर्चा, युगदूत** आदि पत्रिकाको सम्पादन गरे र हाल ***भृकुटी*** त्रैमासिकको सम्पादन गर्दै छन् । वि.सं. २०३२/०३३ सालमा वनारस वस्दा प्रश्रितले नेपाली संस्कृत महाविद्यालय, वाराणसीमा प्राध्यापकको रूपमा पनि काम गरेका थिए र प्रगतिशील अध्ययन मण्डल पनि सञ्चालन गरेका थिए ।

वि.सं. २०१५ देखि अहिलेसम्म उनका पुस्तकाकार कृति ४६ वटा (सङ्कलित रचनाहरूसमेत ५३ वटा) प्रकाशित भएका छन् । उनले पत्रपत्रिकामा स्तम्भकारको रूपमा पनि काम गर्दै आएका छन्:- दृष्टि, छलफल (साप्ताहिक), कान्तिपुर र राजधानी (दैनिक) मा उनले स्तम्भ चलाए । अहिले नियमित साप्ताहिक स्तम्भ 'अन्नपूर्ण'मा छ । वि.सं. २०४४ मा प्रगतिशील लेखक संघका महासचिव र त्यसै वर्ष राष्ट्रिय जनसांस्कृतिक मञ्चमा अध्यक्ष भई काम गरेका प्रश्रितले भारत, पाकिस्तान, बङ्गलादेश, उत्तर कोरिया, चीन, थाइल्याण्ड, डेनमार्क र जर्मनीको भ्रमण गरेका छन् । मोदनाथ प्रश्रित भारत र नेपालमा आयुर्वेदिक डाक्टरको रूपमा पञ्जिकृत छन् । उनले आयुर्वेदिक विषयमा थुप्रै लेख लेखेका छन् र '*वनौषधि चिकित्सा*' पुस्तक पनि प्रकाशित गरेका छन् । देशका विभिन्न जिल्लामा योग, प्राकृतिक चिकित्सा र वनौषधि चिकित्सा प्रशिक्षणहरू सञ्चालन गर्दै आएका छन् । उनलाई 'ओपन इन्टरनेशनल युनिभसिर्टी फर कम्लिमेन्टरी मेडिसिन, अलमाना' ले मानार्थ पी.एच.डी. प्रदान गरेको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

२. साहित्यिक सिर्जनामा प्रश्रित

मोदनाथ प्रश्रित समकालीन नेपाली साहित्यमा सर्वाधिक विषय र विधामा कलम चलाउने विशिष्ट साहित्यकार हुन् । उनले लेखेका प्रमुख पुस्तकहरूमा– मानव (महाकाव्य- २०२३, तीन संस्करण, ६ हजार प्रति), देवासुर सङ्ग्राम (महाकाव्य- २०३०, पाँच संस्करण, २६ हजार प्रति), नारी : बन्धन र मुक्ति (समाजशास्त्र- २०३२, पाँच संस्करण, २६ हजार प्रति), जीवाणुदेखि मानवसम्म (जीवशास्त्र- २०३२, पाँच संस्करण, १७ हजार ६ सय प्रति), देशभक्त लक्ष्मी बाई (उपन्यास- २०३१, तीन संस्करण, ८ हजार प्रति), महाकवि देवकोटाको वैचारिक विकास (समालोचना- २०३३, चार संस्करण, ६ हजार प्रति), गोलघरको सन्देश (लघुकाव्य- छ संस्करण, ३१ हजार प्रति) भूतप्रेतको कथा (मनोविज्ञान- २०४१, पाँच संस्करण, १७ हजार प्रति), अतीतका पाइलाहरू (संस्मरण- २०४२, तीन संस्करण, ११ हजार प्रति), चोर (उपन्यास- २०४४, दुई संस्करण, ३ हजार प्रति), नानीहरूलाई कसरी असल वनाउने (शिक्षा- २०४४, तीन संस्करण, ११ हजार प्रति), केही सांस्कृतिक निवन्धहरू (संस्कृति- २०४७, तीन संस्करण, ७ हजार प्रति), आस्था र प्रथा: एक विवेचना (दर्शन- २०४४, तीन संस्करण, १२ हजार प्रति), नानीहरूलाई कसरी असल वनाउने ? (वालसाहित्य- २०४४, तीन संस्करण, ११ हजार प्रति), नेपाली इतिहासको छोटो विवेचना (इतिहास- २०५३, १५ हजार प्रति), सङ्कलित रचनाहरू ७ भागमा (२०५८, एक-एक हजार प्रति), विचार र अन्तर्सम्वन्ध (चिन्तन- २०६२, दुई संस्करण, २ हजार प्रति), पृथ्वीनारायण शाह (राजनीतिक लेखहरू- २०६३, ५ हजार प्रति) पहिले लेखिएका र अहिले देखिएका कुरा (अखवारी लेख- २०६४, १ हजार प्रति) पर्दछन् ।

लामो समय कम्युनिस्ट पार्टीको कार्यकर्ता, नेता एवं सांसद भएका प्रश्रित शिक्षा तथा संस्कृति मन्त्री भएर पनि मुलुकलाई निकै महत्त्वपूर्ण योगदान दिएका व्यक्तित्व हुन् । प्रश्रितको साँस्कृतिक सोच प्रगतिशील रही आएको मात्र नभै त्यसबाट अघि बढी प्रगतिवादसम्म विस्तारित छ । प्रगतिशीलताको तात्पर्य विकासका सामान्य प्रक्रिया जो परिवर्तनको मात्रात्मक विकासतर्फ निरन्तर अघि वढ्छ र अग्रगामी एवं गुणात्मक परिवर्तनकारी भावना र शक्तिसँग मैत्रीपूर्ण सम्बन्ध राख्दछ । यथार्थवादवाट आलोचनात्मक यथार्थवाद हुँदै अघि वढ्ने क्रममा कतिपय प्रगतिशील स्रष्टा र शक्ति प्रगतिवाद तर्फ लम्कन्छन् र कतिपय प्रतिगामी पक्षतर्फ फर्कन सक्दछन् । प्रगतिवाद द्वन्द्वात्मक भौतिकवादी दर्शन अनुरूप सामाजिक विकास र परिवर्तनको प्रक्रियालाई हेर्ने, बुझ्ने र फेर्ने सिर्जनात्मक चिन्तन हो । मात्रात्मक परिवर्तनको वृत्त वाहिर पुगी परिवर्तनको गुणात्मक स्तर हासिल गर्न अग्रसर रहने, राष्ट्रियताको परिधिवाट अन्तर्राष्ट्रिय परिधितर्फ लम्कने र समग्र विषमता, अन्याय र सङ्कीर्णताको अन्त्य गरी विश्ववन्धुत्व, सामाजिक उन्नयन र आर्थिक समता हासिल गर्न अग्रसर रहने विचार-प्रणाली हो । प्रश्रित प्रगतिशीलतावाट अघि वढेर प्रगतिवादलाई अङ्गिकार गर्ने स्रष्टा हुन् र उनले आफ्नो संस्कृति-दर्शनलाई यसै सिद्धान्तको आलोकमा हुर्काएका छन् ।

३. प्रश्रितको सांस्कृतिक दर्शन

विचार-विश्वास, विधि-थिति, सङ्गीत-साहित्य, कला-सभ्यता, आचार-संस्कार, प्रविधि-पर्यावरण, ममता-समताजस्ता मानवचिन्तन र जीवनव्यवहारका समग्र विषयको दृष्टिकोणलाई संस्कृति-दर्शन भनिन्छ । संस्कृति-दर्शन विशिष्टीकरण गरिएको दार्शनिक अवधारणा हो । संस्कृति-दर्शनले मानव कल्याणलाई मीयो बनाएर हाम्रो सभ्यताले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हुर्काएको प्रविधि, ज्ञान र संस्कृतिका समग्र पक्षको अवलोकन गर्दछ। मानिसका सामाजिक व्यवहारमा आउने सम्यक कर्मवृतिको समन्वयात्मक साँस्कृतिक जीवनदृष्टि वनेर रहने हुँदा संस्कृति-दर्शनमा प्राचीन मानवसभ्यताका विचार-विश्वास, विधि-थिति, आचार-संस्कारहरू पनि रहेको हुन्छ। नवीन धारणा भएर पनि साँस्कृतिक दर्शनले हाम्रो मानसिक सभ्यताको समग्रतालाई नै प्रतिविम्वित गर्दछ र ऐतिहासिक निरन्तरता निर्माण गर्दछ। लोक व्यवहारमा भाषा-भावना, सहजीवन-सौन्दर्यचेत, व्यक्ति-समष्टि, श्रम-सम्पत्ति, समाज-प्रकृतिजस्ता पक्षहरू जहाँसुकै पाइन्छन्। सचेतन वा अचेतन ढङ्गवाट ती कुराहरूमा मानिसले आफ्नो मान्यता निर्माण गरेका हुन्छन्। के राम्रो के नराम्रोको पक्ष सँगसँगै के होला र के नहोलाको तर्कनामा तरङ्गित हुँदै जीवनयात्रा अघि बढाउँदा स्नेह-करुणाऽक्रोध-प्रतिशोधजस्ता वैपरित्य चेत पनि मानिसका व्यवहारमा देखा पर्दछ। प्रशंसा र निन्दा, प्रार्थना र सरापको प्रयोग पनि गरेको पाइन्छ। सद्व्यवहार र दुर्व्यहारको द्वन्द्वमा संस्कृतिले असल पक्षको कित्तामा आफूलाई उभ्याउँछ। त्यसैले संस्कृति-दर्शन सम्यक सोच र सम्यक् व्यवहारको विश्वदृष्टि हो। मानवताको विशिष्ट-वृत्तिवाट सामान्य-वृत्तितर्फ अग्रसर गराउने काम संस्कृति-दर्शनले गर्दछ। जाति, धर्म, आस्था, सम्प्रदायको साँगुरो घेरामा रहेका साँस्कृतिक सोचहरूलाई, व्यवहार र लोकप्रचलनलाई परिष्कृत गर्दै बदल्दै संस्कृति अघि बढ्दछ। हिजोको चेप्टो पृथिविको विश्वास आज समाप्त भएजस्तै पुरातनको अन्धविश्वास, भ्रम र गलत जानकारीलाई सँच्याउँदै संस्कृति-दर्शनले नवीनता, वैज्ञानिकता र मानवीयतालाई अँगाल्छ। विकासको अवधारणामा होस् वा सृष्टि-दृष्टिका कुरामा होस् संस्कृति-दर्शन नवीन विकल्पको खोजीमा निरन्तर लम्किरहन्छ। त्यसैले मोदनाथ प्रश्रित पनि आफ्ना रचनाहरू मार्फत संस्कृति-दर्शनको यो विशिष्टता अनुरूप अघि वढेका छन्।

४. मानवतावादी चिन्तनबाट प्रगतिवादतर्फ

मानवतावादलाई समाज सापेक्ष विवेचन गरी हेर्ने हो भने विषमतापूर्ण वर्गीय समाजमा त्यसको उपस्थिति नीरवर्गीय रहन नसक्ने कुरा स्वत:सिद्ध छ। वर्गीय मानवताको चेतना पछिल्लो सोच हो र यो दर्शनको क्षेत्रमा आएको क्रान्तिकारी परिवर्तन पछि मात्र देखा परेको हो। समाजको विकास यात्रामा सामन्ती युग पछि जव पूँजीवादी युगको प्रारम्भ भयो तव वर्गीय विषमता प्रति ध्यानदृष्टि नदिई दया र दानको पुरानो उपदेशलाई नयाँ रूप दिँदै मानवताको वर्ग नीरपेक्ष व्याख्या अघि वढाइयो। परन्तु पेरिस कम्युनको स्थापना र विफलतापछि मजदुर वर्गले त्यसको सार खिँच्दै वर्गीय मानवताको झन्डा उठायो। धार्मिक आवरणमा रहेको विभेदकारी व्यवहारलाई पन्छाउँदै संस्कृतिको क्षेत्रमा पनि नवीन सोच अघि सार्‍यो। मार्क्सवादको उदयपछि दर्शनमा ठूलो उथलपुथल भयो र एक प्रकारले समग्र विचारधाराको क्षेत्रमा क्रान्ति मच्चियो। दर्शनमा क्रान्ति लामो वैचारिक सङ्घर्ष पछि नै सफल वन्न पुग्यो। विचारधारात्मक द्वन्द्वको प्रारम्भ ऋग्वैदिक कालदेखि नै रहिआएको भए पनि त्यसको वैज्ञानिक निदान निकैपछि मात्र सम्भव भयो। प्रश्रितले आफ्नो बहुचर्चित महाकाव्य मानवलाई धेरैपछि प्रगतिवादी दृष्टिकोणले विश्लेषण गरेको भए पनि प्रारम्भमा त्यस मार्फत व्यक्त भएको वर्ग नीरपेक्ष मानवतावादलाई तत्कालीन सत्ता संस्कृतिका संरक्षकहरूले सहजै स्वीकार गरेका थिए र उनलाई मदन पुरस्कारद्वारा सम्मानित गरेका थिए। कैयौं पक्षमा त्यो काव्य निकै विद्रोही, प्रगतिशील र क्रान्तिकारी देखा परे पनि त्यसको साँस्कृतिक दर्शन बुर्जुवाहरूका लागि खतरापूर्ण थिएन। मानवतावादको त्यो रूप सामन्ती समाजको सापेक्षतामा केही प्रगतिशील त थियो, तर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रगतिवादी जीवनदृष्टिका आधारमा हेर्दा सामान्य सुधारवादमा सीमित थियो। त्यस चरणसम्म स्वयं त्यसका स्रष्टा मोदनाथ प्रश्रित पनि पूँजीवादी सुधारवादी विचारवृत्तबाट मुक्त भइसकेका थिएनन्। मजदुर किसान वर्गको पार्टी नेपाल कम्युनिष्ट पार्टीले समाजलाई क्रान्तिकारी नेतृत्व प्रदान गर्न सकिरहेको थिएन। यद्यपि पुष्पलालले कठिनता साथ निर्वासित जीवन बिताइरहेका थिए र देशभित्र उनका अनुयायीहरू गुप्तढङ्गले सङ्गठि हुने प्रयत्न गरिरहेका थिए। त्यस स्थितिमा प्रश्रितले अँगालेको त्यो लेखनधर्मितालाई स्वाभाविकै मान्नुपर्दछ।

मानव महाकाव्यको प्रकाशनले उनलाई साहित्य संस्कृतिका क्षेत्रमा निकै श्रीवृद्धिको अवसर प्रदान गऱ्यो। प्रश्रितमा रहेको सिर्जनात्मक विद्रोहीपन कलाका माध्यमबाट पनि प्रकट हुन थाल्यो। सिद्धार्थ गौतम बुद्धलाई बन्दुक भिरेको अवस्थामा चित्रित गर्दै तस्वी लेखेपछि उनमा प्रशासनिक कोप-भाजन पऱ्यो। केही समय जेल परे। त्यहाँबाट उम्केपछि उनी बनारस पुगे र पुष्पलालको अगुवाईमा नयाँ जीवनबोधका साथ अघि बढ्न थाले उनमा संस्कृति-दर्शनको दियो तेजिलो बन्दै गयो। सिर्जनाहरूमा प्रगतिवादी मान्यता प्रकट हुन थाल्यो। समकालीन तथा दिवङ्गत साहित्यकारहरूको व्यक्तित्व र कृतित्व विवेचना सँगसँगै पुष्पलालको अगुवाईमा युद्धप्रसाद मिश्रसँग मिलेर साँस्कृतिक मोर्चा सम्हाल्ने जिम्मेवारी लिए। उनका कृतिहरूले नेपाली साँस्कृतिक चेतनामा नवीन चेतना ज्योति छर्न थाल्यो। जीवाणुदेखि मानवसम्म देवासुर सङ्ग्राम, नयाँ जनवादी संस्कृ नारी बन्धन र मुक्ति, वैचारिक विकासको सन्दर्भमा महाकवि लक्ष्मीप्रसाद देवकोट भूतप्रेतको कथा, आस्था र प्रथाः एक विवेचना आदि अनेक कृतिहरूले उनमा रहे बौद्धिकता एवं नयाँ मानव मूल्यमा अग्रसर संस्कृति-दर्शनलाई नै प्रकट गरेको छ।

५. विकल्पमा नयाँ जीवनदर्शन

नेपाली समाजमा सृष्टि-दर्शनको सन्दर्भमा पुरातन सोच निकै सघन रहेको स्थितिल ध्यानमा राख्दै प्रश्रितले देवासुर सङ्ग्राम नामक महाकाव्य लेखे। त्यसले मानव महाकाव्य चिन्तनबाट अघि बढेर नयाँ विचार दियो। धेरैको आँखा खोल्यो। पुरातन हिन्दू सनात कट्टरतालाई निकै प्रहार गऱ्यो। नयाँ विकल्पहरू प्रस्तुत गर्दै देवासुर सङ्ग्रामले मानिसलाई प्रगतिशील दृष्टिकोण अँगाल्न मद्दत गऱ्यो। तत्कालीन सरकारले उक्त पुस्तकल प्रतिबन्धित गऱ्यो तैपनि स्वदेश-विदेशमा त्यो छरियो। पहिले मोनेरादेखि मानससम्म भनेर प्रकाशित अहिले जीवाणुदेखि मानवसम्म भनिएको अर्को पुस्तक पनि नेपाली साँस्कृति चेतनालाई नवीन गोरेटोतर्फ लैजाने हेतुले डार्विनको विकासवादी सोच अनुरूप लेखिए अर्को महत्त्वपूर्ण पुस्तक बन्न पुग्यो। जीवहरूको उत्पत्ति र विकासबारे सङ्क्षिप्त जानकारी दिने उद्देश्यले तयार गरिएको उक्त पुस्तकले विकासको दर्शनका क्षेत्रमा विशेषत जी विकासको पृष्ठभूमिसँगै मानव जातिको उत्पत्ति, ब्रह्माण्डको गतिशीलता, मानिस चेतना र मस्तिष्कको विकाससम्बन्धी वैज्ञानिक धारणा अँगाल्न धेरैलाई सहयोग पुऱ्यायो अहिले पनि सो पुस्तक नयाँ पुस्तालाई चेतनाको वैज्ञानिक गोरेटो प्रदान गर्न सक्षम रहेको छ

देवासुर सङ्ग्रामले पुरेतवादी संस्कारबाट मुक्त हुनका लागि मद्दत गरे जन जीवाणुदेखि मानवसम्मले पौराणिक कथाको अवतारवादी सोचको खण्डन गर्दै न जीवनदर्शनको विकल्प अघि सार्दछ। जीवन र श्रमको अटुट सम्बन्धलाई मात्र होइन, श्र सङ्घर्ष र आविस्कारको क्रमिक विकासलाई बुझ्न पनि सघाउँछ। विश्वको उत्पत्तिब जनजीवनलाई यथार्थ ज्ञानको धरातलमा खडा गर्न सघाउने यी पुस्तकहरूले पृथ्वी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

इतिहास सँगसँगै जीव सृष्टि र जीवनको इतिहास पनि प्रस्तुत गरेको पाइन्छ । सृष्टि-दर्शनमा रहेका वैकल्पिक पक्षहरूमध्ये कुन सही कुन गलत भनी ठम्याउन मद्दत गर्ने हुँदा प्रश्रितको संस्कृति-दर्शनमा थी दुई पुस्तकले नयाँ जीवन दृष्टिकोण स्थापित गर्ने वैज्ञानिक धारणा अघि सार्दछन् र समकालीन ज्ञानको क्षेत्रमा नवीन विकल्प प्रस्तुत गर्दछन् ।

६. लोकतान्त्रिक सामाजिक दर्शनको पक्षपोषण

सामाजिक विकासको यात्रामा मानव संस्कृति भित्र अनेकौं आस्था र विश्वासका प्रथाहरू पैदा भइआएका छन् । तिनीहरूमध्ये सवै भन्दा प्रवल र प्रभावकारी संस्कृति वनेर सामन्ती संस्कृति रहेको थियो । पूँजीवादको विकास अघि सर्वसत्तासम्पन्न सोच वनेर सामन्तवादी संस्कृति वर्चश्वमा थियो । त्यसले नै मानिसका सम्पूर्ण चेतना, प्रविधि र लोक-व्यवहारलाई नियन्त्रण तथा निर्देशन गर्ने गरेको थियो । प्राचीन समयको जादु-टुनाको संस्कारलाई समेत आफूमा समाहित गरी सामन्ती संस्कृतिले धर्मऽकर्म, पापऽपुण्य, भाग्यऽपौरख स्वर्गऽनर्क, लोकऽपरलोक, पूर्वजन्मऽपुनर्जन्मको कथा पुराणहरू सुनाउँदै मानिसलाई निरङ्कुशताको विपक्षमा वोल्नै नसक्ने वनाउँदै आएको थियो । भूतप्रेतका काल्पनिक कथासँगसँगै नरनारीवीच व्यापक फाटो पैदा गरेको थियो । आफ्ना रीतिरिवाज र प्रथाहरूद्वारा अनेकौं अन्ध परम्परामा मानिस वाँधिएका थिए । तिनीहरूका वारेमा कुनै प्रश्न, तर्क र संशय व्यक्त गर्नु महापाप ठानिन्थ्यो । त्यस्तो स्थितिलाई चिर्दै मानवचेतनाले लोकजीवनको यथार्थ केलाउने, लोकतान्त्रिक समाज व्यवस्था बनाउने र नयाँ मानवीय निष्ठामा नैतिक चेतनालाई अघि वढाउने काम तीव्र पार्नु जरूरी थियो । पूँजीवादी संस्कृतिले पनि सामन्तवादी संस्कृतिको विकल्प स्वरूप यान्त्रिक सोच, मानवतावादी चिन्तन र पूँजीवादी लोकतान्त्रिक सोचाइ अगाडि वढाउँदै आएको थियो । जागृतिको नयाँ लहर चल्दै गर्दा, नियति वा दैवप्रति पनि मानव चेतनाले प्रहार गर्न थालेको थियो । सत्यको खोजीमा मानिस जीवनकै आहूति गर्न समेत सङ्कल्पित भइरहेको थियो । सात सालको परिवर्तनले नेपाली समाजलाई एउटा नवीन चेतनाको ज्योति दिएको थियो र त्यो स्वयं नै एकल विकल्प थिएन- वहुविकल्प युक्त जीवनदृष्टि थियो ।

मानिसलाई कसरी हेर्ने ? जातीयता, धार्मिक कर्मकाण्ड, सामाजिक नैतिकता, लिङ्गभेद, विकासका विषयहरू जस्ता कुराहरूलाई कसरी वुझ्ने ? यथार्थ र आदर्शका वीचको सम्वन्ध कस्तो हुन्छ ? भन्ने जस्ता अनेक प्रश्नहरूको उत्तर खोज्ने क्रममा जीवन र जगत्का विषयवस्तुलाई वोध गर्ने, विश्लेषण गर्ने र बदल्ने कामको वारेमा हाम्रो दृष्टिकोण समाज-दर्शनले निर्धारण गर्दछ । समाज-दर्शनलाई समाजविज्ञानको मीयो मान्ने गरिन्छ । त्यसैले यस भित्र मानिसका समग्र सामाजिक व्यवहारका साथै संस्कृतिका कुराहरू पनि आउँछन् । समाज-दर्शनको विषय लौकिक भए पनि यसले अलौकिक विश्वासमा निर्मित आस्था र प्रथाहरूको वारेमा पनि अवधारणा अघि सार्दछ । प्रश्रितले यही सन्दर्भमा आफ्नो पुस्तक नारी वन्धन र मुक्ति (२०३२), भूतप्रेतका कथा (२०४२), आस्था र प्रथा: एक विवेचना (२०४४), हिन्दूधर्म र नारी (२०४७)जस्ता रचनामार्फत नयाँ वैकल्पिक चिन्तन अघि सारेका छन् ।

नारी वन्धन र मुक्ति पत्रात्मक ढाँचामा लेखिएको औपन्यासिक रोचकतायुक्त कृति भए पनि त्यो शोधपूर्ण समाजशास्त्रीय रचना वन्न पुगेको छ । नरनारी बरावरी भन्ने सामाजिक दर्शनलाई अघि सार्दै, ऐतिहासिक सन्दर्भ दिंदै समाजविकासको सिङ्गो चित्र प्रस्तुत गरेको यो पुस्तकले प्राचीन समयको मातृप्रधानताको समाजदेखि दास-मालिक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

समाज, सामन्ती समाज र पूँजीवादी समाजको विशद विवेचना गरेको छ। नारीऽपुरूष सम्वन्धको प्राकृतिक, सामाजिक र व्यावसायिक सम्बन्धका रूपहरूको चर्चा गरी समाजवादी नारीवादको दर्शन अघि सार्दछ। नेपाली समाजको आमूल परिवर्तनका लागि के गर्नु पर्दछ ? त्यसमा महिलाको भूमिका कस्तो हुने ? क्रान्तिकारी विकासको वाटो कस्तो हुन्छ ? भन्ने जस्ता प्रश्नको उत्तर दिँदै समकालीन नेपाली जीवनदर्शनमा नरनारी वरावरी भन्ने मानवीय विकल्प प्रस्तुत गरेको छ।

भूतप्रेतको कथा- हाम्रो समाजमा रहेको तन्त्रमन्त्र टुनामुना र प्रेतात्मासम्वन्धी रूढिवादी दृष्टिकोण हटाउँदै वैज्ञानिक विकल्प अघि सार्ने अभिप्रायमा रचित कृति हो। यसले प्राचीन मानव समाजको अज्ञानता र निरीहताको सहारामा थिग्रिएका अन्धविश्वास हटाउने प्रयत्न गरेको छ। जैविक विकार र मानसिक कारणवाट पैदा हुने रोग-व्याधीका वारेमा मात्र विवेचना गरेको नभै सपना, मृत्यु, जादु, टुनामुना, झाँक्री, वोक्सी, भूतप्रेत, ग्रहदशा जस्ता विषयमा पनि विश्लेषण गर्दछ। मानिसका भ्रान्त धारणा कसरी बन्ने गर्छन् र त्यस्ता इन्द्रीय-भ्रमलाई कसरी हेर्ने ? भन्ने दृष्टिकोण अघि सार्दछ। समाज शास्त्रीय दृष्टिवाट हेर्दा पनि प्रस्तुत पुस्तकले हाम्रो लोकजीवनमा रहेका गलत दृष्टिकोण हटाउन निकै मद्दत पुऱ्याउँछ। यो पुस्तकले नेपाली समाजलाई निकै प्रभाव पारेको यथार्थ हाम्रा वीचमै छ। समाज-दर्शनको परम्परागत मार्गवाट पृथक् आधुनिक दृष्टिकोण अघि सार्नु यसको विशेषता हो। साहित्यकार मोदनाथ प्रश्रितको समाज-दर्शन साँस्कृतिक अवधारणामा रहेको गलत चिन्तन र दृष्टिकोण हटाउने प्रकृतिको देखा पर्दछ।

हिन्दूधर्म र नारी पनि सामाजिक-साँस्कृतिक विषयमै केन्द्रित रहेको छ। नरनारी वरावरी भन्ने मानवीय मान्यता स्थापित गर्ने, इतिहासको कुप्रथा सतीप्रथाको विश्लेषण गर्ने कामसँगै हिन्दू धर्ममामा नारीको स्थान, स्थिति र दृष्टिकोण केलाइएको छ। महिला मुक्ति आन्दोलनको सन्दर्भ पनि यसमा समावेश छ।

ईश्वर र सृष्टिसम्वन्धी सोच कसरी उब्जियो ? तिनीहरूको वास्तविकता के हो ? वेद, देवी-देवता, लोक-परलोक, पूर्व-पुनर्जन्म, भाग्यवाद र धार्मिक धारणाका विषयमा विवेचना गर्दै प्राचीन नरवली प्रथा, वहुपति प्रथा, जातपात, छुवाछूत, चाडपर्व आदि विषयहरूमा नयाँ दृष्टिकोण अघि सार्ने काम आस्था र प्रथा: एक विवेचना नामक पुस्तकमा भएको छ। यी विषयहरू मध्ये सृष्टिस्थिति र ईश्वरको विषय दार्शनिक छलफलको विषय रहिआएको छ। पुस्तकमा हिन्दू सनातनीको ऋग्वेद, उपनिषद्, इसाईको वाइवल, इस्लामको कुरान, तामाङको तम्वाकइतेन, किराँतको मुन्धुमजस्ता ग्रन्थहरूवाट उद्धरण लिई तिनीहरूमा कल्पनाको उपस्थिति प्रवल रहेको र मन्त्र वा कथनहरूले पनि लौकिक जीवनकै सुख-सुविधाका लागि पुकार गरेको तथ्य औंल्याइएको छ। यो दृष्टिकोण द्वन्द्वात्मक भौतिकवादी रहेको छ र सामाजिक इतिहासलाई आधार वनाएर विवेचना गरिएको हुँदा ऐतिहासिक भौतिकवादी पनि हुन पुगेको छ। प्रश्रितको जीवनदर्शन र उनका कृतिमा अभिव्यक्त समाजदर्शनवीच मेलमिलाप देखा पर्दछ। प्रगतिशीलता र प्रगतिवादको सहजीवन देखा पर्दछ। यो उनको संस्कृति-दर्शनको विशेष सकारात्मक उपलब्धि पनि हो।

७. प्रगतिवादी साहित्यिक सोच अघि सार्नु

साहित्य सिर्जनाको क्षेत्रमा निकै लामो समयदेखि नै यसका रूपहरूको निरूपण गरी विधासिद्धान्त सुनिश्चित गरिएका छन्। सारको सम्वन्धमा पनि साहित्य केका लागि ? किन ? कसरी ? कस्तो ? भन्ने पक्षमा व्यापक वहस हुँदै आएको छ र जीवनका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

लागि, ज्ञान वा मनोरञ्जन दिन, रचना प्रक्रियाका आधारमा सिर्जना गर्न र उमेर, जाति क्षेत्र र राष्ट्रको हित गर्ने अर्थमा रचना लेखिनुपर्ने धारणा रहिआएको छ। एकप्रकारले साहित्यशास्त्र आफै दर्शन बन्न पुगेको छ। एकातर्फ कलाचिन्तनको विशिष्टीकरणका रूपमा साहित्यचिन्तन देखापरेको छ भने अर्कोतर्फ संस्कृतिको एक विधा बनेर पनि साहित्य समृद्ध भएको छ। साहित्य शास्त्रले दार्शनिक भावधारामा आफ्नो अस्तित्व खडा गर्दा सौन्दर्य चिन्तनको रूपमा पनि उभिएको पाइन्छ। सौन्दर्यशास्त्र कलाको दर्शन हो भने कला जीवनको हेतु अनुकूल समयको परिधिमा रमाउँछ। साहित्य त्यही कलाको वैचारिक गुदीमा व्यक्त हुने सिर्जना पनि हो। कवि, निवन्धकार, विश्लेषक र विचारकको भूमिका वहन गर्दै शोध, परिष्कार र प्रस्तुतिको प्रक्रिया अँगाल्दै लामो समयदेखि साहित्य साधनामा लीन प्रश्रित प्रगतिशीलताको परिवेशवाट प्रगतिवाद तर्फ अग्रसर विशिष्ट प्रतिभा हुन् भन्ने कुरा जगजाहेर तथ्य हो। उनको वैचारिक विकास यात्राको यो परिपथ एकैपल्ट वनेको नभै विभिन्न सामाजिक द्वन्द्व, वैचारिक गति र परिस्कृत मतिको उपजका रूपमा हुर्किएको हो। साहित्यकार प्रश्रितले प्रारम्भमा "वुवा खै ?", "आमाको आँसु" जस्ता रचनामा आफ्नो साहित्यिक मान्यतालाई सनातन रूढिकै वृत्तमा घुमाएका छन्। मानव महाकाव्य पछि उनको पुरानो साहित्य चिन्तनको विकल्प क्रमश: नवीन साहित्य चिन्तनले लिँदै आएको छ। छैसट्ठी वर्षको उमेरमा युवा चेतनाका साथ सिर्जनामा लगातार तल्लिन हुनु उनको वर्तमान विशेषता वनेको छ। समालोचकीय व्यक्तित्वका रूपमा प्रश्रितले जव भानुभक्त, मोतीराम भट्ट, लेखनाथ पौडेल, युद्धप्रसाद मिश्र, भूपि शेरचन, सिद्धिचरण श्रेष्ठ, महाकवि लक्ष्मीप्रसाद देवकोटा, नेत्रलाल अभागीजस्ता व्यक्तित्वको जीवनीपरक समीक्षा लेख्दै उनीहरूको मूल्याङ्कन अघि सारे तव नेपाली साहित्यमा निकै हलचल पैदा भयो। मदन पुरस्कार प्राप्त आफ्नै महाकाव्यको पुन: समीक्षा गर्दै जव आफ्नो दार्शनिक सुझबुझमा रहेका कमी औंल्याउँदै आत्मालोचना प्रस्तुत गरे तव त्यसले अरू धेरै साहित्यकारलाई प्रेरित र प्रभावित गऱ्यो। त्यसकै प्रभावमा पछि पारिजातले पनि 'शिरीषको फूल' उपन्यासवारे आत्मसमीक्षा अघि सारिन्। माधवीको समीक्षा पनि प्रश्रितको नवीन दृष्टिकै अभिव्यक्ति हो। आयामेली साहित्यको आलोचनाको सन्दर्भले पनि उनको प्रगतिवादी साहित्यिक मान्यता प्रष्ट पार्छ। "के सबै साहित्य प्रगतिशील नै हुन्छ ?" भन्ने प्रश्न गरी विचारधारात्मक समीक्षालाई बढवा दिनु र विचार प्रवृत्तिका आधारमा समालोचना गर्ने कामसँगै व्यक्तित्वपरक ढङ्गले समग्र, विवेचनात्मक, मूल्याङ्कनपूर्ण समीक्षा-पद्धतिलाई अँगाल्नु पनि प्रश्रितको प्रगतिवादी साहित्यिक मान्यता भन्न सकिन्छ। यद्यपि नेपाली साहित्यमा प्रगतिवादी धाराको प्रवर्तन भने निकै अघि श्यामप्रसाद शर्माले गरिसकेका थिए।

साहित्य र राजनीतिको सम्वन्ध, साहित्यमा कला र विचारको स्थान, लेखकीय स्वतन्त्रता र सामाजिक दायित्व जस्ता गम्भीर शास्त्रीय वहसमा प्रश्रितले आफ्ना अडानहरू सुस्पष्ट, व्यवहारिक र प्रगतिवादी मान्यताअनुकूल अघि सारेका छन्। कला, सौन्दर्य र लेखकीय दायित्वका सन्दर्भमा मसँग भएको प्रश्नोत्तरमा पनि नवीन धारणा प्रकट भएको छ। कला साहित्यको वर्ग चरित्रका वारेमा प्रश्रित प्रस्ट छन्। कला साहित्य वर्गीय हितका साधन हुन् र तिनीहरू समय सापेक्ष हुन्छन् भन्ने दृष्टिकोण उनको साहित्य-दर्शनको अभिव्यक्ति हो। कला, साहित्य, संस्कृति र सङ्गीतका तत्व, उपयोगिता र रचना-विधिको वारेमा प्रश्रितले राष्ट्रिय अन्तर्राष्ट्रिय सन्दर्भको उदाहरण दिँदै नेपाली साहित्यलाई संस्कृतिको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

एउटा विधा मानेर विवेचना गरेका छन् । जनसंस्कृतिको दिशा (२०४८) नामक रचनामा उनले प्रगतिशील साँस्कृतिक आन्दोलनका विधि, समस्या र तिनीहरूको समाधानका निम्ति अँगाल्नुपर्ने कार्यनीति प्रस्तुत गरेका छन् । दृष्टिकोणको मूल प्रश्न भनेकै दर्शनको तहमा व्यक्त हुने विषय हो । उनले विचारधारात्मक समस्याभित्रैं धार्मिक विश्वास, वर्णवाद, जातिवाद, सङ्कीर्णतावाद र अराजकतावादको सट्टा वर्गीय मानवतावाद, राष्ट्रवाद, विश्ववन्धुत्व र पद्धतिपूर्ण कार्यकलापको आवश्यकता दर्साउँछन् । प्रतिवद्ध लेखनको पक्षपोषण गर्दछन् । समाजवादी गन्तव्यमा पुग्नका लागि जनताको वहुदलीय- जनवादी साहित्य सिर्जनामा जोड दिन्छन् । समग्र साँस्कृतिक आन्दोलनको काम र पद्धतिका वारेमा प्रश्रितले अघि सारेका विषयगत बुँदा र विवेचना सवै प्रगतिशील तथा प्रगतिवादीका लागि आज पनि निकै मननीय रहेका छन् ।

प्रगतिवाद मार्क्सवादी साँस्कृतिक प्रणालीको साहित्यिक नाम हो । यसको सामान्य दर्शन द्वन्द्वात्मक ऐतिहासिक भौतिकवाद हो । यही दार्शनिक मान्यतामा प्रश्रितको संस्कृति-दर्शन प्रवाहित छ । जुन कुनै विषय वा मुद्दामा उनले कट्टरतालाई भन्दा विश्लेषण, उदारता र यथार्थलाई अङ्गीकार गर्ने तरिका अँगाल्छन् । त्यसकै फलस्वरूप नेपाली समाजको क्रान्तिकारी परिवर्तन, इतिहास र त्यसका नायकहरूको मूल्याङ्कन, घटनाहरूका सम्वन्धमा अँगाल्ने दृष्टिकोण सवैतिर प्रश्रितको हेराइ आधारभूत मात्रामा सही देखा पर्दछ ।

साहित्यशास्त्रको व्यापक परिधिमा दार्शनिक सोच, दृष्टि र पद्धतिका आधारमा भएका अनेक प्रयोगहरूका वारेमा पनि प्रश्रित प्रस्ट देखिन्छन् । शास्त्रीयतावाद वा प्रयोगवाद, यथार्थवाद वा आलोचनात्मक यथार्थवाद, शुद्ध नारीवाद अथवा समाजवादी नारीवाद, आधुनिकतावाद अथवा उत्तरआधुनिकतावाद, प्रगतिशील वा प्रगतिवाद जुन सन्दर्भमा कुरा खोतले पनि प्रश्रितको लेखनमा अभिव्यक्त संस्कृति-दर्शन सुस्पष्ट छ ।उनले मानव महाकाव्यदेखि अघि बढाएको श्रमजीवी परक दलित उत्थानको पाइला निरन्तर अग्रचालित नै छ । "केही साँस्कृतिक निवन्धहरू" (२०४७) मा प्रश्रितले प्रगतिवादी सिद्धान्त र सामाजिक व्यवहारको चर्चा गर्दै आफूलाई व्यावहारिक रूपमा प्रस्तुत गरेका छन् । उपयोगितावादी निवन्धकारको व्यक्तित्वमा देखापर्दा प्रश्रित कतै कतै उपदेशकझैं वोल्न पुगेको पनि पाइन्छ । यद्यपि त्यो हाम्रो समाजमा विचारधारात्मक प्रशिक्षण दिने लोक प्रचलित पद्धति नै हो, जसको प्रभाव उनमा पनि पर्न गएको छ ।

निष्कर्ष

समग्रतामा प्रश्रितको जीवनी सङ्घर्षमय छ र संस्कृति-दर्शन नेपाली मानव केन्द्रित रहेको छ । उनका सम्पूर्ण रचनाहरूमा नेपाल र नेपाली परिवेश र व्यक्तित्वको महक र चहक छ । दक्षिण एसियाली सन्दर्भमा मोदनाथ प्रश्रित नेपालका राहुल सांस्कृत्यायन हुन् र उनको सांस्कृतिक योगदान अद्वितीय छ । प्रश्रितले नलेखेको विषय र नटेकेको नेपाल विरलै होला । लोकप्रिय लेखनलाई आफ्नो आदर्श वनाउँदा सामाजिक उपयोगितालाई ध्यानमा राख्ने विशेषता राहुल सांस्कृत्यायनसँग मिल्दो छ । सरल भाषामा गम्भीर विषय प्रतिपादन गर्ने कुशलता दुवैमा छ । कविता सिर्जनादेखि कथा उपन्याससम्म होस् वा सामयिक निवन्धदेखि विशिष्ट अनुसन्धान अथवा समालोचना र दस्तावेज लेखनसम्म होस् प्रश्रितको कलमले स्थापित गरेको संस्कृति-दर्शन नेपाली वाङ्मयका सन्दर्भमा विकल्पवादी वन्न पुगेको छ र उनको योगदान दीर्घकालसम्म अविस्मरणीय रहने छ र त्यसको प्रभाव विस्तार भइरहने छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विवेचना

गान्धी र आजको सन्दर्भ

✍ जयराज आचार्य*

महात्मा गान्धीको नाम लिनासाथ उनको जीवन र दर्शनका केही विषयहरू हाम्रो मनमा सहसा आउँछन् । ती हुन्– अहिंसा, सत्याग्रह, स्वराज, हरिजन र सादा जीवनशैली । आज पनि यी कुराको चर्चा सान्दर्भिक छ ।

हामी नेपालीहरूले सन् १९४० को दशकको अन्त्यतिर दुइटा ठूला परिवर्तन या क्रान्ति देख्यौं । सन् १९४७ मा भारत स्वतन्त्र भयो गान्धीजीको नेतृत्वमा भएको अहिंसात्मक आन्दोलनको परिणामस्वरूप । सन् १९४९ मा चीनमा कम्युनिस्ट क्रान्ति भयो, माओ जेदुङ्गको नेतृत्वमा भएको सशस्त्र सङ्घर्षको फलस्वरूप । नेपालमा सन् १९५१ मा राणाशासन ढल्यो मिश्रित प्रकारको सङ्घर्षको फलस्वरूप । त्यसमा गान्धीजीकै प्रेरणा र शैलीको सत्याग्रह पनि थियो र हल्का सशस्त्र क्रान्ति पनि थियो त्यो । नेपालको १९५१ को परिवर्तनमा केही वन्दुकको प्रयोग भए पनि त्यो त्यति धेरै हिंसात्मक भएन । राणा शासन पाकेर झर्न तयार भएको फलजस्तै थियो, त्यो सानो क्रान्तिको हावाको झोक्काले नै झऱ्यो । ठूला क्रान्ति ठूला देशमा भए– भारत र चीनमा । नेपालको क्रान्ति सानो थियो र वास्तवमा भारत र चीनका क्रान्तिको परिणामस्वरूप निस्केको तार्किक अनुक्रम जस्तो थियो । तर आज पनि हामी नेपालीहरूका मनमा मात्र होइन, समस्त मानव जातिका मनमा एउटा प्रश्न चिरस्थायी रूपमा रहेको छ - परिवर्तनका लागि महात्मा गान्धीको अहिंसाको वाटो ठीक कि माओ जेदुंगले र अरु धेरैले प्रयोग गरेको हिंसात्मक सङ्घर्षको वाटो ठीक ? मनुष्य जातिको कुनै पनि सदस्य आफूलाई नैतिकताको पक्षमा रहेको दावी गर्छ र नैतिकताको अनि न्यायको वकालत गर्दै हिंसाको विपक्षमा रहेको बताउँछ । तर ऊ हमेसा हिंसाको अभ्यास गरिरहेको हुन्छ, मन, वचन र कर्म– तीनै कुरामा ।

अहिंसा श्रेयस्कर हो भन्ने कुरामा सायद हामी धेरै सहमत हुन्छौं । तर गान्धीले व्यवहार गरेको अहिंसा व्यवहारमा ल्याउन हामीलाई अत्यन्त कठिन छ । मानव इतिहासमा जति सङ्घर्ष भए ती हिंसात्मक भए र तिनमा हातहतियारको व्यापक प्रयोग भयो । हिन्दू महाकाव्यहरू रामायण र महाभारत पनि युद्धका कथाहरू नै हुन् जसमा हातहतियारको व्यापक प्रयोगवाट नै युद्धको छिनोफानो भएको देखिन्छ । हाम्रा अन्य पुराणहरूमा पनि देवता र दैत्यहरूका वीचमा भएका सारा युद्धहरू हिंसात्मक नै भएको पाइन्छ । दुर्गासप्तशतीमा देवताहरूवाट विभिन्न हातहतियार पाएकी देवीले महिषासुर, शुम्भ, निशुम्भ आदि दैत्यहरूलाई हतियारकै प्रयोग गरेर मारेको वर्णन पाइन्छ । प्राचीन ग्रीक

**लेखक संयुक्तराष्ट्र सङ्घका पूर्व स्थायी प्रतिनिधि एवं कुटनीतिविद् हुनुहुन्छ । -सम्पा.*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कवि होमरका महाकाव्य इलियड र ओडिसी पनि हिंसात्मक युद्धकै कथा हुन् । यसरी हिंसात्मक युद्धहरूको सूचीपट्टि ध्यान दिँदै जाने हो भने त्यो निकै लामो हुन्छ र के देखिन्छ भने दानव र मानवले मात्र होइन, देवहरूले पनि युद्ध गर्दा हिंसात्मक हतियारकै प्रयोग गरे । तर सम्भवत: समस्त मानव इतिहासमा गान्धी नै पहिलो व्यक्ति हुन् जसले विगतको सम्पूर्ण अनुभवलाई प्रत्याख्यान गरेर एउटा नयाँ प्रयोग गरे– अहिंसात्मक युद्धको । उनले भौतिक हातहतियारको प्रयोगविना पनि युद्ध लड्न सकिन्छ र भौतिक होइन, आध्यात्मिक या नैतिक वल प्रयोग गरेर युद्ध जित्न सकिन्छ भन्ने देखाए । यसरी उनले दैत्यहरूसित सशस्त्र युद्ध गरेर जित्ने हाम्रा देवताहरूको सिद्धान्तलाई र समस्त मानव इतिहासको अनुभवलाई समेत चुनौती दिए । अत: आज गान्धी हामी मानवजातिका लागि एउटा नयाँ चुनौती हुन्– वडो सकारात्मक अर्थमा । यस प्रसङ्गमा महाभारत युद्धको एउटा पक्षमा थप विचार गर्नु आवश्यक छ । त्यो हो कृष्णले हतियार नलिएको कुरा । उनले हतियार नलिई पाण्डवको पक्षवाट लडेर के सन्देश दिन खोजे भने युद्धमा अन्तिम विजय सत्यकै हुन्छ (सत्यमेव जयते) चाहे त्यसमा हतियारको प्रयोग वा प्राचुर्य होस् या नहोस् । यतो धर्मस्ततो जय: अथवा यतो कृष्णस्ततो जय: भन्ने देखाइयो । कृष्ण (ईश्वर) सत्य र धर्मका प्रतीक हुन् तर उनले पनि हतियारको प्रयोगलाई निषेध गरेनन् । वरु भगवद्‌गीताको दर्शन (आत्मविद्या) सुनाएर अर्जुनलाई धनु उठाउन प्रेरित गरे । तर गान्धीले त्यही गीतावाट भिन्नै पाठ सिके र भारतीय जनता (आधुनिक महाभारतका पाण्डवहरू) लाई विना हतियार लड्ने प्रेरणा दिए, अनि स्वराजको विजयमाला पहिराइदिए । यसरी त्यस कामवाट उनको जीवनको अर्को तत्त्व (सत्याग्रह) को शक्ति वा सामर्थ्य प्रकट भयो । वास्तवमा सत्य, धर्म र ईश्वर भनेको गान्धीका लागि एउटै कुरा थियो । सत्यलाई नै अन्तिम शक्ति ठानेर अन्य भौतिक हतियारको प्रयोगलाई सर्वथा निषेध गर्दै गान्धीले कृष्णभन्दा पनि एक कदम अघि वढेर सत्यको प्रयोग गरे । भारतमा अङ्ग्रेजी उपनिवेशी शासन असत्य थियो, अधर्म थियो भने भारतीय जनताको स्वराजको आग्रह सत्यको आग्रह थियो । अत: कृष्णजस्तै गान्धी पूर्ण विश्वस्त थिए कि सत्यको विजय निश्चित छ । सायद गान्धीले गरेको अहिंसा र सत्यको त्यो अभूतपूर्व प्रयोगलाई लिएर अल्वर्ट आइन्सटाइनले भने,- "रगत र मासुकै शरीर भएको त्यस्तो मानिस यसै धर्तीमा हिंडेको थियो भनी सम्भवत: भावी पुस्ताले विश्वास गर्न पनि गाह्रो होला" ।

गान्धीका लागि सत्याग्रहका कार्यक्रमहरू (अनशन, सविनय अवज्ञा, विदेशी सामानको वहिष्कार आदि) माध्यम मात्र थिए भने उनको अन्तिम लक्ष्य स्वराज थियो । गान्धीका लागि स्वराज भारतको राष्ट्रिय स्वतन्त्रता (अङ्ग्रेजी उपनिवेशवादी शासनबाट मुक्ति) थियो भने हरेक भारतीयको व्यक्तिगत स्वतन्त्रता पनि थियो । अझ वास्तवमा भन्ने हो भने, स्वराज भनेको हरेक भारतीयको व्यक्तिगत स्वतन्त्रता मात्र नभएर विश्वकै प्रत्येक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0 In Public Domain. Digitization by eGangotri

व्यक्तिको स्वतन्त्रता थियो । रवीन्द्रनाथ टैगोरको आलोचना के थियो भने- "गान्धी भारतको राष्ट्रिय स्वतन्त्रताको निमित्त लड्दैछन् तर त्यो एक अपूर्ण क्रान्ति हुनेछ ।" भारतको राष्ट्रवादलाई जर्मनीको या जापानको राष्ट्रवादभन्दा ज्यादा फरक नदेख्ने टैगोरले राष्ट्रवादले नै प्रथम र द्वितीय विश्वयुद्ध गराएको देखे र राष्ट्रवादको खतरामाथि तीनवटा लामा लेख र एक कविता समेत लेखे । गान्धीले जवाफमा भने- "म पनि समस्त विश्वकै मानवजातिको स्वराज (स्वतन्त्रता) मा विश्वास गर्छु र भारतीय नागरिकको स्वतन्त्रतालाई समस्त मानवजातिकै स्वतन्त्रताको अभिन्न अङ्गका रूपमा मान्छु ।" तर भारतीय जनतालाई स्वतन्त्रता (स्वराज) नदिलाई समग्र मानवजातिको स्वतन्त्रताको नारा दिनु केवल आडम्वर मात्रै हो । वास्तवमा स्वराज भनेको स्वतन्त्रता, समानता, सामाजिक न्याय (समावेशिता) को एक समग्र अवधारणा हो भनी गान्धीले आफै प्रष्टयाए । उनले लेखे- "मेरो स्वराजको अवधारणावारे कुनै भ्रम नरहोस् भन्ने म चाहन्छु । स्वराज भनेको विदेशी नियन्त्रणवाट पूर्ण स्वतन्त्रता या स्वाधीनता हो । यसमा एकातिर राजनीतिक र अर्कोतिर आर्थिक स्वतन्त्रता छ । यसका अरु दुइटा उद्देश्य पनि छन् । एउटा नैतिक र अर्को सामाजिक उद्देश्य छ जसको अर्थ हो धर्म । धर्म कुनै एक सम्प्रदाय नभएर हाम्रो जीवनको उच्चतम नैतिक मर्यादा हो । त्यसमा हिन्दु, इस्लाम, इसाइ सवै धर्मको समावेश छ तर त्यो ती सवैभन्दा माथिल्लो स्तरको छ । त्यसलाई हामी 'सत्य' भन्ने नामले चिन्न सक्छौं । त्यो भनेको हाम्रो अनुभवको इमान्दारी मात्रै होइन, त्यो त त्यही जीवन्त सत्य हो जुन सर्वव्यापी छ, हरेक सत्तामा त्यो अधिष्ठित छ र जुन समस्त विध्वंस (प्रलय) र परिवर्तनपछि पनि रहिरन्छ । नैतिक र सामाजिक उत्थानलाई हामी अहिंसा भन्न सक्छौं । अनि हामी यसलाई स्वराजको चौतारी (चतुष्कोण) भन्न सक्छौं । यसका कुनै पनि कोण असत्य भए भने त्यो चौतारी विकृत (विरूप) हुन जान्छ । सत्य र अहिंसाविना हामी राजनीतिक एवं आर्थिक स्वाधीनता हासिल गर्न सक्तैनौ । अझ ठोस रूपमा भन्ने हो ईश्वरमा पूर्ण विश्वासविना हामी त्यो राजनीतिक तथा आर्थिक स्वतन्त्रता हासिल गर्न सक्तैनौं । अत: हामीले नैतिक र सामाजिक उच्चता हासिल गर्नैपर्ने हुन्छ ।"

गान्धीले भने, - "नैतिक र सामाजिक उच्चता हासिल नगरी सत्य (धर्म वा ईश्वर) प्राप्त गर्न सकिन्न र सत्य हासिल नगरी सत्यमा पूर्ण विश्वास नभई सत्याग्रह वा अहिंसालाई व्यवहारमा ल्याउन सकिन्न ।" यो अत्यन्त गम्भीर दार्शनिक कुरा छ । यस विषयमा गान्धीको लोकमान्य वाल गङ्गाधर तिलकसित पनि मतभेद भयो । सन् १९२० मा गान्धीले व्रिटिस सरकारलाई पूर्ण असहयोग गर्ने कार्यक्रमको प्रस्ताव गरे । तर भारतीय काङ्ग्रेस नेताहरू र खासगरी वाल गङ्गाधर तिलकले सरकारी समिति (परिषद्) हरूको चुनावमा भागै नलिएर असहयोग गर्ने कुराको विरोध गरे । तिलकले भने, - "भारतीय काङ्ग्रेसका नेताहरूले सरकारी समितिहरूमा प्रवेश गर्नुपर्छ र भित्रवाटै तिनलाई ध्वस्त पार्नुपर्छ" । तर गान्धीले भने, - "त्यसो गर्नु असत्य (वेइमानी) हो र झुट्टा वाहाना गरेर समितिहरूमा पस्नु नैतिक दृष्टिले गलत काम हो । त्यसवाट क्षणिक राजनीतिक फाइदा हुने भएपनि त्यसले नैतिक दृष्टिकोणवाट अवाञ्छित परिणाम दिने हुन्छ ।" यो तिलक-गान्धी विवादले वास्तवमा माध्यम र लक्ष्यका वीच सामान्जस्य हुनुपर्ने प्रश्नमाथि गान्धीको दृष्टिकोणलाई प्रतिविम्वित गरेको थियो । गान्धीको मतमा लक्ष्य मात्र शुद्ध भएर हुँदैन, त्यो लक्ष्य प्राप्त गर्ने माध्यम पनि शुद्ध हुनुपर्छ । उनी भन्थे,- "नैतिकता (सिद्धान्त)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri
विनाको राजनीति महापाप हो" । आज यो प्रसङ्ग नेपालको राजनीतिका सन्दर्भमा पनि विचारणीय छ ।

हरिजनको उत्थानका लागि गान्धीको विशेष आव्हान र प्रयासलाई पनि यही नैतिकताको सन्दर्भमा वुझ्नुपर्छ । उनको प्रश्न थियो, - "आफ्नो देश (समाज)को एउटा ठूलो मानव-समुदायलाई दलित (अछूत)का रूपमा व्यवहार गरेर भारतीयहरूले अङ्ग्रेजी उपनिवेशवादी अन्यायपूर्ण शासनवाट मुक्तिको लागि सङ्घर्ष कसरी गर्ने ? कुन नैतिकताले समानता र स्वतन्त्रताको माग गर्ने ?" अत: दलितोत्थानलाई गान्धीले भारतको नैतिक तथा सामाजिक उत्थानको अभिन्न अङ्ग माने र त्यस काममा विशेष तल्लीन रहे । उनी हरिजन भन्ने पत्रिकाको संस्थापक सम्पादक नै भए र त्यसमार्फत् आफ्ना विचारहरू व्यक्त गरिरहे । आज हामी नेपालमा समावेशी, स्वायत्त राज्य र समान अधिकारका कुरा गर्दैछौं । त्यो हाम्रो केवल ओठे कुरा मात्र हो कि त्यस कुरालाई हामीले व्यवहारमा पनि उतारेका छौं ? यो प्रश्न हामीले आफूलाई आफैले सोध्नुपर्नेछ । बी.पी. कोइरालाले धनमानसिंह परियारलाई काङ्ग्रेस पार्टीको महासचिव वनाएदेखि यता त्यस्तो उदाहरण फेरि पाइएको छैन । ध्यान रहोस्, गान्धीको आशय केवल दलित (हरिजन) लाई महत्त्वपूर्ण पदमा वहाल गराउनुपर्छ भन्ने मात्र होइन । उनको विचार त समस्त दलित तथा गैरदलित समुदायको नैतिक र सामाजिक उत्थान गर्नुपर्छ जसवाट समानता र स्वराज (वा स्वतन्त्रता) स्वत: प्राप्त गर्न सकिन्छ भन्ने हो । यसरी हेर्दा आजको नेपाली समाजका तथाकथित उच्च (कुलीन) वर्गकै पनि त्यस्तो नैतिक र सामाजिक उत्थान गर्नुपर्ने आवश्यकता देखिन्छ ।

गान्धी दर्शनको अर्को महत्त्वपूर्ण पक्ष सादा जीवनशैली हो । त्यो भनेको अल्प वस्त्र धारण, शाकाहारी भोजन र झुपडीको वास मात्र होइन । गान्धीले ती कुरा प्रतीकात्मक रूपमा व्यवहार गरे । उनले भने 'खादी वस्त्र होइन, विचार हो' । गान्धीको विचार र जीवनशैली अत्यधिक उपभोगवादी जीवनपद्धतिको विरुद्ध थियो । उपभोगवादले गरिव र धनीका वीचको खाडल फराकिल्याउँदै जाने मात्र होइन कि अन्ततोगत्वा धनीकै लागि पनि त्यस्तो अत्यधिक उपभोगवादी जीवनशैली धानिन गाह्रो (असम्भव) छ भन्ने गान्धीको सन्देश हो । चर्खा चलाउने भएपनि उनी विज्ञान र प्रविधिको विकासका विरोधी थिएनन् । चर्खा चलाउनु र खादी पहिरनु तत्कालिन भारतीय स्वतन्त्रता सङ्ग्रामको एउटा कार्यक्रम थियो– केवल अङ्ग्रेजी कपडालाई वहिष्कार गर्ने उपाय मात्र । तर उनी पृथ्वीको साधन-स्रोतको अत्यधिक दोहन र अपव्ययको विरोधी थिए । त्यसैले उनी भन्थे- "पृथ्वीमा सवैको आवश्यकता परिपूर्ति गर्न पर्याप्त स्रोत छ तर सवैको लोभलाई परिपूर्ति गर्ने स्रोत छैन ।" आज महात्मा गान्धी जीवित रहेका भए उनी विश्वको सवैभन्दा ठूलो वातावरणवादी या पर्यावरणवादी आन्दोलनका अग्रणी हुन्थे होलान् । आज भारत र चीन दुवै देश विश्वका तीव्रतम गतिमा आर्थिक वृद्धि भइरहेका देशहरू छन् । यही गतिमा अघि बढ्दै जाने हो र सायद अमेरिकी जनताले पृथ्वीको जति प्राकृतिक स्रोत-सम्पदा उपभोग गरिरहेछन् त्यति नै मात्रामा भारत र चीनका जनताले पनि प्राकृतिक स्रोत-सम्पदा उपभोग गर्ने हो भने विश्वका अरु जनताले उपभोग गर्नका लागि कुनै स्रोत-सम्पदा वाँकी रहनेछैन । भनिन्छ, अमेरिकाको जनसङ्ख्या विश्वको जनसङ्ख्याको ६ प्रतिशत मात्र छ । तर उसले विश्वको स्रोत-सम्पदाको ३० प्रतिशत उपभोग गर्छ । अर्थात् त्यही स्तरको उपभोग गर्ने हो भने विश्वको कुनै पनि २५ प्रतिशत जनताले विश्वको शतप्रतिशत साधन-स्रोत सिद्ध्याउँछ । तथापि भारत र चीन या अन्य विकासशील मुलुकहरूले प्रगति नगर भनेर गान्धी भन्दैनथे

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

होलान् । वरु सायद अमेरिकी समाजलाई पनि गान्धी भन्थे होलान्- "त्यो स्तरको उपभोग गर्ने संस्कृति अनैतिक छ । त्यसलाई नैतिकताको नगिच लैजाने प्रयास गर ।" गत वर्ष भएको असफल कोपनहेगन सम्मेलनले गान्धीलाई विश्वमा नै अझ सान्दर्भिक वनाएको छैन र ?

गान्धीको सान्दर्भिकतालाई लिएर यहाँ चर्चा गरिएका पाँच मुख्य कुरा–अहिंसा, सत्याग्रह, स्वराज, हरिजन र सादा जीवनशैली– ले आज हामी नेपालीहरूका सामने पाँचैवटा कठिन प्रश्न उठाएका छन् ।

१. नेपालको दशवर्षे सशस्त्र द्वन्द्वले हिंसाको संस्कृतिलाई समग्र नेपाली समाजमा व्यापक रूपमा घुसाइदिएको छ । आज साना-साना टोले झगडामा र क्याम्पसहरूमा हुने विद्यार्थी-विवादमा तरवार, वन्दुक, पेस्तोल लगायत हतियारको प्रयोग सजिलै हुन थालेको छ । निरपराध वालवालिका मारिँदैछन् । ख्यालठट्टामा पनि गोली चलेर मानिस मरेको खवर पढ्नुपर्छ यी आँखाले । हामीमा संवेदना हराएको छ । सयभन्दा बढी आपराधिक सशस्त्र समूहहरू देशमा सक्रिय रहेको कुरा सरकारको सार्वजनिक प्रतिवेदनमा छ । तर राज्य यस विषयमा केही पनि गर्न असमर्थ देखिदैछ । त्यसको माने राज्य असफल भइसकेको छ । त्यसैले प्रश्न छ: अब के गर्ने ?

२. नेपालमा अचेल सत्याग्रहको सभ्य चलन छैन, भारतमा पनि उस्तो छैन । टायर वाल्ने, चक्का जाम गर्ने, जिल्ला, प्रदेश वा पूरै देश वन्द गर्नेजस्तो काम आमरूपमा हुन थालेको छ । अपराधलाई राजनितीकरण गर्ने, राजनीतिलाई अपराधीकरण गर्ने काम तीव्र रूपमा वढेको छ । यसले सभ्य नागरिक जीवन भयाक्रान्त र असुरक्षित हुँदै गएको छ । सारांशमा देशमा जङ्गलराज स्थापित भइसकेको छ । असफल राज्यको यो अर्को लक्षण हो । यसवाट कसरी त्राण पाउने भन्ने अर्को प्रश्न छ ।

३. स्वराज भनेको राज्यको शासन गर्ने स्वतन्त्रता मात्र होइन, त्यो त व्यक्तिको पूर्ण स्वतन्त्रताको अवधारणा हो । तर आज नेपालमा गैरकानुनी तत्त्वहरूको त्रासका कारण कानुन मानेर काम गर्ने, बाँच्ने र हिँडडुल गर्ने सभ्य नागरिकको स्वतन्त्रता गुम्दैछ । यस्तो अवस्थामा त केवल गैरकानुनी तत्त्वहरू मात्र स्वतन्त्र हुन्छन् किनकि तिनीहरू कानुनलाई आफ्नो हातमा लिन सक्छन् । त्यो जङ्गलराज्यको अर्को पक्ष हो । यसवारे अब के गर्ने ? सभ्य र स्वतन्त्र समाजको निर्माण गर्ने उद्देश्यले राजनीति गरेर हिँड्छौं भन्नेहरूका लागि यो अर्को गम्भीर प्रश्न हो ।

४. हरिजनको उद्धार भनेको दलितलाई आरक्षण गर्ने वा केही महत्त्वपूर्ण पदमा नियुक्त गर्ने कुरा मात्रै होइन, अपितु दलित-गैरदलित सवैको नैतिक स्तर उकास्ने कुरा हो । तर स्थानीय विकासको लागि केन्द्रवाट गएको वजेट सवै पार्टीका सदस्यले मिलेर दामासाहीले बाँडीखाने संस्कार वसेको कुरा सञ्चार माध्यममा आयो । यस अवस्थामा हरिजनलाई उठाउने कामभन्दा पनि तथाकथित गैर-हरिजनको नै नैतिकता उठाउने काम बढी चुनौतीपूर्ण भएको छ । त्यो काम कसरी गर्ने ?

५. सादा जीवनको साटो प्राडो-पजेरो संस्कृतिले हामी धेरैलाई गाँजेको छ । हाम्रो जीवनशैलीले हाम्रा घोषित आदर्श र भाषणहरूलाई गिज्याइरहेको भान हुन्छ । गान्धी भन्थे, - "हाम्रो मन, वचन कर्ममा सामन्जस्य भयो भने त्यसवाट ठुलो आनन्द र शक्ति प्राप्त हुन्छ । के त्यो सामन्जस्य हामीमा छ ? के त्यो हाम्रो राजनीतिमा छ ?" आज गान्धीको सान्दर्भिकतावारे सोच्दा हामीले आफैलाई सोध्ने प्रश्नहरू यिनै हुन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

निबन्ध

सगुनका स्वरूपः नवरस सञ्चार गर्छ जसले

तेजेश्वरबाबु ग्वंग*

सगुन सगुन नै हुन् । सगुन जो गुण युक्त छन् आफैमा । गुनिला सगुन, प्रिय सगुन सवै सवैका । सगुन पाउँदा म प्रफुल्ल हुन्छु । सगुन ग्रहण गर्दा हजुर पनि त मख्ख मख्खिनु हुन्छ । सगुनको अवसरमा यहाँ नि मख्ख पर्नु भएको थियो ! मैले नै अनुभव गरेको । हो, पक्कै मख्ख पर्नु भएको थियो । सगुनको गुणिलो क्षण मैले नै अनुभव गरेको । गुणिलो क्षण जीवनभरि भरिभराउ छन् । जहाँ तहीँ छन् । जीवनभरि छन् । जीवन नै सगुन ठान्छु म । जीवन सगुन ! सगुन जीवन ! क्या मीठो सगुन । क्या मनोरम जीवन । मरण अचूक सत्य भएर पनि अप्रिय लाग्छ । अप्रिय सत्य-मृत्यु । मरणशील जीवन प्रिय सत्य । प्रिय सत्य जीवन । बाँचिरहूँ लाग्दो रहर । रहरका लहर-प्रिय सत्य जीवन । मर्न मन नलाग्ने तर, नमरी नछाड्ने मृत्यु-अप्रिय सत्य । सत्यका यी दुई प्रकरण-जीवन अनि मरण । मौन मौन मानौं । नस्वीकारी नहुने प्रिय सत्य अनि अप्रिय सत्य । सत्य सवै नै सगुन । चाहे प्रिय सत्य होऊन् जीवन जस्तो चाहे अप्रिय सत्य होऊन मृत्यु जस्तो । सगुन शाश्वत रहन्छ जसभित्र नवरस महकिईरहन्छ । निरन्तर, निरन्तर । त्यो निरन्तर रहन्छ । जीवन स्रोत जस्तो, जीवन सोच जस्तो, नदीका अजस्र मुहानका प्रवाह जस्तो । क्या मीठा सगुनका सन्दर्भहरू, सगुनका सुकिला स्वरूपहरू । स्वरूपहरू जसले प्लावित पारिरहन्छ नवरस टप्काएर तप-तप तप-तप ।

सगुनका स्वरूपहरू नवरस जस्तै रसदार हुन्छन् । नवदुर्गा भैं दुर्गवासिनी हुन्छन् । विन्दुवासिनीका विन्दुहरू भैं हुन्छन् । सगुन बिन्दु वन्न सक्छ । बिन्दु सगुन वन्न सक्छ । अन्योन्यश्रित भाव विन्यासमा सगुन चिन्तन फुल्न सक्छ । फल्न सक्छ । मात्र चिन्तनको सार चाहिएको हुन्छ यसलाई । चिन्तनको उर्वर वारी हाम्रो मन-मस्तिस्क नहुनु र ? चिन्तनवारीमा सोचको खेती हुन सक्छ, गर्नुपर्छ गरिन्छ वा गर्न सकिन्छ- भूमिपुत्र-किसान वान्धवहरूले माटोलाई सदावहार उर्वर वनाइराखे भैं निरन्तर । सगुनका नवरस स्वरूप मोहक लाग्छ । स-साना वुद्ध मूर्ति चित्रका लङ् र समूह एकाकार भएर सिङ्गो, सग्लो, अग्लो वुद्ध स्वरूप वने जस्तो सोच्दासोच्दै यस क्रमका क्रममा, सिलसिला र सन्दर्भमा म विन्दुमा सिन्धु आचमन गर्न पुग्छु । अनि त रसदार नवरसका स्वरूप सगुनमा तैरिन्छ । अनाकारवाट आकारमा मूर्तमान हुनथाल्छ रस । अमूर्त आकार रसमय रहन्छ । आकार जुन रसप्लावित रहन्छ त्यो अमूर्त रहन नि सक्छ । मलाई अमूर्त रस सगुनका स्वरूप दर्शन दीक्षा ग्रहण गर्न मन लाग्छ । त्यसकै तरखरे तराना न हुन् यी शब्द-संयोजन,

संस्कृतिविद्, लेखक तथा अध्यापक / सम्पा.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri
विन्यास अनि तर्जुमा ? सायद होइन, पक्कै भन्छु म सगुनका स्वरूप यसरी नै बन्यो, बन्नेछन् र बन्दै रहनेछन् । आज अनि भोलि पर्यन्त पनि ।

सगुनका स्वरूप मेरो मनका तरेलीमा वास वस्न आउँछ । यसरी आउँछ कि यो सुस्त सुस्त आउँछ, वास वस्न वेस्कन आउँछ । म भने आनन्द विभोर हुन पुग्छु । सगुनका नवरस स्वरूप निर्गुण निराकारमय बनेर म भित्र वास खोज्न आउँछ । वास चर्हाछ, फेला पार्छ । गुँड वनाउँछ, फुल पार्छ, कोरल्छ, चल्ला काढ्छ । मानौं मभित्र एउटा शान छ, मान छ, आन छ, अनि अनुमानित एउटा इन्क्युवेटर पनि छ । अनायाश झस्कन्छु । त्यस्तै त्यस्तै लाग्न थाल्छ मलाई नि । एउटा इन्क्युवेटर जडान छ मभित्र । आफैसित वहस गर्न पुग्छु-इजलासमा श्रीमान्हरूसित झैं । त्यतिञ्जेल म आफ्नै वकिल, आफ्नै पैरवी र वकालत गरिरहेको हुन्छु । लाग्छ म आफ्नै मुद्दा आफ्नै पैरवी झैं गरे सबैलाई एकैनासे ठान्न पुग्छु । तर, सबै ठनाइ मेरा कहाँ पो सट्टे र दुरुस्त रहन्छ ? सबैले उस्तै ठाने विभिन्नता नै रहने थिएन । वैविध्य विश्व हो । विश्व प्रकृति हो । प्रकृतिमा हामी छौं । हामीमा प्रकृति छ । अनि त हामीसित सगुनका सुगुण छन् । सुगुणकै रूपान्तर ठान्छु- सगुनका स्वरूप नवरस, नवदुर्गा, नवरत्नहरू ।

जव संस्कार मण्डित आचरणमा प्रवेश गर्छु, म आचमन गर्छु । एक अञ्जुली पवित्र पानी । अञ्जुलीभरको आचमन त्यो आत्मा-सिञ्चन वन्छ । मानौं मन पराइरहेछु आफूलाई उर्वर वनाउन । हो, आचमनका अञ्जुली आत्मसिञ्चनका साधन वन्छ र हो भन्छु म । हो, उर्वर बनाउन आफूलाई आत्मसिञ्चन गर्नै पर्छ, गर्न सक्नुपर्छ । सगुनको पहिलो अवतार आचमन नै वन्छ र हो पनि । आत्मसिञ्चन गरे आफूभित्रको उर्वर ऊर्जा नष्ट हुन्न । घण्टौं लाग्ने आचरण संस्कार पालन गर्दै मभित्रको सिञ्चन स्रोतमा व्यवधान आउन सक्छ । यो चेत संस्कारलाई सगुन नमानूँ कसरी म ? आत्मसिञ्चन अन्तमा पुगेर आफ्नै व्यक्तित्वको मञ्चन वन्छ । मञ्चन भन्नु आफूलाई आफैले मञ्चमा उभ्याउनु हो, प्रदर्शन गर्नु हो । प्रदर्शन वा मञ्चन गर्नुलाई म भन्न रुचाउँछु- आफूलाई आफैंले प्रस्तुत गर्नु । अनि हो, उजिल्याउनु आफूलाई आफैले दर्शक माझमा । त्यसैले आत्मसिञ्चन सगुनमध्ये पहिलो नम्बरी सगुन वन्छ, वनेको छ ।

सगुन संस्कारको संस्कृति पालनपोषणको दोस्रो क्रममा धुप, दीप बाल्छु म । हामी त्यस्तै गर्दा हौं, सायद, सबैनै । सायदै किन र ? भनी हालौं लौ, पक्कै हो । धुप बाल्दा वासनाले अहितकर र अभेद्य कीरा भगाउँदो रहेछ । दीप वाल्दा अँधेरी नाश हुन्छ, सबैको जानकारीकै मामिला भयो । चन्दन, रक्तचन्दन र टीकाको सगुन तेस्रो भन्छु । चन्दन टीकाले-निधारै चहकिलो हुन्छ । श्रीखण्ड चन्दनले मस्तिकलाई शीतल पार्छ । प्राकृत जडिबुटीको उपयोग नितान्त स्वस्थ्यकर छ । पहिले श्रीखण्ड चन्दन लाउँछु अनि त्यसमाथि अलिकति रक्तचन्दन । यी दुईको मिश्रित उपयोग स्वस्थ्य जीवन योग । जीवन भोग । जीवन स्रोत । योगको लागि जीवन रोड । योग गरेर नै लम्बिन्छ जीवन भोग । भोग र योग जीवनको स्रोत सम्झँदै, गुन्दै आनन्दित हुन्छु नयाँ मीठो मोज । मोज जस्मा लेस पनि रहन्न अन्ध जोस । जहाँ हुन्न प्रतिशोध । मात्र हुन्छ त्यहाँ, त्यसमा गम्भीर शोध, खोज, अनि निरन्तर साधना योग । सगुन संस्कृतिभित्र अन्तरनिहित ओजश्वी ओज । सुवासिलो मगमग अत्तरिलो गुलाव-रोज ।

संस्मरण गर्छ मेरो आफ्नै अनुभूति । गुनगुनाउन थाल्छ भित्रभित्रै । वोल्छ कि सिङ्गो, दही सगुन संस्कृतिमूलक प्रतीक अनि विम्ब । प्रतीक र बिम्ब भाव सम्प्रेषणका उपमेय

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अमोध आस्था भोग । अमोध आस्था भोग जहाँ हुन्न तृष्णाका रोष । जसमा हुन्छ केवल उमङ्ग र जोस । सिङ्गो, सग्लो दही सगुन पूर्णाताको विम्व वोक्छ । विम्वात्मक प्रतीक सिङ्गो दही चन्द्रमाको रूप-रङ्ग बोधक वन्छ । चन्द्रमा झैं वाटुलोवाटुलो । दुधिलो स्वेताम्य हिमाल जस्तो । निष्कलङ्कित पावनपनको आत्म-शुद्धिको मन्त्र जस्तो । मेरो भक्तपुरको शुद्ध शान जस्तो । मेरो सगरमाथाको उच्चतम आस्थाको गौरव, गाथाको महिमा गान जस्तो । सग्लो दहीको शोध साधनका मन्त्र जपेर म निधारमा आफ्नै बूढी औंलाका औंठा छाप जस्तै टीको टालो गर्छु । आनन्दसार अभिव्यञ्जनाले अभिशार गर्न आउँछ मलाई । निथ्रुक्क निथ्रुकिन्छु म निधारको दही सगुन टीकाको विमोहनी मोहनीले । कति गम्भीर अनि ओजश्वी, ओजपूर्ण लाग्छ मलाई सग्लो, सिङ्गो हिमाली चन्द्रमा जस्तो मेरो दही सगुन । सगुन जस्मा गुणगुणका सगुण-सगुन विद्यमान छ, रहिरहने छ ।

सगुनै सगुनको सगुनमय मेरो सांस्कृतिक सञ्चेतना वोक्दो यो सगुन संस्कारको अर्को प्रकरण फूल सगुन वन्छ । भन्छु पनि म त्यस्तै, यस्तै । वुझ्न सक्दा जीवन फूलको थुङ्गो वन्छ । माला वन्छ । माला एउटा हार । हार एक उपहार । जिन्दगीका सुन्दरतम उपहार । सगुनै त हो फूल । हामी श्रेष्ठतम श्रेय वोक्दो सुन्दर सुमन सगुन आ-आफ्ना भावेश्वरप्रति आराधना गर्दै समर्पण गर्छु । म, तपाई, हामी सवै सवै विश्वभरका आ-आफ्नै आस्थावान् आस्थाका सम्वाहक सम्मोहकहरूलाई पनि उस्तै उपहार गर्छौं । आस्थाको रूप हुन्न । निराकारमय आस्थालाई आकार दिने त हामी नै हौं । हामीले शिवलाई रूपाकृतिमा विम्वित पार्‍यौं । ईसा मसिहका आकृतिवान् आस्था उठाउने नि हामी मध्येका नै हौं भन्ठानुस् । मस्जिदमा महम्मद, गुरुद्वारमा नानकलाई मूर्तमान् वनाउने पनि हामी जस्तै हामी नै हौं भन्छु । वुद्धलाई मध्यम मार्गी मानेर लुम्विनीवाट वोधगया नामकरण गर्ने गराउने नि हामी माझका हामी नै हौं । तैपनि हामी विश्वभरका विश्वास वोक्ने भरिया सुमन सगुन अर्पन्छौं विश्वभर नै । यही सुमनसगुन हो, जसले अनेक आस्थाऽअनास्थालाई सम्मानजनक श्रद्धा समर्पण गर्छौं । म यसो भन्न हौसिन्छु, त्यसैले कि सुमन सगुन फक्रँदो, सह अस्तित्त्वका विम्वात्मक मानवीय चेतलोककै भावेश्वर वन्छ । भावेश्वर जहाँ भावभित्र ईश्वर मूर्तिन थाल्छ । भावेश्वर जहाँ सद्भावनाका ओंठहरू मुस्काउन थाल्छन् । म फक्रेका सुमन सगुनमा ईश्वरभावका भावेश्वर चेत संस्कार हाँसिरहेको पाउँछु ।

जव जव सुमनलाई म सगुन मालामा उन्न थाल्छु रङ्गिचङ्गी फूलहरू वोल्न थाल्छन् । वोल्छन् ती फूलहरू कि हामी विश्वरूप हौं । हाम्रा रङ्गिचङ्गी रूपमा ईश्वर आफ्ना अन्तरध्यान खोल्छन् । हामीसितै कोपिलाउँछन् । फक्रन्छन्, फूल्छन् हाँस्छन्, हँसाउछन-मुसुमुसु । क्या मीठो ! क्या कुराउनी, कुराउनी । 'सय थुङ्गा फूलका हामी एउटै माला नेपाली' मेरो राष्ट्रगानका नेपाली शव्द उद्दीपन पाउन थाले झैं लाग्न थाल्छ । तिनै उद्दीपनमा त हो नेपाली शव्द संसारमा परी भ्रमण पाउन थालेको हुन्छ । अनि फेरि गुनगुनाउने रहर फुर्छ । गुनगुनाउँछु यसरी: "सयौं थुङ्गा फूलका हामी एउटै माला संसारी" म आफूलाई नेपाली माझवाट संसारभरि प्रक्षेपण गरिरहेको भान हुन थाल्छ । सुमनमाला मेरो सगुनमालामा रूपान्तरित हुन पुगेको अनुमानको अनुभूति हुन थाल्छ । मानौं मेरो सगुन संस्कृतिका सुमनमाला मानवीय गुण शोभा संस्कृतिकै साधन-साधना वनिरहेको हुन्छ । वेहद खुसी हुन्छु । अनमोल आनन्द उपभोग गर्न पुग्छु । सगुन संस्कृतिका सुमनमाला कुमभरी धरेर, गलामा पहिरेर ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सगुन संस्कारमय संस्कृति यतिकैमा टुङ्गिन्छ नै कहाँ र ? फक्रेको सुमन सगुन फल्दो फलफूलमा लटरम्मिन थाल्छ । फलफूलहरू प्रकृतिका रसिला उपहार हुन्- सगुन । यस्तो अनुभूतिले सुम्सुम्याउन थाल्छ मलाई । कि त्यस सुमसुम्याईसित म मख्ख पर्न थाल्छु । रसपूर्ण फल मेरो जीवनका रसका दाना हुन् । फलफूलका किस्ती सगुन वनेर आउँछन् । फलफूलको सगुन म थाप्छु हातभरि, मनभरि अनि चाहनाभरि । मेरा सगुनका फलफूल किस्ती मेरै संस्कृतिको पारखी दृष्टिविन्दु वन्न पुग्छ । सगुनको सन्दर्भ र संस्कार संस्कृतिका अवतार लिन थाल्छन् । म सगुन विभोर, वनेर सास लिइरहेको हुन्छु । मानौं संस्कृति जीवन हो, सगुन जीवन संस्कृति हो । म फलका दानादानामा रस परिपूर्ण जीवन गाना गाउन थाल्छु । सुनाइरहने रहरका लहर सल्वलाई रहेको रह्यै नै हुन्छु । प्रत्येक फलका रस मेरै शरीरका अङ्ग पुष्ट्याउने रसरङ्ग वनी मलाई रङ्ग्याई रहेको हुन्छ । म फलरस प्लावित रहन्छु । अनारका दाना-रसले मेरा ओंठहरूलाई अनारमय रङ्गाई दिन्छ । म निर्विकार रहन्छु, स्वस्थ रहन्छु । एउटा स्वस्थ जीवन, दीर्घ जीवनको आयुष्मान् कामना व्यक्तचाउँछ । म रातो स्याउको सेवनमा लालित्यपूर्ण गाला दाँजिरहेको हुन्छु । भिन्न फल सगुनले मेरा अङ्ग प्रत्यङ्गलाई सौम्य र शालीन स्पर्शले सुम्सुम्याइरहेको रह्यै गरेको स्वानुभूति वन्छ । म फलफूल सगुनमा मख्ख रहन्छु ।

फलफूलका किस्तीमै फलका दाना वीच म यज्ञोपवित फेला पर्छु । यज्ञोपवित जीवन यज्ञकै आहुति तन्त्रका आत्मसंयम र नियन्त्रणका तन्त्र साधनाको साधन ठान्छु म । आत्मसंयमको लागि आत्मनियन्त्रण नगरी हुन्न । आत्मसंयमवाटै आत्मनियन्त्रण फेला पारिन्छ । आत्मसंयमवाटै फेरि आत्मनियन्त्रण सम्भव हुन्छ । म आत्मनियन्त्रणद्वारा आत्मसंयमी वनिरहेको छु । मेरो दीर्घ जीवनका दीर्घायु र दीर्घायुका आत्मसंयमी आचरण अन्योन्याश्रित रहे मेरै स्वानुभूति हो भन्न हिच्किचाउनु परोइन भन्ठान्छु । ससाना काँचो धागोका डोरावाट संयोजित यज्ञको उपवित मेरै संस्कृतिमूलक पहिचान ठान्छु र मान्छु । यज्ञोपवित मेरै पूर्वीय जीवन संस्कृतिजन्य डोरो पनि । यस्तो एउटा डोरो जसले मलाई पाश्चात्य संस्कृतिको चिनारी भन्दा फरक पूर्वीय संस्कार र संस्कृतिको पहिचान र पहिल्याइसम्म पुऱ्याउन मौन तर सवल भूमिका निर्वाह गर्दो छ । आँसु वरवराउँछ कहिल्यै आफ्नो बुझलाई सार्वजनिक गर्न नपाउँदा । पूर्वाग्रहका पावन्दीमा रुमलिंदा । तैपनि यज्ञोपवित सगुन मेरै सोचपूर्ण आत्मचेष्टा र वलमा अजश्र टप्किरहेको रह्यै गर्छ । म द्वेषदेखि टाढिएको मन्त्रणा वन्छु- यस्तै उन्मुक्त अनुभूतिले मलाई उत्तरार्ध जीवनगति दिन्छ र दिइरहेछ भन्छु ।

मेरी मुमा र मुमाकी वुहारी मिठाई सगुन उपहार गर्छन् । मिठाई सगुन उत्तिकै मीठो सगुन वन्छ, रहन्छ जति कि मुस्कानभरिका जीवन लाग्छ सुमधुर, सुमधुर । उत्ति नै मीठो लाग्छ मिठाई सगुन मलाई जति कि जीवन स्वाद मीठो लाग्छ सवै सवैलाई । सायद मिठाईका मीठो स्वाद जीवनमा जीवनले नै लिन सक्दो हो । जसमा जीवन स्वाद रहन्न उसले कसरी जीवन स्वाद मिठाईमा पाउन सकोस् भन्छु म । मिठाई सगुन मोहक लाग्छ मलाई जीवन जत्तिकै मोहक-स्वादक अनि आल्हादक । जीवन जतिकै आल्हादक, मादक, अनि मिष्ठान्न जति मिठो सगुन संस्कार । भनूँ भनूँ लाग्छ मलाई-आओ, सवैजना आओ ! विना पर्खालका मानव आँगनमा मिठाई सगुन आदान प्रदान गरौं आओ । मलाई एउटा आँगन भए पुग्छ । एउटा आँगन जसमा स्वतन्त्र खराउ टेक्न अटाउँछ । मिठाई सगुन ग्रहण गरेको अनुभूतिमा आत्मविभोर भइरहेछु यतिन्जेल । कति मिठो यो मिठाई सगुनका सन्दर्भहरू ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पालो अब त्रितत्त्व सगुन संस्कृतिका संरचना सन्दर्भको। भौतिक रूपमा त्रितत्त्व भन्नुको तात्पर्य आकाश, पृथ्वी र पाताल हुन आउँछ। आकाश असीम आकारमय रहेको सार्वजनिक सरोकार बनेको छ। आकाश त्यसकारण सर्वव्यापी छ। सम्पूर्ण ग्रह गोचर, नक्षत्रहरू, ताराहरूका पुञ्जहरू, मेघ सौर्यमण्डली परिवारहरू नभमै अटाएका छन्। नभ त्यसैले सर्वव्यापक सर्वव्यापी स्वरूप हो। यसमा नअटाइने कुनै पनि वृहद् आकार छँदै छैनन्। मलाई मेरै चेत संस्कार घचघच्याउन आउँछ। यिनै चेतद्वारा अभिप्रेरित भएर मेरा प्रिय पाठक समक्ष आफूलाई उभ्याउन रुचाउँछु। म संचेतना सन्देश बोक्छु अनि म संरचनाभरि यिनै संचेतनाहरू छर्छु। त्यसरी नै जसरी किसान माटोमाथि विवेकशील विउ छर्छर छर्छन्। मलाई विउ छर्दो किसानी जीवनमेला भर्न मन लागिरहन्छ औधि। पुरानो/अघिल्लो मौसमी वाली भित्र्याएर नयाँ विउविजन निरन्तर लगाइरहनु किसानी जीवनमेलाको चिनारी त हुन् पक्कै हुन्। किन पो नहुनु आकाश-तत्त्व सबै चैतन्यहरूका पनि विलयस्थान वनेको छ। जहाँ विलय भावका छेस्कोसम्म छेस्किन्न त्यही विलयाश्रम वन्छ, वनेको हुन्छ। त्यही नभ हो, त्यही आकाश हो, सबैका सर्वचेत अटाउँछन्, विलाउँछन्। अनि विलाएर हामीलाई बिमोहित पार्छ, पारिराख्छ।

पृथ्वी आकाश तत्त्वभित्रकै आकारमय तत्त्व हो। एक यस्तो तत्त्व जसमा सृष्टिका साधना सम्भव बनेको छ। जहाँ संचेतना-खेती उर्वर रहेको छ। जहाँ सम्भावनाका खोज निरन्तर अभिमुखीकरण भई नै रहन्छन्। यी सम्भावनाका क्षितिज सदा वहार रहन्छन्। यिनै सम्भावनामा रङ्मङ्गिएर त हो जीवन सदावहार आलोकित वन्छ र वनिरहेझैं लाग्छ। पृथ्वीतत्त्वका सगुन सरोकार यिनै संचेतनाको सङ्घारमुखी वनेर उभिन आउँछ। मानौं कि संचेतना संस्कार पृथ्वी तत्त्वकै उपज हो, सगुन हो गुणिलो जीवन-सार जस्तो। पृथ्वीमा उमारेर, फलाएर, फुलाएर हामी पृथ्वीलाई नै चढाउछौं। पृथ्वीप्रतिको प्रगाढ मोह र माया जीवन सार लाग्नथाल्छ यतिन्जेल। पृथ्वीले हामीलाई आफ्नै उर्वर शक्तिहरू हर मौसममा रूपान्तरित गरेर सगुन झैं सुम्पन्छन्। हामी पनि पृथ्वीकै सगुनलाई भोग्य परिकारमा परिणत गरेर उनैलाई अर्पण गर्छौं, सौगात छर्छौं। यस्तै छन् कृतज्ञता ज्ञापनका दोहोरो आदान-प्रदानमुखी सगुन संस्कृतिका स्वरूपहरू। जहाँ म सदा रसप्लावन गरेर आनन्द विभोर बन्छु, वनिरहेको हुन्छु। पृथ्वीकै उपज मेरो जीवन, पृथ्वीकै उपज सार ठान्छु। सदाबहार नतमस्तक भै अभिवादन गर्छु पृथ्वीका पृथ्वीतत्त्व विशेषलाई अनि सहदेवा-सहदेवी सगुनहरूलाई, सगुनका स्वरूपहरूलाई जसमा नवरस सञ्चारण क्षमता भरपूर छ।

पाताल कहाँ छ ? थाहा छैन। तैपनि भन्न मनपराउँछु- पानीपानीका पानी-तत्त्व पाताल-तत्त्व हो। पाताल पानीको गहिराइभित्र छ। पाताल सागर र महासागरका पींदसम्म अन्तरलीन छ। पानीहरूका प्रत्येक पींध पातालको आधार बन्छ। त्यस पींदभित्र पींदैसम्म थेग्रिएको ठोस पदार्थका लागि गोताखोरी नगरी हुन्छ कहाँ ? पींदसम्म डुवुल्किनु गोताखोरी भन्छु यहाँ। मान्छे त हुन् अनेक सोचमा तर्क भिराइरहन्छन्। मानिसका तर्कले हो तर्कशास्त्रको आधार उघ्रिएको। मान्छेभित्रको मान्छे बोल्न थाल्छ तर्कशास्त्रभरि तर्ककै अर्थ त हो यो जीवनसारतत्त्व भन्नु। जीवन मीठो, मधुर बन्छ तर्ककै तहमा। त्यसैले कोही भन्छन् अमेरिकाली गोलार्ध अर्थात् पृथ्वीको आधाभाग पातालपुर हो। यी सबै आखिर तर्कमा आधारित मानिसका मानसिक अर्थ त पक्कापक्की नै हुन् भन्छु। विमती-सहमती, सहमती-विमती सबै आ-आफ्ना मानसिक धरातलबाट उक्सने उच्छ्वास हुन्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भन्ने ठाउँ पाउँछु यहाँ । जिन्दगीमा भुल्किने अनि झल्किरहने यावत आकाश-तत्त्वका चिन्तन सगुन यसमै आधारित छन् । यस्तै हो पृथ्वी-तत्त्व चिन्तन सगुनका आधारशीला । यसरी नै विस्तारित दर्शनका स्वरूप जहाँवाट मानिस जगत र जीवन सापेक्ष गुणानुगान गाउँछन् । खोट खोतल्छन्, अपजसका गन्हाउने प्रदूषित विसालु श्वास-प्रश्वास फुक्छन् । आफूलाई परे अध्या, अर्कालाई परे थैया । अनि जल तत्त्वका ज्ञान-सगुन र सगुन-ज्ञान आपसमा ठोकाठोक भइरहन्छन् । तथापि यी तीन तत्त्वका विम्व प्रतिविम्व सगुन संस्कृतिमा कसरी प्रतीकात्मक अर्थ बोक्छन् विवेच्य लाग्छ ।

सगुन परिकार उत्रेर फुल, मासु र माछा सगुनका त्रितत्त्वमाथि प्रतीक वन्छ । फुल नभ, जल, थलचरका साझा गर्भका कोष रहेको छ । फुल प्रजनन्‌का प्रमुख आधार भन्छु, ठान्छु । नभचर पंक्षीहरू चराचुरुङ्गीहरू फुलै कोरलेर चल्ला जन्माउँछन् । माछादेखि कछुवा, गोही आदि फुलैबाट आफ्ना वंश हुर्काउँछन् । माछा र अरु पानीजीवी प्राणीहरू आफ्ना भविष्य त संरक्षण सम्वर्धन गर्छन् । यी तनि थरीका प्राणीका विम्व वोधक सगुनतत्त्व फुल बन्छ, रहेका छन् । जलतत्त्वका विम्ववोधक माछा सगुनका त्रितत्त्वका सरजाम बनेका छन्, वनाइएका छन् । पृथ्वी-तत्त्वको रूपमा मांसपेशीका प्रतीक वनाएर जन्तुका मासु ग्रहण गरिन्छन्, गरिएका छन् । सगुनका यी त्रितत्त्व दर्शन नेवारहरूको जीवन संस्कार र संस्कृतिमूलक रहेको छ । यी दर्शनपरक व्याख्या विश्लेषण मेरो संस्कृति प्रतिको प्रगाढ आस्था अभिव्यक्ति हुन् भन्न आँटिलो उच्छ्वासित हृदय, संचेतनामय, सम्वेदनशील पाठक महानुभावसम्म अभ्यार्थना गर्ने जमर्को गर्छु । अझै एउटा सगुन अभिषेक सगुनका स्वरूप वताऊँ, वताऊँ लाग्छ मलाई । वताई हालूँ यत्तिखेर कि यी सोचहरू मैसित नसेलाइयून् भन्ठानेर ... !

सगुनका अष्ट मङ्गल र माङ्गल्य सूचक सन्देह रहे जस्तै वर्णित भए यस्तै । सगुनका अन्तिम रस नवौं नवरस ठानेछु मैले । सगुनका स्वरूप मध्येका नवौं नवरस अभिषेक रस बनेको छ । जीवन स्वयम् अभिषेकहरूको पुञ्ज वनेको छ, रहेको छ । जीवनमा अभिषेकका मुहूर्तहरू एक होइन, अनेक छन् । प्रत्येक पाइलाका जीवन मोडहरूमा अभिषेकका शुभमुहूर्त अन्तरनिहित छन् । आफ्नै अनुभवका अनुभूतिहरूले ओतप्रोत छु । कहिले अनुभूतिले सुमसुम्याउँछु, कहिले अनुभूतिलाई नै सुमसुम्याइदिन्छु म । अभिषेकका मुहूर्त आफ्नै सुकर्म र सुकार्यको सुखद, सुरम्य र सारगर्भित अवसर ठानेको ठान्यै छु । सुकर्म र सुकार्यले अभिसिञ्चित जीवन दीर्घायु रहन्छ । दीर्घायु जीवन आफ्नै सुकर्म र सुकार्यको प्रवल गति वन्छ, रहन्छ । ज-जसले दीर्घायु सम्वरण गरेका छन् ती सवैमा आफ्नै उदात्त मानस, चिन्तन र निष्कपट आचारण फक्रे फुलेका हुन्छन् । आफूमा आफैले प्रवेश गरेर म यसलाई अनुभूत गर्छु । आफूलाई आफैले सिंचन, अभिसिञ्चन गर्ने साधन साधना दृढ सङ्कल्प हो ठानेको छु । आफ्नो दृढ सङ्कल्पले यहाँलाई अभिषेक गर्छु म । दृढ सङ्कल्पका अभिषेक सरजाम हुन् फुलेका फूलहरू, मौलाएका दुवोहरू, लटरम्म फलेका फलका दाना र समय अंश अनि लावा । फूल फुलेपछि अर्पिइन्छ । फल पाकेपछि अर्पिइन्छ । अर्पिनु अभिषेक युक्त अभिनन्दन ठान्छु । सगुनका स्वरूप: नवरस सञ्चार गर्छ जसले सवै हजुर प्रतिका अभिषेक वनून् ।

निष्ठाछें, सूर्यविनायक मार्ग, सिपाडोल-१, भक्तपुर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कविता

सन्देश

✍शिवहरि मरहट्टा*

कति स्वतन्त्र हुँदै वनमा चरी
खुव रमाउँदछन् भमरासरि ।
उ पनि फुर्सदका दिन पाउँदा
किन खुसी नभई रहला सदा ॥१॥

जव त साउनको दश आउला
यति छ गर्नु भनेर खुलाउला ।
दृढ अठोट भए चिर-चाहना
किन त्यसै रहलान् कसरी कहाँ ? ॥२॥

नियत शिक्षणभार गएपछि
स्व-अनुकूल निकास खुलेपछि ।
भ्रमण लेखन आदि सुकर्ममा
सफलता नहुने किन लोकमा ? ॥३॥

मन निकै जनसेवनमा पनि
गइदिँदा पहिले त्यति लेखनी ।
अघि वढेन र ती सव न्यूनता
न रहलान् जव मिल्छ स्वतन्त्रता ॥४॥

तर अकल्पित ती दिन झुल्किए
प्रवल राग लिँदै कति तातिए ।
लिनु थियो अवकाश-स्वतन्त्रता
किन मिल्यो सहसा परतन्त्रता ॥५॥

न त थियो मनमा रुचि चिन्तन
न त त्यता परिवार दिने मन ।
तर प्रवृत्तितिरै सखिप्रेरणा
भइदिँदा कतिमा भय, वेदना ॥६॥

पथ निवर्तनको अति उत्तम
तर प्रवृत्ति वन्यो विजयी किन ?
छवि र श्रेय वढाउन निम्तिमा
रछ कि शासनको पनि सम्झना ॥७॥

कति पराश्रय भै पदभोजन
निज उमेद पुगे अव थन्किन ।
जन-अधीन छ के कुन जीवन
नियति वा छ यहाँ कुन कारण ? ॥८॥

पर-अनुग्रह पाउन सेवन
प्रणति औ कतिका वल, चिन्तन ।
तर प्रसाधननिम्ति अदृष्टको
वलविना वल निष्फल दृष्टको ॥९॥

विगत काम, कमीतिर सम्झना
खुव गरेर हुँदा पनि योजना ।
कति विचित्रित सद्-व्यवहारमा
किन फिँजाउनु भ्रान्ति र वासना ॥१०॥

जति प्रयत्न गरे पनि आखिर
फल मिलेन भने सुख हुन्छ र ?
यदि पराङ्मुख नीति त्यतातिर
सुपरिणाम मनोहर मिल्छ र ? ॥११॥

विधि-विवेकवती मति झाङ्गिदा
सवतिरै परिणाम फिँजाइँदा
घर गरौं अव झन् गति ल्याउन
यश र गौरवपुष्प फुलाउन ॥१२॥

जव जव घर टुट्तै विग्रदै भासिएलान्
अनि नव कुन त्यस्ता स्फूर्ति-आधार वन्लान् ।
कुन मनुज जगत्मा कर्म कर्ता र हेतु
शुभ नभइकनै के भेट्छ सौन्दर्यसेतु ॥१३॥

वरपर घरका ती न्यूनता जत्ति हर्न
वुध अवुध सवैमा ज्योति जागर्ति छर्न ।
विचलित नभएरै सम्झुँ कर्तव्य खास
मन वचन क्रियाले गर्न सेवा विशेष ॥१४॥

**कवि, उपकुलपति ने.सं.वि. एवं दण्डपाणि अर्ज्याल स्मृतिकेन्द्रका अध्यक्ष हुनुहुन्छ । -सम्पा.*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कार्यपत्र

नेपालको तान्त्रिक परम्परा

✍प्रा. विद्यानाथ उपाध्याय भट्ट*

विचार गोष्ठीमा विद्यानाथ उपाध्याय भट्ट कार्यपत्र प्रस्तुत गर्दै ।

तन्त्रको परिभाषा र प्रयोजन

'तन्त्र' शब्द धेरै अर्थमा प्रयुक्त हुन्छ । वस्तुतः यसको व्युत्पत्तिलभ्य शाब्दिक अर्थ भने 'शास्त्र' मात्रै हो । विभिन्न शास्त्रहरूलाई 'तन्त्र' शब्दले संवोधन गरिनाले यस कुराको पुष्टि हुन्छ । तर पछि आएर यस शब्दको प्रयोग रहस्यात्मक शास्त्र, देवी-देवताका पूजा-आजा, तिनका विधिविधान वर्णित रहेका शास्त्र विशेषलाई बुझाउन भएको पाइन्छ । गणेश, सूर्य, शिव, विष्णु शक्तिका विविध स्वरूप, भैरव आदि देव-देवता, त्यति मात्र नभएर यक्ष, यक्षिणी, भूत, प्रेत, पिशाच आदिलाई सिद्ध गर्ने रहस्यात्मक विधिविधान रहेको साहित्य विशेषलाई तन्त्र भनिन्छ । तन्त्रशास्त्रको अर्को प्रसिद्ध नाम मन्त्रशास्त्र पनि हो । माथि वताइएका देव-देवताका स्वरूप, तिनका गुण विशेष, तिनवाट प्राप्त हुने उपलव्धि आदिलाई बुझाउने बीज मन्त्रहरूको प्रयोग विधि, तिनका फलश्रुति आदि कुराहरू तन्त्रशास्त्रमा हुने गर्छन् ।

तन्यते विपुलानर्थान् तत्त्व-मन्त्रसमन्वितान् ।
तनुते त्रायते नित्यं तन्त्रमित्थं विदुर्बुधाः ॥

** संस्कृत विश्वविद्यालयका पूर्व डिन तथा तन्त्रशास्त्रका ज्ञाता हुनुहुन्छ । - सम्पा.*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यस प्रसिद्ध पद्यले यही कुरा स्पष्टताका साथ बताएको छ । 'तन्त्र'- शब्दको परिभाषा यसरी गरिएको देखिन्छ– सर्ग, प्रतिसर्ग, मन्त्र-निर्णय, देवताका स्वरूप, तीर्थका वर्णन, आश्रम-धर्म, यन्त्रहरूको निर्णय, व्रतहरूको वर्णन, शौचाशौचको विवरण, स्वर्गऽनरक आदिको विवरण, विभिन्न धर्म, व्यवहार, अध्यात्म आदि कुराहरूको व्याख्या विश्लेषणहरू पाइने शास्त्र नै तन्त्रशास्त्र हो । यसमा विश्लेषण-व्याख्या गरिएका विधिविधानको यथावत् पालनाले पालनकर्ताको कल्याण हुन्छ, रक्षा हुन्छ र भोगदेखि मोक्षसम्मका फल प्राप्त हुन सक्छन् । यसको सबैभन्दा ठूलो विशेषता त के हो भने तन्त्रशास्त्रको मुख्य फल भनेको परमपुरुषार्थ मोक्षको प्राप्ति नै हो । तन्त्रशास्त्रमा वर्णित विद्या-व्रह्मविद्या हो, यसले ब्रह्मज्ञानको प्राप्ति गराउँछ । त्यसवाट मोक्ष सुलभ हुन्छ । तन्त्रशास्त्रमा वताइएका साधनाको यथावत् अनुगमन र अनुशीलनवाट देवता प्रसन्न हुन्छन् उनका कृपाले अनादिमल हट्दछन्, व्रह्मविद्या प्राप्त हुन्छ, अनि त भोगको के कुरा मोक्ष पनि आफ्नै हातको वस्तु जस्तै सुलभ हुन्छ, यो शास्त्र सम्मत कुरा हो । 'श्रीसुन्दरीसेवन-तत्पराणां भोगश्च मोक्षश्च करस्थ एव' यस प्रसिद्ध पद्यांशले यही तथ्य स्पष्ट गर्दछ ।

तन्त्रको प्राचीनता

तन्त्र कति प्राचीन शास्त्र हो ? यस प्रश्नको उत्तर खोज्दै जाँदा संस्कृतको प्राचीनतम साहित्य वेदसम्मै पुग्नु पर्ने हुन्छ । वेद प्राचीनतम साहित्य हो । 'वेदाःप्रमाणम्' भनेर यसलाई मुख्य प्रमाण मान्नुका साथै यसकै प्रामाणिकतावाट वेदानुमत र वेद अविरुद्ध साहित्यलाई पनि प्रमाण वा प्रामाणिक मानिन्छ । तन्त्र वैदिकशास्त्र हो, वेदानुमत छ, वेद अविरुद्ध छ, अझ वेदाधिक पनि छ भन्ने मानिन्छ त्यसकारण यो प्रमाण हो र प्रामाणिक पनि मानिन्छ ।

वेदलाई अपौरुषेय भएकाले अनादि मान्ने र यसलाई ईश्वरप्रणीत मान्ने दुईवटा मान्यता विद्यमान छन् । दुवै पक्षलाई अनेकौं प्रमाण वा तर्कहरूद्वारा पुष्टि गरिएको विवरण तर्कशास्त्रहरूमा पाइन्छ । यसरी वेदलाई अपौरुषेय र अनादि मानेमा तन्त्र पनि वैदिक, वेदानुमत वा वेदाविरुद्ध भएकाले यसको स्रोत पनि स्वयं वेद नै भयो । त्यसैले यो अनादि अपौरुपेय र वेदजस्तै प्रमाण मानिनु पर्ने हुन्छ एवं मानिएको पनि छ । अर्को पक्षमा वेदलाई अपौरुषेय मानी यसलाई सर्वज्ञ ईश्वरप्रणीत मानेमा पनि तन्त्र ईश्वरप्रणीत नै भएकाले त्यो त्यत्तिकै प्रामाणिक र प्रमाणित मान्नु पर्ने हुन्छ । यो स्वाभाविक नै हुन जान्छ ।

अझ तन्त्रलाई त स्वयं शिवका मुखारविन्दबाट निःसृत वा उपदिष्ट मानिन्छ । पहिले शब्द र अर्थ नछुट्टिएका अवस्थामा ज्ञान स्वयं शिवस्वरूप भएर, अझ शिव-शक्ति स्वरूप भएर रहेको थियो । यो ज्ञानको परा अवस्था हो । यही ज्ञान शिवको स्वातन्त्र्यवशात् उनकै इच्छाले क्षुब्ध हुँदा, उनकै उन्मेषवशात्, अपरा अवस्थामा आयो । शब्द र अर्थ छुट्टिइ सक्दा तर व्यक्त मात्र नहुँदा अव्यक्त मध्यमा अवस्थामा आयो र कण्ठ-तालुको संयोग आदिवाट प्रयत्नवशात् व्यक्त हुँदा वैखरी अवस्थामा आई लोकमा आविर्भूत भएको विवरण प्रसिद्ध छ । यसरी तन्त्र स्वयं परव्रह्म परमात्मा साक्षात् शिवस्वरूप ज्ञान नै भएको र उनकै कल्याणमय रूप लोककल्याणका लागि लोकमा उनै शिव-शक्ति गुरु शिष्य भावमा रहेर व्यक्त गरिएकाले यसको प्राचीनता-अतिप्राचीनता सन्देह रहित छ भन्ने कुरा तन्त्र-साहित्यमा मनीषीहरूद्वारा वर्णित छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तन्त्रमा वर्णित मूल तत्त्वहरूको स्रोत वेद नै हुन् भन्ने कुरा माथि नै व्यक्त गरिसकिएको छ। तन्त्रका उपासना पद्धति, विधिविधान प्रत्यक्षरूपमा फेला नपरे पनि तन्त्र वेदसँगै सम्वद्ध भएको साक्ष्य वाहिर आइसकेको छ। अथर्ववेदका धेरै शाखाहरूसँग तन्त्रको विषयक्षेत्र सम्वद्ध छ। वेदमा पाइने देव-देवताका सूक्तहरू[1], देवताका विवरण, मन्त्र सङ्केत तन्त्रमा उपासनाका रूपमा आएका छन्। तन्त्रका देवतामध्ये प्रायः धेरै देवताका उपनिषद्हरू छन्, जसमा ब्रह्मविद्याको वर्णन छ। तन्त्रका बीज मन्त्रहरूमा प्रणवको प्रयोग वहुल मात्रामा गरिएको पाइन्छ, जो वेदकै प्रवृत्तिको अनुगमन हो। वैदिक सूत्रहरूमा निर्दिष्ट, धर्मशास्त्रसँग सम्वद्ध कर्मकाण्ड तन्त्रमा पनि उपासनाका अङ्ग वनेका छन्। तन्त्रमा वर्णित पञ्चमकारसम्मको पनि शोधन वैदिक मन्त्रहरूद्वारा गरेर मात्र देवतामा अर्पण गर्नु पर्ने हुन्छ। वलिविधान पनि वैदिक यज्ञयागादिमा भए जस्तो गरी तान्त्रिक उपासनामा गर्नु पर्ने विधान छ। तन्त्रद्वारा उपासना गरिने देव-देवतालाई परब्रह्मरूपमा मानिनु, उनीहरूलाई आत्मरूपमा उपासना गरिनु, तान्त्रिक उपासनावाट मुक्तिको प्राप्ति हुने फलश्रुति पाइनु, देवतालाई वेदवेदान्तवेत्ता (वेद-वेदान्तको ज्ञानवाट मात्र देवत्त्वलाई वुझ्न सकिन्छ) भनिनु आदि धेरै कुराहरूवाट तन्त्रको मूल स्रोत वेद नै हो, यो वेद सम्मत छ, वेदानुमत छ, वेदविरुद्ध छैन, अवैदिक होइन, यसैले यो तन्त्र विद्या अत्यन्त प्राचीन कालदेखि चलिआएको विद्या हो र यसको परम्परा पनि वैदिकसमयदेखि नै अविच्छिन्न रूपमा चल्दै आइरहेको छ भन्दा कुनै अत्युक्ति हुँदैन।

अथर्ववेदलाई त झन् तन्त्रको स्रोत नै मानिन्छ। तान्त्रिक देव-देवतालाई खास गरी तन्त्रमा उपासना हुने भगवती शक्तिलाई ब्रह्मस्वरूपता प्रतिपादन गर्ने अथर्ववेदका केही उपनिषत्हरू प्रकाशित भएका छन्। श्री शिवा भगवतीको आथर्वणद्वितीयोपनिषत्, आथर्वणशाखामा रहेको कामराजकीलितोद्धारोपनिषत्, आथर्वणसौभाग्यकाण्डमा रहेको कालिकाको कालिकोपनिषत् र कालीमेधादीक्षितोपनिषत्, अथर्ववेदमध्येकै महाकालसंहितामा रहेको गुह्यकाल्युपनिषत्, आथर्वण सौभाग्यकाण्डमै गुह्यपोढान्यासोपनिषत्, आथर्वणरहस्यमा वनदुर्गोपनिषत्, आथर्वणसौभाग्यकाण्डमै श्यामोपनिषत्, श्रीचक्रोपनिषत्, षोढोपनिषत्, हंसषोढोपनिषत्, सुमुख्युपनिषत् आदि आदि धेरै उपनिषत्हरू जसका आधारमा भगवतीलाई ब्रह्मरूपा मानेर तन्त्रमा उपासना गरिन्छन्। ती प्रकाशित नै भैसकेका छन्।

गुह्यकाल्युपनिषत्मा[2] भनिएको छ।

---

[1] उमा, लक्ष्मी, पृथ्वी र इन्द्राणी, दुर्गा, उषा, रात्री आदि सूक्तहरू।

[2]अथर्ववेदमध्ये तु शाखा मुख्यतमा हि षट्।
स्वयंभुवा याः कथिताः पुत्रायाथर्वणे पुरा ॥
तासु गुह्योपनिषदस्तिष्ठन्ति वरवर्णिनि।
नामानि श्रृणु शाखानां तत्राद्या वारतन्तवी ॥
मौञ्जायनी द्वितीया तु तृतीया तार्णवैन्दवी।
चतुर्थी शौनकी प्रोक्ता पञ्चमी पैप्पलादिका ॥
षष्ठी सौमन्तवी ज्ञेया सारात् सारतमा इमाः।
गुह्योपनिषदो गूढाः सन्ति शाखासु षट्स्वपि ॥
ता एकीकृत्य सर्वास्तु मयाऽस्यां विनिवेशिताः।
संहितायां साधकानामुद्धाराय वरानने ॥ गुह्यकाल्युपनिषत् १-५

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

छवटा आथर्वण शाखाकै नाम-गणना भएको पाइन्छ । यस्तै यस्तै अरु पनि महाविद्या, सिद्धविद्या, विद्या, उपविद्याहरूका उपनिषत्‌हरू अथर्ववेद कै विविध शाखालाई स्रोत मानेर पद्धति, विधि-विधानहरूमा समाविष्ट भएका छन् । तन्त्रमा पाइने तान्त्रिक उपासना पद्धति र विधि-विधानहरू यथावत् रूपमा वेदमा र अन्य वैदिक साहित्य-संहिता ब्राम्हण, उपनिषद्‌हरूमा पाइने त होइनन् तर तिनीहरूका विकासको पृष्ठभूमि त्यहाँ पर्याप्त पाइन्छन् । वैदिक देव-देवताहरूको पूजा उपासना, वैदिक यज्ञ-हवनहरू, पशुयाग, सोमपान आदि कर्मकाण्डका विकसित स्वरूप तन्त्रोक्त उपासनामा पाइन्छन् । तन्त्रमा वर्णित सर्ग, प्रतिसर्ग, वर्ण, धर्म, कर्तव्याकर्तव्यको विवेक आदिका स्रोत वैदिक साहित्य नै हुन् । त्यति मात्र नभएर तन्त्रको ब्रह्मविद्या, मन्त्रका वीजहरू पनि वेद वा वैदिक साहित्यवाटै लिइएका हुन् । हो, वेदभन्दा तन्त्र केही उदार छ । अधिकार विवेचनका क्षेत्रमा तन्त्र वेद जतिकै कठोर छैन । जेहोस्, तन्त्रको प्राचीनता वेदसम्म नै पुग्ने हुनाले यसले आफ्नो विकास यात्रामा केही आधुनिकतालाई आत्मसात् गरेता पनि यसलाई अर्वाचीन मान्न सकिँदैन । वेदपछिका पौराणिक साहित्यमा र ऐतिहासिक ग्रन्थमा त तन्त्रका प्रसङ्गहरू अधिकाधिक मात्रामा आएका साक्ष्यहरू उपलब्ध छन् ।

मार्कण्डेय पुराण, अग्निपुराण, महाभारत, श्रीमद्‌भागवत् आदि धेरै पुराणहरूमा तन्त्रका प्रसङ्गहरू उपलब्ध हुन्छन् । तन्त्रमा वर्णित उपासना पद्धतिले अङ्गीकार गरेका विधिविधानभित्र परेका केही कुराको आलोचना पनि भएका छन्, तर यसका शुद्ध सात्विक पक्षको प्राशस्त्य गाइएका पनि छन् । खास गरेर देवताको ब्रह्मभाव, वन्ध-मोक्ष व्यवस्था र यौगिक प्रयोगलाई सबैले रुचाएका छन् ।

वेद र वेदानुमत साहित्यमा तन्त्रका सङ्केतसूत्र मात्र कहीँ प्राप्त हुन्छन् भने, कहीँ यसका विश्लेषण र कहीँ भने यसका विधि-विधानमाथि समालोचना गरिएका पनि छन्- यो आफ्नो ठाउँमा छ । तर यसका साथ साथै प्राचीन वौद्ध साहित्य, जैन साहित्यमा पनि तन्त्रका प्रसङ्ग- आफ्नै प्रकारले अङ्गीकार गरिएका पाइन्छन् ।

पाँच ज्ञानेन्द्रिय, पाँच कर्मेन्द्रिय-जन्य भोगवाट प्राप्त हुने आनन्दको आलोचना प्राचीन वौद्ध साहित्यमा पाइन्छ भने त्यसवेला तन्त्रसम्मत कठोर साधनाको पनि वर्णन पाइन्छ । साथै तन्त्र साधनाबाट पाइने, देखिने चमत्कारको पनि उल्लेख त्यहाँ पाइन्छ । यसको विस्तृत विवेचना डा. कान्तिचन्द्र पाण्डेयले आफ्नो पुस्तकमा गरेका छन् ।[3] जैन साहित्यमा पनि इन्द्रियजन्य भोगवाट प्राप्त हुने आनन्दको आलोचना गरिएको र त्यसवाट टाढा रहेर साधनाका मार्गमा लाग्न निर्देशन गरिएको पाइन्छ । यसवाट पनि तन्त्रको उपस्थिति वौद्ध तथा जैन समयमा चर्चित रहेको प्रमाणित हुन्छ ।

तन्त्र साहित्यको प्राचीनता

तन्त्रको स्रोत सङ्केत वेदमा पाइने हुनाले वेद जस्तै तन्त्र पनि अनादि मान्नु पर्ने कुराको चर्चा माथि नै गरिसकिएको छ । वेदलाई पौरुषेय मान्दा तन्त्र पनि पौरुषेय त भयो तर यो ईश्वर-प्रणीत भएको हुनाले यसको प्राचीनतावारे विवाद नरहेको कुरा पनि चर्चित भैसकेको छ ।

तन्त्रको सुप्रसिद्ध प्राचीन नाम आगम हो । यसै शव्दले यसको ईश्वरनिर्मितता पनि सिद्ध गर्दछ । 'आगम' शव्दमा रहेका आ, ग, म अक्षरका वेग्लावेग्लै अर्थ छन् । आ-वाट=

---

[3] कान्तिचन्द्र पाण्डेय, तन्त्रशास्त्र, ... भारत ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

शिववाट आएको, उपदेश भएको वा वताएको, ग-वाट= गएको, पार्वतीले सुनेको र म-वाट= विष्णुले पनि मानेको भन्ने अर्थ प्राप्त हुन्छ भन्ने प्रसिद्धि छ । शिवले आफ्नै परमार्थरूप ज्ञान-शिवज्ञान, आफू एउटै परव्रह्म परमात्मा भएता पनि आफ्नै स्वातन्त्र्यरूप स्वभाववशात् ईशान, तत्पुरुष, अघोर, वामदेव, सद्योजात पञ्चवक्त्र वा कालाग्निरुद्र समेत्का षड्वक्त्र भएका गुरुको स्वरूप लिएर आफूदेखि अभिन्न आफ्नी शक्ति उमालाई पनि कामेश्वरी, पूर्णेश्वरी, निशेश्वरी, सिद्धेश्वरी, कुब्जेश्वरी, पञ्चमुखी वा वज्रेश्वरी समेतकी षड्मुखी शक्तिलाई शिष्य वनाएर दश भेद-प्रधान शैवआगम, अठार भेदाभेद प्रधान रुद्रआगम र चौसठ्ठी अभेद प्रधान तन्त्रहरूको उपदेश गरेका हुन् । व्रह्मादेखि स्थावरसम्मका अज्ञानी पशुहरूको पाश- अज्ञानलाई हटाउन उपदेश गरिएको यो शिवज्ञान गुरु-शिष्य परम्परावाट अद्यावधिक भएको र विकासका क्रममा यिनैको विश्लेषण, विवेचना विस्तार हुँदै अनेकौं शाखा-प्रशाखाका रूपमा विद्या, सिद्धविद्या, महाविद्या, उपविद्याहरूका नाम लिएर आजसम्म फैलिएको कुरा मनिषी चिन्तकहरूले प्रकाशित गरिसकेका छन् । यो त भयो प्राचीन शास्त्रीय मान्यताको कुरा, अव आधुनिक अनुसन्धाताहरूले आफ्ना शोधकार्यवाट प्राप्त गरेका तथ्यलाई पनि उपेक्षा गर्नु उचित हुँदैन ।

प्राचीनकालमा पनि खास गरेर समाजका तल्ला वर्गले कालीको उपासना गर्दथे ।[4] त्यस्तै धेरै त्यस्ता तान्त्रिक विधान जो आज पनि विकसित रूपमा सम्पन्न गरिन्छन् तिनीहरूको सङ्केत प्राचीन कालका सूत्रहरूमा पनि पाइन्थ्यो । चण्डिका, दुर्गाको पूजा, त्यसमा वलिविधान प्राचीन समयमा पनि हुने गर्दथे । कतिपय कुरा त तल्ला वर्गवाट माथिल्ला वर्गमा पनि सरेको तथ्य शोधकर्ताहरू वताउँछन् । उत्तर हिमाली क्षेत्रमा पनि तान्त्रिक विधान हुने गर्दथे । चीनाचार, महाचीनाचारद्वारा तारा, छिन्ना आदिका उपासना हुन्थे :-तथा नीलसरस्वत्याः स्थानं चीनेषु विश्रुतम ।

-मेरोस्तु पश्चिमे कूले चोलनाख्यो ह्रदो महान् ।

तत्र जज्ञे स्वयं तारा देवी नीलसरस्वती ॥ आदि वचन यसका साक्ष्य हुन् ।

वामाचार कुलाचार आदि चीन, महाचीनवाट आयातित हुन् भन्ने विद्वान्हरूको मत छ । स्वयं शिव नै पहाडका देवता हुन् र उनकी विवाहिता पत्नी पार्वती हिमालयकी पुत्री हुन् । शिवको पूजा नभै शक्तिको पूजा हुन्न, शक्तिका सवै रूप उमा-शिवपत्नीकै विविध स्वरूप हुन् । यिनको पूजनविधि, साधना, उपासना तन्त्रका मुख्य विषय हुन् । तन्त्र विद्याले आफ्ना विकास यात्रामा गौड, मिथिला, गुर्जर, द्राविड विभिन्न स्थानहरूमा आफ्नो वर्चस्व फैलाएको देखिन्छ । हिमाली महाक्षेत्र, चीन, नेपाल, उत्तरी भारत लगायत भारतका अन्य क्षेत्रहरू कश्मीर, वंगाल, द्राविड क्षेत्र सर्वत्र तन्त्रले आफ्नो प्रभाव छोडेको छ । आजसम्म पनि ती क्षेत्रहरूमा तन्त्र दीक्षा, तदनुसार विधिविधानपूर्वक गरिने पूजा, उपासना, साधना, मठ मन्दिरको निर्माण सञ्चालन गरिँदै आएको स्पष्ट देखिन्छ । तन्त्रका ग्रन्थहरूमा शिव-शक्ति पीठहरूको वर्णन पाइन्छ । पीठ स्थापनालाई दक्षयज्ञ, त्यसको विध्वंस, सतीका अङ्गपतन, त्यहाँ शिव र शक्तिको उत्पत्ति, त्यहीं साधनाको सम्पन्नता, यसका चामत्कारिक फलश्रुति आदि कथा, आख्यान, किंवदन्तीका आधारमा अद्यावधि भारतवर्ष (सांस्कृतिक) मा तन्त्र साधनाका केन्द्रहरू प्रसिद्ध र परिचालित छन् । सवका आफ्ना शास्त्रीय पौराणिक

---

[4] तैलिकानां गृहं गत्वा कुम्भकारगृहं तु वा ।
तत्र तत्पतिभिः सार्धं यजेत परमेश्वरीम् ॥ (जयद्रथयामल)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

इतिहास, साधना परम्परा छन्। प्राचीन परम्परा सवैसँग गाँसिएका छन्। यी सवै जनआस्थाका धरातल बनेका छन्। यसै अविच्छिन्न परम्पराले सांस्कृतिक रूप लिइसकेको छ र ठूलाठूला विद्वान् चिन्तकहरू यससँग गाँसिइसकेका छन्।

नेपालको तान्त्रिक परम्परा

नेपालमा तान्त्रिक परम्पराको प्राचीनताको सवभन्दा ठूलो साक्ष्य दक्ष-यज्ञ विध्वंस भएपछि शिवले वोकेर हिंडेको सतीको अङ्ग पतन भएर यो सिद्ध शाक्तपीठ वन्नु नै हो भन्ने मान्नु पर्दछ। सतीको गुहय सर्वप्रथम नेपालमा पतन भएर गुहचेश्वरी सिद्ध शाक्तपीठ भएको वर्णन माघ महिनामा घर-घरै श्रद्धासाथ वाल, बृद्ध, वनिता सबैले पढिने, सुनिने स्वस्थानी कथामा पनि आउँछ। यस प्रसङ्गमा केही अन्य तथ्य प्रकाशनीय छन्-

नेपालस्य काञ्चनाद्रिं ब्रह्मपुत्रस्य सङ्गमम्।
करतोयां समारभ्य यावद्दिक्करवासिनीम्॥
उत्तरस्यां काञ्जगिरिः करतोया तु पश्चिमे।
तीर्थश्रेष्ठा दिक्षु नदी पूर्वस्यां गिरिकन्यके॥
दक्षिणे ब्रह्मपुत्रस्य लाक्षायाः सङ्गमावधिः।
कामरूप इति ख्यातः सर्वशास्त्रेषु निश्चितः॥ (योगिनीतन्त्र)

यस वचन अनुसार नेपाल प्रसिद्ध सिद्ध शाक्तपीठ कामरूपभित्र पर्दछ, जहाँ शास्त्र साधनाले परिपूर्णता पाउँदछ। **कुब्जिकातन्त्र**को सातौं पटलमा नेपाललाई महापीठ मानिएको वर्णन छ। **तन्त्रचूडामणि** र **शाक्तानन्दतरङ्गणी**मा पनि नेपाललाई पचांस शाक्त सिद्धपीठमध्ये यौटा नमनीय पीठ मानिएको छ। त्यही कुरा **ब्रह्मनीलतन्त्र** पनि दोहोर्‍याउँदछ। **रुद्रयामलतन्त्र**ले नेपालमा सतीको दाहिने आँखा खसेको कुरा प्रकाशित गर्दछ। फेरि पीठनिर्णय (महापीठनिर्णय) मा नेपालमा देवीको घुँडा पतन भएको, महामाया भगवतीको आविर्भाव भएर कपाली भैरव विराजमान भएको कुरा वर्णित छ।

- नेपाले जानु मे शिव।
कपाली भैरवः श्रीमान् महामाया च देवता।
फेरि अन्यत्र पीठहरूकै निर्णय गर्ने प्रसङ्गमा -

नेपाले जयदुर्गाख्या तत्र वै तालुकं शिव।
कपाली भैरवस्तत्र महामारी च देवता॥
विशेषतः कलियुगे वसामि चन्द्रशेखरे।

यसरी नेपालमा जय दुर्गा भगवती विराजमान रहेको, देवीको तालुक (तालु) प्रकट भएको, कपाली भैरव र महामारी देवता रहेकोले यो कलियुगमा शाक्त साधनाको केन्द्र नेपाल भएको प्रसङ्ग पाइन्छ, देवीभागवत्मा पनि उल्लेख छ-

'गुहयकाल्या महास्थानं नेपाले यत्प्रतिष्ठितम्' भनेर नेपालमा श्री गुहयकाली विराजमान हुनु भएको वर्णन छ। शिवचरितमा उपपीठहरूमध्येका पीठ नेपालमा रहेको र त्यहाँ देवीको दाहिने जङ्गा (तिघ्रा) पतन भएको, महामाया नवदुर्गाको आविर्भाव भएको र कपाली भैरव विराजमान भएको वर्णन पनि छ।

यतिविधि साक्ष्यहरूले प्रमाणित गर्दछन्- नेपाल प्राचीन कालदेखि शाक्त साधनाको केन्द्र-महापीठ थियो। यहाँ साधना गरेर धेरै साधकले सिद्धि प्राप्त गरे। यहाँ तन्त्र साधनाको ठूलो परम्परा विद्यमान थियो र अद्यावधि छदैछ। यो तथ्य सिद्ध र परिपुष्ट पनि छ। नपालमा प्राचीन समयदेखि शाक्त परम्परा चलिआएको तथ्य परिपुष्टि गर्ने ज्यादै

 Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

महत्त्वपूर्ण साक्ष्य श्रीपशुपति नेपालमा विराजमान हुनु, उहाँको उपासना वैदिकविधिका साथै तन्त्र विधानले पनि हुनु, शिवका पनि मस्तकमा श्रीविद्या-राजराजेश्वरी महात्रिपुरसुन्दरी भगवतीको अर्चना गरिनु आदिलाई पनि मान्नुपर्दछ, नमानी धरै छैन । नेपालको माहात्म्यवोधलाई समुज्ज्वल पार्न र वनाइराख्न महत्वपूर्ण भूमिका निर्वाह गर्ने हिमवत् खण्डमा नेपालमा श्रीपशुपति कोटि कोटि भैरव र योगिनीगणका साथ विराजमान हुनुभएको वर्णन पाइन्छ ।

जगद्‌गुरु श्रीशङ्कराचार्य भगवत्पाद नेपालमा स्वयं आउनुभएको तथ्य वर्तमान इतिहासकारले नमानेता पनि प्राचीन मान्यता अनुसार उहाँ नेपालमा ब्रह्मविद्या विस्तारका क्रममा आउनु भएको थियो । यहाँ आएर अशक्त हुँदा शक्तिको महत्त्व प्रस्फुटित भएको र श्रीगुह्यकालीको स्तोत्र पाठ गरेर शक्ति पुनः पाएको आख्यान प्रसिद्ध छ । श्रीशङ्कराचार्य भगवत्पादद्वारा रचित यस पञ्झटिका-स्तोत्रभित्रै त्यसैका अङ्गरूपले 'द्राविड-वटु-यति-शङ्करनामा' लेखिनु र द्राविड वंशका वटु, यति, शङ्कर, भगवत्पाद नै हुन सक्दछन्, त्यस परम्पराका अन्य शङ्कराचार्य पीठाधीशहरू द्राविड, वटु, यति हुन सक्तैनन् भन्ने कुरा मानिन्छ । त्यही कुरा मानेर पछिका एक शङ्कराचार्य पीठाधीशले श्री पशुपतिमा तान्त्रिक विधिले पूजा चलाएको, श्रीविद्याको सपर्या श्रीपशुपतिका मष्तकमा गर्ने परम्परा चलाएको मान्नु पर्दछ र मानिन्छ पनि । श्री पशुपतिको आजसम्म पनि दाक्षिणात्य, वेद र तन्त्रदीक्षित अर्चकले तन्त्रविधानले श्रीविद्याको अर्चना गर्ने परम्परा चल्दै आएको छ ।

नेपालको ऐतिहासिक तान्त्रिक परम्परा

नेपालको लिखित इतिहासको प्रारम्भभन्दा पहिले पनि नेपालमा पश्चाद्वर्ति (पछिको) विकसित तान्त्रिक परम्परा नरहे पनि यसका सङ्केतहरू त्यसवेला पनि रहेको हुँदा नेपालको ऐतिहासिक तान्त्रिक परम्पराको सुरुआत त्यसैलाई मान्नु पर्दछ । अझ नेपाली समाजका अधिकांश परिवार वेद, वेदानुमत, वेदको अविरुद्ध मान्यता अनुरूप मर्यादामा रहने हुनाले वेद, पुराण, इतिहास, धर्मशास्त्रका मान्यताहरू अनुसार जीवन यापन गर्दथे । त्यसैले स्वाभाविकरूपमा यस धारामा विकसित तान्त्रिकताको प्रभाव नेपाली सामाजिक जनजीवनमा पनि प्रविष्ट भयो र त्यसको समावेशी प्रभाव वढ्दै गयो । मातृ-शक्ति देवताको स्थापना, पूजा, अर्चना, चाडपर्वमा विशेष अर्चना, शक्ति, बल, ऐश्वर्यको प्रार्थना, दुःख निवारण गरिदिने आग्रह, यसको निमित्त विभिन्न भाकल, त्यसको पूर्ति, त्यसै प्रसङ्गमा विभिन्न कर्मकाण्ड, तिनीहरूमा पञ्चमकार सम्मको समावेश, त्यसैवाट सुख-आनन्दको खोजी, परम-पुरुषार्थ मोक्ष सम्मको आकाङ्क्षा, यी सवै विस्तारै-विस्तारै जनजीवनमा समाविष्ट हुँदै गएर जीवनका अभिन्न अङ्ग हुँदै गए ।

नेपालमा लिच्छवीकालमै मानदेवका समयमा उनकी आमा विजयस्वामिनीवाट विजयेश्वरीको स्थापना भएको साक्ष्यले र 'मानदेवकै समयमा शाक्त संप्रदाय पनि यहाँ (नेपालमा) प्रचलित भैसकेको थियो भन्ने कुराको पुष्टि हुन्छ । पछि विशेष गरेर मध्यकालमा शाक्त संप्रदाय खुब लोकप्रिय रहयो' भन्ने अनुसन्धाता धनवज्रका टिप्पणीले नेपालमा तान्त्रिक परम्पराको प्राचीनतातर्फ सङ्केत गर्दछ ।

शिवले अज्ञानी-पशु जीवलाई अज्ञानस्वरूप पशुत्ववाट उन्मुक्ति दिलाउन शिवज्ञान तन्त्रहरूको उपदेश आफ्नी शक्तिलाई गर्नु भएकाले शिवको नामै पशुपति पर्न गएको, यसैले तन्त्र-शास्त्रको आदि गुरु स्वयं शिव र आदि शिष्या उहाँकी शक्ति हुनु भएको, यस्ता पशुपतिको नेपालमा पूजा-उपासना हुनु, अझ उत्तर तर्फको शिवमूर्तिमा त उमा-महेश्वरको

 Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

संयुक्त स्वरूपको पूजा हुनु, नेपालमा तान्त्रिक पाशुपताचार्यको प्रवेश भएर उनीहरूबाट दीक्षित हुने शैव तान्त्रिक विधिविधानमा विशेष आस्था राख्ने कापालिकहरूको अस्तित्व रहेको पाइनु आदि आदि धेरै साक्ष्यहरूले नेपालमा तान्त्रिक परम्परा लिखित इतिहासको प्रारम्भभन्दा पनि पहिलेदेखि नै सुरु भै त्यसपछि पनि यसैको वर्चस्व रहेको पुष्टि हुन्छ। तान्त्रिकहरूले उपासना गर्ने देवता भैरव शिवकै स्वरूप हो, यस रूपमा शिवले मुण्डमाला धारण गरेका हुन्छन्। यसैले "देवो भूत्वा देवं यजेत्" स्वयंलाई देवता-शिव संझेर वा मानेर देवताको पूजा गर्नु भने तन्त्रको निर्देश अनुरूप पशुपतिको उपासना गर्ने पाशुपताचार्यहरू मध्ये केही आचार्यले भैरवका प्रतीक मुण्डमाला उनिएको सिक्री धारण गर्दथे। विशेषतः उपासनाको क्रममा तिनीहरूको कर्मकाण्डहरू पूर्ण तान्त्रिक हुने गर्दथ्यो। तिनीहरू मुण्डश्रृङ्खलिक पाशुपत भनिन्थे। यस्ता पाशुपताचार्य नेपालमा कार्यरत रहेका, त्यति मात्र नभएर दीक्षाकारी गुरुका रूपमा रहेका साक्ष्य विद्यमान छ। यसले पनि प्राचीन समयमा नेपालमा तन्त्रको वर्चस्व रहेको पुष्टि हुन्छ।

तन्त्रका उपासना पद्धतिमा सुरुआतको दीक्षा समयदेखि लिएर उपासना क्रममा पनि[5] गुरुपङ्क्तिको विशेष पूजन तर्पण हुने विधान छ। गुरुपङ्क्तिभित्र सिद्धौघ (सिद्धनाथ गुरुहरूको समुदाय) को महत्त्वपूर्ण भूमिका रहन्छ। नेपाल सिद्ध-नाथसंप्रदायको वाहुल्य रहेको, उनीहरूको उपासना हुने देश हो। सिद्धहरू भैरवलाई मुख्य देवता मान्दछन्, काली पनि उनकी उपास्या हुन्छिन्। उनीहरूको कर्मकाण्ड तन्त्रप्रधान हुन्छ। यसले नेपालमा सिद्धतान्त्रिक परम्परा विद्यामान रहेको देखिन्छ।

शाक्त तान्त्रिक परम्परा त प्रागैतिहासिक समयदेखि सुरु भएर लिच्छवीकाल हुँदै मल्लकालमा पूर्ण विकसित भएको देखिन्छ। मल्लकालमा राजादेखि साधारण व्यक्तिसम्मले तान्त्रिक देवताहरूको प्रतिष्ठा गर्ने, मन्दिरहरूको निर्माण गरी तान्त्रिक कर्मकाण्ड सम्पन्न गर्ने मात्र नभएर आफ्नो जन्मदेखि मृत्युसम्मका संस्कारहरूमा, सुख-दुःखका समयमा, उत्सव, भोज-भतेर, पूजा, चाडपर्वमा तान्त्रिकतालाई प्रतीकरूपमा, प्रत्यक्ष-अप्रत्यक्षरूपमा समावेश गर्दथे। आफ्ना जात-जातिले पाएको अधिकार अनुरूप श्रद्धा र भक्तिपूर्वक तान्त्रिक कर्मकाण्ड सम्पन्न गर्दथे। आफैंले सबै कर्म गर्न असमर्थ भएकाहरूमा आफ्ना पुरोहित ब्राम्हण, देवब्राम्हण, कर्माचार्य, वज्राचार्य, लामाहरूद्वारा आ-आफ्ना परम्परा अनुसार कर्म गराउँदथे। जे होस्, तान्त्रिकतालाई प्राचीन कालदेखि नेपाली जनजीवनले आत्मसात् गर्दै परम्परागत रूपमा अद्यावधि आफ्नो मान्यता र मर्यादाका रूपमा ग्रहण गर्दै आएको छ।

नेपालको तान्त्रिक परम्पराका विधाहरू

नेपालमा धेरै तान्त्रिक परम्पराहरू स्थापित भै सञ्चालित भइरहेका छन्- ती मध्ये प्रमुख शैवतान्त्रिक परम्परा हो। यसभित्र पाशुपत, वीरशैव (जङ्गम), सिद्धान्त शैव, कापालिक, सिद्ध तान्त्रिक परम्पराहरू पर्दछन्। नेपालका विविध जातजाति, वर्गमा यी परम्पराहरूले मान्यता प्राप्त गरेका छन्। शरीरमा भष्म मल्ने अथवा निधारमा भष्मको त्रिपुण्ड धारण गर्ने (यसलाई पाशुपतव्रत भनिन्छ र सन्ध्यापूजा गर्नेले यो व्रत गर्नै पर्ने विधान छ), योग-पाशुपत योग र विधि अपनाउने, सात्मक र अनात्मक दुःखान्तलाई मोक्षका रूपमा स्वीकार गर्ने पाशुपत नेपालमा गृहस्थ पनि छन् र जोगी, सन्यासी पनि छन्, त्यसै परम्परामा रहेका छन्। वीरशैव अनुसार शिवलिङ्ग पूजामा निरत जङ्गमहरूको

[5] दिव्यौघ, सिद्धौघ, मानवौघ, पर, परात्पर, परमेष्ठि, स्वगुरुहरूको पङ्क्ति।

 Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पनि शक्तिविशिष्टाद्वैत परम्परा यहाँ विद्यमान छ। सिद्धान्त शैव दर्शनानुमत परम्परा जसमा पति, पशु र पाश तीन तत्त्वलाई आधारतत्त्व मानिन्छ, यसका अन्य छत्तीस तत्त्वलाई तन्त्रले पनि आत्मसात गरेको त प्रचलित नै छ। कापालिक-अघोरी भनिनेहरूको पनि यहाँ परम्परा नै छ नभने पनि उनीहरूको कर्म यहाँ पनि चल्दछन्। गोरक्षनाथ, मत्स्येन्द्रनाथ, मीननाथ आदिको सिद्ध परम्परा त नेपालमा छँदैछ, जसका अनुयायीहरूलाई कानफट्टा जोगी भनिन्छ। उनीहरू विभिन्न शक्ति केन्द्रहरूमा तन्त्र विधिले कर्मकाण्ड सम्पन्न गर्दछन्। उनीहरूका गुरु-पङ्क्तिको पूजन विषयमा त माथि पनि चर्चा भैसकेको छ- जसलाई तान्त्रिक उपासनामा अत्यन्त ग्राह्य र अनिवार्य मानिएको छ।

दोस्रो शाक्त तान्त्रिक परम्परा हो। यो त झन् नेपालमा ज्यादै गहिरोसँग जरैसम्म गाडिएको छ। हुन त शाक्त तान्त्रिक परम्परा शैव तान्त्रिक परम्परा नङ र मासु जस्तै मिलेका छन्। शैव मन्त्रको दीक्षा विना शाक्त दीक्षा लिनु हुँदैन, फलीभूत हुँदैन। शिवपूजन पछि मात्र शक्तिपूजन प्रशस्त हुन्छ, तैपनि शाक्त तान्त्रिक परम्पराको यौटा छुट्टै पहिचान छ। प्राचीन वर्णव्यवस्थामा त्रैवर्णिक- ब्राम्हण, क्षत्रीय र वैश्यले शाक्त तान्त्रिक मन्त्रको दीक्षा लिने, अन्तर्याग- सन्ध्या र वहिर्याग- वाहयपूजन गर्ने, नित्य, नैमित्तिक र काम्य अर्चना सम्वन्धी कर्मकाण्डमा मान्यता राख्ने गर्दछन्। उनीहरूको व्रतवन्ध हुन्छ, गायत्री-सावित्री लिएर शाक्त उपासना गरिन्छ र पछि वीजमन्त्रको दीक्षा ग्रहण गरी शाक्त देवताको पूजा उपासना गरिन्छ। त्यति मात्र होइन शूद्रहरूले पनि शाक्त देवताका मन्दिरमा रहेर सेवा प्रदान गर्न पाउने यहाँ परम्परा छ। सात्विक, राजस र तामस उपासना यहाँका दीक्षितहरूले आ-आफ्ना अधिकार अनुसार सम्पन्न गर्दछन्। यहाँ दुर्गोत्सव, लक्ष्मीपूजन, विविध अन्य साधना तन्त्रका विधि-विधानले सम्पन्न गरिन्छन्। यहाँ कुलदेवता मष्टो, देवीहरू, रुमाल, खुमाल आदि देवताको पनि तान्त्रिक विधिले पूजा गर्ने परम्परा रहेको देखिन्छ। यहाँका विभिन्न जात्रा-पर्वहरू, उत्सवहरू, मनोरञ्जक गीत, नृत्यहरू तन्त्रसँग घनिष्ट सम्वन्ध राख्दछन्। संस्कारहरू तन्त्रसँग सम्वद्ध छन्। छोटो शव्दमा भन्दा नेपाली जनजीवन समग्ररूपमा तन्त्र प्रभावित छ। समस्त नेपालीको यहाँ कुरा गरिएको होइन तापनि जो वैदिक र हिन्दू एवं वौद्ध वज्रयानी र वैष्णव पनि छन्, तिनीहरूको जीवन कुनै न कुनै रूपमा तन्त्रसँग जोडिएको छ र ती तान्त्रिक परम्पराले आवद्ध छन्। शैव र शाक्त परम्परा मात्र होइन, नेपालमा अन्य तान्त्रिक परम्परा पनि प्रचलित छन्। ती हुन् वैष्णव तन्त्र परम्परा र वौद्ध तन्त्र परम्परा।

विष्णु र कृष्णलाई पौराणिक देवताका रूपमा मानेर तिनीहरूको उपासना पौराणिकै पद्धतिवाट गर्ने परम्परा त छँदैछ, त्यसमा पनि **पाञ्चरात्र आगम, गौतमीय तन्त्र- जयाख्य संहिता, विश्वामित्र संहिता, प्रपञ्चसार** आदि तन्त्र ग्रन्थका आधारमा लक्ष्मी-नारायण, कृष्ण आदि देवताको उपासना गर्ने परम्परा पनि नेपालमा पाइन्छ। त्यसैसँग सम्वद्ध कुरा नृसिंह र हनुमान्का तान्त्रिक उपासना परम्परा पनि नेपालमा रहेको साक्ष्य विद्यमान छ।

वौद्ध तान्त्रिक परम्परा त नेपालमा झन् गहिरो रूपमा अनुस्यूत रहेको छ। शाक्त तान्त्रिक परम्परा र वौद्ध तान्त्रिक परम्पराका पावन धारा नेपालमा उतिकै महत्त्व र आस्था वटुल्दै निरन्तररूपमा प्रवाहमान छन्। वुद्धको परिनिर्वाणपछि वुद्धका शिष्यहरूले विभिन्न सङ्गीतिका माध्यमवाट वुद्धवचनहरूको व्याख्या विश्लेषण गर्दै महायान धर्मको विकास गरे। स्थविरवादमा मूर्तिपूजाले प्रश्रय नपाए पनि महायानमा देवीदेवताहरूको वाहयपूजा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उपासना यज्ञयागादिको महत्त्व निकै रहेको पाइन्छ । **गुह्य समाजतन्त्र, हेवज्रतन्त्र** आदि मूल तन्त्रग्रन्थका आधारमा विभिन्न देवी देवताको उपासनाबाट निर्वाण लाभ गर्न सकिने वौद्धतन्त्रयान अन्तर्गत वज्रयानको विकास भए पछि बौद्ध तान्त्रिक परम्पराको अनुगमन धेरैले गरे र यस परम्पराको लोकप्रियता निकै वढ्यो । आजसम्म पनि बज्राचार्य गुरुहरूको धार्मिक नेतृत्वमा यो परम्परा लोकमा व्यापकरूपमा फैलिएको छ ।

त्यतिमात्र होइन, त्यसभन्दा पनि बढी अर्को कालचक्रयानको पनि विकास भैसकेको छ र खास गरी यसको परम्परा तिव्वती उपासकहरूमा देखिन्छ । वज्रयान र कालचक्र यानले योग-षडङ्गयोगलाई पनि आफ्नो उपासनामा आत्मसात् गरिसकेको छ । यसले वौद्ध तान्त्रिक परम्पराको उच्चता र उत्कर्षलाई समुन्नत वनाएको छ ।

नेपालका प्रमुख तान्त्रिक उपासना केन्द्रहरू

१. सर्वप्रथम त श्री पशुपतिलाई लिऔँ- उहाँको उपासना नेपालमा प्रमुख रूपले हुन्छ । श्री पशुपतिको नित्य नैमितिक र अन्य पूजा प्रमुख रूपले वैदिक पद्धतिबाट र त्यसैमा मिसाएर तन्त्र पद्धतिबाट पनि हुने गर्दछ । अर्थात् वैदिक र तान्त्रिक दुवै पद्धति मिसिएको मिश्रित पद्धतिबाट हुन्छ । श्री पशुपतिमा प्रयोग हुने पूजा पद्धतिमा तान्त्रिक वीजहरू समाविष्ट हुनु र उहाँकै मष्तकमा श्री विद्याको पूजा हुनु यसको प्रमाण हो । यो पूजा तन्त्रमा अधिकार सम्पन्न भारतका दाक्षिणात्य भट्ट ब्राम्हणलाई झिकाई स्थानीय विशिष्ट दीक्षा समेत दिएर उनीहरूबाट गराइने गरिन्छ । यस्तो पूजा प्रक्रिया श्री शङ्कराचार्य पीठाधीश स्वामीबाट चलाइएको हो भन्ने ऐतिहासिक प्रमाण पाइन्छ ।

२. श्री पशुपतिनाथका अतिरिक्त उहाँका मूल मन्दिरका परिसर भित्रै अन्य तान्त्रिक देवीदेवताहरूको पनि प्रतिष्ठा भई पूजाआजा चलेको पाइन्छ । यसमा प्रमुखरूपले श्रीवत्सलादेवी प्रधान छन् । श्री वत्सलालाई श्री पशुपतिकी शक्ति, वात्सल्ययुक्त करुणामयी अन्नपूर्णाका रूपमा पनि पूर्ण तान्त्रिक पद्धतिबाट पूजा गरिन्छ । श्री वत्सलाको पूजाका साथ यहाँ तान्त्रिक विधिविधानले गरिने उत्सव यात्राहरू पनि चल्दछन् र यसको घनिष्ट सम्वन्ध श्री पशुपतिसँग छ । यो पूजा विशेषतः कर्माचार्यबाट सम्पन्न गराइन्छ ।

३. अन्य तान्त्रिक देवी-देवतामा सप्तमातृका, उन्मत्त भैरव, कीर्तिमुख भैरवका साथै राजराजेश्वरी, तुलजा, मनमानेश्वरी, कोटेश्वरी, झङ्केश्वरी, वज्रेश्वरी, जयवागीश्वरी, भुवनेश्वरी र गुह्येश्वरी यी नव भवानीको पूजा र महामाया, आकाश भैरव, हेमन्त भैरव छन् जसको पूजन तान्त्रिक विधि-विधानबाट मुख्यतः देवब्राम्हणहरू एवं कर्माचार्यहरूबाट सम्पन्न हुन्छन् ।

४. त्यसै नजिक श्री गुह्येश्वरी- श्री गुह्यकालीको महापीठ छ । त्यहाँको पूजा पूर्ण तान्त्रिक पद्धतिबाट तन्त्रमा दीक्षित कर्माचार्यहरूद्वारा हुन्छ । यो ज्यादै मान्यता प्राप्त सिद्ध तान्त्रिक पीठ हो । यिनलाई परव्रह्म श्री गुह्यकाली निर्गुण रूपमा, सगुण रूपमा सर्वसिद्धिदात्री आदिविद्या उत्तराम्नायकी अधिष्ठात्री मानिन्छ । नेपालको तन्त्र-परम्परामा यिनका उपासनाको विशिष्ट स्थान छ । यो पूजा मन्दिरमा हुनुका साथै धेरै परिवारमा यिनको दीक्षा लिने दिने र अन्तर्याग-वहिर्याग आदि सम्पन्न गर्ने परम्परा रहेको पनि पाइन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

५. नेपालको तान्त्रिक उपासना त्यो पनि ज्यादै विशिष्ट रूपले पूजा हुने देवता तलेजु - तुलजा भवानी पनि हुन् । यिनको उपासना काठमाडौं, भक्तपुर, ललितपुर तीनै सहरहरूमा रहेका मन्दिरमा विशिष्टरूपले हुनुका साथै अन्य सहरहरूमा पनि गरिन्छ । पहिले नेपालमा धेरै राज्यहरू हुँदा सबै राज्यमा तुलजालाई राष्ट्रदेवीका रूपमा प्रतिष्ठा गरेर पूजा गर्ने परम्परा थियो । यिनलाई सुरुमा मल्ल राजाहरूले खुब मान्थे र यिनको मान्यता आज पनि यथावत् नै छ । यिनका मन्दिरहरू पुराना सहरहरूमा पाइन्छन् ।

६. दक्षिणकालीका उपासनाले नेपालमा ठूलो मान्यता पाएको छ । मन्दिरमा उनको नित्य, नैमित्तिक पूजा कर्माचार्यद्वारा हुन्छ र यिनको दीक्षा लिई तान्त्रिक पूजा गर्ने परम्परा विभिन्न नेपाली परिवारमा पनि प्रचलित छ । यिनलाई इष्ट देवता मानेर उपासना गर्ने परम्पराले नेपालमा विशिष्ठ स्थान पाएको छ ।

७. नेपालमा ब्राह्मी, माहेश्वरी, कौमारी, वैष्णवी, वाराही, इन्द्राणी, चामुण्डा र महालक्ष्मी यी आठ मातृकाहरूका स्थान-स्थानमा मन्दिरहरू बनाई स्थापना गर्ने र उनको उपासना तान्त्रिक पद्धतिवाट गर्ने गराउने परम्पराले नेपालमा विशिष्ट स्थान पाएको छ । काठमाडौं, पाटन र भक्तपुर तीन सहरका साथै अन्य सहरहरूमा पनि मन्दिर निर्माण गर्दा नगरको रक्षा यिनीहरूले गरुन् भन्ने मान्यताका साथ प्रतिष्ठा पूजा गर्ने र गरिआएको परम्परा नेपालमा छ । व्रतवन्ध, विवाह जस्ता ठूला-ठूला संस्कार गर्दा र ठूला पूजाहरू गर्दा मातृका, योगिनीहरूको पूजा गर्ने परम्परा पनि तान्त्रिक वा तन्त्रसंमत नै हो ।

८. स्थान स्थानमा गणेश र भैरवहरूको स्थापना गर्ने र उनको पूजा उपासना जनस्तरमा पनि तान्त्रिक पद्धति र उपचारले गर्ने परम्परा नेपालमा धेरै देखिन्छ ।

९. नेपालको तान्त्रिक उपासना परम्परामा चामुण्डाको पनि ज्यादै विशिष्ट स्थान छ । चामुण्डाका विभिन्न स्वरूप-नामहरू छन् र यिनलाई काली भनिने गरिन्छ । दक्षिणकाली, श्वेतकाली-नरदेवी, भद्रकाली (लुंमरी), कंकेश्वरी, रक्तकाली, श्रीकाली, हरिसिद्धिकाली, महाकाली आदि सबै चामुण्डाकै विशेष स्वरूप हुन् । यिनका पूजाहरू पनि तान्त्रिक विधिले र यसै उपचारले गरिने नेपालको परम्परा छ ।

१०. नेपालमा भैरवहरूको पनि स्थापना पूजा हुने परम्परा विद्यमान छ । आनन्द भैरव, उन्मत्त भैरव, कीर्तिमुख भैरव, शिखा स्वच्छन्द भैरव, काल भैरव, आकाश भैरव, श्वेत भैरव, पचली भैरव, टीका भैरव, बाघ भैरव आदि प्रसिद्ध छन् । यिनीहरू सबैको उपासना तन्त्र विधिवाट गर्ने परम्परा छ । अष्टमातृकासँग अष्ट भैरवको पूजा जुनसुकै तान्त्रिक पद्धतिमा पाइन्छ र दशमहाविद्याहरूको पनि आ-आफ्ना दश भैरवहरूका साथमा पूजा हुन्छ । इन्द्रोत्सव (इन्द्रजात्रा) मूलतः वैदिक भएता पनि यस प्रसङ्गमा स्थान-स्थानमा भैरव मूर्तिहरूको प्रदर्शन, पूजा तन्त्र सम्मत नै हुन्छ ।

११. दश महाविद्याहरू- दक्षिणकाली वा गुह्यकाली, तारा, षोडशी (त्रिपुरमहासुन्दरी), भुवनेश्वरी, भैरवी- त्रिपुरभैरवी, छिन्नमस्ता, धूमावती, बगलामुखी, मातङ्गी र कमला (लक्ष्मी) हरूको पूजा मन्दिरहरू बनाई सम्पन्न गर्ने परम्परा त नेपालमा छँदैछ, त्यसभन्दा पनि वढी यिनीहरूको तान्त्रिक दीक्षा लिने दिने र पूजा उपासना गर्ने परम्परा पनि नेपाली परिवारमा पाइन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

१२. महाकाली, महालक्ष्मी, महासरस्वतीको उपासना त सवै नै तान्त्रिकहरूया तन्त्रमा दीक्षित व्यक्तिले सप्तशती (चण्डी) को पाठ-पूजा सवै शाक्त मन्दिर र शक्ति पूजक घरहरूमा गर्ने परम्परा नेपालमा व्यापक छ। उग्रचण्डी आदि नवदुर्गा, शैलपुत्री आदि नवदुर्गा, ब्राह्मी आदि नवदुर्गाको पूजा हुने परम्पराको साक्षी त दशैंको मान्यता र त्यसवेला हुने उपासना नै हुन्।

१३. फेरि कुमारी पूजाको पनि अतिशय मान्यता नेपालमा छ। कुनै पनि ठूलो शाक्त पूजा कुमारी पूजन विना पूर्ण नहुने तन्त्रको वचन अनुसार नेपालका मन्दिरहरूमा कुमारी पूजन गर्ने र दुई वर्षदेखि दश वर्षसम्मका नौ कन्यालाई वा तिनीहरूका प्रतीकका रूपमा रजस्वला नभएकी एउटै कन्याको पूजा गर्ने परम्परा धेरैतिर छ। कान्तिपुर, ललितपुर, भक्तपुर तीन सहरमा र अन्य सहरहरूमा पनि जीवित कुमारीलाई प्रतिष्ठित गरी तान्त्रिक पद्धति र उपचारले पूजा गर्ने यहाँको विशिष्ट परम्परा हो। नेपालका जीवित कुमारीको मान्यता नेपाल आउने विदेशी पर्यटकहरूले पनि वडो चाखपूर्वक अवलोकन गर्दछन्।

१४. नेपालका प्रमुख उपासना केन्द्रहरूमा गोरखा जिल्लामा रहेकी मनकामना देवी र गोरखकाली भगवतीको पनि विशिष्ट स्थान छ। त्यहाँ पनि मनकामनामा मगरहरूद्वारा र गोरखकालीमा भट्टराई ब्राह्मणद्वारा तान्त्रिक विधिवाट पूजा गर्ने परम्परा छ। गोरखामै गोरक्षनाथ सिद्धपीठमा कानफट्टा सिद्धनाथहरूले तन्त्रविधिवाट पूजा गर्दछन्।

१५. देशका विभिन्न भागहरूमा पहाडका लेकहरूमा पहिले कोटहरू वनाई त्यहाँ काली, भैरव आदि तान्त्रिक देवताहरूको स्थापना गर्ने, उनीहरूको पूजाआजा गर्ने र उनीहरूका शक्तिले, प्रसादले राज्य शक्ति प्राप्त गरी राज्य गर्ने राजाहरूको परम्परा थियो, ती कोटहरू आज पनि पाइन्छन्। किसानहरू किसानीको अभिवृद्धिका लागि भूमिदेवीको पूजाआजा आज पनि गर्दैछन्, त्यो पनि तान्त्रिकतासँगै सम्वद्ध छन्। देशका विभिन्न नदीनालाहरूको नाम पनि तान्त्रिक देवताका नाममा विद्यमान छन्। यी त प्रमुख तान्त्रिक उपासना क्रममा हुने तन्त्रपूजाका परम्परा भए। यस्ता धेरै अरु तान्त्रिक परम्परा अनुसार चल्ने पूजाहरूले नेपालमा मान्यता पाएका छन्। दशैंका दश दिनसम्म शक्ति मन्दिरहरूमा र घर-घरै हुने शक्ति पूजाले नेपालमा जरो गाडेको छ।

१६. नेपालका वौद्ध धर्मावलम्वी महायानी, तन्त्रयानी-वज्रयानीहरूले पनि वज्रयोगिनी (फर्पिङ), खड्गयोगिनी (साँखु), आकाशयोगिनी (विजयेश्वरी), नैरात्म्ययोगिनी (गुह्यश्वरी) मानी तन्त्रविधिले पूजा गर्नुका साथै स्वयम्भूकी हारती, काठमाडौंका महाकाल भैरव र महारोषण भैरव (सङ्कटा) आदि र अन्य शाक्त पीठमा पनि वौद्ध तान्त्रिक विधिद्वारा पूजा उपासना गर्ने परम्परा प्रचलित छ। नेपालका प्रसिद्ध मत्स्येन्द्रनाथको पूजा त तन्त्र-विधिवाट हुने कुरा प्रसिद्ध नै छ। वौद्ध पद्धतिमा तीन सहरकी जीवित कुमारीको पूजन पञ्चबुद्ध वनेर चर्या नृत्य समेत गर्दै तान्त्रिक विधिवाट गर्ने परम्परा रहेको पाइन्छ। नेपालका वज्रयानीहरू आफ्ना गुरुपुरोहित वज्राचार्यहरूद्वारा तन्त्र मार्गका व्रत, उपासना, पूजा, योग गर्ने गराउने गर्दछन्।

१७. नेपालमा तान्त्रिक उपासना केन्द्रहरूमा नै र तीसँग सम्वद्ध क्षेत्रहरूमा तन्त्रसँग सम्वद्ध जात्राहरू पनि प्रचलित छन्। जसमध्ये प्रमुखरूपमा गणेश, भैरव, कुमारी रथयात्रा, गाईजात्रा, त्रिशूल जात्रा, वत्सला जात्रा आदि जात्राहरू र अन्य नवदुर्गा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नृत्यहरू नृसिंहनृत्यका जात्राहरू पनि पर्दछन् । यी सबैको यहाँ चर्चा गर्नु सम्भव छैन । छोटो रूपमा प्रस्तुत यी त सङ्केत मात्र हुन् ।

नेपालका प्रमुख तन्त्र साहित्य

१. तन्त्रोक्त साधनाका सम्पूर्ण गतिविधिहरू गोप्य मानिन्छन् । यसैले ती साधनासँग सम्बद्ध ज्ञान र कार्मकाण्ड विशेषतः देवताका स्वरूप र तिनका मन्त्रहरू एवं प्रयोग विधिलाई वताउने तन्त्रहरू पनि गोपनीय नै राख्नुपर्ने निर्देश छ । यतिसम्म कि तन्त्रसाहित्यलाई आफ्नी आमाको जार जस्तै, आफ्नै यौन इन्द्रिय जस्तै र कुलवधू जस्तै गोपनीय राख्नुपर्ने कुरा गरिएको पाइन्छ । कसैले तन्त्र शास्त्रको पुस्तक लेख्ने साहस गर्दैन, लेखे पनि प्रकट गर्दैन, प्रयोग गरेको साहित्य-पद्धति आदि पनि गोप्य नै राख्दछ । मन्त्रहरूलाई त प्रतीकशब्दहरूले इङ्गित गरिन्छ । यो तन्त्र विद्याको सामान्य प्रवृति हो । तैपनि पूजाका निमित्त पद्धतिहरू तैयार गरिए । तिनीहरूको प्रामाणिकताका लागि समेत् तन्त्रग्रन्थको पनि उल्लेख हुनु त पर्दथ्यो, तर त्यो पद्धतिमा प्रायः पाइँदैन । केवल प्रक्रिया र त्यसका मन्त्र ध्यानहरू मात्र पाइन्छन् । त्यस्ता पद्धतिहरू नेपालका अभिलेखागार, पुस्तकालय, मठ-मन्दिर, व्यक्तिगत सङ्ग्रहहरूमा प्रशस्त पाइन्छन् ।

२. मूल तन्त्रग्रन्थहरू जो संस्कृतमा छन् तिनीहरूका प्रतिलिपिहरू वनाइएका साहित्य पनि धेरै नै उपलब्ध छन् । त्यस्ता उतार साहित्यमा “यथा दृष्टं तथा लिखितम्, मम दोषो न वर्तते” (देखिए अनुसार लेखें, त्यसमा मेरो दोष छैन) प्रायः अन्तमा लेखिएका हुन्छन् ।

३. कुनै तन्त्रका सङ्ग्रह ग्रन्थहरू लेखिएका छन् । स्रोत ग्रन्थको उल्लेख गर्दै वा नगरिकन पनि सङ्ग्रह गरिएका ग्रन्थहरूको समष्टिरूपका साहित्य पनि अनेकौं छन् ।

४. देवताका स्तुतिसाहित्य, प्राचीन स्तोत्रका व्याख्याहरू, टीका ग्रन्थहरू नेपालीमा पनि प्रशस्त उपलब्ध हुन्छन् । ती मध्ये कुनै पुस्तकका रूपमा कुनै अभिलेख (ताम्रपत्र, शिलापत्र स्तम्भ-लेख) आदिका रूपमा उपलब्ध हुन्छन् । श्री पशुपतिमा अष्टपुष्पिका कमल चढाउँदा जयदेवले गरेका स्तुति, राजा प्रताप मल्लले आफ्ना अभिलेखहरूमा अङ्कित गरेका स्तुतिहरू प्रसिद्ध छन् ।

५. प्रताप मल्लकै समयमा अझ अलि अघि भनौं मिथिलाका नरसिंह ठाकुर जसले श्रीगुह्येश्वरीको स्थान प्रकाशित गरी, सौन्दर्यलहरी टीका शङ्कराचार्यको वनाएका छन् ।

६. राजा प्रतापमल्लका नाति भूपालेन्द्र मल्लका माहामात्य नवमी सिंह भण्डेल (राजभण्डारी) ले केही स्वतन्त्र ग्रन्थको निर्माण गरेका छन् । ती सबै संस्कृतमा छन् । ती हुन्- चालीस प्रकाशमा विस्तारित सङ्ग्रह ग्रन्थ **तन्त्रचिन्तामणि, कुलमुक्तिकल्लोलिनी, पुष्परत्नाकर, चण्डी भक्ति विनोदिनी** आदि । तन्त्रका विविध विधामा स्वतन्त्र ग्रन्थ निर्माण गर्ने नवमीसिंह यतापट्टि कदम वढाउने संभवतः प्रथम व्यक्ति हुन् भन्नु पर्दछ ।

७. त्यसपछि राजा प्रतापसिंह शाह, जो प्रसिद्ध तन्त्र साधक पनि थिए, उनले **पुरश्चर्यार्णव** सङ्ग्रह ग्रन्थ लेखे । यसको प्रयोग तन्त्र साधनाका लागि नेपालमा प्रायः गर्ने गरिन्छ ।

८. त्यसपछिका प्रसिद्ध तन्त्र साधक धनशमशेर ज.ब.रा.हुन् जसले संस्कृतका स्तुति साहित्यका साथै केही नेपाली भाषाको र यौटा हिन्दी भाषाको तन्त्रग्रन्थको रचना गरेका छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

धनशमशेर ज.ब.रा.का **तान्त्रिक साधना दर्पण** (२ भाग) हिन्दीमा, **बृहत्पुरश्चर्यार्णव** (पुरानो पुरश्चर्यार्णवको परिस्कृत र परिवर्धित संस्करण चार भाग संस्कृतमा, **निगमागमबैज्ञानिकसार, प्रबुद्ध सनातनरहस्य, कामकलारहस्य, मातृकोपासनादर्पण, कुलार्णवरहस्य, तान्त्रिकविज्ञान दर्पण** (यी नेपाली भाषामा) छन् । यिनका साथै राणाले चण्डी पत्रिकासँग सम्वद्ध भएर केही तान्त्रिक रचना पनि प्रकाशित गरेका छन् । राणाले संस्कृत, नेपाली र हिन्दी भाषामा तन्त्र साहित्य प्रदान गरेर तन्त्र साधनाको क्षेत्रलाई ठूलो गुण लगाएका छन् ।

९. यिनै पङ्क्तिका लेखक स्वयं विद्यानाथ उपाध्याय भट्टले अनेकौं पत्र पत्रिकाहरूमा तन्त्रका धेरै लेख लेखी प्रकाशित गर्नुका साथै, रेडियो, टेलिभिजन जस्ता मिडियावाट पनि तन्त्रसम्वन्धी अन्तर्वार्ता दिई तन्त्रका ज्ञानराशिलाई प्रकाशमा ल्याएका छन् । उनका प्रकाशित ग्रन्थहरूमा नवमीसिंहको तन्त्र चिन्तामणि पूर्वभाग (१-१० प्रकाश) को सम्पादन (जसमा तन्त्र सम्वन्धी लामो भूमिका छ ।) **तन्त्रविद्यालोक** (लेखसङ्ग्रह) र **अक्षमालातन्त्र** (प्रश्नोत्तर पद्धतिमा पद्यवद्ध प्राचीनशैलीमा रचित र यी दुवै ग्रन्थ नेपाली भाषाका) हुन् ।

१०. नेपालका राष्ट्रिय अभिलेखालय, केशर पुस्तकालय, आशा सफू कुथी अन्य व्यक्तिगत सङ्ग्रहमा हस्तलिखित रूपमा आज पनि नेपालीले लेखेका, नेपालमा लेखिएका, नेपालका तान्त्रिक देवताहरूका साधना विधिसँग सम्वद्ध तन्त्र साहित्य उपलब्ध छन् । तर अनुसन्धान, शोधखोजका अभावमा प्रकाशमा आउन पाएका छैनन् । तिनको शोधात्मक सम्पादन र प्रकाशनको अपेक्षा छ । यसै वीच-दण्डपाणि अर्ज्याल स्मृतिकेन्द्रवाटै 'दशमहाविद्या' नामक पुस्तक प्रकाशित भएको छ ।

नेपालको तान्त्रिक परम्परामा प्रभावकारी दर्शनहरू

दर्शनले धर्मलाई स्थिर आधार प्रदान गर्दछ । दर्शनविना धर्म स्थिर नहुने कुरा त छँदैछ, यो प्रभावकारी पनि हुँदैन । दर्शन जति गहन चिन्तनपूर्ण हुन्छ, विश्लेषणात्मक हुन्छ र तात्विक विवेचनायुक्त हुन्छ । त्यसमा आश्रित र त्यसवाट प्रेरित वा निर्दिष्ट धर्म त्यत्तिकै स्थिर र प्रभावकारी भएर यसले लामो समयसम्म परम्परागत निरन्तरता प्राप्त गर्न सक्दछ । यो प्रमाणित सत्य हो । नेपालको तान्त्रिक परम्परामा मर्यादित मान्यता प्राप्त धर्मका आधारका रूपमा पनि केही दर्शनहरू विकसित छन् । ती हुन्- नकुलीश पाशुपत, सिद्धान्तशैव, वीर शैव र शक्ति विशिष्टाद्वैत्त, प्रत्याभिज्ञा, क्रम र कुलदर्शन । यी दर्शनहरूले नेपालको शैवशाक्त परम्परामा प्रभावकारी भूमिका निर्वाह गर्दछन् । यस्तै महायान, वज्रयान, कालचक्रयानभित्रका दर्शनहरूले नेपालको वौद्ध तन्त्र परम्परामा गहिरो प्रभाव पारेका छन् । गोरक्ष दर्शनले नेपालको सिद्ध तान्त्रिक परम्परामा सशक्त प्रभाव राख्दछ । नेपालको वैष्णव तान्त्रिक परम्परामा पञ्चरात्र दर्शनले ठूलो प्रभाव पारेको स्पष्ट देखिन्छ ।

नेपालको तान्त्रिक परम्परा भनेका शैव, शाक्त, वैष्णव र वौद्ध तान्त्रिक परम्परा नै मुख्य मानिन्छन् । यिनीहरूलाई उपर्युक्त दर्शनहरूले प्रभाव पारेका छन्, स्थिरता प्रदान गरेका छन् अर्थात् ती दर्शन नै नेपालको तान्त्रिक परपम्पराका आधार हुन् ।

तान्त्रिक सिद्धि, केही सिद्ध तान्त्रिक र तन्त्र साधकहरू

तान्त्रिक साधनाको प्रयोजन हो देवतालाई खुसी पारेर उनको कृपा प्राप्त गर्नु, यसवाट आफ्नो इष्ट- भोग वा मोक्ष पाउनु । यसका अतिरिक्त आफू शक्तिशाली बन्न

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पनि कोही तान्त्रिक सिद्धि प्राप्त गर्न चाहन्छन् । सिद्धि यस प्रकारका छन्- अणिमा (सबभन्दा सानो हुनु) । महिमा (सब भन्दा ठूलो हुनु), लघिमा (सबभन्दा हलुको हुनु), गरिमा (सबभन्दा गह्रौं हुनु) प्राप्ति (चाहेको ठाउँमा पुग्नु), प्राकाम्य (चाहेको कुरा पाउनु), ईशित्व (सबैको मालिक हुनु) र वशित्व (सबैलाई वशमा राख्नु) । यसमा बाधा पार्नेहरूलाई मारण, मोहन, स्तम्भन, उच्चाटन, विद्वेषण र वशीकरण यी षट्कर्मद्वारा समाप्त पार्नु वा रोक्ने क्षमता हासिल गरी कर्म गर्न चाहन्छन् । तन्त्र साहित्यमा यिनीहरूको वर्णन, मन्त्र प्रयोग विधि सब छन् तापनि यिनीहरूको प्रयोग साधारणतया निषिद्ध मानिएको छ ।

प्रमुख सिद्धि त भक्तिद्वारा शुद्ध तान्त्रिक प्रयोगबाट देवताको कृपा प्राप्त गर्नु नै हो । देवता प्रसन्न भए सबैकुरा पाइन्छ, सिद्ध हुन्छ, सबै कुरा अनकूल हुन्छन् । भोग र मोक्ष दुवै पाइन्छन् । यसैका निमित्त तान्त्रिक प्रयोग हुन्छन्, साधना हुन्छ र सज्जन साधक यही गर्दछन् । नेपालमा केही सिद्ध तान्त्रिकहरू थिए र उनीहरूलाई तन्त्र सिद्धि प्राप्त थियो । देवता उनका अनुकूल थिए, अझ भनौं वशमा नै थिए । तर उनीहरू कसैको अनिष्ट चिताउँदैन थिए, चिताउने स्वतः नष्ट भए वा उनको अनिष्ट भयो । नेपालमा यस्ता तान्त्रिकहरू थिए, जसले मन्त्र प्रयोगबाट देवतालाई वशमा पारेर आफूले भने जस्तो गराउन सक्दथे । देवतासँग कुरा गर्थे, खेल खेल्थे, आफ्नो परिवारको, समाजको रक्षा गराउँथे । तान्त्रिक कवचपाठ गरेर, धारण गरेर आफ्नो रक्षा गर्दथे, आज पनि गरिन्छ । खास गरेर मल्लकालमा नेपालमा यस्ता कर्म गर्ने सिद्धहरू विद्यमान थिए भन्ने अनुभवी वूढापाका- "आप्त" हरूको भनाइ छ र यो कुरा बंशावलि आदिमा यत्रतत्र लेखिएको पनि छ । यी किंवदन्तीहरू वैदिक तान्त्रिक परम्परामा र बौद्ध तान्त्रिक परम्परामा दुवै तिर इतिहास र जनश्रुक्तिका रूपमा प्रसिद्ध छन् र यसमा विश्वास पनि गर्ने गरिन्छ ।

१. गोरक्षनाथ सिद्धले वर्षा गराउने नागहरूको आसन वनाएर वर्षा रोकेका थिए र पछि गुरु मत्स्येन्द्रनाथलाई तान्त्रिकहरूले कामरूपबाट ल्याएर उनको स्वागतार्थ उठ्दा नागहरू फुत्केर वर्षा गराएको प्रसङ्ग ।
२. बन्धुदत्त आचार्यले भुवनेश्वरीमा पुत्रको वलि हुँदा बचाउन अमृत लिएर आउँदाको त्रिशूल जात्रासँगको प्रसङ्ग ।
३. महाकाल भैरव आकाशमा उडेको देखेर तन्त्र विद्याले उनलाई वशमा पारेर प्रतिष्ठित गराएको प्रसङ्ग ।
४. शिवसिंह मल्ललाई नारायण भट्टले अनेकौं चमत्कार- औंसीमा चन्द्रमा देखाएर कीर्ति फैलाएका प्रसङ्गहरू ।
५. प्रताप मल्लका तान्त्रिक गुरु लक्ष्मीनारायण भट्ट (लम्वकर्ण भट्ट)ले हनुमान्लाई लड्डु ख्वाएको, कालभैरवलाई हिंडाएको, बोक्सी प्रत्यक्ष गराएको, पाटनका राजाले राजा प्रताप मल्ललाई हवन गर्न लाग्दा वचाएका, दक्षिणकालीको मूर्ति प्रतिष्ठा हुँदा आएका उपद्रवहरू तान्त्रिक पुरश्चरणात्मक पूजाबाट शान्तगरेका आदि प्रसङ्गहरू ।
६. जामना गुभाजू (जा मनःम गुभाजू) (लम्वकर्णका साथी)का चमत्कारपूर्ण कथा- जसमा चटकेले मानव अङ्ग काटेर अलग गरी पुनः जोड्ने चमत्कार गर्दा उसको अभिमान नष्ट गर्न जामुना गुभाजूले चील भएर मुटु चोरेर लगेको र पछि उसले रुँदा कराउँदा लम्वकर्ण भट्टका सल्लाहले फिर्ता गरेको, जामुना गुभाजूकी पत्नीले खुट्टा बालेर रक्सी तैयार पारेको, जामुना गुभाज्यूले खुट्टाले स्वयंभूमा रहेका रुखलाई झुकाई स्याउला बाखालाई खुवाएको, राजा प्रतापमल्ललाई पाटनमा तान्त्रिकले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वशमा पारी सर्प बनाएर हवन गर्ने आसनमुनि राखेकोमा जामुना गुभाजू र लम्बकर्ण भट्टले बचाएको आदि प्रसङ्गहरू ।

७. पाटनका विश्वनाथ उपाध्यायले ठूलो चामत्कारिक यज्ञ गरी तान्त्रिक मन्त्र प्रयोगबाट राजालाई बचाएको प्रसङ्ग ।

८. पछि पनि दिव्यदेव पन्तले राणासँग जुवा खेल्दा बार्दलीबाट कौडी हान्दा पनि चौका पारी जूवा जित्ने गरेको र दिव्येश्वरी (गुह्यश्वरी) स्थापना गरेका प्रसङ्गहरू । यस्ता अनेकौं तन्त्रविधाका चामत्कारिक घटनाहरूसँग सम्बद्ध, नेपालमा विश्वास गरिने प्रसङ्गहरूले नेपालमा तान्त्रिक परम्पराको निरन्तरतालाई कायम राखेका छन् ।

९. आजसम्म पनि तान्त्रिक मन्त्र प्रयोगका साधनाहरूको मठ, मन्दिर-आश्रमहरूमा र घरघरै सम्पादन गरिने, पूजा, उपासना, यज्ञ याग आदि, कवच स्तुतिपाठ आदि गरिने गरिन्छ । झारफूक, धामी, झाँक्रीका प्रयोग रोग निवारण आदिका लागि गरिँदै छन् ।

१०. प्रताप मल्ल, श्री निवास मल्ल, जगज्जय मल्ल, जयप्रकाश मल्लका पछि प्रतापसिंह शाह आदि राजाहरू, लम्बकर्ण भट्ट दिव्यदेव पन्त र धनशमशेरका परिवारमा सिद्ध विद्याको साधना र अन्यान्य तान्त्रिक साधनाहरूले पनि आजसम्म तन्त्र परम्पराको निरन्तरतालाई पुष्टि गर्दछ । **सिद्ध आश्रम शक्ति केन्द्र** नामक संस्थामा त सार्वजनिक रूपमा अहिलेसम्म महिना महिनामा, पर्वपर्वमा तान्त्रिक साधना गर्ने गरिन्छ र विन्ध्यवासिनी आश्रम (सतुङ्गल र पोखरा) मा समेत् तन्त्र साधनाको नैरन्तर्य देख्न सकिन्छ । व्यक्तिगत तान्त्रिक पूजा पाठ त घर घरै चलिरहेकै छन् ।

११. शारदीय नवरात्र (दशैं) आश्विनमा, वासन्ती नवरात्र (चैत्र) मा तान्त्रिक पीठहरूमा जनजनको घुइँचो, देवी देवताको पूजा पाठ, हवन, बालबच्चा विरामी हुँदा देवीदेवता, भैरवको भाकल पूजा, धामी-झाँक्री, ज्योतिषीहरूको प्रयोग, बौद्ध तान्त्रिक परम्परामा पनि यस्ता समयमा हुने हारतीको पूजा उपासना, घरघरै हुने पूजा पाठ र साधना आदि अनेकानेक प्रसङ्गले नेपालमा तान्त्रिक परम्पराको वटवृक्षको जरा गहिरोसँग गाडिएको, झाङ्गिएको, छायाँ प्रदान गरेको पुष्टि गर्दछ ।

१२. हो, आज त्यस्ता तान्त्रिक चमत्कारका घटना प्रत्यक्ष देख्न सकिन्न्, कतै कतै देखिन्छन् पनि, विश्वासमा कमी आएको पनि देखिन्छ तापनि विश्वास गर्ने, त्यसै परम्परामा रहने, तान्त्रिक कर्मकाण्ड कायम राख्नेको पनि नेपालमा कमी छैन । यो परम्परा विच्छिन्न हुने संभावना पनि छैन । मात्रा धेरै थोरै समय परिस्थिति अनुसारदेखिए पनि यसको निरन्तरता कायमै रहने देखिन्छ ।

नेपालका तान्त्रिक परम्पराको विशेषता

नेपालका तान्त्रिक परम्पराहरूको यौटा विशेषता छ आफ्नो परम्पराको उत्कर्ष अनुरूप त्यसको समग्ररूपमा अनुगमनका साथै आफ्ना साथी परम्पराहरूसँग सहनशीलतापूर्वक समन्वय स्थापना गरेर अघि बढ्नु । प्रायः अन्यत्र यो संभव हुन कठिन हुन्छ, तर नेपालमा यसका सफलताले समुज्ज्वल उदाहरण प्रस्तुत गरिरहेको छ । शैव शाक्त तान्त्रिक परम्पराहरू त एक अर्कासँग अविभाज्यरूपमा नङ र मासु समान मिलिसकेका छन् । वैष्णव र बौद्ध तान्त्रिक परम्परा पनि अविभाज्य भन्न नसकिएता पनि अविरुद्धरूपमा नेपाली समाजमा जरा फैलाउन सफल छन् अर्थात् नेपालका समग्र तान्त्रिक परम्पराको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वाटिकामा शैव, शाक्त, वैष्णव, वौद्ध, उपासनाका वृक्षहरू सुपुष्पित र रसयुक्त फलहरूले भरिभराउ छन् ।

अन्त्यमा, नेपालमा विकसित तान्त्रिक परम्पराको आफ्नै यौटा विशिष्ट स्थान छ, जो अन्यत्र असंभव नभए पनि दुर्लभ अवश्य छ । तन्त्रमा भोग र मोक्ष दुवैको प्रावधान छ । भोगलाई साधनाद्वारा योगमा परिणत गरेर त्यसद्वारा ज्ञान अर्जित गरी त्यसैवाट परमपद-मोक्ष प्राप्त गर्ने अनन्य मार्ग तन्त्र मार्ग हो । मार्ग शैव तन्त्रको होस् वा शाक्त, वैष्णव अथवा वौद्ध किन नहोस् सवैको एक मात्र लक्ष्य जीवनको भोगलाई असङ्गरूपले योगका रूपमा भोगेर व्रह्म रूपलाई प्राप्त गरी निर्वाण वा कैवल्य प्राप्त गर्नु हो भन्ने मूल रहस्य वुझेर नै मनिषीहरूले नेपालमा विविध तान्त्रिक परम्पराहरूमा समन्वय स्थापित गरी पारस्परिक अविरोध पूर्ण सहयात्रा सम्पन्न गराउने सन्देश फुके । सम्पूर्ण समस्याहरूको यौटै समाधान विन्दु उपासक र उपास्यको एकात्मक व्रह्मरूपलाई तान्त्रिक परम्पराहरूको परमलक्ष्य मानेर विरोध, सङ्घर्ष वा द्वन्द्वहरूलाई फक्रिने अवसरै यहाँ दिइएन । जीवनको कण्टकपूर्ण धर्म र कर्म मार्गमा एक अर्काका सहयोगले सँगै हिंड्ने र पूर्णता प्राप्त गरेर जीवनलाई धन्य वनाउने यही तान्त्रिक परम्पराको मूल लक्ष्य हो, यही यसको रहस्य हो । नेपालका सबै तान्त्रिक परम्पराले वाहिरी कर्मकाण्डको स्वरूप जस्तो अँगाले पनि अन्तिम लक्ष्य परिपूर्णता र परमपद प्राप्ति नै राखेर आफ्नो विकास यात्रा अगाडि वढाएका छन् र यस कार्यमा यिनले सफलता पनि पाएका छन् र यसका निमित्त भविष्यमा पनि 'शिवाः सन्तु पन्थानः' भन्ने कामना गरौं । शिवमस्तु ।

सन्दर्भ स्रोत ♦महाकालसंहिता भाग-१ ♦आगम रहस्यम्- सरयूप्रसाद द्विवेदी ♦प्राणतोषिणी-रामतोषण भट्टाचार्य ♦अजितागम, मृगेन्द्रागम, रैरवागम (मूल आगमहरू) ♦पाशुपतसूत्र- कौण्डिन्यभाष्य ♦शतरत्न सङ्ग्रह ♦सौन्दर्यलहरी- श्रीशङ्कराचार्य भगवत्पाद ♦वरीवस्यारहस्यम्- श्रीभास्करराय मखिन् ♦शारदातिलकम्- लक्ष्मणदेशिकेन्द्र ♦ सर्वदर्शनसङ्ग्रह- माधवाचार्य ♦ शैवपरिभाषा-शिवाग्रयोगिन्द्रज्ञानशिवाचार्य ♦ लिच्छवीसंस्कृति- डा. जगदीशचन्द्र रेग्मी ♦ लिच्छवी अभिलेख सङ्ग्रह- धनवज्र वज्राचार्य ♦ Shaiva Cult- Pathak ♦ The Sakta Pithas- D.C. Sircar ♦ गुह्यसमाजतन्त्र, भूमिका स्वामी द्वारकादास शास्त्री ♦ तन्त्रसङ्ग्रह- भाग १,२,३ ♦ तन्त्रचिन्तामणि-नवभीसिंह ♦ Tantras: Studies on their Religion and Literature Chintaharan Chakravarti ♦ नेपालका वंशावलिहरू र अन्य सम्वद्ध फुटकर सामग्रीका पद्धति ग्रन्थ-थ्याःसफूहरू ♦ जनसम्पर्क र वूढापाका अनुभवी विशेषज्ञहरूका भनाइहरू ।

विचारगोष्ठीमा उपस्थित विद्वान्हरू ▶

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कार्यपत्रमाथिको टिप्पणी

१. परिश्रमसाध्य उपयोगी कार्यपत्र❖

✍प्रा.डा. मुकुन्दराज अर्याल*



तन्त्रशास्त्रका विशिष्ट विद्वान् प्राध्यापक श्री विद्यानाथ भट्टले प्रस्तुत गर्नुभएको अग्रलेखमा मलाई टिप्पणीकर्ताको हैसियतले छोटो टिप्पणी गर्न अनुरोध भएकाले यस गोष्ठीका संयोजकहरूमा हार्दिक आभार व्यक्त गर्दछु। यहाँहरूकै वचनलाई शिरोपर गर्दै सकेसम्म छोटो नै प्रस्तुत गर्दछु।

प्राध्यापक श्री भट्टज्यूले नेपाली भाषामा कमै लेखिएको र लेखिने तन्त्रशास्त्रमा धेरै अनुसन्धानमूलक लेखहरू र पुस्तकहरूको प्रकाशन गरी मातृभाषाको श्रीवृद्धि गर्नुभएको छ। लेखक भट्टज्यूले तन्त्रशास्त्रको प्रामाणिक ज्ञान, दीक्षा आफ्नो वंश-परम्परा, अनेकौं ग्रन्थहरूको अध्ययन र मननवाट नै प्राप्त गर्नुभएको हो। जनश्रुति र विभिन्न वंशावलीअनुसार प्रताप मल्लले हनुमान ढोकामा स्थापना गरेको हनुमानलाई कपाकप लड्डु खुवाउने, काल भैरवलाई हँसाउने लम्वकर्ण भट्टको वंशमा जन्मनुभएका वहाँमा तन्त्रको पुस्तौं-पुस्ताको रक्तसम्वन्ध नै रहने भयो!

कार्यपत्रका प्रस्तोता भट्टज्यूले आफ्नो लेखमा तन्त्र शव्दको अर्थ, परिभाषा, व्याख्या सरल रूपमा गर्नुभएको छ। तन्त्रशास्त्र वैदिक हो, अत्यन्तै प्राचीन हो र यो नै ब्रह्म विद्या हो भन्ने तथ्यलाई लेखले दर्शाएको छ। यसैगरी, यसमा तन्त्रशास्त्रको प्राचीनता, आगम शव्दको शव्दार्थ शैवआगमहरू, रूद्रआगमहरू, वामाचार, कुलाचारको पनि धेरथोर चर्चा छ। नेपालको तान्त्रिक परम्पराको सुरूवात धार्मिक र ऐतिहासिक स्रोतहरूको आधारमा लिच्छवी राजा मानदेव प्रथमदेखि नै मान्नु हुँदै हालसम्म यसको अटुट शृङ्खला दर्शाउन पनि सफल हुनुभएको छ। नेपाली समाजको सवै संस्कार, कर्मकाण्डहरूमा यसको ठूलो प्रभाव भएको पनि लेखले दर्शाउँदछ। वहाँको लेखमा नेपालको तान्त्रिक परम्पराका विद्याहरू शक्ति, शैव, वौद्ध आदि तन्त्रसाहित्यको परिचय परेको छ।

नेपालमा तान्त्रिक परम्पराको केही विशेषता औंल्याएर लेख पूर्ण गरिएको छ। ज्ञानवर्द्धक, सूचनामूलक भएकाले यस लेखले सर्वसाधारण र सवै जिज्ञासुहरूलाई नेपालको तान्त्रिक परम्पराको राम्रो ज्ञान दिन्छ। ज्यादै परिश्रमसाध्य यस्तो उपयोगी कार्यपत्रका लागि लेखकलाई वधाई र धन्यवाद दिनु हाम्रो कर्तव्य हुन आउँछ।

यस लेखमा निम्न लिखित केही सम्दर्भ समावेश भएको भए अरू पूर्ण हुन्थ्यो। जस्तो - लागेको छ :-

---

❖ *दण्डपाणि अर्ज्याल स्मृतिकेन्द्रद्वारा २०६८ मंसिर २८ गते काठमाडौंमा आयोजित विचार गोष्ठीमा प्रस्तुत कार्यपत्रमाथि गरिएको टिप्पणी। -सम्पा.*

* *टिप्पणीकार इतिहासकार, संस्कृतिविद् तथा प्राध्यापक हुनुहुन्छ। -सम्पा.*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(क) नेपालको तन्त्र र प्राचीनताको चर्चा गर्दा यहाँकै केही खास विशेषताको उल्लेख छुटेको छ। तन्त्र साहित्यमा नेपाललाई विशेष महत्त्व दिइएको पाइएको छ। "जटेश्वरं समारभ्य योगेशान्तं महेश्वरी, नेपाल देशो देवेशी साधकानां सुसिद्दिदः" भनिएको पाइन्छ। जटेश्वर हाल रक्सौल रेलवे जक्सनबाट दक्षिणतिर पर्दछ। त्यहाँबाट सुरू गरी हालको गोसाइँस्थानसम्मको क्षेत्र साधकहरूलाई सिद्धि दिने नेपाल नामको देश हो भनी चिनाइएको छ।

(ख) यस लेखमा नेपाल राष्ट्रिय अभिलेखालयमा रहेको कुटिला लिपिमा लेखिएको सचित्र **निःश्वासतन्त्र**को प्रति र केशर पुस्तकालयमा रहेको आजभन्दा ११०० वर्षअगाडिको सहोत्तरतन्त्रजस्ता ग्रन्थहरूको केही परिचय भएन। त्यस्तै, पी.सी. वागचीले निःश्वास तन्त्र संहिता जस्तो ग्रन्थ तत्कालीन दरवार पुस्तकालयमै प्राप्त गर्नुभयो।

(ग) सम्पूर्ण लेख पढ्दा हिन्दू तन्त्रमा वढी जोड दिइएको पाइन्छ। तुलनात्मक रूपले हेर्दा नेपालमा अन्य धर्म र तिनका सम्प्रदायहरूको पनि आफ्नै लामो तान्त्रिक परम्परा पाइन्छ। प्रकृतिपूजक वोन्पो धर्ममा आफ्नै प्रकारको मौलिक तन्त्र पाइनुका साथै बौद्ध तन्त्रसँग प्रभावित भएको पाइन्छ। नेपालमा बौद्धतन्त्रका विद्वान्हरू धेरै थिए। मध्यकालीन समयदेखि नै बौद्धतान्त्रिक विद्वान्हरू नालन्दा, तिब्वतमा तन्त्रको अध्यापक नै थिए। पाटनको गुइत वही, कुम्भेश्वर र फर्पिङका तन्त्रशास्त्री विद्वान्हरूको ल्हासासम्म ठूलो मान थियो। तत्तत्स्थलमा गई अध्यापन पनि नेपाली विद्वान्हरूले नै गर्दथे। बौद्धतन्त्रका प्रसिद्ध देवता हेवज्रकै स्तुति गरेर दुल्लुको कीर्ति स्तम्भाभिलेख, महीषसम्वर र यावयुम भूति र पौःभा नेपालको बौद्धतन्त्रको अर्को विशेषता हो।

(घ) त्यस्तै, जैन परम्परा, इस्लाम धर्म-परम्पराका तन्त्रहरू पनि नेपालमा प्रचलनमा छन्। एक/दुई पृष्ठमै भए पनि यिनको पनि चर्चा परेको भए यो लेख अझ महत्त्वपूर्ण हुने थियो जस्तो लाग्दछ।

(ङ) विद्वान् लेखकवाट भविष्यमा अरू तन्त्रका गहन रहस्यहरू जस्तो कि २ देखि १८ हातसम्म भएकी महिषासुर मर्दिनीको आयुधहरूमा घुँएत्रोको रहस्य, तन्त्रमा यन्त्रंको महत्त्व, मन्त्रको सार्थकता, अप्राप्य तान्त्रिक मूर्तिहरूको व्याख्याजस्ता कुराहरू आएको भए राम्रो हुन्थ्यो।

सृष्टिमा सबै कुरा पूर्ण हुँदैनन्। अध्ययन र अनुसन्धान चलि नै रहन्छ, चलि नै रहनुपर्छ। वहाँको कलमवाट यस्ता ज्ञानवर्द्धक लेखहरू निरन्तर निस्कँदै रहून्।

२. कार्यपत्रमाथि अन्य टिप्पणी

वेदराज ज्ञवाली

यसमा हिन्दू तन्त्र परम्पराको मात्र चर्चा भएकाले 'नेपालमा तन्त्र परम्परा' भन्ने शीर्षक मिलेन, किनभने नेपालमा विभिन्न तन्त्र परम्परा छन्। सबै तन्त्रका आ-आफ्नै विशेषता छन्। बौद्ध तन्त्र परम्परा किरात तन्त्र परम्परा मुस्लिम तन्त्र परम्परा, क्रिश्चियन तन्त्र परम्परा आदि। कार्यपत्रमा हिन्दू तन्त्र परम्पराको मात्र व्याख्या र विश्लेषण गरिएकाले त्यहीअनुसारको शीर्षक बनाएको भए राम्रो हुन्थ्यो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्राध्यापक दुर्गाप्रसाद दवाडी

कार्यपत्रमा विद्यानाथ गुरूले जुन कुरा उपस्थापित गराउनुभयो, त्यो महत्त्वपूर्ण छ। कसैले चन्द्रमामा न्यूनता देखाएर दाग वा कलङ्क छ भन्छ भने त्यो उसको कुरा हो। यस कार्यपत्रलाई अपूरो भयो भन्न सुहाउँदैन। विद्यानाथ तन्त्रका साधक लम्वकर्ण भट्टका वंशज हुनुहुन्छ। उहाँले प्रमाणसहित लेख्नुभएको यो कार्यपत्रमा अरू तन्त्रको कुरा समावेश भएन भन्नु बेठीक छ। हाम्रो देशको तन्त्र परम्परामा हिन्दू तन्त्र र धर्मको प्रभाव परेकै छ। विश्वविद्यालयले वा प्रज्ञा-प्रतिष्ठानले प्रस्तुत गर्नुपर्ने यस्तो गहन कार्यपत्र विद्यानाथजीले 'दण्डपाणि अर्ज्याल स्मृति केन्द्र'को आयोजनामा प्रस्तुत गर्नुभयो, यो आवश्यक थियो। यो विषयलाई पाठ्यक्रम र पाठ्यपुस्तकमा समेत लैजानुपर्छ।

डा. श्रीरामप्रसाद उपाध्याय

यस्तो कार्यक्रममा आयोजकले समयको ख्याल गर्नुपर्दछ। कार्यपत्र प्रस्तोतालाई कति समय दिने, टिप्पणीकारलाई कति समय दिने र अरूलाई कति समय दिने तोकिदिनुपर्दछ। तन्त्रको वास्तविक अर्थ र परिभाषा के हो ? सो आउनुपर्थ्यो। कार्यपत्र प्रस्तोताले पाद टिप्पणी लेख्नुभएन। कुनकुन सन्दर्भ ग्रन्थका आधारमा यो कार्यपत्र लेख्नुभयो, ती खोजिएका पुस्तकका नाम छैनन्। विषय मूर्त छ कि छैन त्यो हेरेर अमूर्त कुराको उदाहरण दिनुहुँदैन। जे होस् आजको विषय साह्रै महत्त्वपूर्ण छ। हामीले नेपालको तन्त्र परम्परा र यसको महत्त्वलाई विदेशसम्म पुऱ्याउन सकेका छैनौं। नेपालको पर्यटन प्रवर्द्धनमा पनि तन्त्रको महत्त्वपूर्ण भूमिका हुन सक्छ किनभने धेरै विदेशीहरू नेपालमा तन्त्रशास्त्रीहरू भएको कुरामा खुव चासो राख्ने गर्दछन्।

डा. दुर्गाप्रसाद अर्याल

वास्तवमा एउटा कार्यपत्रमा संसार अटाउन सक्ने कुरा हुँदैन। यो कार्यपत्र वेदसम्मत छ। शीर्षक र व्याख्या मिलेकै रूपमा छन्। नेपाल हिन्दू वहुल राष्ट्र भएकाले हिन्दूका तन्त्रपरम्परा वढी चर्चा हुनु सान्दर्भिक छ। त्यसो त नेपालमा धेरै तन्त्रपरम्परा कायम छन्। तन्त्रपरम्परालाई कायम राख्न गर्नुपर्ने कुराहरू र यसको उपादेयता कार्यपत्रमा आएको भए राम्रो हुन्थ्यो। गुरूले शोधविधिलाई अँगालेर कार्यपत्र लेखेको भए हुन्थ्यो, किन त्यसो हुन सकेन ?

डा. विष्णुराज 'आत्रेय'

विद्यानाथको प्रस्तुति र मुकुन्द राज अर्यालको टिप्पणी मिलाएपछि मात्र यो कार्यपत्र पूर्ण हुन्छ। यो प्रवचनमूलक भयो, कार्यपत्रमूलक भएन। मुकुन्द अर्यालले कार्यपत्रमाथि टिप्पणी गरेजस्तै तिथिमितिलाई किटानीसाथ राख्न सक्नुपर्छ। कार्यपत्रको शीर्षक विस्तृत भयो। यस्तो विस्तृत शीर्षकमा कार्यपत्र लेखाउनुहुँदैन। कार्यपत्रको विषय थोरै हुनुपर्छ। वेद साहित्य होइन, वाङ्मय पो हो त ! वाङ्मय र साहित्यमा फरक छ। यस्ता कुरा विचार गर्नुपर्छ। कार्यपत्रमा विद्यानाथजीले अथर्ववेदको मात्र कुरा गर्नुभयो। के ऋग्वेद, यजुर्वेद र सामवेदमा तन्त्रको चर्चा छैन ? तिनमा तन्त्रको चर्चा छ भने यस कार्यपत्रमा किन उल्लेख भएन ?

डा. बमबहादुर थापा 'जिताली'

आजको कार्यपत्र साह्रै राम्रो र रोचक लाग्यो। सङ्क्षिप्तमा भन्नुपर्दा कार्यपत्र प्रस्तोताकोभन्दा तिथिमितिसहित मुकुन्द अर्यालले गर्नुभएको टिप्पणी झन् रोचक लाग्यो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मुकुन्द अर्यालले कार्यपत्रको परिपूरकको रूपमा असाध्यै राम्रोसँग टिप्पणी गरिदिनुभयो । त्यसको लागि उहाँलाई र कार्यपत्र प्रस्तोता विद्यानाथजीलाई धन्यवाद दिन्छु । कार्यपत्रमा पादटिप्पणीलाई व्यवस्थित ढङ्गले राखिदिनुभएमा राम्रो हुन्थ्यो कि ?

प्रा.डा. माधवराज गौतम

यस कार्यपत्रमा सबै तन्त्रपरम्परा समेटिएनन् भन्ने जुन कुरा आयो, वास्तवमा नेपालमा जैन, वौद्ध, वैष्णव, शाक्त वौद्धमा पनि वज्रयानी र महायानी आदि तन्त्र परम्परा छन् । ती सबैका तन्त्रपरम्परा यो सानो कार्यपत्रमा अट्न सम्भव छैन । तर संसारका हिन्दू, जैन, वौद्ध धर्महरूमा 'ॐ' वर्णको उच्चारण गरिएवाट हिन्दू तन्त्रपरम्पराको सवैमा प्रभाव अवश्यै छ । विद्यानाथजीले जे लेख्नुभयो शीर्षकअन्तर्गत नै लेख्नुभयो ।

डा. जगदीश शर्मा

विद्वान् विद्यानाथले प्रस्तुत गर्नुभएको कार्यपत्र स्तुत्य छ । म त यसवाट ज्यादै नै अनुगृहित भएँ । यसवाट धेरै सिक्ने मौका पाएँ । व्यापक र विस्तृत विषयवस्तुलाई थोरैमा यस कार्यपत्रका माध्यमले व्यक्त गर्न सक्नु उहाँको विद्वता हो । भोगलाई योगको रूपमा भोग्ने वा भोगलाई योग बनाउने ज्यादै महत्त्वपूर्ण कुरा उहाँले गर्नुभएको छ । चार्वाक मादकता पदार्थवाट बन्छ भन्छन् । त्यो मादकता कसरी उत्पन्न हुन्छ ? त्यस्तै, चैतन्य कसरी आउँछ भन्ने कुरामा पाश्चात्य विद्वान्हरूको एउटा मत छ त हाम्रो पूर्वीय दर्शनमा अर्कै मत छ । यी सवैलाई पनि छोइदिनुहुन म अनुरोध गर्दछु ।

माधव लामिछाने

आफूभन्दा विद्वान् गुरूको कार्यपत्रमाथि टिप्पणी गर्न त म सक्दिन तर धृष्टता गर्दछु । नेपालमा धेरै सम्प्रदाय छन् । ती सम्प्रदायमा रहेका तन्त्रपरम्परा यो सानो कार्यपत्रमा अट्ने कुरा भएन । अवान्तर सम्प्रदायको रूपमा रहेका अन्य सम्प्रदाय भित्रका तन्त्रको कुरा पनि समेटिएको भए राम्रो हुन्थ्यो । जसरी वेद वाङ्मय हो त्यसैगरी तन्त्र पनि वाङ्मय हो । तन्त्रभित्रको समाजशास्त्रका कुराहरू पनि आउनुपर्दथ्यो ।

"नेपालमा तन्त्रको परम्परा" विषयक गोष्ठीमा विद्वान्हरू

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

इतिहास

इतिहासको एउटा पाटो

एस.पी. 'आसा'*

इतिहासलाई साहित्यमा ढालेर पाठकहरूलाई इतिहास र साहित्यको स्वाद चखाइरहेको मानिस भए पनि मैले यो लेखमा इतिहासको मात्र कुरा गर्ने विचार गरेको छु। यसमा प्रस्तुत गरिएको दस्तावेज मलाई आजभन्दा ७ वर्ष अगाडि गोरखाका पुजारी योगी वलभद्र नाथजीले मेरो घरैमा आएर दिनु भएको थियो। तर यस्को प्रकाशनको व्यवस्था मिलेको थिएन। अैले ज्ञानबिन्दुले प्रकाशन गर्न लागेको छ। त्यस पत्रिकाका सम्पादक प्राज्ञ श्री विष्णु प्रभातजीलाई धन्यवाद ज्ञापन गर्दछु। यो दस्तावेज ३/४ हात लम्वाईको नेपाली कागजमा दुवैतिर लेखिएको छ। प्रारम्भमा केही पनि वुझिँदैन त्यसपछि केही हदसम्म वुझिन्छ। वुझिने र नवुझिने ठाउँमा नामहरू छन् त्यसपछि नामहरू र केही छोटो विवरण पनि छ। वुझेसम्मका कुराहरू उतार गरी प्रस्तुत गर्दछु।

गोपाल राजाले रजाइँ गऱ्याका ७१ वर्ष भनिएको भन्दा तल पट्टिका भागमात्र वुझिन्छन्। त्योभन्दा माथिको भाग बुझिँदैन। ७१ वर्ष राज्य गर्ने गोपाल राजाहरूको नाउँ छ त्यसपछि यस्तो व्यहोरा लेखिएको छ- यति गोपाल राजाले पूजा गऱ्याका थपि जम्मा ५०७ प्रास छाप आउँछ फेरि यिनै गोपालकन जिती अरुणा गोपाल राजा हुन आया। वीर सिं राजा ४९ जयसिंह राजा २२ वर्ष भवनसिं राजा ४१ वर्ष एवं राज्य भुक्त वर्ष जम्मा ६१ मास ८ दिन २४ यति गोपालले रजाइँ गऱ्यापछि इनै गोपाल कन जिति किराँती राजा हुन आयाका हुन्। तन्का वर्सको नाउँ श्री एलम्व राजा वर्ष ९० श्री पविराजा ७९ श्री घस्कराजा वर्ष ३७ वलंच राजा ३१ वर्ष श्री इतिराजा वर्ष ४१ श्री छुन्यति राजा वर्ष ५० श्री तुस्करूजा वर्ष ४१ सूर्यप राजा ३८ श्री पर्व राजा ५६ जितेदस्थि राजा ६० श्री पंच राजा वर्ष ७० श्री केके राजा वर्ष ५६ श्री स्वनन्द राजा ५० श्री धुंको राजा ५८ महिना २ (पनि भनेको छ) श्री गिधि राजा ५९ मास छ, जनेराजा वर्ष ७३ मास २ कुले राजा वर्ष ६० मास १ पोर राजा वर्ष ७१ थुङ्गो राजा वर्ष ८३ श्रीवर्मराजा वर्ष ७२ मास दिन १४ संज्ञा राजा वर्ष ६३ गुनजराजा वर्ष ७४ श्री वीवुराजा ७४ श्री गलिंजराजा ८१ मास दिन ९।

यति अट्ठाइस राजा किरातीले रजाइँ गऱ्यापछि इ किरातीलाई जितिकन श्री सूर्यवंसी राजा भया। गोपाल भूक्तवर्ष भया ६१९। श्री निरिवराजा वर्ष ५० श्री भताराक्ष राजा ९१ श्री काक वर्मराजा २६ श्री पश्रुपुप्प राजा ५६ इनै राजाले चारैवर्ष वसाइकन पशुपतिको देवालय वनाए। इन चारराजाको राज्य भूक्तवर्ष जम्मा २७३ अघिका राजाको राज्य

***** *ऐतिहासिक उपन्यास लेखक तथा अनुसन्धाता हुनुहुन्छ। -सम्पा.*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भूक्तवर्ष जम्मा २३५९ भयो भाष्कर राजा १ इनका पालामा श्री पशुपतिको प्रसाद पाइकन दक्षिणमा महोदधि समुन्द्रसम्म राज्य जिति वहुतै हिरामोती स्वर्ण ल्याईकन श्री पशुपतिमा चह्राया तव सोकर्ण वोलायाको हो। दधिमोह समुन्द्रवाट हिरामोती सुन ल्याएर सुन चडाएकोले सुवर्णपूरी भनेको हो। ताहाँ उप्रान्त तन्का छोराको नाउँ (त्यस उप्रान्त तीन्का छोराको नाउँ) -

श्री भूमीवर्मा राजा ४१ श्री चन्द्र वर्माराजा २१ श्री जयवर्मा राजा ६२ श्री वर्षवमराजा ५१ श्री सर्ववम राजा ५६ श्री पृथ्वीवर्म राजा ५६ श्री जेष्ठ वर्मराजा ४८ श्री कुवेर वर्म राजा ७५ श्री हरिवर्मा राजा २१ वर्ष ४ मास श्री सिद्धि ६१ वर्ष ७ मास श्री हरिदत्त वर्मा २१ वर्ष। यही राजाका पालामा श्री चाँगुनारायण श्री इचङ्गु नारायण श्री विसंखु नारायण श्री शेष नारायण चारै नारायणको देवालय वनाएको हो। थीन राजाका राज्य भुक्तवर्ष जम्मा २६३७ मास ८ एवं राज भुक्त श्री विष्णुवर्मा राजा ३३ वर्ष श्रीपति वर्म राजा ३५ श्री शिववृद्धि वर्म राजा ७७ श्री वसन्त देउवर्म राजा ६१ वर्ष श्री शिवदेउ वर्मराजा ५७ श्री वृखभदेव वर्म राजा वर्ष ५७ मास ८ इनै राजाले चावेलमा वौद्धको स्थापना गरी देवालय वनायाको हो श्री पशुपतिमा लोहाको त्रिशुल चडाएको हो कुल राजाको राज्य भुक्तवर्ष जम्मा ४३० अगिकावर्ष ३५/३८ (वीचमा धर्को छ) भुक्तिकृतेषू श्री सूर्यवँस भया उप्रान्त इन राजाकन जिति छपायकन भयाका हुन (यस्तै लेखेको भएर जस्ता जस्तै उतार गरिएको) श्री नरेन्द्र देउ राजा वर्ष ७४ श्री भीं देउराजा वर्ष १६ मास ३ यहासम्म सूर्य वंसीको रजाइँ भयो यसवर्षमा ९० अधिकवर्ष ३९९ (पछि (रा) यस्तो अक्षर छ) यहाँपछि फेरि गोपालै राजाभया।

श्री विष्णु राजा ७४ वर्ष विश्व गुप्त राजा ६१ वर्ष। यसै राजाका पालामा वाग्मती पारको ठूलो पथ्थर कुधिकन श्री रामचन्द्र लहरि कुसछर वनाइ देवल वनाएको हो वर्ष जम्मा १३५ अगिको वर्ष जम्मा ३९२८ पुन (यहाँनेर ४ होवा ७ हो एउटा अलि खुट्याउन अप्ठ्यारो पर्ने अङ्क छ) (४ या ७) अनि) १२७ मास ८ फेरि यिनै गोपालक जिति धपाइकन अव देवराजा हुन आयाका हुन यहाँप्रान्त देवराजा भयाका हुन्।

श्री शिवउ राजा ४१ वर्ष श्री अंशु वर्मा राजा ४३ वर्ष श्री कृतिवर्म राजा १८ श्री भीमार्गुन राजा ३७ वर्ष श्री नरेन्द्र देउ राजा १३ मास ९ श्री वीरदेउ राजा १३ श्री नरेन्द्र देउ राजा २७ वर्ष।

यही राजाका पालामा सिंगोलदि (भन्ने लेखेको छ यस्को अर्थ खुलेको छैन) मेचिंन्द्रनाथ (मछिन्द्रनाथ) पाटनमा ल्यायाका हुन् मचिन्द्रयात्रा ताहाँदेखि भयाको हो इति त कलि वर्षे (यहाँ निरको अक्षर वुझिन्छ शब्द बन्दैन तापनि मैले वुझेको लेखेको छु) सागनय नेपाल विजय श्री मान्नो पावलो कितेउवर कलि सम्वत ३६७६ यति कलियुगका वर्ष जाँदा मच्छिन्द्रनाथ नेपालमा ल्यायाका हुन्। ताहाँ देखि फेरि देवराजा भया।

श्री वलदेउ राजा (मसि फूलेको छ सत्ताइस जस्तो लाग्छ) २७ वर्ष श्री संकर देउ राजा १२ वर्ष श्री वर्धमान देउ राजा १६ वर्ष श्री वली देउ राजा १६ वर्ष ६ मास श्री जयदेउ राजा ४२ वर्ष श्री वालार्जुन राजा ३६ वर्ष श्री विक्रमजीत राजा १ मास चार दिन श्री गुणाकामजीत राजा ८५ वर्ष छ मास, यही राजाले वासुकीको छ्रानामा तामाको छागत वनाई सुनधारा वनाएको हो। ११ कोटी द्रव्य पशुपतिनाथमा चढाया कोटीहोम जज्ञगऱ्या एवं राज्य भुक्तवर्ष जम्मा ४३२५ राजाले भोग गऱ्याका पून भुक्तवर्ष जम्मा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

४३२९ मास ८ । ४५५० उप्रन्त (उप्रान्त हो यो सायद) राजाभोजले रजाइ गर्न आया ।

श्री भोजराजा वर्ष ९ श्री लक्ष्मी कामदेव राजा वर्ष २१ श्री जयदेव राजा वर्ष २० यहि राजाले पाटन आधासहर भरिकन रजाभी गऱ्याथ्या पर्व राज्य भुक्त वर्ष ५० पुन वर्ष जम्मा २२० अगिको वर्ष जम्मा ४५५० मास २ का ४६०० मास २ उप्रान्त श्री भाष्कर देउ राजा ७ वर्ष दिन १४ श्री हर्षदेउ राजा १६ वर्ष श्री शिवदेव राजा २१ वर्ष- यही राजाले ठाउ ठाउमा वडो किर्तिगऱ्या । श्री पशुपतिको छाना सुनको गराया अघि नभएको चलन सिंहरूप छाप गरि चलंचलाया इनका वर्ष जम्मा ४६ अगिका वर्ष ४६४५ पुन पुन ४६९१ मास २ फेरि देव राजा भया ।

श्री मानदेवराजा ४ वर्ष की नरेन्द्र देवराजा ६ वर्ष श्री ननददेउ राजा २० वर्ष श्री रुद्रदेउ राजा ७० वर्ष श्री भिम देउ राजा ३० वर्ष श्री रिघौराजा ३१ वर्ष श्री अभय मल्ल राजा ४८ वर्ष श्री जयमल्ल राजा वर्ष २ श्री आनन्द मल्ल राजा वर्ष ३२ एवं राज्य भुक्तवर्ष जमा २६३ अधिका वर्ष ४६९१ मास २ श्री सम्वत ४१४ सालमा तेह्रोतया व्राह्मण षक्ष नेपालमा आयाका हुन्: उप्रान्त नन्देन्दु सुत्य शशिसंमित शाक वर्षे १०१९ त हावशास्य धवले मुनि तिथ्या धस्यत् तवस्यां ज्ञानै ३११२ नेरी चभछं लग्ने गरि तान्य देवत्पति विदिधित वा सूएछि सहकालमा श्री नान्य देउ कन्नज देश देखि नेपालमा राजा हुन आयाका हुन ।

श्री नान्यदेउ राजा १ श्री गंगा देव राजा २ श्री नरसिंह देव राजा ३ श्री शाकिसिं देउ राजा ४ श्री रामसिंह देउ राजा ५ इनै राजाले गऱ्याको कीर्ति वाराद्धि पुग्म शशिसंत्रक शाक वर्षे पौखस्य शुल्क नवमी रवि सुनुवारे स्तेक्राछ सूर्यतनयो हरसिंहदेव दुर्देश देव सुत भितस्य गिरी प्रवेश १२४५ एसै संवतमा सिंभांगढ देषि हरसिं देउ राजा नेपालमा आयाका हुन ती राजा आफु आउना साथमा ल्यायाका श्री ७ तलेजु मास्के, भण्डेल, आचार्ज जैसी ज्यापू कसछि एति सवै श्री हरसिंह देउ राजाका साथमा ल्यायाका हुन । श्री हरिसिं देउराजा १ श्री सुभतिसिं देउराजा २ श्री शक्तिसिंह राजा ३ श्री श्यामसिं देउराजा ४ श्री जयभद्र राजा ५ श्री तागमल्ल राजा ६ श्री जयमल्ल राजा ७ श्री उग्रमल्ल राजा ८ श्री अशोग मल्ल राजा ९ श्री जयस्थिति मल्ल राजा १० तिनै राजाका पालामा पाँचप्रजाको स्थिति गरिदियाको हो सिपाइलाई ढाल तरवार प्रजालाई डोको वोको गर्नु आज्ञना आफन्त कर्ममा रहनु पाउलागी दीर्घायू कल्यान स्वस्ति नेवारले रामराम गर्नु भनि स्थिति वाँधि दियाको हो ।

श्री यक्ष मल्ल राजा ११ नेपाल सम्वत ५८८ फाल्गुण शुक्ल (यो ठाउँमा अलिकति अक्षर ताछिएको छ तर पनि शुक्लपक्ष जस्तै देखिन्छ) द्वादशीका दिन यक्षमल्ल राजाले नुवाकोटमा अघि वैस्य राजा (यहाँ पनि अक्षर ताछिएकोले यहाँ के अक्षर थियो वुझ्न सकिएन) त्याँ कटकजिति वैस्य राजालाई धपाइ यक्षमल्ल राजाले रजाइँ गऱ्या तन्का रउताला तिन ३ पढारा श्री राज्य मल्ल राजा १) भाद गाउमा राजा भया माझिएला श्री (............) (यहाँ मसी फुलेकोले नाउँ वुझिएन खाली मल्ल भन्ने मात्र वुझिन्छ) मल्ल राजा कान्तिपुरमा राजा भया कान्छा श्री नरवम मल्ल वनेपामा राजा भया भवमल्ल राजाको सन्तानले भदगाउँमा पूजाइ गऱ्याको श्री राज्यमल्ल राजा १ श्री भुवन मल्ल राजा २ श्री प्रारार मल्ल राजा ३ श्री विश्वमल्ल राजा ४ श्री त्रैलोक्य मल्ल राजा ५ श्री जय ज्योती मल्ल राजा ६ श्री नरेशमल्ल राजा ७ श्री जगत प्रकाश मल्ल राजा ८ श्री

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जयतिमित्र मल्ल राजा ९ श्री भुपती मल्ल राजा १० श्री रणजित मल्ल राजा ११ वीरनर मल्ल साहेव १२ उनैका पालामा पुण्यमतीमा (यसपछि पनि अक्षर ताछिएकोले एक अक्षर हराएको छ त्यसभन्दा अगाडि "स" अक्षर छ) स... वनाया लाभीपाठि वनाया कोठी होम अश्ज गऱ्या । रण जीतमल्ल गोरखाली (रा) यहां पनि भन्दा उत्ता पट्टिको अक्षर वुझिदैन यस्तो छ (श ....क्षिं) क्षि नारायण सगधा वाधी दु:धकोशीको सांध गरी अंवल चलाया श्री भैरवको छा नाम सुनलाया फेरि सुनको ढोका वनायाको हो ।

अव कान्तिपुरका राजाहरूको वंसावली- श्री रतन मल्ल राजा १ श्री अंवर मल्ल राजा २ श्री सूर्य मल्ल राजा ३ मछिन्द्र सिँमल्ल राजा यिनै राजाको पालामा सम्वत ६८४ माघकृष्ण १० सोमवारसे अनुराधा नक्षत्रे त्यसदिनमा श्री तलेजूको प्रतिष्ठा गऱ्या सेतो हंसवाज दिल्लीमा सौगात पठायोकन आधातोला चाँदिको छाप लाया ताहादेखि महेन्द्रमल्लि -यहाँपनि अक्षर ताछिएको छ) ..... पाटन सहर मारिकन महाराष्ट्र गुरुका कृपाले दुवै स. (भनेपछि अक्षर ताछिएको छ) जाइगऱ्या तनैका रैतया लातिन भया ३

जेठा श्री लक्ष्मी नरसिं मल्ल राजा ३ श्री माझिला छरननदनसिं मल्ल ३ कान्छा श्री प्रताप मल्ल राजा ४

का.जी. भीममल्लका पालामा पक्रीय धाक उत्तर कुती दक्षिणा गंगा पूर्व साप सुप साध लाया तनै राजाले मोहन चोक सुन्दर चोक वनाया फलामको ढोका वनाया हाँसि देवालय पत्थरका ... (यहाँ अक्षर वुझिदैन) गढाया रानीपोखरी वनाइ पूलवाँधी देवल उठाया अव तिन्का रौताला श्री पार्थिवेन्द्र मल्ल ५ की भूपतेन्द्र मल्ल ९ श्री (...) यी अक्षर कालो भएकोले वुझिँदैन ७ यति सूर्य वंसीका सन्तान ।

तहाँउप्रान्त तन्का छोरीका सन्तान सुकुल ठाकुर हुन (सुकुलको "ल" माथितिर थपेको छ) तनैलाई काठमाडौंमा लगि राजा थाप्पा तन्का छोरा (यहाँको अक्षर वुझिदैन अक्षर वुझेपनि वुझ्दैन के लेखेको हो थाहा भएन) श्री जय जगतमल्ल नाउ राख्या माहिला श्री जयप्रकाश मल्ल साहिला श्री राज्य प्रकाश मल्ल २ कान्छा श्री चन्द्र प्रकाशमल्ल ३ जयजगत मल्ल राजाको पालामा तेरहुत्याकन लुठी तुर्कालाई काठी ... (यहाँ पनि केही आषर वुझिँदैन) दुनियाँलाई आरामदिया तन्को प्रर्लोक भयापछि श्री जयप्रकाश मल्ल त्रसजा (के अर्थ हो ?) भया र तनैका पाला थापासित विचिन्त हुंदा टौठी काजी थियो । त्यस्तै बीचमा कल भयो र जय प्रकाश राजा ६ वर्ष वनि वा ... (यहाँ पनि अक्षर भेटिएको छ) .... दा श्री गुजेश्वरी श्री वज्रयोगिनीका चरणमागै तप....(यहाँ पनि अक्षर पुछिएको छ) तनैका कृपाले भादगाउ सिंह घा भयो र फेरि वला (यहाँ पनि अक्षर पुछिएकोछ) काठमाडौं आइ जोति प्रकाशलाई काखमा लि रजाइ रजाइ ग. (यहाँ पनि अक्षर एक पुछिएको छ) पाटन सहरमा राजा हुन्याको वंसावली श्री हरिनरसिंह मल्ल राजा १ श्री श्री निवास मल्ल राजा २ श्री जोगिन्द्र मल्ल राजा ३ श्री सिद्धिनरसिंह मल्ल राजा ४श्री विष्णु मल्ल राजा ४ श्री राज्य प्रकाश मल्ल राजा ५ (यी राज्य प्रकाशको परलोक भयो भनेर छड्के पारेर यसरी लेखिएको छ) तन्कोपरलोक भयो वर्ष ७ ।

फेरि धलाछे लेकलगम (यसको पनि अर्थ खुल्दैन) जय प्रकाशलाई पर सारी भादगाउँका राजा रणजीतमल्लकन राजा मान्या वर्ष ३ ताहाँ उप्रान्त पछि फेरि पाटनमा श्री विश्वजीत मल्ल राजा धाप्पा धलाछेले आफ्नै मनोरथ गऱ्या वर्ष ७ ताहाँ पछि फेरि गोरखाली श्री दलमर्दन शाहलाई राजा थाप्या वर्ष ३ ताहाँ प्राप्त श्री तेजनरसिंह मल्ल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

राजा थाप्या

अव गोरखाली राजाको वंसावली- भुनागवेदै कपुतो नभये व्रम्हाक्ष युक्तो शसि जेच साकै सर्वे नवै वैद्धित इश्वरी भु । सर्वेन्द्रि गोरखापुरी श्री नरदेव देवै १४८१ पछि सहकालमा लमजुङ्गदेखि द्रर्वेसाहा गोरखामा राजा हुन आया ।

श्री दर्वे साह राजा १ श्री पुरन्दर शाह राजा २ श्री रामसाह राजा ३ यीनै राजाका पालामा पाथि मञ्जु तुलोको छाप मारि दामको दुनु अन्नको तिनु भनि वन्दोवस्त गऱ्याको हो । श्री डम्वर साह राजा ४ श्री छत्रसाह राजा ५ श्री कृष्ण साह राजा ६ श्री रुद्र साह राजा ७ श्री पृथ्वीपति साह राजा ८ श्री वीरभद्रशाह राजा ९ श्री नर भूपाल साह राजा १० श्री पृथ्वीनारायण साह राजा ११ श्री सिंह प्रताप साह राजा १२ श्री रणवहादुर साह राजा १३ श्री गिरवाण युद्ध विक्रम शाह राजा १४ श्री राजेन्द्र विक्रम साह राजा १५ पुन वहादुर साह राजाको पालामा श्री विदुर साह, सेर वहादुर साह चौतारा भयो ।

श्री नरभूपाल साहका रानी तीन हुन् जेठी रानीका श्री कृतियोदाम्साह चौतरिया भया । कान्छा दलजीत साह सरदार भयो । कान्छी रानीका श्री सूरप्रताप शाह काजीभया- १ माइला रानीका सातै महिनामा जन्मभयाका श्री पृथ्वीनारायण शाह जेठा भया र राजा भया १ कान्छा दलमर्दन साह चौताराभया भित्र्यानीका रुद्रवाज डिट्टा भया १ दुवै राजा चौताराका जी सर्दर डिट्टाका पाला देखि कंपनि तिलंगा वन्दुक तोस्दान मार्तवल संगिन महुरी सुजनी सवै षजाना गरि कंपनि जमायाको हो ।

भारदारमा वामन नानी-१ भानु जैसी १, थर्थोक मध्ये, रनै वानिया १, जयु वनियाँ १, प्रतिमन अधिकारी १ श्याम अधिकारी १, वागसिं कार्कि, मातिक अधिकारी १, मोती पग्र १ किस्न कार्कि १ जुध्या षत्री, यीनै सिपाइ सित वसी मतोगरि साथलिकन नवाकोट पूर्व नालादुम सम्म फते गऱ्या को हो । शाके १६९० सहकाल कार्तिकमा कान्तिपुर फते गऱ्या को हो ताहाँ उप्रान्त तेरदिनपछि फटन फत्यगरि धलामास्य शाके १६९१ सहकालमा रानी समेत कान्तिपुरमा प्रवेश गऱ्याको हो पछि तिनवर्ष ९४ सहकालमा कार्तिक शुक्ल द्वादसीका सत्र भादगाउ फत्य भयो । ताछापछि मकवानपुर मान्या ।

शाके १६९५ सहकालमा चौदण्डि अयापुर विजैपुर मारी तिष्ठा माठा भरिसम्म साँधलाया साके १६९६ सहकालमा श्री पृथ्वीनारायण को प्रलोक भयो । यसमा सग्रन्ति दिनका दिन ताहाँपछि श्री सिंहप्रताप राजा भया १ सरूपक्तिंका जि दुवै लेक विलास पुर मारि भोग्य गऱ्या वसंन्तपुर सिद्ध गर्न रह्याको थियो उनैले सिद्ध गऱ्या तन्को परलोक भयो-वसन्तपुर दरवारमा मन्त्र सिद्ध गर्ने साधना गर्दा पंच मकारको वढी सेवन गरेको कारणले परलोक भयो । पंचमकार भनेको मांस मदिरा मैथुन मदर मात्सगर्थ हो । वर्ष २११ को कार्तिक १५ मा श्री रणवहादुर शाह राजा भया १ तन्कापाला ठूला ठूला कार्य गऱ्या उनका प्रतापले ४ श्रीमकाली वारपारका २४ राजामास्या डोटी कृष्मा जुमला गठ श्रीनगर पक्ररीम हरिद्वारा पूर्व सुखिम उत्तर कुति दक्षिणा नवापसुगधा भरि साध लाया उत्तर डिगयो सम्म फौज चलाया तहाँको सुन चाँदि कुची देवालय लुटी ल्याया । तेतिभयापछि चिनीयाँ धै वुङमा आइ लाग्याथ्यो त्यस्तै वीचमा काजीदामोदर पाण्डे सरदार प्रवलराना जसिमन्त भण्डारीले कटक जिति भोट्यालाई काटि वेत्रावति नदिमा वगाई दिया वहाँपछि वहादुर शाहले चीनसंग घागरि डिगर्चा सुम्पिदिया तास प्रान्त (ताहाँ उप्रान्त) काठमाडौंमा ठूलो घण्टा चढाया अष्टमातृकाको देवलवनाया टुँडिखेलमा श्री जगन्नाथ देवल वनाया

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सिंधुली चीसापानिमा किल्ला गढी बनाया यस्तो कृति गरिकन श्री सम्वत १८५५मा फागुनका दिन २८ जाँदा सुक्ल पक्ष शुक्रवासरे तददिने श्री रणवहादुर शाहले राज्य आफ्ना छोरालाई टिका समेत सौंप्या आफु परम निर्गुणानन्द स्वामी भैकन वस्या श्री ५ गिर्वाण युद्ध विक्रम साह राजा भया रणउद्यत शाह चौतारा भया र श्री माइली महारानी भइन तनैका काखमा राज सौपियी स्वामी विदेश गया तहाँपछि माइली रानीले हुकुम चलाइन चारवर्ष सम्म तेससमयमा सुवुद्धिकाजी भयोथ्यो त्यस्तै समयमा मदेशवाट श्री जगतमाता काजरा जेउवरी झिकाइ श्री ५ महाराजालाई श्री महारानीका काखमा राखिदिया श्री सम्वत १८५९ सालमा कान्तिपुर द्रवार (दरवजार) मा प्रवेश गरिन त्यसै समयमा सुवुद्धि भाग्यो र मधेस गइ भन्यो श्री ५ महाराजा गिर्वाण युद्धविक्रम साह पाला रजाइमा गरी जर्नेल भीमसेन थापा भया तन्का जर...(यो माझको अक्षर वुझिँदैन) मा पञ्चीय सरफको देश मार्दै काँगडासम्म फौजचलाया वडा वडा किर्ति गऱ्या टुडिखेलमा फलामको ढोका वनाया ठवेछेलका समिपमा अनवठा डवलको राम्रो वारुद खाना वनाया फेरि अर्को किर्ति (यहाँ पनि चार अक्षर बुझिँदैन) मजाक देवल फुलवारी तुल्याया विष्णुमतिमा पुलवाँधी साधु लाया यस्ता यस्ता किर्ति लाखौ श्री जनरेली भीमसेन थापाका जरौलमा भया काछन, वागमतीमा पुल टुँडिखेल काठोको माला पाटि वैठक सुवर्णको गजुर समेत बनाया श्री रानीपोखरी जिर्ण उद्धारण गरि फेरि वनाया यसै समयमा काठमाडौं जतातत्तै स्वर्णपुरी भयो ।

सम्वत् १८७१ सालकार्तिकमा श्री करौली उजिरसिं थापा पाल्पा श्रीनगरमा आई श्री डम्वर नारायणको देश नगरि दरवारमा प्रवेश गऱ्या मंसिर महिनामा पल्टन कस्मति सवै फौज भारदारले नुवाकोट गडीमा गै वस्या ताहाँ उप्रान्त ७१ साल पौष महिनाका दिन २२ जाँदा मंगलवार बुटवल जितगढीमा फिरंगिसित लडाइँ भयो धन्य धन्य श्री कर्णाली उजिरसिं थापा मनयी हुनाले जीतगढीमा गोरा ९०० काला ३०० काटि सरफ गऱ्या र लडाइँ जिति नुवाकोटमा विश्राम गऱ्या जसजसले मिहेनत गऱ्याको थियो जाची मिहेनत गऱ्याको हेरि (यहाँ पनि बुझिँदैन) लगत गऱ्या कति मनुष्यलाई मान बढाया १९/२० का उमेरमा प्रथम लडाइ फिरंगि संग गरि वैढीकोलस्कर काटि हुठाइ हात्ति घोरा उट बयल गाडि छकडा तोडा बन्दुक तोप कुर्थि संगिन बं षजना लुटी ल्याउनु धन्य धन्य हो त्यसै समयमा फेरि चैत्र शुल्क अष्टमीका दिन फिरंगीको फौजलाई चिवागर्न भनि बटवल तिनाउपार खस्यौलीमा आइ बीच वीचमा तोप राखि पल्टनको किल्ला बाँध्यो तस्तै वीचमा मंत्री गरि करौली उजर सिं थापाले पनि आड आडमा तोपराखी बटवल पूर्वका चौकिमा गै. श्री पल्टनले सकल कराउदा फिरिङ्गिका १ करौली ५।६ सय गोरा २/३ सय काला सिपाई तिनाउमा पछि लाग्या ताहाँ फिरंगिले हार मानि कुच भाग्यो दोश्रो लडाइँको किर्ति हो ।

स्वस्ती श्री सम्वत १८७३ साल मंसिर मैनामा श्री ५ गीर्वाणयुद्ध विक्रम साह राजाको प्रलोक भयो श्री महाराजाधिराज राजेन्द्र विक्रम साह राजाभया त्यसै समयमा हो (यसपछि तल पट्टि यस्तो लेखिएको छ) ... सुरेन्द्र विक्रम शाह

यसरी दस्तावेजको अन्त्यभएको छ। यसको अर्थ विज्ञहरूले निकाल्नु हुनेछ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नेपाललाई भुटानीकरण गर्ने प्रयत्नमा तराईको भूमिका

✍ साध्यबहादुर भण्डारी*

सन् १९७७ मा भारतमा सङ्कटकाल लाग्यो । जयप्रकाश नारायण, मोरारजी देसाई, अटलविहारी वाजपेयी पक्राउ परेको वेला वी.पी. कोइराला भारतमा निर्वासित जीवन विताइरहेका थिए । तापनि राजनैतिक चलखेल तीव्र थियो । त्यसै वेला इन्दिरा गान्धिले- "तेरो राजनीतिक स्थल भनेको नेपाल हो" भन्दै विमान अपहरणको ठूलो मुद्दा वनाइन्, वी.पी.को डेरामा छापा मारियो । दिँदै आएको सुरक्षाकर्मी सुराकी वने । त्यसवेला मोतिझिलमा वी.पी.कोइरालालाई मार्ने असफल प्रयास पनि भइसकेको थियो । इन्दिरा गान्धीले नेपाललाई भुटान वनाउन प्रस्ताव गरिन र भनिन्- "भारतसँग डिफेन्स र परराष्ट्र प्याक गर ! म तिमीलाई नेपालमा पुनर्स्थापना गर्न मद्दत गर्छु ।" **(नागरिक दैनिक २६ भाद्र २०६७)** तर वी.पी.ले मानेनन् ।

२०६१ को विश्व वौद्ध सम्मेलनमा भारतका विदेश राज्य मन्त्री अहमदले प्रस्ताव गरेका थिए- "नेपालको माओवादी विद्रोह दुई देशको समस्या हो, नेपालका नदीहरूको बाँडफाँड र सुपुदर्गी सन्धि जस्ता समस्या दुई देशका वीचमा रही रहेका छन् । जसको समाधानका निम्ति श्री ५ महाराजाधिराजको भारत भ्रमणको लागि आतुरकासाथ प्रतीक्षारत छौं ।" **(युग सम्बाद साप्ताहिक ६ पौष २०६१ ।)**

उपर्युक्त पृष्ठभूमिमा भारतको तत्परता, संयोजन र त्यसैको पहल र प्रयत्नबाट १२ वुँदे सम्झौता २०६२ मंसिरमा भयो र थाती वसेको भुटानीकरणको उपर्युक्त मुद्दा सम्वोधन हुने गरी नेपाली राजनैतिक दलहरूलाई सहमत गराएर दोस्रो दिल्ली सम्झौता पूरा गरियो । त्यसका कतिपय पाटाहरू पटाक्षेप हुनै वाँकी छन् । नेपाल राष्ट्रको उत्पत्तिसँगै तराई अभिन्न अङ्गकोरूपमा रहँदै आएको छ । नेपालको करिव ४ हजार वर्ष लामो लिखित इतिहासमा राजा जनकले गरेको राज्य वा २६ सय वर्ष अघि लुम्बिनीमा गौतम वुद्धका शाक्य वंशद्वारा गरिएको राज्य, दुवै ऐतिहासिक स्थलहरू अहिलेको नेपालभित्रै पर्दछन् । तराई नेपालको महत्त्वपूर्ण ऐतिहासिक भूभागको रूपमा रहँदै आइरहेको छ । विभिन्न ऐतिहासिक कालखण्डहरूमा छिमेकी राष्ट्रहरूसँग सङ्घर्ष गर्दै भएपनि आफ्नो ऐतिहासिक सम्पदा भाषा-भाषीहरू आजपर्यन्त जीवित् छन् । जस्तैः तराईको मैथिली,

** लेखक राजनीतिक विश्लेषक एवं अनुसन्धाता हुनुहुन्छ । -सम्पा.*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अवधी, वज्जीका, भोजपुरी, उर्दू, थारू आदि भाषाहरू । त्यस्तै जातिहरूमा यादव, अहिर, शाह-तेली, मुसहर, कहार, डोम-चमार, मुसलमान, कर्ण कायस्थ, झा, गुप्ता चिठिमार, हलुवाई, थारु, राजवंशी, धिमाल-सन्थाल थारु, सतार, राजवंशी आदि हाम्रा अभेद्य सम्पदाहरू हुन् । जुन ऐतिहासिक कालखण्डदेखि नै वस्दै आएका जातिहरू हुन् । ४ हजार वर्ष लामो इतिहास बोकेका देशहरू संसारमा विरलै पाउन सक्छौं । ब्रिटिसले शासन गर्दा व्यापार सहज गर्न ६६२ वटा विभिन्न साना राज्यहरू (हालको वङ्गलादेश र पाकिस्तान) समेत मिलाएर अहिलेको भारत वनाइएको हो । भारतकै पनि नेपालको भन्दा अत्यन्त छोटो इतिहास छ । यसरी तराई नेपाल राज्यको स्थापनासँगै गाँसिएर आएको ऐतिहासिक र गौरवशाली भूगोल आज कसैले अलग गर्न खोज्दछ भने त्यो ऐतिहासिक धरोहर विरुद्धका हरकतहरूको निन्दा गर्नै पर्दछ ।

अङ्ग्रेज भारतमा प्रवेश गरिसकेपछि नेपालको तराई क्षेत्रमै टिम्वरमा आँखा गाड्यो । किनभने उसको सामान सस्तोमा वेच्न पूर्वदेखि पश्चिमसम्म रेलवे लाइनमा जोड दिनुपर्दथ्यो । अङ्ग्रेजहरूले भारत एकीकृत गरे भने नेपाललाई पनि पृथ्वीनारायण शाहले एकीकरण गरे । सन् १७९२ मा अङ्ग्रेजहरूले तिव्वत जाने बाटो सहित सम्झौता गर्न खोजे, जुन नेपालको हितमा पनि हुन सक्दथ्यो । नेपालले विजय गरेको सतलज वाहेकको टिस्टादेखि रावी नदीसम्मको सवै भूभागलाई नेपालकै सार्वभौमिकता स्वीकार गर्ने प्रस्ताव थियो तर हुन सकेन । सन् १८०१ मा सम्झौता गरी अङ्ग्रेजको दुत वस्ने भयो । पहिलो भारतको रेल-वे लाइन विस्तार गर्न साल, सिसौ जस्ता रुखका काठहरू लैजानु, दोस्रो कप्तान नक्सले नापी विज्ञ, खानी विज्ञ र रसायन विज्ञ झिकाएर नेपालभित्र रहेका सम्पूर्ण खानीहरूको अध्ययन गरी भौगोलिक नाप नक्सा तयारी गरी आक्रमणको योजना वनाउनु, तेस्रोमा तराईको उर्वर भू-भाग हत्याउनु थियो, जुन योजना सफल वनाउनका लागि अङ्ग्रेजहरूले ४२ ठाउँमा कृत्रिम सीमा विवाद उत्पन्न गराएर सन् १८१४-१६ मा नेपालमाथि आक्रमण छेडे । जसको कारण नेपालले सुगौली सन्धि गर्न बाध्य हुनुपर्‍यो ।

आफू स्वतन्त्र भएलगत्तै भारतले पनि नेपालका ती भूभागहरू आफ्नो वनाउन विभिन्न समयहरूमा विभिन्न 'तराई मिसनहरू' सञ्चालन गर्दै आइरहेको छ । त्यो उद्देश्य पूरा गर्न तराई काङ्ग्रेसको गठन, भद्रकाली मिश्र (२००७ सालको मन्त्रीमण्डलमा भारतको तर्फबाट राखिएका व्यक्ति) लाई प्रयोग गरी सङ्घीय खाका खिच्ने, गजेन्द्रनारायण सिंहहरूलाई साधन र श्रोतहरू जुटाएर पार्टी खोल्न लगाउने आदि । तराईमा अस्थिरता श्रृजना गरी त्यसमा आफ्नो प्रभाव र प्रभुत्व कामय राख्ने भारतको 'तराई मिसन' नीति अहिले निकै चर्कदो स्थितिमा छ । जसका कारण अहिले तराई क्षेत्रले मात्र नभएर सिङ्गो नेपाल नै अत्यन्त गम्भीर परिस्थितिमा छ । आजको नेपालको राष्ट्रियताको चर्कदो विन्दु तराई हो । त्यसलाई बचाउनु आम नेपालीको प्रमुख दायित्व हो । सन् २००८ अगष्ट १८ मा भारतीय पूर्व प्रधानमन्त्री आई.के. गुजरालले 'नेपालभित्र दुई देश छन् जसमा तराई अलग देशको रूपमा रहेको छ' भनेवाट नेपालवाट तराई टुक्र्याउने प्रष्ट नीति भारतको छ भन्ने कुरामा द्विविधा छैन ।

सन् १९९० मा जलस्रोत र सुरक्षामा भारतको हात माथि पर्छ भने नेपालमा राजसंस्था यथावत् रहन्छ भनी तत्कालीन राजा वीरेन्द्रसँग भारतले प्रस्ताव गर्दा वीरेन्द्रले मानेनन् तर अन्तरिम प्रधानमन्त्री कृष्णप्रसाद भट्टराईले नेपालको नदीनाला भारतका साझा हुन् भनी हस्ताक्षर गर्नुभयो । सन् १९९६ मा काङ्ग्रेस, एमाले र राप्रपाको संहमतिमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

महाकाली सन्धि गरियो, जुन भारतको नदी जडान योजनाको महत्त्वपूर्ण अङ्ग थियो। त्यसपछि २०५४ सालमा लोकेन्द्रबहादुर चन्द र बामदेव गौतमले विद्युत बिक्री सम्झौता गरे, जुन नीति अनुसार विद्युत उत्पादन गर्न भारतीय निजी कम्पनीलाई नेपाली निजी कम्पनी जत्तिकै अधिकार दिने उल्लेख छ। अहिले १०० मेघावाट भन्दा बढीको २८ वटा हाइड्रोपावरहरूमध्ये १८ भारतीय निजी कम्पनीहरूलाई दिइएका छन्। डी.पी. त्रिपाठीको GMR, सीताराम यचुरीको सतलज विद्युत निगम, 'रअ' प्रमुख अशोक चतुर्वेदीको जिन्दाल पि.इ.यस ल्यान्द्रा भिलभाडा, नन्दादेवी लगायत आदि छन्। पश्चिम सेतीमा पिटीसी इन्डिया-पञ्चेश्वरमा भारत सरकार, उच्चकोशी बाँध भारत सरकार र कर्णाली 'प्रचण्ड' ले नदी जडान योजनाको व्यापक खाकानुसारको 'मेघा प्रोजेक्ट' मा सहमति गरेपछि भारत नेपालको जलस्रोत हत्याउन सफल भएको छ जसलाई जनताको बिरोधबाट मात्र रोक्न सकिन्छ।

सीमामा भारतले भारतीय सुरक्षा बल (एसएसवी) झण्डै १ लाखको सङ्ख्यामा राखेको छ। त्यसको मुख्य काम नेपालीहरूलाई तराईमा विस्थापित गर्ने र बाँध निर्माणको काम सम्पन्न गर्ने रहेको छ। हतियार माफिया, बलात्कारी, चोर, डाँका जस्ता अपराधीलाई उक्साई तराईमा आपराधिक एवं समूहबाट हिंसात्मक गतिविधिहरू सञ्चालन गर्न लगाउने र उनीहरूलाई नेपाली नागरिकता दिन लगाउने गरिएको छ। यसले नेपालको अस्तित्त्व र सार्वभौमिकतामा गम्भीर सङ्कट पारेको छ।

अहिले फिजीकरण गर्ने ग्र्यान्डडिजाइन हुँदैछ र त्यसको सुरुवात पनि तराईबाटै गरिँदैछ। नेपाललाई फिजीकरण गर्ने उद्देश्यकासाथ २०६२/०६३ सालको आन्दोलनलगत्तै विदेशीहरूलाई नागरिकता दिन 'नागरिकता विधेयक' ल्याइयो। तत्कालीन सरकारमा रहेका महत्त्वपूर्ण व्यक्तिहरू गिरिजाप्रसाद, अमिक शेरचन, खड्ग ओलीहरूले ल्याएको उक्त विधेयकलाई नेकपा एकीकृत माओवादीले समेत स्वीकृत गऱ्यो। सन् १९८० सालसम्म नेपालमा ३८ लाख भारतीयमध्ये २३ लाख ८७ हजार ९७३ लाई नागरिकता दिएको तथ्यलाई सन् १९८२ मा भारतीय परराष्ट्र मन्त्रालयले समेत स्वीकाऱ्यो भने बाँकी रहेका र थपिएका ४२ लाख भारतीयहरूलाई नागरिकता दिनुपर्ने कुरा कथित मधेसवादी दलहरूले भन्दै आएकोमा ०६३ माघदेखि चैत्र सम्ममा २६ लाख १६ हजारलाई थप नागरिकता बाँडिएको थियो। विदेशीलाई खुला गरिएको नागरिकता कानुन ४ वर्षदेखि अद्यावधि जारी रहेकोले थप लाखौंलाख विदेशी मुख्यतः भारतीयहरूले आजसम्म पनि नागरिकता लिइरहेका छन्। भारतीयहरू नेपाली नागरिकका रूपमा सूचिकृत भए भने तराईमा मुख्यतः भारतीय नागरिकहरूको बहुमत हुनसक्ने कुरामा कुनै शङ्का छैन।

दिल्ली सम्झौताको बेला नेपाल स्वतन्त्र, सार्वभौमिक र स्वाधीन मुलुक नभएर भारतद्वारा शासित मुलुकको रूपमा तत्कालीन प्रधानमन्त्री जवाहरलाल नेहरूले उल्लेख गरेको पाइन्छ। नेहरुले नेपाललाई भारतको स्वशासित राज्य र हिमालय पर्वत भारतको सीमाना मान्थे र नेपाली काङ्ग्रेसले पनि नेपाललाई भारतको महत्त्वपूर्ण अङ्ग मान्थ्यो। काङ्ग्रेसले भारतलाई आधारभूमि बनाएर "जनक्रान्ति" को उद्घोष गऱ्यो। दिल्ली सम्झौताको अन्तर्वस्तु भनेको नेपाललाई भारतीयकरण गर्ने योजनाबद्ध षड्यन्त्र थियो। त्यसको लागि तत्कालीन भारतले के-के गऱ्यो ? नेपालको मन्त्रिपरिषद्मा भारतको संरचनागत प्रतिनिधिको रूपमा भारतको पक्षमा काम गर्ने गरी भद्रकाली मिश्र र सूर्यप्रसाद उपाध्यायलाई सदस्य बनायो। त्यस्तै भारतले उत्तर प्रदेशका गृहसचिव गोविन्द नारायण

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सिंहलाई राजा त्रिभुवनको निजी सचिवको रूपमा पठायो । मन्त्रिपरिषद्को वैठक सञ्चालनका लागि तत्कालीन भारतीय राजदूत सिपीएन सिन्हालाई मन्त्रिपरिषद्मा राख्ने काम गरियो । भारतको त्यस कदमको पुष्पलाल श्रेष्ठ र डा.के.आई. सिंहले विरोध र विद्रोह गर्दा दमनको लागि भारतीय फौज नै ल्याइयो । भद्रकाली मिश्रले मन्त्रालयका सचिवहरू भारतबाटै माग गर्ने, सुरक्षा नियन्त्रणको लागि भारतीय फौज नेपाल भिकाउने र नेपालको फौज उनीहरूकै निर्देशन र नियन्त्रणमा रहने प्रस्ताव राखेका थिए ।

मन्त्रिपरिषद्को वैठक स्थगित गरी भारतमा गएर बाँकी वैठक गर्ने र नेपालको सेनालाई कमाण्डमा राख्न नेपाली सेनाको आधुनिकीकरणको नाममा भारतीय सैनिक मिसन ल्याउने काम गरियो । त्यसले सीमाक्षेत्रमा ३० कि.मी.सम्म भारतीय फौज आउनसक्ने, नेपाली सेनाको गोलावारुद हातहतियार चेक गर्ने, प्रशिक्षण र हातहतियार भारतवाट मात्र पूर्ति गर्ने, तिव्वती नाकाहरूमा भारतीय चेकपोष्ट राख्ने, नेपाली सेना वर्खास्त र भर्ना गर्ने, (तत्कालीन अवस्थामा २७७५० सेना वर्खास्त गर्दै ६००० मा भारेको घटना स्मरणीय छ) र नयाँ सेना भर्ना गर्दा नेपाली सेनामा भारतीय नागरिकलाई पनि भर्ना गर्ने निर्णयहरू सैनिक मिसनले गर्‍यो । त्यस्तै सो वैठकले नै नेपालको कर्मचारीतन्त्रलाई कब्जामा लिन 'कर्मचारीतन्त्र सुधार सुझाव आयोग' भारतीय विशेषज्ञहरूको र 'शिक्षा आयोग' लगायत भारतीय विशेषज्ञहरूको सल्लाहकार समितिहरू वनाइएको थियो । राजा, राणा र काङ्ग्रेस नेपालतर्फवाट थिए भने भारतको तर्फबाट जवाहरलाल नेहरू सहितको उपस्थितिमा भएको नेपाल भारत सम्झौता (दिल्ली सम्झौता) को मुख्य आधार 'विशेष सम्वन्ध' मा आधारित थियो । १०४ वर्षसम्म राणाहरू अङ्ग्रेजको भक्त भएपनि नेपाललाई खेलमैदान वनाउन दिएनन् । नेपाली काङ्ग्रेसको 'जनक्रान्ति' विसाएर गरिएको दिल्ली सम्झौताले नेपाललाई भारतीयकरण गर्‍यो । यस सम्झौतामा सरकार, राजदरवार, मन्त्रिपरिषद्, सेना, कर्मचारी र शिक्षामा भारतीय प्रतिनिधित्वको अनिवार्य व्यवस्था गरिएको थियो । राजा त्रिभुवनको मृत्यु र मातृकाको वहिर्गमन तथा पुष्पलालको विरोधले त्यो प्रक्रिया रोकियो । २०२६ सालसम्म भारतीय सेनाको चेकपोष्ट तिव्वती नाकाहरूमा रह्यो र त्यसपछि राजा महेन्द्रद्वारा त्यसलाई हटाइयो ।

सम्मृद्ध भारत निर्माणका लागि नेपालको सम्पूर्ण पानी र विजुली नियन्त्रणमा लिन भारतीय जल नीतिको रूपमा अगाडि बढाएको **'नदी जडान योजना'** पूरा गर्न कृष्णप्रसाद भट्टराईको पालामा साझा नदी, महाकाली सन्धी, लोकेन्द्रबहादुर चन्द तथा बामदेव गौतमको पालामा विद्युत विक्री सम्झौता र माओवादी नेतृत्वको सरकारको पालामा सहमति भएको 'मेघा प्रोजेक्ट' सम्वन्धी सन्धि पूरा गरिएकोले अव नेपालको जलस्रोत पूर्णत: भारतको नियन्त्रणमा पुगेको देखिन्छ । खानी, खनिज, प्राकृतिक सम्पदा र विद्युत योजनाहरू निर्वाध रूपमा निर्माण पूरा गरी भुटानमा झैं सुरक्षा नियन्त्रणमा लिनसमेत 'सुपुर्दगी सन्धी' को प्रस्ताव गरेको छ । २०६६ भाद्र २९ गते भारतवाट प्रस्ताव गरिएको उक्त सन्धिको बुँदा नं. २ मा 'अनुसन्धानका लागि एक अर्को मुलुकका जुनसुकै ठाउँमा पनि शस्त्र सहित सुरक्षाकर्मी पुग्न पाउने र विना रोकतोक अनुसन्धान एवम् पक्राउ गर्न पाउने' गरी विदेश सचिव निरूपमा रावले प्रस्ताव गरिन् । जसको काङ्ग्रेस, एमाले माओवादीलगायत ठूला दलहरूले विरोध गरेका छैनन् । फिजिकल भेरिफिकेसनको प्रावधान राखेर भारतमा **'अपराध'** गरेर नेपाल आएर बसेका भारतीयहरू, भारतमा **'अपराध'** गर्ने नेपालीहरू र भारतमा **'अपराध'** गर्ने तेस्रो मुलुकका नागरिकहरूलाई भारतीय सेना

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सोझै नेपालमा प्रवेश गरेर पक्रन पाउने अधिकार राख्ने उक्त सन्धि लागू भएमा नेपाल सोझै भारतको सुरक्षा नियन्त्रणमा पुग्ने छ। जसरी ६ लाख जनसङ्ख्या रहेको भुटानको फुन्चोलिङमा चालिसौं हजार भारतीय सेनाहरू भुटान सुरक्षाको लागि भनी तैनाथ गरिएका छन्। त्यसैगरी नेपालमा पनि भारतीय सेना तैनाथ गर्ने उद्देश्यवाट प्रेरित सुपुर्दगि सन्धिको तयारी भैरहेकोमा चौतर्फी विरोधको आवश्यकता छ। सुपुर्दगी सन्धिको आन्तरिक तयारी करिब पूरा भइसकेको छ। १२ बुँदे दिल्ली सम्झौतापश्चात् वनेका विभिन्न सरकारले प्रत्यक्षऽपरोक्षरूपमा नेपाललाई भुटानीकरण गर्ने दिशामै काम गर्दै आए र गरिरहेका छन्।

तराईलाई छुट्टै प्रदेशको रूपमा छुट्याउन आवाज उठाउने अभियन्ताहरूमा हृदयेश त्रिपाठी, राजेन्द्र महतो, रेणुकुमारी यादव, सरिता गिरी, महन्थ ठाकुर जस्ता अङ्गीकृत नागरिकता लिने व्यक्तिहरू नै रहेका छन्। मधेसलाई टुक्र्याउने ग्र्यान्ड डिजाइनअनुसार गरिएका यस्ता हर्कतहरूलाई गम्भीरतापूर्वक लिइनुपर्छ। तराई मिसनको मूल लक्ष्य तराईलाई नेपालवाट टुक्र्याउनु हो। जसको लागि भारतले नेपाललाई सधैं दवावमा राख्ने दक्षिण एसियामै नयाँ रणनीतिको सुरुवात गऱ्यो। भारत स्वयं पनि एउटा समग्र देश हैन, मुसलमान र हिन्दुस्तानीहरूको दुई देश हो भन्ने वहसवाट सन् १९४७ मा हिन्दुस्तान र पाकिस्तान जन्मियो। भारतीय कुटनीतिज्ञहरूले दक्षिण एसियाको कुनै पनि मुलुकलाई कमजोर पार्नुपर्दा त्यही रणनीति प्रयोग गर्न थाले। पाकिस्तानमा रहेका उर्दुभाषी र वङ्गला भाषी एकै राष्ट्र हुँदैनन् भनेर पाकिस्तानलाई फुटाएर नयाँ बङ्गलादेश जन्माए। त्यस्तै श्रीलङ्कामा हिन्दू धर्मावलम्वी तमिल र बौद्ध धर्मावलम्वी सिंहालीको फरक-फरक राज्य हुनुपर्दछ भनेर भारतले अरवौं धनराशी खर्च गरेर १५ वर्षसम्म तमिल युद्ध थोपर्ने काम गऱ्यो। त्यस्तै तमलोपाका अध्यक्ष महन्थ ठाकुरले आफ्नो पार्टीको घोषणापत्रमा नेपाल भन्ने शब्द कहीं उल्लेख गरेका छैनन्। देश र मधेस शब्दमात्र उल्लेख गरेका छन्। हिमाल, पहाडलाई देश भनेका छन् भने तराईलाई मधेस भनेका छन्। हिमाल, पहाड र तराई एकै देश हैनन् र 'समग्र मधेस एक प्रदेश हुँदैन भन्ने नेपाल पनि एउटै रहँदैन' भनी भनेका छन्। भारतको यही नीति पाकिस्तान, वंगलादेश तथा श्रीलंकामा समेत अभ्यास गरियो र जुन नेपालमा पनि अभ्यास गरिंदैछ।

तराई टुक्र्याउन भारतले त्यहाँवाट पहिले पहाडी समुदायका नागरिकलाई लखेट्ने र त्यसपछि त्यहाँका आदिवासी विभिन्न जाति जनजातिहरू विस्थापित गर्नेछ। त्यहाँ भारतीय नागरिक राख्ने एउटा नीति देखिन्छ भने अर्को आवश्यक पऱ्यो भने तराईलाई टुक्र्याइदिने नीति देखिन्छ। १० वर्षभित्रमा नेपालवाट तराई टुक्र्याउने प्रस्तावमा २०६४ वैशाख २८ गते मधेसवादी दल र तराईका सशस्त्र समूहवीच पटनामा छलफल भएको थियो। २०६४ असोज १८ देखि २० मा पटनामा वसेको अर्को वैठकवाट समग्र मधेश एक प्रदेशको खाका साउथ ब्लककी सह सचिव पृतीशरणको उपस्थितिमा निर्णय भै २०६४ फाल्गुण १६ गते भारतीय राजदूतावासमा भएको सम्झौतालाई नेपाल सरकारले समेत स्वीकार गऱ्यो।

दिल्ली सम्झौतापछि नेपाललाई भारतीयकरण गर्न जुन नीति वनाइएको थियो, त्यो प्रयोगमा आइसकेकोले थोत्रो र पुरानो भयो। भारतले पटक-पटक नेपालसँगको नयाँ सम्वन्ध जलस्रोत र सुरक्षामा केन्द्रित रहने कुरा व्यक्त गर्दै आएको थियो, त्यसको कारणमा नेपाललाई भुटानीकरण गर्ने योजना नै रहेको थियो। भारतले सन् १९७२ मा वनाएको नदी जडानको लक्ष्य अनुसार भुटान, सिक्किम, बङ्गलादेश, नेपाल, कस्मिर,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पाकिस्तानवाट निक्लेका नदीहरू भारत भएर वङ्गालको खाडीमा पुग्दा ८३ जिल्लाको ४ करोड हेक्टर भूभाग डुब्ने गरेको छ। नदी नियन्त्रण गरी ४ करोड हेक्टर खेतीयोग्य जमीन प्राप्त गर्नु नदी जडान योजनाको पहिलो लक्ष्य हो। सोका लागि उपरोक्त देशका प्रान्तहरूमा ठूला-ठूला हाइड्याम बनाउनु पर्दछ। ड्याम बनेपछि भारतको दक्षिण पश्चिमको २०७ जिल्ला मरुभूमीकरण भएकोमा त्यसको ३ करोड ४० लाख जमिन सिंचाई गरी हरित क्रान्ति ल्याउने दोस्रो लक्ष्य हो। ५ ठूला महानगरहरू र खानेपानीले छटपटाएको १५० जिल्लामा पिउने पानीको वन्दोवस्त गर्नु तेस्रो लक्ष्य हो। हाइड्यामवाट निस्कने विजुलीलाई आधारभूत औद्योगिक संरचनाको लागि पुऱ्याउनु चौथो लक्ष्य हो। कारण २०२० वाट भारतले विश्ववजार कब्जा गर्न ओद्योगिक संरचनाको लागि ३ लाख पचास हजार मेघावाट विजुली आपूर्ति गर्नु पर्दछ। हाल उससँग १ लाख ४० हजार मेघावाटको संरचना छ तर त्यसको एक तिहाइ पनि विजुली आपूर्ति गर्न सकेको छैन। बर्मादेखि अफगानीस्तानसम्मको पानी विजुली हत्याउन पिटिसी नामक दलाल कम्पनीमार्फत् आफ्नो काम अगाडि वढाएको छ। नदी जडान योजना सम्पन्न भएपछि प्रतिवर्ष ४ करोड ७० लाख मानव रोजगारी दिने उसको पाँचौ लक्ष्य हो। पहाडमा हाइड्याम वनाएपछि उसको जमिन, सहर र वस्तीको सुरक्षामा चुनौती थपिएको छ। त्यसको सामना गर्न भारतको उत्तरतर्फ २२०० कि.मि. सडकको नाममा ड्याम वनाउँदैछ, चुरेपहाडवाट गिटी, वालुवा सोही प्रयोजनको लागि लगिँदैछ र वाढी नियन्त्रणपछि उकास आउने ४ करोड हेक्टर जमिन सिंचाई गर्न नेपाल भारत सीमानामा वाँध निर्माण गर्नु उसको छैठौं लक्ष्य हो। १२ हजार ५ सय किलोमिटर लामो र ४५ वर्षमा पूरा गरिने यो योजना अगाडि वढाउनुको एक मात्र कारण जनसङ्ख्याको वृद्धि नै मुख्य कारण हो। भारतमा १ करोड ५७ लाखका दरले प्रतिवर्ष जनसङ्ख्या बृद्धि भइरहेको छ। सन् २०५० सम्ममा न्यूनतम १ अरव ६५ करोड जनसङ्ख्या हुनेछ। ४५ करोड मेट्रिक टन अन्न आवश्यक पर्छ। उससँग हाल १६-१८ करोड मेट्रिक टन अन्न उत्पादन हुन्छ। जमिन ७ करोड ५० लाख मात्र आवादी रहेकोमा न्यूनतम रूपमा १६ करोड हेक्टर जमिनमा सिँचाई पुऱ्याउनु पर्दछ। भारतमा नेपालीको भन्दा पनि ज्यादै कम १ सय ५२ केजी प्रतिवर्ष प्रतिव्यक्ति अन्न प्राप्त छ। विद्युत पनि भारतको सम्पूर्ण क्षमता प्रयोग गर्दा पनि पानी बिजुली १५ हजार मेघावाट मात्र सम्भव छ। बाँकी विजुली छिमेकी मुलुकहरूसँग निर्भर हुनुपरेको कारण उसले विभिन्न ग्र्यान्डडिजाइनहरू अपनाउने गरेको देखिन्छ। तसर्थ छिमेकीहरूलाई कमजोर पारेर जलस्रोत, खानी, खनिज, रसायन, जडिवुटी र अन्य प्राकृतिक सम्पदा नहत्याए विश्ववजार कब्जा गर्न उसलाई सम्भव छैन। त्यसैले भुटानमा जस्तै आफ्ना छिमेकीहरूलाई नियन्त्रणमा राख्ने नीति भारतले अख्तियार गरेको छ। भुटानको सुरक्षा, अर्थ, गृह र वैदेशिक नीति भारत आफैंले निर्धारण गर्दछ। भुटान भारत संरक्षित भएर रहेको छ भने कस्मिर र सिक्किमलाई भारतले आफैंमा गाभिसकेको छ।

२०६४ साल फागुन १६ गते दोस्रो तराई आन्दोलन समापन गरी भारतीय राजदूतावासमा तयार गरिएको आठ बुँदे सम्झौता जसमा स्वायत्त मधेस प्रदेश स्थापना गर्ने र सेनामा समूहगत प्रवेशको ग्यारेन्टी गरिएको तराई टुक्र्याउने आधारपत्रलाई मानेर माओवादी र एमालेसमेतको स्वीकृतिमा अर्को एउटा सम्झौता गरियो। त्यस्तै पश्चिम सेती, अरुण तेस्रो र उपल्लो कर्णाली भारतीय निजी कम्पनीहरूलाई दिने निर्णय भयो। संविधानसभाको निर्वाचनपछि नेकपा माओवादीको नेतृत्वमा सरकार वन्यो। १४-१८

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सेप्टेम्बर २००८ ई. मा प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' को भारत भ्रमण भयो। प्रकाशित २२ बुँदे संयुक्त विज्ञप्ति अनुसार ११ नं. बुँदामा नेपाल-भारत 'विशेष सम्वन्ध' लाई परिभाषित गर्न खोजियो। १७ नं. बुँदामा विराटनगरमा भारत सम्बद्ध छाउनी अफिस राख्ने। २० नं. बुँदामा मेघा प्रोजेक्टमा जल, विद्युत, सडक, रेल-वे लगायतका क्षेत्रमा सहमतिको संयुक्त विज्ञप्ति प्रकाशित भयो। मेघाप्रोजेक्टको उक्त सहमतिले नदी जडान योजनाको सम्पूर्ण खाका अनुसार नेपालको जलविद्युत हत्याउन भारतलाई २९ वटा हाइड्याम वनाउने बाटो खुलेको छ। त्यसको लगत्तै २०६५ साल आश्विन १५ गते संयुक्त जलश्रोत वैठकले पञ्चेश्वर बहुउद्देश्यीय परियोजना तत्काले अगाडि वढाउने र गड्डाचौकी वरपरको ४०९३.८८ हेक्टर सट्टापट्टामा दिएको जमिन भारतको भनी निर्णय गरियो। भारतीय योजना मुताविकको नौमुरे विद्युत परियोजना अघि वढाइयो। कोसी हाइड्याम निर्माण गर्न एक वर्षको समयावधिभित्र डीपीआर वनाउने सम्झौता भयो भने तराईमा वनेका वाँधहरूलाई यथावत् राख्ने निर्णय गरियो। १४ नोभेम्वर २००८ मा भारतीय विद्युत दलाल कम्पनी पीटीसीलाई ३० प्रतिशत लगानीमा पीटीसी नेपाल खोल्ने सम्झौता गरियो। त्यस्तै २०६६ साल भाद्र २ गतेबाट प्रधानमन्त्री माधवकुमार नेपालले भारत भ्रमण गरे। भारतीय भूमिकाको सुरक्षा कवचको रूपमा विकसित हुने नेपालको तराईलाई छेक्ने गरी भारतले वनाउन लागेको तराई सडक (हुलाकी सडक) लाई स्वीकृती प्रदान गर्नु, पञ्चेश्वर परियोजना लागू गर्ने निर्णय गर्नु र पछिल्लो समयमा एम्.आर.पी. समेत सुम्पिनु र रामदेवहरूलाई नेपालको जडीवुटीको स्वामी वनाउने निर्णय तत्कालीन सरकारका राष्ट्रघाती कदमहरू हुन्।

यसरी नेपाललाई भुटान वनाउने सन् १९७७ को भारतको चेष्टालाई १२ वुँदे सम्झौता पछि भएका विभिन्न घटनाक्रमहरू र निर्णयहरूले तार्किक निष्कर्षतिर लिएर गइरहेको स्पष्ट छ।

हार्दिक समवेदना

जन्म
२०१६।१२।२५

स्वर्गारोहण
२०६८।१०।२६

किशोर अफसेट प्रेसमा कार्यरत हाम्री अनन्य सहयोगी सन्जिमा श्रेष्ठकी आदरणीय दिदी मिलन श्रेष्ठका श्रीमान् सुरेन्द्र श्रेष्ठको दुखद् निधन भएकाले शोक सन्तप्त परिवारजन र इष्टमित्रप्रति हार्दिक समवेदन व्यक्त गर्दछौं।

दण्डपाणि अर्ज्याल स्मृति केन्द्र, काठमाडौं, नेपाल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

लेख

दुर्गा सप्तशती, चण्डी

✍राजेश्वर देवकोटा*

नेपाली समाजमा सवैभन्दा वढी पाठ गरिने र प्रचलित महास्तोत्र दुर्गा सप्तशती चण्डी हो । यस स्त्रोत्रकी मुख्य देवता दुर्गा देवी हुन् । यो ७०० श्लोकमा भएकाले सप्तशती भनिएको हो । यो मार्कण्डेय पुराणभित्रको एक अंश हो । दुर्गा देवीलाई चण्डी पनि भनिने हुनाले चण्डी नाम चल्तीमा आएको हो ।

यसमा नारीलाई शक्ति मानिएको छ, शक्तिकै स्तुति गाइएको छ । यो एउटा कथामा उनिएको छ । सुरथ नाम गरेको राजा शत्रुसित हारेर वन चाहार्दै थियो, स्वास्नी छोराछोरीले घरवाट निकालिदिएको एउटा वैश्यसित भेट भएछ । ती दुइटै मेघा ऋषिको समक्ष पुगेर बिलौना गर्न लागे । ऋषिले तिनीहरलाई दुर्गा देवीको आराधना गर्ने सल्लाह दिए ।

सुरथले ती देवी को हुन् कस्ती छन् भनी जान्न खोज्दा ऋषिले भने- उहिल्यै मधुकैत्य नाम गरेका राक्षसले व्रह्मालाई आक्रमण गर्न खोजेछन् । विष्णु योगनिद्रामा सुतेका थिए, तिनै देवीले विष्णुलाई विउँझाएर ती दुई दुष्ट राक्षसलाई मार्न लगाइन् । तिनै देवीले सवै देवताहरूको आफ्नो-आफ्नो शस्त्र, बल, रूप, राग कौशल र चातुर्य आफूमा वटुलेर महिषासुर, महाकाली शुम्भ र निशुम्भ राक्षसहरूलाई मारी देवलोकमा शान्ति कायम गरेको कथा सुनाए ।

सुरथ राजाले पनि तिनै देवीको आराधना गरी ठूलो प्रतिष्ठा कमायो, वैश्यको पनि उद्धार भयो, उसले मोहवाट मुक्ति पाएको अनुभव गर्‍यो ।

यो एउटा कथा हो, वस्तुतः यो महास्त्रोत्र नारी महिमा हो, यसै महास्त्रोत्रमा लेखिएको छ- *विद्या समस्त र तवदेखि मेधा, स्त्रिमत समस्त सकला जगत् सु ११।६* सम्पूर्ण विद्याहरू कै देवी हुन् त्यस्तै जति स्त्री जाति छन् ती देवीकै रूप हुन् ।

यो महा स्तोत्र दुष्ट मनका लागि एकताको आव्हानको शिक्षा हो । देवीले सम्पूर्ण देवगणको शक्ति आफूमा एकत्रित गरेर देवगण कै उद्धार गरिन्, शक्ति र स्वतन्त्रता स्थापित गरिन् । यसरी उनी परमा प्रकृति भइन् ।

यो महास्तोत्र पाठ गर्नु पूर्व दुर्गा कवचको पाठ गरिन्छ । पाठको अवधिमा आइपर्ने विघ्नवाधाहरूलाई हटाउने र साधकहरूको रक्षा गर्ने उपायलाई कवच भनिन्छ ।

मुख्यतः दुर्गाका नाम छन्- प्रथम नाम शैलपुत्री, त्यसैगरी ब्रम्हचारिणी चन्द्रघण्टा, कुष्माण्डा, स्कन्दमाता, कात्यायनी, कालरात्री, महागौरी, शंख ऋतु सिद्धिदात्री नौ दिनै पूजा गरेर बिताइन्छ अनि दशौं दिन विजया दशमी उत्सव र दशैं मनाइन्छ । यसलाई नेपाली मात्रको वर्षभरको सबभन्दा ठूलो चाडको रूपमा मनाइन्छ । वसन्तमा पनि यो दशैं मनाइन्छ ।

**लेखक वरिष्ठ साहित्यकार, राजनीतिज्ञ एवं यस स्मृतिकेन्द्रका सल्लाहकार हुनुहुन्छ । -सम्पा.*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

इतिहास

राष्ट्र निर्माणमा एकीकरणको सन्दर्भ र राज्य पुनर्संरचनाको प्रश्न

✍डा. रमेशकुमार ढुङ्गेल*

राष्ट्रिय इतिहासको पृष्ठभूमिः

नेपाल एउटा वहुसंस्कृतिको बिटोका रूपमा बाँधिएको र विकसित भएको देश हो भन्ने कुरामा सायदै विमति हुन सक्ला ! यस देशलाई यस किसिमले वहुसंस्कृतिको विटोका रूपमा विकसित गराउने जड कुरा यसको भू-राजनीतिक अवस्था हो भन्ने कुरामा पनि यदि नेपालको इतिहासलाई कुनै व्यक्ति वा सम्प्रदायप्रति मात्र केन्द्रित नभै राष्ट्रिय दृष्टिकोणले बुझ्न खोजेको खण्डमा दुई मत निस्कन सक्ला जस्तो लाग्दैन । यस क्रममा विर्सन नहुने अर्को पक्ष हो हाम्रो अर्थात् नेपालको विशेष किसिमको भू-राजनीतिक अवस्थितिलाई इतिहासको कसिमा राखेर कुन कुन राजनेताले राम्रोसँग बुझ्न प्रयास गरे यस देशको विशेष किसिमको वहुसंस्कृतिको ज्ञान हुन नसक्दा उक्त वहुसंस्कृतिको विटोलाई कसेर राख्ने डोरी छिन्न सक्दछ भन्ने ज्ञान हुन आवश्यक हुन्छ । यस्तो ज्ञान लिदै सफल भएर आधुनिक नेपालको निर्माणको जग वसाल्ने राजनेतामा सर्वप्रथम पृथ्वीनारायण शाह नै पर्दछन् र यो ऐतिहासिकतालाई सहजै स्वीकार्नुको विकल्प खोज्न सकिने स्थिति हाम्रो इतिहासले छाडेको छैन ।

'नेपाल' नाम एउटा राष्ट्रिय संस्कृतिको लगभग ३००० वर्षको अविच्छिन्न इतिहास वोकेको नाम हो भन्ने कुरा हाम्रा सामु स्पष्ट छ । यस दृष्टिकोणवाट हेर्दा भारत समेत दक्षिण एशियाका कुनै पनि देशभन्दा नेपालको अटुट रूपमा रहेको राष्ट्रिय इतिहास र साँस्कृतिक परिवेश धेरै गौरवपूर्ण रहेको यथार्थ स्वीकार्नु पर्ने हुन्छ । ग्रीक, रोमन, हुँण, मुगल, तुर्क, अङ्ग्रेज आदि विभिन्न वाह्य सभ्यताको प्रतिनिधित्व गर्ने अनेक चरित्रका शक्तिले छिमेकी देशलाई पटक-पटक सर्लक्क निल्दाको अवस्थामा समेत यता नेपाल राष्ट्र र नेपाली परम्परागत वहुसंस्कृतिमा कुनै खलल नआइकन टिक्न सकेको इतिहास हाम्रो सामु खडा छ । यसमा भू-राजनीतिक आरोह-अवरोह पार गर्ने क्रममा नेपालको राष्ट्रिय राजनीतिक नक्सामा केही परिवर्तन भएका घटना देखिए तापनि यस भेकको नेपाली सांस्कृतिक पहिचानको निरन्तरतामा भने कुनै परिवर्तन आएन । हिमालयको काखमा विकसित यस भेकको विशेष वहुसंस्कृतिले वाह्य जगतमा नेपाल नाम अन्तर्गत

** नेपाल र एशियाली अनुसन्धान केन्द्र त्रि.वि. कीर्तिपुरमा कार्यरत ढुङ्गेल संस्कृतिविद् एवं अनुसन्धाता हुनुहुन्छ । - सम्पा.*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri
नै गौरवपूर्ण पहिचान बोकेर पुगेको देखिन्छ। हिन्दुस्थानीले कामरूप र कतृपुर अर्थात् (कुमाउँ-गडवाल) र आसाम बीचको हिन्दूकुश हिमालयको वृहत्तर भागलाई नै नेपाल र नेपाली संस्कृतिको नामबाट चिन्ने गर्दथे भन्ने अभिलेख र साहित्यिक स्रोतले स्पष्ट पारेकै कुरा हो।

'नेप' अर्थात् किरात जातिको प्राचीन नामबाट बनेको वा चिनिएको यस देशको राजनीतिक नक्साभित्र जहिले पनि हिमाल-पहाड त्यताबाट बगेका नदीद्वारा सिञ्चित र त्यसै माध्यमबाट बग्दै थेग्रिएर बनेका सीमावर्ती समथर वा तऱ्यानी (तराई) भू-भाग पनि पर्दथे भन्ने कुरा ऐतिहासिक श्रोतले देखाएको छ। पहाड पछिको समथर वा तऱ्यानी (तराइ) को भूखण्डलाई राष्ट्रिय संस्कृतिभित्र राखेर बुझ्नु पर्ने आधारमा मिथिला, बुद्धकाल हुँदै खस साम्राज्य तथा कर्णाट (तिरहुत), सेन आदि शासनकालदेखिका तराई, पहाड र कर्णाली उपत्यका बीचका राजकीय र जनस्तरसँग सम्बन्ध र समय-समयका आन्तरिक स्थानान्तरण र दुवै क्षेत्रको पहुँचका घटना महत्त्वपूर्ण छन्। पश्चिमका खस राजाहरूले र तिनको राजनीतिक अवसान पछि डोटी तथा विभिन्न सेन राज्यले समेत तराइलाई आफू अन्तर्गत राखेका घटनाले पनि नेपालको तऱ्यानी भूखण्ड नेपालको राष्ट्रिय वहुसंस्कृतिको विटोभित्र समेटिन सक्ने र समेटिन पुगेको कुरा प्रमाणित गरेको देखिन्छ। त्यसै हुनाले नेपाल एकीकरणको क्रममा आधुनिक नेपाल राष्ट्रका निर्माताहरूले पनि दक्षिणको तराईलाई समेत राष्ट्रिय एकीकरणको क्रममा नेपाली वहुसंस्कृतिको विटोकै अभिन्न अङ्गका रूपमा बुझ्दै अवध तथा भारत स्थिति अङ्ग्रेजको शक्तिसँग समेत वेलामौकामा लड्दै र आवश्यकता अनुसार कुटनीतिक चाल नै चलेर भए पनि नेपालको प्राचीनतम भू-राजनीतिभित्र समेट्न सफल भएको देखिन्छ।

हामीलाई थाहा छ, आधुनिक नेपालको एकीकरणको पूर्वाधार भनेको यही किरात जातिबाट बनेको 'नेपाल' नाम र खस साम्राज्यले छाडेको राजनीतिक र वहुसंस्कृति बीचको समन्वयात्मक इतिहास हो। त्यसैलाई राम्रोसँग बुझ्दै र आत्मसात गर्दै पृथ्वीनारायण शाहले गोर्खा जस्तो एउटा सानो राज्यबाट टुक्रा-टुक्रा भएर झण्डै ६ दर्जनको हाराहारीको सङ्ख्यामा पुगेको विभाजित र विलयकै सँघारमा पुगेको अवस्थाबाट नेपाल र नेपाली वहुसंस्कृतिको विटोलाई पुन: बलियोसँग बाँध्ने सफल प्रयास गरेका हुन् भन्ने कुरा उनको प्राप्त ऐतिहासिक उद्‌गारबाटै स्पष्ट हुन्छ। स्मरणीय छ, एकलाख २५ हजारपर्वत शृङ्खलाको विशाल साम्राज्यको अवसान पछि देखा परेको एउटा सानो इकाइ- हो गोरखा राज्य।

नेपालको प्राचीनतम गौरवपूर्ण नामलाई निरन्तरता दिने क्रममा उपत्यकाका मल्ल राजाहरू पनि देखा नपरेका चाहिँ होइनन् तर तिनले यस भू-खण्डमा छरिएर रहेका स-साना राजनीतिक इकाईलाई समेटेर बाह्य आक्रमणबाट बँच्न सक्ने अवस्थामा उभ्याउने र स्थानीय बहुसंस्कृतिको जगेर्ना गर्न सक्ने गरी एउटा बलियो राष्ट्र निर्माण गर्ने क्रमलाई अगाडि बढाउन सकेनन्। तथापि 'नेपाल मण्डलेश्वर', 'नेपालाधिपति', 'नेपालप्रताप भाष्कर' जस्ता उपाधि लिएर 'नेपाल' नामसँग गौरव गर्ने गरेको चाहिँ देखिन्छ। पूर्व मध्यकालमा शिवदेव जस्ता र मल्लकालमा यक्ष मल्ल जस्ता महत्त्वाकाङ्क्षी शासकहरूले यसतर्फ केही प्रयास गरेको इतिहासले देखाए तापनि यो पनि त्यति टिकाउ हुने गरी सफल हुन सकेको देखिँदैन। त्यसभन्दा पहिले केही लिच्छवि शासकहरू सफल भएको साङ्केतिक प्रमाण पाइएका छन् तापनि खसहरूको आगमन र साम्राज्य विस्तार भैसकेपछिको जस्तो विशाल रूप बन्न सकेको थिएन किनकि लिच्छवि शासकका अभिलेखहरू वा उनीहरूका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पहुँचका वलिया प्रमाण गण्डकी इलाका आसपास र ओल्लो कोशी प्रदेश आसपास भन्दा परसम्म पाइएका छैनन् । खस र पछि गोरखाको सैन्य अभियान अन्तर्गतको नेपालको पहुँच भने गढवालसम्म र पूर्वमा सिक्किमसम्म पुगेका प्रमाण पाइएका छन् ।

राष्ट्रिय इतिहासको पृष्ठभूमिको यति चर्चा गरिसकिए पछि अव गोरखाले नेपाल एकीकरणको अभियान थालनी गर्नु पूर्वको नेपालको अवस्था कस्तो थियो भन्ने वुझ्न जरुरी हुन्छ ।

१. एकीकरण पूर्वको नेपाल र एकीकरणको आवश्यकता

- त्रि-शक्तिको अवस्था (खश साम्राज्य, तिरहुत र काठमाडौं उपत्यका)
- खस साम्राज्य, नेपालमण्डल, तिरहुत र तिनको अवसान र विभाजन
- खस र किरातदेखिको साँस्कृतिक निरन्तरता-वहुसंस्कृतिवादको सफल प्रयोगशाला नेपाल-पश्चिम उत्तरतर्फवाट आएको विकसित भएको, दक्षिणवाट आएर उपत्यका र आसपासमा विकसित भएको संस्कृति ।
- राजनीतिक रूपमा उब्जिएको कमजोरीवाट भूरे-टाकुरे सहित ६ दर्जन भन्दा धेरै एकाइको अवस्था- आन्तरिक कलह वेमेल राज्यभित्रै र राज्य-राज्य भित्र पनि ।
- वाह्य आक्रमणहरू र त्यसको निरन्तर त्रासको अवस्था-पहिलो मुसलमानी शक्तिको, त्यसपछि अङ्ग्रेजको, कहिलेकाहीँ चीन-तिब्वत तर्फको पनि ।
- हिन्दूस्थानमा अङ्ग्रेजको साम्राज्यवादी शक्ति इसाइ धर्मको आधार लिएर वैदिककालदेखिको परम्परागत संस्कृतिलाई खल्वल्याउने र ६०० भन्दा धेरै राज्यहरू विलिन पार्ने अभियानमा लागेको देखेर नै आधुनिक नेपाल निर्मातालाई चेतना खुलेको हो ।
- त्यसैले एकीकरणको आवश्यकता अहिलेको nation-state को concept जस्तै वाह्य आक्रमणवाट बँच्न सक्ने बलियो राष्ट्रको निर्माण गर्नु र यस भेकका धर्म, संस्कृति सभ्यतालाई वाह्य आक्रमण र अतिक्रमणवाट जोगाउनु र आन्तरिक रूपमा शान्तपूर्ण ढङ्गले बाँच्न पाउने अवस्थाको सृजना गर्नु नै हो । त्यसका लागि अङ्ग्रेजको साम्राज्यवादी शक्ति र इसाई धर्मको बिरोधी हुनु पर्ने अवस्था पृथ्वीनारायण शाह कालीन राष्ट्रिय नीति बनेको यथार्थलाई हामीले बुझ्नु पर्दछ ।

२. गोरखा राज्यबाट थालेको सैनिक अभियान विस्तारमुखी मात्र थियो कि राष्ट्रिय एकीकरण वा राष्ट्र निर्माणमा केन्द्रिय थियो ?

- इतिहास शत्रु हुन सक्तैन, सधैं मार्ग निर्देशनको आधार मात्र हुन्छ । इतिहासलाई निर्माण वा ध्वंशको रूपमा होइन गुण वा दोष केलाएर हेर्ने विवेक हामीसँग हुनुपर्दछ ।
- इतिहासको बुझाइ, भावना र भावुकताको भरमा सीमित राखेर अगाडि बढाउनु हुँदैन । प्रमाण-प्रमेय र भावनाको मिलन आवश्यक हुन्छ । शृङ्गारवाद र भावुकता Romanticism / emotionalism ले वास्तविक इतिहासको ज्ञान प्राप्तिमा तगारो हाल्न सक्छ ।
- इतिहास आफू कुनै वर्ग समुदाय वा क्षेत्रको स्वार्थका निम्ति जस्तो चाहिन्छ, त्यसैगरी बुझ्ने बुझाउने विषय होइन । क्रमभङ्गवादको चपेटोमा इतिहासलाई विस्मृति र आफ्नै अतितलाई बन्दी बनाउने तर्फ लाग्नु हुन्न । पुरानो नेपाल नबुझी नयाँ नेपाल निर्माण सम्भव छैन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

- पहिले विस्तार वा ठूलो राजा हुने सङ्केत भए तापनि हारगुहारको जस्तो जोगी, नेगी, गाइनेको प्रचारका भरमा चलेको अभियान पछिसम्म चाहिँ विस्तारवाद तथा साम्राज्यवादी जस्तो नभएर खास गरी अङ्ग्रेज र अन्य साम्राज्यवादको विरोधमा नै अगाडि बढेको देखिन्छ ।
- गोरखा साम्राज्य भनेर घोषणा भएन उपत्यका विजय पछि पनि ।
- 'यो राजे' 'नेपाल भन्या' को जस्तो विशेषताको प्रयोग भएको छ ।
- अङ्ग्रेजले राखेको नाम हो 'गोर्खा विजय', 'गोर्खा आर्मी' आदि यसको अर्थ निकै महत्त्वपूर्ण छ । अङ्ग्रेजले गोर्खाको सैन्यशक्तिसँग लडेकोले यस्तो भएको हो । पृथ्वी नारायणकालीन नेपाली सत्ताले दुवैतर्फका साम्राज्यवादबाट बँच्न सक्ने शक्तिशाली राज्य निर्माण गर्ने विचारमा केन्द्रित रहेर ढुङ्गो वनाउने प्रसङ्गले के दर्शाउँछ ?
- 'यो राजे' 'दुई ढुङ्गाको तरुल', 'यो नेपालको तखत किल्ला', चुरे क्षेत्रको प्रसङ्गसँगै नेपाल ईश्वरले बनाएको किल्ला रहेछ' जस्ता कुराले के सङ्केत गर्छ ?
- दक्षिणको बादशाह महाचतुर छ । हिन्दुस्थान दवाई रहेछ । सरजीमिमा परिरहेछ । यो असली हिन्दुस्थाना हो, जाइकटक नगर्नु, आत्मारक्षार्थ झिकीकटक गर्नु भन्ने उद्गारले कुन तथ्य औल्याउँछ ?
- खाँडोको संस्कृति, सवै अभिनय लडाईको हुन्छ- खाँडोको संस्कृतिमा ।
- अन्तिम सन्देश वा दिव्य उपदेश जे भनौं त्यसमा एक्काईस ठाउँमा नेपाल नामको प्रयोग छ र एक-दुई ठाउँमा मात्र गोर्खाको शब्दको प्रयोग भए पनि राज्य वा राष्ट्रको सन्दर्भमा प्रयोग भएको देखिदैन । त्यसैले आन्तरिक अशान्ति र वाह्य आक्रमणको भयवाट उत्मुक्त नेपालको निर्माण गर्ने लक्ष्य प्रष्ट देखिन्छ ।

३. राष्ट्र, राष्ट्रियताको तत्कालिन र हालको बुझाई एवं साझा संस्कृतिको प्रसङ्ग

- गोर्खाको सैनिक अभियानमा कुन कुन स्थानीय जातिय राज्य खोसिए ?
- उपत्यकाका मल्ल वाहेक सबैजसो खस ठकुरीकै राज्यहरू थिए । मकवानपुर, चौदण्डी, बिजयपुर सबै सेन अन्तर्गतका थिए र तराईमा सिम्रौनगढको पतन र तिरहुत राज्यको अवसानपछि सेनहरू पूर्वी पहाड र मोरङतर्फ सिक्किमका शासकको दबाबदेखि बँच्न सेनलाई आमन्त्रण गरीएको र किरातहरू स्थानीय जिल्लाधिस र मन्त्री काजीको अवस्थामा सीमित रहेको यथार्थ देख्नु जरुरी छ ।
- पृथ्वीनारायण शाहपछि अभियानलाई निरन्तरता दिँदा पनि पशिचमका राज्य शाह, शाही, मल्ल, सेन, सिंह, चन्द आदि अन्तर्गत नै थिए । अधिकांश २२ से, २४ से राज्यहरू खसहरूकै थियो र ठूलठूला रक्तपातपूर्ण युद्ध गरेर पनि राज्य निर्माणको काम पूरा भएको थियो । त्यसमा कुनै जाति जनजाति विशेषका राज्य हरण गर्ने उद्देश्य थिएन । पहिले आफ्नै ससुराली मकवानपुरे सेनको राज्य हरण गर्दै जेठानलाई नेल ठोके दोलखामा । पछिल्लो चरणमा अछाम र जुम्लामा रक्तपातपूर्ण युद्ध गर्नुपर्‍यो नेपाली फौजले । खसले खसमारे र नेपालको तत्कालीन इतिहासमा सबैभन्दा ठूलो जनधनको नाश भएको घटना त्यही थियो ।
- यस अभियानमा न गुरुङ, न मगर, न राई, न शेर्पा, न लोपा, न त तामाङ कसैको राज्य हरण भएको होइन । खालि उपत्यकाका मल्ल अन्तर्गतका तीन राज्यको प्रसङ्ग बाहेक अन्यको स्थिति विल्कुल फरक छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

- त्यसैगरी धर्म-संस्कृतिको क्षेत्रमा पनि कुनै साम्राज्यवादी देशहरूले जस्तो ठाडो थिचोमिचो भएका उदाहरण पनि राणाकालको पछिल्लोकाल र पञ्चायतकालको छिटपुट एकाध घटना वाहेक अरु कुनै उल्लेखनीय घटना पाइएको छैन ।
- गोर्खालीको एकीकरण अभियान राष्ट्र निर्माणमुखी थियो भन्ने प्रमाण विविध जातजाति र तिनका सभ्यता संस्कृतिको जगेर्ना गर्ने नीतिले देखाउँछ । स्मरणीय छ - पृथ्वीनारायणले आफ्ना आफ्ना कुलको धर्म नछोड्नु अर्थात् परिवार र समुदायको छुट्टै परम्परा हुँदाको अवस्थामा त्यस्ता परम्परा नतोडिकन चलाउनु पर्ने कुरामा निर्देश गरेका थिए ।

वौद्ध गोन्पा, लामा, मठ, मन्दिर, विहार आदि सबै वचाउन राजकीय सहयोग दिलाउने अर्थात् जगेर्ना र संरक्षण गर्ने नीति लिएका थिए । आफूलाई मगरातको राजा विशेष सम्मानपूर्वक भन्ने, आफ्नो संरक्षणकर्ता ददामा सुरथसिंह राना मगरलाई राख्ने, पुजारीमा राना मगरलाई संरक्षण दिने, काठमाडौंका नेवार पुजारीहरू यथावत राख्ने, देशलाई सबै जातिको साझा फूलबारी मान्ने, मगर, गुरुङ र अन्य पाँडे, पन्त, वस्नेत आदिलाई समान रूपमा थप मान मर्यादा गर्ने, मगरलाई अदालतको विचारीमा नछुटाउने, गुरुङ मगरलाई मीर द्वारे उमरावजस्तो क्षेत्रीय एवं किल्लाका अधिकारी वनाउने । सेनामा पनि खस, मगर, गुरुङ र ठकुरीलाई वरावर स्थान दिने । वाहुन क्षेत्री नै भए पनि पूर्व पश्चिमकालाई पूरा विश्वास गरेर मात्र भित्र्याउने आशय प्रकट गर्ने, नेवारका शास्त्रीय नाचको परम्परा वचाउन निर्देशन दिने, नेवार वेपारीलाई वाहिर वाहिर कोठी खोल्ने व्यवस्था गराई सुरक्षाको प्रवन्ध मिलाउने, स्थानीय भाषा, संस्कृति, परम्पराको निरन्तरताका निमित शासन पट्ट जारी गर्ने, जीवितै कुमारी प्रथा यथावत राखी ढोग्ने, मल्ल राजाका सालिकलाई साँस्कृतिक धरोहर मानेर टल्काउँदै संरक्षण गर्ने । लामाहरूलाई दरवारमा वोलाएर पाठपूजा गराउने, विजित प्रदेशका जनताका धर्म, संस्कृति सभ्यतालाई विशेष आग्रहका साथ संरक्षण गर्ने गराउने जस्ता कुराले गोर्खाको नेतृत्त्वमा भएको नेपाल एकीकरण अभियान राष्ट्र निर्माणमुखी थियो भन्ने कुरा प्रष्टै देख्न सकिन्छ । लिम्वूहरूलाई दिएको लालमोहर पनि यसको उदाहरण हुन सक्दछ । राज्य जित्ने र विजित प्रदेशका जनता र तिनका संस्कृतिलाई विशेष मान्यता दिँदै आफ्नो वनाउने राष्ट्र निर्माणको नौलो नीति पृथ्वीनारायण शाहले लिएका थिए । विसे नगर्चीको सल्लाह, मणिराम गाइनेका कुराले पनि उनी लोकसम्मतिमा चल्दथे भन्ने तथ्य प्रस्तुत गर्दछ ।

राष्ट्र राज्य, राष्ट्रियता राष्ट्रवादको वुझाइमा समय र प्रसङ्गका भेदले फरक दृष्टिकोण (सैद्धान्तिक व्याख्या) रहे पनि पृथ्वीनारायणको अर्थात् गोर्खालीको एकीकरण राष्ट्र र राष्ट्रियताको निर्माणमा होइन भन्ने धारणा पनि यदाकदा सुन्न पाइन्छ । तर वुझाइको भेदले यस्तो भएको हो । आधुनिक राष्ट्र र राष्ट्रियताको अवधारणा अठारौं शताव्दीदेखि युरोपमा देखा परेर उन्नाइसौं-वीसौं शदीमा विकसित भए तापनि यता दक्षिण एशियातर्फ प्राचीनतम युगदेखि नै चलनमा थियो ।

४. राज्य पुनर्सरचनाको प्रश्न

आफ्नै किसिमको समावेशी चरित्रको राष्ट्रवाद नेपाल एकीकरण अभियानको सन्दर्भमा देखिन्छ । हिजोआज राष्ट्र राज्यको राष्ट्रियता र सङ्घीयतालाई राष्ट्र बनाउने र जोगाउने तर्फ व्याख्या गर्ने चलन छ । त्यो कुरा नेपाल एकीकरणताका हुने कुरा होइन । तिनताका विविधता कायम राख्दै एकताको अवस्था कायम राख्न पहिले ससाना भुरे राज्यहरूलाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मिलाएर एउटा बलियो इकाई बनाउनु पर्दथ्यो, जसका निम्ति सुरुमा सैनिक अभियान आवश्यक हुन्थ्यो ।

- राज्य पुनर्सरचना किन र कसरी भन्ने प्रश्नसंगै सङ्घीयता किन र कसरी भन्ने सवाल पैदा हुन्छ। यसको सफलता र असफलताका उदाहरणको अध्ययन र उचित गृहकार्य घोषणा अघि नै जरुरी हुन्थ्यो । तर त्यसो भएन अब के गर्न सकिन्छ अहिलेको प्रश्न हो । थोरै भन्दा थोरै प्रदेश बनाउने र केन्द्रीकृत सङ्घीयताको व्यवस्था गर्ने र तिनको संरचना उत्तर दक्षिण फैलिएको हुनु पर्ने ।
- निर्वाचित मुख्यमन्त्री ५ सदस्यीय परिषद सहितको संघीय राज्य बनाउने र प्रदेश, जिल्ला र गा.वि.स.को व्यवस्था गर्ने । स्थानीय अदालत, विकास, शिक्षा, स्थानीय पुलिस जस्ता कुराका लागि सीमित कार्यालयको मात्र व्यवस्था गर्ने । प्रदेशहरूमा केन्द्रको प्रतिनिधित्व गर्ने र प्रदेश-प्रमुख केन्द्रबाटै नियुक्त हुने ।
- राष्ट्रियताको क्षेत्रमा नागरिक राष्ट्रवादको नीति अवलम्बन हुनु पर्ने ।
- राष्ट्रिय महत्त्वका धार्मिक, साँस्कृतिक र प्राकृतिक वैभवको विषयमा पहिले नै स्पष्ट नीति बनाउनु पर्ने ।

पुनर्संरचनामा विवेक पुऱ्याउनुपर्ने, होस् नपुऱ्याएमा ठूलो खतरा पुग्न सक्ने, राज्य विखण्डन हुन्के सार्वभौमिकतामा असर पर्ने, अस्तित्त्वकै सङ्कटको प्रश्न खडा हुने जातीय, क्षेत्रीय, दङ्गा हुन सक्ने स्थितिको डर आदि अवस्था छ।

पुरानो अवस्थामा पुऱ्याउने प्रयास त होइन भन्ने प्रश्न पनि उठ्न थालेको छ। त्यसो हुँदा पनि जातीय राज्यहरूको अवस्थामा पुग्न सक्ने स्थिति होइन किनकि धेरैजसो जातजातिका स्थानीय राज्यजस्ता नेपालमा खस, कर्नाटहरूको प्रवेशभन्दा पहिले अर्थात् झण्डै १ हजार वर्ष अघि मात्र मगर आदि केही जातिका राज्य हुन् कि जस्ता इकाईहरू भएको धमिलो सङ्केत मिल्दछ । अन्यथा त्यस्तो कुनै ऐतिहासिक तथ्य देखा पर्दैन । अतः नेपाल राष्ट्र निर्माणको सन्दर्भमा भएको तत्कालीन एकीकरण सकारात्मक छ र त्यसलाई ऐतिहासिक परिप्रेक्ष्यमै हेरेमा मात्र हामी सही निष्कर्षमा पुग्न सक्दछौं ।

ज्ञानबिन्दु ४ लोकार्पण कार्यक्रममा अतिथिहरू

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

शोध-खोज

काँक्रेबिहारको उत्कृष्ट कलाकृतिहरूको संरक्षण बारे

प्रकाश दर्नाल*

कालीकोट हाउडीबाट दुल्लु हुँदै गुँरासेमा बास बसेर भोलिपल्ट २०५३ असोज २४ गते बिहानै १० बजेतिर सुर्खेत फर्कदा गोविन्द र मलाई सुर्खेतको लाटीकोईली र काँक्रेविहार हेर्ने सौभाग्य मिल्यो ।

लाटीकोईली गा.वि.स स्थित गुप्त शैलीमा निर्माण भएको मन्दिरमा शाके १५०४ सम्वत १६३९ को अभिलेख तथा काँक्रेविहारमा बुट्टे प्रस्तरहरूको ढिस्कोमा देवलको गजुरमा राखिने गोलो चक्र आकारको प्रस्तर, बुद्धको मूर्ति, चरा तथा तोरण भएका कुँदिएका भग्नावशेष प्रस्तरहरू देखेका थियौं । यसलाई काँडेतारले घेरेर राखिएको थियो । यो क्षेत्र १७६ हेक्टरमा फैलिएको छ ।

लाटी कोईली मन्दिर

२०५८ असार ३ गते काँक्रेविहारको भ्रमण गर्ने मौका मिल्यो । इन्जिनियर पूर्णवहादुर श्रेष्ठ त्यतिबेला काँक्रेविहारको प्रस्तरहरू हटाई जग निकाली प्रस्तरहरूको वैज्ञानिक लगत राख्ने योजनामा काम गरी रहेका थिए । उनीसँगै दैलेख जानु पर्ने हुँदा म त्यहाँ हवाइजहाजबाट पुगेको थिएँ ।

धेरै वर्षपछि काँक्रेविहारको काम भइरहेको थियो । त्यसैले म धेरै उत्सुक थिएँ काम कसरी भइरहेछ भन्ने जान्न र हेर्न । तेन्हौं शताव्दी अनुमान गरिएको काँक्रेविहारमा थुप्रोवाट प्रस्तरहरू झिक्दै नम्बर दिदै लगत राखिएको थियो । जम्मा वुट्टे प्रस्तरहरू २०२८ वटा थिए । त्यसै गरी प्रस्तर स्तम्भहरू १६ वटा थिए । विहार भनिए पनि जगको आकार पूर्व, पशिचम,


काँक्रेविहारको प्लिन्थ भाग

---

*संस्कृतिविद्, लेखक तथा अनुसन्धाता दर्नाल राष्ट्रिय अभिलेखालय प्रमुख हुनुहुन्छ । सम्पा.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उत्तर र दक्षिणमा ९।९ कुना गरेर जम्मा ३६ कुना थियो । यसको पूर्व पश्चिम लम्बाई २१.४६ मि. र उत्तर दक्षिण चौडाइ २१.२६ मि. थियो । जमिनदेखि मन्दिरको अस्तित्त्व रहेको भाग ३.४७५ मि. अग्लो थियो ।

यो भाग सतहदेखि गर्भगृह प्रवेश गर्ने द्वारसम्मको उचाँइ हो । मन्दिर यहाँ भन्दा माथि वनाइएको देखिएन ।

गर्भगृहचाँहि ६.१६×६.१६ मि. रहेको पाइयो । तर यहाँ कुनै मूर्ति या आसन भएको प्रमाण भेटिएन । नम्वर गरिएका ठूलठूला प्रस्तरका मूर्तिहरू जीवन्त थिए । वुट्टाहरू देख्दा त्यस्ता मन्दिर नेपालमा अहिलेसम्म वनेको भेटिएको छैन । तर भारतको वोधगया, खजुराओ र कुमाउँमा थुप्रै छन् । हुन त पश्चिम नेपालमा जतातत्तै विभिन्न देवलहरू पाइन्छन् । तर काँक्रेविहारमा भएका वुट्टाहरू र मूर्तिहरू जस्तो कँही छैन । केही मूर्तिहरू सुर्खेत सङ्ग्रहालयमा पनि राखिएका छन् । वुट्टायुक्त प्रस्तरहरूको अध्ययनवाट मन्दिर गर्भगृहदेखि गजुरसम्मको उचाई १६.१२१ मि. र कूल उचाइ १९.५९६ मि. भन्ने थाहा भएको थियो । तर जग १' ६" मात्र भएको देखिन्थ्यो । यसवाट मन्दिरको लागि जग वलियो नभएको र मन्दिर ३.४७५ मि. भन्दा माथि नवनेको भन्ने देखिन्छ ।

रिपुमल्लको समयमा लेखिएको १३७० सम्वत्को **अभिसमयालङ्कार** ग्रन्थमा सुरक्षेत्रको उल्लेख भएको छ। यसैको अपभ्रंश भई सुर्खेत भएको भनिन्छ। त्यस्तै काँक्रेविहार काँग्राको अपभ्रंश भइ भएको भन्छन्- हरिराम जोशी । त्यस्तै सूर्यमणि अधिकारीले 'नलकङ्कर' विहार भएकोले त्यसैवाट काँक्रेविहार नाम भएको भनेका छन् । अहिले सम्मको अन्वेषणमा कुनै विहारको लक्षण देखिएको छैन् । सुर्खेत सिन्जा अन्तर्गत थियो भन्ने तथ्य यहाँ प्राप्त विभिन्न अभिलेखहरूबाट पुष्टि हुन्छ । हिन्दु तथा वौद्धहरूको पवित्र तीर्थस्थल मानसरोवर जाने मार्ग यसै सुर्खेत हुँदै सिन्जा, हुम्ला, खोजरनाथ भएर जान्थ्यो । सिन्जा अन्तर्गत नै मानसरोवर पर्दथ्यो । सिंन्जाका राजाहरू वौद्ध धर्मप्रति पनि सहिष्णुता राख्थे । अशोक चल्लको वोधगयाको अभिलेख, रिपु मल्लको लुम्विनी तथा निग्लीहवाको अभिलेख तथा पृथ्वी मल्लको कीर्तिस्तम्भ दुल्लुको अभिलेखवाट उनीहरू वौद्ध धर्मका पक्षपाती थिए भन्ने देखिन्छ ।

पुरातत्त्वविद् तारानन्द मिश्रले पुरातत्त्व विभागले २०५२ सालमा सुर्खेत उपत्यकाको पुरातात्विक सर्वेक्षण गरेको आधारमा त्यहाँ नवपाषाणकालीन सभ्यता पाउने आधारहरू प्राप्त भएको उल्लेख गरेका छन् । विभागले प्राचीन स्मारक संरक्षण ऐन २०१३ अनुसार नेपालका सांस्कृतिक सम्पदाहरू खास गरी भौतिक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सम्पदाहरूको ऐतिहासिक एवं कला-वास्तुकलाको महत्त्ववारे अध्ययन-अनुसन्धान गरी पहिचान गर्ने र तिनको वर्गीकरण गर्ने हिसावले काँक्रेविहारलाई 'क' वर्गको सम्पदामा राखेको छ। काँक्रेविहारलाई तारानन्द मिश्र र सूर्यमणि अधिकारीले अनुमान गरे झैँ अशोक चल्लको राज्यकालमा निर्माण भएको भनिएको छ। विभागको कामनै अध्ययन-अनुसन्धान र पुरातात्त्विक प्रमाणहरूको आधारमा काल निर्धारण गर्ने हुँदा अनुमानलाई मान्नु कतिको उपयुक्त हुन्छ। विभागले काँक्रेविहारमा काम थालेको पनि दश वर्ष भएछ। यस वीच यसले के के काम गऱ्यो भन्ने तथ्य प्राचीन नेपालमा प्रकाशित निम्न वार्षिक गतिविधिवाट प्रष्ट हुन्छ।

क्र.सं.	कार्य विवरण	वार्षिक वजेट रु. हजारमा	लक्ष्य परिणाम प्रगति	आ.व.
३	काँक्रेविहारको नक्सा तयार गर्ने कार्य पूरा गर्ने (९०%)	७००	लक्ष्यानुसार कार्य सम्पन्न भएको	२०५७/५८
४१.	काँक्रेविहारको जीर्णोद्वार गर्न अध्ययन अनुसन्धान गरी नक्सा, ल.ई. सहितको प्रतिवेदन तयार गर्ने	२००	१०० %	२०५८/५९
२.	सुर्खेतस्थित काँक्रेविहारको ६० प्रतिशत कार्य सम्पन्न गर्ने	१७३७	–	२०५९/६०
घ३	सुर्खेत लाटीकोईली गा.वि.स. स्थित काँक्रेविहार संरक्षण गर्ने	१५००	१०० %	२०६०/६१
८०	काँक्रेविहारको दोश्रो पेटीसम्मको काम सम्पन्न गर्ने	१४६२	–	२०६१/६२
(क)३	सुर्खेत स्थित काँक्रेविहार संरक्षण गर्ने	९९२	–	२०६२/६३
२.	कांक्रेविहार संरचना शैलीको निरुपण गर्ने (काठमाडौमा गोष्ठी सहित)	३००	–	२०६३/६४
२०(ग)	काँक्रेविहार उत्खननवाट प्राप्त प्रस्तर कलाको संरक्षण र व्यवस्थापन गर्ने	५००	–	२०६४/६५
२६.ख	काँक्रेविहार संरक्षणका लागि तारवार, गेट निर्माण र सेड निर्माण गर्ने	३००	–	२०६५/६६
४.ख	काँक्रेविहारको गुरुयोजना तयार गर्ने	८५	–	"
७६.	काँक्रेविहार भग्नावशेष संरक्षणको लागि सेड वनाउने र संरक्षण गर्ने	३००	–	२०६६/६७
	जम्मा	८०७६		

श्रोत: प्राचीन नेपाल संख्या १४८, १५१, १५६, १५८, १६२, १६५, १६८, १७१, १७४, १७७, – पुरातत्त्व विभाग, काठमाडौ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

२०५८ सालमा लिएका केही फोटाहरू

कलात्मक स्त्रीमूर्ति प्रतीक्षारत स्त्रीमूर्ति बुद्धको ? टाउको

यसले हरेक वुट्टे ढुङ्गालाई नम्वर दिएर फोटो रिकर्ड राखेकै हुनु पर्छ । कुन ढुङ्गा कतिको तौल रहेछ भन्ने आँकडा राखेको छ भने जम्मा २०२८ वटा ढुङ्गाको तौल पनि निस्कन्छ । यसले मन्दिरको जग कति वलियो हुनुपर्छ भन्ने संरचनागत नमुना (structural design) तयार गर्न सहयोग गर्छ । गोष्ठी गरेर गुरु योजना नै तयार भइसकेकोले मन्दिर वनाउने या नवनाउने पनि तय गरेकै होला । परन्तु यही २०६८ भाद्र १६ गते सुर्खेतको काँक्रेविहार घुम्ने मौका पाए पछि र त्यहाँको अव्यवस्थित रूप देखेर मन त्यसै त्यसै कुँडिएको थियो । यहाँ ३६ वटा कुनामा पेटी लगाइएको रहेछ । दुईवटा टहरामा केही वुट्टे ढुङ्गाहरू राखे पनि आधी भन्दा वढी वाहिर काँइ र लेउ लागेर मूर्तिहरू नै छोपिएको देखिन्छ । विभागको प्रतिवेदनमा ढुङ्गाहरू कडा किसिमको नभएर कमलो किसिमको प्रयोग भएको भनिएको छ । यस्तो कमलो ढुङ्गामा निर्मित मूर्तिहरू वाहिर घाम, पानी, हावा र चिसोमा लामो समयसम्म राख्दा मूर्तिहरू के सुरक्षित हुन्छ र टहरा निर्माण गर्दा के सवै ढुङ्गाहरूलाई उतिकै सुरक्षित राख्नु पर्ने विचार गरिएन ? केही मूर्तिहरू सङ्ग्रहालयमा राखिएका वाहेक अरु मूर्तिहरू सुरक्षित भएको पाइदैन । काँक्रेविहारका मूर्तिहरू यस क्षेत्रकै उत्कृष्ट कलाकृति भएकोले यसको पुन:निर्माणमा सुर्खेतको भविष्य मात्र नभै समस्त नेपालकै

२०५८ सालमा लिएको फोटो २०६८ सालमा लिएको फोटो

यसमा मूर्तिहरूको दुरवस्था झल्काइएको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

लागि वेजोड सम्पदाको सुखद उपलब्धि हुनेछ । यस्तो सम्पदाको रेखदेख एउटा व्यक्तिलाई सम्पूर्ण आम्दानी खाने गरी लाटीकोईली गा.वि.स.ले सुम्पेको देख्दा उक्त गा.वि.स.को चरम गैर जिम्मेवारी रहेको महशुस भयो । यद्यपि प्रतिवेदनमा क्षेत्रिय सङ्ग्रहालय सुर्खेतले आवश्यक रेखदेख र व्यवस्थापन गर्ने व्यवस्था मिलाइएको छ भनि लेखिएको देखिन्छ ।



NORTH ELEVATION
(PROPOSED)

पुरातत्व विभागले तयार गरेको काँक्रेविहारको प्रस्तावित मन्दिर

सन्दर्भ ग्रन्थ

१) डिल्लीराज शर्मा (२०५८) पश्चिम नेपालका मूर्ति तथा वास्तुकला– नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, काठमाडौ

२) तारानन्द मिश्र (२०६१) सुर्खेत क्षेत्रको राजनैतिक, धार्मिक तथा साँस्कृतिक इतिहास– प्राचीन नेपाल सङ्ख्या १५७, पुरातत्त्व विभाग, काठमाडौं

३) हरिराम जोशी (२०३५) सुर्खेत एक संक्षिप्त अध्ययन– मधुपर्क अङ्क ११, २०३५ गोरखापत्र संस्थान, काठमाडौ ।

४) साफल्य अमात्य (२०६०) राष्ट्रको एउटा गौरवमय साँस्कृतिक सम्पदा– गोरखापत्र २०६० साउन १० गते शनिवार– गोरखापत्र संस्थान, काठमाडौं ।

५) साँस्कृतिक सम्पदाको प्रारम्भिक सर्वेक्षण प्रतिवेदन २०४१।०४२ (२०४२) पुरातत्त्व विभाग, काठमाडौं ।

६) डा.सूर्यमणि अधिकारी (२०६१) खश साम्राज्यको इतिहास–भुँडीपुराण प्रकाशन, काठमाडौं ।

७) भेरी अञ्चलका वर्गीकृत साँस्कृतिक सम्पदाहरूको विवरण (२०६६) पुरातत्त्व विभाग, काठमाडौं ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

दृष्टिकोण

चिनी राखौं देश धुत्ने र लुट्नेहरूलाई

✍प्रा.डा. सुरेन्द्र केसी*



अस्वाभाविक प्रकृयाबाट देशको ३५ औं प्रधानमन्त्री बनेका डा. बाबुराम भट्टराई नेपालका पढे लेखेका बौद्धिक व्यक्ति हुन् । बौद्धिकहरू अवसरवादी मात्र होइन विलासी पनि हुन्छन् भन्ने शास्त्रीय कम्युनिस्टहरूको सनातन देखिको मान्यता तोड्दै डा. भट्टराईले नेपालमै बनेको भनिएको मुस्ताङ्गे जिप चढेर विदेशमा बनेको विलासी प्राडो-पजेरो भन्दा पनि महङ्गो ल्यान्ड रोजर हत्याउनैका लागि प्रधानमन्त्री बन्न आफ्नो राजनीतिको सर्वश्व होम्न तयार हुने उपभोक्तावादी नेताहरूलाई दरिलो झापड दिन त अग्रसर भए तर यो कतिको वास्तविकता वा निष्ठामा आधारित छ भन्न चाहिँ उनको यो एउटा निर्णयमात्र पर्याप्त हुनेछैन भन्ने तथ्यलाई हामी सवैले वेलैमा हेक्का राख्नु पर्ने छ । अन्यथा भविष्यमा जनताहरू फेरि हिस्सिने छन् र सांच्चि नै पढेलेखेका मानिस फटाहा र गफाडी हुन्छन् भन्ने जनविश्वासले फेरि एक पटक पुष्टि पाउने छ । अतः यस सानो लेखमा शासकहरूको देशलाई लुटने र धुत्ने परम्परा कस्तो छ सो बारे सानो झाँकी हेरौं ।

यो देश मूलतः राजतन्त्रात्मक वा सामन्ती उत्पादन सम्वन्धमा चलिआएको कारण देशका शासकहरूले आजसम्म पनि जागिर, विर्ता वा अन्य जर्वजस्तीका माध्यमबाट देशको साधन स्रोतमाथि ब्रम्हलुट मच्चाउँदै आएका हुन् । त्यतिले नपुगी यिनले भ्रष्टाचार, व्यभिचार, घुस र तस्करीजस्ता घृणित वा गैरकानुनी तरिकाबाट पनि यस देशमाथि ब्रम्हलुट मच्चाउँदै आएको तथ्यलाई अव हत्केलाले छेक्न सकिने छैन । राणाहरूले १०४ वर्षसम्म यस देशमाथि ब्रम्हलुट मच्याए साथै देशलाई अविकास अशिक्षा र सन्त्रासमा रहन पनि विवश पारे । यसरी नै पञ्चायतको ३० वर्षले पनि देशलाई सामान्य औद्योगिक पूर्वाधार दिन सकेको भएतापनि मूलतः देश अविकास र अशिक्षामै गुज्रियो । उक्त अवधिमा आफू सरहका चीन, भारत, मलेशिया, सिंगापुर र दक्षिण कोरिया जस्ता मुलुकहरू समृद्ध राष्ट्र वन्न पुगे भने हाम्रो देश मध्ययुगीन अवस्था मै टाक्सिई रहन वाध्य भयो । २०४७ सालमा बहुदलको पुर्नस्थापनासँगै अर्को ब्रम्हलुटको शृङ्खला नेपाली जनताहरूले व्यहोर्नु पऱ्यो र त्यसको निरन्तरतामा गणतन्त्र कालीन भाम क्रान्तिकारी कहलिन चाहनेहरूबाट पनि अरवौंको भ्रष्टाचार भएको सुन्नु देख्नु परेको छ ।

---

*लेखक वरिष्ठ इतिहासविद् एवं राजनीतिक विश्लेषक हुनुहुन्छ । -सम्पा.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बहुदल पुनर्स्थापनाको पहिलो काल (०४७-०५९) मा देशले कुशासन, भ्रष्टाचार र नातावाद कृपावाद मात्र व्यहोर्नु परेन सँगसँगै चरम राजनीतिक अस्थिरता व्यहोर्न पनि नेपाली जनता वाध्य वने। देशले औद्योगिक गति लिई अविकासको कुपबाट मुक्ति पाउनेतर्फ नेपाली जनता अग्रसर हुन पाउलान्, देशभित्रै रोजगारी र समृद्धि फल्न थाल्ला भनेको त उल्टी गङ्गा पो वग्न थाल्यो। एकपछि अर्को गरी उद्योगहरू बन्द हुन थाले। गरीवी र बेरोजगारी मात्र होइन नातावाद र कृपावादले नेपाली-नेपाली बीच नै घृणा र विद्वेष वढेर गयो। अन्ततः यसैलाई भजाएर ०५२ सालमा माओवादीले देशमा ध्वशात्मक युद्धको नृशंस काटमार थाल्यो र त्यसले पनि देशलाई एउटा ठोस दिशा दिन सकेन। उता पार्टीहरूको यही वेमेल, कुशासन र भ्रष्टाचारलाई नै टेकेर तत्कालिन् राजा ज्ञानेन्द्रले २०५९ नकाट्दै दोस्रो सत्र साल घटाउन पुगे जसले गर्दा स्वयं राजतन्त्रले आफ्नो काल आफैं त जुरायो तर तेस्रो जनआन्दोलन र "जनयुद्ध"को फ्युजनवाट आएको परिवर्तन पनि पहिलो परिवर्तन कै दोस्रो संस्करण मात्र सिद्ध भयो।

शीघ्र नै दलहरू सत्ताका लागि किचंलो र वखेडा गर्न थाले। कुशासन र भ्रष्टाचारको दुष्चक्रमा फसेको देश संविधान पाउनवाट विफल हुने जोखिमतिर अग्रसर भयो। साथै पहिलाकै जस्तो चरम राजनीतिक अस्थिरताले गर्दा दलहरू मन्त्री उत्पादन गर्ने उद्योगमा रूपान्तरित भए। संविधान सभा निर्वाचनको ३ वर्षमा त्यसले देशलाई संविधान दिन सकेन भने राजनीतिक अस्थिरताले गर्दा देशले ३-४ वटा प्रधानमन्त्री र सयौं मन्त्रीहरू पाल्नुपर्ने भयो। उता भागवण्डाले गर्दा तिनले विश्वविद्यालयका उपकुलपतिहरूमात्र होइन लोकसेवा, अख्तियार, महालेखा र निर्वाचन आयोगजस्ता संवैधानिक निकायहरूमा समेत पदपूर्ति गर्न सकेनन्। सुडान घोटाला जस्ता धमिजा, लाउडा र साउथ चाइनालाई विर्साउने भ्रष्टाचार काण्डहरू प्रकट भए। सुडानका आरोपी सुजाताका विदेशी जुवाइँ रुवेल चौधरीलाई निगरानीमा राख्नु भन्ने अख्तियारको निर्देशनलाई समेत उपेक्षा गर्दै देशवाट भगाउने प्रपञ्च तयार पारियो। संविधानसभाको म्याद चार-चार पटकसम्म आफैले थपे पनि त्यो राँगो हालसम्म ब्याएको छैन। त्यसका लागि देशले १ खर्व वढी खर्च गरिसक्दा पनि यसले सुत्केरी हुने लक्षण नदेखाउनु निश्चय नै लज्जास्पद हो। जसले मनमानी तलव-भत्ताले नपुगी यस अवधिमा विभिन्न पार्टीका १७२ जना सभासदले ५० लाख औषधि खर्च पनि लिएको देखिएको छ। उता आसचपूको नामवाट आफ्ना आसेपासे र कार्यकर्ताहरूलाई पोस्ने कुसंस्कार र नियतमा पनि कुनै परिवर्तन आएन। त्यसको विपरित यसमा लगातार वढोत्तरी नै भएर गयो। १९ दलको पहिलो कालमा 'राजनीति-पीडित सहायता कोष' नामक संस्था खोली राजकोषबाट १८ करोड नगद वांडियो भने दोस्रो कालमा ३ वाम प्रधानमन्त्रीहरूले मात्र २९ करोड नगद जथाभावी वितरण गरेको पाइयो। जुन रकम कुनै खास आधारवाट नभई आफ्ना आसेपासे, नातागोता, भाइभतिजा र पार्टी कार्यकर्ताहरूलाई मात्र बाँड्नु राष्ट्रिय ढुकुटी माथिको ठाडो डकैती भएको प्रष्टै छ तथापि नेताहरूमा आफ्नो कर्मप्रति कुनै पश्चाताप अनुभव भएको पाइएको छैन।

आसचपू लिने स्वनामधन्यहरू:

१) पूर्व उपप्रधानमन्त्री वामदेव गौतम- १८ लाख ९० हजार
२) सभासद् राजकुमार नाल्वो- १३ लाख
३) पूर्वमन्त्री रकम चेम्जोङ- ११ लाख ५० हजार
४) उपप्रधानमन्त्री नारायणकाजी श्रेष्ठ- १० लाख

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

५) पूर्वमन्त्री विद्या भण्डारी- ८ लाख १० हजार
६) सभासद् शान्ता चौधरी - ७ लाख
७) सभासद् ओमप्रकाश के.सी.- ७ लाख
८) पूर्वमन्त्री मातृकाप्रसाद यादव- ७ लाख
९) पूर्वसांसद सोमप्रसाद पाण्डे- ६ लाख ७० हजार ७१।-
१०) पूर्वमन्त्री रघुजीपन्त- ६ लाख
११) पूर्वप्रधानमन्त्री शेरवहादुर देउवा- ५ लाख ६९ हजार १५५।-
१२) पूर्वमन्त्री खेमराज भट्ट- ५ लाख ५० हजार
१३) सभासद कृष्णप्रसाद दाहाल- ५ लाख
१४) पूर्वमन्त्री आमोदप्रसाद उपाध्याय- ५ लाख
१५) पूर्वमन्त्री अजुननरसिंह केसी- ५ लाख
१६) मन्त्री महेन्द्र पासवान- ५ लाख
१७) पूर्वमन्त्री जगतवहादुर बोगटी- ५ लाख
१८) लेखक मदनमणी दीक्षित- ५ लाख
१९) पूर्वमन्त्री डिल्लीवहादुर महत- ५ लाख
२०) मधेशी नेता रामराजाप्रसाद सिंह- ५ लाख
२१) सभासद् नेत्रप्रसाद पंथी, महेश यादव, जया घिमिरे जनही-३ लाख
२२) एमाले नेतृ कल्याणी खड्का- ३ लाख
२३) पूर्व मन्त्री कृष्ण सिटौला- ३ लाख ४६ हजार
२४) पूर्वमन्त्री जितबहादुर दर्जी- २ लाख ५० हजार
२५) एमाले नेतृ माया ज्ञवाली- २ लाख
२६) उपप्रधानमन्त्री भरतमोहन अधिकारी- ५ लाख
२७) पूर्वमन्त्री प्रेमवहादुर सिंह- २ लाख
२८) मन्त्री उर्मिला अर्याल- २ लाख
२९) एमाले कार्यकर्ता यादवचन्द्र शर्मा- २ लाख
३०) सभासद् ताराकुमारी धर्ती र नन्दकुमार दत्त जनही- २ लाख
३१) पूर्वमन्त्री लिला कोइराला- २ लाख
३२) सभासद सल्मा खातुन मिकरानी- २ लाख
३३) पूर्वमन्त्री पदमसुन्दर लादति- २ लाख
३४) पूर्व सांसद आनन्द ढुंगाना- १ लाख
३५) सभासद धिरेन्द्र श्रेष्ठ, सभासद मीनादेवी सोव जनही- १ लाख
३६) पूर्वमन्त्री अशोक राई- १ लाख
३७) सभासद हेमराज तातेड, सभासद ज्वालाकुमारी साह जनही- १ लाख
३८) पूर्वमन्त्री मानबहादुर विश्वकर्मा- १ लाख
३९) सभासद सत्या पहाडी, सभासद कमला शर्मा जनही- १ लाख
४०) पूर्व सांसद सोहन चौधरी- १ लाख
४१) सभासद शान्ति वस्नेत अधिकारी- १ लाख

स्रोतः कान्तिपुर दैनिक- ०६८ श्रावण २५

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मन्त्री-प्रधानमन्त्री हुने वाम र अन्य नेताहरूले लाखौं-करोडौं मूल्य पर्ने गाडीहरूलाई निर्ल्लज्जतापूर्वक ससुरालीघर झैं ठानेर जथाभावी दुरुपयोग गरे। अनि तिनको त्यस्तो कार्य विरुद्ध जनताले तीव्र आक्रोश, घृणा र आलोचना व्यक्त गर्दा पनि असंवेदनशील भई अन्ठसन्ठ वक्न थाले। यसवाट अझै पनि यिनले आत्मालोचना होइन आत्मरतिकै वाटो लिएको देखियो। यसरी नेताहरूले राजनीति भनेको सत्ता वा सरकार नभई आर्थिक सामाजिक रुपान्तरण हो भन्ने सच्चाइलाई थोरै पनि आत्मसात नगरेको नै पुष्टि भयो। यस अवधिमा मन्त्री-प्रधानमन्त्री वनेका नेताहरूको महङ्गो र विलासीगाडी मोह अनि त्यसको निजीकरण तर्फको सानै धागाले तिनका उक्त दुराशय र दुश्चरित्रलाई पुष्टि गर्न पर्याप्त हुने पनि स्पष्टै छ। किनभने पछिल्लो पटक प्रधानमन्त्री वनेका भट्टराईले "जनयुद्ध" र मधेश लगायतका सम्पूर्ण सामाजिक आन्दोलनमा वेपत्ता र ज्यान गुमाउनेहरूलाई जनही ३ लाख नगद दिने निर्णय गरे पछि त अव मुलुकको ढुकुटी रित्तिने प्रायःनिश्चित नै भएको छ। निश्चय नै यसरी बाँडिने रकम ३ अर्व भन्दा तल हुने छैन। उता १९५०० माओवादी लडाकुहरूको पनि जनही १५०० भत्ता बढाए पछि त स्थिति झन डरलाग्दो वनेको छ।

पञ्चायतकालमा राजदरवारले दुरुपयोग गर्ने खर्च पार्टीहरूका लागि त्यसलाई भण्डाफोर गर्ने मसला वन्थ्यो। यसरी नै भ्रष्टाचार र भ्रष्टाचारीहरू पनि त्यसलाई नङग्याउने मसला वन्थे। सोहीअनुरूप वहुदल पुनर्स्थापना पश्चातका प्रथम प्रधानमन्त्री कृष्णप्रसाद भट्टराईले एउटा प्रजातान्त्रिक आदर्श अनुरूपको शासन व्यवस्था सुरुआत पनि गरेर देखाए। दुर्भाग्यवश यो स्थिति अधिक लामो समयसम्म नरहेको मात्र होइन स्वयं उनका अन्तरिम मन्त्रीहरू नै उनको आदर्श अनुकूल नचलेका आलोचना र टिप्पणीहरू प्रतिध्वनित हुन थाले। जनआन्दोलनका नायक गणेशमानले आफ्ना नेताहरू गन्हाउन थालेको टिप्पणी सार्वजनिक गरे भने तत्कालिन मालेजस्तो क्रान्तिकारी पार्टीका मन्त्रीहरू पनि त्यसरी नै गन्हाउन थाले। नभन्दै त्यसरी गन्हाउने मन्त्रीहरू नेपाली समाज र पार्टीभित्र प्रायः उठनै नसकिने गरी लखेटिन पनि थाले।

दुर्भाग्यको कुरा भट्टराईका उत्तराधिकारी गिरीजाप्रसाद कोइराला भ्रष्टाचार, कुशासन र नातावादका शिखर भएर निस्किए। गाडीकै प्रश्नमा पनि उनले पदवाट वाहिरिँदा प्रधानमन्त्रीका रूपमा चढेकै विलासी पजेरो बोकेर निस्किए। यसरी राज्यको सम्पत्तिमाथि होली खेल्ने एउटा घृणित परम्परा एक प्रजातन्त्रवादी, देश र जनताको लागि आजीवन लडेका भनिएका नेताले आरम्भ गरे। जसलाई उनीपछिका मनमोहन अधिकारीले पनि जारी राखेपछि त्यसपछिका सूर्यवहादुर थापा, लोकेन्द्रवहादुर चन्द र शेरवहादुर देउवाहरूले पनि सोही पथमा लिप्त रहनु अस्वाभाविक हुँदैनथ्यो। किनभने आफूलाई काङ्ग्रेस र कम्युनिष्ट भन्ने पूर्ववर्तीहरूले प्रारम्भ गरेको चरित्रलाई तिनका उत्तराधिकारी र कनिष्ठहरूले अवलम्वन नगर्ने भन्ने त प्रश्नै थिएन। कहाँसम्म भने १० वर्ष "जनयुद्ध" गरेर आएका भनिएका "क्रान्तिकारी" प्रधानमन्त्री प्रचण्डले पनि जारी नै राखे। यसको पनि एउटा कथन छ।

कथनअनुसार ०६३ को परिवर्तन पछि गिरीजाका लागि एउटा सवाकरोडको गाडी झिकाइएको थियो। विलासी गाडी चढ्न नजानेका प्रचण्ड त्यो भन्दा महङ्गो चमेलिया जलविद्युत आयोजनाको टोयोटा, प्राडो चढ्न इच्छुक भए। आश्चर्य के भने अघिल्ला पूर्व

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पञ्च र बुर्जुवाका प्रधानमन्त्रीकै जस्तो यी क्रान्तिकारी प्रधानमन्त्री पनि उक्त महङ्गो विलासी गाडीसँगै वहिर्गमन भए। क्रान्तिकारीवाटै यस्तो भएपछि उनी पछिका "संशोधनवादी" प्रधानमन्त्रीद्वय माधव नेपाल र झलनाथ खनालहरूवाट त्यसभन्दा राम्रो सोच्न सकिने ठाउँनै थिएन। तदनुरूप दुवैले भन्सार छुट मूल्यका १ करोड २ लाख पर्ने गाडी लिएर वालुवाटारबाट ससुरालीघरबाट दुलही फर्किए झैँ आ-आफ्ना आलिसान भवनहरूतर्फ फर्किए। अन्यथा भन्सारसहित भए यी गाडीहरू २ करोड ४ लाख पर्ने प्रस्टै छ। कथा यतिमै सकिँदैन। प्रधानमन्त्रीकै जस्तो गृहमन्त्रीहरूले पनि राष्ट्रको सम्पत्ति माथि यसरी नै रजाइँ गर्ने नियम बनाएका रहेछन्। जसअनुसार पदवाट वाहिरिएको ३ वर्षसम्म तिनले सोही प्रकार सरकारी गाडीमा मस्तीमार्ने कानुनी व्यवस्था गरेका रहेछन्। दुर्भाग्यको कुरा त्यसपछि पनि गृहमन्त्रीहरू- केपी, वामदेव र पूर्णवहादुर खड्काले उक्त सुविधा परित्याग गर्न नमानेपछि पछिल्ला गृहमन्त्री भीम रावलले त खुलमखुल्ला गाडी फिर्ता नगर्ने र गरेपनि प्रचण्डले फिर्ता गरेमात्र गर्ने घोषणा नै गरे।

यसरी नेताहरूले पदमा पुगेपछि लुटको धन फुपूको श्राद्ध' झैँ गरी घिनलाग्दो दृष्टान्त सिङ्गो राष्ट्रसामु प्रस्तुत गरिदिएवाट यो प्रवृत्ति मातहतका सम्पूर्ण तह र निकायमा पुग्नु स्वाभाविकै हुन्छ। फलस्वरूप आज राज्यका सम्पूर्ण तहका पदाधिकारी वा नेताहरूले यही आदर्श पच्छयाउँदै जसरी पनि राष्ट्र वा सार्वजनिक सम्पत्ति दोहन गर्नुपर्छ भन्ने मान्यतालाई यस देशको राष्ट्रिय चरित्र वनाएवाट देशका सम्पूर्ण साधन स्रोतहरू मक्किएर खोक्रो वनिसकेको अवस्था छ। पदाधिकारीहरूले साधनको चरम दुरुपयोग र मन्त्रीहरूले आफूलाई थोत्रो गाडी दिएको भन्दै सीडीओ पिट्ने र कसैले गाडी माथि हान्ने अनि कसैले सरकारी गाडी जलाइदिन्छु भन्ने अनि कसैले सरकारी गाडी वहालमा दिएर जीविका गर्ने दुष्प्रवृत्तिको जग नै यही हो किनभने तीन न तेह्रका अमरेसकुमार सिंहलाई तत्कालिन संरकारले निर्णय नै गरी चालकसहित गाडी नै दिएको रहेछ। जुन गाडी हालसम्म उनी जर्वजस्ती चढिनै रहेका छन् किनभने उनी भन्दा शक्तिशाली मन्त्री प्रधानमन्त्रीहरू स्वयं त्यही गरिरहेकोवाट उनलाई त्यसो गर्ने ठूलो प्रेरणा मिलेकै छ। यतिमात्र पनि होइन विभिन्न आयोजना र विभागका गाडी चढ्ने नेताहरूको सङ्ख्या पनि त्यत्तिकै छ। भन्सार छुटमा गाडी लिनेहरूले त्यसप्रकारको सुविधा नलिने ठूलाहरूले त्यस्तो सुविधा लिन नपाउने कानुनी व्यवस्था भएपनि त्यस्तो सुविधा लिइसकेका उक्त सवै मन्त्री प्रधानमन्त्रीहरूले त्यस कानुनलाई पनि खिल्ली उडाइसकेपछि त दण्डहीनताले प्रोत्साहन पाउने नै भयो।

बरु आफ्नो उपर्युक्त चरित्रलाई टेवा दिन स्वयं प्रचण्ड सरकारले संविधान सभामा प्रतिनिधित्व गर्ने सम्पूर्ण दलीय नेता र सचेतकहरूलाई पनि त्यस्तो सुविधा दिने निर्णय गरेपछि त राष्ट्रमाथि लुट्ने यस लीलाको स्वरूप झन् विशाल बन्न पुगेको छ किनभने राष्ट्रिय लुट मच्चाउनेहरूको यो सूची सानो आँखीझ्याल मात्र हो जहाँबाट अन्य अधिकारी, मन्त्री, सभासद् समेतले गरेको राष्ट्रिय लुटमाथिको नाङ्गो लीला छयाङ्गै देखिन्छ। यस सन्दर्भमा प्रत्येक नागरिकले यस राष्ट्रिय लुटमाथि रमिते भई वस्ने हो भने अव पक्का भइसक्यो-हामी भोलिको पिंढीलाई यो देश सुरक्षित हस्तान्तरण गर्न सक्ने छैनौं। माकुराको वच्चाले झैँ हामीले यसलाई जीवितै खाइसक्ने छौं, सवैमा चेतना भया। देशै नरहे केको लोकतन्त्र, केको जनगणतन्त्र ?

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

इतिहास

जागृत गोरखाका नारायण अर्ज्यालदेखि पण्डित दण्डपाणि अर्ज्यालसम्म

✍ प्रा.डा. श्रीरामप्रसाद उपाध्याय*

विश्वमा नेपाल र नेपालीलाई चिनाउने नाम नै गोरखा र गोरखाली हो । ईसाई पादरी फादर गुसिपीले नेपाल सम्वन्धी लेखमा सर्वप्रथमं गोरखाको उल्लेख गरेका छन् । यिनी कर्नेल कर्कप्याट्रिक नेपाल आउनुभन्दा ३० वर्ष अघि आएका थिए । बहादुर शाहको नायवी कालमा नेपाल आएका कर्नेल कर्कप्याट्रिकले नेपाल सम्बन्धी अङ्ग्रेजी भाषाको पहिलो पुस्तक प्रकाशित गरेका थिए । तिनले गोरखाको विषयमा यथेष्ट सामग्री प्राप्त गर्न नसकेकोमा गुनासो पोखेका थिए । तिनले आफ्नो पुस्तकमा गोरखालीहरूले नेपालमाथि अधिकार गर्नुअघि गोरखा सम्वन्धमा सन्तोष मान्ने सामग्री प्राप्त गर्न सकिन[1] भनी लेखेका थिए । यिनले नेपाल भनेको काठमाडौं उपत्यका हो भन्ने ठानेका थिए । त्यसबखत नेपाल विभिन्न राज्यमा विभाजित भएको हुनाले काठमाडौं उपत्यकालाई नेपाल भन्ने गरिन्थ्यो । धेरै जसो नुवाकोट र काठमाडौंको स्वयम्भुमा समय व्यतित गरेका कर्नेल कर्कप्याट्रिक ७ सप्ताहपछि स्वदेश फर्केका थिए । आफ्नो छोटो बसाइमा यिनले अङ्ग्रेजी भाषामा पुस्तक लेखेर नेपाल र गोरखालीको नाम विश्वभरि फैलाएका थिए । नेपाललाई अन्तराष्ट्रिय जगतमा चिनाउनको निम्ति तत्कालीन नेपालका प्रथम राणा प्रधानमन्त्री जङ्गवहादुर राणाको अनुरोधमा नेपालस्थित बेलायती रेजिडेन्सका चिकित्सक डानियल राइटले नेपालको इतिहास नामको पुस्तक लेखेका थिए । यिनले आफ्नो पुस्तकको तीन खण्डमा गोरखाको विषयमा लेखेका छन् । यिनले शाहवंशको नाम नै गोरखावंश राखेका थिए । यिनको पुस्तकको दसौं अध्यायमा गोरखावंशको विशेष इतिहास (Special History of Gorkhali Dynasty) भनी गोरखालाई महत्त्व दिएका छन् । यिनले जानेर वा नजानेर नेपालका विभिन्न जातिको उल्लेख गर्ने

* लेखक इतिहास केन्द्रीय विभाग, त्रि.वि.मा प्राध्यापनरत इतिहासकार हुनुहुन्छ । -सं.

1 With regard to the Goorkhalis Previous to their conquest of Nepal, I have not been able to obtain any satisfactory materials.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

क्रममा आफ्नो पुस्तकको दोस्रो खण्डमा नेवार, मगर, गुरुङ्ग, लिम्बु, किराँत, भोटिया, लेप्चाको साथै गोरखाको नाम पनि जातिको रूपमा लेखेका छन्। यिनले गोरखा र गोरखाली दुबैलाई गोरखाको नामवाट सम्बोधन गरेका छन्। यिनले गोरखा काठमाडौंदेखि पश्चिम करिब चालिस माइलमा पर्दछ भनी लेखेका छन्। यिनले गोरखालीलाई गोरखा हेर्नमा राम्रा हुन्छन् भनी लेखेका छन्। मेरा गुरु फादर स्टिलरले गोरखा शीर्षकको नाम दिएर एउटा पुस्तक नै तयार गरेका छन्। उक्त पुस्तकको नाम नै **'द राइज अफ द हाउस अफ गोरखा'** नाम राखिएको छ। आफूलाई नेपाली सम्झने फादरको मृत्यु पनि नेपालको माटोमा नै भएको थियो। फादर स्टिलरले गोरखा र उपत्यकाका तत्कालीन अवस्थाको चित्रण गर्दै गोरखासँग भएको सीमित स्रोतको तुलनामा उपत्यकाका राज्यहरू धनी र शक्तिशाली थिए तैपनि गोरखालीलाई यिनको कमजोरी थाहा थियो भनी लेखेका छन्। साथै यिनले भाषा वंशावलीमा उल्लेख गरिएको गोरखा र कान्तिपुर बीचको सम्वाद जस्ताको तस्तै उल्लेख गरेका छन्। गोरखा वंशावलीमा जयप्रकाश मल्लले गोरखाका राजाले नेपालमाथि आक्रमण गर्ने योजना वनाएका छन् भन्ने सुने तव यिनी आगो भएर गोरखालाई चिठी लेखेर भने- "जव गोरखाका राजाले मेरो राज्य लिन आएमा म एकै क्षणमा यिनको राज्यलाई नष्ट गरिदिन्छु।" त्यसपछि गोरखाको राजाले 'मैले तिमीलाई खतम गर्न नसकेमा म नरभूपाल शाहको छोरा पृथ्वीनारायण शाह नै होइन' भनी जवाफ दिएका थिए। त्यसवखत चौविसे राज्य अन्तर्गत पर्ने गोरखामा १२ हजार घरधुरी मात्र थियो। यस्तो कमजोर आर्थिक अवस्था र जनशक्ति भएको राज्यले कान्तिपुरमाथि अधिकार गर्ने चाहना राख्नु ठूलो कुरा थियो।

गोरखाको नाम कहिलेदेखि गोरखा रहन गएको हो ? त्यसभन्दा अघि यसको नाम के थियो भनी किटान गर्न गाह्रो छ। लिच्छवी राजा जयदेव द्वितीयको गोरखामा एक अभिलेख पाइएको छ। सुरक्षित अवस्थामा नराखिएको हुनाले त्यस अभिलेखको वर्ष मेटिएको छ। यस अभिलेखमा राजा जयदेवको नाउँ स्पष्टसँग लेखिएको छ। साथै त्यस क्षेत्रका मानिसहरूलाई जनपदवासी भनी सम्वोधन गरिएको छ। उक्त शिलालेखमा धार्मिक कामको निम्ति गुठी जग्गा राखिएको कुरा उल्लेख गरिएको छ। त्यस शिलालेखवाट त्यसबखत गोरखाको नाउँ के थियो भनी थाहा पाउन सकिँदैन। त्यसवखत केन्द्रदेखि वाहिरका मानिसहरूलाई जनपदवासी भनी सम्वोधन गरिन्थ्यो। लिच्छवीकालमा यो क्षेत्र केन्द्रशासित प्रदेशको रूपमा रहेको थियो। घनावस्ती भएको ठाउँमा नै शिलालेख राखिने चलन भएको हुनाले त्यसवखत गोरखा समृद्धशाली र घनावस्ती भएको ठाउँ थियो भन्ने थाहा पाइन्छ। प्राचीन कालदेखि नै उक्त स्थान तीर्थस्थलको रूपमा रहेको थियो भन्ने कुरा शिलालेखमा लेखिएको सर्वदेव अर्थात् धेरै देव देवी भएको स्थान भन्ने वाक्यवाट पुष्टि हुन्छ। त्यस स्थानमा वज्र भैरवको पूजा गरिन्थ्यो भन्ने भनाइ रहेको पनि पाइन्छ।

स्थाननाम कोशमा गोरखाको उत्पत्ति सम्बन्धमा विभिन्न विचार प्रस्तुत गरिएका छन्। उक्त कोश अनुसार नेपाली भाषाको खर्क अर्थात् घाँस शव्दवाट क्रमशः गर्ख, गरखा हुँदै गोरखा नाम रहन गएको हो। त्यसै शव्दकोशमा संस्कृत भाषाको गोरक्षा अर्थात् गाईको रक्षा गर्ने देश भन्ने अर्थमा गोरक्षाको अपभ्रंश भई गरचा पछि गोरखा रहन गएको हो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गोरखाका राजा द्रव्य शाहले खड्का राजा मानसिंहलाई आफ्नै हातले मारेर गोरखामाथि विजय प्राप्त गरेका थिए। यिनको यस अभियानमा गणेश पाण्डे, नारायण अर्ज्याल, भगीरथ पन्थ, गङ्गाराम राना, मुरली खवास, सर्वेश्वर खनाल र गजानन्द रावले साथ दिएका थिए। डानियल राइट र विक्रमजित हसरत दुवैले आफ्ना पुस्तकमा नारायण अर्ज्यालको नाम लेखेका छन्। यी अर्ज्याल वा अर्यालहरू गोरखामा कसरी आए र यिनीहरू अर्याल कसरी भए भन्ने कुरा रामजीप्रसाद अर्ज्यालको पुस्तकमा गुल्मी इस्माका राजा च्यवनराजकी रानी अर्जै गाउँमा वसेको हुनाले अर्ज्याल थर सुरु भएको थियो भनी लेखिएको छ। यी अर्ज्यालहरू पहिले भट्ट वा पौडेल थिए भनी रामजीप्रसाद अर्यालले आफ्नो पुस्तकमा लेखेका छन्। नारायण अर्ज्यालको भेट द्रव्य शाहसँग कसरी भयो भन्ने कुरा पनि उक्त पुस्तकमा उल्लेख गरिएको छ। यसअनुसार नारायण दास अर्ज्याल गोसाईकुण्ड तीर्थ जान पूर्वतर्फ लाग्दा यिनको वासं लमजुङ्गका हरिसिद्धि सापकोटाको घरमा परेछ। यिनको अर्को वास गोरखा राज्यको छोप्राक (वेलवास) मा गणेश पाण्डेको घरमा परेको थियो। त्यसै समयमा गणेश पाण्डेले नारायणदास अर्ज्याललाई द्रव्य शाहलाई गोरखाका राजा वनाउन अनुरोध गरेका थिए। द्रव्य शाहले विजय प्राप्त गरेपछि नारायणदास अर्ज्यालले दीक्षा सुनाए। त्यस पछि द्रव्य शाहले गुरुलाई जे मागे पनि दिने वाचा गर्दा यिनले आफूलाई केही नचाहिने जवाफ दिएका थिए। त्यसपछि अर्ज्यालथरका ब्राम्हण गोरखा दरबारका राजपुरोहित भए। नारायणदास अर्ज्यालको साइतमा द्रव्य शाहले गोरखाको महत्त्वपूर्ण नाकाको रूपमा रहेको सिद्यानचोक र अजीरगढमाथि आक्रमण गरेर ती दुवै ठाउँलाई गोरखा राज्यमा मिलाएका थिए। विक्रमजित हसरतले लेखेको पुस्तकअनुसार राजज्योतिषी नारायणदास अर्ज्यालले गोसाईकुण्डमा गरेको पुरश्चरणको प्रभावले नै द्रव्यशाहले गोरखामा विजय प्राप्त गरेका थिए। साथै यिनले नै हेरेको साइतमा लिगलिगकोटमाथि पनि द्रव्य शाहको अधिकार भएको थियो। रामजीप्रसाद अर्यालका अनुसार अर्ज्याल खलकका मूल पुरुष श्री नारायणदास अर्ज्याल त्यस जमानाका नाम चलेका ठूला विद्वान् तथा सिद्धहस्त धुरन्धर ज्योतिषी थिए। यिनको विद्वता र ज्योतिषी विद्याको प्रभाव यिनका सन्तानमा पनि पर्दै गयो। यिनका साहिला नाति जयभद्र अर्ज्यालले रामशाहलाई स्थिति बाँध्ने उपाय सुझाएका थिए। यिनले दुईवटा उच्चकोटीका प्राज्ञिक कृति सृजना गरेका थिए। यिनको पहिलो कृति **मेघदूत काव्यको चरित्रवर्द्धनको टीका** र दोस्रो **रुद्रानुष्ठान पद्धति** थियो। यी दुवै कृति राम शाहकै समयमा लेखी सिध्याइएको थियो। यी दुवै कृति दुईवर्षको अन्तरालमा लेखिएका थिए।

विष्णुदास अर्ज्यालका कान्छा पुत्र पुरुषोत्तम अर्ज्यालका साहिँला छोरा विशेश्वर अर्ज्यालले रामशाहको शासनकालमा गोरखा दरवार बनाउने काममा सहयोग पुऱ्याएका थिए। गोरखा राज्यको विस्तारमा पनि अर्ज्याल परिवारको ठूलो योगदान रहेको थियो। रामशाहले गोरखाका वरिपरिका राज्यहरूलाई जितेर गोरखाको उत्तरी सिमाना केरुङ्गसम्म पुऱ्याएका थिए। यसको साथै यिनले तिब्वतको कुकुरघाटसम्म विजय प्राप्त गरेका थिए। अर्ज्यालहरूले सहयोग गरेको हुनाले रामशाहले यिनीहरूलाई उच्चस्थान दिएका थिए। यसअनुसार रामशाहले गोरखाराज्यको व्यवस्था मिलाउन बाँधेको पच्चिस दफाको स्थिति वन्देज मध्ये ११ औं मा थरघरको बन्देज गरी राज्यको सुरक्षा गर्ने काम अर्ज्याल खलकलाई सुम्पेका थिए। १८ औं थरघरको बन्देजद्वारा बगाले र बिहारे अर्ज्याललाई चार पुरोहित मध्ये माथिल्लो तहमा राखेका थिए। चारपाखे बङ्गला घरमा वसेका अर्ज्याललाई बगाले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अर्ज्याल र दुईपाखे बिहारे घरमा वसेकालाई बिहारे अर्ज्याल भनिन्थ्यो । रामशाहले बाँधेको २१ औं थरघरले अर्ज्यालहरूलाई अर्थ, धर्म, लेखापढी र भात भान्सा सम्वन्धी राज्य व्यवस्थाको जिम्मा दिएका थिए । यिनले पाण्डे, पन्थ, अर्ज्याल यी तीन थरलाई आलोपालो गरी खजानाको काम दिएका थिए । रामशाहले बाँधेको थिती अनुसार चलेमा सन्तान दरसन्तानसम्म यिनीलाई यी सुविधा दिने घोषणा गरिएको थियो ।

विशेश्वर अर्ज्याल ज्योतिषी र लिपिकारका साथै संस्कृतका पनि प्रकाण्ड विद्वान् थिए । यिनले राजा पृथ्वीपतिको चाहना अनुसार वराहमिहिरले रचना गरेको बृहत्संहितालाई लिपिवद्ध गरेका थिए । गोरखा पोखरीथोकमा स्थापित पृथ्वीपतिशाहको सालिक स्तम्भलेखको पूर्वीपाटाको श्लोक विशेश्वर अर्ज्यालले तयार गरेका थिए । उक्त स्तम्भलेखको अन्तिम भागमा 'विशेश्वरेण विदुषा प्रशस्ती रचिता शुभम्' भन्ने वाक्यवाट पनि उक्त कुराको पुष्टि हुन्छ । रामजीप्रसाद अर्यालले तयार गरेको वंशावली अनुसार यिनी जयभद्र अर्ज्यालका पनाति र इन्द्रमणि अर्ज्यालका छोरा थिए । विशेश्वर अर्ज्याल र विरेश्वर अर्ज्यालका पद्यांश पूर्णिमा वर्ष १ अंक ३ मा देवीप्रसाद भण्डारीले प्रकाशित गराएका छन् । यी पद्यांश रामजीप्रसाद अर्यालका पुस्तकमा पनि प्रकाशित भएका छन् ।

राजा नरभूपाल शाहको समयका अर्का विद्वान् भानुजोशी अर्ज्याल ज्योतिष र गणितका विशिष्ट ज्ञाता थिए । यिनी विशेश्वर अर्ज्यालका काइँला भाइका नाति थिए । भानु जोशी अर्ज्यालले गरेका सातवटा कामहरू बुँदागत रूपमा प्रस्तुत गरिएका छन् । यिनले पृथ्वीनारायण शाहलाई अङ्कको परिचय र हिसाव सिकाउने काम गरेका थिए । यिनले परराष्ट्र सम्वन्धी कार्यालय (जैसी कोठा) का खरदार भएर पनि काम गरेका थिए । यिनले कसलाई राजगुरु राख्ने भन्ने सल्लाह पनि दिने गर्दथे । यिनले गोरखालीले नुवाकोटमा पराजय भोग्दा भारदारमा आएको नैराश्यता हटाउन वौद्धिक प्रयास पनि गरेका थिए । पृथ्वीनारायण शाहको मकवानपुरसँग वैवाहिक सम्वन्ध गराउनमा पनि भानु जोशीको महत्त्वपूर्ण हात थियो । मकवानपुरवाट दुलही इन्द्रकुमारीलाई नलिएर फर्कदा पनि चन्द्रागिरीमा भानु जोशी र कुलानन्द ढकाल पृथ्वीनारायण शाहका साथमा नै थिए । यसको साथै नरेन्द्रलक्ष्मीसँग दोस्रो विवाह गर्न डोला झिकाउने जिम्मा पनि यिनैलाई दिइएको थियो । नुवाकोटको दोस्रो पराजयपछि गोरखाको बिँग्रदो राजनीति तथा आन्तरिक अवस्थामा सुधार गर्ने काम भानु जोशी अर्ज्याललाई नै दिइएको थियो । त्यसै हुनाले यिनलाई 'गोरखाको चाणक्य' भनिन्थ्यो ।

गोरखाका अर्का धुरन्धर विद्वान् शक्तिवल्लभ अर्ज्याल थिए । यिनी जयभद्रका माहिला छोरा दामोदरका पनाति, मनोहरका नाति र लक्ष्मी नारायणका अर्ज्यालका जेठा छोरा थिए । यिनले त्रियासी वर्षको लामो आयुसम्म चार राजा अन्तर्गत काम गरेका थिए । यिनले पृथ्वीनारायण शाहलाई काशी यात्रामा साथ दिनुका साथै नुवाकोट विजय गर्दा धरमपानीकोबाटो र दहचोकगढी कब्जा गर्दा आफै लडाँइमै सरिक भएका थिए । यिनलाई अनेक पदवीवाट विभूषित गरिएको थियो । यिनलाई रणबहादुरशाहको व्रतवन्धमा भट्टाचार्यको उपाधि दिइएको थियो । यसवाहेक यिनलाई पुरोहित, राजपुरोहित, पण्डित, जोशी, उपाध्याय, सरदार र फौजदार पदवी दिइएको थियो । यिनले जयरत्नाकर, हास्यकदम्व, ललितमाधव जस्ता नाटक र महाभारत विराट पर्व कथा, सुधातरङ्गिणी इन्द्रध्वजोत्सव, दानप्रकाश, यथार्थ तत्त्ववोध, पुरश्चरण चातुरी जस्ता कर्मकाण्ड एवं धार्मिक ग्रन्थको रचना गरेका थिए । यिनका जयरत्नाकर नाटक धनबज्र बज्राचार्यले र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ज्ञानमणि नेपालले अनुवाद र सम्पादन गरेको पाइन्छ। शक्तिवल्लभ अर्ज्याल नेपाली साहित्यका पहिला नाटककार र कथाकार थिए। यिनले जयरत्नकर, हास्य कदम्व र ललितमाधव नामको तीनवटा नाटक लेखेका थिए। यिनले लेखेको हास्यकदम्व पाँच सयवर्ष शीर्षक पुस्तकमा छापिएको छ। उक्त पुस्तकको अन्त्यतिर शक्तिवल्लभ अर्ज्यालको जीवनी र कृति पनि प्रकाशित भएको छ। प्रज्ञामा प्रकाशित एक लेखमा कृष्ण गौतमको भनाइअनुसार शक्तिवल्लभका नाटकमा उनको समयको रोचक प्रतिविम्व अङ्कित भएको पाइन्छ। लेखकका सुलभ दुई संस्कृत नाटक जयरत्नाकर र हास्य कदम्वमध्ये पहिलो वि.सं. १८४९ मा लेखियो र २०१४ मा साँस्कृतिक परिषदवाट प्रकाशित भएको थियो। उक्त लेखमा शक्तिवल्लभ अर्ज्यालका श्लोक र त्यस श्लोकको नेपाली अनुवाद उद्धृत गरिएको छ। उक्त श्लोक र अनुवाद आजको सन्दर्भमा पनि लागू हुन्छ। उक्त श्लोकमा जुन देशका लोकहरू दरिद्र छन्, राजा पनि विवेकहीन छन्, मन्त्रीहरू पनि घुस खाने मनसुवा भयाका छन्, त्यसलाई नमस्कार छ, वस्नु योग्य छैन (देशाय तस्मै नमः)।

शक्तिवल्लभ अर्ज्यालपछि गोरखाको वौद्धिक जागरण काठमाडौंमा सऱ्यो। काठमाडौं उपत्यका विजय गरेपछि गोरखाको राजधानी नुवाकोट र काठमाडौं हुन गयो। यसको साथै गोरखाका वौद्धिक जमात पनि यताउति छरिन थाल्यो। तर मूलपुरुष नारायणदास अर्ज्यालका सन्तती पण्डित दण्डपाणि अर्ज्यालले गोरखामा नै बसेर आफ्ना आनुवंशिक वौद्धिक परम्परालाई निरन्तरता दिएका थिए। यिनले अर्ज्यालहरूको वृहत् वंशावली, पृथ्वीनारायणशाहको वाल जीवनी, शाह राजाहरूको वंशावली, हिन्दू सँस्कृति र इतिहासका प्राचीन र आधुनिक चिन्हहरू, रामशाह, पृथ्वीपतिशाह, नरभूपालशाहका जीवनी, हाम्रा राजा र हामीहरूको सँस्कृति, चिना वनाउने लेख, कालिकाको सङ्क्षिप्त इतिहास, विश्वहिन्दू सम्मेलन विरगंजमा पठाएको सन्देश, गोरखाको ऐतिहासिक पृष्ठभूमि जस्ता कृति नेपाली समाजलाई उपहार दिएका छन्। यिनको तन्त्रशास्त्रमा आधारित पुस्तक **दश महाविद्या** अत्यन्त लोकप्रिय मानिन्छ। पण्डित दण्डपाणि अर्ज्यालका विद्वताको मूल थलो गोरखा भएपनि यिनका कृतिवाट सम्पूर्ण नेपाल सुगन्धित वनेको छ। कुशल शिक्षक तथा उत्कृष्ट विचारक तथा विद्वान्वाट नेपालका प्रसिद्ध विद्वान्हरूले पनि मार्गदर्शन प्राप्त गरेका थिए। 'नेपालको इतिहास र अर्ज्याल परिवार' नामको पुस्तकमा अनेक प्रसङ्गमा विद्वान् दण्डपाणि अर्ज्यालको उल्लेख गरेको पाइन्छ। उक्त पुस्तकमा नारायणदास अर्ज्यालले गोरखामा नै वसी खड्का राजाको अनुरोध हुँदा पनि उनको अन्न नखाई गोरखनाथको पुरश्चरण गरेर खुसी गराई द्रव्यशाहलाई गोरखाको राजा गराउने बरदान लिएको कुरा उल्लेख गरिएको छ। श्री दण्डपाणि अर्ज्यालको वंशश्रुतिमा गोरखाको पस्लाङ्गको राज्याभिषेक चौतारी सम्वन्धी प्रसङ्ग पनि उल्लेख गरिएको छ। प्रा.डा. तुलसीराम वैद्य र धनवज्र वज्राचार्यले गोरखाको ऐतिहासिक सामग्री सङ्कलन गर्ने क्रममा श्री दण्डपाणि अर्ज्यालसँग दुई हप्तासँगै वसेर अनेकौं सर-सामग्री, सूचना र सहयोग लिएको कुरा पढ्न पाइन्छ। इतिहासकार ज्ञानमणि नेपालले भीमनीधि तिवारी अठार दिनसम्म यिनीसँग बसेर गोरखाको इतिहासका पात्रहरूको चर्चा परिचर्चामा विताएको र त्यसैको आधारमा 'शिलान्यास' र 'माटाको माया' नामको नाटक लेखेको कुरा उल्लेख गरेका छन्। प्रा. दिनेशराज पन्तले पनि पण्डित दण्डपाणि अर्ज्यालवाट सहयोग प्राप्त गरेको उल्लेख स्मृति ग्रन्थमा भएको छ। प्रा. पन्तवाट 'गोरखाको इतिहास' लेख्ने क्रममा प्राप्त सामग्रीका निम्ति पण्डित दण्डपाणि अर्ज्यालप्रति कृतज्ञता व्यक्त गरिएको पाइन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

निष्कर्ष

नेपालको एकीकरण सम्पन्न गरेर विशाल नेपालको परिकल्पना साकार पार्नमा गोरखाली माटोमा जन्मेका अनेक वीर वीराङ्गनाले आफ्ना जीवन उत्सर्ग गरेका कुरा इतिहासका पानामा लेखिएका छन् । ती वीर वीराङ्गनाहरू प्रति राष्ट्रभक्तिको भावना जागृत गर्न र राष्ट्रिय राजनीतिलाई सही मार्ग निर्देशन गर्न अर्ज्याल परिवारको महत्त्वपूर्ण योगदान रहेको देखिन्छ । कुनै पनि राज्य सत्ताको सञ्चालनका निम्ति विद्वत्वर्गको सहयोग र समर्थन चाहिन्छ । उक्त कुरा अर्ज्याल परिवारका विद्वत् परम्परा र एकीकरणमा सहयोग पुऱ्याएवाट थाहा पाउन सकिन्छ । गोरखा नाम विश्वमा परिचित हुनमा पनि यिनले इतिहास र साहित्यमा पुऱ्याएको योगदानको महत्त्वपूर्ण भूमिका रहेको छ । आफ्ना उत्तम विचार र विद्वतावाट दीक्षित भएको हुनाले अर्ज्याल वंशले विदेशमा पनि आफ्ना सत्कर्मलाई अगाडि वढाएका छन् । हामी जहाँ वसे वा रहेपनि मातृभूमिप्रतिको कर्तव्य कहिल्यै विर्सनु हुँदैन । पण्डित दण्डपाणि अर्ज्यालकी कान्छी वुहारी सीता अर्ज्यालको कक्षा अवलोकन गर्न गोरखा गएको वखत उहाँको मृत्यु भएको खवर सुन्दा अत्यन्त दु:ख लाग्यो । यस्ता अजर अमर व्यक्तिहरू भौतिक रूपमा नरहेपनि मानिसका मन मस्तिष्कमा अनन्तकालसम्म रहिरहन्छन् । १९६३ साल कार्तिक २४ गते शुक्रवार जन्मेका पण्डित दण्डपाणि अर्ज्यालको ८३ वर्षको उमेरमा २०४५ साल माघ ७ गते स्वर्गारोहण भयो । गोरखाको ऐतिहासिक, साहित्यिक तथा सामाजिक जागरणमा अतुलनीय योगदान पुऱ्याउने पण्डित दण्डपाणि अर्ज्यालको सदा स्मरण गर्न पाइयोस् ।

युरोपमा इटलीको रोमवाट पुनर्जागरण प्रारम्भ भई विश्वभरि फैलिएको थियो । यस हिसाबले गोरखालाई नेपालको रोम मान्न सकिन्छ । जसका जागृतिले सम्पूर्ण नेपालीलाई जागरणको सन्देश दिएको छ । जुम्लाको सिंजालाई नेपाली भाषाको उदगम् स्थल मानेजस्तै नेपालको इतिहासको उदगम स्थल गोरखालाई मान्न सकिन्छ । एकपटक गोरखाको नामबाट जुम्ला पनि हल्लिएको थियो । त्यसै हुनाले जुम्लावासीले 'भातुखाय सुभान शाही ताउली हाल्या कुम्ला, जिती आए गौरख्य जनिमार जुमला' भनेका थिए । पृथ्वीनारायण शाहले भानु जोशी अर्ज्याल, चतुर्भुज अर्ज्यल, रामकृष्ण जोशी अर्ज्याल र शक्तिवल्लभ अर्ज्याललाई तोसाखाना र साहु महाजन खोजेर भएपनि असी नब्बे हजार दिनु भनेका थिए । अर्ज्यालहरूमा बैयाकरण केशरी अर्ज्याल, दैवज्ञकेशरी अर्ज्याल, विद्यारण्यकेशरी अर्ज्याल, उदयानन्द अर्ज्याल, विरेन्द्रकेशरी अर्ज्याल निकै प्रसिद्ध विद्वान् थिए । दैवज्ञकेशरी अर्ज्यालका छोरा विद्यारण्यकेशरी भानुभक्त आचार्यका भिनाजु थिए । यिनको जन्म तत्कालीन नुवाकोट जिल्लाको सुनखानीमा भएको थियो । पुराना कवि र कवितामा यिनका काव्यको विशेष चर्चा गरिएको छ ।

सन्दर्भ ग्रन्थ:

1. Hasrat, Bikram Jit (1970) **History of Nepal, As Told by Its own & Contempory Chroniclers,** Hosiyarpur, Punjab, India
2. Kirkpatrick, Colonel (1975) **An Account of the Kingdom of Nepal,** Asian Publication service, Delhi
3. Wright, Daniel (1966), **History of Nepal,** Ranjan Gupta, Calcutta
4. Stiller, Ludwig F (1975), **The Rise of The House of Gorkha,** The Patna Jesceit Society, Patna

५. उपाध्याय, श्रीरामप्रसाद (२०५५), **नेपालको समीक्षात्मक इतिहास,** साझा प्रकाशन पुल्चोक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

६. पोखरेल, बालकृष्ण (२०५०), पाँचसय वष, साझा प्रकाशन पुल्चोक
७. आचार्य, वावुराम (२००३०, पुराना कवि र कविता, नेपाली भाषा प्रकाशिनी समिति, नेपाल
८. श्रेष्ठ, कृष्ण प्रकाश (२०४४) स्थाननामकोश, नेपाल प्रज्ञा प्रतिष्ठान कमलादी काठमाडौं
९. शर्मा, मेदिनीप्रसाद (२०३२) गोरखा राजघरानाको इतिहास, श्री गणेशप्रसाद शर्मा, पाञ्चाली विराटनगर
१०. वज्राचार्य, धनवज्र (२०३० आषाढ) लिच्छवीकालका अभिलेख, नेपाल र एशियाली अध्ययन संस्थान, त्रिभुवन विश्वविद्यालय, काठमाडौं
११. अर्याल, रामजीप्रसाद (२०४७) नेपालको इतिहास र अर्ज्याल परिवार, श्रीमती विन्दु अर्याल, अर्याल निवास ज्ञानेश्वर काठमाडौं नेपाल
१२. विष्णुप्रभात संपादक (२०६३) दण्डपाणि अर्ज्याल जन्म शताब्दी स्मृति ग्रन्थ दण्डपाणि अर्ज्याल स्मृति केन्द्र सोह्रखुट्टे, काठमाडौं नेपाल
१३. गौतम, कृष्ण (२०४४) 'शक्ति वल्लभका नाटकमा समसामयिकता', प्रज्ञा नेपाल प्रज्ञा प्रतिष्ठान
१४. भण्डारी, देवीप्रसाद पृथ्वीपति शाहको समयका निश्चित सम्वत् र तिथी मितिहरू, पूर्णिमा वर्ष १ अंक ३

कल इन्डिया ...

मात्र रु. २.९० प्रति मिनेट

साथै कतार, साउदी अरेबिया, यू.ए.इ., बहराइन र कुवेतमा फोन गर्दा अब मात्र रु. १२ प्रति मिनेट ।

फोन गर्ने तरिका:
१४२४+कन्ट्रिकोड+फोन नं.

थप जानकारीको लागि
नोटिसबोर्ड नं. १६१८ ०७०७ ११११ मा
डायल गरी सुन्न सक्नु हुनेछ ।

उल्लेखित महसुल दरमा नेपाल सरकारको नियमानुसार लाग्ने कर समावेश गरिएको छैन

नेपाल टेलिकम

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

संस्कृत भाषा साहित्यः ज्ञानको विशाल भण्डार

✍हरिहर अर्याल*

थालनीः

जातीय भाषा, क्षेत्रीय भाषा, राष्ट्रिय भाषा आदि गरेर विश्वमा हजारौं भाषाहरू छन् र हजारौं भाषाहरू वोलिन्छन् । चिन्हवाट, हाउभाउवाट र सङ्केतवाट अभिव्यक्ति पोख्नु पनि भाषा नै हो । जति भाषा बोलिन्छ, लेखिन्छ र अभिव्यक्त गरिन्छ ती सबै भाषाको साहित्य हुँदैन । भाषाको माध्यमवाट अभिव्यक्त भएको भाव, शैली, संवेदनशीलता, वोधगभ्यता आदि गुणले नै कुनै पनि भाषाले साहित्यिक स्तरीयता प्राप्त गर्दछ । यति मात्र होइन कुनै पनि भाषाको मेरुदण्ड व्याकरण भएकोले स्थापित एवं प्रतिपादित भाषिक तत्त्वहरूले परिपूर्ण व्याकरणमा आधारित मौखिक वा लिखित अभिव्यक्ति साहित्य हो । भाषा शास्त्रीहरूले कुनै पनि साहित्यिक भाषामा हुनु पर्ने तत्त्वहरू एवं चरित्रहरू खुट्याएका छन् ।

नेपाली भाषा साहित्यको चर्चा गर्दा संस्कृत भाषा साहित्यको चर्चा नगरी सुख्खै छैन । संस्कृत भाषा नै नेपाली भाषको जननी भाषा तथा उद्‌गम स्थान भएकोले यसलाई सिरानी राख्नै पर्ने हुन्छ । संस्कृत भाषा नेपाली भाषाको मात्र नभएर आर्यावर्त तथा भारतवर्ष एवं पुरानो भरतखण्ड वरपरका अन्य सयौं भाषा भाषीको पनि जननी भाषा हो । संस्कृत भाषा-देव भाषा, वेदभाषा हो । संस्कृत भाषा संसारको पुरानो भाषा मध्येको एक भाषा हो र यसको प्रभाव विश्व भरि छरिएको थियो र अझै पनि प्रभावशाली छ । संस्कृत भाषामा जस्तो धेरै र गहिरो साहित्य सायद आजसम्म अरु कुनै भाषामा लेखिएको छैन । तर दुःखको कुरा हिजोआज संस्कृत साहित्य तथा भाषा पढ्ने-अध्ययन गर्ने क्रम घट्दै गएको छ र हामी हाम्रो मौलिक भाषा साहित्य तथा ज्ञान-गुणवाट विमुख हुँदै गएका छौं ।

विश्व भाषा तथा विश्व साहित्यः

विश्व ध्रुवीकरणको यो एक्काइसौं शताब्दीमा कसैलाई पनि आफ्नो मातृभाषा तथा राष्ट्र भाषाले मात्र पुग्दैन । विश्वमा अन्तर्सम्वन्ध कायम गर्न र विविध ज्ञान हासिल गर्न विश्व भाषाको ज्ञान आवश्यक पर्दछ । यसै गरेर भाषिक वा साहित्यिक हिसाबमा पनि कुनै पनि उदार साहित्य धनी र सर्वज्ञान सुलभ हुने मानिन्छ । यसैले प्रायः हरेक साहित्यमा प्रशस्त आगन्तुक शव्दहरू भित्र्याएर साहित्यको भण्डारलाई क्रमशः श्रीवृद्धि गर्दै लगिन्छ ।

** कवि, फ्रेञ्चभाषाविद्, गैरआवासीय नेपाली अन्तर्राष्ट्रिय परिषदका सदस्य एवं यस स्मृतिकेन्द्रका कोष संस्थापक मध्यका एक, हालः प्यारिस । सम्पा.*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तर शब्द भण्डारको श्रीबृद्धि गर्ने नाममा नेपाली साहित्यमा झैँ आफ्ना ठेट शब्दहरूलाई लत्याएर अर्को भाषाको शब्द प्रयोग गरेर बुद्धिमानी एवं भाषाविद् वा ठूलो साहित्यकार ठानिने प्रवृति अन्य विकसित भाषा साहित्यमा देखिँदैन। मैले भोगेको फ्रेञ्च साहित्यको हकमा १-२ तथा २-३ वर्षदेखि जनजीवनमा चल्दै आएको केही विदेशी शब्दहरूलाई आफ्नो शब्दकोषमा समावेश गरेको पाइन्छ। मेरो सम्झनामा २०११ ई को यस वर्षमा दुईवटा आगन्तुक शब्दलाई फ्रेञ्च भाषाको शब्दकोषमा मान्यता दिइएको छ अर्थात स्वीकारिएको छ। औचित्य हेरी यसरी आगन्तुक शब्दलाई मान्यता दिने काम भाषा साहित्य सम्बन्धी प्रज्ञा-प्रतिष्ठानले गर्दछ।

भाषा र साहित्यिक निकायको अहँ भूमिका:

हाम्रो नेपाली भाषा र साहित्यका लागि विभिन्न निकायहरू स्थापना भएता पनि यस्तो विषयतर्फ त्यति संवेदनशील भएको पाइदैन। अब यस तर्फ ध्यान दिनु नितान्त जरुरी छ। यति मात्र होइन सहरीकरण र सहरी सभ्यताको फोस्रो स्वाङमा हाम्रो जनजिब्रोमा गडेका र मन मष्तिष्कमा पचेका ठेट शब्दहरू: जेठान, ज्वाइँ, साली, जेठी सासू, भदा, भदै र अन्य थुप्रै थुप्रै शब्दहरू प्रयोगहीन हुँदै गएको पाइन्छ। आफ्नै सहोदर दाजुलाई दाजु (दाइ) र श्रीमतीको दाजु-जेठानलाई पनि दाजु (दाइ), सालालाई तथा देवरलाई भाइ, सालीलाई बहिनी शब्द प्रयोगको थालनीले एकातर्फ हाम्रो साहित्यिक शब्द भण्डारको ह्रास हुँदैछ भने अर्कोतर्फ नाता गोतामा हामी अन्योलमा जाकिदै गएका छौं। यी र यस्तै अन्य विषयमा भाषिक तथा साहित्यिक निकायहरूले नीतिगत रूपमा नै अहं भूमिका खेल्नु नितान्त आवश्यक छ साथै साहित्यिक सङ्घ, संस्था, साहित्यकार, भाषाविद्, लेखकको पनि यसमा झन् ठूलो हात रहेको छ।

संस्कृत भाषा साहित्य र नेपाली भाषाको प्रारम्भिक अवस्था:

नेपाली भाषा साहित्यमा संस्कृत भाषा साहित्यको भूमिका वा अन्तर्सम्बन्धको विषयतर्फ फर्कंदा यी दुईका बीच धेरै शताब्दीदेखिको नङ र मासुको जस्तो सम्बन्ध भएको पाइन्छ। यस लामो समयभित्र विभिन्न काल खण्ड छन्, विधागत खण्ड छन्, मान्यतागत खण्ड छन्। यीभित्र पनि धार्मिक, साहित्यिक साथै व्याकरणीय एवं भाषा विज्ञानका दृष्टिकोण आदि आदि विविध खण्ड छन्। आज सामान्य विचार मन्थन प्रस्तुत गर्ने छोटो समयमा लेख्नु पर्दा नेपाली भाषा साहित्य संस्कृत भाषा साहित्यवाट जन्मिएको हो।

नेपाली भाषाले आज भन्दा झन्डै ७०० वर्ष अघि मात्र आफ्नो नाम पाएको हो। तेह्रौं शताब्दीको एउटा शिलापत्रमा लिखित केही नेपाली शब्दहरूलाई नै नेपाली भाषाका शब्दहरू मानिएको पाइन्छ। संस्कृत भाषा साहित्यको आडमा क्रमश: नेपाली भाषा-साहित्य परिस्कृत हुँदै आजको साहित्यिक स्तरमा आउन सकेको पाइन्छ। नेपाली भाषा साहित्यमा संस्कृत भाषा साहित्यको भूमिकालाई ऐतिहासिक एवं नेपाली भाषा साहित्यको प्रारम्भिक काललाई नियाल्दा-यदि नेपाली भाषावाट संस्कृत भाषा साहित्यका अवधारणाहरू, मान्यताहरूलाई झिक्ने-हटाउने हो भने नेपाली भाषाको भाषारूपी शरीरमा-रगत, मुटु, श्वाश, मस्तिष्क, मांशपेसी केही पनि नभएको अस्थिपञ्जर मात्र बाँकी रहनेछ! जसको कुनै खास अस्तित्व नै हुँदैन। यसरी हेर्दा संस्कृत भाषामा र नेपाली भाषामा अभिन्न सम्बन्ध निहित छ। हुन त नेपाली भाषा साहित्यमा पाली, हिन्दी, केही मात्रामा इन्डो-आर्यन, मङ्गोलियन भाषाको प्रयोग पनि छ तापनि यी नगन्य देखिन्छन्। यी अन्य भाषावाट केही आगन्तुक शब्दहरू लिएको पाइन्छ। नेपाली भाषा साहित्यमा अन्य राष्ट्रिय, अन्तर्राष्ट्रिय

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भाषाको अन्तर्सम्वन्धलाई कोट्याउँदा हिजोआज अङ्ग्रेजी भाषासँग अति घनिष्टता विकास भएको पाइन्छ । अङ्ग्रेजी र हिन्दी भाषा भक्त हुँदै गएको हाम्रो नेपाली आधुनिक समाजमा भाषिक र साँस्कृतिक हिसावले राम्रो होइन भन्ने बहस चल्न थालेको छ । आफ्नै भाषामा भएका शब्दहरूलाई प्रयोग नगरेर-बिर्सिदिएर, दिन-प्रतिदिन राष्ट्रिय भाषाका शब्द ह्रास भइरहेको छ । पक्कै पनि संवेदनशील नेपाली साहित्यका, पत्रकार, भाषाविद् र सम्वन्धित प्रज्ञा-प्रतिष्ठान एवं अन्य निकायहरूको चेतना खुली सुधारको दृष्टिकोण पुग्ने आस गर्न सकिन्छ ।

नेपाली भाषा साहित्यको प्रारम्भिक कालका कवि, लेखक, एवं विद्वान्हरू सुवानन्ददास, शक्तिवल्लभ अर्ज्याल आदिमहाकवि उदयानन्द अर्ज्याल सवै नै संस्कृत साहित्यका ज्ञाता थिए र उनीहरूवाटै संस्कृत व्याकरणको आधारमा नेपाली भाषा लेखनी थालिएको हो र क्रमशः नेपाली भाषाको श्रीवृद्धि हुँदै आएको हो । नेपाली भाषाको प्रारम्भिक कालदेखि नै संस्कृत साहित्यका रचनाहरू अनुवाद गरेर नेपालीकरण हुँदै गएको यथार्थ सर्वविदितै छ । आदिकवि भानुभक्त आचार्यले वाल्मिकीद्वारा लिखित संस्कृत साहित्यको रामायणलाई नेपाली जनजिब्रोमा नेपाली भाषामा स्थापित गराएर सम्पूर्ण नेपालीलाई भाषिक एकताको मालामा गाँसे भने अर्कोतर्फ अति सरल र सरस नेपाली अनुवादको माध्यमले नेपाली जन-जीवनलाई भक्तिमार्गी आस्थावान् र कर्मयोगी बनाउन ठूलो मद्दत गरे । भानुभक्त पछि मोतीराम भट्ट तथा मोती मण्डलीले पनि संस्कृत साहित्यकै विविध विधाहरू अनुवाद गरेर नेपाली भाषाको श्रीबृद्धि गरे भने त्यस पछिका कवि शिरोमणि लेखनाथ पौड्याल, महाकवि लक्ष्मीप्रसाद देवकोटाहरू आदिले पनि त्यही पथ अँगालेर नेपाली भाषालाई आधुनिक र साहित्यमय बनाए । यी ऐतिहासिक तथ्यहरूको आधारमा संस्कृत साहित्यको विविध विधाका रचनाहरूको अनुवादबाटै नेपाली भाषा साहित्यको विकास भएको हो । नेपाली साहित्यमा विशेष गरेर पद्य विधाको प्राण मानिने छन्द, लय, रस, अलङ्कार सबै संस्कृत साहित्यबाटै लिइएको हो । साहित्यका एवै स्तरीय भाषाको लागि अपरिहार्य बिम्ब तथा प्रतीक प्रयोगमा पनि संस्कृत साहित्यका रचनाका पात्रहरू नै सापटी लिइरहेका छौं: राम, अर्जुन, कृष्ण, सीता, दुर्योधन, बलिराजा, सुपर्णखा, कङ्श आदि आदि । शब्द चयनको परिष्कृतता र ठीक ठाउँमा ठीक ठीक शब्द प्रयोग गर्नु नै साहित्य हो- यसमा पनि संस्कृत साहित्यको वजनदार शब्दहरू प्रयोग गर्दै आएका छौं- "ऊ मऱ्यो" भन्ने वाक्यांशलाई "उहाँ सदाको लागि चीर निद्रामा लिप्त हुनुभयो" भन्ने जस्ता शब्द संयोजनवाट नेपाली भाषालाई साहित्यमय बनाइरहेका छौं ।

संस्कृत साहित्यः विश्वकै ठूलो ज्ञान भण्डारः

माथि पनि प्रसङ्ग उठाइयो कि संस्कृत साहित्य विश्व साहित्यको पुरानो साहित्य हो । मानव जीवनमा चाहिने सम्पूर्ण विषयको ज्ञान विज्ञान विभिन्न शास्त्र (विधा) का रूपमा लेखिएको पाइन्छ । संस्कृत साहित्यमा कला, दर्शन, साहित्य, आयुर्वेद, विज्ञान, भूगोल, खगोल, ज्योतिष शास्त्र, समाज शास्त्र, नीति शास्त्र, अर्थ शास्त्र आदि सबै शास्त्र तथा ज्ञान विज्ञानको विषयमा लेखिएको छ भने यी बाहेक धर्मलाई निर्देशन गर्ने तर्फ विभिन्न धर्म शास्त्रहरू लेखिएका छन् । हाम्रा यी संस्कृत साहित्यमा अर्थात् पुराणमा देवताहरू "पुष्पक विमान" चढेर क्षणभरमा एक ठाउँबाट अर्को ठाउँमा पुगेको वर्णन पाइन्छ । यसको मतलव उस बेलामा नै आजका जस्ता द्रुत गतिका हवाइजहाज थियो भन्ने बुझिन्छ अर्थात उसबेलामा नै हवाइजहाजहरू बनाउने प्रविधि-ज्ञान भइसकेको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

रहेछ भन्ने वुझिन्छ । हाम्रा पुराणहरू विशेषतः महाभारत लडाइँ पर्वमा अन्धा राजा घृतराष्ट्रलाई उनका मानौं मन्त्री सञ्जयले हजारौं कोस टाढा भइरहेको लडाइँको वयानमा फलानाले फलानालाई वाण प्रहार गरी ढाल्यो, फलानो सवार भएको घोडा लड्यो, फलाना चढेको रथ भाँचियो भन्ने आदि वयान गरिरहेको पाइन्छ । यसबाट त्यस समयमा पनि समय अनुसारको टेलिभिजन रहेछ र राजाको कोठा-वैठकमा वसेर टेलिभिजन (दूरदर्शन) हेर्न देख्न-नसक्ने अन्धालाई सञ्जयले टेलिभिजन हेर्दै लडाइँको प्रत्यक्ष प्रसारणको विवरण सुनाइरहेका थिए भन्ने वुझिन्छ । महाभारतको लडाइँ तथा रामायणमा लेखिएको राम र रावणको लडाइमा प्रयोग भएको क्षेप्यास्त्र, व्रम्हास्त्र, अग्निवाण आदि अस्त्र-हात हतियारकै नक्कल वा सोही प्रविधिको आधारमा आजको आधुनिक भनिने हात हतियार वनेको कुरा पनि अनुमान गर्न गाह्रो हुँदैन । न्युटन जन्मनु भन्दा हजारौं वर्ष पहिले हाम्रा विद्वान्-वैज्ञानिक महर्षिहरूले पृथ्वीको गुरुत्वाकर्षण शक्ति हुन्छ भन्ने पत्ता लगाई सकेका थिए, यी कुराहरू हाम्रा प्राचीन शास्त्र वा किताबमा सर्वत्र वर्णन भएको पाइन्छ । रामायणको कथाको प्रसङ्गमा हनुमानलाई सञ्जिवनी वुटी (औषधि) खोजेर चाँडो ल्याउन अह्राउँदा हनुमानले जडीवुटी औषधि भएको एउटा सानो डाँडो नै वोकेर ल्याएको वाट हाम्रा प्राचीन पुर्खाहरू औषधि विज्ञान तथा आर्युवेदमा धेरै विकसित थिए भन्ने थाहा लाग्दछ । यतिमात्र होइन, सूर्य, चन्द्रमा, पृथ्वी, विभिन्न ग्रहहरू, अन्तरिक्ष तथा खगोल-ज्योतिष शास्त्रमा पनि धेरै उन्नति भएको थियो । त्यसैले आजभन्दा हजारौं वर्ष पहिला पनि विभिन्न स्थिति-परिस्थितिमा ग्रहण लाग्दछ भनेर जानिआएकै कुरा हो । यस अर्थमा हाम्रा अग्रज महर्षिहरू पश्चिमी वैज्ञानिकहरू भन्दा धेरै पहिला ठूला वैज्ञानिक तथा ज्ञाता थिए । यति धेरै विधाहरूको यो विशाल ज्ञान भण्डारको संस्कृत साहित्य वारेमा यो सानो लेखमा सवै कुरा उल्लेख गर्न र प्रकाश पार्न सम्भव हुँदैन तथापि संस्कृत साहित्य विश्व मानवका लागि विशाल ज्ञान विज्ञानको भण्डार हो भन्ने देखाउन केही उदाहरणहरू दिने प्रयास मात्र गरेको हुँ ।

भाषा साहित्यको सीमा हुँदैनः

कुनै पनि भाषा साहित्यको भौगोलिक सीमा हुँदैन र यो कुनै जाति विशेषको मात्र पनि हुँदैन । नेपालमा आजको जस्तो नेपाली भाषा तथा अन्य राष्ट्र भाषाहरूको विकास हुनुभन्दा अघि प्रायः धेरै जात जातिले संस्कृत नै वोल्दथे र यसैमा लेखापढी गर्दथे । झन्डै ३०० वर्ष अधिका शिलापत्रहरू जुनसुकै जातिको भएपनि प्रायः संस्कृत भाषामा लेखिएको पाइन्छ । कुनै पनि भाषा जानेर, पढेर कसैलाई पनि नोक्सान हुँदैन । ज्ञानको लागि कुनै पनि भाषा पढ्नु पर्दछ । आफ्नै माटो र हावापानीमा सृजित र आफ्नो संस्कृति वनेको संस्कृत भाषा तथा ज्ञानलाई तिरस्कार गरिन्छ भने विदेशी म्लेक्ष भाषा अङ्ग्रेजी तथा हिन्दुस्थानीको भाषा हिन्दी पढ्ने कि नपढ्ने ? भन्ने टड्कारो प्रश्न खडा हुन्छ । अतः नेपाली भाषा साहित्य र हाम्रा अन्य राष्ट्र भाषालाई दह्रो र स्तरीय वनाउनको लागि र संस्कृत साहित्य भित्र भएको अथाह ज्ञान विज्ञानको भण्डारवाट ज्ञान लिनको लागि संस्कृत भाषा जो कोहीले पनि अध्ययन गर्न नितान्त आवश्यक देखिन्छ ।

संस्कृत भाषा साहित्यमा विश्व मानवको लागि चाहिने अथाह ज्ञान विज्ञान समाहित भएको देखेर कतिपय पाश्चात्य मुलुकका नागरिकहरूले यो भाषा पढेका छन् र संस्कृत भाषाका धुरन्धर विद्वान् ज्ञाता वनेका छन् । यति मात्र होइन कतिपय पाश्चात्य मुलुक-जर्मनी, जापान, अमेरिका, वेलायत आदि देशहरूका विश्वविद्यालयहरूमा संस्कृत भाषाको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पठन-पाठन समेत भइरहेको पाइन्छ । हाम्रा वरिष्ठ समालोचक प्रा.डा. श्री गोविन्दराज भट्टराईले मसँगको एक छलफलमा विश्वका २१ जना नोवेल पुरस्कार विजेता विद्वान्हरूले "पूर्वीय चिन्तन र विचार तथा संस्कृत भाषा साहित्य अति उच्च र विश्वको सर्वश्रेष्ठ ज्ञानको खानी हो । यसको तुलनामा पाश्चात्य जगत तथा हाल भनिएको आधुनिक वैज्ञानिक युग त केवल समुद्रको एक अञ्जुली पानी तथा समुद्र किनारवाट मुट्ठीमा उठाएको एक मुट्ठी बालुवा जति हो" भनी एक पत्रिकामा अभिव्यक्त गरेका छन् भन्ने कुरा उल्लेख गर्नु भएको थियो । तर-दुर्भाग्यवश मैले ती पाश्चात्य विद्वान्हरूको नाम र पत्रिका यहाँ सम्झन सकिन । यसै प्रसङ्गमा यहाँ यो प्रष्ट पार्न उचित हुन्छ कि मेरो विचारमा हाम्रा पूर्वीय भाषा, साहित्य तथा नयाँ नयाँ कुरा अनुसन्धान गर्ने, लेख्ने महर्षि एवं विद्वान्-वैज्ञानिकहरू क्रमशः घट्दै गए भने पाश्चात्य जगतका विद्वान्, अन्वेषक, वैज्ञानिकहरूले भने हाम्रा पूर्वीय साहित्य, ज्ञान, विज्ञानमाथि अध्ययन-अनुसन्धान गर्दै गए फलस्वरूप हाम्रा साहित्य, वेद, आयुर्वेद, ज्योतिषी शास्त्र, खगोल शास्त्र आदि विविध ज्ञान विज्ञानको अध्ययन गरेर त्यही कुरालाई नयाँ रूपमा मैले-हामीले पत्ता लगाएको भन्न थाले । हुदाँहुँदै हाम्रै पूर्वीय साहित्यिक ज्ञान भण्डारमा भएको कुरा (ज्ञान) भाषाको अनभिज्ञताको कारणले पाश्चात्य विद्वान्हरूले आफ्नो भनी लेखेको आर्कै भाषाको माध्यमबाट हामी पढ्दै सिक्दैछौं । अथवा हाम्रै पूर्वीय विद्वान्-वैज्ञानिकहरूले पत्ता लगाएर प्रतिपादन गरिसकेको कुरा अङ्ग्रेजीकरण भई कतिपय विषय अङ्ग्रेजीमा र कतिपय विषय अङ्ग्रेजी वा अन्य भाषावाट हाम्रो भाषामा अनुवाद गरेर पढ्दैछौँ-सिक्दैछौँ । यो एक किसिमले लाजमर्दो कुरा पनि हो झैं लाग्दछ । हामीले संस्कृत भाषा सिक्यौँ भने त्यो ज्ञान भण्डारमा भएको विविध ज्ञान सोझै प्राप्त गर्न सकिन्छ ।

संस्कृत भाषा साहित्यप्रति नकारात्मक सोचको विकासः

यति ठूलो ज्ञान विज्ञानको भण्डार भएको संस्कृत भाषा-साहित्य माथि नेपालमा नकारात्मक सोचहरूको विकास भइरहेको पाइन्छ । यो अवश्य नै दुःखको कुरा हो । हुन पनि नेपाली समाजको परिप्रेक्ष्यमा केही शासकवर्ग र पुरोहितवर्गले संस्कृत साहित्य भित्रको बहुआयामिक ज्ञानलाई भन्दा धार्मिक बन्धनको डर देखाई आफ्नो शासकीय र सांस्कृतिक वर्चश्व राखी उपभोग गरेकाले यो भाषा विवादास्पद बन्न पुगेको छ । यति मात्र होइन यो भाषा अध्ययन गरेर रोजगारी पाउन कठीनाई हुनुको साथै यसको पठन पाठनको पद्धतिमा आधुनिकता एवं समय सापेक्ष सुधार नभएकोले पनि अध्येयताहरूको मात्रामा ह्रास भएको टड्कारो देखिन्छ । जे होस् कुनै पनि भाषा कुनै पनि जात र क्षेत्र विशेषको हुँदैन भन्ने कुरा चाहिँ बिर्सनु हुँदैन ।

उपसंहारः

नेपाली साहित्य र समाजलाई तथा नेपालभित्रका अन्य भाषा-भाषीलाई वलियो एवं स्तरीय वनाउन र व्यक्ति व्यक्तिमा विविध ज्ञान गुण वढाउन संस्कृत भाषा साहित्य जहिले पनि सबैलाई उपयोगी सिद्ध छ । यसका साथै आ-आफ्नो जातीय मातृभाषालाई पनि उत्थान गर्नु पर्दछ । आजको आधुनिक एवं विश्व ध्रुवीकरणको समयमा अङ्ग्रेजले तथा विश्वका अन्य मानिसले तथा अन्य भाषीले पनि नेपाली, संस्कृत, थारु, गुरुङ्ग, नेवारी, मैथिली, फ्रेञ्च, जर्मनी, चाइनिज आदि आदि विमातृभाषा पढेकै छन्- जानेकै छन् । नेपाली भाषा साहित्य र संस्कृत भाषा साहित्यमा नङ र मासुको जस्तो अन्योन्याश्रित सम्वन्ध छ भनेर माथि नै भनियो । संस्कृत भाषा सिकाउने-अध्ययन गर्ने र गराउने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वातावरण हुनुपर्दछ । तर संस्कृत भाषा पढेर केवल पुरेत मात्र हुनुहुँदैन, पढेको शिक्षित वेरोजगार हुनु पनि हुँदैन र पण्डित तथा धर्म गुरुको नाममा अर्कालाई शोषण गर्ने खालको पनि हुनुहुँदैन । संस्कृत भाषा-साहित्य र धर्म दुई अलग अलग कुरा हुन् । ज्ञान वढाउनको लागि संस्कृत भाषा साहित्य अध्ययन गर्दा कसैलाई पनि वेफाइदा हुने छैन । किनकि संस्कृत भाषा-साहित्य ज्ञानको विशाल भण्डार हो ।

(२०११ अगस्त २६, २७ र २८ मा लन्डनमा आयोजित अन्तर्राष्ट्रिय नेपाली साहित्य समाजको दोस्रो विश्व सम्मेलनमा प्रस्तुत कार्यपत्र । त्यसैको शीर्षक- 'नेपाली भाषा साहित्यमा संस्कृत भाषा साहित्यको भूमिका' लाई नै यहाँ सम्पादन गरी नवीनता प्रदान गरिएको हो । - सम्पा.)

कविता

हाम्रो देश❖

✍रमेशचन्द्र देवकोटा*

साना पर्वत-भृङ्खला सतहमा मिल्दा जहाँ आपस
द्यौरालीहरू मार्गका वरिपरि जुट्ने जहाँ प्रायशः ।
बेहानी पख सूर्यका किरणले व्यूँझाउने प्राणिको
मेरो गाउँ रमाइलो र रसिलो हैमप्रभा-काखको ॥

गर्दै चिर्बिर गौंथली चरिहरू उड्ने जहाँ गर्दछन्
ओर्ली आँगनमा यताउति फिरी चारा जहाँ टिप्दछन् ।
कैले सिद्धिन पो गयो र ममता जो सागरै स्नेहको
मेरो गाउँ रमाइलो र रसिलो हैमप्रभा-काखको ॥

कालो कर्तुत भन् यहाँ किन हुने यो सत्यको मन्दिर
प्राणि छन् सव नै सचेत अनि त्यो छ मित्रताको घर ।
याहाँ ऊँच र नीचको विषमता पाइन्न, सत्-स्नेहको
मेरो गाउँ रमाइलो र रसिलो हैमप्रभा-काखको ॥

वाह्रैमास छ चाडवाड रसिलो साँचो छ संभाषण
झूटा जाल र झेलका कति कुरा हुन्थे जहाँ झन् किन ?
याहीँ स्वर्ग छ अन्त खोज्नु किन लौ ? मुस्कान आनन्दको
मेरो गाउँ रमाइलो र रसिलो हैमप्रभा-काखको ॥

सारा गाउँ घुमेर गाउँछ, कथा सारंगिमा गाइने-
पुर्खाका करखा र मालसिरिको जो रागिलो धूनले ?
जाहाँ मेल मिलाप वन्धु सवमा छ आत्म-सम्मानको
मेरो गाउँ रमाइलो र रसिलो हैमप्रभा-काखको ॥

क्वैली वोल्दछ वृक्षका उपरमा वसन्तको डाकदै
को हो ? को लयदार वोल सुरिलो संगीत नै पोखदै ।
आफ्नै यौवनमा भुलेर वसुधा हेर्छे जहाँ रूपको-
मेरो गाउँ रमाइलो र रसिलो हैमप्रभा-काखको ॥

❖ *'मेरो देश' अप्रकाशित खण्डकाव्यवाट साभार ।*

* *कवि तथा शिक्षासेवी । -सम्पा.*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पर्यटन

गोरखामा धार्मिक पर्यटनको विकास एवं यसका सम्भावनाहरू

✍दीपक जोशी*

नेपाल विदेशीहरूका लागि अति नै सुन्दर गन्तव्य स्थलको रूपमा रहेको छ । पर्यटकहरूले नेपाललाई भू-स्वर्ग (Shangri-La) को रूपमा हेरेका छन् । त्यसैले उनीहरूका लागि नेपाल स्वप्न संसारकै रूपमा रहेको छ भन्दा कुनै अत्युक्ति नहोला । यस देशको बहुआयामिक विशेषताहरूले गर्दा नै नेपाल घुम्नका लागि पर्यटकहरू आकर्षित हुन्छन् । हाम्रो देशमा विश्वका विभिन्न भागहरूबाट पर्यटकहरू आउने गर्दछन् । यी वाह्य पर्यटकहरू हाम्रा प्राकृतिक सम्पदाहरू मात्र हेर्न र अवलोकन गर्न आउने नभई अन्य विविध उद्देश्य एवं कारणहरूबाट नेपाल भ्रमणमा आएका हुन्छन् । विदेशी पर्यटकहरू नेपाल भ्रमण गर्न लालायित हुनाका कारण प्राकृतिक सुन्दरताका अलावा हाम्रा विविध जातजातिका भाषा, संस्कृति, ऐतिहासिक एवं पुरातात्त्विक सम्पदा एवं धार्मिक स्थलहरूको अवलोकन एवं अध्ययन गर्नका लागि पनि आएका हुन्छन् । यसका साथै हाम्रा देशका विभिन्न भागहरूमा पदयात्रा, साहसिक पर्यटन, राष्ट्रिय निकुञ्ज र हिमाल आरोहण गर्न समेत आउने गर्दछन् । यसैले नेपाल विदेशी पर्यटकहरूका लागि उत्कृष्ट गन्तव्यस्थलका रूपमा रहन गएको छ । यसका साथसाथै नेपालले आफूलाई यस अघि हिन्दू राष्ट्रको रूपमा पहिचान बनाइसकेको र लोकतन्त्रको आगमन पश्चात् नेपाललाई धर्म निरपेक्ष राज्यको रूपमा घोषित गरिएको भए पनि हिन्दुहरूको वाहुल्य रहेको र हिन्दू धर्म, संस्कृतिका साथसाथै बौद्धमार्गीहरूका लागि नेपाल तपोभूमिका रूपमा रहेको तथ्यलाई नकार्न सकिन्न । देशका विभिन्न भागहरूमा विद्यमान देवदेवीहरूको मठ मन्दिर एवं गुम्बाका साथसाथै सुप्रसिद्ध नदीहरूको सङ्गम, घाट, त्रिवेणी स्थलहरू धार्मिक दृष्टिकोणबाट पावन भूमिको रूपमा रहेकोले नेपाल धार्मिक केन्द्रको रूपमा पनि विशेष महत्त्व राख्दछ । नेपाल मन्दिरैमन्दिरको देशको रूपमा परिचित रहेकोले धार्मिक पर्यटनका लागि विशेष महत्त्व राखेको छ । तसर्थ नेपालको पर्यटन उद्योगको विकासमा धार्मिक पर्यटनको पनि विशेष स्थान रहेको छ । पर्यटन क्षेत्रमा लगानी विस्तार गरी पर्यटन उद्योगलाई अर्थतन्त्रको महत्त्वपूर्ण आधारको रूपमा विदेशी मुद्रा आर्जन गर्ने प्रमुख स्रोतको रूपमा विकास गर्नु पर्ने आजको अपरिहार्य आवश्यकता हुन गएको छ । पर्यटन व्यवसायलाई प्राथमिकता प्रदान गरी सबै सरोकारवालाहरूले यस क्षेत्रको विकासमा साझा पहल थाल्नु पर्ने र पर्यटनका लागि विभिन्न आधारभूत आवश्यकताका क्षेत्रमा कार्यक्रमहरू ल्याई द्रूततर गतिमा अगाडि बढाउन जरूरी देखिन्छ ।

---

* *लेखक, साहित्यकार एवं पूर्व वरिष्ठ प्रशासक, यस स्मृतिकेन्द्रका सदस्य हुनुहुन्छ । -सम्पा.*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हिजोआज विश्वका विकसित एवं विकासशील मुलुकहरूले आफ्ना देशमा रहेका प्राकृतिक एवं मानव निर्मित पुरातात्त्विक महत्त्वका सम्पदाहरूको संरक्षण र सम्वर्द्धन गरी त्यसको प्रचार प्रसारमा व्यापकता प्रदान गरी पूर्वाधारहरूको विकास गर्दै पर्यटकहरूको आगमनलाई आकर्षित गर्ने गराउने उद्देश्यले प्रतिस्पर्धात्मक रूपमा कार्यक्रमहरू अगाडि वढाउने प्रयासहरू भएका छन् । तसर्थ पर्यटन क्षेत्रको विकास गर्ने क्रममा हाम्रा लागि सम्भावनाहरू यथेष्ट रूपमा भए पनि सहज र सरल भने छैनन् । यसका लागि विशेष प्रतिवद्ध भएर अगाडि बढ्नु वाहेकका अन्य विकल्पहरू पनि हामीसँग छैनन् । हाम्रा दुई भीमकाय छिमेकी मुलुकहरूवाट आउने पर्यटकहरूको सङ्ख्यामा मात्रै वृद्धि गर्न सकेमा पनि पर्यटन क्षेत्रको विकासमा ठूलो सहयोग पुग्न जाने देखिन्छ । भारत तथा चीनवाट आउने पर्यटकहरूलाई नेपाल धार्मिक एवं सांस्कृतिक दृष्टिकोणवाट महत्त्वपूर्ण क्षेत्रको रूपमा रहेको छ । विश्वका हिन्दुहरूको लागि र वौद्धमार्गीहरूका लागि नेपाल मुस्लिमहरूको मक्का मदिना जस्तै धार्मिक पुण्यभूमिका रूपमा रहेको तथ्यलाई नकार्न सकिन्न ।

नेपालको धार्मिक एवं सांस्कृतिक पर्यटनको विकासको सन्दर्भमा कुरा गर्दा गोरखा जिल्लाको महत्त्वपूर्ण धार्मिक स्थलहरूले राष्ट्रिय एवं अन्तर्राष्ट्रिय रूपमा चर्चा एवं ख्याती आर्जन गर्ने कार्य गरेको कुरालाई नजरअन्दाज गर्न सकिन्न । गोरखा ऐतिहासिक, धार्मिक एवं पुरातात्विक दृष्टिले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जगतमा जतिनै महत्त्व राख्दछ त्यतिनै मनोरम प्राकृतिक गन्तव्य स्थलको रूपमा पनि महत्त्व राख्दछ । त्यसैले गोरखाको विकासमा पर्यटन उद्योगको भूमिकाको पनि विशेष स्थान रहेको छ । यस क्षेत्रको विकासका लागि सामूहिक प्रयास थालनी गर्नु पर्ने आवश्यकता रहेको छ । गोरखा जिल्लाको अवस्थिति र यसको धार्मिक सांस्कृतिक महत्त्वको दृष्टिकोणवाट हेर्दा धार्मिक पर्यटनको क्षेत्रमा पनि यो जिल्ला अति महत्त्वपूर्ण जिल्लाको रूपमा रहेको छ । गोरखा जिल्लामा रहेका महत्त्वपूर्ण धार्मिक स्थलहरूमध्ये **मनकामना भगवतीको मन्दिर**, गोरखा सदरमुकाममा रहेको **गोरखकाली भगवतीमन्दिर र गुरु गोरखनाथको मन्दिर एवं गुफा** अति नै महत्त्वपूर्ण धार्मिक स्थलको रूपमा रहेका छन् । गोरखाको उत्तरी क्षेत्रमा रहेका प्राचीन गुम्वाहरू पनि ज्यादै नै महत्त्वपूर्ण छन् । यसदेखि वाहेक गोरखा जिल्लामा थुप्रै तीर्थस्थल एवं देवीदेवताहरूका मन्दिरहरू पनि रहेका छन् ।

गोरखा जिल्लाको मनकामना गा.वि.स. मा अवस्थित मनकामना भगवतीको मन्दिर समुद्र सतहवाट १३१५ मी. उचाईमा रहेको र यो पावन मन्दिर रमणीय एवं सुन्दरशान्त स्थानमा अवस्थित रहेको छ । नेपाली जनताको साझा राष्ट्रिय इष्ट देवीको रूपमा रहेको मनकामना माईलाई विशिष्ट भगवती देवीको रूपमा नेपालीहरूले मान्दछन् । यसैले यसलाई मनोकामना पूरा गर्ने अर्थात् मनको ईच्छा पूरा गर्ने देवीको रूपमा पुज्ने गरिएको र हिन्दु एवं वौद्ध धर्मावलम्वीहरूको लागि महत्त्वपूर्ण आराध्यदेवीको रूपमा रहेको छ । मनकामना मन्दिरसम्म पुग्नका लागि पृथ्वीराजमार्गको कुरिन्टारको चरेस भन्ने स्थानवाट केवलकारको समेत व्यवस्था भएकोले स्वदेशी तथा विदेशी पर्यटकहरूका लागि आकर्षणको केन्द्रको रूपमा रहेको छ । हिजोआज मनकामना मन्दिरको दर्शनार्थ आउने भारतीय हिन्दु धर्मावलम्वीहरूको सङ्ख्यामा पनि उल्लेख्य वृद्धि भएको छ तर ती तीर्थयात्रीहरूको वसाइलाई लम्व्याउनेतर्फ हामीले कुनै कार्यक्रमहरू अगाडि ल्याउन सकेका छैनौं त्यसैले दर्शनार्थीहरूको वसाई आर्थिक रुपले त्यति प्रभावकारी बन्न सकेको छैन ।

गोरखा सदरमुकाममा रहेका प्राचीन दरवार गोरखा दरवारको पश्चिम खण्डमा रहेको कालीका माई भगवतीको मन्दिर पनि अर्को प्रमुख धार्मिक स्थलको रूपमा रहेको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri
छ। नयाँ नेपालको इतिहासको प्रारम्भ गोरखा जिल्लाबाटै भएकोले गोरखा दरवारको ऐतिहासिक महत्त्व रहेको छ। नेपालको एकीकरणका सूत्रधार श्री ५ बडामहाराजा पृथ्वीनारायण शाहको जन्म पनि यही गोरखा दरवारमै भएको र विशाल नेपालको एकीकरणको थालनी गोरखा राज्यबाटै प्रारम्भ भएकोले शाहवंशीय राजाहरूको उद्गम स्थल रहेको कारणले पनि यस गोरखा दरवारको विशेष महत्त्व रहेको छ। प्रत्येक नेपालीले नेपालको इतिहास बुझ्नका लागि पनि एकपटक गोरखा दरवार जानैपर्ने स्थलको रूपमा रहेको छ। हिजोआज देशका विभिन्न भागहरूका शैक्षिक संस्थाहरूबाट शैक्षिक भ्रमणमा उक्त दरवार भ्रमण गर्ने क्रम बढ्दो छ तर शैक्षिक भ्रमणमा जाने विद्यार्थीहरूका लागि आवश्यक सूचना सामग्रीहरू र पथप्रदर्शकको व्यवस्था दरवार व्यवस्थापनले गर्न नसकेको र सही सूचना पाउन नसकेका गुनासाहरू सुनिन आएको छ।

गोरखकाली भगवती मन्दिरमा हुने पूजा-आजा एवं अनुष्ठानहरू विशेष प्रकारको रहेको छ। बडादशैंमा गोरखकाली भगवती गोरखा दरवारबाट फूलपाती काठमाडौं हनुमान ढोकामा ल्याउने परम्परा यद्यपि कायमै छ। पर्यटकहरूका लागि दरवारमा हुने फूलपाती, चैते दशैं र अन्य पर्वपूजाहरू रोचक विषय हुन सक्दछ। यस्तै गोरखकाली दरवारको पूर्वी खण्डको बगलमा रहेको जगतगुरु गोरखनाथको गुफा एवं मन्दिर अर्को महत्त्वपूर्ण धार्मिक थलोको रूपमा रहेको छ। श्री श्री महायोगी गुरु गोरखनाथले नेपालको एकीकरणको लागि शाहवंशीय राजाहरूलाई आशीर्वाद प्रदान गरेको किंवदन्तीहरू पनि रहेका छन्। गुरु गोरखनाथलाई मत्स्येन्द्रनाथका चेलाका रूपमा लिइने र यद्यपि नाथ सम्प्रदायहरूबाटै तान्त्रिक विधिद्वारा उक्त मन्दिरमा नित्य पूजाआजा हुँदै आएको छ। गोरखनाथको मन्दिरमा प्रत्येक चैत्र अष्टमी, बडादशैं, साउने भण्डाराका ४ दिन, शिवरात्री, वैशाख पूर्णिमा जस्ता विशेष पर्वहरूका दिन विभिन्न विधि विधान बमोजिम नैमित्तिक पूजा गरिने परम्परा रही आएको छ। प्रत्येक अष्टमीमा रोट तथा ताइरोट (चामलको पिठोबाट बन्ने) प्रसाद चढाइने प्रचलन रहेको छ। र प्रत्येक वर्ष केही धार्मिक संस्थाहरूको संलग्नतामा रोट महोत्सवको आयोजना गरी सवालाख रोट चढाउने कार्यक्रम पनि हुने गरेको छ। यस रोट महोत्सवमा भाग लिन नेपाल तथा भारतका धर्मावलम्बीहरूको उपस्थिति हुने गर्दछ।

आन्तरिक एवं बाह्य पर्यटकहरूका लागि आवश्यक पूर्वाधारहरूको विकास हुन नसक्दा पर्यटकहरूको सङ्ख्या उल्लेख्य रूपमा वृद्धि हुन सकेको छैन। जिल्लाको राजनीतिक परिवेश पनि त्यति सहज र सरल नभएको तथ्य यदाकदा जिल्लामा हुने गतिविधिले स्पष्टै पारेको छ। तसर्थ जिल्लाको राजनैतिक परिवेशलाई कसरी समयानुकूल र सहज बनाउने भन्ने विषयमा राजनीतिक दलहरूले पनि सकारात्मक सोचका साथ चिन्तन-मनन गर्नु पर्ने अवस्था देखिएको छ। राजनीतिक दलका जिल्लास्तरीय एवं राष्ट्रिय स्तरका राजनीतिककर्मीहरू पनि जिल्लाको पर्यटन उद्योगको विकासप्रति प्रतिबद्ध रहेको महसुस हुन सकिरहेको अवस्था देखिँदैन जसले गर्दा पर्यटन क्षेत्र तर्फका कार्यक्रमहरूलाई जिल्ला विकास, नगरपालिका र अन्य सङ्घ-संस्था मार्फत् अगाडि बढाउने कार्य हुन सकिरहेको छैन। त्यसैले हामीले हाम्रा राजनैतिक दलका व्यक्तित्वहरूसँग आग्रह गर्नु पर्ने हुन आउँछ कि गोरखामा धार्मिक पर्यटन तथा समग्र पर्यटन उद्योगको विकासको सम्भावना यथेष्ट रूपमा भए पनि यसको विकासका लागि हामी कसरी एकजुट हुन सक्छौं भन्ने कुरा विचरणीय हुन आउँदछ साथै जिल्लाको पर्यटन विकास सम्बन्धी साझा कार्यक्रम निर्धारण गरी सबैको सहयोगमा आगामी दिनहरूमा कार्यक्रमहरू अगाडि बढाउने जमर्को गर्नु पर्छ कि ?

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जलस्रोत

नेपालको जलस्रोतको स्थिति

✍डा. लक्ष्मी देवकोटा*

क्षेत्रफलको आधारमा विश्वको ०.१% र एसियाको ०.६% भू-भाग नेपालले ओगटेको छ । जनसङ्ख्याको आधारमा हेर्दा विश्वको ०.४२% र एसियाको ०.७५% मानिस नेपालमा रहेको पाइन्छ । यसबाट नेपालको जनघनत्व विश्वको औसत जनघनत्व भन्दा झण्डै ४ गुणा र एसियाको भन्दा सवागुणा वढी रहेको देखिन्छ । विश्वमा रहेको १.३२ अरव घन कि.मी. जति पानी विभिन्न प्रयोजनमा ल्याउन सकिने र वार्षिक रूपमा नवीकरण भइरहने पानीको मात्रा केवल ४४ हजार घन कि.मी. जति मात्र रहेको छ । नेपालको आन्तरिक नवीकरणीय जलस्रोत १९८ घन कि.मी. रहेको अनुमान गरिएको छ (WRI, २००२०) । यो मात्रा विश्वको प्रयोजनमा आउन सक्ने पानीको ०.४५% हुन आउँछ । क्षेत्रफलको हिसावले जमिनको ०.१% भाग ओगटेको नेपालमा ०.४५% पानीको हिस्सा रहेकोले नेपाल जलस्रोतमा धनी देश हो । वास्तविक रूपमा उपलब्ध जलस्रोतको मात्रा २१४ घन कि.मी. रहेको छ । यहाँ आन्तरिक नवीकरणीय जलस्रोत भन्नाले वर्षभरिमा आफ्नो देशको भूभाग भित्रवाट उपलब्ध हुन सक्ने जलस्रोतलाई जनाउँदछ भने वास्तविक जलस्रोत भन्नाले आन्तरिक रूपमा उपलब्ध हुने जलस्रोतको साथै अन्य देशहरूवाट सम्वन्धित देशमा भित्रिने एवं त्यो देशको सीमासँग जोडिएका तालहरू वा नदीहरूवाट विभिन्न प्रयोजनका लागि लिइने जलस्रोत समेत पर्दछ । वास्तविक नवीकरणीय जलस्रोतलाई कूल नवीकरणीय जलस्रोत पनि भन्न सकिन्छ । विश्वका अन्य देशहरूको तुलनामा नेपाल कूल जलस्रोतमा भन्दा आन्तरिक रूपमा उपलब्ध जलस्रोतमा अग्रणी स्थानमा रहनु, आन्तरिक र कूल रूपमा उपलब्ध जलस्रोतको अनुपात ठूलो (९४%) हुनु र प्रतिव्यक्ति ७ हजार घन मी. भन्दा वढी पानी उपलब्ध हुने देखिनुवाट विश्वका अन्य मुलुकको तुलनामा जलस्रोतमा नेपालको स्थिति राम्रो छ ।

तालिका नं. १ मा विश्वको साथै एसियाको क्षेत्रफल, जनसङ्ख्या र त्यहाँ उपलब्ध जलस्रोत र त्यसको मुख्य प्रयोग, त्यसमा नेपालको स्थिति देखाइएको छ । यस तालिकमा हेर्दा विश्वमा आन्तरिक र वास्तविक नवीकरणीय जलस्रोतमा ब्राजिल सबभन्दा धनी देखिन्छ भने नेपालको स्थान क्रमश: ३६ औं र ४३ औं मा पर्दछ । जनसङ्ख्या कम र उपलब्ध जलस्रोत धेरै भएको ग्रीनल्यान्ड प्रतिव्यक्तिको लागि उपलब्ध हुने जलस्रोतमा एक नम्वरमा पर्दछ । यसमा नेपालको स्थान ६४ औं (आन्तरिक नवीकरणीय जलस्रोतमा) र ७४ औं (वास्तविक नवीकरणीय जलस्रोतमा) रहेको छ । तर प्रति वर्ग कि.मी. क्षेत्रफलमा उपलब्ध पानीलाई हेर्दा भने आन्तरिक रूपमा उपलब्ध जलस्रोतमा नेपालको स्थान २२ औं

** लेखक, योजना आयोगका पूर्व सदस्य तथा नास्टका प्राज्ञ हुनुहुन्छ । -सम्पा.*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

र वास्तविक जलस्रोतमा ३२ औं देखिन्छ । विश्वका १४७ देशहरूको उपलब्ध जलस्रोत, खानेपानी तथा सरसफाइ, सिञ्चाइ आदिको लागि जलस्रोतको आवश्यकता, नागरिकको सामाजिक एवं आर्थिक अवस्थाका कारणले उपलब्ध पानीमा उनीहरूको पहुँच, विभिन्न प्रयोजनमा भइरहेको पानीको प्रयोग, पानीको गुणस्तर आदि तथ्याङ्कमा आधारित भएर निकालिएको जल गरिबी मापन सूचकाङ्कमा समेत नेपालको स्थान ९० औं मा पर्दछ ।* यसवाट नेपाल जलस्रोतमा धनी देश भएपनि कूल होस् वा आन्तरिक, प्रतिव्यक्ति प्रतिवर्ष उपलब्ध होस् वा प्रति इकाई क्षेत्रफलको आधारमा होस्, अथवा जल गरिबी मापन सूचकाङ्कमा होस् नेपाल जलस्रोतमा विश्वको दोस्रो धनी देशमा भने पर्दैन ।

तालिका १: विश्व एवं एसियाको जलस्रोत र नेपालको स्थिति

विवरण	विश्व	एशिया (मध्यपूर्वका देशहरू वाहेक)	नेपाल	विश्वमा नेपाल को स्थान	विश्वमा सवभन्दा वढी भएको देश (मात्रा)	कैफियत
क्षेत्रफल (वर्ग कि.मी.)	१३,४३,२४,२००	२,४९,३३,५२०	१,४७,१८१	९३	रुस (१,७०,९८,२४० वर्ग कि.मी.)	सन् २००३ मा आधारित तथ्याङ्क
जनसङ्ख्या (लाखमा)	६४६४८	३६०७६	२७१	४२	चीन (१३१५८ लाख)	सन् २००५ को अनुमानित
आन्तरिक नवीकरणीय जलस्रोत (घन कि.मी. प्रति वर्ष)	४३,६४६	१०,९८५	१९८	३६	व्राजिल (५,४१८ घन कि.मी.)	सन् २००६ मा आधारित तथ्याङ्क
प्रति व्यक्ति आन्तरिक नवीकरणीय जलस्रोत (घन मी. प्रति वर्ष)	६,७५१	३,०४५	७,३०६	६४	ग्रीनल्यान्ड (१,०५,७८,९४७ घन मी.)	
वास्तविक/कूल नवीकरणीय जलस्रोत (घन कि.मी. प्रति वर्ष)	५५,२३४	१४,५१४	२१०	४३	व्राजिल (८,२३३ घन कि.मी.)	सन् १९६०-२००५ मा आधारित तथ्याङ्क
प्रति व्यक्ति वास्तविक नवीकरणीय जलस्रोत (घन मी. प्रति वर्ष)	८,५४४	४,०२३	७,७४९	७२	ग्रीनल्यान्ड (१,०५,७८,९४७ घन मी.)	
आन्तरिक नवीकरणीय जलस्रोतको घनत्व (लाख घन कि.मी. प्रति वर्ग, प्रति वर्ष)	३.२५	४.४१	१३.४५	२२	साओ तोमे (२२९ लाख घन.मी.)	
वास्तविक नवीकरणीय जलस्रोतको घनत्व (लाख घन.मी. प्रति वर्ग कि.मी. प्रति वर्ष)	४.११	५.८२	१४.२७	३२	वङ्गलादेश (८४१ लाख घन.मी.)	

*(http://www.nerc-wallingford.ac.uk/research/WPI/images/ wdpaper.pdf: retrived October 2007)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वास्तविक नवीकरणीय जलस्रोतको घनत्व (लाख घन.मी. प्रति वर्ग कि.मी. प्रति वर्ष)	४.११	५.८२	१४.२७	३२	वङ्गलादेश (८४१ लाख घन.मी.)	
प्रतिव्यक्ति प्रयोजनमा ल्याइएको जलस्रोत (घन मी. प्रति वर्ष)	६३२	६३२	१४५१	७२	तुर्कमेनिस्थान (५,४७५ घन मी.)	सन् २००० मा आधारित तथ्याङ्क
प्रतिव्यक्ति प्रयोजनमा ल्याइएको जलस्रोत (वास्तविक नवीकरणीय जलस्रोतको % मा)	७.४	१५.७	१८.७	९२	वहराइन (७,५००%)	
कृषि (सिंचाइ) क्षेत्रमा भएको उपयोग (%)	७०	८१	९६	९	सोमालिया (९९%)	सन् २००० मा आधारित तथ्याङ्क

स्रोत: भू तथा जल विकास महाशाखाका प्रकाशनहरू, खाद्य तथा कृषि सङ्गठन, संयुक्त राष्ट्र सङ्घ

माथिको तालिका १ लाई नियाल्दा, नेपालको प्रतिव्यक्ति प्रतिवर्ष उपलब्ध जलस्रोत विश्वको औसतको हाराहारीमा रहेको पाइन्छ । तर एसियाको प्रतिव्यक्ति प्रतिवर्ष उपलब्ध जलस्रोत भने विश्वको औसतको आधा भन्दा कम अर्थात ३,९९० घन मी. मात्र रहेको देखिन्छ । अझ, मध्य पूर्वी र उत्तर अफ्रिकी देशहरूमा यो अङ्क १,३८३ घन मी. मात्र रहेको छ । यसरी मध्य पूर्वी र उत्तर अफ्रिकी देशहरूमा मात्र नभएर, बढ्दो जनसङ्ख्या र भावी औद्योगीकरणलाई दृष्टिगत गर्दा भविष्यमा एसियामा समेत पानीको चाप बढ्दै जाने स्वत: देखिन्छ ।

तालिका २: दक्षिण एसियाको जलस्रोत र नेपालको स्थिति

यस क्षेत्रको जलस्रोतको तुलनात्मक अध्ययन गर्नका लागि तालिका २ मा चीन लगायत सार्क देशहरूको आन्तरिक एवं कूल नवीकरणीय जलस्रोत, तिनमा प्रतिव्यक्तिको हिस्सा र हाल ती मुलुकहरूमा प्रयोगमा आइरहेको जलस्रोत दिइएको छ । चीन र भारत अरु देशहरूको तुलनामा धेरै नै ठूला भएकाले स्वभावत मात्रात्मक हिसाबले तिनमा धेरै जलस्रोत रहेको छ । तर ती देशहरूमा जनसङ्ख्या पनि धेरै भएकाले आन्तरिक होस् वा कुल, प्रतिव्यक्ति उपलब्ध जलस्रोत भने कम छ । जनसङ्ख्याको तुलनामा जलस्रोत वढी भएको भुटान यस क्षेत्रमा सबभन्दा वढी प्रतिव्यक्ति जलस्रोत भएको देशमा पर्दछ । भुटानी जनता एक जनाको भागमा प्रतिवर्ष करिव ४३ हजार घन मी. पानी पर्न आउँछ । जवकि सार्क देशको औसत १,२०० घन मी. प्रतिव्यक्ति मात्र छ । आन्तरिक रूपमा प्रतिव्यक्ति पानी उपलब्ध हुनेमा भुटान पछि नेपाल (७,३०० घन मी प्रतिवर्ष) पर्दछ भने कूल उपलब्ध जलस्रोतमा चांहि वङ्गलादेश, जसको कूल उपलब्ध जलस्रोत प्रतिव्यक्ति ८,५०० घन मी. रहेको छ, नेपाल भन्दा अलिकति अगाडि देखिन्छ ।

प्रतिव्यक्ति प्रतिवर्ष २,००० घन मी. भन्दा वढी पानी उपलब्ध भएमा त्यो मुलुक जलस्रोतमा राम्रो स्थितिमा रहेको मानिन्छ । तर पानीको उपल्ब्धता १,७०० घन मी. प्रतिव्यक्ति प्रतिवर्ष भन्दा कम भएमा त्यो देशलाई पानीको सङ्कट भएको देश र १,०००

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तालिका २: दक्षिण एसियाको जलस्रोत र नेपालको स्थिति

सि. न.	देश	क्षेत्रफल (वर्ग कि.मी.)	जनसङ्ख्या (सन् २००५)	जनघनत्व (प्रति वर्ग कि.मी.)	आन्तरिक नवीकरणीय जलस्रोत (घन कि.मी.)	प्रतिव्यक्ति प्रतिवर्ष आन्तरिक नवीकरणीय जलस्रोत (घन मी.)	वास्तविक/ कुल नवीकरणीय जलस्रोत (घन कि.मी.)	प्रतिव्यक्ति प्रतिवर्ष कुल नविकरणीय जलस्रोत (घन मी.)
१	अफ्गानिस्तान	६५२,०९०	२,९८,६३,०००	४६	५५	१,८४२	६५	२,१७७
२	वङ्गलादेश	१,४३,९९८	१४,१८,२२,०००	९८५	१०५	७४०	१,२११	८,५३९
३	भुटान	४७,०००	२२,३२,२९१	४७	९५	४२,५५७	९५	४२,५५७
४	भरत	३,२८७,५९०	१,१०,३३,७१,०००	३३६	१,२६१	१,१४३	१,८९७	१,७१९
५	माल्दिभ्स	२९८	३,२९,०००	१,१०४	०.०३	९१	०.०३	९१
६	नेपाल	१,४७,१८१	२,७१,३३,०००	१८४	१९८	७,३०५	२१०	७,७४०
७	पाकिस्तान	८,८०,२५४	१६,३९,८५,३७३	१८६	५२	३१७	२२३	१,३६०
८	श्रीलङ्का	६५,६१०	२,०७,४३,०००	३१६	५०	२,४१०	५०	२,४१०
९	सार्क	५,२२४,०२१	१,४८,९४,७८,६६४	२८५	१,८१६	१,२१९	-	-
१०	चीन	९५,९८,०६०	१,३१,५८,४४,०००	१३७	२,८१२	२,१३७	२,८३०	२,१५१

CC-0. In Public Domain. Digitization by eGangotri

सि. नं.	देश	प्रति वर्ग कि.मी. मा आन्तरिक नवीकरणीय जलस्रोत (घन मी.)	प्रतिव्यक्ति प्रतिवर्ष प्रयोजनमा आएको जलस्रोत (घन मी.)	आन्तरिक जलस्रोतको तुलनामा प्रयोजनमा आएको जलस्रोतको %	वास्तविक जलस्रोतको तुलनामा प्रयोजनमा आएको जलस्रोत (%)	कृषि क्षेत्रमा उपयोग (%)	उद्योग व्यवसाय मा उपयोग (%)	घरेलु प्रयोग (%)
१	अफ्गानिस्तान	८४,३४४	२,००७	१०९	९२	९८	०	२
२	वङ्गलादेश	७,२९,१७७	१३३	१८	२	९६	१	३
३	भुटान	२०,२१,२७७	१३	०	०	९४	१	५
४	भरत	३,८३,५६४	५९२	५२	३४	८७	५	८
५	माल्दिभ्स	१,००,६७१	१७	१९	१९	०	२	९८
६	नेपाल	१३,४५,२८२	१,४५१	२०	१९	९६	१	३
७	पाकिस्तान	५९,०७४	१,३८२	४३६	१०२	९६	२	२
८	श्रीलङ्का	७,६२,०७९	५७४	२४	२४	९६	२	२
९	सार्क	३,४७,६६९	-		-	-	-	-
१०	चीन	२,९२,९७६	४३९	२१	२०	६८	२५	७

स्रोत: भू तथा जल विकास महाशाखा, खाद्य तथा कृषि सङ्गठन, संयुक्त राष्ट्र सङ्घ (जलस्रोतको प्रयोजन सन् २०००, आन्तरिक जलस्रोत २००६ र कूल जलस्रोत १९६०-२००५ को तथ्याङ्क)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri
घन मी. भन्दा पनि कम भएमा त्यो देशलाई पानीको महासङ्कट भएको देशको रूपमा लिइन्छ (Revenga, २०००)। यस हिसावले हेर्दा नेपाल र भुटान वाहेक यस क्षेत्रका अरु देशमा यथेष्ट पानी नभएको देखिन्छ। अहिलेकै जनसङ्ख्याको अवस्थामा पनि चीन, अफगानिस्थान र श्रीलङ्कामा आन्तरिक रूपमा उपलव्ध पानी सवै प्रयोगमा ल्याउन सक्दा समेत पुगेस पुगेसको स्थिति रहेको पाइन्छ। उता वङ्गलादेश, भारत र पाकिस्तानलाई त पानी नै नपुग्ने स्थिति अहिले नै रहेको छ। आन्तरिक जलस्रोतको त कुरै छोडौं, कुल उपलव्ध जलस्रोतको उपयोग गर्दा समेत पाकिस्तान अहिले पनि चाहिने जति पानी नभएको स्थितिमा छ। त्यहाँ आन्तरिक रूपमा उपलव्ध जलस्रोतको ४ गुणा भन्दा पनि वढी अहिले नै प्रयोगमा आइरहेको छ। त्यस्तै, अफगानिस्तानमा पनि आन्तरिक रूपमा उपलव्ध जलस्रोत भन्दा वढी नै पानी प्रयोगमा आइरहेको देखिन्छ। मालदिभ्स वाहेक यो क्षेत्रका सवै देशहरूमा पानीको प्रयोग कृषि क्षेत्रमा अत्यधिक भएको देखिन्छ। उद्योग व्यवसायमा पानी वढी प्रयोग गर्नेमा चीन अग्रणी स्थानमा रहेको छ। उसले कुल उपयोग गर्दै आएको पानीको करिव एक चौथाइ जति औद्योगिक प्रयोजनमा खर्च गरिरहेको देखिन्छ। त्यस्तै भारतमा करिव ५% जति यस क्षेत्रमा प्रयोग भएको देखिन्छ भने अरु देशमा २% वा त्यो भन्दा घटी। औद्योगिक क्षेत्रमा पानीको प्रयोग औद्योगिक वस्तुहरू उत्पादन गर्ने क्रममा कलकारखानाहरू धेरै वेर चलिरहँदा तात्न जाने पाटपुर्जाहरू चिस्याउने, उत्पादित वस्तुहरू प्रसोधन गर्ने, सफा गर्ने जस्ता काममा प्रयोग हुन्छ। वास्तवमा कुल उपयोग हुने पानी मध्ये यस क्षेत्रमा कति मात्रामा पानी प्रयोग भएको छ, त्यसले त्यो देशको औद्योगीकरणको अवस्थालाई दर्शाउँछ। यसवाट यस क्षेत्रमा चीन वाहेक अरु देशहरू औद्योगिक विकासका दृष्टिले एकदम पछाडि रहेको स्वत: स्पष्ट हुन्छ।

दक्षिण एसियामा सन् २०५० सम्ममा प्रतिव्यक्ति उपलव्ध पानीको स्थिति कस्तो रहनेछ भन्ने कुरा तालिका ३ मा दिइएको छ। यस क्षेत्रको जलस्रोत एसिया र विश्वमा उपलव्ध जलस्रोतको तुलनामा कस्तो स्थितिमा रहनेछ भन्ने कुरा तुलना गर्न सकियोस भन्ने हेतुले प्रतिव्यक्ति मध्य पूर्वी देशहरू वाहेक एसियाको र विश्वको औसत जलस्रोत पनि तालिका ३ मा दिइएको छ। यस क्षेत्रमा आन्तरिक जलस्रोतमा २०५० सम्म सवल रूपमा रहने देश भुटान र नेपाल मात्र देखिन्छन् भने कुल जलस्रोतको कुरा गर्दा वङ्गलादेश समेत आउँछ। चीन भने उपलव्ध जलस्रोतमा सामान्य स्थितिमा रहने देखिन्छ। यो हेर्दा भविष्यमा भारत र पाकिस्तान दुवै देशमा जल अभावको स्थिति स्पष्ट देख्न सकिन्छ। यो कुरा चित्र १ र २ वाट पनि देख्न सकिन्छ। नेपालको हकमा भने २०५० सम्म पनि प्रतिव्यक्ति आन्तरिक रूपमा उपलव्ध हुने पानी ४ हजार घन मी. को हाराहारीमा रहने देखिएवाट भविष्यमा समेत विभिन्न प्रयोजनको लागि औसत रूपमा नेपालमा पानीको कमी नहुने कुरा देखिन्छ। यस क्षेत्रमा अन्य मुलुकहरूमा चरम जलसङ्कट र नेपालमा प्रशस्त पानी उपलव्ध रहने तथ्यवाट नेपालको जलस्रोतको रणनैतिक महत्त्व रहेको तथ्य स्वत: देखिन्छ। (तालिका तल छ)

सन्दर्भ सामग्री:

जलविज्ञान सम्वन्धित पुस्तकहरू

Revenga C, सन् २०००, Will there be enoung water ?, Ptilot Analysis of Global Ecosystems: Freshwater Systems (Edited: Greg Mock)

WRI (World Resources Institute), सन् २००२, http://earthtrends.wri.org/

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तालिका ३: अनुमानित प्रतिव्यक्ति प्रतिवर्ष उपलब्ध जलस्रोत

क्र. सं.	देश	२०१०			२०३०			२०५०		
		जनसङ्ख्या (हजारमा)	आन्तरिक रूपमा उपलब्ध जलस्रोत (घन मी.)	वास्तविक रूपमा उपलब्ध जलस्रोत (घन मी.)	जनसङ्ख्या (हजारमा)	आन्तरिक रूपमा उपलब्ध जलस्रोत (घन मी.)	वास्तविक रूपमा उपलब्ध जलस्रोत (घन मी.)	जनसङ्ख्या (हजारमा)	आन्तरिक रूपमा उपलब्ध जलस्रोत (घन मी.)	वास्तविक रूपमा उपलब्ध जलस्रोत (घन मी.)
	अफ्गानिस्तान	३५,६४२	१,५४३	१,८२३	६३,४२४	८६७	१,०२४	९७,३२४	५६५	६६७
	वङ्गलादेश	१,५४,९६०	६७७	७,८१४	२,०५,६४१	५१०	५,८८९	२,४२,९३७	४३२	४,९८४
	भुटान	२,४१४	३९,३५३	३९,३५३	३,४६०	२७,४५६	२७,४५६	४,३९३	२१,६२५	२१,६२५
	भारत	११,८३,२९३	१,०६५	१,६०३	१४,४९,०७८	८७०	१,३०९	१५,९२,७०४	७९१	१,१९१
	मालदिभ्स	३७१	८०	८०	५४७	५४	५४	६८२	४३	४३
	नेपाल	२९,८९१	६,६२४	७,०२५	४१,४२४	४,७८०	५,०७०	५१,१७२	३,८६९	४,१०३
	पाकिस्तान	१,७५,१७८	२९६	१,२७२	२,४६,३२२	२११	९०५	३,०४,७००	१७०	७३१
	श्रीलंका	२१,५५७	२,३१९	२,३१९	२३,६६७	२,११२	२,११२	२३,५५४	२,१२२	२,१२२
	सार्क	१६,०३,३०६	१,१३२	–	२०,३३,५६३	८९३	–	२३,१७,४६६	७८३	–
	चीन	१३,५४,५३३	२,०७५	२,०८९	१४,४६,४५३	१,९४४	१,९५६	१३,९२,३०७	२,०१९	२,०३२
	एशिया (मध्य पूर्वी देशहरू बाहेक)	३८,००,९७६	२,९७८	३,८१८	४४,१४,२७९	२,५६४	३,२८७	४६,४९,८४२	२,४३४	३,१२१
	विश्व	६८,४२,९२३	६,३७८	८,०७१	८१,९९,१०४	५,३२३	६,७३६	९०,७५,९०३	४,८०८	६,०८५

जनसङ्ख्याको स्रोत: *WRI* (2002)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विवेचना

किन गरिँदैन सीमा नियमन ?

✍ बुद्धिनारायण श्रेष्ठ*



भारत सरकार साउथ ब्लकको निमन्त्रणामा नेपालको चौध प्रमुख राष्ट्रिय दैनिकका सम्पादकहरूको टोलीले केही अघि नयाँदिल्लीको साताव्यापी भ्रमण गरेका थिए । भ्रमणका अवसरमा उनीहरूले भारतका गृहमन्त्री पी चिदम्बरम, विदेश सचिव निरूपमा राव, नेपालका लागि नवनियुक्त भारतीय राजदूत जयन्त प्रसाद, साउथ ब्लकका उच्च ओहदाका पदाधिकारीहरू मध्ये प्रवक्ता विष्णु प्रकाश, नेपाल डेस्क प्रमुख अखिलेश मिश्रा तथा भारतीय दैनिक टेलिग्राफका दिल्ली सम्पादक संकर्षण ठाकुर लगायतका व्यक्तिहरूसँग भेटघाट गरेका थिए । समग्ररूपमा भन्नुपर्दा नेपाली सम्पादकहरूको टोलीले भारतीय राजनीतिक एवं प्रशासनिक नेतृत्वमा रहेका पदाधिकारीहरू, स्थानीय सञ्चारकर्मी तथा नेपाल विज्ञहरूसँग औपचारिक र अनौपचारिक कुराकानी गरे । यस्तो कुराकानीमा भारतीय पदाधिकारी वर्गबाट व्यक्त अभिव्यक्ति, लाक्षणिक भनाइ तथा शारीरिक भाषाबाट पनि नेपालप्रति भारतको दृष्टिकोण र उसको चाहना के कस्तो रहेको छ भन्ने नेपाली सम्पादक टोलीले बुझे । यद्यपि सम्पादक टोलीको भम्रणले नेपाल र भारतको आपसी मित्रता, सौहार्द्र सम्वन्धमा केही मात्रामा भए पनि निश्चय नै अभिवृद्धि गरेको छ ।

छलफल तथा कुराकानीका दौरानमा नेपालले अपनाएको सुरक्षा व्यवस्थाका सम्बन्धमा भारतको गहिरो चासो रहेको कुरा समाचारमा आएको थियो । भारतीय गृहमन्त्री पी चिदम्वारमले नेपाली भूमिबाट नक्कली भारतीय नोटको कारोबार भइरहेको, भारतविरोधी आतङ्ककारीले नेपाल-भारत सीमाबाट ओहोर-दोहोर गरेको र पाकिस्तानी जासुसी संस्था आईएसआईको गतिविधि बढेकोप्रति सुरक्षा चासो देखाए । उनले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको सुरक्षा व्यवस्थाप्रति सरोकार देखाउँदै त्यसलाई अतिवादीले प्रयोग गरेको घटना पनि उल्लेख गर्न भ्याए । यसबाहेक नेपाल-भारत सीमाबाट अवैध हातहतियारको चोरी-पैठारी भइरहेको, तस्करी नियन्त्रण नगरिएको, अतिवादी आवत-जावत गर्ने कार्य नरोकिएको र दुई देशको खुला सीमाबाट पाकिस्तानी आतंककारीहरू छिरेको थुप्रै घटना छन् भन्दै उनले यसलाई रोक्ने दायित्व नेपालको मात्र नभई भारतको पनि हो भन्ने कुरा नेपाल राष्ट्रका प्रमुख दैनिक पत्रिकाका सम्पादकहरू समक्ष पोखे ।

खुला सीमाको विकृति

वास्तवमा खुला सीमाका कारण दुवै देशमा अनेक विकृति पैदा भएका छन् । यसबाट राष्ट्रलाई नै हानि पुग्ने गरी समस्या उत्पन्न भएको छ । तर यस्तो समस्याको समाधान के हो भन्ने कुरा न त भारतीय गृहमन्त्रीले प्रकाश पारे, न त हाम्रा राष्ट्रिय

लेखक वरिष्ठ सीमाविद् तथा विश्लेषक हुनुहुन्छ । -सम्पा.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

दैनिकका सम्पादकहरूले सुझाव प्रस्तुत गरे । यो रहस्यमय कुरो रहेको छ । समस्या उजागार गरेपछि सामाधानका कुरो पनि आउनुपर्ने हो । तर समस्या समस्याकै रूपमा छाडेर पत्रकार टोली स्वदेश फर्कियो । यद्यपि एक दैनिकका सम्पादकको खुला सिमानालाई अतिवादीले प्रयोग गरेको भए त्यसलाई वन्द गर्नु उचित हुन्छ कि ? भन्ने झिनो स्वरको प्रश्नको उत्तरमा चिदम्वरमले खुला सिमाना वन्द गर्नचाहिँ नहुने कुरा वताए । भारतीय गृहमन्त्रीले तथ्य कुरा वोले- शत्रुता र कटुता पैदा भयो भने मात्रै दुई देशवीचको सीमा वन्द गरिन्छ । यहाँ खुला सीमा खुलै राख्नु भएन, यसले विकृति जन्मायो भनियो भने यस्तो विकृत सीमालाई वन्द गर्नचाहिँ हुँदैन भन्ने कुरा पनि आयो । यसको मतलव खुला सीमालाई त्यसै छाड्नु भएन भने अर्कोतर्फ, वन्द गर्नु पनि भएन । तर अव के गर्नुपर्ने हो ? दुवैतर्फवाट समस्या सामाधानको कुरो आएन । यहाँ जिज्ञासा उठ्छ- समस्या सामाधानका लागि किन वोलिएन सीमालाई नियमन गर्नुपर्‍यो भनेर ? नियमन गर्नुपर्ने कुरा नत भारतीय पदाधिकारीहरूले उठाए, नत भ्रमणकर्ता सम्पादक टोलीले उठाउन सके । यही नै घतलाग्दो कुरा रहेको छ । सीमा नियमन नगरिनुमा भारतको स्वार्थ लुकेको पनि हुनसक्छ । यस्तो भारतीय स्वार्थ लुकेको कुरा नेपाली सम्पादक महोदयले उठाउने धृष्टता गर्न सकेनन् ।

सीमा नियमन

सीमा नियमन गर्नु भनेको यसलाई व्यवस्थित पार्नु हो । नियमन भएपछि जेपायो त्यही गर्न पाइँदैन अर्थात स्वविवेकीय पद्धति अपनाउन मिल्दैन । नियमन पद्धतिअनुसार सीमा वारपार गर्ने क्रममा रोक्ने यात्रुलाई रोकेकै हुनुपर्छ, छाड्न मिल्दैन । सक्कली यात्रुलाई प्रकृया पुर्‍याई सकेसम्म चाँडो सीमापार गर्न दिनुपर्छ, विलम्व गराउनु हुँदैन । अर्कोतर्फ रोक्नैपर्ने आवाञ्छित यात्रुलाई घन्टौ मोलतोल गरेर मिलोमतोमा छाड्न पाइँदैन । यस्तै असली यात्रुलाई अनाहकमा रोकेर केही आर्थिक लाभ झार्न पाइन्न । वर्तमान भारत-नेपाल खुला सीमामा माथि उल्लिखित नहुनुपर्ने कुराहरू भइरहेका छन् । उदाहरणका निम्ति सुनौली-वेलहिया सीमा-नाकामा उभिएर एक घन्टा हेर्नोस्, यही दृश्य देखिन्छ । यसैको देखासिकिको रोग अहिले नेपालतर्फको वेलहिया-सुनौलीमा पनि सल्कन लागेको छ । विदेशमा केही कमाइ गरेर घर फर्केका नेपाली जनताका लागि यो दुःखदायी कुरा हो ।

भारतका विभिन्न सहरमा थोरै-धेरै कमाई गरी फर्केका नेपाली नागरिकमध्ये केही सामान ल्याएका र पैसा भएकाजस्ता यात्रुलाई भारतीय सीमावर्ती क्षेत्रमा तैनाथ सशस्त्र सेना वल (एसएसवि) ले सुनौली तथा रुपैडिया जस्ता नाकामा रोकी मोलमोलाई गरी कुरा मिलेपछि छाड्ने गरिन्छ, नत्र अनाहकमा घन्टौ अलमल्याउँछन् । पैसा झार्न नसकिने जस्ता देखिने यात्रुलाई भने सरासर जान दिइन्छ ।

सीमा नियमन गरिएपछि यस्तो स्वविवेकीय पद्धति अपनाउन पाइँदैन भनेर भारतले सीमा नियमन गर्ने कुरो अगाडि नसारेको हो कि भन्ने शङ्का गर्ने ठाउँ रहेको छ । खुला सीमाका कारण नेपालवाट भारततर्फ अन्तर्राष्ट्रिय अपराधीहरू पनि छिर्ने गरेका छन् भनी केही वर्षदेखि नेपाललाई आरोप लगाउने गरिएको छ । तर यसको उपचारको प्रस्ताव भारतले कहिल्यै पनि गरेको पाइँदैन । नेपालले पनि खुला सीमाले दिएको दुःख कष्टवाट भारतसँग खुलेर कुराकानी गर्न सकेको छैन । यही नै विडम्वना छ । यहाँ प्रश्न गर्नुपर्ने भएको छ- दुवै देशका पदाधिकारी किन गर्दैनन् सीमा नियमन गर्ने कुरा ? सीमा भनेको दुवै देशको साझा विषयवस्तु हो । साझा समस्यामा आपसी कुराकानी गरी समाधानको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बाटो पहिल्याउनुपर्ने हो । यही असोज ५ मा नेपाल र भारतका गृह सहसचिवबीच काठमाडौंमा भएको दुईदिने संयुक्त बैठकमा पनि खुला सीमाले उत्पन्न गरेको धेरै समस्यावारे छलफल भए । तर यस्तो समस्याधारी सीमालाई नियमन गर्नुपर्‍यो भनेर कुनै पक्षवाट पनि प्रस्ताव आएन । अर्को कुरा दुई देशवीचको सीमा शान्त भए सीमावर्ती क्षेत्रमा कुनै समस्या आइपर्दैन । एकअर्कालाई दोषारोपण गर्नुपर्ने खण्ड नै आउँदैन । नेपाल-भारत सीमा शान्त र व्यवस्थित भए भारतले आफ्नो सुरक्षाप्रति खतराको 'ट्रम्प कार्ड' देखाएर नेपाललाई कजाउन नपाउने सम्भावना रहन्छ । यसैले पनि सीमालाई नियमन गर्ने कुरोप्रति भारतले चासो नलिएको पो हो कि ? खुला सीमा दुवै देशको हितमा छैन भने यसलाई किन ज्यूँदै राखिराख्ने ? यसको वैकल्पिक व्यवस्था किन नगर्ने ? यसमा दुवै देशले दिलचस्पी दिनुपर्ने समय आएको छ । काठमाडौंवाट उडेको इन्डियन एयरलाइनको हवाइजहाज २०५६ पुस ९ गते अपहरणमा परेपछि हवाइमार्गमा नेपाल र भारतवीच गत एक दशकदेखि नियमन सीमा पद्धति अपनाइएको छ । सतहमार्गमा यस्तै प्रकारको ठूलो घटना नभई सीमा-नाकामा नियमन सीमाको व्यवस्था नहुने हो कि ? यसवारे दुवै पक्षले समयमै ध्यान पुर्‍याउनु पर्छ ।

सन् १९५० को सन्धि

केही अध्येताले भन्ने गरेका छन्- खुला सीमा सन् १९५० को नेपाल-भारत शान्ति तथा मैत्री सन्धिसँग सम्वन्धित रहेको छ । यसैले खुला सीमालाई चलाउनु हुँदैन । तर वास्तविक कुरा यस्तो होइन । सन्धिको धारा ७ मा 'नेपाल र भारत दुवै देशका सरकारहरू एकअर्को देशका नागरिकलाई समान आधारमा डुलफिर गर्ने र यस्तै प्रकारका अन्य विशेषधिकारहरू प्रदान गर्न स्वीकृति प्रदान गर्दछन् ।' भन्ने मात्र उल्लेख गरिएको छ । तर दुई देशवीच सीमा खुला रहनु पर्छ भनी उल्लेख गरिएको छैन । यद्यपि सन्धिमा समान आधारमा व्यवहार गरिने छ भन्ने भए तापनि भारतीय एसएसविले नेपाली यात्रुलाई असमान व्यवहार गर्ने गरेको कुरा वरावर प्रकाशमा आएको छ । यसैले सीमा नियमन गरे नेपालीका लागि असमान व्यवहारको अन्त्य हुने थियो ।

अन्त्यमा

वास्तवमा नियमन सीमा पद्धति अपनाउन ठूलो तामझाम गरिरहनु पर्दैन । सबभन्दा पहिले अन्तर्राष्ट्रिय सीमा वारपार गर्ने यात्रुले हवाइमार्गमा जस्तै आधिकारिक परिचयपत्र देखाउनुपर्ने व्यवस्था अपनाउनु व्यवाहारिक हुन्छ । नगरपालिका तथा गाउँ विकास समितिले रेकर्ड राखी प्रदान गरिएको परिचयपत्रलाई मान्यता दिन सकिन्छ । विद्यार्थीका निम्ति शिक्षा कार्यालयसँग आवद्ध भएका विद्यालय महाविद्यालयले दिएको परिचय पत्र मान्य हुनसक्छ । सीमा-नाकामा यात्रुको सरल रेकर्ड राखिने गर्नुपर्छ । यद्यपि दुवै सीमावर्ती पाँच-पाँच किलोमिटर क्षेत्रभित्रका वासिन्दाले दिनको धेरै पटक पनि सीमा वारपार गर्ने इजाजत पाउनु पर्छ । यस्तो संयन्त्र स्थापनाका लागि हाल सिमानामा तैनाथ गरिएका सशस्त्र प्रहरी बलको सङ्ख्या वृद्धि गर्नुपर्छ र अध्यागमन कार्यलाई सुदृढ पार्नुपर्छ । सीमा नियमनका सम्वन्धमा यति मात्रै प्रवन्ध गरिए नेपाल र भारतवीचको सिमानाले ल्याएको विकृतिरूपी रोगको कमसेकम पचास प्रतिशत उपचार हुन्छ । यस्तै, नेपालप्रति भारतीय सुरक्षा चासोको खसखस पनि आधा घट्न सक्छ । यिनै परिप्रेक्षमा नेपाल-भारत खुला सीमालाई किन नियमन नगर्ने ?

bordernepal@gmail.com

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

समाजशास्त्र

महिलालाई हेर्ने प्राचीन दृष्टि र आजको सन्दर्भ

दीपक अर्याल*

हिन्दु धर्ममा महिलाहरूलाई शक्तिका स्वरूपमा वर्णन गरिएको छ । धार्मिक ग्रन्थहरूमा पुरुष देवताहरू भन्दा महिला देवताहरूको उच्च र प्रतिष्ठापूर्ण स्थान दिई सविस्तार वर्णन पनि गर्ने गरिएको छ । जस्तै शक्तिका रूपमा भगवतीका विभिन्न रूपहरू, लक्ष्मी, सरस्वती, सीता आदि । यो त भयो मानव सभ्यताको आदिम युगमा मातृसत्तात्मक समाज हुँदाको अवस्थामा नारीको गौरवपूर्ण स्थान, तर विस्तारै नारीको गरिमामय स्थानमा पुरुष पुग्यो र समाज पितृसत्तात्मक बन्यो, अनि सुरु भयो नारी अस्तित्वको अवमूल्यन र उत्पीडनको श्रृङ्खला । महिलाहरू वालविवाह, घरेलु तथा सामाजिक हिंसा, बलात्कार, बहुविवाह, विधवा आदि जस्ता उत्पीडनवाट सताइने गरेको सन्दर्भ मानव सभ्यताको विकासको क्रम सँगसँगै नै विकसित भएको अनुमान गर्न सकिन्छ ।

प्राचीन समयमा पतिको मृत्यु पश्चात् जिउँदै जली दिए (सती गए) पतिको पाप मुक्त हुने र आत्मरक्षा हुने मानिन्थ्यो । बहु विवाहको प्रचलनले गर्दा सती नगए महिलाहरू सतीत्व जोगाउन, सम्पतिको हक गर्न भविष्यमा आई पर्ने आर्थिक समस्या जस्ता कारणहरूवाट हिन्दु धर्मावलीहरूमा सती प्रथा धेरै समयसम्म रहिनै रह्यो । महिलाहरू स्वयं सतीको महिमा गाउने, एक अर्कालाई सती जान उत्प्रेरित गर्ने जस्ता कार्यमा उद्यत वन्न थाले । तत्कालीन परिवेशमा सती जाँदा नै समाजमा प्रतिष्ठा हुने स्थिति, कायम भयो । राजनीतिक दाउपेचका कारणले यस्तो अमानवीय, पाशविक र दुखदायी प्रथाले हिन्दु नारी समाज जसलाई शक्तिको रूपमा पुजिन्थ्यो, तिनैलाई धेरै समयसम्म जकडेको कुरा इतिहासका पानाहरूमा छन् । ऐतिहासिक समयमा सतीको प्रथा एकातर्फ धार्मिक मान्यताको रूपमा विकसित थियो भने अर्कोतर्फ सामाजिक परिवेशले पनि आफ्नो सतित्व रक्षार्थका लागि भएपनि पतिसँगै जल्नुपर्ने वाध्यात्मक अवस्था पनि थियो ।

हिन्दुहरूको प्राचीन धर्मग्रन्थ वेद तथा पुराणहरूमा विधवा महिलाहरूको सम्बन्धमा उल्लेख गरेको पाइन्छ । पति मरेमा, सन्यासी भएमा, नपुंसक भएमा, वा पतित भएमा अर्को विवाह गर्न सक्ने भन्ने उल्लेख रहेको पाइन्छ । **"नष्टे मृत, परव्रजते, स्किलबेव च पतिते पती । पञ्चस्वपत्सु नारीणां पतिरन्यो विधियते"** नारद, पराशर र अग्नि पुराणमा पनि पति मरे, सन्यासी भए, नपुंसक भए वा पतित भएमा अर्को पति ग्रहण गर्न

**स्मृति केन्द्रमा क्रियाशील, लेखक सिटिइभिटीमा कार्यरत हुनुहुन्छ ।*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सक्ने भन्ने कुराहरू उल्लेख भएका छन् । लिच्छवीकालमा पुनर्विवाह, विधवा विवाह गर्न समेत निश्चित नियमहरू वनाइएको कुरा सम्वत् ५७ को मालीगाउँ अभिलेखमा उल्लेख गरिएकोले, त्यस समयमा महिलालाई हेर्ने दृष्टिकोण उच्च रहेको अनुमान गर्न सकिन्छ । यसैको प्रतिफल तत्कालीन राजा मानदेवकी आमा राज्यवती, भौम गुप्तकी आमा आभिरी आदि जस्ता नारीहरूले पतिको मृत्यु पश्चात् सति नगई सतिव्रतमा रहेको कुरा अभिलेखहरूमा देख्न सकिन्छ ।

मल्लकालीन समयमा महिलाहरूको अवस्था साह्रै भयावह रहेको कुरा यी तथ्यहरूले सजिलै अनुमान गर्न सकिन्छ । प्रताप मल्ललें ३०० वटा रखौटी राखेका थिए भने योग नरेन्द्र मल्लसँग २१ वटी श्रीमतीहरू सती गएको कुराले मल्लकालमा महिलाहरूको अवस्थाका वारेमा यसै आँकलन गर्न सकिन्छ । राजा पृथ्वीनारायण शाहको राज्यकालमा सवैका लागि एउटै कानुन थिएन व्राम्हण वाहेकका अन्य जातिले त्यसवेला विधवा भाउजूलाई पत्नी वनाएमा कसुर मानिदैन थियो । तर व्राम्हणले अन्य विधवा व्राम्हणीलाई पत्नी वनाउन पाउँथ्यो तर यसरी यी दुईवाट जन्मिएका सन्तानहरू जैसीमा परिणत हुन्थे । आधुनिक समयमा पनि महिलाहरूको अवस्थामा खासै सुधार आएको देखिँदैन । किनभने राणाहरूले शासन चलाएका अधिक समयसम्म महिलाहरूले पतिको मृत्युसँगै सती जानुपर्ने अवस्था रहेको थियो ।

नेपाली समाजमा विधवा महिलालाई गरिने अवहेलना र दुर्व्यवहारको उदाहरण प्रायजसो समाचारका रूपमा विभिन्न पत्रपत्रिकामा प्रकाशित हुने गरेका छन् । जस्तोः महोत्तरी जिल्लाको लक्ष्मिनिया गा.वि.स. १ वस्ने ४० वर्षीय वुचिया देवीका २ छोराछोरी थिए । उनी २०४९ सालमा विधवा भइन् । उनको घर पछाडि स्थापना गरिएको धान काटने मिलको मिस्त्री नरेश रायसँग उनको अनुचित सम्वन्ध भयो भन्ने कुरा गाँउलेहरूले भन्न थाले, त्यस पश्चात् गाउँलेहरू मिलेर निज विधवा वुचिया देवी र मिस्त्री नरेश रायलाई निर्मम शारीरिक यातना दिए । वुचिया देवीलाई रातको समयमा उठाई मिस्त्री नरेश राय भएको ठाँउमा लगि शारीरिक यातना दिएर उनका अगाडिको कपाल काटी गाँउ घुमाएका थिए । यसैको कारणवाट उनी विरामी र मुर्छित हुन थालिन् । गाँउलेवाट दिइने यातनाको क्रम रोकिएन पुनः मुखमा चुना, कालो मोसो दली नाङ्गो पारेर गाँउ घुमाउने योजना वनाउन थाले, उनी विरामी भएको अवस्थामा पनि गाउलेहरूले मुखमा गोवर कोचेर यातना दिई नै रहे । गाँउलेहरूले यातनापूर्ण किसिमवाट गरेको दुर्व्यवहारवाट थकित वुचियाले विष सेवन गरी आफ्नो देह त्याग गरिन् (कान्तिपुर दैनिक २०५५/१२/२६)

"Social evils and religious right of women" विषयमा संयुक्त राज्य अमेरिकाको न्युयोर्कमा १९४८ जुलाई १९ र २० मा एउटा कार्यक्रम भएको थियो । उक्त कार्यक्रमको पहिलो दिनमा निम्तालु महिलाहरूको अन्तर्क्रिया समेटिएको थियो भने दोस्रो दिनको कार्यक्रममा भने सर्वसाधारण लगायत अन्य इच्छुकहरूका लागि पनि खुला गरिएको थियो । उक्त कार्यक्रमको समापनमा एउटा घोषणा गरिएको थियो, सो घोषणालाई ६८ जना महिला र ३२ जना पुरुषवाट हस्ताक्षर भएको थियो, उक्त घोषणाको मूल सन्देश "महिला हुन् वा पुरूष यी दुवै श्रृष्टिकर्ताका उपहार हुन् त्यसैले यी दुवैको जीवन, स्वतन्त्रता, स्वभाव, रहनसहन र खुसीका लागि आफैंमा पूर्णाधिकार रहेका छन्" भन्ने रहेको छ । संसारको घोषणा यस्तो छ, तर हामी अझै पनि शास्त्रीय मान्यता अनुसारका कार्यहरूमा नै अभ्यस्त रहँदै आइरहेका छौं ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रसङ्ग केही समय अगाडिको नै हो । हाम्रा एक जना मित्रको पिताजी कालगतिले देहवसान हुनुभएछ । समवेदना प्रकट गर्नको लागि हामी पशुपति आर्यघाटस्थित क्रियापुत्री वस्ने स्थानमा गएका थियौं । हाम्रा मित्र आशोच वारी कुन कोठामा वस्नुभएको छ भन्ने कुरा हामी मध्ये कोहीलाई पनि पूर्व ज्ञान नभएकाले हामी सवै अलमल्लिरहेका थियौं । धेरै साथीहरू सोधखोज गर्दै अगाडि नै पुगिसक्नु भएको थियो । म भने अन्य केही साथीहरू सँगसँगै अलि पछाडि नै थिएँ । हिड्दै गर्दा अनायास मेरो आँखा एउटा भिडमा गएर रोकियो, म त्यही भिडतिर लागें । त्यस भिड भित्रको दृष्यले मलाई भनननन्न वनायो र थचक्कै त्यहींनिर वस्न पुगें । मनमनै सोचें उफ् कस्तो दृष्य पो हेर्न आइपुगेछु ? दृष्य यस्तो थियो- एकजना विदेशी जस्ता देखिने पत्रकार हुन् वा पर्यटक हुन् ? आफ्नो ठूलो भिडियो क्यामराले त्यहाँका दृष्यहरूलाई आफ्नो क्यामरामा कैद गरिरहेका थिए, लाग्दथ्यो उनी वडो मनोरञ्जनका साथ ती दृष्यहरूलाई सम्पादन गरिरहेका छन् । हुनसक्छ यस दृष्य छायाङ्कनले भविष्यमा उनले ठूलै व्यापार गर्न सक्नेछन् । क्यामराका अघिल्तिर एकजना त्यस्तै अन्दाजी २२-२५ वर्षकी जस्ती देखिने एकजना महिला आफ्नो नाङ्गो शरीरलाई सेतो वस्त्रले ढाकी आफ्नै सामुन्नेमा रहेका वयस्क (वाम्हण) द्वारा अथ्याईएका कुराहरू एक ज्ञानी वालकले झै सम्पादन गरिरहेकी थिइन् । उनका कपालहरू खुला आकाशमा मन्दमन्द उडिरहेका थिए, कपालमा लगाएका खैरो मेहन्दी राम्रोसँग सुकेका छैनन् कि जस्तो आभास हुन्थ्यो । लाग्दथ्यो केही दिन अगाडिमात्र वडा मेहनतका साथ शौभाग्य स्वरूप उनले मेहन्दी लगाएकी थिइन् । उनीसँगै अन्दाजी ५-६ वर्षका वालक सायद त्यो वालक ती महिलाका पुत्र हुनु पर्दछ ? जस्तो ती महिलाले गर्दै थिइन् ऊ पनि त्यस्तै गर्दै थियो । यो दृष्यले म अवाक् भएँ । मन छियाछिया भयो । मानवीय संवेदना भएको जोकोहीलाई पनि यस दृष्यले पक्कै भावुक वनाउथ्यो होला ? म वढी नै भावुक यस अर्थमा पनि भएँ कि १ हुनसक्छ ती महिलाका श्रीमानको उमेर अनुसार आउने अनावश्यक जोस, उमङ्ग, उछृङ्खलता वा कुनै दुर्घटनामा मृत्यु भएका थिए । यसमा ती यौवनाको के दोष थियो हँ ? कोही मानिसको देहावसान पश्चात् निर्दोष मानिसवाट गरिने यस्ता कठोर यातनापूर्ण कार्यले मृत्यु हुनुभन्दा अगाडि गरिएका सवै कुकर्महरू पखालिएर आफ्ना स्वजनहरू स्वर्गवास जान्छन् त ? यो कदापि हुन सक्दैन । कम्तीमा मचाहिँ विश्वास गर्न सक्दिनँ ।

श्रीमान्को मृत्यु पश्चात ती चञ्चल यौवनाको सारा खुसी, उमङ्ग, रङ्गरोगन खोसिएको छ । जसरी मरेपनि मर्ने मरेर गइसक्यो, तर वाँच्नेलाई धर्मको नाममा किन यति विध्न पीडा हुन्छ ? अनि पतिकै नाममा ती यौवनाले वाँचुन्जेल सेतो वस्त्र धारण गरेर बाँच्नुपर्ने कुन विधिविधानमा व्याख्या गरिएको छ ? कुन धर्म ग्रन्थको कतिऔं अध्यायमा यस कुराको वर्णन गरिएको छ ? यदि व्याख्या नै गरिएको छ भने पनि एकाईसौ सताव्दीको गणतान्त्रिक नेपालमा अव यसको कुनै अर्थ रहँदैन । हाम्रा महिला आन्दोलनका अग्रज दिदीवहिनीहरूले महिलामाथि हुने यस्ता खाले सामाजिक उत्पीडनको लागि वुलन्द आवाज उठाउनु पर्दछ । तपाईहरू यस्ता खाले सामाजिक कुरीतिको अन्तको लागि सशक्त आवाज उठाउनुहोस् हामीहरूको सर्वथा यसमा साथ रहनेछ ।

सवै सुख दुखलाई एउटै आलिङ्गनमा वाँधेर सङ्घर्ष गर्ने, सँगै वाँच्ने भनेर आफ्नो जन्मभूमि, मातापिता, भाइवहिनी, साथीसङ्गी, इष्टमित्र सवैलाई छोडेर एक परपुरुषलाई नै जीवनसाथी सम्झी जुन दिनदेखि विधिवत् वैवाहिक जीवनमा वाँधियो, त्यही जीवनसाथीको अवसानले मर्माहत वनाउनु, शोकाकूल वनाइनु र जीवनमा एक्लो महसुस हुनु , वाँकी

 Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जीवनमा आइपर्ने समस्याका थुप्राहरू लगायत विविध कुराले मन छियाछिया भइरहेको अवस्थामा अन्धो धार्मिक संस्कारका नियमनहरू पालनाले चह-याइरहेको घाउमा नुन चुक छर्नु सिवाय अरु के हुन सक्छ र ? आफ्ना जीवन साथीको स्मृतिलाई चिरस्थायी वनाउनको लागि अन्य उपायहरू छैनन् र ? छन्। अवश्य छन् तर यसलाई अँगाल्न सक्नुपर्दछ। हेर्नुस् त महिला आन्दोलनका अग्रज दिदी वहिनीहरू, २२-२५ वर्षको उमेर भनेको भर्खर विवाह गरी रङ्गरस गर्ने उमेर हो। यो उमेरमा विधवा भई समाजमा अपहेलित र अपमानित भई वस्नुपर्ने कुरा महिलामाथिको चरम शोषण, अत्याचार र महिला हिंसा होइन र ? त्यस दिनको त्यो कारुणिक दृष्यले साँच्चै नै मलाई अत्यन्त भावविहल वनायो। त्यस दिनको त्यस दृष्य पश्चात् मैले अठोट गरेको छु। हुन त म एक कट्टर मध्यमवर्गीय ब्राम्हण परिवारमा जन्मिएको मानिस हुँ। मेरो अहिलेसम्मका सवै कर्मकाण्डहरू विशुद्ध हिन्दू परम्परा र संस्कारहरू अनुसार हुँदै आइरहेको छन्। तर भविष्यमा पनि मेरा सवै संस्कारहरू परम्परागत हिन्दू संस्कारवाट होस् भन्ने म कदापि चाहन्न। हुनसक्छ मेरो यस कदमले मेरा घर परिवार, इष्टमित्र र समाजलाई असर पर्न सक्छ तर पनि म आफ्नो विचारमा दृढ छु। मेरा यस कदमले मेरी प्यारी अर्धाङ्गिनीको वाँकी जीवन साह्रै चुनौतीपूर्ण हुनेछ होला ? तर म यस कुरामा विश्वस्त छु उनको यस सङ्घर्षपूर्ण एकल यात्राले कालान्तरमा समाजमा केही परिवर्तन ल्याउन सक्यो भनेपनि हामी जोईपोइले मानव जीवन लिएको सार्थक भएको मानिनेछ। र भविष्यमा सामाजिक रूपमा गरिँदै आएको यस्ता खाले कुरीतिहरू क्रमिक रूपमा अन्त गर्नको लागि मद्धत गर्नेछ।

मेरो उमेर चार दशकवाट उकालो लागिसक्यो, शास्त्रीय मान्यता अनुसार अव लगभग जीवनवाट विश्राम लिने समय नजिकिँदै आइसक्यो। अखाद्य र अप्राकृतिक खाना अनि सहरी जीवनको उपज क्रमिक रूपमा विविध रोगव्याधीहरूले च्याप्ने लक्षण पनि देखी सकियो। यसको अर्थ जीवनमा जहिलेपनि जुनसुकै वेलामा पनि मृत्युसँग सहकार्य गर्नुपर्नेछ। आज यस लेख मार्फत् मेरी प्यारी अर्धाङ्गिनीलाई म के कुरा आग्रह गर्दछु भने, कथंकदाचित भनौ वा समयले तिमी भन्दा अगाडि नै मेरो मृत्यु भएमा, मेरो मृत्युले तिमीलाई मर्माहत, शोकाकूल र एक्लो त पक्का पनि वनाउनेछ। तर मेरो मृत्यु पश्चात् गरिने कुनै पनि परम्परागत हिन्दु सस्कारका कार्यहरू गर्न तिमी तयार भयौ भने तिमीलाई अझ धेरै एक्लो वनाउनेछ। त्यसैले कृपया त्यो पाटोतिर ध्यान नै नदिनू। तिमीले सक्छ्यौ भने वा मेरो स्मृतिलाई चिरस्थायी वनाउन चाहन्छ्यौ भने सामाजिक रूपमा केही गर्दा नै यदि स्वर्ग छ भने अवस्य पनि म त्यहाँ पुग्दछु।

मृत शरीरवाट दुवै आँखा निकाली दान गर्नको लागि सहर्ष स्वीकार गरिदिनु पर्दछ जसको मद्दतले जो कसैको पनि अन्धकारमय जीवनलाई उज्यालोमा वदल्न सक्नेछ। दोस्रो कुरा यदि त्यो मृत शरीरलाई कुनैपनि चिकित्साशास्त्र अध्यापन गराउने संस्थाहरूले लग्न चाहन्छन् भने त्यसै गर्नु पर्दछ। मृत्युपश्चात् गरिने १३ दिनका संस्कारहरू कति कठिन, पुरातन र अनावश्यक छन् यसलाई पनि हामीले समयको गतिसँगै वदल्न सक्नुपर्दछ। भजन कीर्तन, योग, ध्यान, प्रवचन, सामाजिक कार्य गर्नुपर्छ जसले गर्दा तत्कालीन अवस्थामा आँफूलाई सम्हाल्न सकिन्छ त्यसै गर्दा उचित हुन्छ। मृत्यु संस्कारमा नित्य गरिने कार्यहरूमा लाग्ने खर्चले आफन्तहरू भएर पनि वृद्धाश्रममा आश्रित वेसाहारा आमावुवा, दाजुभाइ र दिदीवहिनीहरूलाई उनीहरूको इच्छाएको खाना, आवश्यक लगाउने कपडा, र पुग्छ भने ओढ्ने ओच्छ्याउने कपडाको जोरजाम गरिदिए त्यसैमा पुण्य मिल्दछ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वार्षिक रूपमा गरिने श्राद्धमा लाग्ने खर्चले गरिब बाबुआमा नभएको टुहुरो वालबच्चालाई अध्ययन गर्न सहयोग गरेमा श्राद्धभन्दा सयौं गुणा उचित हुन्छ । एक्लो जीवन साह्रै नीरस र कठिन हुन्छ, मृत्यु पश्चात् श्रीमान्/श्रीमती जोकोहीले पनि कोही हितैषीसँग सामिप्यता हुन चाहेमा स्वतन्त्र हुन पाउनु पर्दछ । किनभने यसले गर्दा आँफूलाई एक्लो भन्ने महसुस नहुन सक्छ । हामीले यति गर्न सक्यौं भने, कम्तीमा थोरै भएपनि हामीलाई जन्मदिने यस धर्तीका श्रेष्ठकर मानिस "आमा" को ऋण तिरेको ठहरिन्छ होला? प्रसिद्ध दार्शनिक ओशो भन्नुहुन्छ, "जीवन एक परमात्माको वरदान हो, पटक पटक मानव जीवन प्राप्त गर्न असम्भव छ, त्यसैले जवसम्म यो भौतिक शरीर रहन्छ तवसम्म जीवनलाई तनाब मुक्त भई उल्लासमय किसिमबाट बिताउनु पर्दछ । त्यसैगरी दोस्रोमा जीवन भनेको प्रेमको अनुपम उदाहरण पनि हो । मानवीयं जीवनमा प्रेमको यति धेरै महत्व छ कि प्रेममा नै जीवन भित्रको सत्यता लुकेको छ, प्रेमविना जीवन नै व्यर्थ हुन्छ । त्यसैगरी उहाँले भन्ने गर्नु भएको तेस्रो कुरा मृत्यु हो । परमात्माको वरदानबाट मनुष्यको रूप धारण गरेर यस पृथ्वीमा आए पछि ढिलो वा चाँडो यस सत्यलाई सवैले स्विकार्नु नै पर्दछ । यस कुरालाई धनदौलत, मानप्रतिष्ठा, सानसौगात आदि केहीले पनि रोक्न सक्दैन । राजादेखि रङ्कसम्म सवैले यस कुरालाई आत्मसात गर्नु नै पर्दछ । वास्तवमा उहाँका अनगिन्ती प्रवचन र पुस्तकहरूमा यिनै कुराहरू अधिकतम रूपमा व्याख्या गरिएका हुन्छन् । यी कुराहरूले मानव जीवनमा गहिरो अर्थ राख्दछ ।

सन्दर्भ सूची

१) रिजाल सुशीलकुमार, "नेपाली समाजका विधवा महिलाहरू" त्रि.वि.वि. मानविकी तथा समाजशास्त्र विभाग, शोधपत्र २०६०
२) के.सी. डा. सुरेन्द्र, "प्राचीन र मध्यकालीन नेपाल" पैरवी प्रकाशन काठमाडौं । २०५५
३) ओझा घनानाथ, "नेपालमा महिला" पैरवी प्रकाशन काठमाडौं । २०५६
४) थापा कृष्णवहादुर, "नेपालको महिला र सामाजिक परिवर्तन" मानविकी तथा समाजशास्त्र अध्ययन केन्द, शोधपत्र १९८१

dpk2000@hotmail.com

हार्दिक



बधाई

*नामित प्रतिभा दण्डपाणि अर्ज्यालका नाति तथा कोष संस्थापक श्री हरिहर अर्याल तथा चन्द्रा अर्यालका जेष्ठ सुपुत्र यस केन्द्रका आजीवन सदस्य इन्जिनियर **श्री निर्मल अर्याल गैर आवासीय नेपाली सङ्घ (NRN), राष्ट्रिय समन्वय परिषद फ्रान्सको** अध्यक्ष पदमा निर्वाचित हुनुभएकाले हार्दिक बधाई ज्ञापन गर्दै कार्यसफलताको निम्ति कामना गर्दछौं ।*

दण्डपाणि अर्ज्याल स्मृति केन्द्र, काठमाडौं, नेपाल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

खानेपानी तथा सरसफाइको क्षेत्रमा
ग्रामीण खानेपानी तथा सरसफाई कोष विकास समिति

यस समितिले विगत १६ वर्षदेखि नेपालका ग्रामीण क्षेत्रमा खानेपानी तथा सरसफाई कार्यक्रमहरू अविछिन्न रूपमा सञ्चालन गर्दै आईरहेको छ । विकास समिति ऐन २०१३ अन्तर्गत २०५२ सालमा गठन भएको यस समितिलाई छोटकरीमा फन्डबोर्डको नामल चिनिन्छ । यस समितिले ७४ जिल्लामा आफ्ना कार्यक्रमको पहुंच पुऱ्याई सकेको छ । स्थापनाकालदेखि हालसम्म नेपाल सरकार र विश्वबैंकको सहयोगमा सञ्चालित पहिलो आयोजना अन्तर्गत नेपालका ४९ जिल्लामा ८९४ खानेपानी तथा सरसफाई आयोजनाहरू सम्पन्न गरिसकेको छ । जसबाट करिब ६ लाख जनसङ्ख्या लाभान्वित भएका छन्, भने दोश्रो आयोजना अन्तर्गत आगामी सन् २०१२ अगस्तसम्ममा १४६३ खानेपानी तथा सरसफाई आयोजना सञ्चालन गरी थप ११ लाख जनसङ्ख्यालाइ सेवा प्रदान गर्ने लक्ष्य लिएको छ । यसरी पहिलो र दोश्रो आयोजनाबाट करिब १७ लाख जनता खानेपानी तथा सरसफाई सेवाबाट लाभान्वित हुनेछन् ।

ग्रामीण समुदायको प्रत्यक्ष संलग्नतामा मागमा परिचालित, दीगो, किफायती र भर पर्दो योजनाहरू छनौट गरी गरिब, दलित, जनजाति, पिछडिएका वर्ग र खानेपानी तथा सरसफाई सेवाबाट विमुख अन्य सबै वर्गलाई समेट्ने गरी ग्रामीण समुदायको पहुंच वढाउन यस समितिको महत्वपूर्ण भूमिका रहेको छ । क्षेत्रगत साङ्गठनिक कार्यक्षमतामा अभिवृद्धि गरी समितिको अवधारणालाई नेपाल सरकारको कार्य पद्धतिमा समाहित गर्दै लैजाने र ग्रामीण समुदायलाई समावेशी स्थानीय खानेपानी तथा सरसफाई उपभोक्ता समूह गठन गर्न मद्दत पुऱ्याउने, जसले गर्दा समूहले योजना बनाउन सकून् तथा जसले ग्रामीण परिवारलाई दीगो स्वास्थ्य सरसफाइ एवं उत्पादनशील लाभ प्रदान गर्न सकून भन्ने उद्देश्यका साथ ग्रामीण खानेपानी तथा सरसफाइको क्षेत्रमा द्रूत गतिमा अघि बढेको छ ।

ग्रामीण खानेपानी तथा सरसफाई कोष विकास समिति

पो.ब.नं. १२४१४, शिवमार्ग, महाराजगंज, काठमाडौं ।

E-mail: khaskosh@rwss.org, Website: www.rwss.org

स्तरीय सेवा र सुविधाका लागि हामीलाई सम्झनुहुन स्वदेशी तथा विदेशी पर्यटकहरूलाई अनुरोध गर्दछौं ।

Proprietor- Ramchandra Adhikary

RIVER VIEW JUNGLE CAMP

Address: **Chitwan National Park**, Bachhauli-2

Sauraha, Chitwan, Nepal

Contact: Fax-0097756580096, 056580035, Mobile-9845085543

Email- riverviewjungle@hotmail.com

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नियात्रा

दसहजार तालको साम्राज्य

✍ राजेन्द्रप्रसाद अर्याल*

आकाशमार्गवाट विमानस्थललाई हेर्दा विद्युतीय उज्यालोले रात्रीकालीन सौन्दर्यको जलप थपिरहेथ्यो। मिनियापोलिस विमानस्थल ठूलै रहेछ। अमेरिकाको उत्तर दिशामा अवस्थित मिनिसोटा राज्यमा रहेको उक्त विमानस्थल त्यस क्षेत्रको महत्त्वपूर्ण अन्तर्राष्ट्रिय विमानस्थल हो भन्ने अवगत भयो। स्वदेशवाट उडेको चालीस घण्टापछि पाँच ठाउँमा ट्रान्जिट भै रातको ठीक दसवजे उक्त विमानस्थलमा अवतरण भएँ। हुन त साँझको पाँचवजे ओर्लनु पर्ने पूर्वनिर्धारित कार्याक्रममा वासिङ्गटन डि.सि.मा जाहाज छुटनाले पाँच घण्टाको यात्रा अवधि थप हुन गयो। एक हुल परिवारजनहरू तोकिएको समयमा विमानस्थलमा जम्मा भै रित्तै फर्कन परेको तितो यथार्थले मन चिसो भयो र पछिल्लो झमट सीता र विनायक मात्र मलाई लिन आउनु भएको थियो।

नेपालदेखि पातालभूमिसम्मको लामो यात्रा स्वयंमा पट्यार लाग्दो त्यसमाथि विमान छुट्न गएको मानसिक तनावले लखतरान भै सकेको थिएँ। आफ्नो सामानको व्यग्र पर्खाइमा रहँदा रहँदै वासिङ्गटन डि.सि.वाट झोलाहरू विमानस्थलसम्म आइनपुगेको समाचारले मनलाई भारी दुःखी वनायो, खल्लो लाग्यो। सामान नै हराउँछ कि भन्ने झिनो त्रासले मनको भित्री कुनामा गाँठो पारिरह्यो। तर सो कक्षमा काम गर्ने महिला कर्मचारीको व्यवहार ज्यादै सहयोगी थियो। मधुर मुस्कान सहितको सुसंस्कृत नम्र व्यवहारले यात्रुहरूलाई लठ्याउँथ्यो। अपनत्वले भरिपूर्ण उनको वोलीवचन कृतकृत्य पार्ने खालको थियो। लाग्दथ्यो झन्झट र तनाववाट मुक्त हुने मीठो तथा स्वादिलो औषधि यात्रुहरूलाई खुवाइरहेकी छन्। उनले मलाई यसरी आस्वस्त तुल्याइन् मानौं मेरा झोलाहरू मैसँग छन्, छुटेकै छैनन्। मलाई लिन विमानस्थल वाहिर आउने आफन्तसँग मेरो फोन सम्पर्क समेत गराइदिइन्। प्रफुल्ल भै उनीसँग विदा हुन खोज्दै थिएँ तर उनी त मलाई पुऱ्याउन ढोका वाहिरसम्मै पो आइन्।

विमानस्थलदेखि निवासस्थानसम्मको दस मिनेटको यात्रा समयभित्र मनले अनेक विवेचना गर्न थाल्यो। हृदयमा आफ्नै देशको अन्तर्राट्रिय विमानस्थलको दृष्य एकैचोटि गुजुल्टिएर वल्झ्यो। त्यहाँका कर्मचारीहरूका असहयोगी र असभ्य व्यवहार, होटलका दलालहरूले उचालेका प्लेकार्ड, ट्याक्सी डाइभरहरूका तानातान, अनुत्तरदायी प्रहरीहरूका कुरूप नाटक मनको पर्दामा नाच्न थाले। अनुशासनहीन र अनुत्तरदायी संस्कारको सुकेलुतोवाट मेरो देश कहिले मुक्त होला ? त्यस किसिमको कलाविहीन गाईजात्राको

* *साहित्यकार एवं स्मृतिकेन्द्रका कोषसंस्थापक मध्येका एक, हाल अमेरिका। -सम्पा.*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri
अन्त्य कहिले होला र खै ? यी र यस्तै तर्क-वितर्कहरू गर्दा गर्दै वासस्थान आइपुगेछ । भोलिपल्ट ती महिलाले दिएको समयभित्रै आफ्ना लगेजहरू सहिसलामत निवासस्थानमा आइपुगेको घटनाले अमेरिकीहरूको उच्च व्यवस्थापकीय क्षमताको नमुना प्रस्तुत गरिरहेजस्तो लाग्यो । मनभित्रको झिनो त्रासयुक्त गाँठो मात्र फुकेन हृदयमा विश्वासको टाँचा लाग्यो । उनीहरूप्रतिको श्रद्धाभाव अझ दुई इन्च माथि उठ्यो । इमान र लगनशीलताको प्रशंसा गर्न मन लाग्यो । भोलिपल्ट प्रभातीय हिँडाइको क्रममा वाहिर निस्किएँ । मलाई सडक आतङ्कले गर्लम्मै अँगालो हाल्यो । कति ठूला सडकहरू ? क्या विधि फराकिला ? जतागए पनि बाटै-वाटो, पुलै-पुल । जहाँतहीँ गाडीका लस्कर छन् । ती सवै बेतोड दौडिरहेछन् । लाग्दथ्यो वाहनका क्रियाशील सारथीहरू जीवनको महाभात सफलतापूर्वक लडिरहेछन् र हतारो शब्दसँग माया-प्रीति गाँसेका छन् । धुलो धुवाँ, खाल्डा-खुल्डी र हिलोको विउसमेत मासिएको आभास हुन्छ । पाइलै पिच्छे सडक निर्देशिकाहरू देखिन्छन् । ती सवै पढेर अनि सिकेर कहिले सकिएला कुन्नि ? पैदल यात्रु देख्नै मुस्किल । वाटो छलिएमा सोध्ने मानिसकै अभाव । सडक किनाराका दुवैतर्फ फराकिला तथा खुला जमिन जहाँ एउटा गाउँ नै वसाउन सकिने जस्तो देखिन्छ । कुनै एउटा राजमार्गमाथिको पुलवाट तल, दायाँ-वायाँ, अगाडि-पछाडि नियाल्छु । माकुराको जालो जेलिए झैँ सडक जेलिएको देख्छु । चार-पाँच लस्कर गाडीहरू हलगोरु झैँ नारिएर उछिन-पाछिन गर्दै सावधानीपूर्वक वगिरहेका छन् । भित्र पस्ने र वाहिर निस्कने क्रम सडकका दुवै किनाराहरूवाट निरन्तर चलिरहेछ । ती दृष्यहरूसँगै मेरा कल्पनाको पर्दामा अनेक उपदृष्यहरू सलवलाउन थाले । खै गाडी चलाएर हिँडन हम्मे-हम्मे पो पर्छ कि क्या हो । गाडी नहुनु भनेको खुट्टा नहुनु सरह हो भन्छन् । के खुट्टाको व्यवस्था गर्न सकिएला ? नौ नाडी गली आयो । आकाशमा जहाज उडाउन वरु सजिलो होला तर सडकमा गाडी गुडाउन सकिदैन कि क्या हो । यी र यस्तै प्रश्नहरूले मनको कुनै कुनामा खिन्नतापूर्ण कम्पन पैदा गरिरह्यो ।

पातालभूमि टेकेको चौथो दिन, अर्थात् ९ अप्रिल २०११ । जे देख्यो त्यही नौला नै छन् अझै मलाई । मन विशेष प्रफुल्लित छ । नेपाली दाजुभाइहरूसँगको जम्काभेट हुने उमङ्गले सगरमाथाको चुचुरो चुम्न पुगेको छु । नयाँ वर्ष २०६८ भव्यतापूर्वक मनाउन मिनिसोटा नेपाली सङ्गठनले एउटा भेलाको आयोजना मिनिसोटा विश्वविद्यालयको ठूलो हलमा गरेको छ । रात्री भोजसहितको विविध साँस्कृतिक कार्यक्रमको लागि हामी पाँचवजेदेखि भेला हुन थाल्यौँ । साँझ छिप्पिदै जाने क्रमसँगै मानिसहरूको घुइँचो वढ्दै आयो । मञ्चको पर्दा उघ्रियो । म हलको एक कुनावाट नियालिरहेको छु । आयोजकको प्रस्तुति र दर्शकहरूका प्रतिकृयाहरूलाई अनुभूत गरिरहेछु । कार्यक्रमका प्रस्तुतिहरूले मेरो अन्तस्करणमा परमानन्दको महोत्सव उदघाटन भै रहेछ । नेपाली गीत, सङ्गीतको अनुपम संयोजन प्रस्तुत भए । भाषा, भेषप्रतिको गहिरो अनुरागलाई ह्वात्तै खन्याए । राष्ट्रियता र देशभक्तिको महिमा गाए । जन्मभूमिप्रति श्रद्धानत हुँदै स्मृतिको सुगन्धमय माला उन्दै गए । डाँफे र मयूर त्यहीँ नचाए । ढुक्कुर र कोइलीको स्वर लहरीमा मधुर भाका हाले । मादल र सारङ्गीको सुमधुर धुन प्रस्तुत गरे । यसरी विविध नेपाली संस्कृतिको प्रदर्शनमात्र गरेनन्, हिमाल, पहाड र तराई नै त्यस मञ्चमा उतार्न सफल भए ।

दर्शकदीर्घामा उमङ्ग र उत्साह हलक्कै बढेको देखिन्थ्यो । सवैमा जन्मभूमिप्रतिको अगाध स्नेह झल्केथ्यो । तालीको गडगडाहट र सुसेलीका चर्को ध्वनिवाट अनुमान गर्न सकिन्थ्यो- दर्शकहरू जन्मभूमिसँगको भोक र प्यास मेटाइरहेछन् । अमेरिकाजस्तो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri
शक्तिशाली अनि संसारकै अन्तिम गन्तव्यस्थलमा छन् तथापि मातृभूमि जति महान् र उच्च वस्तु अन्य केही देख्दैनन् उनीहरू । यसरी नेपालीभूमिभन्दा धेरै टाढा रही परम्परा र संस्कृति अनि कला र सङ्गीतको जगेर्ना मात्र होइन प्रचार प्रसार गर्ने जुन काम भैरहेछ त्यसको मुक्त कण्ठले प्रशंसा गर्न मनलाग्यो । स्वदेशमा रहेर सोही प्रयोजनको लागि तलब-भत्तामा पालिएकाहरूले भन्दा परदेशमा रही निस्वार्थभावले स्वतस्फूर्तरूपमा यस्ता कार्यक्रम गर्नेहरू वास्तवमा स्तुत्य छन्; प्रशंसनीय छन् । म नयाँ यात्री । नवीन स्थान बिशेषका अनगिन्ती जिज्ञासाहरूले मलाई छपक्कै छोपेका छन् । त्यसै क्रममा मिनिसोटाका गाडीहरूका नम्बरप्लेटमा दसहजार ताल (10,000 Lakes) पनि लेखेको देख्छु । सो लेखाइको अर्थको वाँझो फुटेन । अनौठो लाग्छ, किन लेखियो ? अर्थ के हो । एक दुई जना गाडी धनीका लहडमा लेखिएको हो भनुँ भने पनि सम्पूर्ण गाडीहरूमा लेखिएका छन् । अनगिन्ती जिज्ञासाहरूको माझबाट यो जिज्ञासाले बारम्बार टाउको उठाइरह्यो । निरन्तर मलाई लखेटिरह्यो । प्राकृतिक सम्पदाको हिसावले मिनिसोटा राज्य सवल र उत्कृष्ठ कोटीमा पर्दोरहेछ । भूभागको हिसावले नेपालभन्दा डेढी ठूलो तर पचपन्न लाख मात्र जनसङ्ख्या रहेको यो राज्यलाई तालै तालको राज्य पनि भनिँदोरहेछ । यहाँ यति धेरै र महत्त्वपूर्ण तालहरू रहेछन् कि यसको जानकारी मात्रले पनि म आश्चर्यचकित भएँ । त्यो अपत्यारिलो तर सत्य तथ्याङ्क एकै चोटि सुन्दा मेरा कान ठाडा भए र आँखा अविश्वासमा चम्किरहे । यी तालहरू सकेसम्म घुम्ने, डुल्ने चाहना मनमा पलाउँदै आयो ।

यहाँ चालीसहजार स्क्वायर मिटर वा त्योभन्दा वढी क्षेत्रफल ओगटेको तालहरूको सङ्ख्यामात्र ११,८४२ रहेछन् । त्योभन्दा कम क्षेत्रफल भएका ताल त झन् कति हो कति । हामीजस्ता ताल सङ्ख्या न्यून भएका मुलुकका वासिन्दाहरू मात्र होइन जो कोही पनि यो सत्यताको उद्घाटनले अनौठो मान्नु स्वाभाविकै छ । यति धेरै सङ्ख्यामा ताल तलैया भएको ठाउँ संसारमा अन्यत्र छैन पनि । प्रायः ती सबै तालहरूलाई भरपुर उपयोग गरिएको भन्ने जानकारी मिल्यो । यसरी तालै तालले भरिएको राज्य भएको हुँदा उक्त विशेषतालाई प्रचार प्रसार गर्न चानचुन सङ्ख्यालाई एकातर्फ पन्छाएर समुच्चरूपमा दसहजार अङ्क सङ्ख्यालाई पनि राज्यमा दर्ता भएका प्रत्येक गाडीको नंवरप्लेटमा अनिवार्य अङ्कित गर्ने नियम राज्यले नै वसालेको रहेछ । राज्यको मूल बिशेषता लोकलाई देखाउने प्रचारात्मक शैली रहेछ त्यो । संसारको सवैभन्दा ठूलो ताल सुपेरियर लेक मिनिसोटामा नै पर्दोरहेछ । यो तालको प्रख्यातिले आकाश चुमेको हुँदा यसलाई हेर्ने, छुने र अनुभव गर्ने चाहना पलाउँदै आयो । वासस्थान ईडाइनावाट झन्डै दुइसय माइल उत्तर दिशामा अवस्थित डुलुथ भन्ने स्थानमा पुगी अघाउन्जी 'सुपेरियर लेक' हेरियो । समुन्द्र सतहभन्दा माथि रहेकाले यसलाई ताल भनिएको अन्यथा यो समुद्रसरी ठूलो र फराकिलो रहेछ । डुलुथ भूभाग पर्यटकीय हिसावले आकर्षक देखियो । वर्षमा झन्डै ६ महिना हिउँमा पुरिने यो ठाउँमा सामुद्रिक जाहाज सम्वन्धी सङ्ग्राहलय पनि अवलोकन गर्ने अवसर जुर्‍यो । मिनिसोटाको केन्द्र भागमा मिनियापलिस र सेन्टपल नामक दुई सहर रहेछन् । सुप्रसिद्ध मिसिसिपी नदीले छुट्याएको यी दुईलाई जुम्ल्याहा सहर (टुइन सिटी) पनि भनिँदोरहेछ । सेन्टपल राजधानी सहर हो भने मिनियापोलिस व्यावसायिक तर यो सेन्टपल भन्दा ठूलो छ । अमेरिकामा राज्य सरकारको राजधानी सहरभन्दा त्यही राज्यका अन्य सहरहरू प्रायः ठूला अनुभव भए । जुम्ल्याहा सहर नजिकै वासस्थान भएवाट त्यस भेगका तालहरू प्रशस्तैमा पुग्न सकियो । तालहरूलाई व्यावसायिक हिसावले उपयोग

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri
गर्ने तौर तरिका अवलोकन भए । पौडी खेल्ने, डुङ्गा तथा जाहाज चलाउने, ऱ्यापिटङ गर्ने, बीचमा (तटमा) खेल्ने लगायत आधुनिक 'वाटर पार्क' निर्माण गरी पानीसँग सम्वन्धित विविध खेलहरू खेल्ने र दृष्यावलोकन गर्ने चलनको विकास भएको पाइयो । वास्तवमा वाटर पार्कहरू आकर्षक थिए । वगेको नदीलाई तहल्याएर त्यसलाई 'स्टिलवाटर' नामकरण गरी व्यावसायिक रूपले भरपुर उपयोग गरेका पनि देखियो । तालहरूको सेरोफेरोभित्र पस्नासाथ रोमाञ्चको काँडा उम्रेर आउँथे । यिनका सुस्वादु स्मृतिले मेरो हृदयको धमनीहरूमा सदासर्वदा संचरण गरिरहेका छन् ।

जतिधेरै तालहरू छन् त्यति नै त्यसप्रतिको आकर्षण पनि चुलिँदा छन् । तालका चारैतर्फका भूभागहरूमा प्राकृतिक रमणीयताको उपलब्धता वेसी हुने भएर नै होला सायद त्यस भागतर्फ हुने खानेहरूकै बसोवास वढी देखिन्थ्यो । ताल वरिपरिका घरहरूका आ-आफ्नै व्याकयार्डमा व्यवस्थित किसिमले पार्क गरिएका मोटरवोटहरूले सम्पन्नता र विलासीताको बोध गराउँथ्यो । तालका ओरिपरि पैदल, साइकल तथा गाडीका वाटाघाटाहरू व्यवस्थित देखिन्छन् । अधिकांश तालहरूसँग ठूलाठूला पार्कहरू जोडिएका छन् । पार्कभित्रका वातावरण पर्यटकीय हृदय हरण गर्ने खालमा थिए । एउटा पार्कमा हुनुपर्ने बिविध सुविधाका वस्तुहरू व्यवस्थित छन् । घाँस काटेर चिटिक्क पारिएका खुला तथा फराकिला चौरहरूले थप आकर्षण दिइरहेथ्यो । लाग्दथ्यो त्यो इलाका सौन्दर्यमय फराकिलो रङ्गमञ्च हो ।

समरको उज्यालो मौसम, सूर्यका रापिला किरणले जगतै ढाकिएको छ । जलक्रीडाका अम्मली तथा पारखीहरू आ-आफ्नो स्वादमा रमाइरहेका छन् । लाइफ ज्याकेट विनाको जलयात्रा प्रतिबन्धित छ । दुर्घटनाप्रतिको चिन्ता कसैमा देखिँदैन । ताल व्यवस्थापन पक्षको तर्फवाट 'लाइफ गार्ड'हरूको उपस्थिति वाक्लो गराइएको देखिन्छ । तालका किनारहरूमा 'विच' प्रेमीहरूका जङ्गल नै देखियो । आ-आफ्ना साथी तथा जोडीहरूसँग तिनीहरू विमुग्ध देखिन्छन्, मुटु साटासाट गरिरहेछन् । भन्दा हुन- माया लुकेर होइन, खुलेर गर्नु पर्दछ । सूर्य स्नानका रापिलो तापमा आ-आफ्ना झन्डै निर्वस्त्र शरीर सुकाई रहेछन् । लाग्दथ्यो- जीवनको वास्तविकता नग्न रूपवाट बुझ्न चाहन्छन् उनीहरू । सोच्दा हुन्- नग्नतामा नै यथार्थता हुन्छ ।

तालमा फिसिङ्मा रमाएका समूह ठूलै तथा प्रशस्त देखिन्थे । माछा मार्ने कार्य खाई जीविकाको निम्ति नभई शुद्ध सोखको लागि भएको देखियो । वल्छीमा परेको माछालाई पुनः तालमा नै छाडिदिने निर्लोभी संस्कारको प्रशंसा गर्न मन लाग्यो । माछा सम्वन्धी एउटा प्रसङ्गले भने मेरो मनमा खुट्टा उचालिरह्यो- यति धेरै तालहरू भएको ठाउँमा व्यावसायिक माछापालन भएको कहीँ देखिएन । अर्कोतर्फ माछाको खरिद विक्री खासै हुँदो रहेनछ । सीमितताभित्र ताजा माछा नभै फ्रोजन मात्र पाइने र ती पनि अत्यधिक महङ्गा लाग्यो । मैले अनुमान लगाएँ- अमेरिकीहरूमा माछा मोह कमै रहेछ । ताल अवलोकनार्थ म जति-जति ठाउँमा पुग्दथें अनायासै मेरो मनमा प्यारो पोखरा उपस्थित भै हाल्थ्यो । फेवा, रूपा र वेगनासले त पोखराको सौन्दर्यमा जलप थपिदिएको थियो भने अमेरिकी वैभवभित्रको दसहजार अधिक तालहरूले उक्त स्थानलाई स्वर्ग बनाएको छ भन्दा अत्युक्ति हुने छैन जस्तो लाग्यो । मिनिसोटा राज्यलाई 'नर्थ स्टार स्टेट' को विशेषतायुक्त हार पहिऱ्याउनमा यी तालहरू कै भूमिका अहं देखियो । मिनिसोटामा एउटा पर्यटकले अनिवार्य पुग्नु पर्ने ठाउँ 'मल अफ अमेरिका' रहेछ । अमेरिका कै सबैभन्दा ठूलो मल जहाँ पाँचसयभन्दा बढी पसलहरू रहेछन् । किनमेल, मनोरञ्जन, बालक्रीडा लगायत विविध

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri
विशेषताले भरिपूर्ण यो मल विश्वकै पर्यटकीय गन्तव्यभित्र पर्दो रहेछ । वर्षको चालीस मिलियन यानेकि चार करोड पर्यटकको आवत जावत हुने यस मलभित्र वाह्रहजार मानिसले रोजगारी पाएका छन् भन्ने सुन्दा अनौठो लाग्यो । वास्तवमा सो मलको भव्यता आँखामा नअटाउने किसिमको थियो ।

मिनियापोलिस सहरका घरहरूमा जोडिएका 'स्काइ वे' अमेरिकामा नै प्रख्यात रहेछ । यो सहर कम्तिमा चार महिना पुरै हिउँले ढाकिने भएको हुँदा सहरका वाटो वारिपारिका भवनहरू वीच आवत जावतमा सुगमता कायम गर्ने प्रयोजनार्थ आकासे वाटो निर्माण गरी आपसी व्यावसायिक क्रियाकलापमा अभिवृद्धि गरिएको देखियो । मिनियापेलिस सहरका भवनहरूका वीचमा त्यस किसिमको वातानुकुलित 'स्काइ वे' को सञ्जाल नै निर्माण भएका रहेछन् । हिउँ तथा पानी पर्दा, जाडो तथा गर्मी जुनसुकै अवस्थामा पनि खुला सडकहरूमा ननिस्किइकन इच्छाइएको भवनमा गई कार्यसम्पन्न गर्न सकिदो रहेछ । त्यो सहरका ५०।६० तले आलिसान भवनहरू समेतलाई एउटै सूत्रमा उन्ने 'स्काई वे' का सन्जालहरूलाई हेर्दै मेरो हृदय मानिसको चाहना र आवश्यकता सम्वन्धी अनेक तर्क वितर्कमा सामेल भयो ।

अमेरिकाको वसाइले चार महिना पार गऱ्यो । अमेरिका कसरी सभ्य, विकसित र वैभवशाली हुन सक्यो ? यसको समूल कारण जान्न चाहन्थें म । चिप्लदो समयको क्रमसँगै मेरा केही जिज्ञासाहरू शान्त हुँदै आए । एकाध घण्टा प्रभातीय भ्रमण गर्ने आफ्नो रुचि अनुसार प्रत्येक दिन त्यसको लागि फरक फरक स्थानको छनौट गर्दथेँ । सडकमा हिडिरहेछु । चारैतर्फ सुनसान छ । केही टाढा एउटी अधवैँसे अमेरिकी महिलाले डोऱ्याएर हिंडाइरहेकी कुकुरले अनायासै दिसा गऱ्यो । ती महिलाले हाते झोलावाट प्लास्टिकको पञ्जा निकालिन् र हातमा लगाइन् । कुकुरको दिसालाई सहजरूपमा उठाइन् र पञ्जा सहित अर्को प्लाष्टिकको झोलामा राखिन् अनि पूर्ववत् त्यस कुकुरलाई डोऱ्याउदै गइन् ।

यो घटना कुकुर र महिलाको सर्तमा मात्र सीमित नराखी यसवाट अन्य विविध पक्षको नापो लिन सकिने देखेँ मैले । अमेरिकी विकासको आधार वुझ्न सकिने निष्कर्ष निकालेँ । अमेरिकी सभ्यता, संस्कार र संस्कृतिको प्रतिनिधि घटनाको रूपमा व्याख्या गरेँ । उनले निभाएकी दायित्वपर्ण तथा कर्तव्यनिष्ट व्यवहारले मलाई लखटिरह्यो । मैले गम खाएँ । सहरका झ्याल र वार्दलीवाट निसङ्कोच फालिने मलमत्रको ननिको स्वदेशी दृष्य स्मृतिको पर्दामा ह्वात्तै देखापऱ्यो । अनि असभ्य संस्कृतिको धारिलो वसिलाले नाकै ताछ्यो । उदासीको करौंतीले मेरो हृदय रेट्न थाल्यो । अर्कोतर्फ ती महिलाको उच्च कर्तव्यनिष्ट व्यवहारले द्रवीभूत भएँ म । उनको इमानलाई नतमस्तक भएर सलामी टक्ऱ्याउन मन लाग्यो । उनीप्रति श्रद्धाको पाती चढाएँ मैले ।

महिला कुकुरको आची वोकेर आफ्नो वाटो लागिन् । मेरो मनमा भने प्रभातीय हिडाइँको अवधिभरि विभिन्न प्रश्नहरूको हुँडुलो चलिरह्यो । अनेक तर्कना लागिरहेछ । हठात् मेरो मनमा तर्कनाको द्वार खुल्यो । ती महिलाको इमान र उत्तरदायित्वपूर्ण व्यवहारलाई आफैप्रति उल्ट्याएर सोच्न थालेँ । के मैले मेरो देशमा यस्तै व्यवहार गर्न सकेँ ? त्यस्तो व्यवहार गर्न हामी नेपालीहरूलाई कस्ले छेकेको छ । महिलाको जस्तो व्यवहार गर्न सकेको भए आज नेपालीहरू हातमुख जोर्नकै लागि विदेशीभूमि धाउनु पर्थ्यो ? यी र यस्तै अनगिन्ती प्रश्नहरूले मलाई निरन्तर न्याकिरह्यो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विचार र तरङ्गको वायुपङ्खी घोडामा सवार भै मेरो मन पुनः स्वदेश पुग्यो र अधोगतिको तथ्य निरुपणमा सामेल भयो । अविकास, विसङ्गती, कुसंस्कार र भ्रष्टाचारको भारी नेताहरूलाई मात्र वोकाएर हामी जनता उम्किन मिल्दैन । खराव भनिएकाहरूलाई नेता बनाउने हामी जनता नै होइनौं ? पर्सादीको लोभमा नेतागणको परिक्रमा गरी बेलाइनबाट टपरी थाप्ने हामी जनता नै होइनौं ? समुच्चमा भन्नुपर्दा हामी जनता कर्तव्यनिष्ठ र उत्तरदायी हुन सकेनौं । अनुत्तरदायी जनताको प्रिय हुन उत्तरदायी नेता भएर सम्भवै छैन । अर्को शव्दमा यसलाई अझ प्रस्ट्याउन उद्यत् हुन्छ मेरो मन-हिमालमा हुर्की वढेको भालुको रौं सेतो भए जस्तै अनुत्तरदायी जनताको माझमा हुर्केको नेता स्वतः अनुत्तरदायी हुने भएन ? आज भोलि अमेरिकी नमुनायोग्य भौतिक संरचना अवलोकन गर्दा होस वा स्वदेशी अवनतिको समाचार सुन्दा किन नहोस, मनको उत्सुक किनारामा त्यही कुकुर अनि महिलाको दृष्य नाचिरहन्छ । त्यो घटना मेरो दिलको ऐनामा प्रेरणादायी स्मृतिको सुखद् लहर भएर निरन्तर लहरिइरहन्छ ।

आउनुहोस् ! सीपमूलक तालिम लिनुहोस् । रोजगारीको अवसर बढाउनुहोस् !!

कक्षा १० भन्दा बढी नपढेका बेरोजगार युवायुवतीका लागि वजारमुखी छोटो अवधिको सीपमूलक तालिमहरू **निःशुल्क** रूपमा सञ्चालन भैरहेका छन् । तपाईं पनि आउनुहोस् सीप सिकेर रोजगारयोग्य वन्नुहोस् ।

तालिमका विषयहरू:

- निर्माण व्यवसाय र कृषि तथा पशुपालन व्यवसायका सीपहरू,
- पर्यटन तथा होटल व्यवसाय र यान्त्रिक विषयका सीपहरुका साथै
- स्थानीय आवश्यकताको आधारमा ।

तालिम सञ्चालन भइरहेका स्थानहरू:

- ग्रामीण तालिम केन्द्र भिमाद, तनहुँ
- ग्रामीण तालिम केन्द्र खुदी, लम्जुङ
- धवलागिरि प्राविधिक शिक्षालय लेते, मुस्ताङ
- कर्णाली प्राविधिक शिक्षालय, जुम्ला
- उत्तरपानी प्राविधिक शिक्षालय, उत्तरपानी धनकुटा
- जिरी प्राविधिक शिक्षालय, जिरी, दोलखा

रोजगारीका लागि सीप कार्यक्रमको बारेमा यो विज्ञापन पढ्नुहुने सबै महानुभावहरूले आफ्नो गाउँ टोल छिमेकमा रहेका बेरोजगार युवायुवतीहरूलाई तालिमका बारेमा जानकारी दिनुहुन अनुरोध छ ।

थप जानकारीका लागि

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (CTEVT)

रोजगारीको लागि सीप परियोजना बिजुलीवजार, काठमाडौं

फोन: ०१-४७८५११०, ४७८१६७९, Website: www.sepctevt.org.np

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उदयपुरको बेलका र काभ्रेको बेला

हरि मञ्जुश्री*

जङ्गलमा गएको मान्छेले जङ्गलभित्र विशाल र सुन्दर दरवार देख्छ, जङ्गलबाट फर्कंदा ऊ सुन-चाँदी लिएर फर्कन्छ भन्ने कुरा कसैले पनि तपाईंलाई सुनायो भने तपाईं त्यसलाई 'हावादारी गफ' ठान्नुहुन्छ । हुन पनि कुरा हावादारी खालकै छ । तर गफ नठान्नोस्– उदयपुर जिल्लामा उत्खननको प्रतीक्षामा रहेको एउटा यस्तो ऐतिहासिक स्थल छ, त्यहाँ पुग्नुभयो भने तपाईंले माथि उल्लिखित कुरालाई सत्य नमानेर धरै पाउनुहुन्न । आउनुहोस्, म तपाईंलाई त्यो ऐतिहासिक दृष्टिले निकै महत्त्वपूर्ण तर पुरातत्त्वविद्‌हरूको आँखाबाट ओझेल परेको ठाउँमा घुमाउन लैजान्छु । सगरमाथा अञ्चलअन्तर्गत उदयपुर जिल्लाको पूर्वी सीमान्त क्षेत्रमा कोसीनदीको पश्चिमपट्टि एउटा रमणीय घना जङ्गल छ । चुरे पहाड पूर्वमा यहींसम्म आउँछ र क्रमशः होचिँदै कोसीनदीको किनारमा पुगेर अन्त्य हुन्छ । चुरेको आसपासमा चतुर्भुजाकार रूपमा फैलिएको यो जङ्गल 'बेलका' नामले प्रसिद्ध छ । विभिन्न किसिमका रूख-बिरुवा, कीट-पतङ्ग, जन्तु, चराचुरुङ्गी र पुतलीहरू यस जङ्गलमा पाइन्छन् । तर अहिले यो जङ्गल बिस्तारै फँडानी हुँदैछ र कोसीनदीले पनि पूर्वतिरबाट जङ्गललाई काट्‌तै लगिरहेको छ ।

बेलका र यसका निकटवर्ती स्थानहरूमा पाइने प्राचीन अवशेषहरूले यसको विगतलाई निकै नै सम्मृद्धशाली देखाउँछन् । यस ठाउँले विभिन्न किसिमका किम्वदन्तीहरू बोकेको छ र यहाँ प्राप्त वस्तुहरूले पुरातत्त्वविद्‌हरूलाई अध्ययन तथा उत्खननका लागि आमन्त्रण गरिरहेका छन् । स्वदेशी तथा विदेशी पुरातत्त्वविद्‌हरूले धार्मिक, सांस्कृतिक र ऐतिहासिक महत्त्वका निकै स्थलहरूको अनुसन्धान गरेका छन् तर नेपालका विभिन्न कुनाकाप्चामा रहेका कतिपय महत्त्वपूर्ण स्थलतिर उनीहरूको दृष्टि पुगेको देखिन्न । बेलका यस्तै स्थान हो, अध्ययन गर्न बाँकी रहेको तर पुरातत्त्व विभागको आँखाले पनि ठम्याउन नसकेको एउटा महत्त्वपूर्ण स्थल हो । बेलका जङ्गलको आसपासका वासिन्दाहरू बेलकाका अधिपतिका रूपमा अद्यावधि बेलका राजा– बेलका रानीको पुकारा गर्दछन् । दैवी शक्तिका रूपमा यिनको पूजाआजा, भाकल गर्ने चलन पनि अझै छ । यसै जङ्गलसँग सम्बन्धित कौतुकमय जनश्रुतिहरू पनि ती वासिन्दाहरूबाट सुन्न पाइन्छ । त्यस्ता जनश्रुतिहरूको प्रतिनिधित्व गर्दै रानीपँधेरोका एकजना वृद्ध व्यक्ति बेलकाको रोचक कहानी सुनाउँछन् ।

उनी भन्छन्– "महाभारत पहाडबाट हेर्दा बेलका जङ्गलको कुनै उच्च स्थानमा जङ्गलदेखि माथि उठेको एउटा विशाल र सुन्दर दरबार देखिन्थ्यो । त्यसलाई बेलका

*अन्वेषक, ग्रन्थसम्पादक, सञ्चार संयोजक: काठमाडौं विश्वविद्यालय । -सम्पा.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

दरबार भनिन्थ्यो । कालान्तरमा त्यो दरबार र त्यसको आसपासमा पोखरी, मन्दिर, बगैंचा आदि पुरिए । भुइँचालोले त्यस्तो विनाश मच्चाएको हुन सक्छ ।" "त्यही जङ्गलको बाटो हिँड्नुपर्ने कामका बटुवाहरू रात-साँझमा जङ्गलमा अलपत्र पर्थे, अनकन्टार जङ्गलको अन्धकारले बटुवाहरू बाटो भुल्थे र जङ्गलमा अलमलिन्थे । त्यस्तो वेलामा त्यहीँ कतै उज्यालो भेटिन्थ्यो र बेलका राजाको दरवार देखिन्थ्यो । त्यहाँ उनीहरूलाई राम्रोसँग खाने-सुत्ने व्यवस्था गराइन्थ्यो । यस काममा दरबारका नोकर-चाकरहरूले सघाउँथे । राति पलङमा सुतिन्थ्यो तर बिहान विउँझँदा सुत्नेले आफूलाई जमिनमै सुतिरहेको पाउँथ्यो । यस्ता वटुवाहरूले जङ्गलभित्र कसैले पोखरी, कसैले मन्दिर र कसैले बगैंचा पनि भेट्टाउने गर्दथे तर अर्कोपटक खोजी गर्न जाँदा भने त्यहाँ केही पनि देखिँदैनथ्यो । मैले पनि एकपटक त्यस्तो दरबार र दरबारको छेउमा सुन्दर बगैंचा भेट्टाएको छु । यी कुराहरू दिउँसो देखिँदैनन्, अँधेरी रातमा मात्र देखिन्छन् ।"– ती वृद्ध व्यक्तिको कथन छ ।

बूढापाकाहरू भन्छन्– बेलका राजारानी पहिले जनताको दुःख देख्न सक्तैनथे, त्यसैले अहिले पनि बाटो भुलेका मान्छेहरूको दुःख देख्न नसकेर खाने-बस्ने व्यवस्था मिलाइदिन्छन् । त्यहाँ बेलका राजा र बेलका रानीको पूजा वर्षेनी गर्नुको कारण नै यही हो । बेलकाको जङ्गलमा बाजा बज्थ्यो र तोप पनि चल्थ्यो । यहाँ बजेको बाजा र यहाँ चलेको तोपको आवाज नजिकका गाउँहरूमा राम्रैसँग सुनिन्थ्यो । रानीपँधेरो, बसाहाढिक र हात्तीसारका वासिन्दाहरू अझै पनि कहिलेकाहीँ त्यस्ता आवाज आउने कुरा बताउँछन् । भनिन्छ – सेन राजाको पालामा दसैंको समयमा बेलकामा तोप चलेपछि मात्रै चौदण्डीगढीको राजदरबारमा फूलपाती भित्र्याइन्थ्यो र दशमीको दिन टीका लगाउने साइत गरिन्थ्यो । बेलकामा दरबार थियो भन्ने कुराको आधार यसैलाई लिने गरिएको छ ।

गिँदेरीखोला र कोसीनदीको सङ्गमस्थलनजिकै जङ्गलमा 'हटियाडाँडो' भन्ने ठाउँ छ । पहिले त्यहाँ हाट लाग्थ्यो भन्ने भनाइ पनि छ । हाल यस ठाउँलाई 'सुनडाँडा' पनि भनिन्छ । सुनडाँडालाई बेलकाको राजधानी मानिन्छ । बेलका जङ्गलको आसपासमा यससँग सम्बन्धित केही महत्त्वपूर्ण स्थलहरू बसाहाढिक, हात्तीसार र रानीपँधेरो हुन् । त्रियुगानदीको नजिकै कालीखोला र लामाखोलाका बीचमा बसाहा (साँढे) को एउटा शिलाको पुरानो मूर्ति छ । त्यसैकारण त्यस ठाउँलाई 'बसाहाढिक' भनिएको हो । भनिन्छ – त्यो मूर्ति बेलकाका राजाले स्थापना गरेका हुन् । हात्तीसार भन्ने ठाउँचाहिँ बसाहाढिकबाट करिब ५ किलोमिटर उत्तर-पूर्वमा बँदेलपानीको नजिकै छ । भनाइअनुसार त्यहाँ बेलकाका राजाको हात्तीसार (हात्ती राख्ने ठाउँ) थियो । त्यहाँबाट पश्चिम-उत्तरतर्फ चुरेको फेदीमा कँचिरागाउँको नजिकै एउटा पँधेरो र सानो खोल्सो छ । त्यसलाई 'रानीपँधेरो' भनिन्छ । त्यसको मूल कहिल्यै सुक्तैन । त्यहाँको पानी मीठो भएकाले बेलकाकी रानी सधैँ त्यहींको पानी पिउँथिन् भन्ने किम्वदन्ती त्यतातिर प्रचलित छ । त्यहाँ हात्ती बाँध्ने साङ्लो वि.सं. १९७१ सालसम्म पनि थियो भनी स्थानीय बूढापाकाहरू बताउँछन् । हटियाडाँडो अथवा सुनडाँडोचाहिँ बेलकाको केन्द्रस्थल मानिन्छ ।

बेलकामा कुनै समयमा बस्ती थियो भन्ने कुराको ठोस प्रमाण त्यहाँ भेटिने सुनचाँदीका गहना, इँट, सिमेन्टका टुक्रा, मट्टिमाला, माटाका थुप्रा, खबटा, टायल आदिले उपलब्ध गराएका छन् । ठाउँको अवलोकन गर्दा भुइँचालो आदिका कारण त्यो बस्ती धसिएर जमिनमुनि पुरिएको जस्तो लाग्छ । बेलकाको केन्द्रस्थल हटियाडाँडामा वेला-बेलामा स्थानीय जनताहरूले सुनचाँदीका गहनाहरू भेट्टाउने गरेका छन् । सुन भेटिने गरेकैले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri
त्यस डाँडोलाई 'सुनडाँडा' भनिएको हो र बेलकाको राजधानी त्यहीँ भएको अनुमान गरिएको हो। सुनडाँडामा ठूला रूखहरू छैनन्। ठाउँ नाङ्गो र सफा छ। कतै-कतै झाडी र बुट्यानहरू छन्। केही पक्की इनारहरू कोसीनदीको कटानमा परी बगिसकेका छन्। त्यहाँ पाइने विविध किसिमका पुरातात्त्विक वस्तुहरू सम्बन्धित निकायको नजर नपुग्नाले त्यसै हराएर कोसीनदीमा विलीन छन्, तैपनि केही इनार र पानीविनाका केही साना पोखरी भने अझै बाँकी छन्। सुनडाँडामा भेटिने पदार्थहरू खोजी गाउँ-सहरमा लगेर बिक्री गर्ने चलन विगत केही वर्षदेखि सुरु भएको छ। खास गरी कुनै दिन पानी पऱ्यो भने त्यसको भोलिपल्ट आसपासका गाउँका जनताको त्यहाँ घुइँचो लाग्छ। पानीले भिजेर हिलो भएको र अलिअलि सिमजस्तो हुन पुगेको ठाउँमा मान्छेहरू जान्छन् र सुन, चाँदी, मट्टिमाला, तामा र अन्य धातुहरू खोज्छन्। खोजेअनुसार धातुहरू भेटिन्छन्। बँदेलपानीका एक युवकले त तामाको ठूलो भाँडो नै फेला पारेको चर्चा पनि चलेको छ। भनिन्छ – कसैकसैले त सुनका ढिक्का नै फेला पारेका पनि छन्। त्यहाँ गएर खोज्दा कसैले के त कसैले के भेट्टाएको चर्चा आसपासका गाउँहरूमा फैलिरहने हुँदा वि.सं. २०५० सालदेखि ठूला-ठूला माटाका थुप्राहरू खनेर खोज्ने काम पनि सुरु भइसकेको छ। यसले गर्दा माटाका थुप्रै ढिस्काहरू अहिलेसम्म उधिनिसकिएका छन्।

जिल्ला प्रहरी कार्यालयका प्रहरीहरूले त्यसै वर्ष त्यसरी ढिस्का खन्ने व्यक्तिहरूलाई पक्राउ गरी आइन्दा त्यसो नगर्न चेतावनी पनि दिएका थिए। जिल्ला विकास समितिले भने यससम्वन्धमा कुनै कदम चालेको पाइएको छैन। प्रहरीको चेतावनीले खास कुनै असर नपरेकाले सुनडाँडामा त्यहाँ उपलब्ध हुने विभिन्न धातुहरू खोज्न आसपासका जनता लुकी-छिपी भए पनि जाने गरेका छन्। त्यहाँ पाइने वस्तुहरू किन्न त्यहीँका धनीमानीहरू तत्पर रहन्छन्। उनीहरू ती वस्तुहरू सहरमा गएर महँगो दाममा बेच्छन्। यसो गर्दा धातुहरू खोज्नेले एकै दिनमा ५-६ सय र किन्नेले किनेर वेच्ता एकैपटक ५-६ हजार रुपियाँ कमाउने गर्छन्।

वेलकामा बस्ती थियो र दरवार पनि थियो भन्ने कुरालाई पुष्टि गर्ने आधारहरू, प्रमाणहरू यसरी नष्ट हुँदैछन्। राष्ट्रको गौरव, ऐतिहासिक धरोहर, जातीय अस्तित्त्व, यी सबैलाई जोगाउनु सरकारको कर्तव्यक्षेत्रभित्र पर्छ कि पर्दैन, सरकारमा वस्नेहरूले नै जान्ने कुरा हो। तर बेलकाको उत्खननकार्य हुने हो भने कुनै नयाँ जानकारी हामीलाई प्राप्त हुनेछ, इतिहासमा अर्को कडी थपिनेछ र त्यसले भविष्यको सुनिश्चिततालाई समेत प्रभावित पार्नेछ। पुरातत्त्व विभाग र पुरातत्त्वविद्हरूले यसतर्फ ध्यान दिनु जरुरी छ, नत्र पछुताउनुवाहेक अर्को विकल्प रहने छैन। यसै प्रसङ्गमा जोड्न मिल्ने अर्को ठाउँ काभ्रे जिल्लामा पर्दछ। यस जिल्लाको सदरमुकाम धुलिखेलदेखि दक्षिणपट्टि दाप्चा भन्ने गाउँकै मुनि बेला नाउँको ठूलो एउटा गाउँ छ। त्यहाँवाट ओरालै-ओरालो सिधै दक्षिण झरेपछि रानीपानी भन्ने गाउँमा पुगिन्छ। रानीपानी भन्ने गाउँ पाँचखालको समथर फाँट र वेलाको भिरालो गाउँको बीचमा पर्दछ। त्यताका वासिन्दाहरू भन्छन्– यहाँ पहिले बेला राजाको ठूलो दरवार थियो। दरवार अग्लो र डाँडामा भएकाले धेरै टाढाटाढावाट, कतिसम्म भने मौसम सफा भएको बेलामा भोजपुर जिल्लाको ट्याम्केडाँडावाट समेत त्यो दरवार प्रस्टैसँग देख्न सकिन्थ्यो। राजाले हात्तीहरू पालेका थिए। पृथ्वीनारायण शाहको गोरखाली फौजले धुलिखेललाई कब्जामा लिएको वेलासम्म पनि बेलामा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

राजदरवारको भग्नावशेष देखिन्थ्यो । दरवारलाई वि.सं. १७९० सालको महाभूकम्पले भत्काएको थियो ।

हुन पनि वेलागाउँका खेतवारीमा खन्दा दरवारमा प्रचलनमा आउने पुराना सामग्रीहरू, वाकसहरू र थुप्रै धातुहरू फेला पारेको देख्ने र सुन्ने वूढापाकाहरू त्यस गाउँमा अझै जीवित छन् । त्यहाँका कुनै-कुनै घरमा अझसम्म धातुका पुराना देवीदेवताका मूर्तिहरू छन् । वारीमा खन्दा फेला पारेका ती मूर्तिहरू वेला दरवारका थिए भन्ने भनाइ त्यहाँका जान्नेवुझ्नेहरू व्यक्त गर्दछन् । उता रानीपानीमा कहिल्यै मूल नसुक्ने र निकै चिसो पानी भएको एउटा कुवा छ । कुवाभित्र एउटा मौलो (काठको खम्वा) गाडिएको छ । भनाइ छ– उहिले वेलाकी रानीलाई वेलाको पानी मीठो लागेन र उनले आफ्ना नोकरहरूलाई कुन ठाउँको पानी मीठो छ भनेर खोज्न पठाइन् । नोकरहरू धेरैतिर घुमे, रानीपानीमा पनि पुगे । त्यहाँको पानी मीठो लाग्यो र उनीहरूले त्यहाँको पानी लगेर रानीलाई खान दिए । रानीलाई पनि त्यहाँको पानी मीठो लाग्यो । अनि रानी आफैं त्यहाँ पुगेर कुवा बनाउन लगाइन्, कुवामा आफ्नै हातले मौलो गाडिन् । त्यस दिनदेखि उनी सधैं त्यहींको पानी खान थालिन् । त्यसपछि कुवाको नाउँ रानीपानी राखियो र गाउँको नाउँ नै रानीपानी भयो ।

यहाँ वेलागाउँ र रानीपानीको चर्चा गर्नुको कारण तपाईंले थाहा पाउनु नै भयो होला । उदयपुरको वेलकाको दरवार र रानीपँधेरो तथा काभ्रेको वेलाको दरवार र रानीपानीवीचको तादात्म्य कसरी भयो, लगभग एउटै समयमा टाढाटाढाका दुई विभिन्न स्थानमा एउटै किसिमको नाउँ कसरी मिल्न गयो, ती स्थानहरूका वारेको जनश्रुति एकै किसिमको कसरी भयो, दुवै ठाउँमा एकै प्रकारका सामानहरू कसरी फेला परे, यी आदि प्रश्नहरूतिर इतिहासकार तथा पुरातत्त्वविद्हरूलाई तान्नु नै यहाँ चर्चा गर्नुको कारण हो । खोज्दै जाँदा वेला, वेलका या यसैसँग मिल्दो नाउँ भएको अर्को ठाउँ पनि भेटिन सक्छ र त्यस ठाउँसँग सम्वन्धित जनश्रुति तथा त्यसलाई पुष्टि गर्ने यस्तै प्रकारका आधारहरू पनि भेटिन सक्छन् । अनुसन्धान गर्ने हो भने इतिहास नै नयाँ निस्कने हो कि ? अहिलेसम्म थाहा नपाइएको जाति, सभ्यता र संस्कृतिको परिचय पो पाइने हो कि ? यस्ता कुरामा चाख राख्ने र श्रेय लिन चाहने पुरातत्त्वविद्हरूले वेलकाको र वेलाको उत्खननकार्य किन नगर्ने ? जनता र सरकारले पनि यस कुरामा किन सहयोग नगर्ने ?

अक्षरधाम, वनेपा – १०, काभ्रे दूरभाष: ०११-६६२९६२

केन्द्रद्वारा आयोजित कार्यक्रममा उपस्थित भद्रजनहरू

कोष संस्थापक श्री हरिहर र चन्द्रा अर्यालको स्वर्णविवाहोत्सवमा उपस्थित महानुभावहरू

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

लेख

अज्यार्ल: थरथोक

✍ डा. दुर्गाप्रसाद अर्याल*

पृष्ठभूमि

नेपालमा बसोबास गर्ने पर्वते वा पहाडी ब्राह्मणको ठाउँका आधारमा धेरैजसो थर निर्धारण भएको पाइन्छ । कतिपय थरहरू कार्य, घटना र अधिकारका व्यवहारअनुसार निर्धारण भएका देखिन्छन् । नेपाली समाजमा नामकरण गर्ने र थर निर्धारण गर्ने शास्त्रसिद्ध र लोकसिद्ध दुई परम्परा छन् । मानव सभ्यताको विकासको क्रममा मान्छेको नाम राख्ने अथवा नामकरण गर्ने परमपरा कहिले चल्यो निधो गर्न सकिएको छैन । मानव समाजको प्रारम्भदेखि नै देह भाषा (Body Language) र खास भाषा (Native Language) मा व्यक्तिलाई कुनै नातेदारी नाम जनाएर, कुनै शारीरिक स्वरूपको सङ्केत गरेर अथवा व्यक्तिको व्यवहार बुझाएर नामकरण गर्दै बोलाउनुपर्ने अवस्था भएको अनुमान हुन्छ । थरचाहिँ बसेको गाउँ-ठाउँको नामबाट रहँदै गएको पाइन्छ । त्यसैगरी, थर लोकले व्यवहारमा गरेको निर्धारणअनुसार प्रचलित हुँदै आएको पाइन्छ । अचार्जबाट आचार्य, गोतामेबाट गौतमजस्ता थरहरू परिवर्तित भएका छन् । मानवका नाम, थरले उसको जाति, धर्म-संस्कृति, वंश, कुल आदिको आंशिक र पूर्ण रूपमा सङ्केत गरेको पाइन्छ । हिन्दू मानवको नामकरण संस्कारको शास्त्रीय परम्परा छ । जन्मेको ११औं दिनमा नक्षत्रको पाउअनुसार हिन्दू जातकको नाम निर्धारण भएको छ । अमेरिका आदि कतिपय देशमा जन्मनुभन्दा अगाडि नै बच्चा-बच्चीको बावुआमाले नाम निर्धारण गरेका हुन्छन् । यसरी फलानो नामको शिशु (छोरा वा छोरी) जन्म्यो भन्ने आलेख रहन्छ । अहिलेको संसारमा प्राय: गरेर खास नाम, प्रथम नाम, मध्यम वा बीचको नाम र अन्तिम नाम उपयोग गरिन्छ । हिन्दू संस्कारअनुसार ब्राह्मणको अन्तिम नाम शर्मा, क्षत्रियको वर्मा, वैश्यको दास र शूद्रको जन्मबारअनुसार एकारान्त अर्थात् आइते, बुधे आदि र नक्षत्रअनुसार पनि धने, मने, रने आदि राख्नुपर्ने विधान छ । यसका अतिरिक्त पढेको ब्राह्मणको नामका पछाडि 'उपाध्याय' राख्नुपर्छ भन्ने मान्यताका आधारमा नपढेकालाई पनि 'उपाध्याय' भनिने र लेखिने गरिएको पाइन्छ । यस्ता नामबाट स्थानको सङ्केत पाइँदैन । राजकाजको परामर्श दिने र विद्वतापूर्ण सम्मान पाउने हिसावले ब्राह्मणको नामका पछि भट्टाचार्य र भट्ट पनि उल्लेख भएको पाइन्छ । नेपालका पहाडिया-पूर्वीया वाहुनवाहेक अरू कुमाइ-बाहुन, ठकुरी-क्षत्रीय, वैश्य, शूद्र, हिन्दू धर्मी तराइवासी, मुसलमान, मङ्गोलियन जातिका बौद्ध धर्मी, किरांत जातीय वा किरांत धर्मी, सन्थाल जातिमा समेत नामका पछाडि राखिने शब्दबाट खास स्थानको सङ्केत पाइँदैन, घटना वा कार्यको सङ्केत

*लेखक साहित्यकार, त्रि.वि.का सह-प्राध्यापक तथा वि.एच.यु. नेपाल चेयरका पूर्व अतिथि प्राध्यापक । -सम्पा.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भने पाउन सकिन्छ । नेवार जातिका खासगरी भक्तपुर, पाटन र बनेपामा बस्नेहरूका नामका पछाडि अनेक पदहरू वा थरहरू लेखिने वा व्यवहार गरिने चलनबाट पनि स्थान, घटना, कार्य, व्यवहार तथा सम्मानको सङ्केत पाइन्छ । यो नाम थोकको अर्थात् नाम र ठाउँको सङ्केत गरिएको संयुक्त रूप दक्षिण भारतका खासगरी द्रविड जातिका ब्राह्मण र चेन्नामेन्ना राजखलकमा पनि पाइन्छ । कतिपय द्रविडहरूले आफ्ना नामका अगाडि-पछाडि एकातिर पिताको नाम सङ्केत हुने सङ्क्षिप्त नामपद जोड्ने गरेको पाइन्छ । नेपालभित्रका बाहुनका नामका पछाडि राखिने थरबाट एकातिर ठाउँको सङ्केत हुन्छ भने अर्कोतिर घटना, कार्य, सम्मान र व्यवहारको पनि सङ्केत हुन्छ । स्थान सङ्केत हुने थर हन्-अर्ज्याल (अर्याल), रिजाल, घिमिरे आदि । कार्य-सङ्केत हुने थरहरूमा भण्डारी, अधिकारी आदि । घटना-सङ्केत हुने भूषाल, मरासिनी, पन्थी आदि पर्दछन् । सम्मान-सङ्केत हुने भट्ट आदि हुन् । भट्ट- पूर्वीया र कुमाइ दुवैथरि छन् । यस पृष्ठभूमिमा अर्ज्यालको थरले के थोक अर्थात् कुन स्थान वा कुन चीज वा विषयवस्तु बोध हुन्छ, त्यो स्थान कहाँ छ, यसको जानकारीका लागि प्रस्तुत लेख अगाडि सारिएको छ ।

अर्ज्याल हुनुभन्दा अगाडि

अर्ज्याल हुनुभन्दा अगाडि यिनीहरू जुम्लामा बसोबास गरेको र त्यसभन्दा पनि अगाडि हालको भारतको दक्षिणतिर पर्ने उदयपुरबाट उत्तर-पश्चिम कुमाउ-गढवाल हुँदै जुम्ला आएको मानिन्छ । नेपालमा खस जातिको आगमनका अनेक मार्ग र प्रक्रिया छन्, त्यसमध्ये कुमाउ-गढवाल पनि खस जातिको निर्गमन क्षेत्र हो । अर्ज्याल हुनुभन्दा अगाडि जुम्लाबाट हालको गुल्मी जिल्लाको 'इस्मा' नाउँको गाउँठाउँमा आएर यी भट्टहरू बसेका हुन् । यहाँनेर के अनुमान गर्न सकिन्छ भने जुम्लाबाट इस्मा आएका भट्ट एक भाइ थिए । अरू भाइहरू जुम्लामा भएका अहिलेसम्मका भट्टहरू सबै अर्ज्यालका पूर्वजहरू हुनुपर्दछ । भट्टहरू 'आत्रेय' गोत्र मात्र नभएर अन्य गोत्रका पनि छन् । सिञ्जा राज्यका राजालाई सिञ्जाधिपति भनिन्थ्यो । यिनै सिञ्जाधिपतिका राजगुरू भएर रहेका आत्रेय गोत्रीय भट्ट नै अर्ज्यालका पूर्वज भएको स्पष्ट हुन्छ । हाल आत्रेय गोत्री भट्टहरू सिञ्जा प्रान्त र प्राचीन सिञ्जा राज्यअन्तर्गतका क्षेत्रमा कहाँ-कहाँ केकति छन् जानकारी गर्नु आवश्यक छ । अझ अर्ज्यालका पूर्वजलाई ठम्याउन र भेट्टाउन आत्रेय, अर्चनानस र स्याबास तीन प्रवर भएका भट्टको पत्तो फाँट पाउनु आवश्यक छ । नेपाललगायत अरू मुलुकमा पनि जुन प्रकारको बसाइ सर्ने परापूर्व कालिक प्रचलन छ; त्यसको अध्ययन गर्दा सिङ्गो परिवार बसाइ नसरेर परिवारका एक/दुई सदस्यमात्र स्वार्थ र चेतनाको धरातल फराकिलो बनाउन बसाइ सर्ने गरेको परम्परा निरन्तर छ । जुम्लादेखि हालको गुल्मी जिल्लाअन्तर्गत पुरानो गण्डकी प्रदेशको चौबिसी गणराज्य 'इस्मा' मा आएर तीन पुस्ता राजकाज गरेका अर्ज्यालका पूर्वजलाई राज्यकालमा भट्ट र राजा दुवै पदले अभिहित गरिएको पाइन्छ । अर्ज्यालका पूर्वजले इस्मामा राज गर्नुभन्दा अगाडि यस राज्यको राजकाज मगर वा खामबाट चलेको अनुमान हुन्छ । यो अनुमान इस्मा राज्यको निकटवर्ती स्थान खामदेशले पुष्टि गर्दछ । इस्माको निकटवर्ती गाउँ मर्भुङ (अमरभूमि) को उत्तरपट्टिको विशाल लेकलाई खामदेश भनिन्छ । खाम भनेको मगर हो र देश भनेको गढ वा राज्य वा खामप्रधान स्थान हो । हालको गुल्मी वाग्लुङ खस राजाले राज गर्नुभन्दा अगाडि मगर राज थियो । त्यसैले यस क्षेत्रलाई मगरात भनिएको पाइन्छ । यस आधारमा पनि इस्मा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

राज्य अर्ज्यालका पूर्वजले राज गर्नुभन्दा अगाडि मगर राज्य भएको पुष्टि हुन्छ । इस्मा राज्यको राजकाज प्रभाकरले स्वेच्छाले परित्याग गरेका हुन् । परित्याग गर्नुको कारणचाहिँ राजकाजको विषय ब्राह्मणको नभएर क्षत्रियको हो भन्ने रहेको बुझिन्छ । अहिलेसम्मको अर्ज्याल वंशावलीमा उल्लेख भएअनुसार अर्ज्याल वंशका पूर्वज उदय भट्टको नाम पाइन्छ । उदय भट्टका वंशज चावा राजा (च्यवनदास), कुशा राजा र विष्णुदास राजाले तीन पुस्तासम्म १२ औं शताब्दीदेखि १३ औं शताब्दीका बीचमा गरेको राजकाजस्थल इस्मा हो । यही हिसावले अहिले पनि इस्माको राजदरबार भएको स्थानलाई 'इस्मा रजस्थल' भनिन्छ । रजस्थल भनेको राज्यस्थल वा राजधानी हो । नेपाल अधिराज्यभित्रका दुईवटा राज्यमा मात्र ब्राह्मणले राज गरेका थिए । इस्मा राज्य प्रभाकरले गुल्मीबाट ल्याएका क्षत्रिय पुत्र शक्तिसिंहलाई सुम्पेर आफू धर्मपूर्वक इस्मा राज्यको सञ्चालन गर्न परामर्श दिने राजगुरू भएर अर्जे नामको गाउँमा आएर बसे । अर्को ब्राह्मणराज्य उदयपुर हो । यो हालको प्युठान जिल्लामा पर्दछ । यस राज्यमा काश्यप गोत्रीय अधिकारी थरका बाहुनले १४ पुस्तासम्म राज गरेका हुन् । यो राज्य राजा त्रिभुवन र महेन्दका पालामा हडप्पिएको हो । अहिलेसम्म नेपालमा बाहुनले चलाएका 'इस्मा' र 'उदयपुर' दुई राज्य हो । उदयपुरका राजाहरू कार्की ब्राह्मण पनि हुन् । यिनै कार्की ब्राह्मण कर लिने अधिकार पाएर कार्की अधिकारी भएका हुन् । वास्तवमा अर्ज्याल हुनुभन्दा अगाडिका राजसिंहासनमा रहेर धर्म र न्यायपूर्वक राजकाज गरेका अर्ज्यालका पूर्वज प्रभाकर हदैसम्म उदार, धार्मिक र त्यागी थिए भन्ने गौरवपूर्ण अनुभव हुन्छ । आजको गणतन्त्रकालीन नेपालमा भएको संविधान सभाको प्रमुख दललगायत विभिन्न दल र दरवारियाका शक्ति सत्ता र भत्ताका घिनलाग्दा दाउपेच र खेलका सापेक्षतामा इस्माली राजकुमार प्रभाकर भट्टका राजकीय शक्ति, सत्ता र सिङ्गै राजसिंहासनको उचित प्रवन्धका साथ गरिएको परित्यागले कम महत्व राख्दैन ।

अर्ज्याल थर र यसको परम्परा

अर्ज्याल थर ठाउँका आधारमा निर्धारण भएको हो । 'अर्जे' भन्ने गाउँमा वस्ने विष्णुदास राजाका जेठा छोरा प्रभाकर हुन् । प्रभाकर इस्माका राजा विष्णुदासका उत्तराधिकारी युवराज घोषित भइसकेका विद्वान् राजपुत्र हन् । प्रभाकर आफ्नै राज्य, वैभव र राजसिंहासन छाडेर इस्माबाट अर्जैमा आएर वसे । प्रभाकर कसरी, कुन अवस्थामा, कुन मिति-तिथिमा अर्जे आएर बसे, त्यसको विवरण इतिहासकै गर्भमा रह्यो । हाम्रो समाजमा विद्यमान इतिहासकारहरू तथा इतिहास अध्येताहरूमा बहुमुखी नेपाली समाज र जातिको इतिहासको अध्ययन-अनुसन्धान गर्ने र लेख्ने परम्परा बस्न सकेको छैन । शाहवंशीय केन्द्रीय राजनीतिक नेपाली इतिहास र भारत, युरोप र अमेरिकाको इतिहास अध्ययन र लेखनमा मात्र नेपाली इतिहासको सीमा केन्द्रित छ । अर्ज्याल वंशका पनि इतिहास विषयका विद्वान् प्राध्यापक, अध्यापक, अनुसन्धाता र विद्यार्थीहरू आफ्ना अर्ज्याल पुर्खाका राज्य र राजाका अनि वंश परम्परा र संस्कृतिको चियो-चर्चो र खोजविन गरेर लेख्ने परम्परा बसेको छैन । आज धादिङ्ग, काठमाडौं, मकवानपुर, सप्तरी, विराटनगर, झापा, चितवन, तेह्रथुम आदि जिल्लामा छरिएर रहेका कतिपय अर्ज्यालहरूलाई गोरखाभन्दा पहिले अर्ज्यालको रस्ती-वस्ती कहाँ थियो, कसरी भयो, कति थियो, अत्तोपत्तो छैन । तिनीहरूले गुल्मीमा पनि अर्ज्याल छन् भन्ने गर्छन् । त्यस्तै, अर्जेल, अर्ज्याल, अर्ज्यालय, अर्याल एकै हुन् भन्ने पनि तिनीहरूलाई हेक्का छैन । यो वास्तवमा हाम्रो आफ्नो कुल र सामाजिक चेतनाको कमी हो । पाश्चात्य विषय र विधिपद्धतिमा केन्द्रित शिक्षा व्यवस्था

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

र अध्ययन प्रणालीको पनि परिणाम हो । तमाम शिक्षित नेपालीमा जस्तै कतिपय शिक्षित अर्ज्यालहरूमा पनि आफ्नोपन, आफ्ना पूर्वज र आफ्ना बन्धु-बान्धवसँग निरपेक्ष रहेर दम्भ र द्वेष दर्शाएर स्वाभिमानी र गौरवशाली व्यक्तित्वको स्वाङ् र ढ्वाङ् रच्ने प्रचुर प्रवृत्ति छ । यस सन्दर्भमा शिक्षाका सम्वन्धमा देवकोटाले उल्लेख गरेको लक्ष्मी निवन्ध सङ्ग्रहको "शिक्षा" निवन्धको कथन उद्धरण गर्नु आवश्यकता अनुभव थियो । कथन यसप्रकार छः ... शिक्षित नेपालीले आफ्नो घर कहिल्यै पनि बुझ्दैन । ... अङ्ग्रेजी शब्दकोशमा लम्वा लवज जान्नु विद्वता कहलाउँछ । ... जीवनवाट दूर गराउनु विद्यालयको क्रम छ । यहाँ गर्व, अहङ्कार, मद, मात्सर्य, म्लेच्छता, शक्तिप्रेम, हिंसात्मक प्रवृत्तिहरू र असत्यका हर एक किसिमका तत्वकला अक्षरहरूद्वारा उचित तवरले पढाइन्छन् । तव ज्ञान मगजमा वस्दछ, हृदय रित्तो वन्दछ र झिलिमिली चतुऱ्याइँको सिँगार पाएको खप्परे सुगा झैँ दोहरावटमा आत्मशमन राखेर खोक्रो वोली वोल्ने सौखमा फुर्फुरिन्छ ।" अर्काथरि पढाइको पाण्डित्य प्रदर्शन गर्ने र संस्कृत शिक्षाको जानकारीको दावा गर्ने केही अर्ज्याल सन्ततिहरू विना तुक संस्कृतका चापमा आफ्ना अर्ज्यालका थर, जात-भात, वास र गाउँका लोकप्रसिद्ध नामलाई बटार्ने, पछार्ने र आघात पार्ने कार्यमा पुरूषार्थी बन्न खोज्दछन् । यस्ता वुज्रुकहरूमा पनि आत्मख्यातिको लालसाले आफ्ना पुर्खाका विषयवस्तुको चुरीफुरी वढेको देखिन्छ । यसखाले पण्डितहरूमा मान-मर्दन र द्वेष वर्धनको प्रवृत्ति पर्याप्त भेटिन्छ । जे होस् अर्ज्याल वा अर्ज्याल थर धारी हुन् वा अर्ज्याल वंशका अरू कुनै उपनाम, पद (Title or designation) धारीले आफ्नो थर, गोत्र, परम्परासँग गम्भीर चासो राखेर यसका निमित्त ठोस खोज गर्दै जाँदा राम्रो हुने देखिन्छ ।

अर्जैबाट अर्ज्याल

संसारका कुनै पनि देश, गाउँ र ठाउँका नामहरू भौतिक आकार वा स्वरूप, ऐतिहासिकता, घर-मन्दिरको विशेष निर्माण, विशेष वन (सल्लेरी, सालघारी) भूबनोट, गुणवत्ता, विशेष व्यक्ति, ठण्डी, गर्मीको प्रवलता, दृश्यात्मक यथार्थता आदि अनेक आधारमा निर्धारण र अङ्कित भएको पाइन्छ । नेपालका गाउँठाउँका नामहरू आर्य र मङ्गोल भाषामा रहेर व्यवहार हुँदै आएका छन् । गुल्मी आर्य, मङ्गोल जाति र भाषाको सङ्गम र संयुक्त क्षेत्र हो । गुल्मीका अर्खावाङ, भर्पुङ, इस्मा, अर्जे, पौदी, रिडी, रून्खा, जुभुङ, जोहाङ् आदि मङ्गोल भाषामा व्यवहार गरिने नाम हुन् भने पुरकोट, धुरकोट, पोखरा, जैरेपानी (जागिरेपानी), लामपाटा, सल्लेनी, रयाले आदि आर्य भाषाको शाखा भाषा नेपालीमा पुकारिने नाम हुन् । अमेरिका अमेरिगो भेस्पुचीले खोज गरेको आधारमा राखिएको नाम हो । Amerigo Vespuccy इटालीका भूगोलवेत्ता भएका र यिनै अन्वेषक (Explorer) भएकाले अमेरिकाको ऐतिहासिक नाम रहेको हो । त्यस्तै, एसिया, युरोप पनि धर्म-संस्कृतिका आधारमा राखिएका नाम हुन् । हरेक नामपदको कुनै न कुनै अर्थ हुन्छ तर नेपालका कैयौं गाउँठाउँका गैर आर्यभाषाका नामहरू गैर-आर्यभाषी गुरूङ, मगर, राई, लिम्बू आदिका भाषाका अर्थबोधको क्रम टुटेकोले खास शब्दका अर्थको भन्दा गाउँठाउँका नाममा रूढ भएर प्रचलनमा आएको पाइन्छ । अर्जै उस्तै नाम हो । अर्जैलाई अर्जे पनि भनिन्छ । अर्जैमा बस्ने विष्णुदास राजाका छोरा प्रभाकर यसै गाउँमा इस्माबाट आएर वसेकोले उनी र उनका सन्ततिहरू अर्ज्याल थरबाट प्रसिद्ध भए । गुल्मी जिल्लाअन्तर्गतका वाग्ला, घमिर, ज्ञव/गैंवा (ज्यों) र अर्जै यी चार गाउँहरू क्रमशः वाग्ले, घमिरे/घिमिरे, ज्ञवाली र अर्ज्याल अर्जेल, अर्ज्यालय वा अर्याल थरको टुङ्गो लागेका गाउँठाउँ हुन् । यी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गाउँमा वसेका ब्राह्मणहरूका थर गाउँकै आधारमा निर्धारण भएको हो । आज हरेकको वंश, कुल, जाति, थाती र धर्म-कर्मको चासो र जागरण बढिरहेको बेला यी पूर्वोक्त गाउँमध्ये अर्जैका प्रति अधिराज्यभर छरिएका पुर्खा र वंशकुलाचारप्रेमी अर्ज्यालहरूको सरोकार बढेको छ । हाल अर्जैमा अर्ज्याललगायत अन्य थरका मानिसहरू पनि बस्दछन् । अर्जैमा बस्ने सबै जाति अर्ज्याल भएका होइनन् । विष्णुदास राजाका छोरा प्रभाकर मात्र सर्वप्रथम अर्ज्याल भएका हुन् र यिनैका सबै सन्तान-दरसन्तान मात्र अर्ज्याल हुँदै प्रसिद्ध भएका हुन् । आज अधिराज्यभर अर्ज्यालहरू छरिएका छन् । प्रभाकरबाट नै अर्ज्याल थरको परमपरा बसेको हो । हरेक जातिको आ-आफ्नै गौरव र महत्त्व रहेको हुन्छ । हरेक थर, गोत्र र प्रवरका आ-आफ्नै इतिहास छन् । अर्ज्याल थरको पनि आ-आफ्नै खालको पौरख र गौरव छ । वंशाभिमानभन्दा कुलवंशोचित धर्म-कर्म र आदर्श व्यवहार तथा परम्पराको अनुसरण र अनुपालन गर्नु उचित हुन आउँछ । अर्जैको महत्व आज बढ्दै गएको छ । कैयौं कोश टाढा पुगेका र कैयौं पुस्तापछिका अर्ज्यालहरू त्यहाँ पुगेर अभिभूत, विस्मित, चकित, थकित र पुलकित भएर फर्किएका छन् । महाभारतको आदि पर्वको दोस्रो अध्यायको १२ औं श्लोकमा देश र गाउँठाउँको नामकरण गर्ने आधार यसरी बताइएको छ :

येन लिङ्गेन यो देशो युक्तः समुपलभ्यते ।
तेनैव नाम्ना तद्देशं वाच्यमाहुर्भनीषिणः ॥

अर्थात् विद्वान्हरूको भनाइअनुसार कुनै पनि गाउँठाउँ वा देशको खास चिह्न हुन्छ । यस्तो चिह्न देश सुहाउँदो र उपयुक्त पनि हुन्छ । त्यही आधारमा त्यस देश, ठाउँ र गाउँको नाम पुकारिन्छ भन्ने आधारमा संसारका सबै थात, थला, गाउँ-बस्ती र नगरको नाम रहेको पाइन्छ । यही आधारमा नै अर्जै भन्ने नाम रहेको हो । यो मगर समाजबाट राखिएको नाम हो । हाल यस गाउँमा खस जातिको बाहुल्यता छ । गतिमान अर्यालहरू अमेरिका, क्यानडा, बेलायत, फ्रान्स, जापानलगायत भारतमा गएर, पढेर, बसेर, व्यवसायी भएर आफ्नो पिता-पुर्खाको, कुलकुलायनको, परम्पराको पारस्परिक सहयोगका साथ मर्म मधुर सम्झना गरिरहेका छन् ।

निष्कर्ष

अर्ज्यालः थरथोकको नालीबेली स्थूल रूपमा सङ्क्षेपमा माथि भनिएअनुसार नै हो । प्रभाकरवाट थालनी भएको अर्ज्याल नामकरण वा थर निर्धारणका सम्वन्धमा अर्जै वा अर्जैबाहेक अर्को विकल्प छैन । गोरखामा आएका नारायणदास अर्ज्यालका सन्तान-दरसन्तानले गोरखामा विहारे र बगाले भाइहाँगोको आधारमा छुट्याएर यसै वंश-वृक्ष शाखाका अर्ज्याललाई बगाले र विहारेको हाँगामानेजस्तै मर्भुङ्का अर्ज्यालहरूमा पनि राहाले रयाले वा रालेका पण्डित र हुलाली पण्डितका हाँगाको परम्परा बसेको पाइन्छ । यस्ता भेदहरू र भिन्नताहरूले स्थानन्तर हुँदै आएका अर्ज्यालका वंश र गाउँठाउँका हेकका दिने गर्दछन् । तेह्रौं शताब्दीतिर निर्धारित भएको अर्ज्याल थरको पुस्ता ३५भन्दा वढी नभएको अनुमान हुन्छ । समाजशास्त्र वा समाजदर्शनका अनुसार अर्ज्याल परिवारबाट छुट्टिएको पौडेल र सिग्देलका पुर्खा एउटै हुन् । यी सबै परिवारहरू एउटै सांस्कृतिक कार्य (Cultural Function) भएका परिवार हुन् । यस वंशको लामो समयदेखि चल्दै आएको वहुसङ्ख्यक पारिवारिक संयुक्तता, कार्यगत एकता र सहकार्यमा विचलन आएको छ । यो विचलन विगत एकाध दशकदेखि बढ्दै गएको छ । व्यक्तिवादिता, उद्योग, व्यापार-व्यवसाय र देश-देशान्तरीयताका कारणले आएको हो । पारिवारिक एकता कायम गर्ने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आधार कुलाचार, पारिवारिक संस्कार र सदाचार नै हो । अहिले अर्ज्यालमा पारिवारिक एकता र विघटनका दुई धारा जसरी चलेका छन्, त्यसैगरी परम्परागत संस्कार र शिक्षाका अभावले पनि साँस्कृतिक विचलन आएको छ । अर्ज्यालसम्बद्ध पारिवारिक र साँस्कृतिक समिति, समाज र सङ्घहरू खडा भएर विभिन्न स्थानमा क्रियाशील भएका छन् । साँस्कृतिक एकताको अनुभव भइरहेको छ । सामाजिकीकरण र विश्वव्यापीकरणको तीव्रताले पनि यसलाई प्रभावित गरेको छ ।

प्रमुख सन्दर्भग्रन्थ सूची

१) डा. दुर्गाप्रसाद अर्याल, अजन्ताज् लर्नरस् डिक्सनरी (नेपाली-अङ्ग्रेजी-नेपाली) दिल्ली, २००६ ।
२) उमेश भूषाल "विश्वराष्ट्र परिचय" एसिया पब्लिकेशन्स प्रा.लि., काठमाडौं, २०६७ ।
३) डा. जगदीश सहाय "समाजदर्शनको भूमिका", विश्वविद्यालय प्रकाशन, वाराणसी, सन् १९९३ ।
४) डा. राजकिशोर सिंह "भारतीय सँस्कृति", विनोद पुस्तक मन्दिर, आगरा, सन् १९९७ ।
५) लक्ष्मीप्रसाद देवकोटा "लक्ष्मी निवन्ध सङ्ग्रह", साझा प्रकाशन, काठमाडौं, वि.सं. २०४९ ।
६) व्यास विरचित "महाभारत आदिपर्व", गीता प्रेस, गोरखपुर, सन १९९१ ।
७) शिवराज आचार्य "कौडिव्यायन", "वैदिक धर्म मूल रूपमा" (द्वितीय संस्करण), स्वाध्ययनशाला, लाजिम्पाट, काठमाडौं, वि.सं. २०६३ ।

इस्मा

इस्मा राज्य थियो प्रसिद्ध जसमा अर्ज्याल राजा भए
पुस्ता तीन गरेर राज्य पछि ती वेग्लै अलग्गै रहे ।
चावा हुन् पहिला नृपाल यसका वंशावली बोल्दछ
हुन् आत्रेय सगोत्र विप्रवर यी भन्ने कुरा खुल्दछ ॥

चावा ब्राम्हण भट्ट हुन् च्यवन नै नामै भएका यिनी
भन्थ्यो लोक ठूलो समादर गरी चावाधिराजा पनि ।
लामो राज गरेर काल गरेर काल गतिले स्वर्गीय चावा भए
नौलो ब्राम्हण राजको युग बस्यो चावा प्रणेता भए ॥

चावा पुत्र "कुशा" कुलीन क्रमले राज्याधिकारी भए
यी राजा कुल धर्म राज्य विधिका ज्ञाता प्रतापी भए ।
राजा योग्य कुशा हुँदा गरिबका सन्ताप सारा गए
उद्योगी दुनियाँ भए सँगसँगै जान्ने र सुन्ने भए ॥

राजा "विष्णु" बने परन्तु उनमा वैराग्य ज्यादा थियो
राज्यश्री उपभोग कत्ति नभई अध्यात्म श्रद्धा थियो ।
राजाको न त राजकीय सुखको उल्लास उस्तो थियो
आत्मा झन् मनकामना भगवती आराधनामा थियो ॥

विद्वान् राजकुमार राजसूत जो राज्याधिकारी थिए
त्यागी विज्ञ हुला "प्रभाकर" यिनै शास्त्रज्ञ साह्रै थिए ।
भन्थे ब्राम्हणको षडङ्ग विधि हो वेदाङ्ग ज्ञाता हुनू
राज्य क्षत्रीय कर्म हो विधि ठूलो क्षत्रीय राजा हुनू ॥

हाम्रो वैदिक धर्म भन्छ विधिले क्षत्रीय राजा हुनू
ज्ञानी ब्राम्हणले त शास्त्र विधिले निर्देश राम्रो दिनू ।
जो अर्ज्याल भए नि पूर्वज ठूला राजा गुणी लोकका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पुर्खाका यस राजमा न त भए सुर्ता कुनै थोकका ॥
हामी गौरव गर्दछौँ हृदयले अर्ज्यालका राजको
इस्माको धन सभ्यता प्रकृतिको धमार्थको ताजको ।
यस्ता तर्क गरी प्रभाकर स्वयं राजा नबन्ने भए
स्वेच्छाले सहसा प्रभाकर कुनै भूपाल खोज्दै गए ॥
चावाले र कुशा विष्णु तीनले यो राज्य राम्रो गरे
राजाको क्रममा प्रभाकर थिए ती राज्य त्यागी सरे ।
क्षत्री पुत्र पवित्रसिंह कुलका जो शक्तिनामी थिए
गुल्मीवाट झिकाइएर जसमा यो राज्य सुम्पिदिए ॥
इस्माको इतिहास आज कसरी लेखूँ म देखूँ कहाँ
मेरा पूर्वजको छ राज्य रसिलो इस्मा म पाऊँ कहाँ ।
इस्मा राज्य हडप्पिए नि यसको सन्देश हट्ला कहाँ
इस्माली नृप झैं उदार दिलको को हुन्छ नेता यहाँ ॥

कविता

शिरमा राष्ट्र

✍दयाराम अर्याल*

मौकामा दाउको चौका बुझ्नु कर्तव्य हो यता
अन्यथा बाघको ऐरो स्यालको पेटमा होला
डार डुर हुँदा भेट श्वानको घटिया गुण
लिनु हुँदैन मान्छेले, पिशाचसरिको मन ।

पूर्वका लिम्बुका हात पश्चिम राउटेसित
तराई भेगका थारु शेर्पाको मुटुको हित
आखिर मिल्नु नै पर्छ तराई र पहाड नै
बाघले कस्तुरी मित्र वनाओस् सारमा यही ।

मूल्याङ्कन गरी राखोस् राज्यले श्रमदारको
विधान राज्यले पाओस् विश्वमै सानदारको.
सवैको हितमा मार्ग हुन्छ सुख खोले पछि
म खाऊँ तँ न खा ऐले हैन यो युगको कसी ।

न्यायमा मत्स्यको हैन मानवता सुहाउन
विधान देशका लागि शान्तिसाथ उदाउन
भयो ढिला असाध्यै पो वढून् हात सभासद !
शिरमा राष्ट्र राखेर हटाऊ सब आपद ।

हिमाली कन्दरादेखि तराई फाँटमा झरी
मेचीका शैल, फाँटैले महाकाली चुमेसरि
सुसाई स्पन्दका छाल मुटुभित्र घुरेसरि
डाँफिको तालमा नाचून् मुनाल रमिता गरी ।

नरोकून् श्रमका हात लखतरान् हुँदा पनि
नभुलून् देशको माया विदेशमा भए पनि
नसकून् शत्रुले हान्न होओस् सदा उँभो गति
राखी सौहार्द आत्मामा प्रगाढ प्रेमले जिती ।

यसरी हुनु पो पर्छ विकास, मनको हरि
फेवाको जलको ज्वाला फुस्रेवाट उठेसरि
वनाई जसरी वस्छ महलमा ढलीमली
खेपेर मृत्तिका, चुच्चो नथाकेसरि गौथली ।

*नारेश्वर-४, गोरखाका कवि, शिक्षक तथा वंशावली लेखक हुनुहुन्छ । -सम्पा.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

द्वैध चरित्र

✍ सीता अर्याल*

क्याथरिन मरिसकिन्। उनी शाश्वत सत्यमा समाहित भैसकिन्। कहिल्यै नफर्कने बाटो तताईसकिन् तर किन हो मलाई अझै पनि उनको याद, सम्झनाले छोडेको छैन। जिन्दगीको उत्तरार्द्धमा उनको र मेरो अचानक भेट भएको थियो। उनीसँगको भेट मेरा लागि सुखद् र प्रेरणादायी थिए। एक आपसका अनुभव, अनुभूति र सपनाहरू बाँडिन्थे हाम्रा। कहिले उनी आफ्ना जिज्ञासाहरू मेरा अगाडि राख्थिन्। म सकेसम्म उनको उत्सुकताको कदर गर्दै सन्तुष्ट पार्ने कोसिस गर्दथेँ। अनेकौं क्रम, उपक्रमहरू जोडी जोडी म उपमा दिने गर्दथेँ। उनको समीपमा हुँदा जिउँदो जाग्दो ज्ञान र सार्थकताको अनुभूति हुन्थ्यो मलाई। अतीतको गर्तमा विलीन भैसकेकी क्याथरिनप्रति मेरो सम्मानभाव झन् चुलिदो छ हिजोआज। कति निश्छल मुहार। सधैं मधुरो मुस्कान। मृदु, शालीन, शान्त, स्नेहपूर्ण व्यक्तित्व। म आश्चर्यमा छु अझै पनि। प्रकृतिको कतिपय रचना त सायद कसैले खोट लगाउने आँट गर्नै सक्दैन। कहिले फेरि म आफ्ना जिज्ञासा उनका सामु राख्दथेँ। मलाई लाग्दथ्यो उनमा फोस्रो आत्मप्रदर्शन गर्ने कुनै सोख थिएन। आफूलाई लागेका विचारहरू तर्कका साथ राख्ने उनको बानी म कहिल्यै पनि भुल्न सक्तिनँ।

सिनियर लिभिङ होमको बसाइ अर्थात् दिन कटाइ, आफ्ना विगतको स्मृतिका पानाहरू पल्टिरहन्छन्। आफ्ना बाल्यकालका कुरा, वैंसका कर्तूतहरू क्रमशः सल्बलाई रहन्छन्। कामको सिलसिला,. थुप्रै साथीहरू, रमाइलो थियो त्यो पल। कामको सुरुवातको पल थियो त्यो। उमेर भर्खरको, ऐनामा आफ्नो मुहार हेर्ने लालसा खुब जाग्ने बेला। आफ्नो रूप सिंगार्न मन लाग्ने बेला। त्यसमा पनि म राम्रै थिएँ। गोरो छाला, पुष्ट गाला, वान्की परेको शरीर, म आफूलाई फक्रक्क फक्रेको गुलाब जस्तै ठान्दथेँ। मेरो पोसाकहरूप्रति म धेरै सजग थिएँ। मलाई मन पर्ने ब्रान्ड र रंग छुट्टै थिए। मेरा जुत्ताको छनोट पनि बेग्लै थियो। बढ्दो, चढ्दो उमेर अनुसार विपरित लिङ्गीप्रतिको आकर्षण कुनै नौलो कुरो अवश्य होइन। मेरो मन पनि कसैतिर सोर्किएर जान थाल्यो। कुनै निर्मल, निश्चल नदी अर्को नदीमा समाहित भएजस्तै म पनि उसमा समाहित भएँ। उसैँग मिसिएर प्रवाहित हुन थालेँ। रमाउन थालेँ। आफूमा अन्तर्निहित स्नेहको पोखरी छताछुल्ल पारिदिएँ।

हाम्रो मिलन भएको सातौं महिनामा अति नै सुन्दर छोरा जन्म्यो। साँच्चै भन्ने हो भने प्रसन्नताले उत्ताउलिएका मेरा गोडाहरू कताकति टेकिन थालेका थिए। फुर्सदका अधिकांश समय म छोराकै नजिकमा हुन्थेँ। लुगा फेराइदिन्थेँ। डाइपर फेरिदिन्थेँ। श्रीमतीको खानपान र अरु कामहरूमा सघाउनु त छँदैथियो। यसरी हृदयमा सल्बलाएको अनौठो

---

* कथाकार तथा शिक्षासेवी हुनुहुन्छ, हाल: अमेरिका। -सम्पा.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अनुभूति र नवजात छोराप्रति स्नेहको तरङ्गको सङ्गम मौलाउन थालेको थियो । उनी स्तनपान गराउँथिन् । छोरो जाँगर लगाएर तान्थ्यो । घुटुघुटु निल्थ्यो । मुखभरि नअटाएर होला सायद ओठका दुई कुनाबाट थोपाथोपा चुहाएर घाँटीको बाहिरी भाग पनि निथ्रुक्कै भिजेको हुन्थ्यो । म नरम टिस्यु पेपरले सफा गरिदिन्थेँ । उनी एकटक लगाएर मेरो अनुहारमा आफ्ना दृष्टि फ्याँक्थिन् । म पनि उनैलाई नियाली रहेको हुन्थेँ । लाग्थ्यो नारीहरू सिर्जनाका प्रतिमूर्ति हुन् । सुन्दर प्रकृति हुन् । प्रकृति एउटा स्यानो बीजलाई उमार्छिन्, गोडमेल गर्छिन्, हुर्काउँछिन् । आफूले आफ्ना सन्तानका खातिर जति नै कष्ट खप्न किन नपरोस् किञ्चित् डग्दिनन् । उनी मलाई असाध्यै हेर्थिन् । उनको हेराइभित्र के थियो ? आजका दिनसम्म पनि म अनभिज्ञ छु । अन्जान छु । तर एक टक लगाएर हेर्थिन्, हेरिरहन्थिन् । कहिले काँहीं हर्दा हेर्दै मुसुक्क हाँस्थिन् । "किन मुस्कुराएकी ?" मेरो प्रश्न हुन्थ्यो त्यसै, खुसी लागेर... । यस्तै यस्तै उत्तरहरू आउँथे ।

हाम्रो विवाहको एक वर्ष पुगेछ । पहिलो एनिभर्सरी आइपुग्यो । आफ्ना मन मिल्नेहरूलाई हामी दुबैले बिर्सेनौं । झ्यालको पर्दा अलिकति खोलेर बाहिर चिहाएँ । कलिलो सूर्य मुस्कुराइसकेछन् । प्रभातको सिर्सिरे हावाले गुलाबको थुँगाहरू हल्लाइरहेका थिए । शरीरभरि जाँगर उर्लेको थियो । हामीले कामबाट विदा लिएका थियौं । दुबै मिलेर बेलुका पार्टीको लागि तयारी गऱ्यौं । आफूले पकाउन सक्ने खाना आफैले पकायौं- केही रेस्टुरेन्टबाट मगायौँ । बारमा पनि वाइन्, ह्विस्की, बियर आदि ठीक्क पाऱ्यौं । बडो उत्साहका साथ हामी तयार भयौँ । बधाइ तथा शुभकामनाका वोइरो लागे । हामी पनि धेरै खुसी भयौं । छोरा पनि सायद रमायो होला । सबैले उसलाई पालैपालो लिएका थिए । खेलाएका थिए । बोलाएका थिए । जस्ले बोलाए पनि पुलुक्क हेरिदिन्थ्यो । मुस्काइदिन्थ्यो । दुबै हात हल्लाएर हुत्तिदिन्थ्यो । झन् लिनेले ससैला खेलाउँदा त उसको खुसीको सीमा नै हुँदैनथ्यो । रातको आयु छिप्पिँदै जाँदा निम्तालु पनि सकिँदै गए । हामी पनि थकैले चुर भैसकेका थियौँ । हाम्रा दैनिकीका सिलसिला फेरि जोडिए । छोरालाई शिशु स्याहार केन्द्रमा छोड्नु, ग्रोसरी गर्नु, लन्च बनाउनु, डिनर बनाउनु, लन्ड्री गर्नु, घर सफा गर्नु यी सबैलाई हामी दुईले कार्य विभाजन गरेका थियौं । हामी दुई एक अर्काका अभिन्न छायाँ थियौँ । मलाई लागेको थियो त्यसैले नै श्रीमान् श्रीमतीलाई एकरथका २ पाङ्ग्रा भनिएको रहेछ । हुन पनि उनको कार्यशैलीमा अचम्मको चुम्बकीय आकर्षण थियो । त्यसैले म पनि उनीप्रति सम्मोहित भएको रहेछु । छोराको जन्मदिन, हाम्रो खुसीको सीमा नै छैन । लाग्थ्यो सुखद् वर्तमान हाम्रो उज्ज्वल भविष्यको स्रोत हो । सुखी दाम्पत्य जीवनको परिचायक हो । अब हामीलाई अर्को सन्तानको आवश्यकता पनि छैन किनकी यसैलाई हामीले मलजल गरेर, स्नेहको पोषिलो खुराकले हुर्काउनु छ, बढाउनु छ जस्तो सोचाइ ममा झ्याङ्गिँदै थियो । उबाट छुट्टिएर बस्न त के कुरा एक पल पनि मेरा आँखाबाट ऊ ओझेल भएको देख्न म समर्थ थिइनँ ।

जन्मदिनमा एउटा गतिलै उपहारको पोको लिएर नयाँ अनुहार झुल्कियो । हामी दुवैलाई हग गऱ्यो र छोरालाई बडो स्नेहपूर्वक काखमा लियो । स्नेहधारा बर्सायो । र मसँग छोटो परिचय गऱ्यो । "म बब्..., कामको खातिर युरोपतिर थिएँ ... ।" छुट्टिने वेलामा पनि अलि अनौठो व्यवहार उबाट पाएँ । आमा छोरासँग उसले अलि धेरै बेर गफ गऱ्यो । गफ गराइको दौरानमा मतिर अलि धेरै पटक नै दृष्टि फ्याँकेको थियो । खै किन हो ? मलाई उनीहरूको व्यवहार अलि ननिको त्यतिखेरै लागेको थियो । मनभित्र एकखालको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

चिसोपनले प्रवेश गर्‍यो । उनको अनुहार मेरो भयले होला सायद लालीमायुक्त भएको थियो । एकदिन म मेरो लिभिङ रुमको झ्यालनेर बसी कफीको रसास्वदन गर्दै थिएँ । मेरा नयन गार्डेनका फक्रिएका फूलहरूको सुन्दरतामा अल्भेको थियो । मन भने अन्त कतै बल्भेको थियो । मेरो मन सधैंभन्दा अलि फरक थियो । त्यति खुसी थिइनँ म । त्यो बब्‌को व्यवहार मलाई पटक्कै पाच्य भैरहेको थिएन । दिनदिनै ऊ मेरो घरमा आउँथ्यो । मेरी उनको ओठ चुम्बन गर्नु र आफ्नो वाहुपासमा कस्नु, छोरालाई अत्यधिक ममता ओइर्‍याउनु, दिनदिनै आमा छोरालाई नै उपहारका नाममा विभिन्न सामानहरू ल्याउनु । आखिर ऊ को हो ? किन आउँछ सधैं यहाँ ? किन मेरी स्वास्नी र छोराको लागि दिनदिनै उपहार ल्याउने नाममा पैसा बगाउँछ ? यी प्रश्नहरू अति नै पीडादायी हुँदै आएका थिए । मेरो सुखद् पारिवारिक जीवनमा बाक्लो तुवाँलाले ढाक्ने सम्भावित भवितव्यप्रति कल्पना गर्न बाध्य हुन परेको थियो ।

लन्च खाइसकेर म आराम गर्दै थिएँ । अझ केही मिनेट बाँकी नै थियो काममा फर्किन । सेलफोनले आफ्नो धर्म निर्वाह गर्‍यो । "म वव् ! धेरै दिनदेखि भन्न नसकेको कुरा आज साहस गरेर म तिमीलाई भन्दैछु । तिम्री स्वास्नीले अब तिमीलाई छोड्दैछे, छोरालाई तिमीले पालेपोसेको भए पनि उस्को साँच्चैको पीता चाहिँ म हुँ ।" "वुध्दू,कतै सात महिनामा पनि बच्चाको जन्म हुन्छ ? ..." अनायास म चिच्याए । "कतै सात महिनामा पनि वच्चाको जन्म हुन्छ" ? यही वाक्य बारम्बार मथिङ्गलमा गुन्जिरहन्छ । म बारमा नै बसेर पिइरहेको हुन्छु, थपिरहेको हुन्छु । म अनभिज्ञ छैन, मेरो पियाई अत्यधिक भैसकेको छ । तापनि अझै थपिरहेको छु । अज्ञानताको कालो बादलको धब्वाभित्र मेरो सपना र कल्पनाहरू नराम्ररी सड्दैछन् । समयको क्रुर पञ्जाले मलाई साह्रै नै चोटिलो झापड हान्दै छ । जतिसुकै नसामा डुबे पनि बब्‌का वाँणहरू लस्कर लागेर मेरा मुटुमा चस्चस् घोचिरहेछन् । जस्ले मुटु छियाछिया पारिरहेछ, दर्फर्‍याइरहेछ ।

मैले बुझेको छु, ऊ मेरो नजिक पर्न डराएकी छे । छोराले मलाई अति नै पछ्याउँछ । प्रायः उसको स्याहार म आफैले गर्दै आएको हुँ । त्यसैले होला विचरा अबोध बच्चाले आफ्नो साख्सै बाउ मलाई नै ठान्छ । मलाई देखेपछि मसँग खेल्न, मेरा काखमा बस्न मरिहत्ते हाल्छ । म उसकी आमाप्रति मौन भाषमा धोकेवाज, तैंले मलाई आज बगरमा ल्याएर पछारिस् । के को बदला लिइस् ? किन ? जस्ता अनेकौं प्रश्नहरूका खात लागे पनि वाक्य फुट्न सकेको थिएन । नुन खाएको कुखुराजस्तै झोक्राइरहेको थिएँ । मेरो घर संसार चकनाचुर भयो । उसले आज मसँग 'डिभोर्स' मागी । जब उसले मुख फोरेरै तिमीसँग बस्न सहज भएन, म छुट्टिन चाहन्छु भन्छे भने मैले कुनै प्रश्न गरि रहनु उचित् ठानिनँ । मसँग नै बसिदेऊ भनेर बिन्ती पनि गरिनँ तर छोरा मसँग छोडिदेऊ भन्ने आसयका कुरा गरें । उसले असहमति जनाई । र भनी "तिमीले मलाई केही दिनु पर्दैन । खालि भिडोर्स पेपरमा साइन गरिदिए पुग्छ ।" पारिवारिक जीवनको छोटो अवधि नै मलाई पर्याप्त लाग्यो । मैले दोस्रो विवाह गरिनँ । साँच्चै मेरो अन्तरहृदयको कुरा गर्ने हो भने नारीहरूप्रति घृणा लाग्न थाल्यो । उनीहरूको बहुरूपी व्यवहारले मलाई वाक्क बनायो । सबै नारीहरूलाई त मैले यो आक्षेप लगाउन मिल्दैन । त्यसपछि म नारीहरूको कुनै पनि हाउभाउ र कटाक्षलाई मन पराउन छाडें । उनीहरूको कुनै पनि आकर्षणलाई मैले वास्तै गरिनँ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

क्याथरिनमा चाहिँ मैले त्यो अजिवको व्यक्तित्व लुकेको पाएँ जसमा स्वार्थको कुनै कणसम्म पनि भेटिन । उदार, मनकी धनी । प्रेरणादायी स्मृतिको सुखद पक्ष । उनको निधनको पीडादायी पक्षमा मेरो मन रुमलिरहेको छ । उनको त्याग, इमान्दारिता र सरलताप्रति नतमस्तक छु । क्याथरिन् त्यो दिन वाकरको सहायताले डाइनिङहलमा खाना खान आएकी थिइन् । उमेरगत हिसावले उनी कमजोर अवश्य थिइन् तर अन्तिम अवस्था आइसकेको जस्तो पटक्कै लाग्दैनथ्यो उनी धन्टौं घन्टा वौद्धिक गफ गर्न सक्थिन् । आफ्ना सन्तानका नालीवेली लगाउँथिन् । आफ्नो लोग्नेको गफ पनि गर्थिन् । विचरीको जिन्दगी पनि सङ्घर्षपूर्ण नै रहेछ । तर पारिवारिक जीवनचाहिँ सुखी रहेछ, लोभलाग्दो रहेछ । लोग्नेको देहान्त पश्चात् उनी कमजोर हुँदै गइछन् । आफ्ना सन्तानले पर्याप्त रेखदेख पुऱ्याउन नसकेपछि राम्रो सिनियर लिभिङ होममा राखेका रहेछन् । हप्तै पिच्छे कोही न कोही भेट्नलाई आइ नै रहेका हुन्थे । उनका छोराछोरीले मलाई पनि आफ्नै जस्तो ठान्दथे । उनीहरू यहाँ आएको दिनमा एउटै टेवुलमा वसेर लन्च खान्थ्यौं, घन्टौं गफ गर्दथ्यौं । समय बितेको पत्तै हुन्नथ्यो ।

क्याथरिन् लन्च खाएर फर्किंदैथिइन् । अचानक उनी लडिन्, पछारिइन् । उनी मुर्छित अवस्थामा थिइन् । अस्पताल लगियो । करङ भाँचिएर फोक्सोमा असर परेको रहेछ । अस्पतालमा नै उनको इहलीला समाप्त भयो । उनको अभावमा मलाई संसारै अध्यारो जस्तो लाग्यो, नरमाइलोको सीमा रहेन । उनको अन्तेष्टिमा मैले पनि भाग लिएँ । मनभरि अनेकौं कुराहरू सल्बलाई रहे । मेरी स्वास्नी र क्याथरिन्लाई तुलना गरें । उजस्ती लघुविचार र क्याथरिनजस्ती उच्चविचारको मानिसको कसरी तुलना हुन सक्थ्यो र ? सहस्रधारा आँसुलाई टिस्युपेपरले पुछ्दै हेर्नु सिवाय अरु उपाय थिएन । आखिर उनको शवलाई सिँगार पटार सहितको चिहानमा समाधिस्थ गरियो । आफ्नो हातमा भएको रातो गुलाबको वुके उपहार चढाएँ ।

शुभकामना

यस केन्द्रका कोष संस्थापक मध्येका एक श्री हरिहर अर्याल र श्रीमती चन्द्रा अर्यालको शुभविवाहको पचासौं वर्षगाँठको शुभअवसरमा बधाई ज्ञापन गर्दै उहाँहरूको सामाजिक प्रतिष्ठा, साहित्यिक उचाइ तथा समाजसेवी व्यक्तित्वमा अझ निखारका निम्ति चिरन्तन, सुखद र सुस्वास्थ्यमय दाम्पत्य जीवनको हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौं ।

दण्डपाणि अर्ज्याल स्मृति केन्द्र
काठमाडौं, नेपाल ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नियात्रा

सेक्सपियरलाई भेट्दा

✍ गीता रेग्मी*

३० अगस्टको बिहान आँखा खुल्दा केटाकेटीको मसिनो गुनगुनको एकनासे सङ्गीत बज्छ कानमा । ओछ्यानवाटै बोलाउँछु भुन्टीलाई (विमल बाबुकी कान्छी छोरी सृष्टि) । ऊ असाध्यै चुलबुले मायालाग्दी र हिस्सी परेकी छे । बालसुलभ नखरा पार्न पनि पछि पर्दिन-ऊ । श्रीया र शीला पनि उस्तै छन् मायालाग्दा । मलाई विदेशमा ममता पोख्न स्थान दिएका छन् उनीहरूले राम्रैसँग । विहान एकछिन उनीहरूलाई लिएर पल्टिन्छु र छातीभित्रको रिक्तता पूरा गर्छु-छोरीको ।

आज हामी "सेक्सपियरलाई भेट्न जाँदैछौं । हिजो बेलुका विकलबाबु र जयाजीको फोन वार्तापछि विकलबाबुले शर्मिला र मलाई सुनाउँदा खुसीले दङ्ग पर्छ मन सेक्सपियरको जन्मथलो देख्ने कुराले । बुवाले बेलुकीपख सधैं हामीलाई कथा सुनाउनुहुन्थ्यो सेक्सपियरका नाटकहरूका । रोचक ढङ्गले सेक्सपियरको जीवनी र उनका नाटकहरूको कथा सुनेको सम्झनाले मात्र पनि बुवा नजिकै हुनुभएको आभास भयो । आज त्यसै पनि तीजको दर खाने दिन । मन चितवनतिर हानिएको छ बुवाआमाको नजिक । त्यसमाथि बुवाले यति कलात्मक शैलीले सेक्सपियरका बारेमा भन्नुहुन्थ्यो कि हामी बुवाले वर्णन गरेका चीजवस्तु र मानिसलाई नजिकबाट अनुभूत गरिरहेका छौं जस्तो लाग्दथ्यो । तर आज मेरा अगाडि वास्तविकता उभिएको छ । साँच्चै म जाँदै थिएँ सेक्सपियरको जन्मथलो टेक्न । कस्तो ठाउँमा जन्मिएका हुँदा हुन् उनी कौतूहलता थियो मनभरि । बुवाले भनेको "ह्यामलेट" नाटक फनफनी घुम्न थाल्यो भित्रभित्रै । बाबु किङ ह्याम्लेटलाई स्लिपिङ ट्याब्लेट खुवाएर आफ्नै काकाले मारेर आफ्नी आमा रानी "गरटुड"सँग विवाह गरेर काका राजा भएको थाहा पाएर पनि केही गर्न नसकेको विवश छोरा ह्याम्लेटको परिकल्पना कसरी गरे हुन् ५०० वर्ष अघि पनि । कस्तो थियो होला उनी जन्मिएको र हुर्किएको समाज र वातावरण ?

भनिन्छ, साहित्य समाजको ऐना हो । के ५०० वर्ष अगाडिको सेक्सपियरको वरिपरिको समाज पनि धूर्त र फटाहा थियो होला? नत्र कसरी उनले "मर्चेन्ट अफ भेनिस" नामक नाटक जन्माउन सके होलान् ? यस्तै यस्तै सोच्दै थिएँ म । विकलवाबु कम्प्युटरमा खै के के हेर्दै हनुहुन्थ्यो- "टिकट त दोब्बर पो पर्दो रहेछ, सात बजेभन्दा अघि" उहाँले भन्नुभयो । तीन दिने सार्वजनिक बिदाको अन्तिम दिन परेकाले पनि कर्मचारी र विद्यार्थीको हिंड्ने बेलामा घुमन्ते हामी जस्ताले नअल्झाऊन् भनेर यस्तो नियम बनाएको हुनुपर्छ त्यहाँको सरकारले । हिजो सात बजे जाने तय भएको भएपनि हामी आज नौ बजे पछि मात्र हिंड्ने भयौं ।

**नियात्राकार, कथाकार तथा समाजसेवी । -सम्पा.*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

खाना खाएर विकलबाबु, म र शर्मिला खड्का दाहाल ९:३० मा निस्कियौं- विकलबाबुको घरवाट । जयाजी र वुद्धि दाइ, प्रदीप नेपाल र डा. सुष्मा दिदीलाई लिएर आउँदै हुनुहुन्थ्यो । हामी लिभरपुलमा भेट भएर जाने योजना थियो । रमफाँटवाट ट्रेन छुट्यो भनेर गनगन गर्दै हुनुहुन्थ्यो- विकलवाबुसँग । सबैसँग शिष्टाचारका आदान-प्रदानसँगै ट्रेन चढ्यौं हामी । बीचको कोचको अगाडि शर्मिला र म बस्यौं । हाम्रो पछाडि विकलवाबु र प्रदीप दाइ, आडमा सुष्मा दिदी त्यसपछि बुद्धि दाइ अनि जयाजी चाहिँ लास्टमा हुनुहुन्थ्यो । नेपाल वायु सेवा निगमको दुरवस्थाका कुरा भए, राजनीतिका कुरा चले, देशको अव्यवस्थका कुरा चले, दाइ त राजनीतिज्ञ हो नि साहित्यकारसँगसँगै । हामीले आधा घण्टा ढिला गर्दा दुई घन्टा कुर्नु पर्ने भयो स्ट्राट फोर्ड अमन एभन जानका लागि । विना उद्देश्यको ठाउँमा समय काट्न हामीलाई निकै गाह्रो भयो । झर्‍यौं बाटैवाटो तलतिर । सानो सफा वजार, उस्तै प्रकारका घर-गाउँ, टोल पिच्छे फरक शैली तर एउटै डिजाइनका घरहरू । सबै टोलमा पार्क वनाइएको त्यहाँ सानो खोला र पोखरी पनि रहेछ । साना पानी हाँस र ठूला सेता राजहाँस पौडिरहेका कस्तो राम्रो देखिने । फेरि छुटिन्छ कि भनेर फर्कियौं र एउटा रेष्टुरेन्टमा पस्यौं । आज घरमै खाएर आएपछि भोक कहाँ हुनु । मगाएको फिङ्गर चिप्स अलिकति पनि घटेन । त्यहीं छोड्न पनि माया लाग्यो, बट्टाभित्र प्याक गरेर हिड्यौं स्टेसनतिर ।

ट्रेन आयो आफ्नो निधारित समयमा । हामी चढ्यौं सेक्सपियर खुडा हजुरवालाई भेट्ने कल्पना गर्दै । प्लेनका जस्तै राम्रो सिट, अगाडि खानेकुरा राख्ने टेवल, भित्रै ट्वाइलेट खानेकुर ट्रलीमा गुडाउँदै बेच्न लिएर हिँड्दा रहेछन् साना व्यापारीहरू । गफ गर्दागर्दै स्ट्रटफोर्ट अभन एभन आएको पत्तै भएन, आइपुगेछ झर्‍यौं । अब कतातिर लाग्नु पर्ला? सोच्दै थियौं हामी अगाडि ट्याक्सी रोकिरहेको देख्यौं न वूढा अझै टाढै जन्मिएका हुन् र ट्याक्सी नै लिएर जानुपर्ने हो कि भनेर टयाक्सीतिर अगाडि वढ्नु भयो विकलवावु र प्रदीप दाइ । त्यहाँकी महिला चालकले सेक्सपियर सेन्टर नजिकै रहेको जानकारी दिएपछि हामी पैदलै अगाडि बढ्यौं । सूर्यले मस्त जवानी पोखिरहेकोले वातावरण न्यानो थियो । सफा अनि चिटिक्क परेका चिप्ला वाटाहरूमा हामी प्रदीप दाइका गफ सुन्दै हिडिरह्यौं । बाटाका छेउमा हरिया पाता र राता स्याउजस्तै साना दाना भएका लहराजस्तै बोट-बिरूवाले शोभा बढाइरहेका थिए- प्रकृतिको । धुँवा-धुलोको त नामनिसान कहींकतै थिएन । गाडीका घाइँघुँइ सुनिएन, शान्त परिवेश । गुलावी टायलका छाना भएका एकनासे घरहरू, घर माथि विजुली नहुँदैको समयको चिम्नी, जतिबेला घर तातो बनाउन दाउरा वाल्नु पर्दथ्यो धेरै । ती घर माथिका चिम्नी आज हिटर आइसक्दा पनि जीवन्त राखिरहेका । गमलामा लटरम्म फूल झुन्ड्याइएको छ, मनै प्रफुल्ल वनाउने गरी । इँटा ओछ्याइएका बाटाहरू, फोटा खिच्दै गरेका पर्यटकहरू । ओहो, यहाँ त हामी पनि त पर्यटक हौं नि, मनले यस्तै सोच्यो र झोलाभित्रवाट क्यामरा झिकेर खिच्न थाल्यो हातले किचिक-किचिक । मनभित्र भावनाका तरेलीहरू छन् । खै त तेरा वा? मलाई मन पराउने ऊ नै हो, तँ पो आइस् त एक्लै भने जस्तो लाग्छ खुडा वाले त । म पनि बुबाको सन्देश सुनाइदिन्छु । उहाँले ढोग पठाउनु भएको छ तपाइँलाई भन्छु । उनी खुसी भएर मुस्कुराउँछन् र आफू नआए पनि छोरीसँग सन्देश पठाएकाले मख्ख पर्छन्- खुडा वा । बिचरा वाउन्न वर्षकै उमेरमा १६१६ मा टपक्क टिपेर लाने यमराज साहेवदेखि झोँक चल्छ मलाई । सय वर्ष वाँच्न दिएका भए केके लेख्दा हुन् हामी जस्ता अवोधहरूको आँखा खुलाउन कुन्नि?

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सोच्दै थिएँ "ल टिकट लिनु पऱ्यो" जयाजीको आवाजले झस्किएँ । विकलवावु टिकट लिन लाइनमा वसिसक्नुभएको रहेछ । हामी त टिकट घरभित्र पो छिरिसकेका रहेछौं ।

टिकट लिएर पर्यटकको हुलसँगै हामी पनि भित्रियौं । सेक्सपियरका नाटक देखाइँदै रहेछ पर्दामा । हेरिरहेका मानिसहरूलाई दाहिने पार्दै अगाडि वढ्यौं । टिकट घरवाट वाहिर निस्कँदा लटरम्मै फुलेका फूलसँग जम्काभेट भयो । आहा ! भन्न नपाउँदै रातो लहरे गुलावले घेरिएको काठेघरभित्र गयौं । ओहो ! म त सेक्सपियरको घरमै पो आइसकेछु । भानुभक्त र लक्ष्मीप्रसाद देवकोटालाई सम्झिएँ । उनीहरूका घर र भग्नावशेष पनि नदेखेकीले मनमनै उनीहसँग माफी पनि मागेँ र हेर्दै हिँडे- हीनताको भारी वोकेर ।

शान्त वातावरणले चर्को वोल्न दिदैन भनौं मिल्दैन । फोटो खिच्न नपाइने अनुरोध गरिएका छन् भित्ताहरूमा । उनी जन्मिएको ठाउँ नजिकै अेगेनो छ । अहिले पनि आगो वलिरहेजस्तो भान हुने गरी विजुलीको वत्ती वलिएको छ आगोको फिलिङ्गो जस्तै लाग्ने । आमा मेरी अर्डेन र पिता सेक्सपियरवाट १५६४ अप्रिल २३ मा जन्मेका विलियम सेक्सपियरको जन्मस्थलमा सगरमाथाकी छोरी पनि आइपुगेकी छु हेर्नका लागि । उनका जीवनसँग सम्वन्धित सवै वस्तु सुरक्षित छन् यहाँ । कुर्सी-टेवुल, विछ्यौना, काठको वाकस, ठूला-ठूला काठका वेन्चहरू राखिएका छन् । उनका वावुसँगै औषधि वनाउने भाँडाहरू पनि छन् । वाल्यकालदेखि उनका जवानीसम्मका पारिवारिक फोटाहरू । हामी हेर्दै हिँडिरहेका थियौं । सवैजना तितरवितर भयौं भीडले । एकजना भद्र महिला खै केके भन्दै थिइन्- मानिसहरूलाई, मैले पनि कान थापेँ अङ्ग्रेजी भए त केही वुझिन्छ भनेर तर अहँ केही वुझिनँ । उनी जर्मन भाषामा वोल्दै रहिछन् । टुरिस्ट गाइड पो रहिछन् । हामी त्यहाँवाट फूलैफूलको वगैंचामा झऱ्यौं पछाडिपट्टि । फोटाहरू खिच्यौं र अर्को पक्की भवनतिर लाग्यौं । त्यहाँ सोभिनियर र सेक्सपियरका पुस्तकहरू राखिएका रहेछन् । मैले हेरेँ छामेँ र अनुभूत गरेँ सवै चिजलाई ।

"मचेन्ट अफ भेनिस"लाई सुम्सुम्याएँ र वुवाले भनेको सम्झिएँ । साइलक जस्तो धूर्त पात्र कहाँवाट भेटे होलान् त्यसवेला ? एन्टोनियोलाई कस्तो विवश अवस्थामा कागज गराएको थियो, म्याद नाघेमा एक पाउन्ड मासु शरीरबाट लिने सर्त राखेर । श्रीमद्भागवतका वलीराजालाई पनि सम्झिएँ । धार्मिक पुस्तकमा लेखिएको सुनेकी थिएँ शरीरको वा मासुको क्षतिपूर्ति । "रोमियो एन्ड जुलियट" जस्तो अमर प्रेम कहानी, ट्वेल्भ नाइट, एज यु लाइक इट, टु जेन्टलमेन अफ मेरोना, ओथेलो, किङ्ग लिएर आदि उनका पुस्तकहरू सजिएर वसेका थिए सोकेसमा र लालायित थिए हाम्रा हातमा आउनका लागि । ह्याम्लेटलाई सुम्सुम्याएर हाम्रा वुवा तीर्थराज रेग्मीलाई तिमी कन्ठस्थ छौं । किन तिमीलाई विवश र लाचार वनाए होलान् ती खुडावाले ? आफ्नो वावुको हत्यारामाथि ह्याम्लेटको हात उठेन । किन दही जमाए उनका हातमा ? मानेँ खुडावा तिमीलाई मानेँ कोही धूर्त असाध्यै, कोही विवश । जसरी भएपनि पाठक र श्रोताका मनबाट ओझेल नपर्ने चरित्रहरूको कल्पना गर्न सकेकोमा उनलाई श्रद्धाले शिर झुकाएँ । हामी धेरै टाढा रमफोर्ट पुग्नु थियो र अवको ट्रन छुट्यो भने फेरि दुई घण्टा कुर्नुपर्ने भएकाले उनको चर्च, पाठशाला नहेरी हामीले वाहिरिने निर्णय गऱ्यौ । १९६४ मा ४०० औं अवसर पारेर सेक्सपियर सेन्टरको स्थापना भएको रहेछ । प्रत्येक २३ अप्रिलमा विश्वका विभिन्न देशका प्रतिनिधि स्ट्राटफोर्ड ओपन एभनमा जम्मा भएर सेक्सपियर जयन्ती मनाउँदा रहेछन् श्रद्धाले । आफ्ना देशका भानुभक्त हजुरबा र लक्ष्मीप्रसाद ठूलोबुवालाई सम्झिएँ विचरा टुहुरो जस्तो लाग्यो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सरकारमा बस्नेले आफ्नै दुनो मात्र सोभ्याए पछि के हुनु । साहित्यिक सङ्घ संस्थाहरूले पनि आफ्नो पहिचानका लागि कार्यक्रम गरेजस्तो गरेर औपचारिकतामा टुङ्ग्याउँछन्, बस त्यति हो । आदरणीय खुडाहजुरबासँग विदा भएर निस्कदै गर्दा उनले भनेजस्तो लाग्यो "तिम्रो बुवालाई आशीर्वाद सुनाइदिनू ।" 'हुन्छ' भनेर टाउको हल्लाएँ र बाईबाई गर्दै आनन्दसँग बसेका रहेछौं तर हाम्रो देशमा भए पशुपतिको वृद्धा आश्रममा बसेर आँसु झारिरहेका हुन्थ्यौ होला । खुडाहजुरबाले सुखसँग दिन काटेको देख्दा मेरो मन पनि खुसी छ र बुवालाई सुखद समाचार सुनाउँछु भन्दै हिँडें त्यही ईटा बिछ्याएको चिप्लो बाटो । सूर्यदेव पश्चिमी आकाशतिर ढल्कदै थिए । चराचुरुङ्गी बाटाका छेउमा साना बोटबिरुवाका हाँगा हाँगामा नाच्दै त्यसैका राता राम्रा फल खाँदै थिए ।

स्टेसनमा आएर कागजका बिर्को भएका मग जस्तामा कफी लियौं र अर्को छेउ गयौं भऱ्याङ चढेर ट्रन कुर्न । कफी खाइसक्दा नसक्दै माछा जस्तै लामो ट्रेन आयो । त्यसैमा चढ्यौं । जयाजी मन्त्री भएको मान्छेसँग नजिकै बस्छु भनेर प्रदीप दाइसंगै बस्नुभयो । उहाँका प्रत्येक कुरालाई चाखलाग्ने कथा जसरी सुन्नुभयो । दाइ भन्दै हुनुहुन्थ्यो लक्ष्मीप्रसाद देवकोटा स्मृति केन्द्र बनाउन आफू सरकारमा हुँदा गरेका प्रयास र पारिवारिक असहयोगको बारेमा । त्यो सुन्दा दुःखलाग्यो । हामी गफिदैं छौं । बाहिर सम्म फाँट छ, भेडा र गाई चरिरहेका देखिन्छन् । ती मासु खाने गाईहरू भन्दा आङ जिरिङ्ग भयो । सबै चिज पछाडि पार्दै हामी अगाडि बढिरहेका छौं अरु रेल गाडीहरू सुरुरु आउँदै जाँदै गर्छन् यहाँका विकास र परिपाटी देख्दा मेरो मन आफ्नो देशमा गएर तुलना गर्छ अनि असन्तुष्टि बढ्छ- मनभित्र ।

नेपाल वायु सेवामा भएको अस्तव्यस्तताको बारेमा कुरा निकाल्नु भयो विकल बाबुले । उहाँ अठार वर्षदेखि बेलायतमा बस्दै आउनु भएको थियो । छ दिन अगाडि बेलायत आएकी मलाई त यहाँको विकास, सिस्टममा बसेको व्यवस्था देख्दा हाम्रा देशका ठूला हुँ भन्ने कर्मचारी र नेताप्रति घृणा उत्पन्न भयो भने विकलबाबुहरूलाई त्यस्तै नहुने त कुरै भएन । परदेशमा देशको मायाले छाती कति पोल्छ भन्ने कुरा डायस्पोरिक लेखहरूले प्रष्ट पार्दछ । फेरि आज होइन विकासको थालनी भएको । रानी भिक्टोरियाको पालामा १८४० देखि कसरी कल्पना गरे होलान् कहीं नभएको यातायातको सफलता हात पार्न । कति धेरै मानिसका सकारात्मक विचारहरू आवश्यक परे होलान् वाफ रे वाफ जमिनमुनि रेल १८६३ मै गुडन थालेको । आधा मानिसलाई भुडीभित्रै बोकेर गन्तव्य पुऱ्याउँछ बेलायती ट्रेनले । सुन्दा मन अचम्मित नहुने कुरा पनि रहेन । विदेश भ्रमणबाट फर्कदा हाम्रा देशका नेताहरू नेपाललाई सिङ्गापुर बनाउने कहिले युरोप बनाउने कुरा गर्छन् पत्रकारका अगाडि क्यमरामा र आफू मात्र बदलिन्छन् । ढुङ्गाले आची पुछेकाहरूको फुर्ति डाइनिङ टेबल र काँटा चम्चा नभई खाना खान नसक्ने गरी, स्टार अङ्कित नभएको होटलमा मिटिङ बस्नै नसक्ने गरी अनि बाथटप र तातो पानी नभई नुहाउन नसक्ने गरी परिवर्तन हुन्छ । जयाजी मन्त्री भैसकेका मानिसको छेवैमा बसेर गफ सुन्न लालायित भैरहदा मेरा मनले खै केके सोच्यो- सोच्यो । दाँत माझ्न पनि पर्छ भन्ने थाह नपाएका चितवनका एकजना सांसदले तलब र सुविधा बृद्धि गर्दा कसरी खुसी भएथे । आफ्ना कार्यकर्तालाई भात खुवाउँदा खुवाउँदै उनले संसदबाट निस्कदा पनि सिक्न भ्याएनन् दाँत माझ्ने कुरा जस्ताका तस्तै बाहिरिए तीन वर्षमै । संसद धूर्तहरूको शिकार हुँदा कोही चाउरी परेका खोपिल्टे गाला र गजरा चप्पल लगाउन नपुग्नेहरू पजेरो हुँदै कहाँ हो कहाँ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पुगेका थिए । मध्यम स्तरीय परिवारमा जन्मेकी म बबुरी राजनीतिका दुई थरी भाषा बोल्न सक्दिनथें । बुबाले सिकाएको आदर्शले सुन्न र गर्न छेक्थ्यो मलाई । विस्तारै राजनीतिकर्मीले मात्र समाज र देश सुधार्न सक्छ भन्ने भ्रमबाट आँखा खुल्दै थिए मेरा । तीनवटा आम निर्वाचन हेरिसकेपछि आँखा प्रष्ट भए । यहाँ त धूर्त फटाहाहरूको साम्राज्य फैलिसकेको रहेछ । कहाँ उभिन सक्नु आफ्नो आदर्श बोकेर । लागैं सामाजिक र पारिवारिक बाटोतिर । बोल्दा बोल्दै र हेर्दाहेर्दै हामी लिभरपुल आइपुगेछौं । हामी भोलि भेट्ने वाचा गर्दै छुट्टियौं । प्रदीप दाइ, डा. सुष्मा दिदी, जयाजी र वुद्धि दाइ ह्यारोतिर लाग्नुभयो । शर्मिला, म र विकलबाबु रमफोर्टतिर ।

gitaregmi5@hotmail.com

कविता

प्रतिज्ञा

✍ दिनार रनादी*

सखारै यो जीवन
प्रतिज्ञाबाट सुरु हुन्छ,
तर साँझ नपर्दै प्रतिज्ञाहरू
पानीका फोका हुन्छन्,
लाखौं मानिसहरूको बीचमा
म एउटा अर्को मानिस
मृत्युको जिन्दगी बाँचिरहेछु ।
दुःखको मूल तृष्णा हो
म जान्दछु
त्यसैले म इच्छारहित हुने
प्रतिज्ञा गर्छु,
तर मेरा तृष्णाहरू
रक्तवीजका टाउका जस्तै
अजर, अमर, असङ्ख्य छन् ।
वासना नरक हो
म बुझ्दछु
त्यसैले म निर्विकार हुने
प्रतिज्ञा गर्छु
तर मेरा दमित वासनाहरू
पानीको वाफ जस्तै
अनुकूल मौसमको पर्खाइ मात्रै हो ।
रिसले आफैंलाई खान्छ
लोभको आदि अन्त्य कुनै सीमा छैन
म मान्दछु
त्यसैले म पवित्र हुने प्रतिज्ञा गर्छु
तर मेरो रिस नदेखिने भुसको आगो हो
लोभ अरुको आँखा छल्ने वाहाना हो ।
आकाशका असङ्ख्य तारा जस्तै
म मेरा प्रतिज्ञाहरू गन्न सक्दिनँ
प्रतिज्ञा गरेर फेरि किन तोडिन्छन्
म आफै केही भन्न सक्दिनँ
तर बुद्ध बन्ने मेरो प्रतिज्ञा अझै जारी छ
कृष्ण बन्ने मेरो अभीष्ट अझै प्यारो छ
त्यसैले प्रतिज्ञाको क्रम अझै नित्य छ
मेरो प्रतिज्ञा
क्षणभङ्गुर नश्वर
तर प्रतिज्ञा गर्ने म
अजर अमर परमेश्वर ।

मङ्सिर, १९, २०६८

---

*आप्रवासी, गुमनाम कवि हाल: अमेरिका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कविता

आत्मा र शान्तिको विनिमय

✍ रूपा घिमिरे (अर्याल)*

अद्वितीय व्यथा बोकेर चाहना विपरीत खटाइएका भाकाहरू
म एकाविहानै गन्तव्यतिर पाइला चाल्छु ।
थाह छ यस्तै गन्तव्यले जन्माएको शत्रुले
मेरा छातीमा सङ्गीनको उपहार दिएको छ ॥
अझ आलै छ त्यही घाउ ती त्रासदीहरू
ताजै छन् आमाको पहिरन, बेरङ्गी फरियाको सप्को र
फुटेका चुराहरू ।
ओभाएका छैनन् अश्रु मेरा निच्छल आँखाबाट
परिवर्तनको आडमा जीवनको विनिमय गर्नेहरू ॥
फेरि पनि क्षत-विक्षत हृदयलाई जोडेर नयाँ यात्रामा हिँड्दै छु
थाह छैन मैल गरेका निर्णय मेरा सहिदलाई स्वीकार्य छैन ।
अनगिन्ति पीडाले च्यातिएको मन साहसले गाँस्दै छु
भावना र विश्वासको नागबेली इन्द्रेणी रङ्गीन सपना बुन्दै छु ॥
धर्मयुद्धको यो अग्निपरीक्षामा यदुवंशीय नियति बोकेर
अभिनयको चरमस्थलमा पुग्छु ।
स्वस्तिक चिन्ह समानुपातिक माथि त्यही रक्त-रञ्जित
पहिरन कालीमाथि चढाउँदछु ॥
हुन सक्छ न्युटनको सिद्धान्त उपयोग गर्न मभित्र तागत छैन
विद्रोहमा एउटा औँलासम्म ठडाउन सामर्थ्य छैन ।
क्रूरतालाई क्रान्तिभित्रै पचाउँदै म बाहिर निस्कन्छु
माफी माग्ने मेरा आत्माहरू आफैं शूली चढ्न थाल्छ, म भक्कानिन्छु ॥
बडो जोडतोडका साथ आँखाका पानी निस्की रहे
विध्वंश दुर्वोध्य धमिलो अदृश्य आकार वन्यो ।
समयसँगै पचाउने ग्रन्थिहरू उब्जिन थाले
फेरि पनि मैले आफ्नैको हत्यारालाई साथ दिएँ ॥
शान्तिको मार्ग आउला भनी
अर्को बुद्धको जन्म होला भनी
फेरि तालेवानी र विद्रोहीको अन्त्य गर्न भनी
नयाँ नेपाल बनाउन भनी
समृद्धशाली नेपाल हुन्छ भनी ॥

---

* कवि, गोरखाको प्रतिभा हुन् । -*सम्पा.*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गतिविधि

स्मृति केन्द्रका गतिविधिहरू

✍ कपिलचन्द्र खनाल*

दण्डपाणि अर्ज्याल स्मृति केन्द्र (वि.सं. २०६२) ले स्थापनाको समयदेखि आफ्नो उद्देश्यमा केन्द्रित रही विविध रचनात्मक कार्यहरू सम्पन्न गर्दै आएको छ। हरेक वर्ष यसले कहिले गोरखामा त कहिले काठमाडौंमा राष्ट्रिय महत्त्व राख्ने विविध विषयमा विचार गोष्ठीको आयोजना गर्ने गरेको छ। संस्थाले प्रतिसाल ज्ञानका विभिन्न विषय क्षेत्रमध्ये कुनै एक विधा तोकेर त्यस विधामा महत्त्वपूर्ण योगदान पुऱ्याउने राष्ट्रिय प्रतिभालाई सम्मानस्वरूप कदरपत्रसहित नगद पुरस्कार अर्पण गर्दै आएको छ। साहित्यिक, भाषिक, साँस्कृतिक तथा दार्शनिक दृष्टिले महत्त्वपूर्ण अनुसन्धानमूलक लेखरचनाहरू सङ्ग्रह गरी ज्ञानबिन्दु पत्रिकामा प्रकाशन गर्ने गरिएको छ। साथै केन्द्रले विभिन्न विद्वान्-विदुषीका कथा, कविता, नियात्रा र आत्मकहानी प्रकाशित गरिसकेको छ।

वि.सं. २०६३ को प्रवेशिका परीक्षामा गोरखा जिल्लाको सामुदायिक विद्यालयमा अध्ययन गरी सर्वोत्कृष्ट अङ्क ल्याउने दलित छात्रालाई सम्मानस्वरूप पुरस्कार प्रदान गरिएको थियो। वि.सं. २०६७ मा गोरखा जिल्लाका उच्च मा.वि. र प्रमाणपत्र तह स्तरीय निवन्ध प्रतियोगिता आयोजना गरी विजेताहरूलाई पुरस्कार प्रदान गरिएको थियो। गोरखा जिल्लाको दरवुङ गा.वि.स.मा रहेको रत्नेश्वर मा.वि. मा उच्च मा.वि. थपका निमित्त स्मृतिकेन्द्रले आर्थिक सहयोग गरेको थियो। यसैगरी साहित्यकार दैवज्ञराज न्यौपानेको अभिनन्दन समारोहका लागि कोषवाट आर्थिक सहयोग उपलब्ध गराइएको थियो। हरेक साल प्रकाशित हुने ज्ञानबिन्दु पत्रिकालाई निःशुल्क रूपमा पुस्तकालय, वाचनालय, कलेज-क्याम्पस तथा उच्च मा.वि.हरूमा वितरण गर्ने गरिएको छ। यही परम्परालाई निरन्तरता दिँदै यस संस्थाले यस वर्ष सम्पन्न गरेका केही महत्त्वपूर्ण कार्यहरू यसप्रकार छन् :-

१. पुरस्कार अर्पण एवं ज्ञानबिन्दु-४ लोकार्पण कार्यक्रम

२०६७ साल माघ २८ गते, शुक्रवारका दिन दण्डपाणि अर्ज्याल स्मृति केन्द्रको आयोजनामा **'दण्डपाणि अर्ज्याल स्मृति पुरस्कार- २०६७'** अर्पण र **ज्ञानविन्दु- ४** लोकार्पण कार्यक्रम एकैसाथ सम्पन्न भयो। उक्त कार्यक्रमका प्रमुख अतिथि प्रज्ञा-प्रतिष्ठानका कुलपति वैरागी काइँलाले वरिष्ठ आख्यानकार, वैदिक वाङ्मयका ज्ञाता एवं पुनः सिर्जनाशिल्पी मदनमणि दीक्षितलाई नगद रू. २१ हजार र सम्मानपत्र अर्पण गरी सम्मान गर्नुभएको थियो। सम्मानपछि मन्तव्य प्रकट गर्ने क्रममा कुलपति काइँलाले दीक्षितलाई सम्मान गर्न पाउँदा आफू कृतज्ञ भएको विचार व्यक्त गर्नु भएको थियो। उहाँले दीक्षितका लेखरचनालाई नेपाली साहित्य र संस्कृतिको क्षेत्रमा आधिकारिक स्रोतको

** दण्डपाणि स्मृति केन्द्रमा क्रियाशील सम्पादक (ज्ञानविन्दु) एवं शिक्षासेवी। -सम्पा.*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

स्मृतिकेन्द्रका प्रकाशनहरू विमोचन गर्दै वैरागी काईला

रूपमा लिने गरिएको टिप्पणी गर्नुभयो । पुरस्कृत व्यक्तित्व मदनमणि दीक्षितले "वास्तवमा जीवन आनन्द पो हुँदो रहेछ जसको रसास्वादन आज मैले गरिरहेको छु" भन्नुभयो साथै उहाँले "आज मैले पुरस्कृत हुँदाको हर्षभन्दा दण्डपाणिको नाम र यो स्मृति केन्द्र ठूलो र गह्रौं रहेको" भनी उल्लेख गर्नुभयो । सो अवसरमा स्मृति केन्द्रका अध्यक्ष तथा कार्यक्रमका सभापति प्रा. शिवहरि मरहट्टले पुरस्कृत व्यक्तित्व दीक्षितलाई प्राच्य वाङ्मयका मनीषीको सञ्ज्ञा दिँदै स्मृति केन्द्र नेपाली भाषा, साहित्य र संस्कृतिको विकासका लागि सदा तत्पर रहने दृढता व्यक्त गर्नुभयो । त्यसैगरी, कार्यक्रममा स्मृति केन्द्रद्वारा प्रकाशित **ज्ञानबिन्दु- ४** र तुलसीनाथ घिमिरेद्वारा लिखित **'इटाली र अस्ट्रेलियाका रमाइला सम्झना'** नामक नियात्राको प्रमुख अतिथि कुलपति काइँलाद्वारा लोकार्पण गरिएको थियो । प्राज्ञ डा. जगमान गुरुङ र सहप्राध्यापक कृष्णप्रसाद घिमिरेले विमोचित कृतिहरूको समीक्षा गर्नुभएको थियो ।

कार्यक्रममा स्मृति केन्द्रद्वारा आयोजित गोरखा जिल्लाका उच्च मा.वि. र क्याम्पसहरूमा प्रवीणता प्रमाण पत्र तह स्तरीय **'मैले खोजेको देश'** र **'म नेपाली भएर बाँच्छु'** विषयक निवन्ध प्रतियोगितामा क्रमशः प्रथम द्वितीय र तृतीय भएका गोरखा क्याम्पसका राजेन्द्र उपरकोटी, शक्ति उच्च मा.वि.का सुवास अधिकारी र महेन्द्र ज्योति उच्च मा.वि.की शान्ति सिर्मललाई क्रमशः नगद पाँच हजार, तीन हजार र दुई हजार रूपैँया अनि सम्मान पत्र प्रदान गरिएको थियो । उपर्युक्त कार्यक्रम प्रज्ञा प्रतिष्ठानको प्रवचन कक्षमा सम्पन्न भएको थियो ।

प्रमुख अतिथि प्रज्ञा प्रतिष्ठानका कुलपति वैरागी काइँला मदनमणि दीक्षितलाई दण्डपाणि अर्ज्याल स्मृति पुरस्कार २०६७ अर्पण गर्दै । ▶

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

२. प्रतिभा छनौट तथा घोषणा

दण्डपाणि अर्ज्याल स्मृति केन्द्रद्वारा स्थापना गरिएको **'दण्डपाणि अर्ज्याल स्मृति पुरस्कार'** अर्पण गर्नका लागि कार्यसमितिको २०६८/०३/१० मा बसेको वैठकले प्राज्ञ विष्णु प्रभातको संयोजकत्वमा नेपाल सरकारका सचिव शीतलबाबु रेग्मी तथा पूर्वप्रशासक दीपक जोशी रहनुभएको तीन सदस्यीय उपसमिति गठन गरिएको थियो । पुरस्कार अर्पणका लागि यस वर्ष वाङ्मय छानिएअनुसार उपसमितिले विभिन्न चरणमा बैठक गरी नेपाली वाङ्मयको क्षेत्रमा योगदान पुऱ्याउने स्रष्टाहरूको लामो सूची तयार गरी विभिन्न समयमा गम्भीर विचार-विमर्श गऱ्यो । तत्पश्चात् नेपाली वाङ्मयमा अनवरत क्रियाशील सिर्जनाशिल्पी साहित्यकार डा. मोदनाथ प्रश्रितलाई **दण्डपाणि अर्ज्याल पुरस्कार २०६८** अर्पण गर्न उपसमितिले सिफारिस गरेवमोजिम कार्य समितिको मिति २०६८/०७/१५ गतेका दिन वसेको वैठकले उपसमितिको सिफारिसअनुसारकै निर्णय गरी सञ्चार माध्यमबाट जनसमक्ष ल्याउने कार्य सम्पन्न भयो ।

३. गोष्ठी सम्पन्न

दण्डपाणि अर्याल स्मृति केन्द्रले प्रत्येक वर्ष महत्त्वपूर्ण विषयमा विचार गोष्ठीको आयोजना गर्दै आएको छ । यही क्रमलाई निरन्तरता दिँदै मिति २०६८/०८/ गते तान्त्रिक साधक प्राध्यापक विद्यानाथ उपाध्याय भट्टले **'नेपालमा तन्त्रको परम्परा'** शीर्षकमा कार्यपत्र तयार गरी प्रस्तुत गर्नुभएको थियो । उपर्युक्त कार्यपत्रमाथि इतिहासकार तथा संस्कृतिविद् श्री मुकुन्द अर्यालले टिप्पणी गर्नुभएको थियो । गोष्ठीको उद्‌घाटन प्रमुख अतिथि नेपाल प्रज्ञा-प्रतिष्ठानका उपकुलपति गङ्गाप्रसाद उप्रेतीले गर्नुभएको थियो । प्रमुख अतिथिज्यूले "यस केन्द्रले ज्ञानविज्ञानका विषयमा हरेक वर्ष जो विचार-विमर्श गर्ने

विचार गोष्ठीमा मन्तव्य व्यक्त गर्दै प्रज्ञाप्रतिष्ठानका उपकुलपति गङ्गाप्रसाद उप्रेती

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri
गरेको छ त्यसलाई प्रकाशन र प्रचार-प्रसार गरी सार्वजनिक पनि गर्नुपर्छ । 'तन्त्र' नेपालको ज्ञान परम्पराको एक रूप हो । यसमा नेपालको पहिचान छ र शास्त्रीय पहिचान छ । यो पहिचान नयाँ पुस्तामा हस्तान्तरण हुनुपर्छ, गर्नुपर्छ । विद्यानाथ उपाध्याय भट्टले तन्त्रजस्तो महत्त्वपूर्ण विषयमा जो विशाल व्याख्या गर्नुभयो, यस कार्यप्रति म धेरै धन्यवाद दिन चाहन्छु" भन्नुभयो । साथै उहाँले "तन्त्र परम्परा हाम्रो ज्ञान हो, पहिचान हो र यसको अझ अध्ययन हुनुपर्छ अनि चासो राख्ने व्यक्तिहरू तयार पार्नुपर्छ" भन्नुभयो ।

गोष्ठी संस्थाका अध्यक्ष तथा महेन्द्र संस्कृत विश्वविद्यालयका उपकुलपति प्राध्यापक शिवहरि मरहट्टको सभापतित्वमा सम्पन्न भएको थियो । उहाँले "सम्वन्धित विद्वान्‌हरूको व्यापक उपस्थितिले कार्यक्रम आसा गरेभन्दा बढी सफल भएको र उत्साहप्रद यो सहभागिताले आगामी दिनहरूमा संस्थालाई वल प्राप्त हुने" कुरा उल्लेख गर्नुभयो । साथै उहाँले नेपालको व्यापक तन्त्र परम्पराप्रति प्रज्ञा-प्रतिष्ठान र विश्वविद्यालयको चासो बढाउन कार्यक्रम आयोजना गरिएको बताउँदै पुस्तक त पूर्ण हुँदैन भने कार्यपत्र सर्वथा पूर्ण हुन नसक्ने थप अध्ययनको आवश्यकता पर्ने कुरा बताउनुभएको थियो । मिसिएर रहेको तन्त्रको परम्परालाई छुट्याएर अध्ययन गरी पूर्णग्रन्थ बनाउन लाग्नुपर्ने कुरामा ध्यानाकर्षण गर्नुभयो । उक्त गोष्ठीमा वेदराज ज्ञवाली, प्राध्यापक दुर्गाप्रसाद दवाडी, पुष्कर लोहनी, प्रा.डा. विष्णुराज आत्रेय, प्रा.डा. श्रीराम उपाध्याय, डा. जगदीश शर्मा, प्रा. माधवप्रसाद गौतम, प्रा. गङ्गा उप्रेती, डा. दुर्गाप्रसाद अर्याल, माधव लामिछाने, डा. वमवहादुर जिताली र शिवदत्त ढकाल आदि विद्वान्‌हरूले कार्यपत्रमाथि आफ्नो मत प्रकट गर्नुभएको थियो । दीपक अर्यालले सञ्चालन गर्नुभएको उपर्युक्त गोष्ठीमा स्वागत मन्तव्य तुलसी न्यौपानेले दिनुभएको थियो भने कार्यक्रम सफल बनाउन सहयोग पुऱ्याउने सम्पूर्ण महानुभावहरूलाई पूर्वप्रशासक दीपक जोशीले धन्यवाद ज्ञापन गर्नुभएको थियो । केन्द्रका सल्लाहकारहरू, कार्यसमितिका सदस्यहरू तथा सम्वन्धित विषयका विज्ञहरूको उपस्थिति रहेको गोष्ठी पद्मकन्या क्याम्पस, बागवजारको सगरमाथा हलमा सम्पन्न भएको थियो ।

४. राष्ट्रिय प्रतिभा स्मारक अनुदान प्राप्त :

नेपाल सरकार संस्कृति तथा राज्य पुनर्संरचना मन्त्रालय अन्तर्गतको राष्ट्रिय प्रतिभा स्मारक कोषले प्रतिवर्ष नामित प्रतिभाहरूको नाममा स्थापना भएका सामाजिक, साहित्यिक, सांस्कृतिक सङ्घ-संस्थाहरूलाई आर्थिक सहयोगको निम्ति केही रकम अनुदान दिँदै आएको छ । यसै क्रममा गत वर्षजस्तै यस वर्ष पनि स्मृति केन्द्रलाई आ.व. ०६७/०६८ को निम्ति रू. ७५ हजार अनुदान प्राप्त भएको छ । यो आर्थिक अनुदानले संस्थाका विविध क्रियाकलाप सञ्चालनमा भरथेग पुऱ्याएको छ ।

५. स्वर्ण-विवाहोत्सवको कार्यक्रम सम्पन्न

"दण्डपाणि अर्ज्याल स्मृति केन्द्र" का कोष संस्थापक श्री हरिहर अर्याल तथा श्रीमती चन्द्रा अर्यालको शुभ विवाहको स्वर्ण वर्षगाँठको अवसरमा वि.सं. २०६८ माघ २८ गते शनिवार एक भव्य कार्यक्रम आयोजना गरियो । लैनचौरस्थित मल्ल होटलमा आयोजित उपर्युक्त कार्यक्रममंमा विभिन्न क्षेत्रका विद्वान्‌हरू, साहित्यकारहरू एवं लब्ध प्रतिष्ठित व्यक्तित्वहरूको उपस्थिति थियो । उपस्थित महानुभावहरूलाई फ्रान्सको पेरिसमा बस्नुहुने उर्मिला अधिकारी र कृष्णप्रसाद अधिकारीले स्वागत मन्तव्य दिनुभएको थियो । वेहुला र बेहुलीकै भेषभूषामा प्रस्तुत हुनुभएका हरिहर र चन्द्राद्वारा एक-आपसमा औंठी र माला साटासाट गरिएको उक्त कार्यक्रममा प्राज्ञ विष्णुप्रभात लगायतका विद्वान्‌हरूले हरिहर र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पूर्व मन्त्री तथा वरिष्ठ साहित्यकार श्री प्रदीप नेपाल र श्रीमती नेपाल बधाई ज्ञापन गर्दै

चन्द्रालाई बधाई ज्ञापन गर्नुभएको थियो । साथै फ्रान्सको लागि नेपाली राजदूत महामहिम श्री मोहन कृष्ण श्रेष्ठ, फ्रान्सका पूर्व सांसद ल फल, गैर-आवासीय नेपाली संघका अध्यक्ष जीवा लामिछानेलगायत विभिन्न देशमा रहेका परिवारजन र इष्टमित्रहरूको बधाई सन्देशलाई पनि श्रव्यदृश्य माध्यमवाट प्रस्तुत गरिएको थियो । कार्यक्रममा हरिहर अर्याल र चन्द्रा अर्यालको जीवनको इतिवृत्त समावेश भएको श्रव्यदृश्य डकुमेन्ट्री निर्मल अर्यालले प्रस्तुत गरेका थिए । वंशानुगत कुलाचारका अनुपम दृष्टान्तको रूपमा देखा परेका असल माता-पिताका असल छोरा गैर-आवासीय नेपाली सङ्घ (N.R.N.), फ्रान्सका अध्यक्ष निर्मल अर्याल र श्रीमती ज्योति अर्यालको सक्रियतामा तथा छोरी-ज्वाइँ उर्मिला र कृष्ण अधिकारीको संयोजनकारी भूमिकामा उक्त कार्यक्रम सम्पन्न भएको थियो । सो कार्यक्रम तयारीको लागि कपिलचन्द्र खनाल, विजयचन्द्र आचार्य र अनिल अर्यालको ठूलो सहयोग रह्यो । हरिहर अर्याल र चन्द्रा अर्यालले उपस्थित पाहुना तथा कार्यक्रम आयोजनामा संलग्न सबैप्रति कृतज्ञतासहित धन्यवाद ज्ञापन गर्नुभएको उक्त कार्यक्रममा हरिहर र चन्द्राकी नातिनी अस्मिता अधिकारीको 'चोली राम्रो पाल्पाली ढाकाको' बोलको गीत र नृत्यले सबै दर्शक-श्रोता मुग्ध भएको प्रतीत हुन्थ्यो । दीपक अर्यालले सञ्चालन गर्नुभएको उक्त कार्यक्रमको समाप्तिपछि आमन्त्रित सबै रात्रिभोजमा सहभागी हुनुभएको थियो ।

६. आधुनिक अर्ज्याल वंशावली प्रकाशोन्मुख :

नामित प्रतिभा स्वर्गीय दण्डपाणि अर्ज्यालले तयार पार्नुभएको 'आधुनिक अर्ज्याल वंशावली' शीर्षक पाण्डुलिपिलाई अद्यावधिक गरी प्रकाशन गर्ने काम लगभग सकिँदै छ । ऐतिहासिक अर्याल पुर्खाहरूको चिनारी, अर्याल कुलदेवता पूजा विधि अर्यालहरूको बसोवास भएको ऐतिहासिक स्थानको सचित्र परिचय र वंशावली गरी विविध महत्त्वपूर्ण खण्डमा विभाजित भएको उपर्युक्त ग्रन्थ थप परिष्कार र परिमार्जन गर्ने काम तदारूकताका साथ अघि बढिरहेको छ । फ्रान्समा रहेर आप्रवासी साहित्यमा योगदान पुऱ्याउनुहुने हरिहर अर्ज्यालको संयोजकत्वमा उक्त आधुनिक अर्ज्याल वंशावली तयार हुँदैछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

७. छैटौं साधारण सभामा सचिवद्वारा प्रस्तुत प्रतिवेदन

सम्मानित सभाका सभापतिज्यू, सल्लाहकारज्यूहरू, आजीवन सदस्यज्यूहरू र कार्यसमितिका सहकर्मीहरू ! प्रथमतः यस छैटौं साधारण सभामा उपस्थित यावत् महानुभावहरूमा स्वागत अभिवादन गर्न चाहन्छु। नामित व्यक्तित्त्व दण्डपाणि अर्ज्याल वहुमुखी प्रतिभा हुनुहुन्थ्यो। उहाँकै सम्झनालाई चिरस्थायी वनाउन गठित यस संस्थाले विविध रचनात्मक एवं सिर्जनशील कार्य गर्दै आइरहेको व्यहोरा पुनःस्मरण गराउन चाहन्छु। यसै परम्परालाई निरन्तरता दिने क्रममा आर्थिक वर्ष २०६७/०६८ मा पनि विभिन्न क्रियाकलाप सञ्चालन भएका छन्। त्यसको विवरण यहाँ प्रस्तुत गर्ने अनुमति चाहन्छु।

आर्थिक बर्ष २०६७/०६८ मा कार्यसमितिको चारवटा वैठक तथा उपसमितिका थप दुईवटा वैठक सम्पन्न भए। २०६७ साल माघ २८ गते शुक्रबारका दिन वैदिक वाङ्मयका ज्ञाता मदनमणि दीक्षितलाई **दण्डपाणि अर्ज्याल स्मृति पुरस्कार २०६७** अर्पण गरिनुका साथै **ज्ञानविन्दु-४** र तुलसीनाथ घिमिरेद्धारा लिखित **इटाली र अस्ट्रेलियाका रमाइला सम्झना** नामक नियात्राको लोकार्पण कार्य सम्पन्न गरियो। साथै सोही समारोहमा निवन्ध प्रतियोगितामा विजयी गोरखा जिल्लाका उच्च मा.वि. र प्रमाणपत्र तहका विद्यार्थीहरुलाई पनि पुरस्कृत गरियो। हरेक वर्ष सञ्चालन गरिने विचार गोष्ठी यस वर्ष पनि सञ्चालन गरियो। काठमाडौंमा सम्पन्न उक्त गोष्ठीमा विद्वान् विद्यानाथ उपाध्यय भट्टले **नेपालमा तन्त्रको परम्परा** शीर्षकको कार्यपत्र प्रस्तुत गर्नुभएको थियो। राष्ट्रिय प्रतिभा स्मारक अनुदान कोषवाट यस आर्थिक वर्षमा पनि रू. ७,५००/- (अक्षरेपी रू. पचहत्तर हजार) प्राप्त भएपछि संस्थाको मूल धनमा बृद्धि भएको अवगत गराउन चाहन्छु।

दण्डपाणि अर्ज्यालले तयार पार्नु भएको **आधुनिक अर्याल वंशावली** बृहत् ग्रन्थको अद्यावधिक गर्ने काम तदारुकताका साथ सम्पन्न भइरहेको छ। स्मृतिकेन्द्रले प्रकाशन गर्दै आएको **ज्ञानबिन्दु**का विभिन्न अङ्कलाई देशका विभिन्न पुस्तकालय, वाचनालय, तथा कलेज-क्याम्पसहरूमा निःशुल्क वितरण गर्ने काम सम्पन्न गरियो।

अध्यक्षज्यू ! यी त भए ०६७/०६८ मा सम्पन्न केही क्रियाकलापको सङ्क्षिप्त विवरण। अब म आर्थिक वर्ष ०६८/०६९ मा सम्पन्न गरिने केही कार्ययोजना प्रस्तुत गर्ने अनुमति मागदछु।

● दण्डपाणि अर्याल स्मृति केन्दद्वारा प्रदान गरिने पुरस्कार अर्पणका लागि प्रतिभा छनौट गरी उपयुक्त दिनमा सो पुरस्कार अर्पण गर्ने। ● संस्थाले हर साल प्रकाशन गर्दै आएको **ज्ञानबिन्दु** खोजमूलक पत्रिका प्रकाशन गर्ने। ● राष्ट्रिय वा अन्तराष्ट्रिय महत्त्वका कुनै ज्ञान क्षेत्रको विषय छनौट गरी काठमाडौंमा वृहद् विचार गोष्ठी सम्पन्न गर्ने। ● दण्डपाणि अर्यालद्वारा लिखित कुनै एक ग्रन्थ खोजविन गरी प्रकाशन गर्ने। ● संस्थाको कोष वृद्धिको लागि **राष्ट्रिय प्रतिभा स्मारक अनुदान कोष** लगायत अन्य दाता सङ्घ-सङ्गठनसँग अनुरोध गर्ने। ● लेखक, साहित्यकारहरूका दुईवटा कृति लोकार्पण गर्ने। ● संस्थाले सामाजिक, सांस्कृतिक तथा साहित्यिक महत्त्वका कार्यक्रमहरू सञ्चालन गर्ने तथा यस्ता कार्यक्रमहरूमा संस्थाका तर्फबाट सहभागिता जनाउने। अन्त्यमा, संस्थाको तर्फबाट सम्पन्न कार्यहरूको विवरण र भावी कार्ययोजना प्रस्तुत गर्दै बिदा हुन्छु।

२०६८/०५/३०/०७

Nepal Sanskrit University, Valmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

दण्डपाणि अर्याल स्मृतिकेन्द्र
नयाँ बजार, काठमाडौं
आ.व.०६७/०६८ को आय र व्यय बिबरण

आय | व्यय

सि. नं	विवरण	रकम	सि नं.	विवरण	रकम
१	सहयोग प्राप्त आय	२१,०००/	१	पुस्तक छपाइ खर्च	२५,०००/
	(हरिहर शर्माबाट)		२	टेलिफोन तथा मसलन्द खर्च	३,०००/
२	सदस्यता शुल्कबाट प्राप्त आय	८,०००/	३	संस्था नविकरण खर्च	१,०२५/
३	विज्ञापन तथा ब्याज आय	२,२५,३२३/९५	४	नगद पुरस्कार खर्च	३१,०००/
४	संस्कृति तथा राज्य पुन सं. मं.		५	समारोह खर्च	१६,९००/
	बाट सहयोग अनुदान प्राप्त	५०,०००/	६	गोष्ठी तथा सेमिनार खर्च	७,८००/
५	पुस्तक बिक्री आय	५,६५८।	७	कर खर्च	५,४९७।६१
६	गत वर्षको बैंक मौज्दात	८,४३,६८६/९५	८	विविध खर्च	१,९९७/९८
	क)मुद्दती लगानी ८,१०,०००/		९	बैंक मौज्दात	१०,६१,४४८।३५
	१) म्हैपी बचतमा ७,००,०००/			क)मुद्दती लगानी ९,४८,०००/	
	२)गोरखा बचतमा १,१०,०००।			१)म्हैपी बचत ८,२५,०००।	
	८,१०,०००।			२)गोरखा बचत १,२३,०००। ९,४८,०००।	
	ख)बचत खाता ३३,६८६।९५			ख)बचत खाता १,१३,४४८।३५	
	१) रा. बा.बैंक ७२०३/९५ (बालाजु)			१)म्हैपी बचत ५९,९६६।	
				२)गोरखा बचतमा ७,७३१।५९	
	२) म्हैपी बचत २६,४८२/			३) रा बा बैंक ५२,७०८/७६	
	३३,६८६।९५			१,१३,४४८।३५	
	जम्मा	११,५३,६६८/९४		जम्मा	११,५३,६६८/९४

लेखा परीक्षक | कोषाध्यक्ष | सचिव | अध्यक्ष

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

दण्डपाणि अर्ज्याल स्मृतिकेन्द्र

कार्यसमितिको नामवली

सल्लाहकारहरू –

डा. श्री गोविन्द टण्डन
श्री सूर्यनाथ अर्ज्याल
श्री राजेश्वर देवकोटा
श्री दोलखबहादुर गुरूङ
श्री नारायणभक्त अर्ज्याल

प्रा. श्री शिवहरि मरहट्टा	अध्यक्ष
श्री तुलसी न्यौपाने	उपाध्यक्ष
श्री नारायणप्रसाद पाण्डे	महासचिव
श्री गीता रेग्मी	सचिव
श्री राजेन्द्रप्रसाद अर्याल	कोषाध्यक्ष (कोष संस्थापक)
डा. श्री दिनेशचन्द्र देवकोटा	सदस्य
श्री दिपक जोशी	सदस्य
श्री परशुराम अर्याल	सदस्य (कोष संस्थापक)
श्री बलराम अर्याल/प्र.सविता घिमिरे	सदस्य (कोष संस्थापक)
श्री प्राज्ञ विष्णु प्रभात	सदस्य
श्री भाष्करकुमार श्रेष्ठ	सदस्य
श्री मनोज भट्टराई	सदस्य
श्री राजुबाबु श्रेष्ठ	सदस्य
श्री सरोज देवकोटा	सदस्य
श्री हरिहर अर्याल/प्र. इश्वरी सुवेदी	सदस्य (कोष संस्थापक)

नामित प्रतिभा दण्डपाणि अर्ज्यालका पनाति तथा स्मृति केन्द्रका कोष संस्थापक श्री हरिहर अर्याल एवं चन्द्रा अर्याल (सुपुत्रः उर्मिला अधिकारी र कृष्णप्रसाद अधिकारी) का नाति **आयुष अधिकारी**को २०६८ फाल्गुण ३ गते हुन गइरहेको व्रतबन्धको पावन उपलक्ष्यमा वटुकलाई सुस्वास्थ्य, दीर्घायु एवं उत्तरोत्तर प्रगतिको निम्ति हार्दिक मङ्गलमय आशीर्वाद प्रदान गर्दछौं ।

दण्डपाणि अर्ज्याल स्मृति केन्द्र, काठमाडौं, नेपाल ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

दण्डपाणि अर्ज्याल स्मृतिकेन्द्रका प्रकाशनहरू

१

२

३


४

५


६


७


८


९

१०

११

तपाईंकै हातमा

१२

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ज्ञानविन्दु-४ लोकार्पण कार्यक्रममा स्मृतिकेन्दका अध्यक्ष (गलबन्धीमा) लागायत अन्य अतिथिहरु

ज्ञानविन्दु-४ लोकार्पण कार्यक्रममा आमन्त्रितहरु

ज्ञानविन्दु-४ लोकार्पण कार्यक्रममा विशिष्ट आमन्त्रितहरु

नामित प्रतिभा दन्डपाणि अर्ज्यालको फोटोमा माल्यार्पण गर्दै प्र.प्रतिष्ठानका कुलपति बैरागी काइँला

नेपालको तान्त्रिक परम्परा विषयक गोष्ठीमा अतिथिहरु

निबन्ध प्रतियोगितामा विजयी छात्रलाई प्रमाणपत्र प्रदान गर्दै बैरागी काइँला

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जीवन बीमाको लागि सम्पूर्ण नेपालीहरुको पहिलो रोजाई

NLIC
सुरक्षा र समृद्धि
सबैका लागि जीवन बीमा

नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड
Nepal Life Insurance Company Ltd.
प्रधान कार्यालय, कमलादी, काठमाडौं, फोन: ४११९०८२/३
फ्याक्स: ४११९०७९ URL: www.nlic.com.np

शून्य मौज्दातमा
नारी बचत

हाम्रो चाहना हरेक
नारीको बैंक खाता

TOURISM DEVELOPMENT BANK Ltd.
टुरिजम् डेभलपमेन्ट बैंक लि.

- Free Debit Card
- Free Internet Banking
- Free SMS Banking
- 25% off on Lockers

Our Branches / Office

Head Office: P O Box 23600, Thamel, Kathmandu, Tel: 01-4701357, 4701358, 4701359, Fax: 01-4701302, E-mail: info@tdbl.com.np

Malekhu Branch: Malekhu, Dhading, Tel: 010-520280, Fax: 010-520280

Bhojpur Branch: Bhojpur Bazar, Tel: 029-420554, Fax: 029-420554

Okhaldhunga Branch: Okhaldhunga Bazar, Tel: 037-520002, Fax: 037-520520

Baitadi Branch: Dashrath Chand Municipality, Gothalapani, Tel: 095-520534, Fax: 095-520533

Pokhara Branch: Srijana Chowk-8, Pokhara, Kaski, Tel: 061-538016, Fax: 061-538017

Chitwan Branch: Kamalnagar Chowk, Narayangarh-4, Chitwan, Tel: 056-572311, Fax: 056-572312

Biratnagar Branch: Devkota Chowk-10, Biratnagar, Morang, Tel: 021-525619, Fax: 021-525620

New Road Branch: New Road, Kathmandu, Tel: 01-4250787, Fax: 01-4250707

Baneshwor Branch: New Baneshwor, Kathmandu, Tel: 01-4485480, Fax: 01-4485578

Kumaripati Branch: Kumaripati, Lalitpur, Tel: 5549837, Fax: 5549847

THE BANK YOU CAN RELY ON
www.tdbl.com.np

आवरण तस्विर: मनकामना मन्दिर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu